# नारायणप्रसाद खनालको निबन्धकारिता

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

स्नातकोत्तर तह (एम.ए.) द्वितीय वर्षको

दसौं पत्रको प्रयोजनार्थ

प्रस्तुत

# शोधपत्र


**शोधार्थी**

किसान शर्मा

शैक्षिक सत्र २०६६-२०६८

त्रि.वि. दर्ता नं. ६-१-१९-२७३-२००३

रोल नं. ३१

नेपाली विभाग

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन


२०७१/सन् २०१४

# नारायणप्रसाद खनालको निबन्धकारिता

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह (एम.ए.) द्वितीय वर्षको
दसौं पत्रको प्रयोजनार्थ
प्रस्तुत

# शोधपत्र


**शोधनिर्देशक**

दीननाथ शर्मा पण्डित

उपप्राध्यापक

**शोधार्थी**

किसान शर्मा

शैक्षिक सत्र २०६६-२०६८

त्रि.वि. दर्ता नं. ६-१-१९-२७३-२००३

रोल नं. ३१

नेपाली विभाग

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन


२०७१/सन् २०१४

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत

वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग

भरतपुर, चितवन

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग भरतपुर, चितवनका विद्यार्थी किसान शर्माले स्नातकोत्तर तह (एम.ए.) दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **नारायणप्रसाद खनालको निबन्धकारिता** शीर्षकको यो शोधकार्य स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

प्रा.डा. नारायणप्रसाद खनाल ____________________

विभागीय प्रमुख हस्ताक्षर

उपप्रा. दीननाथ शर्मा पण्डित ____________________

शोधनिर्देशक हस्ताक्षर

प्रा.डा. चूडामणि बन्धु ____________________

बाह्य परीक्षक हस्ताक्षर

मिति : २०७१/०६/०८

२४ सेप्टेम्बर २०१४

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षका छात्र किसान शर्माले **नारायणप्रसाद खनालको निबन्धकारिता** शीर्षकको प्रस्तुत शोधपत्र नेपाली विषयको स्नातकोत्तर तह (एम.ए.) दोस्रो पत्रको पाठ्यांश परिपूर्तिका लागि मेरो निर्देशनमा तयार पार्नुभएको हो । यत्नपूर्वक तयार पारिएको यस शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सम्बन्धित विभाग समक्ष सिफारिस गर्दछु ।

मिति : २०७१/०५/२७

दीननाथ शर्मा पण्डित
उपप्राध्यापक
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

प्रस्तुत **नारायणप्रसाद खनालको निबन्धकारिता** शीर्षकको शोधपत्र नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका निम्ति आदरणीय गुरु उपप्राध्यापक दीननाथ शर्मा पण्डितज्यूको पूर्ण निर्देशनमा तयार पारेको हुँ । शोधपत्र लेखनका सुरुवाती दिनदेखि अन्तिम चरणसम्म व्यस्तसमयका बाबजुत आफ्नो अमूल्य समय दिई महत्त्वपूर्ण सल्लाह, सुझाव, उत्प्रेरणा, हौसला र आवश्यक निर्देशन गर्नुहुने मेरा शोधनिर्देशक तथा आदरणीय गुरु प्रति म सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र लेखन कार्यमा स्वीकृति प्रदान गर्नुहुने विभागीय प्रमुख तथा शोधअनुसन्धानका क्रममा आवश्यक जानकारीका साथै लिखित प्रकाशित मूल र सम्बद्ध सामग्रीहरू उपलब्ध गराई सहयोग गर्नुहुने शोधनायक प्रा.डा. नारायणप्रसाद खनालप्रति पनि म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधपत्र लेखनका क्रममा हौसला, प्रेरणा र आवश्यक मार्गनिर्देशन सहित सामग्री सङ्कलनको कार्यमा सामग्री उपलब्ध गराउनुभएका श्रद्धेय गुरु सहप्राध्यापक पूर्णप्रसाद अधिकारीज्यूप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु । महत्त्वपूर्ण सहयोगका लागि श्रद्धेय गुरु सहप्राध्यापक कपिल अज्ञातप्रति पनि आभार प्रकट गर्न चाहन्छु । लेखनकार्यकै क्रममा आवश्यक सहयोग गर्नुहुने नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पसका गुरुहरू, पुस्तकालयका कर्मचारीवर्गप्रति पनि कृतज्ञ छु । निबन्धकारहरू रामबाबु घिमिरे, तिलकराज पौडेल र केशवराज आमोदी लगायतका व्यक्तिहरूप्रति पनि आभार प्रकट गर्न चाहन्छु ।

शोधलेखनका तयारीका क्रममा निरन्तर उत्प्रेरणादायी हौसला सहित व्यवस्था मिलाइदिने तथा प्रतिकूल अवस्थाका बाबजुत पनि कठिन अवस्थापार गर्दै आज यो अवस्थासम्म ल्याइपुऱ्याउन अथक प्रयास गरेर बेलाबेलामा झक्झक्याइ राख्ने मेरा पूजनीय पिता र माताप्रति सदैव ऋणी छु । शोधलेखनका क्रममा अनुकूल वातावरण मिलाइदिने मेरी जीवनसङ्गीनी दीपा शर्माप्रति पनि आभारी छु । प्यारो भाइ किरण र बहिनीहरू अस्मिता र अनिताको सहयोगप्रति पनि म आभार प्रकट गर्दछु । यस शोधपत्रलाई शुद्ध रूपमा टङ्कण गरीदिनुहुने मेमोरी कम्प्युटरका डाइरेक्टर दाजु श्री विष्णु पौडेलज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत शोधकार्य आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७१/०६/०१

........................

**किसान शर्मा**
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका शब्दहरूको सङ्क्षेपीकृत रूप यसप्रकार रहेको छ :

| | |
|---|---|
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| एफ.एम. | फ्रिक्वेन्सी मोडुलेसन |
| एम.ए. | मास्टर्स अफ आर्टस् |
| क्र.सं. | क्रम सङ्ख्या |
| जि.वि.स. | जिल्ला विकास समिति |
| त्रि. उ. मा. वि. | त्रिभुवन उच्च माध्यमिक विद्यालय |
| त्रि. वि. | त्रिभुवन विश्वविद्यालय |
| त्रि.सा.प. | त्रिवेणी साहित्य परिषद् |
| नि. | निर्देशक |
| ने.के.वि. | नेपाली केन्द्रीय विभाग |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| ने.लो.उ.मा.वि. | नेपाल लोकसेवा उच्च माध्यमिक विद्यालय |
| पं. | पण्डित |
| पृ. | पृष्ठ |
| प्र.अ. | प्रधान अध्यापक/प्रधानाध्यापक |
| प्र.जि.अ. | प्रमुख जिल्ला अधिकारी |
| ब.क्या. | बहुमुखी क्याम्पस |
| भू. | भूमिका |
| मा.वि. | माध्यमिक विद्यालय |
| र.न.पा. | रत्ननगर नगरपालिका |
| वि.सं. | विक्रम संवत् |
| वी.ब.क्या. | वीरेन्द्र बहुमुखी क्याम्पस |
| सम्पा. | सम्पादक |
| स्व. | स्वर्गीय |
| स्व.वि.यु. | स्वतन्त्र विद्यार्थी युनियन |

# विषयसूची


(क) शोधनिर्देशकको मन्तव्य

(ख) शोधपत्रको स्वीकृतिपत्र

(ग) कृतज्ञताज्ञापन

(घ) सङ्क्षेपीकृत शब्दसूची


## परिच्छेद : एक

## शोधपरिचय


| शीर्षक | पृष्ठ |
|---|---|
| १. विषय परिचय | १ |
| १.१. शोधसमस्या | २ |
| १.२. शोधको उद्देश्य | २ |
| १.३. पूर्वकार्यको विवरण र समीक्षा | २ |
| १.४. शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता | ९ |
| १.५. शोधकार्यको क्षेत्र र सीमा | ९ |
| १.६. सामग्री सङ्कलन विधि | ९ |
| १.७. शोध-पद्धति | ९ |
| १.८. शोधपत्रको रूपरेखा | १० |


## परिच्छेद : दुई

## निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रम


| | |
|---|---|
| २.१. निबन्धको सैद्धान्तिक अध्ययन | ११ |
| २.१.१. पृष्ठभूमि | ११ |
| २.१.२. निबन्धको व्युत्पत्ति र अर्थ | १२ |
| २.१.३. निबन्धको परिभाषा | १३ |
| २.१.३.१. पाश्चात्य साहित्यकारहरूका परिभाषा | १३ |
| २.१.३.२. हिन्दी साहित्यकारहरूका परिभाषा | १५ |
| २.१.३.३. नेपाली साहित्यकारहरूका परिभाषा | १५ |
| २.१.४. निबन्धको वर्गीकरण | १७ |
| २.१.४.१. आत्मपरक निबन्ध | १८ |
| २.१.४.२. वस्तुपरक निबन्ध | २० |

२.१.५. निबन्धका तत्त्व २२
२.१.५.१. विषयवस्तु २३
२.१.५.२. शैली २४
२.१.५.३. उद्देश्य २५
२.२. नेपाली निबन्धको ऐतिहासिक विकासक्रम र काल विभाजन २५
२.२.१. पृष्ठभूमिकाल/प्राथमिक काल २६
२.२.२. निर्माणकाल/माध्यमिक काल २७
२.२.३. विकासकाल/आधुनिक काल २८
२.२.३.१. पहिलो चरण (वि.सं. १९९२-वि.सं. २००३) २८
२.२.३.२. दोस्रो चरण (वि.सं. २००४-वि.सं. २०१६) २९
२.२.३.३. तेस्रो चरण (वि.सं. २०१६-वि.सं. २०३५) ३०
२.२.३.४. चौथो चरण (वि.सं. २०३६ देखि -हालसम्म) ३१
२.३. निष्कर्ष ३३

## परिच्छेद : तीन

## नेपाली निबन्धमा खनालको प्रवेश र उनका निबन्धयात्रा

३.१. पृष्ठभूमि ३४
३.१.१. पहिलो चरण ३५
३.१.२. दोस्रो चरण ३६
३.१.३. तेस्रो चरण ३६
३.१.४. चौथो चरण ३७
३.२. निष्कर्ष ३८

## परिच्छेद : चार

## नारायणप्रसाद खनालका प्रकाशित निबन्धसङ्ग्रहको विश्लेषणात्मक अध्ययन

४.१. गोरखाको डायरी (२०६१) कृतिको विश्लेषण ४०
४.२. नारायणीका लहर-लहरमा (२०६१) निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरूको विश्लेषण ५७
४.३. निर्वचन र भाषिक सन्दर्भ (२०६५) भाषिक निबन्धसङ्ग्रहको विश्लेषण ९६
४.४. स्वप्न-यात्रा र चिठी (२०६६) निबन्धसङ्ग्रहको विश्लेषण १०४
४.५. नागपञ्चमी (२०६९) निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरूको विश्लेषण १२१
४.६. निबन्धकार नारायणप्रसाद खनालका निबन्धसङ्ग्रहमा सङ्कलित नभएका फुटकर निबन्धको सूची १७९

क) राष्ट्रसन्देश साप्ताहिक पत्रिकामा प्रकाशित निबन्धहरूको सूची तालिका सङ्ख्या-१ १८०
ख) विभिन्न पत्र-पत्रिका, स्मारिका, ग्रन्थहरूमा प्रकाशित निबन्धात्मक रचनाहरूको सूची तालिका सङ्ख्या-२ १८१
ग) विभिन्न पत्रपत्रिका, स्मारिका आदिमा प्रकाशित समीक्षात्मक निबन्धात्मक रचनाहरूको सूची तालिका सङ्ख्या-३ १८२
४.७. निष्कर्ष १८३

## परिच्छेद : पाँच

## नारायणप्रसाद खनालको निबन्धकारिताको मूल्याङ्कन

५.१. पृष्ठभूमि १८४
५.२. शीर्षकचयनका आधारमा मूल्याङ्कन १८४
५.३. संरचनागत प्रस्तुतिका आधारमा मूल्याङ्कन १८६
५.४. विषयवस्तु/मूलभाव संयोजनका आधारमा मूल्याङ्कन १८६
५.५. भाषाशैलीका आधारमा मूल्याङ्कन १८८
५.६. उद्देश्यका आधारमा मूल्याङ्कन १९०
५.७. निष्कर्ष १९१

## परिच्छेद : छ

## उपसंहार

६.१. परिचय १९३
६.२. परिच्छेद एकको निष्कर्ष १९३
६.३. परिच्छेद दुईको निष्कर्ष १९३
६.४. परिच्छेद तीनको निष्कर्ष १९३
६.५. परिच्छेद चारको निष्कर्ष १९३
६.६. परिच्छेद पाँचको निष्कर्ष १९४
६.७. परिच्छेद छको निष्कर्ष १९४
६.८. समग्र निष्कर्ष एवम् उपसंहार १९४

## सन्दर्भसामग्रीसूची

क. पुस्तकसूची १९६
ख. शोधग्रन्थसूची १९७
ग. पत्रपत्रिकासूची १९७

# परिच्छेद : एक
# शोधपरिचय

## १. विषय परिचय

राशि अनुसार न्वारानको नाम टोपनारायण भएपनि महिनाको नामबाट प्रसिद्ध भएका नारायणप्रसाद खनालको जन्म वि.सं. २००९ साल पौष २३ गते तदनुसार पौष कृष्ण षष्ठी तिथिका दिन ठगुलालको पनाति, अनन्तराजको नाति, दामोदर-लीलाको कनिष्ठ पुत्रको रूपमा तत्कालीन धवलागिरी अञ्चलको बाग्लुङ र हालको राप्ती अञ्चल प्यूठान जिल्ला, पूजा गा.वि.स.-४ बिर्नात भन्ने ठाउँमा भएको हो । प्यूठानकै स्वर्गद्वारीमा अक्षरारम्भ गरी गुरुकुलीय परम्पराबाट माध्यमिक तहसम्मको शिक्षा आर्जन गर्दै वाराणसेय संस्कृत विश्वविद्यालय, बनारसबाट पूर्वमध्यमा, उत्तरमध्यमा र साहित्य शास्त्री, त्रि.वि. बाट नेपाली साहित्य र संस्कृत साहित्यमा स्नातकोत्तर गरेका खनाल त्रि.वि. सेवामा सहायक प्राध्यापक पदमा प्रवेश गरी उपप्राध्यापकमा पदोन्नत भएपछि नेपाल संस्कृत विश्व विद्यालयबाट विद्यावारिधि गरी सहप्राध्यापक हुँदै प्राध्यापक पदमा पदोन्नत भएका हुन् । हाल उनी वीरेन्द्र बहुमुखी क्याम्पसको नेपाली विभागका विभागीय प्रमुखको रूपमा कार्यरत छन् भने त्रिवेणी साहित्य परिषद नवलपरासीका अध्यक्ष, चितवन साहित्य परिषदका आजीवन सदस्य तथा अनेक साहित्यिक-गैरसाहित्यिक संस्थाका सदस्य, सल्लाहकार रहेका छन् । उनले स्थानीय तहका प्रतिभा पुरस्कार (२०५४), भैरव वाङ्मय पुरस्कार (२०७०) र कृष्णकुमारी गुरुङ स्मृति पुरस्कार (२०७०) नेपाली साहित्यमा योगदान गरेवापत प्राप्त गरेका छन् भने त्रि.वि. दीर्घ सेवा पदक, 'क' श्रेणीको नेपाल विद्याभूषण पदक पाएका छन् । अनेकौं संघ संस्थाबाट सम्मानित अभिनन्दित खनाल विभिन्न पत्रपत्रिका, मुखपत्र, स्मारिका, जर्नल र साहित्यिक पत्रिकाका प्रधान सम्पादक, सम्पादक, अतिथि सम्पादक र कार्यकारी सम्पादक रहेका छन् ।

वि.सं. २०३० सालमा गोरखपुर नेपाली छात्र संघबाट प्रकाशित **सिम्रिक** पत्रिकामा *सिम्रिक* नामक कविता प्रकाशन गरी नेपाली साहित्यमा प्रवेश गरेका खनालले साहित्यका कविता, समालोचना, निबन्ध, समीक्षा, गीत, गजल र हाइकु जस्ता अनेक विधा उपविधामा कलम चलाएको पाइन्छ । उनका हालसम्म **केही रहर : केही ठहर** (२०४९) समालोचना सङ्ग्रह, **गोरखाको डायरी** (२०६१) संस्मरण तथा समीक्षा, **नारायणीका लहर-लहरमा** (२०६१) निबन्धसङ्ग्रह, **समीक्षा : प्रहर-प्रहरका** (२०६१) समालोचनासङ्ग्रह, **निर्वचन र भाषिक सन्दर्भ** (२०६५) भाषिक निबन्धसङ्ग्रह, **समस्यापूर्ति परम्परामा लेखनाथका कविता-काव्य** (२०६५) समालोचना, **समीक्षाका आकारहरू** (२०६५) समालोचनासङ्ग्रह, **स्वप्न-यात्रा र चिठी** (२०६६) निबन्धसङ्ग्रह, **नागपञ्चमी** (२०६९) निबन्धसङ्ग्रह गरी विभिन्न विधाका ९ वटा कृतिहरू प्रकाशित भइसकेका छन् ।

यी कृतिका अतिरिक्त विभिन्न पत्रपत्रिकाहरूमा अनेकौं फुटकर लेख रचनाहरूसमेत प्रकाशित भइसेकका छन् भने उनका केही पुस्तक अप्रकाशित अवस्थामा छन् । त्यसैले सृजनशील साधक नारायणप्रसाद खनाल अनुसन्धेय व्यक्तित्व हुन् । उनको जीवनी, व्यक्तित्व र कृत्तित्वको अध्ययन स्नातकोत्तर शोधपत्रका रूपमा सन्तोष सापकोटाबाट भइसकेको छ । विधा लेखनका दृष्टिले मूल रूपमा उनी निबन्धकार हुन् तर उनका समग्र निबन्धकारिताको विषयमा गहन अध्ययन अनुसन्धान भएको छैन । त्यसैले यिनका पाँचवटा निबन्धसङ्ग्रहका आधारमा यिनको निबन्धकारिताको व्यापक अध्ययन विश्लेषण गर्न यस शोधकार्यका लागि **नारायणप्रसाद खनालको निबन्धकारिता** शीर्षक चयन गरिएको छ ।

## १.१ शोधसमस्या

**नारायणप्रसाद खनालको निबन्धकारिता** शीर्षकको यस शोधकार्यका लागि चयन गरिएका समस्याहरू यस प्रकार रहेका छन् :

क. निबन्ध विधाको सैद्धान्तिक अध्ययन के-कस्तो रहेको छ ?

ख. नारायणप्रसाद खनालको निबन्ध सिर्जनाको पृष्ठभूमि, प्रेरणा र निबन्धयात्राको स्थिति के-कस्तो छ ?

ग. खनालका निबन्धात्मक कृति के-कति छन् र तिनको वर्गीकरण र विश्लेषण के-कसरी गर्न सकिन्छ ?

घ. खनालको निबन्धकारिताको मूल्याङ्कन के-कसरी गर्न सकिन्छ ?

यिनै समस्याहरूको समग्र अध्ययन गरी निबन्धकार खनालको निबन्धकारिताको मूल्याङ्कन गरिएको छ ।

## १.२. शोधको उद्देश्य

प्रस्तुत **नारायणप्रसाद खनालको निबन्धकारिता** शीर्षकको शोध कार्यका लागि चयन गरिएका उद्देश्य निम्नानुसार रहका छन् :

क. निबन्ध विधाको सैद्धान्तिक अध्ययन गर्नु,

ख. खनालका निबन्ध सिर्जनाको पृष्ठभूमि, प्रेरणा र निबन्ध यात्राको स्थितिको अध्ययन गर्नु,

ग. खनालको निबन्धकारिताका विशेषता पहिल्याई तिनको विश्लेषण गर्नु र

घ. खनालको निबन्धकारिताको मूल्याङ्कन गर्नु ।

यिनै उद्देश्यहरूको परिपूर्तितर्फ प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ ।

## १.३ पूर्वकार्यको विवरण र समीक्षा

नेपाली साहित्यको विविध विधामा कलम चलाउँदै आएका नारायणप्रसाद खनालका साहित्यिक कृतिहरूका बारेमा उनकै कृतिहरूको भूमिका पत्रपत्रिका र साहित्यका केही पुस्तकहरूमा चर्चापरिचर्चा र टिप्पणी भएका छन् । आजसम्मपनि विभिन्न कृतिहरूको अध्ययन गरी रहस्यहरूको प्रकाशन गरिरहेकै छन् । साथै **नारायणप्रसाद खनालको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन** शीर्षकमा एउटा शोधपत्र समेत तयार भएको छ । यिनका निबन्धकारिताकाबारेमा हालसम्म भएका केही महत्त्वपूर्ण अनुसन्धान र पत्रपत्रिकाहरूमा भए गरेका टीका टिप्पणी र चर्चा परिचर्चाहरूको कालक्रमिक विवरण यहाँ प्रस्तुत गरिएको छ :

क. रघु घिमिरेले *"थप उपलब्धि : केही रहर केही ठहर"* शीर्षक लेखमा खनालका **केही रहर : केही ठहर** कृतिको विश्लेषण गर्ने क्रममा विषयवस्तुको विवेचना विशद् भएकाले गम्भीर प्रकृतिको भएकाले पाठकले सन्तुष्टि पाउने बताउँदै उनको लोकगीतका कतिपय पक्षलाई लिएर तयार पारिएको निबन्ध *लोकगीतका सुसेलीमा काव्यशैलीको अभिव्यक्ति* रहेको औँल्याउँदै उनका निबन्धात्मक प्रवृत्तिबारे चर्चा गरेका छन् (घिमिरे, २०५० : १९) ।

ख. लक्ष्मणप्रसाद गौतमले चितवनको साहित्य विश्लेक्षण गर्ने क्रममा नारायणप्रसाद खनालको **केही रहर : केही ठहर** समालोचना सङ्ग्रहको उल्लेख गर्दै चितवनमा निबन्ध लेखन कार्यमा सक्रिय रहेका निबन्धकारका रूपमा पनि खनाललाई चिनाएका छन् (गौतम, २०५२ : ९९) ।

ग. गोविन्दराज भट्टराईले खनाललाई कवि शिरोमणिमाथि विद्यावारिधि गर्ने गम्भीर साधकका रूपमा चिनाउँदै उनको **नारायणीका लहर-लहरमा** कृतिलाई स्वतन्त्र चिन्तनपरक सिर्जनाका रूपमा प्रस्तुत गरेका छन् (भट्टराई, २०६३ : ६) ।

घ. भगवती अर्यालले नवलपरासीका निबन्धकारका रूपमा खनाललाई चित्रण गर्दै उनको **नारायणीका लहर-लहरमा** निबन्धसङ्ग्रहको चर्चा गरेकी छिन् । उक्त निबन्धसङ्ग्रहका हरेक निबन्धहरू विषयवस्तु, शैली-शिल्प र विचारका दृष्टिले विविधतायुक्त रहेको तथा निबन्धकारका भावना र चिन्तनको सन्तुलन पाइने चर्चा गरेकी छिन् । उक्त कृतिभित्रका निबन्धहरूलाई तीन खण्डमा बाँड्दै केही निबन्धहरूमा निबन्धकारका हार्दिक पक्ष प्रबल रहेका, केही वैचारिक पक्ष प्रबल रहेका र केहीमा वस्तुपरक एवम् आत्मपरक चेतनाको समिश्रण पाइने बताएकी छिन् । उक्त सङ्ग्रहलाई *नारायणीका लहर-लहरमा* निबन्धले शीर्षक सार्थक बनाएको चर्चा गर्दै कवित्व शक्ति प्रबल भएकाले हार्दिकता, कोमलकान्त पदावली वा काव्यात्मक माधुर्यता प्रचुरमात्रामा पाइने भन्दै खनालका निबन्धात्मक प्रवृत्तिलाई उक्त सङ्ग्रहका आधारमा चर्चा गरेकी छिन् (अर्याल, २०६३ : १६२) ।

ङ. रमेश प्रभातले चितवनका साहित्यिक कृतिहरूको विवरण दिने क्रममा निबन्ध र समालोचना विधामा खनालका **नारायणीका लहर-लहरमा** र **केही रहर : केही ठहर** कृतिको उल्लेख गरेका छन् । तर तिनीहरूको अध्ययन विश्लेषण भने विवरणात्मक लेखले पेस गरेको छैन (प्रभात २०६४ : १२७-१२८) ।

च. वीजीले नारायणप्रसाद खनालको **नारायणीका लहर-लहरमा** निबन्धसङ्ग्रहको विश्लेषण गर्ने क्रममा निबन्ध विधामा नयाँ प्रयोग र मूल्यहरूको प्रभावलाई नयाँ शिल्प र बिम्बमा व्यङ्ग्य पारामा प्रस्तुत गरिएको उल्लेख गर्दै वर्तमान राजनीतिक यथार्थताको चित्र उतार्दै कसिलो व्यङ्ग्य प्रस्तुत गर्ने निबन्ध सङ्ग्रहरूका विषयवस्तु शैली र प्रस्तुति उच्च कोटीका रहेका बताएका छन् साथै समाजको यथार्थ चित्रण गर्दै मानवीय मनोभाव अभिव्यक्ति भएका निबन्धहरू गद्यात्मक शैलीमा रचिएको उल्लेख गरेका छन् । साथै सम्पूर्ण निबन्धहरूले उठान गरेका विषयलाई सूत्रात्मक सङ्केत उक्त लेखले पेस गरेको छ (वीजी, २०६४ : २) ।

छ. सीताराम कोइरालाले अन्तर्वार्ताका माध्यमबाट स्रष्टा र तिनका कृतिको परिचय दिएका छन् । चितवनका १९ जना स्रष्टाहरूलाई समेट्ने क्रममा नारायणप्रसाद खनालको सामान्य परिचय र उनका साहित्य सम्बन्धी दृष्टिकोणलाई प्रस्तुत गरेका छन् । उक्त लेखमा खनालका **नारायणीका लहर-लहरमा** (सङ्कलित निबन्धन २०६१) प्रस्तुत, *'म बाहिर निस्कँ !'* निबन्धमा पितृसत्तात्मक समाजमा छोरीको उपस्थिति र उनले खेप्नु परेका सास्तीका साथै छोरा र छोरीमा गरिने असमानपूर्ण व्यवहारको कलात्मक चित्र प्रस्तुत गर्दै अझै हाम्रो समाजमा रहेको अन्यायपूर्ण व्यवहार तोडिन नसकेको तितो यथार्थ प्रस्तुत गरिएको छ । समाजमा आन्दोलन र विकासका नारा जतिनै रटिएपनि देशले विकास र निकास नपाएको प्रति निबन्धकारको आक्रोश पोखिएको कुरा चित्रण गरिएको छ साथै उही सङ्ग्रहको अर्को निबन्ध *'भ्रान्ति'* मार्फत् देशका राष्ट्रिय र अन्तराष्ट्रिय तहका व्यापारी शिक्षक, साहित्यकार, कवि, कलाकार, चिन्तक, विचारक, वैज्ञानिक, राजनीतिज्ञ, पण्डित, शासक र उच्चवर्गीय व्यक्तिबाट आ-आफ्ना कार्यले भ्रान्ति सृजना गरेर आफ्नो अस्तित्त्व जोगाइराखेका र समाजबाट इमान-जमान, निस्वार्थीपन र अनुशासन हराएका प्रति कलात्मक ढङ्गले व्यङ्ग्य प्रस्तुत गरेको कुरालाई उक्त लेखमा सरल भाषाशैलीका माध्यमबाट प्रस्तुत गरेको छ । खनालको केही

कृतिको उल्लेख गर्दै आंशिक निबन्धात्मक प्रवृत्तिलाई अन्तर्वार्ताले चित्रण गरेपनि समग्र निबन्धात्मक प्रवृत्तिलाई पछ्याउन सकेको देखिँदैन (कोइराला, २०६४ : ६७-७६)।

ज. विमलप्रकाश देवकोटाले **नारायणीका लहर-लहरमा** निबन्धसङ्ग्रहको विश्लेषण गर्ने क्रममा निबन्धका कृतिकारको र निबन्धसङ्ग्रहभित्रका निबन्धहरूको सङ्क्षिप्त चर्चा गर्दै उक्त सङ्ग्रहभित्रका निबन्धहरूले वहन गरेका विषयलाई विश्लेषण गरेका छन् र खनालका निबन्धहरूमा पूर्वीय र पश्चिमी दर्शको मिश्रण पाइने उल्लेख गरेका छन्। साथै तात्कालिक समय र परिस्थितिबाट उत्पन्न प्रभावलाई व्यङ्ग्यात्मक तरिकाले प्रहार गर्ने एक कुशल, सक्षम र बेजोड निबन्धकारका रूपमा चित्रण गर्दै केही निबन्धहरू जटिलताले गाँजेको, संस्मरण र नियात्रा जस्ता लागेपनि प्रस्तुत कृति पठनीय र सङ्ग्रहणीय रहेको उल्लेख गरेका छन् (देवकोटा, २०६४ : २)।

झ. डि.आर. पोखरेलले खनालको पहिलो निबन्ध *साहित्य र जीवन* (२०३५) रहेको चर्चा गर्दै उनका **गोरखाको डायरी** (संस्मरण र समीक्षा) २०६१, **नारायणीका लहर-लहरमा** निबन्धसङ्ग्रह २०६१, **निर्वचन र भाषिक सन्दर्भ** (भाषिक निबन्धसङ्ग्रह) २०६५ को उल्लेख गरेका छन्। खनालको लेखन शैलीको चर्चा गर्दै आलङ्कारिक भाषा र भावशैलीको मनोहारिता र निबन्धात्मक अभिव्यक्ति शैलीको चित्रण गरेका छन् (पोखरेल, २०६६ : २)।

ञ. ठाकुर शर्माले **नारायणीका लहर-लहरमा** निबन्ध सङ्ग्रहलाई शीतलजलको आँचल र जोतिर्मय भावना भनेर विश्लेषण गरेका छन्। खनालको कठोर साधनाबाट निर्मित आनन्दानुभूति प्राप्त हुने कृतिको रूपमा चर्चा गर्दै उक्त निबन्धसङ्ग्रहले सामाजिक चिन्तन, आध्यामिक चिन्तन, विभिन्न प्रकृतिको अन्याय, विसङ्गति, कुसंस्कारलाई प्रस्ट्याएको उल्लेख गरेका छन्। खनालका निबन्धात्मक प्रवृत्तिको चर्चा गर्दै कवितात्मक भाषाशैली, व्यञ्जनात्मकशैली, दार्शनिक चेतले निबन्धहरूलाई तार्किक, आलङ्कारिक, व्यङ्ग्य चेतनायुक्त बनाएको बताएका छन्। खनालको उक्त कृतिले नेपाली साहित्यमा आत्मपरक निबन्धको क्षेत्रलाई फराकिलो बनाएको कुरा प्रस्ट्याएका छन् (शर्मा, २०६६ : १२७-१२९)।

ट. गोविन्दराज विनोदीले *'निबन्ध चेतनाको आलोकमा नारायणीका लहर-लहरमा : एक अवलोकन'* नामक लेखमा खनालका **गोरखाको डायरी** (२०६१) र **नारायणीका लहर-लहरमा** सङ्कलित निबन्धन (२०६१) को उल्लेख गर्दै **गोरखाको डायरी** (२०६१) दैनन्दिन् शैलीमा लेखिएको संस्करणात्मक, विवरणात्मक, अन्वेषणात्मक निबन्धसङ्ग्रहको मूल्यनिरूपण गरेका छन्। साथै उनको **नारायणीका लहर-लहरमा** (२०६१) को विश्लेषणात्मक अध्ययन गर्दै उक्त सङ्ग्रह विषय शैली-शिल्प र विचारका दृष्टिले विविधतायुक्त बनेको ठहऱ्याएका छन्। जम्मा अट्ठाइस निबन्धलाई दुई भागमा वर्गीकरण गर्दै केही आत्मवादी चेतनाका र केही आत्मवादी - वस्तुवादी चेतनाको सम्मिश्रण भएका निबन्धका रूपमा उभ्याएका छन्। उक्त लेखमा निबन्धकारका प्रवृत्तिगत विशेषता औँल्याउँदै उच्चराष्ट्रिय सामाजिक राजनीतिक एवम् सांस्कृतिक विसङ्गतिप्रति व्यङ्ग्य, सत्ताव्यामोह, शैक्षिक साहित्यिक चिन्तनका साथै वस्तुविश्लेषण सटीक रूपमा गरेको भन्दै विचारमन्थन सुन्दर ढङ्गको भएको बताएका छन्। साथै सम्पूर्ण निबन्धहरूको एक-एक विशेषता र प्रवृत्ति उक्त लेखमा पेस गरिएको छ। उक्त निबन्ध सङ्ग्रहमा रहेका विशेषता, विषयवस्तु, विचार-चिन्तनको वर्णन सान्दर्भिक देखिन्छ (विनोदी, २०६६ : २८-३२)।

ठ. प्रमोद प्रधानले नेपाली निबन्धको इतिहास परम्परामा नारायणप्रसाद खनाललाई आधुनिककालका तेस्रो चरणमा सक्रिय निबन्धकारका रूपमा चिनाएका छन् । उनको निबन्धगत प्रवृत्तिलाई **नारायणीका लहर-लहरमा** र **गोरखाको डायरी** कृतिका आधारमा प्रस्तुत गरेका छन् (प्रधान, २०६६ : १८६-१८७) ।

ड. दुर्गाप्रसाद अर्यालले *देवकोटा विशेषाङ्क 'रजस्थल' को परियायक* नामक लेखमा खनालको '*आशुकवि देवकोटा*' शीर्षकले वहन गरेको विषयलाई चर्चा गर्दै लेखमा प्रकरण, उदाहरण तुलना, तर्क र विश्लेषणको उपयोग गरेर विद्वता र बौद्धिकताको परिचय दिइएको बताएका छन् साथै खनालको **गोरखाको डायरी** (२०६१) कृतिमार्फत् अन्वेषक र नौलो अभिव्यक्ति दक्षताको हुती र बुद्धिसमेत झल्काएको भनेर सामान्य निबन्धात्मक प्रवृत्तिको चर्चा गरेका छन् (अर्याल, २०६७ : १२९-१३०) ।

ढ. गङ्गा वैद्यले *'स्वप्न-यात्रा र चिठी' अध्ययन गर्दा* शीर्षक लेखमा उक्त निबन्धसङ्ग्रहको परिचय प्रस्तुत गरेका छन् । स्वप्न-यात्रा र चिठीको छुट्टाछुट्टै वर्णन गरिएको यस लेखमा स्वप्न र यात्रा खण्डमा देखाइएको र जीवनदर्शनलाई चित्रण गर्ने क्रममा उक्त कृतिले सामाजिक, राजनीतिक र भौगोलिक विषयवस्तुहरूलाई समेटेको उल्लेख गरेका छन् । उनका निबन्धहरूले स्वतन्त्रता र स्वाधीनताको पक्षमा वकालत गरेको बताउँदै राजनीतिको विकृतपक्षप्रतिको निबन्धकारको विचारलाई प्रस्तुत गरेका छन् । उक्त कृतिको सामान्य चर्चामात्र उक्त लेखमा प्रस्तुत भएको पाइन्छ (वैद्य, २०६७ : २-७) ।

ण. गोविन्दराज विनादी चितवनका स्रष्टालाई चिनाउने क्रममा नारायणप्रसाद खनाललाई निबन्धकार समालोचक र पत्रसाहित्य लेखकको रूपमा चिनाएका छन् । स्रष्टा र साहित्यको परिचयात्मक लेख भएकाले यसमा खनाल सम्बन्धी सामान्य चर्चामात्र पाइन्छ (विनोदी, २०६७ : ४१) ।

त. लक्ष्मणप्रसाद गौतमले **नारायणीका लहर-लहरमा** निबन्धसङ्ग्रहको अन्तर्वस्तुगत आन्तरिक संरचनाको दृष्टिचेतना प्रस्तुत गरेका छन् । भाषाशैलीय विशेषताको समेत चर्चा गरिएको यस लेखले निबन्ध सङ्ग्रहको समग्र अध्ययन गरेको देखिँदैन (गौतम, २०६७ : १३७) ।

थ. पूर्णप्रसाद अधिकारीले *चितवनको निबन्ध : सतही अवलोकन* लेखमा खनालको नैबन्धिक प्रवृत्तिको चर्चा गरेका छन् । खनालमा दैनिकी, नियात्रा र संस्मरणमा पाइने दृष्टिकोण, आर्यसभ्यता, विद्वत्तापूर्ण शैली र अभिव्यक्तिका साथै जीवनवादी दृष्टिकोण रहेको चर्चा समेत गरेका छन् । पूर्वीय साहित्य सिद्धान्तका आधारमा केन्द्रित रही समालोचना गर्नु र सिर्जनाको सन्दर्भमा सौन्दर्योपासनालाई प्राथमिकता दिनु उनको रचनाधर्मिता मानिन्छ, साथै सबै निबन्धहरूको सूत्रात्मक विश्लेषण उक्त लेखमा गरिएको पाइन्छ (अधिकारी, २०६७ : ३७) ।

द. खनालले *'नेपाली डायरी साहित्यलाई फर्केर हेर्दा'* नामक लेखमा डायरी शब्दको उत्पत्तिदेखि विशेषता समेत प्रस्ट पार्दै नेपाली डायरी साहित्यको लेखन परम्परालाई देखाउने क्रममा अठ्तीस जना डायरी लेखकको वर्णनुक्रमिक चर्चा गर्दै उनीहरूका चवालीस ओटा पुस्तक र चारओटा फुटकर कथा रहेको चर्चा गरेको छन् । साथै खनालका **गोरखाको डायरी** (२०६१) र **स्वप्न-यात्रा र चिठी** (२०६६) कृतिको पनि उल्लेख गरेका छन् । **गोरखाको डायरी** (२०६१) गोरखा सम्बन्धी कुरा लेखिएको डायरी भएको तर दैनिकी भने नभएको उल्लेख गर्दै उक्त सङ्ग्रहलाई संस्मरण खण्ड र समीक्षा खण्ड गरी दुई भागमा बाँडिएको र

सबै विषयवस्तु गोरखासँग नै सम्बन्धित रहेको तथा गद्य र पद्य दुवैको प्रयोग भएको उल्लेख गरिएको छ । साथै **स्वप्न-यात्रा र चिठीमा** २०५४ सालको डायरी जेठ, असार र साउन महिनाका जम्मा ९५ दिनको दैनिकीलाई निबन्ध भनेर छापिएको समेत चर्चा गरेको पाइन्छ (खनाल, २०६८ : १९-३१) ।

ध. दीननाथ शर्मा पण्डितले खनालको **गोरखाको डायरी** कृतिको विश्लेषण गर्ने क्रममा डायरीको सैद्धान्तिक विश्लेषण गर्दै पूर्वार्ध खण्डमा समाविष्ट सबै शीर्षकले समेटेको विषयलाई सूत्रात्मक चित्रण गरेका छन् र यसमा विविधतामय विषयवस्तुको संयोजन गरिएको सङ्केत गरेका छन् । त्यस्तै उत्तरार्ध खण्डमा रहेको समीक्षात्मक डायरी खण्डको चर्चा गर्नेक्रममा खनाल डायरी लेखक, समीक्षक, निबन्धकार हुँदै नेपाली भाषा, लोकसाहित्य र साहित्यमा अनुसन्धाताको रूपमा रहेको चित्रण गरेका छन् । राष्ट्रनिर्माताका **दिव्य उपदेश**को स्पष्ट विश्लेषणात्मक प्रस्तुति रहेको चर्चा गर्दै **गोरखाको डायरी** नेपालको अतीत र भविष्यलाई स्मरण गराउने तथा गोरखालीहरूको मौलिक संस्कृति सभ्यतालाई महत्त्व दिइएका र सामाजिक संस्कार र मानवीय चरित्रमाथि हस्तक्षेपप्रतिको विमति राख्ने एक गहन कृति रहेको प्रस्ट्याएका छन् । साथै डायरी लेखनका दृष्टिले **गोरखाको डायरी** कृति सफल बनेको निष्कर्ष निकालेका छन् (पण्डित, २०६८ : ६७-८१) ।

न. मोदनाथ मरहट्टाले खनालको आफ्नो **गोरखाको डायरी** कृतिभित्र समेट्न नसकेका केही विषयवस्तुलाई समेट्ने प्रयास गरेका छन् । उक्त कृतिको पूर्वार्ध र उत्तरार्ध खण्डको चर्चा गर्दै पूर्वाध खण्डको मूलमार्ग शैक्षिक अवस्थाप्रतिको चिन्तन र चासोको विषय रहेको बताइएको छ । तत्कालीन राजनीतिक वातावरणको चित्रण लेखकीय धर्म भन्दै मिहिनेत गरेर लेखिएको कृति मानेका छन् (मरहट्टा, २०६९ : ४६-४९) ।

प. धनपति कोइरालाले **स्वप्न-यात्रा र चिठी**को सामान्य परिचय दिँदै यसमा भेटिने प्रवृत्ति, विचार र चिन्तनको विश्लेषण गरेका छन् । मूलतः पूर्वीय दर्शन र अंशतः पाश्चात्य दर्शनको आलोकमा उभिएर एउटा मार्मिक तर व्यवहारोपयोगी चिन्तन प्रस्तुत गरेको उल्लेख गर्दै विषय, शैलीशिल्प र विचारगत विविधता तथा नवीनताको एक सुन्दर पुष्पपुञ्ज भएको औंल्याएका छन् साथै यस सङ्ग्रहभित्रको “चिठी” खण्ड प्रयोगवादी प्रवृत्ति आत्मसात् गरेर लेखिएको भन्दै नैबन्धिक प्रवृत्तिको चर्चा समेत गरेको छन् । यस कृतिलाई छुट्टै पहिचान बोकेको कृतिका रूपमा मूल्याङ्कन गर्दै बौद्धिकताले परिपोषित एक पठनीय तथा नवशिल्पकारिताले गर्दा पृथक् पहिचान बोक्न सक्ने कृतिको रूपमा चित्रण गरेका छन् ( कोइराला, २०६९ : २) ।

फ. पूर्णप्रसाद अधिकारीले खनालको लेखकीय विशेषतालाई देखाउँदै उनको भाषा प्रखर भएको र उनले विभिन्न प्रसङ्गलाई रोचक तरिकाले प्रस्तुत गरेका छन् भन्ने भनाइलाई व्यक्त गरेका छन् । साथै संस्मरणात्मक निबन्ध लेखकका रूपमा खनाललाई चिनाएका छन् ( अधिकारी, २०६९ : १९०-१९३) ।

ब. गोविन्दराज विनोदीले खनालका निबन्धात्मक प्रवृत्तिको चर्चा गर्ने क्रममा सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, ऐतिहासिक, विषयवस्तुको तथ्यलाई प्रष्टाउन खनालको कलम सशक्त छ भन्दै **नागपञ्चमी** (२०६९), निबन्धसङ्ग्रहका निबन्धहरूले खनालका मनोभावलाई आत्मपरक शैलीमा प्रस्तुत गर्दै जीवनका विविध पक्षहरूको व्यवहारिक

सत्यलाई देखाएको कुरा उल्लेख गरेका छन् । खनालका निबन्धहरूको प्रवृत्तिगत विश्लेषण गरिएको पाइन्छ (विनोदी (भू.), २०६९ : च-छ) ।

भ. सन्तोष सापकोटाले खनालका निबन्धसङ्ग्रहहरू **गोरखाको डायरी** (२०६१), **नारायणीका लहर-लहरमा** (२०६१), **निर्वचन र भाषिक सन्दर्भ** (२०६५), **स्वप्न-यात्रा र चिठी** (२०६६), **नागपञ्चमी** (२०६९), कृतिहरूको विश्लेषण गरेका छन् । **गोरखाको डायरी** (२०६१), कृतिको विभिन्न उपशीर्षकहरूमा चर्चापरिचर्चा गर्दै पूर्वार्ध र उत्तरार्ध खण्ड रहेको, दैनन्दिनी शैलीमा लेखिएको, संस्मरणात्मक, विवरणात्मक, अन्वेषणात्मक निबन्धसङ्ग्रह रहेको साथै सुत्रात्मक प्रस्तुती रहेको बताएका छन् । साथै गोरखासँग सम्बन्धित विविधप्रसङ्ग छुट्टाछुट्टै शीर्षकमा चर्चा गरिएको यात्रापरक निबन्धलाई अगाडि बढाएको तथा समालोचना रूपको समीक्षा र निबन्ध एउटै कृतिभित्र पाइनुलाई विधामिश्रणको नयाँ साहित्यिक प्रयोगका प्रयोक्ताका रूपमा रहेको बताउँदै गोरखाबारे उत्सुक आम नेपाली पाठकका निम्ति एउटा दस्तावेज बनेको औंल्याउदै पूर्वीयकाव्य सिद्धान्तको एउटा सैद्धान्तिक पक्ष उक्तकृतिमा समावेश उल्लेख गरेका छन् । खनालको त्यस्तै गरेर **नारायणीका लहर-लहरमा** (२०६१) कृतिलाई विषयवस्तु, संरचना, शैली, भाषाआदि शीर्षकमा विश्लेषण गर्दै प्रत्येक निबन्धहरूको सूत्रात्मक चर्चा गरेका छन् । यस सङ्ग्रहमा जीवनजगत्का प्रकृति, धर्म समाज आदि विविध भावहरूलाई विषयवस्तु बनाएको सङ्केत गर्दै विषयगतविविधताको चर्चा गरेका छन् । मूल रूपमा आत्मपरक, वस्तुपरक, वर्णनात्मक, विश्लेषणात्मक, संवादात्मक तथा आख्यानात्मक शैलीलाई अवलम्बन गरिएको तथा कवितात्मक, आलङ्कारिक, प्रतीकात्मक भाषाप्रयोगमा खनाल सचेत देखिएका बताइएको छ । साथै उक्त सङ्ग्रहलाई आत्मपरक विचारधारालाई स्वच्छन्दतावादी ढङ्गले प्रस्तुत गरिएको निबन्धकारको वैयक्तिक जीवनका अनुभव र दृष्टिकोणलाई समेटेको चर्चा गरेका छन् । त्यस्तै गरेर आधुनिक निबन्ध साहित्यको एउटा परम्परालाई जोड्ने सेतुका रूपमा देखिएको उल्लेख गरेका छन् । त्यस्तै गरी **निर्वचन र भाषिक सन्दर्भ** (२०६५), कृतिलाई विभिन्न उपशीर्षकहरूमा चर्चा गर्दै विभिन्न शब्दको निर्वचन प्रक्रिया देखाइएको, व्याकरणको वर्णव्यवस्थामा उनको चिन्तनले नवीनतम धारणा ल्याएको बताउँदै भाषा र व्याकरण सम्बन्धी चिन्तन र शब्दनिर्माण प्रक्रियालाई नितान्त वस्तुपरक शैलीमा प्रस्तुत गरिएको अनुसन्धानमूलक कृति रहेको समेत प्रस्टपारेका छन् । साथै शब्दनिर्वचन सन्दर्भमा संस्कृत व्याकरणलाई आधार बनाएको बताएका छन् । त्यस्तैगरी **स्वप्न-यात्रा र चिठी** (२०६६) कृतिको समीक्षा विभिन्न उपशीर्षकहरूमा गर्दै यात्रावृत्तान्तलाई समेटिएको विषयवस्तुगत प्रस्तुतिका दृष्टिले बाह्यसंरचना नवीन ढाँचाको रहेको, स्वप्न अर्थको गहिराइलाई खोतल्ने प्रयास गरिएको, केही निबन्धमा संस्कृत सूक्तिहरूको प्रयोग रहेको, शीर्षक चयनमा पूर्वीयकाव्य परम्पराका नजिक रहँदै स्वप्नको वैज्ञानिक तथ्यमाथि प्रकाश पार्ने प्रयास गरिएको तथा स्वप्नसम्बन्धी चिन्तनको नवीनता नेपाली निबन्ध साहित्यमा सम्भवतः नयाँ प्रयोग रहेको बताएका छन् । सपनाले भावी जीवनको सङ्केत गर्ने भन्दै सपना पथप्रदर्शक हुने कुरा उल्लेख गरेका छन् भनिएको छ । भ्रमणका नाममा विभिन्न विकृति, अस्तित्त्व र पहिचान गुम्ने खतरारहेपनि यो अत्यन्त आवश्यक रहेको बताएका छन् भन्दै यात्रा साहित्यका परम्परामा महत्त्वपूर्ण स्थान ओगट्न सफल रहेको चर्चा गरेका छन् । खनालका निबन्धात्मक प्रवृत्तिको चर्चा गर्दै बिन्दुमा सिन्धु अटाउनु पत्रसाहित्यको विशेषतालाई

खनालले अँगाल्दै खँदिलो र चोटिलो पत्रको सिर्जना गरेका भन्दै भाषिक कोमलता, रागात्मक प्रस्तुति, पत्रलेखनगत शैलीले पत्रहरू सम्प्रेषणीय बनेको उल्लेख गरिएको छ । पत्रसाहित्य परम्परामा नयाँ गति र शैली भित्र्याउँदै साहित्यको मूलधारमा स्थापित गराउन सक्षम भएका कुरा उल्लेख गर्दै मूलतः पूर्वीय दर्शन र अंशतः पाश्चात्य दर्शनको आलोकमा उभिएर व्यवहारोपयोगी चिन्तन प्रस्तुत गर्दै नेपाली साहित्यको निबन्धको फाँटमा आधुनिक प्रवृत्तिलाई भित्र्याउँदै नयाँपन दिएको चर्चा गरेको छन् । त्यस्तै गरी **नागपञ्चमी** (२०६९)मा लेखकका वैयक्तिक अनुभव र प्राकृतिक सौन्दर्यलाई प्रस्तुत गरेको तथा यथार्थताको चित्रण भएको कृति मान्दै विभिन्न उपशीर्षकहरूमा चर्चा गर्दै सांस्कृतिक पक्षमा आधारित आत्मपरक लेखनमा आधारित लेखकीय अनुभव र चिन्तनमा आधारित जीवनका विविध पक्षहरूको व्यवहारिक सत्यलाई देखाइएको मझौला आयामको, जीवनका तितामीठा अनुभव र यथार्थतालाई निबन्धमा सुम्पने उनको प्रस्तुति अन्यभन्दा मौलिक रहेको बताएका छन् । प्रकृति र जीवनको सम्बन्धद्वारा विश्वको अस्तित्त्व सुरक्षित रहेको भाव व्यक्त गर्ने खनालमा राष्ट्रिय चिन्तन, समसामयिक विकृति विसङ्गतिप्रति व्यङ्ग्य, कलाकारिता, सौन्दर्य चेतना, प्राकृतिक सौन्दर्यको खोजी, आध्यात्मिक, धार्मिक र सांस्कृतिक महत्त्व झल्काउने जस्ता उद्देश्य रहेको चर्चा गरेका छन् । कवितात्मक भाषाको प्रयोग, बालबोलीको प्रयोग, संस्कृत भाषाको प्रयोगले कृतिमा सौन्दर्य थपेको बताउँदै सम्बोधनात्मक, आत्मपरक, व्यङ्ग्यात्मक तथा कतै वर्णनात्मक शैली तथा उखानटुक्काको प्रयोगले निबन्धसङ्ग्रहलाई ओजिलो बनाएको चर्चा गरेका छन् । समग्ररूपमा उनका निबन्धसङ्ग्रहभित्रका निबन्धहरूमा जीवनअनुभव, यथार्थता, प्राकृतिक मनोरमता, विकृतिको भण्डाफोर साथै आध्यात्मिक चिन्तन र तार्किक विचारलाई विभिन्न शैलीमा प्रस्तुत गरिएको उल्लेख पाइन्छ । खनालका सबै निबन्धसङ्ग्रहहरूको विश्लेषण गरिएपनि ती निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूको विश्लेषणात्मक अध्ययन भएको पाइँदैन (सापकोटा, २०६९ : ६३-१०३) ।

म. लक्ष्मणप्रसाद गौतमले *चितवनको साहित्य : विगत र वर्तमान* नामक लामो लेखमा समग्र चितवनका विविध विधाका साहित्यिक स्रष्टा र तिनका साहित्यिक कृतिहरूको विवरण र समग्र प्रवृत्तिको विश्लेषण गर्ने क्रममा विभिन्न चरणहरूको र उपचरणहरू छुट्याउँदै खनाललाई तेस्रो चरणका पूवार्धका निबन्धकारका रूपमा चिनाउँदै उनका निबन्धसङ्ग्रह **गोरखाको डायरी** (२०६१), **नारायणी लहर-लहरमा** (२०६१) **निर्वचन र भाषिक सन्दर्भ** (२०६५), **स्वप्न-यात्रा र चिठी** (२०६६) र **नागपञ्चमी** (२०६९) को विवरणमात्र प्रस्तुत गरेका छन् (गौतम, २०७० : ११५-१५२) ।

य. सदानन्द अभागीले **नागपञ्चमी** (निबन्धसङ्ग्रह-२०६९)मा रहेका सम्पूर्ण निबन्धहरूले समेटेको विषयवस्तुलाई सामान्य टिप्पणी गर्दै आत्मपरक शैलीमा प्रस्तुत गरिएको, विविध विषयका कलात्मक प्रस्तुतिमा बिन्दुमा सिन्धु अटाउने एक प्रकृतिप्रेमी दार्शनिक चेत भएका निबन्धकारको रूपमा चित्रण गर्दै उनका निबन्धमा रहेका सामाजिक यथार्थताको परिधि भित्रको व्यङ्ग्य एटमबम भन्दा बढी शक्तिशाली बनेको चर्चा गरेका छन् । उक्त लेखले खनालका **नागपञ्चमी** निबन्ध सङ्ग्रहका निबन्धहरूको विषयगत परिचय सामान्य रूपमा पेस गरेको छ (अभागी, २०७० : ६६-७४) ।

यसरी नारायणप्रसाद खनालका निबन्धकारिताका सन्दर्भमा जे-जति पूर्वकार्यहरू भए तिनीहरूको अध्ययन गर्दा उनको निबन्धकारिताले फाट्टफुट्ट स्थान पाएपनि नेपाली साहित्यका एक अभिन्न अङ्ग निबन्धका क्षेत्रमा महत्त्वपूर्ण स्थान र प्रवृत्ति भित्र्याउन सफल निबन्धसङ्ग्रहमा विश्लेषणात्मक अध्ययन नगण्यमात्रामा भएको देखिएकाले उनको निबन्धकारिताको अध्ययन अपूर्ण नै रहेको छ । अतः यस शोधकार्यमा खनालका निबन्धकारिताको व्यवस्थित अध्ययन गरिएको छ ।

## १.४ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

वि.सं. २०३० सालदेखि साहित्यिक क्षेत्रमा प्रवेश गरी आधुनिक नेपाली समालोचना र निबन्धका क्षेत्रमा कलम चलाउने नारायणप्रसाद खनालका बारेमा जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययनका साथै यदाकदा पत्रपत्रिकाहरूमा सामान्य चर्चा परिचर्चा गरिए तापनि उनको निबन्धकारिताका बारेमा केन्द्रित भएर अनुसन्धान नभएको अवस्थामा प्रथमतः गरिएको यो कार्य स्वतः औचित्यपूर्ण हुने देखिन्छ । त्यस्तै उनको निबन्धकलाका बारेमा अभिरुचि राख्ने जोसुकै यस कार्यबाट लाभान्वित हुनेछन् । यिनै सन्दर्भमा प्रस्तुत शोधकार्यको औचित्य र महत्त्वका साथै उपयोगिता पनि प्रस्ट हुन आउँछ ।

## १.५ शोधकार्यको क्षेत्र र सीमा

नेपाली साहित्यमा कविता, समालोचना, निबन्ध, यात्रा साहित्य, समीक्षा, गीत, गजल, बालकविता जस्ता विविध विधामा कलम चलाएका नारायणप्रसाद खनालका ९ वटा पुस्तककार कृतिहरू प्रकाशित छन् । अन्य विधामा भन्दा निबन्ध विधामा राम्रो स्थान बनाउन सफल खनालको सङ्क्षिप्त परिचय दिँदै उनको निबन्धकारिता र पुस्तकका रूपमा प्रकाशित पाँच वटा निबन्धसङ्ग्रहहरूमा सङ्कलित निबन्धहरूको विश्लेषण र विवेचना यस शोधपत्रमा गरिएको छ । उनका निबन्ध बाहेक अन्य विधाका कृतिहरूको विश्लेषण गरिएको छैन । उनका निबन्धात्मक फुटकर लेख-रचनाहरूको विवरणमात्र दिनु यस शोधकार्यको सीमा रहेको छ ।

## १.६ सामग्री सङ्कलन विधि

**नारायणप्रसाद खनालको निबन्धकारिता** शीर्षक शोधकार्यका लागि पुस्तकालयीय अध्ययनबाट सम्बद्ध पुस्तक, पत्रपत्रिका तथा समीक्षात्मक लेख आदिको अध्ययन गरी त्यसैमा प्राप्त सामग्री सङ्कलन गरेर शोधकार्य सम्पन्न गरिएको छ । आवश्यक सामग्री सङ्कलन र अनुसन्धानका क्रममा आइपर्ने अन्य समस्याहरूसँग सम्बन्धित कुराहरूका निम्ति शोधनायकसँग सम्पर्क राखी सामग्री सङ्कलन गरिएको छ ।

## १.७ शोध-पद्धति

यस शोधकार्यका लागि सङ्कलित गरिएका सामग्रीको विश्लेषणका निम्ति आवश्यकता अनुसार वर्णनात्मक, विवरणात्मक र विश्लेषणात्मक पद्धति अँगालिएको छ । यसैगरी कृति र निबन्धकारिताको विश्लेषणका निम्ति निगमनात्मक पद्धतिका माध्यमबाट निबन्धका तात्त्विक पक्षलाई आधार बनाउँदै समालोचनाका सामान्य सिद्धान्तको समेत अवलम्बन गरी निष्कर्षमा पुगिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

**नारायणप्रसाद खनालको निबन्धकारिता** नामक प्रस्तुत शोधपत्रको आन्तरिक र बाह्य संरचनालाई सुगठित र व्यवस्थित रूप दिनका लागि निम्नलिखित छ परिच्छेदमा विभाजन गरी शोधपत्रको रूपरेखा तयार गरिएको छ :

### परिच्छेद एक : शोधपरिचय

यस परिच्छेदमा विषय परिचय, शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि, शोध-पद्धति र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

### परिच्छेद दुई : निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रम

यस परिच्छेदमा निबन्ध लेखनसम्बन्धी सैद्धान्तिक मान्यता र नेपाली निबन्धको विकास प्रक्रियाबारे चर्चा गरिएको छ ।

### परिच्छेद तीन : नेपाली निबन्धमा खनालको प्रवेश र उनको निबन्धयात्रा

यस परिच्छेदमा निबन्धकार खनालले निबन्धलेखन प्रारम्भ गरेदेखि उनको सम्पूर्ण निबन्धयात्रालाई चरणबद्ध रूपमा अध्ययन गरिएको छ ।

### परिच्छेद चार : नारायणप्रसाद खनालका प्रकाशित निबन्धसङ्ग्रहको विश्लेषणात्मक अध्ययन

यस परिच्छेदमा नारायणप्रसाद खनालका हालसम्म प्रकाशित पाँच वटा निबन्धसङ्ग्रहमा सङ्ग्रहित  निबन्धहरूको अध्ययन-विश्लेषण गरिएको छ ।

### परिच्छेद पाँच : नारायणप्रसाद खनालको निबन्धकारिताको मूल्याङ्कन

यस परिच्छेदमा विभिन्न दृष्टिकोणबाट खनालको निबन्धकारिताको मूल्याङ्कन गरिएको छ ।

### परिच्छेद छ : उपसंहार

यस परिच्छेदमा परिचयका साथै यसभन्दा अगाडिका पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैटौं परिच्छेदको क्रमशः निष्कर्ष तथा अन्त्यमा समग्र निष्कर्ष एवम् उपसंहार प्रस्तुत गरिएको छ ।

यसप्रकार शोधपत्रको आदिभाग र अन्त्यभागका रूपमा सन्दर्भग्रन्थसूची र परिशिष्ट समेत समावेश गरी साङ्गोपाङ्ग शोधप्रतिवेदन प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई
# निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रम

## २.१ निबन्धको सैद्धान्तिक अध्ययन

निबन्ध विधा साहित्यका चार प्रमुख विधामध्ये एक हो । यसको विकास पन्ध्रौं शताब्दीमा भएको हो । फ्रान्समा जन्मेर विकसित हुँदै नेपाली साहित्यमा देखापरेको निबन्ध शब्दले छरिएर रहेका राम्रा विचारहरूलाई बाँधिएको वा एकत्रित गरिएको रचनालाई जनाउँछ । संरचना र स्वरूपका दृष्टिले यो पाश्चात्य साहित्यको देन हो जसले समयानुकूल परिवर्तन भएर नवीनतालाई आत्मसात् गर्दै अगाडि बढेको छ । निबन्धलाई निम्नलिखित शीर्षक, उपशीर्षकहरूमा रही सैद्धान्तिक अध्ययन विश्लेषण गर्न सकिन्छ :

### २.१.१ पृष्ठभूमि

निबन्धले आफ्नो विधागत अस्तित्त्व प्राप्त गर्नुभन्दा पहिले साहित्यका सिङ्गै धरालतलाई दुई भागमा मात्र राखेर अध्ययन गर्ने प्रचलन थियो । यही प्रचलन अनुरूप नै साहित्यका श्रव्य र दृश्य गरी दुई भेद मानिएको छन् । यसमा पनि श्रव्यकाव्यलाई गद्य र पद्यमा विभाजन गर्दै निबन्धलाई गद्यमा राखेर अध्ययन विश्लेषण गरेको पाइन्छ ।

सीमित घेराभित्र रहेर असीमित विचार प्रस्तुत गर्ने र मनमा उब्जेका उन्मुक्त भावना वा विचारलाई अनुभव वा जीवनका अनुभूतिले रङ्गाएर गद्यात्मक अभिव्यक्ति दिने एक प्रकारको रचना विशेष नै निबन्ध हो ।[१] निबन्ध विश्वसाहित्यमा नाटक, रूपक, नाटिका, कथा, कविता, उपन्यासका तुलनामा नितान्त कान्छो र नवीन विधा मानिएको छ । कविता, कथा र नाटक प्राचीन युगदेखि नै प्रचलित र परम्परित बनेर आधुनिक युगमा आएर र आधुनिक रूप प्राप्त गरेका विधा हुन् तर निबन्ध चाहिँ नितान्त नयाँ र आधुनिक युग आरम्भ भएपछि मात्र प्रादुर्भाव भएको विधा हो ।[२] निबन्धको बीजारोपण प्राचीन पूर्वीय साहित्यमा काव्य वा प्रबन्धकाव्यको रूपमा भेटिन्थ्यो तापनि निबन्ध विधाको लेखन संस्कृत साहित्यको कालखण्डमा हुन सकेको पाइँदैन ।

साहित्यका कविता, नाटक, आख्यान र निबन्ध गरी मूलतः चार विधा मानिएका छन् । साहित्यमा देखापर्ने अन्य सबै भेदहरू यिनै मूलविधाबाट उत्पन्न उपभेद हुन् । साहित्यका यी मूलभूत चार विधामध्ये अन्य तीन विधा साहित्यिक मात्र हुन्छन् तर अत्यन्त लोकप्रिय विधाका रूपमा रहेको एक विधा निबन्ध साहित्यिक र साहित्येतर दुवै हुन्छ । साहित्यिक निबन्ध ललित र सौन्दर्यपरक हुन्छ । यो रागात्मक अनुभूतिमा आधारित र कल्पनाप्रधान, निजात्मक र विशिष्ट भाषिक कलामा आधारित हुन्छ । साहित्येतर निबन्ध ज्ञानविज्ञानका क्षेत्रमा आधारित र प्रविधिपरक हुन्छ । यो वस्तुगत, ज्ञानमा आधारित, न्यूनकलात्मक, परात्मक, निर्वैयक्तिक र सामान्य भाषिक कलामा आधारित हुन्छ ।[३] साहित्येतर निबन्धलाई लेख पनि भनिन्छ । नाटक आख्यानले पद्य साहित्य अन्तर्गत पहिलैदेखि नै जन्म पाएको देखिन्छ भने गद्यको अभिव्यक्ति क्षमता सबल र प्रौढ हुँदै गएपनि सृजित वस्तुको प्रकाशन, प्रसारण, वितरण र संरक्षण एवम् सुपठनको वातावरण तयार

---

१. रत्नप्रसाद सापकोटा, **निर्मोही व्यासको निबन्धकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०५९), पृ. १५ ।

२. राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण,** (काठमाडौं : पाठ्यसामग्री पसल, २०५७), पृ. ५८ ।

३. पूर्ववत्, *आधुनिक नेपाली निबन्ध शिक्षण,* **वाङ्मय**, (वर्ष १०, पूर्णाङ्क १०), २०५७/२०५८, पृ. ८ ।

हुँदै गएपछि मात्र साहित्यमा निबन्ध पनि एउटा छुट्टै विधाको रूपमा सृजना हुन थाल्यो ।[४] त्यसैले विश्वसाहित्यका क्षेत्रमा निबन्धलाई सबैभन्दा कान्छो विधाको रूपमा लिन सकिन्छ ।

यसरी निबन्ध विधाले नवीन कान्छो सन्ततिका रूपमा आफूलाई विश्वसाहित्यमा प्रस्तुत गरेको पाइन्छ । आख्यान, नाटक र कविता विधामा समेटिन नसकेका अन्य लेखनलाई निबन्धभित्र राख्न सकिन्छ ।

## २.१.२ निबन्धको व्युत्पत्ति र अर्थ

निबन्ध पश्चिमी मुलुक फ्रान्समा जन्मेर विकसित हुँदै अङ्ग्रेजी, हिन्दी, बङ्गाली हुँदै नेपाली साहित्यमा देखापरेको साहित्यिक विधा हो तापनि यो शब्द नेपाली साहित्यमा संस्कृत तत्सम शब्दका रूपमा प्रयुक्त छ । त्यसैले यसको व्युत्पत्तिका सम्बन्धमा सर्वप्रथम पूर्वीय दृष्टिकोणको चर्चा सान्दर्भिक देखिन्छ । निबन्ध शब्दको 'नि' उपसर्ग पूर्वमा हुने 'बन्ध्' धातुमा 'घञ्' प्रत्यय लागेर व्यत्पादन हुन्छ । जस्तै नि+बन्ध्+घञ्= निबन्ध । यस प्रक्रियाबाट बनेको निबन्ध शब्दको अर्थ हुन्छ-बाँध्नु, सङ्ग्रह गर्नु, जुटाउनु ।[५] वर्तमान साहित्य जगत्मा नि+बन्ध्+घञ्बाट व्यत्पादन हुने निबन्ध शब्दको विशेष अर्थ स्थापित भएको छ ।

यस व्यत्पादनबाट निर्मित निबन्ध शब्दको विशेष अर्थ के हो भने भावनाका अनेकौं कणलाई अभिव्यक्तिका सुगठित रचनाशिल्पमा सङ्गृहीत गर्नु वा सिलसिलाबद्ध गरेर अभिव्यक्ति दिनु भन्ने भएको छ ।[६] यसरी आफ्ना भावनाहरूलाई कलात्मक रूपमा क्रमिकताका साथ प्रस्तुत गरिएको रचना विशेष नै निबन्ध हो, जुन आफैमा पूर्ण र स्वतन्त्र हुन्छ ।

संस्कृत व्याकरणबाट नै नेपाली साहित्यमा आएको निबन्धका बारेमा संस्कृत साहित्यमा अस्तित्त्व रहेको पाइँदैन तापनि **श्रीमद्भागवत गीता, कादम्बरी, न्यायमञ्जरी, वासवदत्ता** आदिजस्ता ग्रन्थमा निबन्धका केही प्रारम्भिक अंश भने भेटिन्छन् ।

विश्वसाहित्यमा निबन्धको आधुनिक स्वरूपको निर्माण भने पश्चिमी साहित्यबाट नै भएको हो । पाश्चात्य साहित्यमा निबन्धलेखनको आरम्भ सर्वप्रथम फ्रान्सेली लेखक मोन्टेग ( मोन्तेन) ले सन् १५८० मा गरे । मोन्टेगले आफ्ना रचनाहरूको नामकरण गर्ने क्रममा 'एस्से' भन्ने संज्ञा दिए । यसको अर्थ हुन्छ-भावनालाई स्वतन्त्र र निर्बाध रूपमा प्रकट गर्ने प्रयास गर्नु । ग्रिसेली भाषामा यसलाई एसिस भनियो । यसको अर्थ हुन्छ- प्रयास (ट्राइ) ।

अझ विस्तारै अङ्ग्रेजी शब्दकोशमा स्थान लिन पुगेको 'एस्से' शब्दको शाब्दिक अर्थ हुन्छ- प्रयास वा मिहिनेत गर्नु । यसरी ग्रिसेली भाषाबाट फ्रेन्च भाषा हुँदै अङ्ग्रेजी, हिन्दी, बङ्गाली हुँदै संस्कृत र नेपालीमा 'निबन्ध' का नामले अस्तित्त्वमा रहेको छ जुन अङ्ग्रेजीको एस्से को नेपाली रूपान्तरण हो भन्ने बुझिन्छ ।

यसरी पूर्वीय साहित्यमा व्युत्पादन भएको निबन्ध र पश्चिममा निर्माण भएको एस्से दुबैको अर्थ एउटै लक्ष्यमा केन्द्रित रहेको छ भन्ने थाहा हुन्छ जसको अर्थ निश्चित आयाममा फैलिएको सुललित, सुगठित, सुसङ्गत, शिल्पविधानले सजिएको लेखकीय आत्मप्रकाशनको पूर्ण र स्वतन्त्र कलात्मक गद्य रचना भन्ने बुझिन्छ ।

---

[४]. राजेन्द्र सुवेदी (सम्पा.), **स्नातकोत्तर नेपाली निबन्ध**, तेस्रो संस्करण, (काठमाडौं : पाठ्यसामग्री पसल, २०५६) पृ. १ ।

[५]. पूर्ववत् , **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि**, तेस्रो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५८), पृ. ६ ।

[६]. पूर्ववत् ।

### २.१.३ निबन्धको परिभाषा

साहित्यका मूलभूत चार विधामध्ये एउटा विधा निबन्ध हो । जुन फ्रान्समा जन्मिएर अङ्ग्रेजी, हिन्दी, बङ्गाली हुँदै नेपाली साहित्यका क्षेत्रमा समेत प्रवेश गरेको विधा हो र यो नवीन र कान्छो विधाको रूपमा परिचित छ जसले व्यापक क्षेत्र ओगट्न सफल पनि छ । निबन्धजस्तो स्वतन्त्र विधालाई एउटा निश्चित परिभाषाभित्र सीमित गर्न गाह्रो हुन्छ तापनि यसको स्वरूपगत वैशिष्ट्य स्थापित गर्ने प्रयासमा विभिन्न विद्वान्हरू लागेका छन् । त्यसैले निबन्धलाई परिभाषित गर्ने क्रममा लागेका केही प्रमुख विद्वान्, समीक्षक, निबन्धकारहरूका परिभाषाहरूलाई यसमा समेट्ने प्रयास गरिएको छ :

### २.१.३.१ पाश्चात्य दृष्टिकोणमा निबन्ध

पश्चिमी साहित्यका क्षेत्रमा प्रारम्भ भएको निबन्धका प्रथम प्रणेता फ्रान्सेली स्रष्टा मोन्तेगले निबन्धको व्याख्या र विश्लेषणका सन्दर्भमा छुट्टै परिभाषा नदिएपनि विभिन्न प्रसङ्गका कथन र अभिव्यक्तिद्वारा उनले निबन्धको एउटा स्वरूप तयार गर्न सकिने कुरा यसरी व्यक्त गरेका छन् :-

यिनै (निबन्ध) द्वारा कुनै नयाँ मूल्य र सत्यको उद्घाटन भयो भन्ने कुरा मैले ठानेको छैन । तैपनि यिनमा आफ्नो हृदय खोलेर जस्ताको तस्तै देखाउने काम भएको ठानेको छु । म नै मेरा निबन्धको विषयवस्तु हुँ, किनभने मलाई सबभन्दा बढ्ता चिन्ने व्यक्ति म स्वयम् हुँ ।[७]

यसरी उनका विचारमा वैयक्तिक अनुभुतिको प्रकटीकरण नै निबन्ध हो । आफैलाई नै निबन्धको विषयवस्तु ठान्ने मोन्तेग निजात्मक निबन्धका स्रष्टा पनि हुन् ।

निबन्धका बारेमा टिप्पणी गर्ने अर्का व्यक्तित्व अङ्ग्रेजी साहित्यका निबन्धकार तथा निबन्ध सिद्धान्त बारेका चिन्तक फ्रान्सिस बेकनले निबन्धलाई 'छरिएको चिन्तन हो ।'[८] भनेका छन् ।

अङ्ग्रेजी साहित्यका अर्का निबन्ध स्रष्टा जोन्सनले 'निबन्ध भनेको मनमा आएका भावधारालाई शृङ्खलाविहीन अवस्थामा हठात् गरिएका अभिव्यक्तिको टुक्रा हो अर्थात् निबन्ध एउटा उन्मुक्त गद्यात्मक अभिव्यक्ति हो जुन अनौपचारिक, अपरिपक्व र अव्यवस्थित हुन्छ ।'[९] भनेर प्रस्ट पारेका छन् ।

अङ्ग्रेजी साहित्यका अर्का विद्वान् जर्ज क्रयाबेलले निबन्धलाई ज्यादै उपेक्षित र स्तरहीन रचनाका रूपमा लिएका छन् । उनले निबन्धलाई 'निबन्ध सिर्जनशील प्रतिभा हुँदै नभएका रचनाकारहरूको सस्तो लेखन हो । यो त्यस्ता लेखकको लेखन हो, जसको न अनुसन्धानमा पहुँच छ, न सिर्जनात्मक रचनामा । यो एउटा बकम्फुसे गफ मात्र हो ।[१०] भनेर परिभाषित गरेका छन् ।

जोहन मरेले निबन्धका सम्बन्धमा आफ्नो मान्यता प्रस्तुत गर्ने क्रममा आफ्नो दृष्टिकोण यसरी व्यक्त गरेका छन् :-

---

[७] राजेन्द्र सुवेदी, **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि,** तेस्रो संस्करण,(ललितपुर : साझा प्रकाशन, २०५८), पृ.१७ ।

[८] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध,** तेस्रो संस्करण, (काठमाडौं : पाठ्यसामग्री पसल, २०५६), पृ. ५ ।

[९] ऐजन ।

[१०] राजेन्द्र सुवेदी, **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि,** पूर्ववत्, पृ.१८ ।

विषयवस्तु जे-जस्तो भएपनि निबन्धको क्षेत्र अत्यन्त विस्तृत र असीमित हुनुका साथै सही निबन्ध व्यक्तिपरक नै हुनुपर्दछ । निबन्ध वास्तवमा आत्माभिव्यक्तिको एउटा साहित्यिक साधन हो । अतः यो निजात्मक हुन्छ ।[११]

फ्रान्सेली साहित्यका सशक्त प्रतिभा र आलोचक सेन्ट व्युभले साहित्यको समीक्षा गर्ने क्रममा निबन्धलाई यसरी परिभाषित गरेका छन्ः-

'निबन्ध श्रमसाध्य विधा हो । यसमा स्रष्टाको आत्मप्रतिपादन भएको हुन्छ ।'[१२]

ह्युवाकरका अनुसार हलुका र सरल ढङ्गमा लेखिएको तथा लेखक र पाठकको बीच विश्वस्त सम्बन्ध रहेकोलाई आदर्श निबन्धको अर्थमा लिएका छन् ।[१३]

काल्भिन एस् ब्राउनले 'छलफलको विषयमा केही प्रकाश पार्ने प्रयासको रूपमा लेखिएको व्याख्यात्मक गद्यको खण्डविशेष नै निबन्ध हो' भनेका छन् ।[१४]

हड्सनको भनाइमा वास्तविक निबन्ध पूर्णतः वैयक्तिक हुन्छ । गीतिकविताजस्तै भएकाले यो आत्माभिव्यक्तिको साहित्य अन्तर्गत पर्दछ । शोधप्रबन्ध वस्तुपरक हुन्छ, तर निबन्धचाँहि आत्मपरक हुन्छ ।[१५]

अलेक्जेण्डर स्मिथले निबन्धलाई विशिष्ट किसिमको रचना विशेष भएको कुरा यसरी सिद्ध गरेका छन् :

'निबन्ध भनेको गीतिकाव्यसँग दाँजिन सक्ने, स्वरूप र संरचनामा कोमलता र संवेदनशीलता रहने विशेष विधा हो ।'[१६]

गुराल्निकको शब्दमा वैयक्तिक दृष्टिकोण वा सीमित रूपमा कुनै विषयलाई व्याख्यात्मक र विश्लेषणात्क रूपमा प्रस्तुत गरिएको छोटो साहित्यिक रचनाविशेष नै निबन्ध हो ।[१७]

जे. डब्ल्यु म्यारिओटले विशुद्ध निबन्ध एक प्रकारको विचारपूर्ण अनुसन्धान हो, जो स्मित-हृदयले व्यक्तिवादी किसिमको प्रस्तुत गरिएको हुन्छ ।[१८]

रबर्ट लिन्डका अनुसार निबन्ध भनेको प्रसन्न मनस्थितिको ज्ञान अर्थात् सामान्य मानसिक अवस्थाको अभिव्यक्ति हो ।[१९]

प्रस्तुत विद्वान्हरूका परिभाषाहरू व्यक्तिअनुसार फरक-फरक रहेका छन् । समग्र परिभाषाहरूलाई नियाल्दा निबन्ध भन्नाले के बुझिन्छ भने गद्यमा लेखिएको वैयक्तिक अनुभुतिको प्रकटीकरण हो, जहाँ लेखकको आत्मप्रकाशन शृङ्खलित तरिकाले सरल र सहजढंगले प्रस्तत् हुन्छ, जुन आत्मपरक, कोमलता सहितको विशिष्ट किसिमको रचना, जहाँ कुनै विषय विश्लेषणात्मक तरिकाले प्रस्तुत हुने गद्यात्मक साहित्यिक विधा हो भन्ने बुझिन्छ ।

---

११. ऐजन ।

१२. ऐजन ।

१३. मोहनहिमांशु थापा, **साहित्य परिचय**, पाँचौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०६६), पृ. १६६ ।

१४. ऐजन ।

१५. ऐजन, पृ. १६७ ।

१६. राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध**, तेस्रो संस्करण, (काठमाडौं : पाठ्यसामग्री पसल, २०५६), पृ. १ ।

१७. मोहनहिमांशु थापा, पूर्ववत्, पृ. १६७ ।

१८. केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाशन**, छैटौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५९), पृ. १६४ ।

१९. राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १९ ।

### २.१.३.२ हिन्दी साहित्यकारहरूका परिभाषा

आचार्य रामचन्द्र शुक्लका अनुसार निबन्धमा वैयक्तिक विशेषता व्यक्त गर्ने कामका निमित्त र त्यस विशेषताको प्रदर्शनका निमित्त व्यक्त विचारहरूका प्रवाह ज्ञात रूपले होस् वा अज्ञात रूपले होस् विशृङ्खलित भने हुन दिनुहुन्न । भावप्रवाहको विचित्रता देखाउनको निम्ति अनुभूतिका स्वाभाविक वा लोकसामान्य रूपसँग कुनै सम्बन्ध राख्न सक्नु निबन्धको पहिचान हो । बैद्धिकताका जटिल समस्याहरू थपेर व्यायामिक शैलीमा आसन साधन गराइरहनु हुँदैन ।[२०]

बाबु गुलाब रायका अनुसार निबन्ध त्यस प्रकारको रचना हो, जसमा सीमित आयातनभित्र कुनै विषयको वर्णन वा प्रतिपादन एउटा विशिष्ट किसिमको वैयक्तिक प्रतिपादन स्वच्छन्दता, सुष्ठु र सजीवनता, सङ्गति र सुसम्बद्धतापूर्वक भएको प्रस्तुतीकरण निबन्धमा भएको हुनुपर्दछ ।[२१]

हरिहरनाथ टण्डनका अनुसार 'निबन्धशब्दको अर्थ हो बाँधिएको, अतः थोरै अत्यन्त चुनिएका शब्दहरूमा कुनै विषयमा आफ्नो विचार प्रकट गर्ने प्रयत्नलाई निबन्ध भन्दछन् ।'[२२]

यी परिभाषाहरूलाई विश्लेषण गर्दा निबन्ध भन्नाले मझौला आकारमा संरचित भावप्रवाहको विचित्रता शृङ्खलित रूपमा स्वभाविक तथा सरल भाषाशैलीको माध्यमबाट व्यक्त गरिने निश्चित आयाममा बाँधिएको आत्मप्रकाशनको विशिष्ट रूप हो जहाँ स्वच्छन्दता, सजीवनता र सङ्गति पाइन्छ, भन्ने बुझिन्छ ।

### २.१.३.३ नेपाली साहित्यकारहरूका परिभाषा

नेपाली साहित्यमा आत्मपरक निबन्धको थालनी गरी आधुनिक मोड ल्याउने सशक्त निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले **लक्ष्मी निबन्धसङ्ग्रह**को सम्पादनको क्रममा निबन्धसम्बन्धी आफ्नो मान्यता यसरी प्रस्तुत गरेका छन् :-

> यो निबन्धविधा रौँचिरा दर्शन होइन, न हो पाण्डित्यपूर्ण दर्शनको ठ्यासफू । यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण र समीक्षणको जरुरत छैन । यो एक किसिमको धूर्त बदमास ठिटो हो, जो सडकमा हिँड्दा कहिले ढुङ्गा हान्छ, कतैकतै आनन्दले फुलेर हेर्छ तर घोरिँदैन पाठघोकुवा हलन्तेको मिजासले । यो एक किसिमको मनको जालीले जागृत्‌मा लहडिएर माछा मार्ने कला हो । यो टेबुल गफ हो । चश्मादार अध्यापकको व्याख्या होइन, न त हो वमन वेदान्त ।[२३]

नेपाली साहित्यका अर्का स्रष्टा ईश्वर बरालका अनुसार निबन्ध एक किसिमको कुरा गराइ हो । आफ्ना मनका भावनालाई स्वगत कथनको रूपमा व्यक्त गर्ने विधा विशेष हो ।[२४]

दयाराम श्रेष्ठ र मोहनराज शर्माका अनुसार अन्तरङ्ग विचार वा भावना अभिव्यक्त भएको अथवा बहिरङ्ग वर्णन र विवरण भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए

---

२०. राजेन्द्र सुवेदी, **स्रष्टा-सृष्टि : द्रष्टा दृष्टि**, पूर्ववत्, पृ. १८ ।

२१. राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध**, पूर्ववत्, पृ. ८ ।

२२. केशवप्रसाद उपाध्याय, पूर्ववत, पृ. १६६ ।

२३. लक्ष्मीप्रसाद देवकोटा, *भूमिका,* **लक्ष्मी निबन्धसङ्ग्रह,** अठारौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०६७) ।

२४. केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** दोस्रो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०३४), पृ. १८० ।

पनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषय-विशेषमा केन्द्रित कलात्मक गद्य रचनालाई निबन्ध भनिन्छ ।[२५]

रामलाल अधिकारीका अनुसार 'निबन्ध त्यो काव्यविधा हो जसमा लेखकको व्यक्तित्व पाठक समक्ष पूर्णतया प्रकाशमान हुन्छ । यसमा लेखकले उपदेष्टा नभई आत्मप्रकाशनकै लक्ष्यमा केन्द्रित हुनुपर्छ ।'[२६] भनेका छन् ।

हृदयचन्द्रसिंह प्रधानले निबन्धलाई आफ्नै मार्मिक कथा र अनुभव आफ्ना दिली दोस्तालाई बताउँदै कुनै गन्तव्यस्थानमा गइरहेको जस्ता पाठकलाई पार्नुपर्छ ।[२७] भन्दै परिभाषित गरेका छन् ।

बालकृष्ण पोखरेलका अनुसार सबैभन्दा माथिल्लो तहको निबन्ध हो निजात्मक । हरेक निजात्मक निबन्ध लेखकले आफ्नो हृदयभित्र लुकेर बसेको अदृश्य श्रोतालाई सुनाएको गन्थन हो ।[२८]

बदरीनाथ भट्टराईका अनुसार निबन्ध सत्य वस्तु देखाउने लेखकीय अन्तरज्योतिको शाब्दिक स्वरूप हो ।[२९]

भैरव अर्यालका अनुसार कुनै विषयबारे आफूले जानेका, सोचेका र लागेका कुरा रसिलो पाराले प्रकट गर्ने छरितो गद्य निबन्ध हो ।[३०]

मोहनहिमांशु थापाले निबन्धलाई परिभाषित गर्ने क्रममा वास्तवमा निबन्ध भनेको गद्यमा अभिव्यक्त भएको व्यक्तिको आत्मप्रकाशन हो ।[३१] भनेका छन् ।

राजेन्द्र सुवेदीका अनुसार जुनसुकै विषयमा स्वतन्त्र ढङ्गले सोच्नु, विचार गर्नु र आफ्नो भावनात्मक प्रवाहमा अनियन्त्रित रूपले पोखिनु निबन्ध हो ।[३२]

**नेपाली बृहत् शब्दकोश**का अनुसार कुनै विषयलाई लिएर कलात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना, साहित्यको एक गद्य विधा नै निबन्ध हो ।[३३]

यसरी विभिन्न विद्वान्हरूले निबन्धलाई आ-आफ्नै दृष्टिकोणले परिभाषित गरेका छन् यसरी हेर्दा निबन्ध भन्नाले के बुझिन्छ भने लघु आयामको एक साहित्यिक रचना जसमा लेखकले आफ्नो मनको भावनालाई क्रमिकरूपले व्यक्त गर्ने कलात्मक गद्य रचना हो ।

यसरी निबन्धका पाश्चात्य, भारतीय र नेपाली विद्वान्का परिभाषाहरूलाई विश्लेषण गर्‍यौं भने सारमा निबन्धका बारेमा धारणाहरूकेही समानता भेटिन्छन् । पाश्चात्य विद्वान्हरूले निबन्धलाई गद्यात्मक आत्मप्रकाशनको विशृङ्खलित रूप मानेका छन् । भारतीय विद्वान्हरूले निबन्धलाई निश्चित आयातनको लेखकीय आत्मप्रकाशनको विशिष्ट रूप मानेका छन् भने नेपाली विद्वान्हरूले निबन्धलाई लघु आयामको लेखकीय भावनाको क्रमिकता रहेको कलात्मक गद्य रचना

---

[२५] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** पाँचौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५६), पृ. ११५ ।

[२६] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. २१ ।

[२७] मोहनहिमांशु थापा, पूर्ववत्, पृ. १६८ ।

[२८] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**, बाह्रौं संस्करण, (काठमाडौं : रत्नपुस्तक भण्डार, २०५८), पृ. १५ ।

[२९] पूर्ववत् ।

[३०] भागवत आचार्य, **कविता सिद्धान्त र नेपाली कवित एवम् निबन्ध**, (काठमाडौं : नवीन प्रकाशन, २०६३), पृ. २९२ ।

[३१] मोहनहिमांशु थापा, पूर्ववत्, पृ. १६८ ।

[३२] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. २२ ।

[३३] बालकृष्ण पोखरेल (नि.), **नेपाली बृहत् शब्दकोश,** (काठमाडौं : ने.रा.प्र.प्र., २०५८), पृ. ६८९ ।

मानेका छन् । यसरी माथि प्रस्तुत विद्वान्हरूका परिभाषाहरूबाट के निष्कर्षमा पुग्न सकिन्छ भने निबन्ध भन्नाले निश्चित आयामको लेखकीय आत्मप्रकाशनको त्यो विशिष्ट रूप हो जहाँ स्वच्छन्दता, सजीवनता र सङ्गति सहितको कलात्मक गद्य रचना भन्ने बुझिन्छ ।

## २.१.४ निबन्धको वर्गीकरण

'निबन्ध' साहित्यका अन्य विधाका तुलनामा सबैभन्दा कान्छो विधा हो । फ्रान्समा जन्मेर अगाडि बढेकाले यसलाई पाश्चात्य साहित्यको देन मान्न सकिन्छ । नितान्त नवीन र स्वतन्त्र विधा भएकाले निबन्धलाई परिभाषित गर्न गाह्रो भएझैँ वर्गीकरण गर्नुपनि चुनौतिपूर्ण मानिन्छ । त्यसमा पनि विभिन्न विद्वान्हरूको व्यक्तिगत प्रभाव निबन्धको वर्गीकरणमा पनि परेको देखिन्छ । अर्थात् यसका प्रकार र वर्गीकरणका बारेमा पनि विभिन्न विद्वान्हरूबीच एकमत रहेको पाइँदैन । निबन्धको विभाजनका क्रममा सर्वप्रथम पाश्चात्य साहित्यमा नै सीमाङ्कन भएको पाइन्छ । मोन्तेनको अहं र बेकनको चिन्तनको क्रमले निबन्धलाई आत्मपरक र वस्तुपरक गरी दुई भेदमा विभाजन गरेको पाइन्छ ।[३४]

त्यसैगरी विद्वान् ईश्वर बरालले निबन्धलाई शैलीका आधारमा निबन्ध निजात्मक र वस्तुपरक गरी दुई भेद गर्दै निजात्मक निबन्धलाई वैयक्तिक भावात्मक र विचारात्मक गरी तीन उपभेद तथा वस्तुपरक निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई उपभेदमा छुट्याएका छन् ।[३५]

बालकृष्ण पोखरेलले **कलेज स्तरका निबन्धै निबन्ध** पुस्तकको भूमिका लेखनका क्रममा आधुनिक निबन्ध विधामा देखिने प्रवृत्ति र वस्तुतथ्यका आधारमा देखिने मूल कथ्यलाई ठम्याउने हिसाबले निबन्धलाई धर्काचित्र, नियात्रा, रूबन्ध र आत्मिक गरी चारवटा भेदमा वर्गीकरण गरेका छन् ।[३६]

त्यस्तै नेपाली साहित्यका समीक्षक तथा निबन्धकार राजेन्द्र सुवेदीले निबन्धलाई निजात्मक र परात्मक गरी दुई भेद गर्दै निजात्मक निबन्धलाई विचारात्मक, भावात्मक, वैयक्तिक गरी तीन उपभेदमा छुट्याएका छन् भने परात्मक निबन्धलाई प्रलेख, लेख, जीवनी, आत्मजीवनी, यात्राविवरण, शोधलेख, शोधप्रबन्ध, भूमिका, सम्पादकीय, टिप्पणी, प्रतिवेदन, सन्धिपत्र आदि उपभेदको चर्चा गरेका छन् ।[३७]

त्यस्तै मोहनहिमांशु थापाले निबन्धलाई विषय, स्रोत, आधार आदिका दृष्टिले निबन्धलाई धेरै प्रकारले विभाजन र विश्लेषण गर्न सकिन्छ । तर प्रचलित र व्यावहारिक दृष्टिले वर्णनात्मक, विवरणात्मक, विचारात्मक र भावात्मक गरी चार रूपमा विभाजन गर्न सकिन्छ भनेका छन् ।[३८]

त्यस्तै केशवप्रसाद उपाध्यायले निबन्धलाई अभिव्यक्ति शैलीका आधारमा निजात्मक वा आत्मपरक र परात्मक वा वस्तुपरक गरी दुई उपभेदमा त्यस्तैगरी प्रस्तुतिका दृष्टिले निबन्धलाई

---

[३४] मोहनहिमांशु थापा, **साहित्य परिचय**, पूर्ववत्, पृ. १६८/१६९ ।

[३५] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १६८ ।

[३६] राजेन्द्र सुवेदी, **स्रष्टा-सृष्टि : द्रष्टा दृष्टि**, पूर्ववत्, पृ. २९ ।

[३७] पूर्ववत्, पृ. २४/२५ ।

[३८] मोहनहिमांशु थापा, पूर्ववत्, पृ. १७० ।

वर्णनात्मक र विवरणात्मक गरी दुई उपभेदमा तथा अनुभूतिका दृष्टिले निबन्धलाई विचारात्मक, भावात्मक र हास्यव्यङ्ग्यात्मक गरी तीन उपभेदमा वर्गीकरण गरेको पाइन्छ ।[३९]

त्यस्तै समालोचक मोहनराज शर्माले निबन्धका विवरणात्मक, वर्णनात्मक, तार्किक र आख्यानात्मक गरी प्रमुख चारभेदको चर्चा गर्दै विभिन्न उपभेद समेत उल्लेख गरेका छन् ।[४०]

यसरी विभिन्न विद्वान्हरूले निबन्धको वर्गीकरण पनि आ-आफ्नै दृष्टिकोणले गरेको पाइन्छ । यस क्रममा सबैको मत एकै नहुनु अस्वभाविक होइन । यसरी विभिन्न दृष्टिले विभाजन गरेतापनि ती विभाजनमा आत्मपरकता र वस्तुपरकताका संकेतलाई सबैले स्वीकार गरेको पाइन्छ । त्यसैले वर्तमान समयमा सहजताका लागि निबन्धलाई आत्मपरक र वस्तुपरक गरी दुई भेदमा वर्गीकरण गरी अध्ययन गर्न उपयुक्त मानिन्छ ।

### २.१.४.१ आत्मपरक निबन्ध

स्रष्टाको आन्तरिक व्यक्तित्वको प्रधानता हुने निबन्धलाई आत्मपरक निबन्ध भनिन्छ । आत्मपरक निबन्धलाई वैयक्तिक, निजात्मक र व्यक्तिप्रधान पनि भनिन्छ । यस्ता निबन्धमा व्यक्तिको नै प्रमुख स्थान रहन्छ भने विषयको गौण स्थान हुन्छ । निबन्धकारको स्वत्व र व्यक्तित्वको प्रवल छाप यस प्रकारको निबन्धमा पर्दछ । निबन्धकारको व्यक्तित्व नै निबन्धको आधार हुन्छ ।[४१] व्यक्तित्व प्रधान रहने यस निबन्धमा लेखकका जीवनयात्राका निजी अनुभव तीतामीठा भोगाई, विचार एवम् विद्धता प्रदर्शन गर्दै आफू र पाठकहरूका बीचको सम्पर्क स्थापित गर्न चाहन्छन् । संवेदनात्मक स्थिति र संवेगात्मक अभिव्यक्ति आत्मपरक निबन्धमा रहिरहन्छ । बीचबीचमा हास्य विनोदको समावेशले आत्मपरक निबन्ध विविधतापूर्ण र प्रभावपूर्ण हुन्छ । आत्मपरक निबन्धको शिल्पमा आन्तरिक गठन हुन्छ । विषयको गठन र प्रस्तुतिमा स्वतःस्फूर्त रूप आत्मपरक निबन्धको सजीवताको ज्वलन्त उदाहरण हो ।[४२] आत्मपरक निबन्धमा निबन्धकारका व्यक्तित्व विचार एवम् भावनाहरू प्रकट हुन्छन् । विचारात्मक, भावनात्मक र वैयक्तिक हुनु आत्मपरक निबन्धको पहिचान हो ।[४३] त्यसैले यस्ता निबन्धलाई तीन भेदमा विभाजन गर्न सकिन्छ :

क. विचारात्मक निबन्ध　　ख. भावात्मक निबन्ध　　ग. वैयक्तिक निबन्ध

#### क) विचारात्मक निबन्ध

विचारको प्रधानता भएका निबन्धलाई विचारात्मक निबन्ध भनिन्छ । यस्तो निबन्ध चिन्तनको निजात्मक सार्वभौम, स्वीकृतिको अवस्था आग्रहमा प्रवाहित हुन्छ ।[४४] यस प्रकारको निबन्धमा गूढगम्भीर, अमूर्त विषयलाई वैयक्तिक छापले डामेर प्रस्तुत गरिन्छ । यसमा कला, काव्य, राजनीति, धर्म, दर्शन, विज्ञान, शिक्षा, समाजशास्त्र, मनोविज्ञानजस्ता विचारप्रधान

---

[३९]. केशवप्रसाद उपाध्यय, पूर्ववत्, पृ. १६८/१६९ ।

[४०]. मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, (काठमाडौं : ने.रा.प्र.प्र., २०५५), पृ. ४० ।

[४१]. मोहनहिमांशु थापा, पूर्ववत्, पृ. ६९ ।

[४२]. पूर्ववत् ।

[४३]. राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण**, पूवर्वत्, पृ. ६३ ।

[४४]. पूर्ववत् ।

विषयहरूको उपस्थापन हुन्छ । यसमा स्वभावतः चिन्तन र विचारको प्रमुखता हुन्छ । यसमा लेखकले विषयका पक्षविपक्षहरू प्रस्तुत गर्छ, केलाउँछ र प्रबल तर्कहरूको भरमा आफ्नो निजी मन्तव्य उपस्थित गर्छ । कुशल निबन्धकारहरू यस्तो निबन्धमा दृष्टान्त, उपमा र तुलनाको समावेश गर्दछन् । यसमा व्यङ्ग्य र हास्यको पुट मिसाउँछन् र त्यसलाई विचारगुरू नपारी हलुका, सुपाच्य र आकर्षक बनाउँछन् ।[४५] मूलतः यो (विचारात्मक निबन्ध) विचारप्रधान हुन्छ । निबन्धकारले आफ्नो विचार र दृष्टिलाई तर्कसम्मत र क्रमबद्ध रूपमा प्रस्तुत गरेको हुन्छ । विचारात्मक निबन्धको बाह्य र आन्तरिक गठनमा सङ्गतिको संयोजन गरिएको हुन्छ । यसको विषय र रूपविधानमा बुद्धितत्त्वको प्रबलता हुन्छ । विचारात्मक निबन्धमा समास शैलीको प्रयोग हुन्छ ।[४६]

आलोचनात्मक र गवेषणात्मक निबन्धलाई भिन्नै प्रकारको रूपमा विवेचना गरिएको पाइन्छ, तर पनि दुवैलाई विचारात्मक निबन्धकै अन्तर्गत राख्न सकिन्छ । आलोचनात्मक निबन्ध प्रतिपाद्य विषयको आलोचना र प्रत्यालोचनामा आधारित हुन्छ । त्यस्तै गवेषणात्मक निबन्ध कुनै पनि विषयमा खोजपूर्ण हुन्छ तर पनि आलोचनात्मक र गवेषणात्मक निबन्धमा विचारकै बहुलता र प्रबलता हुन्छ । यस दृष्टिले आलोचनात्मक र गवेषणात्मक निबन्धलाई विचारात्मक निबन्धकै उपभेदका रूपमा लिन सकिन्छ । विचारहरूको तारतम्य, रोचकता र विषयगत गहनता विचारात्मक निबन्धका विशेषता हुन् ।[४७]

यसरी विचारात्मक निबन्धले कुनै खास विषयमा लेखकको अभिमत तथा प्रष्ट्याइलाई पुष्टि गर्दछ ।

### ख) भावात्मक निबन्ध

भावात्मक निबन्ध भावपूर्ण शैलीमा लेखिन्छन् । स्रष्टाको भावना प्रबल रूपमा व्यक्त भएको निबन्ध भावात्मक निबन्ध हो । भावात्मक निबन्धमा जीवनका विभिन्न पक्षहरूलाई भावपूर्ण दृष्टिले विवेचना गरिएको हुन्छ । यसमा मूलतः भावको प्रधानता हुन्छ । भावात्मक निबन्धको आन्तरिक गठनमा स्वतः स्फूर्त रूपमा सङ्गतिको निर्वाह भएको हुन्छ ।[४८] अमूर्त भावात्मक विषयहरू जस्तै आसा, निराशा, प्रेम, करूणा, परोपकार, देशभक्ति आदिलाई संवेदनात्मक तुल्याई सरल आलङ्कारिक पदावलीमा प्रस्तुत गरिन्छ । भावको प्रधानता हुने भएकाले यसमा रागतत्त्वको प्राबल्य हुन्छ । यो कविताको सहोदर हुन्छ र मर्मस्पर्शी हुन्छ । यसमा कल्पनाको सहायताले चित्तचमत्कारी चित्रहरू प्रस्तुत गरिन्छन् ।[४९] भाव वा अनुभूतिहरू हृदयपक्षसँग सम्बन्धित हुने भएकाले हार्दिकता, संवेदनशीलता र सौकुमार्य यस्ता निबन्धमा प्रयुक्त हुन्छन् ।[५०] भावात्मक निबन्धमा भाव र कल्पनाको प्रबलता हुन्छ । यसै अनुरूप भाषा र अभिव्यक्तिको हार्दिक, कोमल र

---

[४५]. केशवप्रसाद उपाध्याय, पूर्ववत् पृ. १६९ ।

[४६]. मोहनहिमांशु थापा, पूर्ववत् पृ. १७२ ।

[४७]. गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**, बाह्रौं संस्करण, (काठमाण्डौं : रत्नपुस्तक भण्डार, २०५८), पृ. १५ ।

[४८]. मोहनहिमांशु थापा, पूर्ववत्, पृ. १७४ ।

[४९]. केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १७४ ।

[५०]. गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. २६ ।

रागात्मक पक्ष प्रबल हुन्छ । यसै वैशिष्ट्यलाई निबन्धकार देवकोटाले पोथी गद्यको संज्ञा दिएका छन् ।

यसरी यी विभिन्न मतलाई विश्लेषण गर्दा कोमलतासहितको कल्पनाप्राचुर्य रचनालाई भावात्मक निबन्ध भनिन्छ, जहाँ लेखकीय विचारले भावनाको उन्मूक्त उडान भर्छ भन्ने बुझिन्छ ।

### ग) वैयक्तिक निबन्ध

सृष्टाको व्यक्तिगत चिन्तन र दृष्टि प्रबल रहेको निबन्ध नै वैयक्तिक निबन्ध हो । वैयक्तिक निबन्धलाई आत्मपरक निबन्ध पनि भनिन्छ । यस्ता निबन्धमा निबन्धकारले आफ्ना भावनालाई निजी स्वरूप दिएर प्रकट गर्दा वैयक्तिक निबन्धको जन्म हुन्छ । व्यक्तिगत निर्णयका आधारमा यथार्थतालाई आफै निष्कर्षमा उभ्याएर आफ्नै अभिमतमा सिद्ध गर्न प्रयत्न गरिएको हुन्छ ।[५१] लेखकको व्यक्तिगत चरित्र र दृष्टिकोण प्रबल भएमा निबन्ध वैयक्तिक र आत्मपरक हुन पुग्छ भने सो काम भएमा निर्वैयक्तिक वा वस्तुपरक पनि हुनसक्छ ।[५२] वैयक्तिक निबन्धमा स्रष्टाको आत्मप्रकाशन नै भएको हुन्छ । शैलीका दृष्टिले वैयक्तिक निबन्धमा कथात्मक शैली अँगालिएको हुन्छ । यसमा स्रष्टाले निजी जीवनका भोगाइहरूतथा अनुभवहरू कथाकारले कथा भनेझैं गरी निश्छलतापूर्वक प्रकट गर्दछ । निश्छल र निष्कपट, स्वच्छन्द रूपमा साथीहरूसँगको गफ गराइझैं निजात्मक रूपमा प्रस्तुत हुने निबन्धको एक भेद वैयक्तिक निबन्ध हो ।

यसरी विद्वान्हरूको धारणाले व्यक्तिको वैयक्तिक विचार प्रबल रहने गद्यात्मक रचनालाई वैयक्तिक निबन्ध भनिन्छ भन्ने तर्फ सङ्केत गर्दछ ।

## २.१.४.२ वस्तुपरक निबन्ध

कुनैपनि वस्तु वा विषयको सेरोफेरोमा केन्द्रित रहेर लेखिएका निबन्धहरू वस्तुपरक निबन्ध हुन् । वस्तुपरक निबन्धलाई परात्मक, विषयप्रधान र निर्वैयक्तिक निबन्ध पनि भनिन्छ ।[५३] यस प्रकारको निबन्धमा विषयप्रधान हुन्छ र व्यक्ति गौठा हुन्छ । वस्तुपरक निबन्धमा पनि व्यक्तित्वको छाप नहुने होइन केवल परिमाणको फरक छ ।[५४] वस्तुपरक निबन्धमा वहिर्मुखी प्रवृत्तिको प्रधानता हुन्छ । निबन्धकारको औपचारिक सोचाइ, हेराइ र लेखाइ हुन्छ । पाठकहरूलाई पाण्डिल्य प्रदर्शनमा नअल्झाई वस्तुबोध तर्फ बढी उन्मुख गराउनु नै यस्ता निबन्धका गुण हुन् ।[५५] सङ्क्षेपमा वस्तुपरक निबन्धमा व्यक्ति गौण हुन्छ, विषय प्रधान हुन्छ । यस्ता निबन्धमा वर्णन र विवरणले प्रमुखता पाएको हुन्छ । त्यसैले यस्ता निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई भेदमा वर्गीकरण गर्न सकिन्छ :

### क) वर्णनात्मक निबन्ध

कुनैपनि विषयवस्तुको बारेमा वर्णन गरेर लेखिएका निबन्धहरूलाई वर्णनात्मक निबन्ध भनिन्छ । जुन निबन्धमा कुनै वस्तु, प्राकृतिक दृश्य, यात्रा, प्रदर्शनी, चाडवाड, मेला कुनै देश र

---

[५१] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ६५ ।

[५२] वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,** भाग-२, (ललितपुर : साझा प्रकाशन, २०३०), पृ. ५८९ ।

[५३] मोहनहिमांशु थापा, पूर्वतत्, पृ. १७० ।

[५४] पूर्वतत् ।

[५५] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** पूर्वतत्, पृ. २४ ।

स्थानविशेषको जाति र वर्णको यथातथ्य साङ्गोपाङ्ग सजीव वर्णन गरिएको हुन्छ । यसमा वस्तु र विषयको बाहिरी रूपरङ्गदेखि लिएर गुणदोष, रूचि, प्रकृति र उपयोगिताको वर्णन गरिन्छ ।[५६] वस्तुको बाह्य रूपलाई जस्ताको तस्तै रूपमा चित्रण गर्ने पद्धतिलाई प्रमुखता दिइन्छ । विषयलाई चित्रात्मक रूपमा प्रस्तुत गरी पाठकको मानसचक्षुअगाडि त्यसलाई छर्लङ्ग पार्नु लेखकको सीपको विशेषता हो । यसमा भिन्न-भिन्न दृष्टिकोणको समावेश पनि कहिलेकाहीँ आवश्यक हुन जान्छ । वर्णनशैलीमा रोचकता ल्याउन अलङ्कारमय प्राञ्जल भाषाको प्रयोग यसमा अभीष्ट मानिन्छ ।[५७] वर्णनलाई कलात्मक र प्रभावात्मक तुल्याउनका लागि निबन्धकारको प्रतिभा र कल्पनातत्त्वको महत्त्वपूर्ण भूमिका हुन्छ तर पनि वर्णनविशेषको नै प्रधान हुन्छ । वर्णन नै यसको मूल आधार भएकोले व्यास शैलीको प्रयोग भएको हुन्छ ।

### ख) विवरणात्मक निबन्ध

विषयलाई विवृत्ति गरेर लेखिएको निबन्ध विवरणात्मक निबन्ध हो ।[५८] यसमा प्रायः प्राचीन एवम् आधुनिक सत्य, काल्पनिक कथा, अतीतकालीन घटना, युद्ध, यात्रा, शासनप्रणालीहरू, जीवनी, कुनै जातिविशेषको रीतिस्थिति, ऐतिहासिक एवं पौराणिक आख्यानहरूको समावेश गरिन्छ ।[५९] लेखकले कल्पनाद्वारा विवरणलाई सजीव र चिताकर्षक बनाउन सक्छ । विवरणात्मक निबन्धमा कार्यकारणको सम्बन्ध देखाउँदै एक घटनाको पछि अर्को घटनाको क्रमिक वर्णन हुन्छ । कहीँ-कहीँ दृष्टान्तको समावेश पनि गरिन्छ ।[६०] यसमा पूर्वापर क्रम टुट्नु हुँदैन र विवरण स्पष्ट हुनुपर्छ । यसमा जीवन र जगत्का गतिशील पक्षको विवरण हुन्छ । यसको गतिशील पक्षले समयतत्त्वसँग सम्बन्ध राख्दछ । विवरणात्मक निबन्धका विषय कुनै पनि साहसिक कार्य र घटना तथा अविस्मरणीय यात्रा हुन सक्छ । विवरणात्मकताको प्रधानता रहने यसमा विषयको प्रतिपादन सूचनात्मक परिचयात्मक, व्याख्यात्मक, स्पष्टीकरणात्मक र ज्ञानविकासात्मक ढङ्गले गरिएको हुन्छ ।[६१] यस्ता निबन्धमा 'स्व' भन्दा पर ले बढी स्थान पाएको हुन्छ ।

यसरी विभिन्न विद्वान्हरूको मतलाई आधारमान्दा सरल, सुवोध र व्यञ्जनापूर्ण शैलीका माध्यमबाट घटना र वृतान्तको कार्यकरण शृङ्खलाको प्रस्तुति नै विवरणात्मक निबन्धको मूल पहिचान हो भन्ने बुझिन्छ ।

निष्कर्षमा माथि प्रस्तुत वर्गीकरणको आधारमा निबन्धको वर्गीकरणको संरचना निम्नानुसार रहेको पाइन्छ :

**(अ) आत्मपरक निबन्ध**

क) विचारात्मक　　ख) भावात्मक　　ग) वैयक्तिक

**(आ) वस्तुपरक निबन्ध**

क) वर्णनात्मक　　ख) विवरणात्मक

---

५६. केशवप्रसाद उपाध्याय, पूर्वतत्, पृ. १६८ ।

५७. पूर्ववत् पृ. १६९ ।

५८. राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ७२ ।

५९. केशवप्रसाद उपाध्याय, पूर्ववत् पृ. १६९ ।

६०. पूर्ववत् ।

६१. राजेन्द्र सुवेदी, पूर्ववत् ।

### २.१.५ निबन्धका तत्त्व

कुनैपनि सिर्जनाले आफ्नो विधागत अस्तित्त्व प्राप्त गर्नका लागि प्रयोग गरिएको संरचक घटक नै तत्त्व हुन् ।[६२] साहित्यका प्रत्येक विधाहरू आ-आफ्ना मौलिकताका आधारमा परिचित हुन्छन् । त्यसैले प्रत्येक विधाको पहिचानका लागि त्यसको स्वरूप नै निरूपण गर्नु आवश्यक मानिन्छ । शून्यमा कुनैपनि रचनाको/कृतिको संभव हुँदैन त्यसैगरी निबन्ध रचनाका पनि त्यस्तै आधारभूत तत्त्वहरू रहेका हुन्छन् । जतिवेला स्रष्टाले आफ्नो विचार पोख्न थाल्छ, त्यतिबेला उसले पोख्ने वस्तु पोख्नाको उद्‌देश्य, पोखाइको कला वा ढङ्ग, पोख्न प्रयोग गरिने सीप वा ढाँचा आदि कुरा चाहिन्छन् यिनैलाई निबन्धका तत्त्वका रूपमा लिन सकिन्छ ।[६३] निबन्ध साहित्यको गतिशील विधा हो । त्यसैले परिवर्तित समयसँग यसका स्वरूपगत भिन्नता देखापर्नु स्वाभाविकै हो र विभिन्न विद्वान्हरूका मतमा पनि निबन्धका तत्त्वबारेमा मतैक्य पाइँदैन । विभिन्न विद्वान्हरूले प्रस्तुत गरेका निबन्धका तत्त्वसम्बन्धी धारणाहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

नेपाली साहित्यका विद्वान् लेखक केशवप्रसाद उपाध्यायले निबन्धका वस्तु, शैली र उद्‌देश्य गरी तीन तत्त्वहरूको उल्लेख गरेका छन् ।[६४]

त्यस्तै गरी अर्का लेखक राजेन्द्र सुवेदीले निबन्धको पर्यावरणको चर्चा गर्दै विशेष तत्त्वका रूपमा निम्नानुसार चर्चा गरेका छन् ।[६५]

क) विषय    ख) अन्विति    ग) शैली
घ) उद्देश्य    ङ) दृष्टिबिन्दु र    च) प्रयोजन ।

त्यस्तै गरी महादेव अवस्थीले निबन्धका निम्नानुसार तत्त्व रहने चर्चा गरेका छन् :[६६]

क) शीर्षक    ख) विषय र त्यसको सङगठन    ग) आयाम
घ) कथनपद्धति    ङ) बिम्बालङ्कार र    च) भाषाशैली ।

त्यस्तै गोपीकृष्ण शर्माले निबन्धका तत्त्वकाबारेमा निम्नानुसार रहने चर्चा गरेका छन् ।[६७]

क) वस्तु    ख) शैली र    ग) उद्देश्य ।

त्यस्तै मोहनराज शर्माले पनि निबन्धका उपकरण अथवा तत्त्वका विषयमा चर्चा गरेका छन् । निबन्धको आफ्नै संरचना हुन्छ र त्यस संरचनाको निर्माण त्यसका अवयवहरूले गरेका हुन्छन् भन्ने कुराको ठहर गर्दै उनले निबन्धका प्रमुख तथा अनिवार्य तत्त्व भनेर निम्नलिखित तत्त्वको चर्चा गरेका छन् :[६८]

क) विषय    ख) शैली र    ग) प्रयोजन ।

---

६२. अस्मिता सापकोटा, **रविकिरण निर्जीवको निबन्धकारिता,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०६७), पृ. ३७ ।

६३. ऐजन ।

६४. केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १७१ ।

६५. राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १९ ।

६६. महादेव अवस्थी, *निबन्धको सैद्धान्तिक परिचय र निबन्ध लेखनका औचित्य एवम् फाइदा,* **कुञ्जिनी,** वर्ष-६, अङ्क-४, २०५५), पृ. ३७ ।

६७. गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** पूर्ववत्, पृ. १९ ।

६८. मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, पूर्ववत्, पृ. १९ ।

त्यस्तै भारतीय विद्वान् राकेशले निबन्धका तत्त्वहरूको विषयमा चर्चा गर्ने क्रममा निम्नलिखित तत्त्वलाई स्वीकार गर्दै यी विभिन्न तत्त्वहरू आधार मानेर सृजना गरिएको निबन्ध नै परिष्कृत निबन्ध हुन्छ भन्ने मान्यता राखेका छन् :[६९]

क) लघुआकार, ख) गद्यको माध्यम, ग) निजी दृष्टिकोणको प्रधानता,
घ) कलात्मक संप्रेषणीयता, ङ) रूपविधान र च) प्रयोजन ।

हिन्दी साहित्यको निबन्ध विधामा ख्याति कमाएका विद्वान् विनयले निबन्धका तत्त्वलाई निम्नलिखित चार बुँदामा प्रस्तुत गर्दै यी तत्त्वहरूको सहयोगबाट एउटा स्तरीय निबन्ध तयार गर्न सकिने कुरा उल्लेख गरेका छन् :[७०]

क) विषयको प्रतिपादन, ख) आत्मतत्त्वको प्रतिपादन,
ग) कलात्मकता र घ) एकान्विति ।

यसरी विभिन्न विद्वान्हरूले आ-आफ्नै दृष्टिकोणका आधारमा निबन्धका तत्त्वहरूको चर्चा गरेका छन् । माथिप्रस्तुत भएका विद्वान्हरूका धारणाबाट आजको परिवर्तीत समयानुसार निबन्धका निम्नलिखित तीन तत्त्वहरू छन् :

क) विषयवस्तु, ख) शैली र ग) उद्देश्य ।

यिनै प्रमुख तत्त्वहरूलाई निम्नानुसार चर्चा गरिन्छ :

### २.१.५.१ विषयवस्तु

विषयवस्तुलाई वस्तुपनि भनिन्छ । जुन निबन्धको मूख्य तत्त्व हो । मूर्त-अमूर्त, स्पष्ट-अपष्ट, भूत, वर्तमान र भविष्यत् जुनसुकै विषयवस्तुलाई पनि निबन्धकारले आफ्नो रूचिको क्षेत्र बनाउन सक्छ ।[७१] विषयवस्तुविना निबन्धको कल्पनासम्म गर्न सकिदैन यसलाई निबन्धको प्राण भनिन्छ । वस्तुतत्त्व निबन्धको प्राण हो । यसमा दुईकुरा हुन्छन् बुद्धितत्त्व र भावतत्त्व । बुद्धितत्त्वमा विचार, चिन्तन, तार्किकता, वैज्ञानिक बोध यथार्थ प्रेम, गम्भीरता र औचित्यरक्षाको सवधानी रहन्छ । भावतत्त्वमा संवेदनाको आवेग भावुकताको आग्रह, रागात्मकता र ध्वन्यात्मकताको समावेश भएको हुन्छ । कल्पनाको आवरणले यसलाई सिँगारेको हुन्छ ।[७२] निबन्धका मूलभूत सामग्री भनेका बुद्धि र हृदय हुन्, जुन निबन्धमा वस्तु बनेर आएका हुन्छन् । यी दुबैको समन्वयबाट नै राम्रो निबन्धको सृजना हुन्छ । विशेषतः वस्तु अथाव विषय भनेको निबन्धकारको अनुभूतिलाई प्रेषण गर्ने माध्यम हो । मूर्त-अमूर्त, स्पष्ट-अस्पष्ट, भूत, वर्तमान र भविष्यत् जुनसुकै विषयवस्तुलाई पनि निबन्धकारले आफ्नो रूचिको क्षेत्र बनाउन सक्छ । कल्पना र दृष्टान्तको आवरणले भावतत्त्वलाई सजाइएको हुन्छ ।[७३] निजात्मक निबन्धमा भावतत्त्वले प्रशस्त खेल्ने मौका पाउँछ ।[७४]

यसरी विषयचयनका आधारमा कुनैपनि निबन्धकारको रूचिको क्षेत्रलाई पहिल्याउन सकिन्छ । त्यसैले पनि निबन्धका तत्त्वहरू मध्ये विषयवस्तु अनिवार्य घटक हो ।

---

[६९] राकेश, **निबन्धदर्शन,** पृ. ४,५,६, उद्धृत् ।

[७०] डा. विनय. (सम्पा.) **निबन्धालोक**, (दिल्ली : हिन्दी साहित्य केन्द्र, १९६८), पृ. ११ ।

[७१] पुष्पराज खतिवडा, **राममणि रिसालको निबन्धकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्दीय विभाग कीर्तिपुर, २०४९, पृ. १९ ।

[७२] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** पूर्ववत्, पृ. १७१ ।

[७३] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** पूर्ववत्, पृ. १९ ।

[७४] पूर्ववत् ।

### २.१.५.२ शैली

रचनाकारको यस्तो विशिष्ट रचनाप्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवं विषयका दृष्टिबाट विचलन हुन्छ ।[७५] शैलीविज्ञानले कुनै रचनाकारको विशिष्ट रचनाप्रकार अथवा अभिव्यक्तिलाई शैली मान्दछ ।[७६] आफ्नो विचार वा कुनै विषयवस्तुलाई अरूछेउ सम्प्रेषण गर्न तयार गरिएको शब्द, वाक्य र अनुच्छेदहरूको बुनोटलाई शैली भनिन्छ ।[७७] भाव वा भाषाको समन्वयबाट नै शैलीको निर्माण हुन्छ । जसमा परिष्कृत भाव र परिमार्जित भाषाको आवश्यकता पर्दछ । त्यसैले भाव र भाषालाई एकै ठाउँ समन्वित गर्ने ढङ्ग अथवा तरिका नै शैली हो । क्रम, सङ्गति, सङ्गठन र अन्विति शैलीका आन्तरिक गुण हुन् ।[७८] त्यस्तै अलङ्कार, अर्थचमत्कार, ध्वनि चमत्कार र वाक्य सौन्दर्य शैलीका सहायक अङ्ग हुन् ।[७९] अलङ्कार, अर्थ चमत्कार, ध्वनिचमत्कार र वाक्यसौन्दर्य शैलीका सहायक अङ्ग हुन् ।[८०] अलङ्कारले भाषामा सौन्दर्य आउँछ । अर्थचमत्कार उक्तिवैचित्रयमा र बहुअर्थी शब्दहरूको प्रयोगमा निर्भर हुन्छ । व्यङ्ग्यात्मक गुण पनि यसै अर्थचमत्कारको वैशिष्टय हो । ध्वनिचमत्कार समश्रुति शब्दहरूको विन्यासबाट उत्पन्न हुन्छ र भावसौन्दर्यले यसलाई उत्कृष्टता प्रदान गर्छ । वाक्यसौन्दर्य ललित पदयोजनले मात्र आउँदैन, सरल र स्पष्ट शब्दहरूद्वारा बनेका छोटा छोटा वाक्यहरूको योजनाले पनि आउँछ ।[८१]

कठिन शब्दावली, घुमाउरो वाक्यविन्यास, लामा-लामा पाण्डित्यपूर्ण वक्तव्य, वाक्य वा शब्दहरूबाट अभिप्रेरित अर्थ स्पष्ट नहुनु, पुनरूक्ति, एउटै शब्दको पुनरावृत्ति व्यकरणसम्बन्धी अशुद्धिहरू, वाक्यहरूको तारतम्य नमिलेका हुनु, विचारहरूको क्रम ठीक नहुनु शैलीका सीमा वा दोष मानिन्छन् भने सरलता, स्पष्टता, प्राञ्जलता र प्रभावकारिता शैलीका शक्ति वा गुण मानिन्छन् ।

निबन्धकारको भाव र भाषामा फरक हुने भएकाले ती भाव र भाषाबाट निर्मित उनीहरूको शैली पनि फरक-फरक हुन्छ । लेखकीय शैलीकै कारणले एकै शीर्षकका दुई लेखकका निबन्ध फरक-फरक हुन्छन् ।

मोहनहिमांशु थापाले वर्णन शैलीलाई समास शैली, व्यास शैली, धारा शैली, तरङ्ग शैली, विक्षेप शैली आदिका आधारमा चर्चा गरेका छन् ।[८२] वाक्यगठनका आधारमा सरल, गुम्फित र अलङ्कृत शैलीको समेत चर्चा गरेका छन् ।

यसरी निबन्धमा विभिन्न प्रकारका शैलीको प्रयोग गरिन्छ । त्यसैले शैलीको विश्लेषण गर्दा भाषिक विचलन, समानान्तरता, विविधता, शब्दभण्डार, सादृश्यविधान आदिका आधारमा गर्न

---

७५. मोहनराज शर्मा, पुर्ववत् ।

७६. पूर्ववत्, पृ. ५२३ ।

७७. गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. २० ।

७८. पूर्ववत् ।

७९. पूर्ववत् ।

८०. केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, पूर्ववत्, पृ. १७१ ।

८१. पूर्ववत् ।

८२. मोहनहिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. १७६-१८० ।

सकिन्छ । नेपाली साहित्यमा लेखिएका निबन्धहरूलाई र तिनमा प्रयुक्त, प्रस्तुति, विचार र भाषालाई आधार मान्ने हो भनेशैलीलाई निम्नभेदमा छुट्याउन सकिन्छ :

क. हास्यव्यङ्ग्यात्मक शैली, ख. चिन्तनप्रधान शैली, ग. आलङ्कारिक शैली,
घ. तार्किक शैली, ङ. संस्मरणात्मक शैली, च. यात्रात्मक शैली,
छ. पत्रात्मक शैली ।

### २.१.५.३ उद्देश्य

पाठक समुदायलाई अपेक्षित सन्देश पुऱ्याउन गरिने आग्रह नै उद्देश्य हो । उद्देश्यलाई निबन्धको प्रयोजन पनि भनिन्छ । हरेक निबन्ध कुनै न कुनै उद्देश्यले प्रेरित हुन्छ र आफ्नो लक्ष्यपूर्तिका लागि प्रयत्नशील हुन्छ । बिना उद्देश्यको निबन्ध निरर्थक प्रलाप मात्र हो ।[८३] निबन्धकलाको मूल उद्देश्य अल्पसमयमा कुनैपनि विषयको परिचय दिनु हो । यस स्थितिमा कुनै विषयलाई लिपिबद्ध गर्दा निबन्धकारले आफ्नो उद्देश्यलाई स्पष्ट पार्न सक्नुपर्छ किनभने निबन्ध नै यस्तो काव्यविधा हो, जसमा लेखकको व्यक्तित्व लुकेर नबसी निर्भीकता र निसङ्कोचसाथ प्रकाशमा आउनसक्छ, तर निबन्धकारको उद्देश्य जानकारी दिनु वा आत्मप्रकाशन हुनुपर्छ । यसले 'स्व' को प्रकाशन गर्ने, यश आर्जन गर्ने, अर्थलाभ गर्ने, भाषा र लेखनशेलीलाई परिष्कृत गर्ने, छरिएका चिन्तन र अनुभवलाई शृङ्खलित गर्ने र घटना वर्णन गर्ने जस्ता कुरालाई आत्मसात् गरेको हुनपर्छ ।

विभिन्न विद्वान्हरूले निबन्धका पर्यावरण, उपकरण आदि बारेमा निबन्धका विभिन्न तत्त्वहरूलाई सकेत गरेपनि मुख्यतया निबन्धका तत्त्वहरूमा विषयवस्तु, शैली र उद्देश्य नै प्रमुख रूपमा आउँछन् । यी तत्त्वहरू निबन्धलेखनका अनिवार्य तत्त्व हुन् । यी तत्त्वहरूको अभावमा निबन्ध बन्न सक्दैन । कुनैपनि निबन्धकारले यी तत्त्वहरूलाई राम्ररी प्रयोग गरी निबन्धको सृजना गरेमा त्यो निबन्धात्मक रचना बन्न सक्छ । त्यसैले कुनै पनि लेखलाई निबन्ध हो भनेर ठम्याउन विषयवस्तु, शैली र उद्देश्यजस्ता उपकरणहरूलाई औंल्याउन जरूरी हुन्छ । नेपाली साहित्यमा पनि यी माथि उल्लेखित तत्त्वहरूलाई कुनै न कुनै रूपमा आत्मसात् गर्दै निबन्धरचना गरेको बुझ्न सकिन्छ ।

## २.२ नेपाली निबन्धको ऐतिहासिक विकासक्रम र काल विभाजन

नेपाली निबन्धको ऐतिहासिक विकासक्रम र काल विभाजनका बारेमा अध्ययन गर्न हामी नेपाली गद्यलेखनको परम्परामा पुग्नुपर्छ । कुनै पनि भाषामा सशक्त गद्यको विकासविना सफल निबन्धको जन्म हुन सक्दैन् । त्यसकारण सशक्त गद्यको विकास हुनका निम्ति पृष्ठभूमिको काम गर्ने नेपाली भाषाको गद्य रूप अभिलेखकाल हुँदै विभिन्न विषयमा लेखिएका गद्यात्मक कृतिहरू हुन् । औषधिमूलो, आचार विचार र ज्योतिष विषयमा नेपाली भाषा देखिनु गद्यलेखनको पृष्ठभूमिको रूपमा रहे । नेपालको एकीकरण अभियान पश्चात सम्पूर्ण नेपालीको साझाभाषाको रूपमा नेपाली भाषाले अस्तित्त्वकायम गरेपछि नेपाली भाषामा साहित्य लेख्ने प्रक्रियाको पनि थालनी भयो । फलस्वरूप शक्तिवल्लभ अर्यालको **महाभारत विराटपर्व** (१८२७) देखापऱ्यो जसले साहित्यिक गद्यको थालनी गरेको मानिन्छ । त्यसैगरी वि.सं. १८३१ मा पृथ्वीनारायण शाहको **दिव्योपदेश** देखापऱ्यो । **दिव्योपदेश**मा शाहका आफ्नै जीवनका अनुभवहरू व्यक्त छन् भने

[८३] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, पूर्ववत्, पृ. १७२ ।

भविष्यका सन्ततिलाई अर्तीउपदेश र राष्ट्रिय चिन्तनहरूको अभिव्यक्ति पनि छन् । यस कृतिमा व्यक्तित्वको अभिव्यक्ति, वर्णन र विचारहरूको प्रस्तुति भएकाले नेपाली निबन्धको थालनीमा यसको महत्त्वपूर्ण भूमिका रहने विचारहरू कतिपय विद्वान्हरूबाट प्रकट भएपनि यस्ता प्रारम्भिक ग्रन्थहरू निबन्धको पूर्वाधारका निम्ति महत्त्वपूर्ण मानिन्छन् ।

नेपाली निबन्धको ऐतिहासिक स्रोत खोज्दै जाँदा वि.सं. १८३१ मा लेखिएको पृथ्वीनारायण शाहको **दिव्योपदेश**लाई साहित्यिक बीजभूमि भएको प्रारम्भिक कृतिका रूपमा लिन सकिन्छ । त्यसैले **दिव्योपदेश** पहिलो निबन्धात्मक कृतिको रूपमा उल्लेखनीय रहेको देखिन्छ । यसरी वि.सं. १८३१ बाट प्रारम्भ भएको नेपाली निबन्धको विकासलाई विभिन्न विद्वान्हरूले आ-आफ्नै तरिकाले वर्गीकरण गरेको पाइन्छ । फलस्वरूप निबन्धको कालविभाजमा समेत विद्वान्हरूबिच मतैक्य पाइँदैन । मोटामोटी रूपमा निबन्धको विकासक्रमलाई निम्न तीन कालमा विभाजन गरी अध्ययन विश्लेषणगर्नु सान्दर्भिक देखिन्छ :

पृष्ठभूमिकाल/प्राथमिककाल (वि.सं. १८३१-१९५७)
निर्माणकाल/माध्यमिककाल (वि.सं. १९५८-१९९१)
विकासकाल/आधुनिककाल (वि.सं. १९९२-हालसम्म)

### २.२.१ पृष्ठभूमिकाल/प्राथमिक काल (वि.सं. १८३१-१९५७)

वि.सं. १८३१ मा लेखिएको पृथ्वीनारायण शाहको **दिव्योपदेश** देखि **गोरखापत्र**को प्रकाशनपूर्वको समयलाई नेपाली निबन्धको पृष्ठभूमि वा प्राथमिककाल मानिन्छ । राज्यएकीकरण, राज्यसञ्चालन, मर्यादा, विचारको प्रस्तुति र आन्तरिक सङ्गठनका दृष्टिले **दिव्योपदेश**ले ऐतिहासिक महत्त्व राख्नेमा दुईमत छैन् । जसमा अनुभव, निजात्मक रवैचारिक ज्ञानको त्रिवेणी पाइने हुनाले नेपाली निबन्धको दरिलो जग बनेको पाइन्छ । यसमा कवितात्मक भाषा, विभिन्न बिम्व, प्रतीक र उपमाको समेत उपयोग गरिएको छ । यसपछिका अन्य उल्लेखनीय कृतिहरूमा रामचन्द्र पाध्या रेग्मीको **लक्ष्मी-धर्म संवाद** (१८५१), वाणीविलास पाण्डेको **वाग्मतीपुल स्तम्भ अभिलेख** (१८६०), दैवज्ञज्योति नरसिंहको **तुलसीस्तव** (१८६६), दैवज्ञकेशरी अर्ज्यालको **गोरक्षयोग शास्त्र** (१८७७), यदुनाथ उपाध्यायको **रतिकोषसागर** (१८८५), ललितत्रिपुरासुन्दरीको **राजधर्म** (१८८८ पूर्व), सुन्दरानन्द बाँडाको **त्रिरत्नसौन्दर्यगाथा** (१८९० तिर), बेनामीको जङ्गबहादुरको **बेलायत यात्रा** (१९१०), सुन्दरानन्द बाँडाको **कीर्तिपुर विजय** (१८८९), मोतीराम भट्टको **भानुभक्तको जीवन चरित्र** (१९४८), र चिरञ्जीवी शर्माको **आफ्नो कथा** (१९५५) आदि निबन्धात्मक कृतिहरूमा विविध शैलीको प्रयोग भएको पाइन्छ । त्यस्तैगरी योगी अम्बर गीरका **ब्रग्मयज्ञ उपनिषद्** ((१८९१) र **योगवाशिष्टसार** (१९१२), भवानीदत्त पाँडेको **आत्मबोध** (१८९३) पूर्व) र रघुवीरसिंहको **शान्तिशतक** (१९०९) आदि उल्लेख्य छन् ।

साहित्यिक मूल्यका दृष्टिले **दिव्योपदेश** पछिका महत्त्वपूर्ण कृतिहरूमा यात्रावर्णनमा आधारित नियात्रात्मक निबन्धको पहिलो रचना **जङ्गबहादुरको बेलायत यात्रा** (१९१०), वैचारिक ज्ञानदिने गद्यात्मक रचना मोतिराम भट्टको कवि **भानुभक्तको जीवनचरित्र** (१९४८) लाई लिन सकिन्छ ।

यसरी यसकालका निबन्धकारहरूले भाषा, धर्म, समाज, राजनीति, संस्कार, नियात्रा, जीवनी, नीति, उपदेश, आदिलाई विषय बनाएर निबन्ध लेखेको पाइन्छ । यसकालखण्डका निबन्धात्मक कृतिहरूमा निजात्मक अनुभूतिको प्रकटीकरणको न्यूनता, संरचनागत शिथिलता,

आख्यान तत्त्वको असंयत प्रयोग आदि विशेषता रहेको पाइन्छ भने कुनै कुनै कृतिमा केही मात्रामा भएपनि निबन्धात्मक तत्त्वहरू पाइनुले निबन्धको माध्यामिककालीन निबन्धको थालनीमा पृष्ठाधार तयार पार्नमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

## २.२.२ निर्माणकाल/माध्यमिक काल (वि.सं. १९५८-१९९१)

वि.सं. १९५८ मा काठमाडौंबाट प्रकाशित **गोरखापत्रको** प्रकाशनपछि **शारदा** पत्रिकाको प्रकाशनपूर्वको समयलाई नेपाली निबन्धको माध्यमिककाल मानिन्छ । **गोरखापत्र**को प्रकाशनपछि नेपाली निबन्धले माध्यमिक कालमा प्रवेश गर्दछ । **गोरखापत्र**मा व्यावहारिक जीवनमा उपयोगी हुने नैतिकताले पूर्ण विभिन्न विषयका निबन्धहरू प्रकाशित भएकाले नेपाली निबन्धको परम्पराको थालनी गर्नमा यस कालको महत्त्वपूर्ण स्थान रहेको छ । यस कालमा बेनामीको **अघि मूर्खपछि बुद्धिमान** (१९५९), **नैराश्य परमं सुखम** (१९५९), **वसन्तवर्णनम्** (१९६१), देवीदत्त शर्माको **उचित चर्चा** (१९६५), **राममणि** आ.दी.को **कविता रीति** (१९६५), रामप्रसाद सत्यालको **अज्ञानको निन्द्रा** (१९६२), **माया** (१९६५), अज्ञात लेखकको **मातृभाषाकोउन्नति** (१९६६), **शिक्षोपदेश** (१९६६), **मनको नाप** (१९७०), बेङ्कटेश्वरको **सपना** (१९७०), वैजनाथ सेढाईको **हेमन्त ऋतु वर्णन** (१९७१), सूर्यविक्रम ज्ञावलीको **सोक्रेटिजको वहस** (१९७१), पारमणि प्रधानका **अध्यवसाथ** (१९७२) र **विद्या** (१९७२), शम्भुप्रसाद ढुङ्गेलका **प्रेम** (१९७५), **महीन्द्रमल्ली** (१९७५), **समय** (१९७६), **प्रभात** (१९७६), **हर्दम याद राख्नुपर्ने कुरा** (१९७६), र **कविताकोफल** (१९७७), बैजनाथ सेढाईको **तातोपानी र अमिलो पानी** (१९८२), वेदनिधि शर्माको **जातीय रोग अचुक औषधी** (१९८६) आदि जस्ता निबन्ध रचिएको पाइन्छ । यसैले गर्दा नेपाली निबन्धको प्रारम्भिक रूपरेखा कोर्नमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

निर्माणकालमा रहेको नेपाली निबन्धको गतिलाई जुझारू रूपले अगाडि बढाउने काममा पत्रपत्रिकाको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । खासगरी बनारसबाट प्रकाशित **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **चन्द्र** (१९७१), **गोर्खाली** (१९७२), **जन्मभूमि** (१९७९), खरसाङ्बाट प्रकाशित **चन्द्रिका** (१९७४), देहरादुनबाट प्रकाशित **गोर्खा संसार** (१९८२) र दार्जीलिङ्बाट प्रकाशित **नेपाली साहित्य सम्मेलन** (१९८९) जस्ता पत्रपत्रिकाहरूको उल्लेखनीय भूमिका रहेको पाइन्छ । **सुन्दरी**मा प्रकाशित **बेसरी** (१९६३-१९६५) लाई उत्कृष्ट निबन्ध मान्न सकिन्छ ।[८४] त्यस्तै निबन्ध रचनाको आधारभूमि वि.सं. १९६५ मा प्रकाशित **माधवी** पत्रिकाले तयार गरिदिएको छ । यस पत्रिकामा धार्मिक, उपदेशात्मक र नैतिक आख्यानहरूका साथै धेरै लेखनिबन्धहरू छापिएका छन् । राममणि आ.दी र रामप्रसाद सत्यालका गहन विचार भएका निबन्धहरू प्रकाशित भएका छन् । यस पत्रिकाले माध्यमिककालमा रहेको शृङ्गारिक रूचिलाई परिवर्तन गर्नमा निकै ठूलो भूमिका खेल्यो । **चन्द्रिका**मा *महेन्द्रमल्ली* र *जुनकिरी* जस्ता मौलिक निबन्ध प्रकाशित भए । यसरी नेपाली निबन्धको विकासमा नौलो आयाम प्रवृत्ति र शैलीलाई भिज्याउनमा प्रस्तुत पत्रपत्रिकाहरूको भूमिका महत्त्वपूर्ण मानिन्छ । **चन्द्रिका** पछि बनारसबाट **जन्मभूमि**, देहरादूनबाट **गोर्खासंसार** एवम् दार्जीलिङ्बाट **नेपाली साहित्य सम्मेलन** जस्ता पत्रपत्रिकाहरूमा विभिन्न निबन्धकारहरूले कलम चलाएको पाइन्छ । यस कालखण्डमा महत्त्वपूर्ण योगदान दिने निबन्धकारहरूमा सूर्यविक्रम ज्ञावली, कृष्णप्रसाद कोइराला, धरणीधर कोइराला, पारसमणि प्रधान, रामचन्द्र अधिकारी, विद्यापती नाहान,

---

[८४]. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** चौथो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. १२४ ।

मानवीर रसाइली, हर्षबहादुर राई, राममणि आ.दी., शम्भुप्रसाद ढुङ्गेल, वेदनिधि शर्मा, हैकमसिंह राई, खड्गबहादुर क्षेत्री, मीनबहादुर भट्ट, प्रभाकर, देवीप्रसाद सापकोटा, मणिसिंह गुरूङ, वैजनाथ सेढाई, सूर्यनारायण प्रधान, रामप्रसाद सत्याल, धर्मदत्त शर्मा, सदाशिव शर्मा आदि उल्लेख छन् । त्यसैले यस कालमा नेपाली निबन्धले विद्यागत स्वरूपलाई स्पष्ट पार्ने अवसरसमेत पाएको बुझिन्छ ।

यस कालका निबन्धात्मक प्रवृत्तिलाई विश्लेषण गर्नुपर्दा अधिकांश निबन्धहरू वर्णनात्मक र विवरणात्मक देखिन्छन् । महेन्द्रमल्लीले निजात्मक निबन्धको थालनी गरेको छ । यस कालमा सुधारवादी दृष्टिकोण, विषयको विविधता, जातीय उत्थान, उपदेशात्मक, व्यङ्ग्यात्मक, विचारात्मक निबन्धहरू अस्तित्त्वमा रहेको पाइन्छ भने अधिकांश निबन्धमा संरचनागत उपेक्षा र सङ्ठनात्मक शिथिलता रहेको पाइन्छ तर मौलिकतातिरको दह्रो र गर्विलो कदम चालेको पाइन्छ । **चन्द्रिका** पत्रिकाबाट आधुनिकताको सङ्क्रमण हुँदै **नेपाली साहित्य सम्मेलन पत्रिका** सम्म आइपुग्दा नेपाली निबन्धले अरू स्पष्ट आधुनिकताको आभास दिएका छन् । जसले आधुनिक नेपाली निबन्धलाई रूप निर्धारणमा महत्त्वपूर्ण भूमिका खेल्यो ।

## २.२.३ विकासकाल/आधुनिककाल (वि.सं. १९९२-हालसम्म)

आधुनिक नेपाली निबन्धको थालनी गर्नमा **'शारदा'** पत्रिकाले महत्त्वपूर्ण भूमिका खेलेको छ । **शारदा**को प्रकाशनलाई नेपाली साहित्यको इतिहासमा युगान्तकारी घटनाको रूपमा लिइन्छ । नेपाली निबन्धको पनि **शारदा**सँगै आधुनिकताको टीको लगाएको पाइन्छ । नेपाली साहित्यको आदिकाल र मध्यकालमा साहित्यको सर्वथा अभाव जत्तिकै थियो । **शारदा** मासिक पत्रिका चलेपछि नै मात्र निबन्ध साहित्यको श्रीगणेश भयो ।[८५] यस कालमा आएर नै नेपाली साहित्यले आफ्नो विधागत स्वरूपलाई स्पष्ट पार्ने अवसर पाएको हो । साहित्यका अन्य विधाजस्तै नेपाली निबन्ध विधामा पनि आधुनिकताको थालनी वि.सं. १९९० को दशकमा **शारदा** पत्रिकाबाट नै भएको हो । **शारदा**मा प्रकाशित देवकोटाको पहिलो निबन्ध **आषाढको पन्ध** (१९९२) नै पहिलो आधुनिक निबन्ध हो ।[८६] यही निबन्धको प्रकाशनपछि प्रारम्भ भएको आधुनिक नेपाली निबन्धको विकासक्रमलाई निम्नलिखित प्रथम, द्वितीय, तृतीय र चौथो चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

पहिलो चरण (वि.सं. १९९२-२००३)
दोस्रो चरण (वि.सं. २००४-२०१६)
तेस्रो चरण (वि.सं. २०१७-२०३५)
चौथो चरण (वि.सं. २०३६-हालसम्म)

### २.२.३.१ पहिलो चरण (वि.सं. १९९२-२००३)

वि.सं. १९९१ सालमा प्रकाशित **शारदा** पत्रिकासँगै नेपाली निबन्धमा आधुनिककालको थालनी हुन्छ र बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा जस्ता प्रतिभालाई आधुनिक निबन्धकारका रूपमा चिनाउने काम पनि **शारदा**ले नै गर्दछ । यस चरणको व्याप्ति २००३ सालसम्म रहन्छ र

---

[८५] रत्नध्वज जोशी, **आधुनिक नेपाली साहित्यको झलक,** तेस्रो संस्करण (ललितपुर : साझा प्रकाशन, २०३९), पृ. २९९ ।
[८६] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, पूर्ववत्, पृ. १२६ ।

बनारसबाट **युगवाणी** (२००४) पत्रिकाको प्रकाशन भएपछि यस चरणको समाप्ति हुन्छ ।[८७] वि.सं. १९९२ मा **शारदा** पत्रिकामा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको **आषाढको पन्ध** निबन्धबाट नेपाली निबन्धका क्षेत्रमा आधुनिककालको थालनी भएको हो । त्यसैले वि.सं. १९९२ देखि २००३ साल अथवा **युगवाणी** (२००४) पत्रिकाको प्रकाशन पूर्वको अवधिलाई आधुनिक नेपाली निबन्धको प्रथम चरणका रूपमा लिन सकिन्छ ।

यस अवधिका केन्द्रीय प्रतिभा लक्ष्मीप्रसाद देवकोटा हुन् । देवकोटा पाश्चात्य ढङ्गले पूर्ण निजात्मकता अँगाली शैली र विषयवस्तुमा नौलोपना भएका निबन्ध लेखी नीति, शिक्षा र सुधारको भावनालाई सूक्तिमय ढङ्गले लिपिबद्ध गर्ने मध्ययुगीन प्रवृत्तिको अन्त्य गरेकाले नेपाली निबन्धका क्षेत्रमा उनी प्रथम आधुनिक निबन्धकार बन्न पुगेका छन् । तथापि कतिपय समालोचकहरूले **शारदा** (१९९१) मा प्रकाशित बालकृष्ण समको **बर्दहामाशिकार**लाई आधार मानेर उनलाई प्रथम आधुनिक नेपाली निबन्धकार मानेका छन् तर त्यो रचना निबन्ध नभएर कथा हो ।[८८] त्यसैले **आषाढको पन्ध** नै पहिलो आधुनिक निबन्ध हो र देवकोटा नै प्रथम आधुनिक आत्मपरक निबन्धकार हुन् भन्न सकिन्छ । देवकोटाको **पहाडी जीवन** यस चरणको उपलब्धि मानिन्छ । त्यसैगरी अर्का निबन्धकारका रूपमा बालकृष्ण सम देखा पर्छन् । उनका **आत्मविश्वास**, **त्यो**, **पानी** आदि निबन्धहरू प्रकाशित भए । समलाई दार्शनिक, तार्किक, विचारमूलक एवम् वस्तुपरक निबन्धकारका रूपमा लिन सकिन्छ । त्यस्तैगरी बोधविक्रम अधिकारीको **कविता मातासँग मेरो गन्थन**, प्रेमराज शर्माको पत्रात्मक शैलीमा लेखिएको हास्यव्यङ्ग्यात्मक निबन्ध **पण्डितजीको चिठी** आदिले देवकोटाको भावात्मक निबन्धको गोरेटो पछ्याउँदै गए । त्यस्तै बदरीनाथ भट्टराई र भीमनिधि तिवारीजस्ता निबन्धकार पनि यसै चरणमा देखिन्छन् । यसचरणका अन्य निबन्धकारहरूमा बावुराम आचार्य, यदुनाथ खनाल, नरेन्द्रमणि आ.दी., रामकृष्ण शर्मा, हृदयचन्द्रसिंह प्रधान उल्लेख्य छन् । त्यस्तैगरी सूर्यविक्रम ज्ञावली, पारसमणि प्रधान, रूपनारायण सिंह, धरणीधर कोइराला आदिले नेपाली निबन्धको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

खासगरी यसचरणमा तीनवटा प्रवृत्तिहरू देखापर्दछन् । पहिलो स्वच्छन्दतावादी प्रवृत्ति जसको नेतृत्व देवकोटाले गरेको पाइन्छ, दोस्रो शास्त्रीयतावादी प्रवृत्ति, यसलाई बालकृष्ण समले नेतृत्त्व गरेको पाइन्छ र तेस्रो क्रान्तिकारी स्वच्छन्दतावाद यसको नेतृत्व हृदयचन्द्रसिंह प्रधान, खड्कमान मल्ल, अच्छाराई रसिक आदिले गरेको पाइन्छ ।[८९] यस चरणका निबन्धमा हार्दिक अभिव्यक्ति, नवीन शिल्प संयोजन, बौद्धिकताप्रतिको विशेष आग्रह साथमा अङ्ग्रेजी साहित्यको प्रभावमा निबन्ध लेखिनु यस चरणका प्रमुख प्रवृत्ति हुन् ।

## २.२.३.२ दोस्रो चरण (वि.सं. २००४-२०१६)

आधुनिक नेपाली निबन्धको द्वितीय चरणको उठान हृदयचन्द्रसिंह प्रधानको **तीस रूपयाँको नोट** (२००४) निबन्धसङ्ग्रहको प्रकाशन भएपछि आरम्भ भएको हो । बनारसबाट **युगवाणी** साप्ताहिक पत्रिकाको प्रकाशन (२००४) सँगै आधुनिक नेपाली निबन्धको दोस्रो चरणको सुरूवात

---

[८७] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** (काठमाडौं : रत्नपुस्तक भण्डार, २०४०) पृ. ३३ ।

[८८] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत् ।

[८९] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध**, पूर्ववत्, पृ. ६९ ।

हुन्छ र यस चरणको व्याप्ति **रूपरेखा** (२०१७) पत्रिकाको प्रकाशनपूर्व २०१६ सम्म रहन्छ ।[९०] त्यसैले आधुनिक निबन्धको दोस्रो चरणलाई प्रधानले नै नेतृत्त्व गरेका मानिन्छ । प्रधान नेपाली साहित्यका प्रगतिशील निबन्धकार हुन् । उनी देवकोटाको कल्पनावादी प्रवृत्तिका विरूद्ध सशक्त रूपमा यथार्थवादी शिविर खडा गरेर प्रगतिशील ढाँचाका निबन्ध लेखनमा तल्लीन भए । उनले आधुनिक नेपाली निबन्धलाई सामाजिक धरातलतिर प्रवृत्त गराएको पाइन्छ । उनका **भूस्वर्ग** ( २००३), **तीस रूपयाँको नोट** (२००४), **जुँगा** (२००९), **कुरा साँचो हो** (२०११), **अफसोच** (२०११) प्रकाशित निबन्धात्मक कृतिहरू हुन् । प्रगतिशीलता, सामाजिकता, विसङ्गति, शोषणवृत्ति, अन्याय र अत्याचारलाई आफ्ना निबन्धमा समन्वयन गर्ने निबन्धकार हुन् । त्यस्तैगरी वासुदेव शर्मा लुइँटेलका **भूतछैन** (२००६), चूडानाथ भट्टरायको **चूडामणि** (२०१६), केशवराज पिडालीको **खै खै** ( २०१६) उल्लेख्य रहेका छन् । त्यस्तै गरेर नारायणप्रसाद भट्टराईको **हावावाजी** (२००४), अच्छाराई रसिकको **नारीसमस्याको हल** (२००४), **वसुदेव कुटुम्बकम** (२०१४), रूद्रराज पाण्डेको **गुन्द्रुकको प्रकार** (२००८), हृदयचन्द्रसिंह प्रधानका **सिरक** (२००६), **टोपी** (२०११), रामकृष्ण शर्माको आफ्नै लेखनीको **परामर्श** (२००६), इन्द्रबहादुर राईको **चाखलाग्दो हुनु कसरी** (२००६), तारानाथ शर्माको **अस्प्रश्यता** (२०११) आदि निबन्धात्मक रचनाहरू उल्लेखनीय रहेका छन् । यी कृतिहरूलाई अर्थात् यस चरणमा **युगवाणी**, **साहित्यस्रोत**, **गोर्खा**, **भारती, छात्र**, **पुरूषार्थ**, **प्रगति** आदि जस्ता पत्रपत्रिकाहरूले महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।

आधुनिक नेपाली निबन्धको दोस्रो चरण निबन्ध लेखनका दृष्टिले उर्वर देखिन्छ । यस अवधिमा हृदयचन्द्रसिंह प्रधानका तीन, बदरीनाथ भट्टराइको **पच्चिस प्रबन्ध**, भीमनिधि तिवारीको **पन्ध प्रबन्ध**, श्यामप्रसाद शर्माको **तँ, तिमी, तपाइँ, हजुर,** केशवराज पिँडालीको **खै-खै,** चुडानाथ भट्टरायको निबन्ध **चूडामणि** उल्लेख्य निबन्धसङ्ग्रहहरू हुन् । नेपाली निबन्धको यो चरणमा निबन्धगत प्रवृत्तिका दृष्टिले विविधता पाइन्छ । सामाजिक प्रगतिवादी धाराका माध्यमबाट प्रतिष्ठित यो चरणमा परात्मक र निजात्मक खालका निबन्धहरू रचिएका छन् । यस चरणमा खोज तथा अनुसन्धानमूलक र हास्यव्यङ्ग्यात्मक निबन्धको निकै विकास भएको मानिन्छ । आलङ्कारिक भाषाशैलीको प्रयोग, हास्यव्यङ्ग्यात्मक, संस्मरणात्मक, यात्रावृत्तान्त, भावात्मक, वैचारिक, वर्णनात्मक, विवरणात्मक, प्रगतिवादी र यथार्थवादी, बौद्धिक, वस्तुपरक, खोज अनुसन्धानमूलक आदि यस अवधिका निबन्धलेखनका निबन्धात्मक प्रवृत्ति रहेको पाइन्छ ।

## २.२.३.३ तेस्रो चरण (वि.सं. २०१७-२०३५)

आधुनिक नेपाली निबन्धको तृतीय चरण शङ्कर लामिछानेको **'सम्फनाको लयमा विलीन हुँदै'** शीर्षक निबन्ध **रूपरेखामा** (२०१७) पत्रिकामा प्रकाशित भएपछि आरम्भ हुन्छ । आधुनिक नेपाली परम्पराको तेस्रो चरणमा नौलो प्रवृत्ति भित्र्याउने लामिछानेका निबन्धमा पाश्चात्य साहित्यको नवीन चिन्तनको स्पष्ट छाप भेटिन्छ । निजात्मक भावलाई कलात्मक ढङ्गले प्रस्तुत गर्ने लामिछानेका निबन्धहरू अमूर्त र गहन छन् । उनको अमूर्त लेखन शैली तथा चेतन प्रवाह प्रद्धतिका कारण नेपाली निबन्धको तेस्रो चरण आरम्भ भएको मानिन्छ । आधुनिक नेपाली निबन्धको तेस्रो चरणमा शङ्कर लामिछानेको आगमनपछि हास्यव्यङ्ग्यात्मक प्रवृत्तिलाई अगाडि बनाउने प्रमुख निबन्धकारहरूमा भैरव अर्याल, घटोत्कच शर्मा, श्रीधर खनाल लगाएत छन् । आधुनिक नेपाली निबन्धको यस चरणमा मूलरूपमा दुईवटा निबन्धात्मक प्रवृत्ति हावी भएको

[९०] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ३७ ।

पाइन्छ । पहिलो निजात्मक/आत्मपरक एवं बौद्धिक धारा, दोस्रो आलोचनात्मक यथार्थवादी धारा जसमा वैचारिकताको प्रवलताका साथै क्रान्तिकारी धार मिसिएको पाइन्छ र यस चरणलाई यी दुई प्रवृत्तिका आधारमा विश्लेषण गर्नु सान्दर्भिक मानिन्छ ।

निबन्धकार शङ्कर लामिछानेका **एब्स्ट्रयाक्ट चिन्तन प्याज** (२०२४) र **गोधूलि संसार** (२०२७), **बिम्ब-प्रतिबिम्ब** (२०२८) जस्ता निबन्ध सङ्ग्रहका साथमा आत्मपरक एवं बौद्धिक धाराको नेतृत्व गरेको पाइन्छ । उनले परम्पराभन्दा भिन्न प्रयोगशील प्रवृत्ति अँगाली निबन्ध लेखेकाले यही प्रयोगधर्मिताले नेपाली निबन्धले नयाँ मोड लिएको छ । शैल्पिक अमूर्तता तथा चिन्तन प्रवाहका दृष्टिले र बौद्धिक गहनताका दृष्टिले यो धारामात्र नभएर आधुनिक नेपाली निबन्धको सम्पूर्णतामै वैशिष्ट्य हासिल गर्दै तेस्रो चरणका प्रतिनिधि निबन्धकारका रूपमा उनी स्थापित भएका छन् । यसै प्रवृत्तिलाई आत्मसात् गर्दै सामेल हुने अन्य निबन्धकारहरूमा रामकृष्ण शर्मा, भाइचन्द्र प्रधान, कमल दीक्षित, इन्द्रबहादुर राई, गोविन्दप्रसाद लोहनी, लोकराज बराल, नगेन्द्र शर्मा, बालकृष्ण पोखरेल, गणेश बहादुर प्रसाई, श्रीधर खनाल, रामकुमार पाँडे, कृष्णप्रसाद पराजुली, कृष्णप्रसाद ज्ञवाली, वासुदेव त्रिपाठी आदि छन् ।

त्यस्तै गरी दोस्रो प्रवृत्ति आलोचनात्मक यथार्थवादी धाराको नेतृत्व भैरव अर्याल एवम् श्यामप्रसाद शर्माले गरेको पाइन्छ । यसै प्रवृत्ति अन्तर्गत प्रगतिमूलक यथार्थवादी एवम् क्रान्तिकारी स्वच्छन्दतावादी निबन्धकारहरू पनि देखापर्दछन् । हास्यव्यङ्ग्यमा भैरव अर्याल, यथार्थमूलक प्रगतिवादी विचारमा श्यामप्रसाद शर्मा, स्वच्छन्दतामूलक धारमा शङ्कर लामिछाने एवम् यात्रा संस्करणात्मक निबन्ध धाराका फाँटमा ताना शर्माले नेतृत्व प्रदान गरेको पाइन्छ । यस्तै यस धारामा कलम चलाउने निबन्धकारहरूमा रमेश विकल, पारिजात, आनन्ददेव भट्ट, लीलाध्वज थापा, गोविन्द भट्ट, चूडामणि रेग्मी, बल्लभमणि दाहाल, विष्णु नवीन, धनुश्चन्द्र गौतम, बालमुकुन्ददेव पाण्डे, दाताराम शर्मा, वासुदेव लुइटेल, तारानाथ शर्मा, श्याम गोतामे, मोदनाथ प्रश्रित, रामलाल अधिकारी, कृष्णचन्द्रसिंह प्रधान, आदि रहेको पाइन्छ ।

यसरी आधुनिक नेपाली निबन्धको तेस्रो चरणलाई नेतृत्व प्रदान गर्ने निबन्धकारहरूमा शङ्कर लामिछाने, भैरव अर्याल, केशव पिंडाली, ताना शर्मा, कमल दीक्षित, आदि नै हुन् । यिनै निबन्धकारहरूको निबन्ध सङ्ग्रहको संख्या र गुणात्मकताले यस चरणको मापन गर्न सकिन्छ । जहाँ **रूपरेखा** (२०१७) का अतिरिक्त **मधुपर्क**, **नेपाली रचना, अभिव्यक्ति, भानु, प्रज्ञा, गरिमा, साहित्य स्रोत, आँखा,** तथा नेपाल बाहिरका **फूलपात पतकर, तेस्रो आयाम, नेबुला, सुमन** आदि पत्रपत्रिकाहरूका महत्त्वपूर्ण योगदान रहेको पाइन्छ ।

यस चरण अभ्यास, प्रयोग र सुदृढीकरणको समय हो । यस अवधिमा यात्रासंस्मरण, व्यङ्ग्य र पत्रात्मक शिल्पमा अभिव्यक्तिगत रूप प्रस्तुत गर्ने निबन्धकारहरू समेत देखापरेकाछन् । निबन्धको स्वरूप र प्रस्तुति प्रायः स्पष्ट भइसकेको यस अवधिमा स्थापित भइसकेका र नयाँ आउँदै गरेका निबन्धकारहरूले पनि निजी दृष्टिकोण शिल्प र अभिव्यक्तिका साथ निबन्धको रचना गरेको पाइन्छ । जेहोस् यस चरणमा हास्यव्यङ्ग्यात्मक, संस्करणात्मक, यात्रावृत्तान्त, भावात्मक वैचारिक, वर्णनात्मक, विवरणात्मक, प्रगतिवादी, वौद्धिक, यथार्थवादी वस्तुपरक निबन्धहरू लेखिए र यिनै प्रवृत्तिहरूको वरिपरि यस चरणले अस्तित्त्व कायम गरेको पाइन्छ ।

## २.२.३.४ चौथो चरण (वि.सं. २०३६-हालसम्म)

आधुनिक नेपाली निबन्धको यस चरणलाई सम्पूर्ण विद्वान्हरूले स्वीकार गरेको पाइँदैन तर साहित्य र राजनीति एक अर्कोसँग अन्तरसम्बन्धित रहन्छन् । साहित्य समाजको ऐना हो । त्यसैले राजनैतिक परिवर्तित समयको/अवस्थाको प्रभाव आधुनिक नेपाली निबन्धमा पनि स्वतः पर्ने

देखिन्छ, २०१७ साल र २०३६ तथा ०४६ सालको घटनाक्रम र देशको परिवेश पनि फरक रहेको बुझिन्छ त्यसैले २०१७ सालदेखि वर्तमान सम्मको आधुनिक नेपाली निबन्धको विकासक्रमको चरण विभाजन कम सान्दर्भिक देखिन्छ त्यसैले अभिव्यक्ति स्वतन्त्रताको युगसँगै यस चरणलाई विश्लेषण गर्नु उचित ठानिन्छ । यस चरणलाई समसामयिक प्रवृत्तिको चरण पनि भनिन्छ सामयिकता एउटा तत्क्षणको मात्र महत्त्व राख्ने आवधिक मूल्य भएकाले त्यस्ता तत्क्षणिक मूल्यहरू विस्तारै बिलाउँदै जाने हुन्छन् । तर यस चरणका निबन्धगत मूल्यहरू तत्क्षणिक मात्र नभएर शास्वत कालसम्म प्रभाव राख्ने खालका छन् । यस चरणका मूलभूत प्रश्नहरूलाई निरूपण गर्दा यो समय पनि निबन्ध विधामा विसंगतिका दृष्टिले निकै तीव्र रहेको पाइन्छ । यस अवधिमा स्वच्छन्दतामूलक र अन्तरमुखी चेतको स्थान नगण्य हुँदै गएको छ, बरू वि.सं. २०४६ पछिका वर्षहरूमा अराजकमूलक स्वच्छन्दतावादको विकास हुँदै गएको छ । समाजमा आएका विकृतिहरू, प्राकृतिक संसाधनमा आएका विकृतिहरू, भौतिक स्रोत र साधनका विनाशहरू, त्यसका विनियमहरू, राष्ट्रिय स्वार्थ र अस्तित्त्वमा आएका कम्पनहरू, अन्तर्राष्ट्रिय क्षेत्रबाट पर्न गएका राजनीतिक र आर्थिक शीतयुद्धका संघातहरू नारी अस्मितामाथिका क्रयविक्रय र बलात्कारहरू, सत्तालिप्सा र विभाजनबाट आएका हत्या आतंक बलात्कार, गुण्डागर्दी आदि आजका विद्यमान् विसंगतिहरूले जन्माएका विकृतिमाथि तीव्र प्रहार गर्न यस अवधिका निबन्धकारहरूको काम बनेको छ ।

यस चरणमा रामकुमार पाँडेका **सीङ न पुच्छर** (२०३६), **रस रंग** (२०४२), **ताल-बेताल** (२०४९), **१०१ हास्यव्यङ्ग्य** (२०५२), **थुइक्क** (२०५९), घनस्याम राजकर्णिकारको **विदेशको यात्रा स्वदेशको सम्झना** (२०३७), **काठमाडौं बाहिर** (२०३८), शान्तदासको **बसिवियालो** (२०३७), श्यामप्रसाद शर्माका **थुनुवाको डायरी** (२०३८), **उनी कति राम्री** (२०५२), मोहनराज शर्माको **पुछारको पातो** (२०४०), बालकृष्ण पोखरेलको **तेस्रो एकमुखे रूद्राक्षको खोजी** (२०४१), मदनमणि दीक्षितको **वर्लिन डायरीको पाना** (२०४२), तारानाथ शर्माको **पाताल प्रवास** (२०४२), कृष्णचन्द्रसिंह प्रधानका **अनाम सत्य** (२०४३), **पाइला आगतमा टेकेर** (२०४७), निर्मोही व्यासका **नौ पाइला** (२०४६), **ठोरीको एलबम** (२०४८), **झलझली आँखामा** (२०५१), रविकिरण निर्जिवको **सोझा निर्जिवका बाङ्गानिबन्धहरू** (२०४७), पारिजातको **आधी आकास** (२०४८), राजेन्द्र सुवेदीको **खाली सिसीपुराना कागज** (२०४९), सुधा त्रिपाठीको **बादल, धर्ती** र **आस्थाहरू** (२०५०) आदि उल्लेख्य छन् । यी बाहेक पनि कयौं निबन्धकारहरूका निबन्धसङ्ग्रहहरू उदाएका छन् सबैको विवरण असम्भवप्राय छ ।

यस चरणका निबन्धहरूको विस्तृत अध्ययन गरी राजेन्द्र सुवेदीले तीन प्रवृत्तिका निबन्धकारहरू देखापरेको औंल्याएका छन् । उनले औंल्याएका ती प्रवृत्तिहरूमा पहिलो आफूले अपेक्षा गरेको सत्ताको सन्तुष्टिमा जुट्ने निबन्धकारहरू दोस्रो आफूले अपेक्षा नगरेका सत्तासँग विमत राख्दा राख्दै पनि विरोध प्रकट गर्न नसक्ने रूपवादी ढर्रामा आफूलाई प्रस्तुत गर्ने निबन्धकारहरू र तेस्रो विशुद्ध यथार्थवादी मूल्यको पहिचानमा निबन्ध सृजना गर्ने निबन्धकारहरू, यी तीन प्रकारका निबन्धकारहरूको व्याप्ति यस चरणमा रहेको ठान्दै राजेन्द्र सुवेदीले सत्ताको विरोध गर्ने नगर्ने खालका लेखकहरू भएको पनि औंल्याएको पाइन्छ । जे होस् समाजमा विकसित भएको सभ्यता र संस्कृतिलाई प्रवृत्ति र परिपाटीलाई र मानसिकतालाई यस चरणका अर्थात वर्तमानका निबन्धकारहरूले आफ्ना निबन्धको विषय बनाएको पाइन्छ ।

यसरी समाजमा व्याप्त कुसंस्कार, कुरीति, अन्धविश्वास, परम्परागत जीवनशैली र व्यवहारलाई यथार्थरूपले आफ्ना निबन्धहरूमा झल्काएर सभ्य, सुसंस्कृत, विकसित समतामूलक, शान्ति र विकासमूलक समाज निर्माणमा पुऱ्याएको योगदान निकै महत्त्वपूर्ण मानिन्छ ।

## २.३ निष्कर्ष

फ्रान्समा जन्मेर अङ्ग्रेजी, हिन्दी, बङ्गाली हुँदै नेपाली साहित्यमा देखापरेको यो आधुनिक विधा साहित्यको कान्छो विधाको रूपमा परिचित छ । विधागत हिसावले निबन्ध पाश्चात्य साहित्यकै देन भए पनि नेपाली साहित्यमा वि.सं. १८३१ मा लेखिएको पृथ्वीनारायण शाहको **दिव्योपदेश** कृतिलाई नै आधार मानी नेपाली निबन्धलाई पृष्ठभूमिकाल/प्राथमिककाल, माध्यमिककाल र आधुनिककाल गरी तीन चरणमा विभाजन गर्न सकिन्छ । प्राथमिककाल निबन्ध लेखनको पृष्ठभूमि वा पूर्वाधार तयारीकै अवस्थामा रह्यो । माध्यमिककालले निबन्धलेखनको नक्साङ्कन गरी मार्ग प्रशस्त गर्ने काम गऱ्यो अर्थात् निबन्धको विधागत स्वरूपलाई स्पष्ट पार्ने काम यस कालमा भयो भने आधुनिककालले नवीनतम मूल्य र मान्यतालाई स्थापित गर्दै अगाडि बढ्ने काम गऱ्यो । वर्तमान समयमा नेपाली साहित्यमा तथा निबन्धका क्षेत्रमा नयाँ-नयाँ प्रयोग भएका छन् । यो विधा आफ्नै मौलिक स्वरूप र संरचनाका साथ उभिन सफल भएको छ । आख्यानेत्तर नवगद्यका रूपमा लिइने निबन्ध अन्य साहित्यिक विधाभन्दा बढी गहन र स्वतन्त्र विधा भएकोले नेपाली गद्य साहित्यमा निबन्धको महत्त्व दिनप्रतिदिन बढ्दै गएको देखिन्छ । समाजको यथार्थरूप प्रस्तुत गर्दै विकसित, सभ्य, समतामूलक, विभेदरहित, हत्याहिंसारहित, शोषणदमनरहित र शान्तिको परिकल्पना नै निबन्धविधाको गन्तव्य रहेको बुझिन्छ । आजका निबन्धले नवनव भाव शैली समस्या प्रयोगका बान्कीमा निबन्ध लेखन प्रक्रिया अघि बढी रहेको छ । संख्यात्मक र गुणात्मक दुवै दृष्टिले समृद्ध यस विधाको निकै व्यापक र सूक्ष्म विश्लेषण गर्ने समय भइसकेको छ ।

# परिच्छेद : तीन

# नेपाली निबन्धमा खनालको प्रवेश र उनको निबन्धयात्रा

## ३.१. पृष्ठभूमि

नारायणप्रसाद खनाल नेपाली साहित्यको मोफसलमा बसेर साहित्य सृजना गर्ने साहित्य सर्जक हुन् । साहित्यका समालोचना, कविता, निबन्ध, गीत, गजल, हाइकु जस्ता विभिन्न विधा उपविधामा कलम चलाएपनि मूलरूपमा उनी निबन्धकार हुन् । साहित्य सृजनामा उनलाई स्वर्गद्वारी आश्रममा पढ्दाका क्रममा सिकिएका श्लोक, **गीता, स्वस्थानी, पुष्पाञ्जली, स्तोत्र** र **नीतिश्लोक**को लयबद्ध वाचन र साङ्गीतिकताले प्रभाव पारेको पाइन्छ । साथै **बुद्धिविनोद, विरक्त पुष्पाञ्जली, पिनासको कथा, प्रेमलहरी, समुद्रलहरी, बालतपसी** जस्ता कृतिले पनि प्रभाव पारेको पाइन्छ ।

निबन्ध सृजनामा भने भीमनिधि तिवारीको **पन्ध्र प्रबन्ध** तथा लक्ष्मीप्रसाद देवकोटाको **जुँघा** निबन्धले निकै प्रभावित देखिने खनाललाई भैरव अर्याल र केशवराज पिडालीका निबन्धात्मक रचनाले समेत प्रभाव पारेको देखिन्छ । यस्तैगरी हिन्दीका **गद्यचयन, संस्कृतिकी कहानीया** जस्ता पुस्तकको पनि निबन्ध लेखनमा प्रभाव परेको देखिन्छ । भीमनिधि तिवारीर लक्ष्मीप्रसाद देवकोटालाई आदर्श मान्ने खनालका निबन्धात्मक रचनामा उनीहरूको प्रभाव भेटिन्छ । आभ्यासिक चरणमा **राष्ट्र सन्देश साप्ताहिक**मा छापिएको *तेत्तीस प्रतिशत जुँघा पाल्नै पर्ने* निबन्ध देवकोटा र तिवारीका **जुँघा निबन्ध**को प्रभावको उपज हो भन्न सजिलै सकिन्छ । विभिन्न आठ भाषाका ज्ञाता खनालले नेपाली बाहेक हिन्दी, अवधी, मैथली, नेवारी, संस्कृत, थारू, भोजपुरी भाषामा समेत निबन्धात्मक रचना लेखेको बुझिन्छ ।[1]

विभिन्न प्रभावहरू ग्रहण गर्दै साहित्य सृजनामा लागेका खनालले औपचारिक रूपमा वि.सं. २०३० सालमा **सिम्रिक** पत्रिकामा *सिम्रिक* कविता छपाएर नेपाली साहित्यमा प्रवेश गरेका हुन् ।
त्यसपछि वि.सं. २०३५ मा *काव्यको प्रयोजन : एक विहङ्गमा दृष्टि* नामक समालोचनात्मक लेख **मिर्मिरे** पत्रिकामा छपाएर आफ्नो साहित्यिक यात्रा अगाडि बढाएको पाइन्छ । त्यसपछि वि.सं. २०३५ मा नै **जुनेली** पत्रिकामा *साहित्य र जीवन* नामक समालोचनात्मक निबन्ध छपाएर नेपाली निबन्धका क्षेत्रमा औपचारिक रूपमा प्रवेश गरेका हुन् । प्रकाशनका दृष्टिले उनको पहिलो **कृति केही रहर : केही ठहर** समालोचना सङ्ग्रह २०४९ हो भने **गोरखाको डायरी**, निबन्ध सङ्ग्रह २०६१, पहिलो निबन्ध सङ्ग्रहको रूपमा रहेको छ । उनका पाँचवटा निबन्ध सङ्ग्रह सहित ९ वटा कृतिहरू प्रकाशित भइसकेका छन् भने केही कृतिहरू शीघ्र प्रकाशनको अवस्थामा छन् ।

यसरी वि.सं. २०३५ बाट सुरूभएको उनको निबन्धयात्रा **नागपञ्चमी** (२०६९) सम्म आइपुग्दा नव-नव प्रवृत्तिलाई आत्मसाथ गर्दै अगाडि बढेको पाइन्छ । हालसम्मपनि उनको लेखनी क्रियाशील नै देखिन्छ । वि.सं. २०३५ देखि हालसम्मको समयलाई आधार बनाई उनको लगभग चारदशक लामो निबन्धयात्रालई विभिन्न लेखनगत प्रवृत्ति, विषयगत केन्द्रीयता, लेखनगति र प्रकाशन आदिलाई आधार बनाई निम्नलिखित चरणहरूमा विभाजन गरी अध्ययन गर्नु सान्दर्भिक देखिन्छ :

क) पहिलो चरण - प्रारम्भदेखि २०४९ सम्म

ख) दोस्रो चरण - वि.सं. २०५० देखि २०६१ सम्म

---

[1] शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

ग) तेस्रो चरण - वि.सं.२०६२ देखि २०६६ सम्म

घ) चौथो चरण - वि.सं.२०६७ देखि हालसम्म

## ३.१.१. पहिलो चरण (प्रारम्भदेखि- वि.सं. २०४९ सम्म)

वि.सं. २०३५ मा **जुनेली** पत्रिकामा प्रकाशित *'साहित्य र जीवन'* निबन्धात्मक लेख प्रकाशनबाट उनको पहिलो कृति **केही रहर : केही ठहर** कृतिको प्रकाशनपूर्वको समयलाई उनको निबन्धयात्राको प्रथम चरण मान्न सकिन्छ । कविता, समालोचना हुँदै अगाडि बढेको उनको साहित्यिक यात्रामा निबन्धयात्रालाई अगाडि बढाउने काम **दीपज्योति** (वर्ष १, अङ्क १, २०३५) मा प्रकाशित *मित्रताको परिचय : मधुर मिलन* नामक सम्वादात्मक लेखले गरेको पाइन्छ । त्यस्तै वि.सं. २०३६ सालमा **लाँकुरी** पत्रिका (वर्ष १, अङ्क २) मा प्रकाशित *लाँकुरी : मेरो दृष्टिमा*यस चरणको उनको अर्को निबन्धात्मक लेख रहेको छ । त्यस्तै गरी राम्रा अक्षर कसरी बनाउने भन्ने धारणा **दीपज्योति** (वर्ष ३, अङ्क ७, काठमाडौं) पत्रिकामा प्रकाशित उनको *कलावादी दृष्टिकोणमा राम्रा अक्षर* निबन्धले पेश गरेको पाइन्छ । यस्तै गरेर यस चरणका अन्य निबन्धात्मक लेखहरूमा **बौद्धिक उद्यान** (वर्ष २, अङ्क २, २०४३) प्रकाशित *मानव जीवनमा लोकगीतको भूमिका,* **मिलन** (अङ्क २, २०४४) मा प्रकाशित *नेपाल अधिराज्य : शान्तिको साम्राज्य* **पाइला र प्रवाह** (२०४८) मा प्रकाशित *मृत्युसितका जम्काभेटहरू,* **राष्ट्र सन्देश साप्ताहिक**का विभिन्न अङ्कहरूमा प्रकाशित उनका *स्वदेशी भाषामाथि विदेशी भाषाको अतिक्रमण अनपेक्षित कुकुरको पुच्छर किन बाङ्गो हुन्छ, कतै त्यो धामी झाक्रिको भाषा नभैदियोस् खतराको घण्टीले, तेत्तीस प्रतिशत जुँघा पाल्नै पर्ने, के हिन्दी तराइको दोस्रो भाषा हुन सक्छ, नारीका अनेक रूप, कुरा आफ्ना मान्छेको, शुद्ध नेपालीको लेखन : लहरो तान्दा पहराको गर्जन,* त्यस्तैगरी **राष्ट्र सन्देश साप्ताहिक** पत्रिका (२०४९) का विभिन्न अङ्कहरूमा प्रकाशित *तीन तिकट महा विकट, आगो निभाउनै पर्छ, तेस्रो विश्वयुद्ध, श्रद्धाञ्जलि र मौनधारण, महङ्गो मासु र परिवार नियोजन, हामी उपस्थित भएका छौं,* नेपाल परिवार नियोजन सङ्घ,**चितवन शाखा स्मारिका** (२०४९) मा प्रकाशित *म बाहिर निस्कें !,* **प्रवाह साप्ताहिक** (वर्ष १२, अङ्क १४, २०५१) मा प्रकाशित *तेरा बङ्गारा झारिदिउँला* आदि रहेका छन् । यी निबन्धात्मक लेखहरूमा प्रायजसो यथार्थवादी प्रवृत्ति भित्रको हास्यव्यङ्यात्मक शैली प्रखर रूपमा प्रस्तुत भएपनि कतै कतै प्रणयसुधा, सामाजिकता तथा अन्य प्रवृत्तिहरूपनि सहायक बनेर उनका निबन्धात्मक रचनामा समावेश भएको पाइन्छ ।

यसरी उनले यस चरणमा विभिन्न पत्रपत्रिकाहरूमा आफ्ना निबन्धहरू प्रकाशित गराएको पाइन्छ । यस चरणमा उनका कुनैपनि कृति प्रकाशित नभएका कारणले उनको यस चरणलाई आभ्यासिक वा पहिलो चरण मानिन्छ ।

प्रवृत्तिगत हिसावले उनका यस चरणका निबन्धहरूमा विविधता पाइन्छ । कुनै निश्चित प्रवृत्ति हावी नभएतापनि कतै कतै आत्मपरकता, कहीँ वस्तुपरकता र वर्णनात्मकता सङ्केत यस चरणका निबन्धहरूमा पाइन्छन् । **राष्ट्र सन्देश साप्ताहिक**का विभिन्न वर्ष र अङ्कहरूमा हरो हरिहिरण्यगर्भ उपनामले प्रकाशित उनका निबन्धहरूमा यथार्थवादी प्रवृत्तिलाई आत्मसात् गरेको पाइन्छ । यस चरणमा उनको यथार्थवादी प्रवृत्ति अन्य प्रवृत्तिभन्दा उच्च र शक्तिशाली बनेको पाइन्छ । उनका निबन्धहरूमा यथार्थवाद भित्रको हास्यव्यङ्यात्मक शैली यस चरणमा प्रवल भेटिन्छ । निबन्धात्मक

प्रवृत्तिलाई शक्तिशाली बनाएर एउटा गोरेटो कोर्न र दोस्रो चरणको पृष्ठाधार तयार गर्नमा यस चरणको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ ।

### ३.१.२. दोस्रो चरण (वि.सं. २०५० - २०६१ सम्म)

वि.सं. २०५० पछिको समयलाई नारायणप्रसाद खनालको निबन्धयात्राको दोस्रो चरण मानिन्छ र यो **गोरखाको डायरी** र **नारायणीका लहर-लहरमा** (२०६१) सम्म फैलिएको पाइन्छ । यस चरणमा खनालका दुईवटा निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । प्रथम चरणको यथार्थवाद अर्न्तगतको हास्यव्यङ्ग्यात्मक शैली यस चरणमा केही शिथिल देखिन्छ भने यात्रा संस्करणमा आधारित **गोरखाको डायरी**ले अन्वेषणात्मक, संस्मरणात्मक प्रवृत्तिलाई अँगालेको पाइन्छ । त्यस्तै स्वच्छन्दतावादी प्रवृत्तिभित्रको आत्मपरकता नारायणीका लहर-लहरमा निबन्धसङ्ग्रह (२०६१) ले उजिल्याएको भेटिन्छ । उनको यस चरणलाई अगाडि बढाउनमा **उन्नयन, नवप्रज्ञापन, पाइला र प्रवाह, पाल्हीनन्दन, मधूलिका, सुनगाभा, राष्ट्रसन्देश** लगायतका विभिन्न राष्ट्रिय र स्थानीय स्तरका पत्र-पत्रिका तथा स्मारिकाहरूले सहयोगी भूमिका खेलेको पाइन्छ । यी विभिन्न पत्र पत्रिकाहरूमा उनका विभिन्न शीर्षकमा निबन्धात्मक लेखहरू प्रकाशित भएको पाइन्छ । जुन निबन्धहरू पछि **नारायणीका लहर-लहरमा** निबन्धसङ्ग्रह (२०६१) मा संकलित छन् ।

खासगरी यस चरणमा प्रकाशित भएको **गोरखाको डायरी**मा नारायणप्रसाद खनाल गोरखा क्याम्पसमा क्याम्पस प्रमुख भई २०५० वैशाख १३ देखि फाल्गुन ४ सम्मका करिब ११ महिना बस्दाका क्रममा भए गरेका घटनालाई आधार बनाएर कृतिको रूप दिइएको छ । पूर्वार्ध र उत्तरार्ध खण्डमा विभाजन गरी लेखिएको उक्त कृतिमा विवरणात्मक, वर्णनात्मक, विश्लेषणात्मक प्रकृतिलाई आत्मसात् गरेको पाइन्छ भने समीक्षात्मक प्रवृत्तिपनि भेटिन्छ । यस पछिको उनको **नारायणीका लहर-लहरमा** कृति खनालको जीवनलाई नयाँ आयाम थप्ने निबन्धसङ्ग्रहको रूपमा आएको पाइन्छ । यस कृतिले खनालका निबन्धात्मक प्रवृत्तिमा स्वच्छन्दतावादी प्रवृत्ति अन्तर्गतको आत्मपरकतालाई समेत थपेकाले पनि उक्त सङ्ग्रह खनालको निबन्धयात्रामा कोशेढुङ्गो मानिन्छ । समाज र प्रकृतिका विभिन्न विषयमा आधारित स्वच्छन्दतावादी प्रवृत्तिलाई अँगाल्दै खनाल यस नारायणीका लहर-लहरमा लहरिएका छन् ।

यस चरणमा **गोरखाको डायरी** (२०६१) र **नारायणीका लहर-लहरमा** (२०६१) प्रकाशित हुनु तथा खनालको पहिलो चरणमा भन्दा भिन्न मूल रूपमा स्वच्छन्दतावादी प्रवृत्तिमा आत्मपरकता, देशप्रेम, जातिप्रेम, प्रकृतिप्रेम जस्ता प्रवृत्ति  देखिनु यस चरणका मूख्य उपलब्धि मानिन्छन् ।

### ३.१.३. तेस्रो चरण (वि.सं. २०६२-२०६६ सम्म)

वि.सं. २०६२ पछिको समयलाई खनालको निबन्धयात्राको तेस्रो चरण मान्न सकिन्छ जुन **स्वप्न-यात्रा र चिठी** (२०६६) सम्म फैलिएको पाइन्छ । उनका निबन्धयात्राका विभिन्न चरणहरू मध्ये यस चरणले पनि केही नवीन प्रवृत्ति अवलम्बन गरेको पाइन्छ । उनको पहिलो र दोस्रो चरण भन्दा भिन्न भाषिक चिन्तनमा आधारित भाषापरक र खोज अनुसन्धानमूलक प्रवृत्ति तथा निबन्ध लेखनमा पत्रात्मक शैलीको समेत प्रयोग पाइन्छ । यसरी विविध निबन्धात्मक प्रवृत्तिलाई आत्मसात् गर्दै उनको निबन्धयात्रा अगाडि बढेको पाइन्छ । यस यात्रालाई अगाडि बढाउनमा **सम्प्रेषण, वागीश्वरी, विवेक**

लगायत विभिन्न पत्रपत्रिकाहरू र स्मारिकाहरूले समेत उल्लेखनीय भूमिका खेलेको पाइन्छ । साहित्य भनेको शब्दकला हो भनेझैं उनी यहाँ शब्दशिल्पीका रूपमा देखिन्छन् ।

यस चरणमा प्रकाशित भएको **निर्वचन र भाषिक सन्दर्भ** (२०६५) निबन्धसङ्ग्रह भाषिक चिन्तनमा आधारित भएकोले निबन्धका क्षेत्रमा नौलो आयामको रूपमा लिन सकिन्छ । विभिन्न शब्दहरूको निर्वचन प्रकृयालाई देखाउने क्रममा खनालले वस्तुपरक, तथ्यपरक, विश्लेषणात्मक, तार्किक, शैली आत्मसात् गरेको पाइन्छ । यस क्रमका निबन्धात्मक भाषिक लेखहरूमा अध्ययनको विशिष्टता र अध्यापनका प्रभावको नमुना सजिलै छुट्याउन सकिन्छ । त्यस्तै उनको अर्को निबन्धसङ्ग्रह **स्वप्न-यात्रा र चिठी** (२०६६) उनको निबन्धयात्रामा अर्को प्रयोगको रूपमा रहेको छ । *स्वप्न* खण्डमा स्वप्न सम्बन्धी पूर्वीय धारणा प्रस्तुत गर्दै सपनाका बारेमा विश्लेषण गरिएको पाइन्छ भने *यात्रालङ्कार* खण्डमा यात्रासँग सम्बन्धित विविध रोचक प्रसङ्ग प्रस्तुत गरेका छन् त्यस्तै *चिठी* खण्डमा २०५४।२।१ देखि २।३२ सम्म डायरीमा लेखिएका पत्रहरूको सँगालो पत्रात्मक शैलीमा प्रस्तुत गरेका छन् । पौराणिक पात्र, कथ्य, आदिम बिम्ब, प्रतीक, मिथक वा स्वप्न चर्चाको प्रयोग यस सङ्ग्रहमा गर्दै यस चरणका निबन्धलाई विषयगत व्यापकता, नवीनता र सूक्ष्मता दिने काम गरेका छन् ।

यसरी खनालले यो चरण अघिल्लो चरणको तुलनामा स्तरीय, विशिष्ट, वहुआयामिक, विषयवस्तुगत विविधता, व्यापकता, भाषिक चिन्तनमा आधारित प्रवृत्ति अवलम्वन गरेको पाइन्छ । यस चरणका मूख्य उपलब्धिहरूमा **निर्वचन र भाषिक सन्दर्भ** (२०६५) र **स्वप्न-यात्रा र चिठी** (२०६६) रहेका छन् भने प्रवृत्तिगत हिसावले भाषिक चिन्तनमा आधारित भाषापरक, खोज अनुसन्धानमूलक तथा पत्रात्मक शैली यस चरणको उपलब्धिका रूपमा रहेको पाइन्छ ।

## ३.१.४. चौथो चरण (वि.सं. २०६७-हालसम्म)

वि.सं. २०६७ देखिएको समयलाई खनालको निबन्धयात्राको चौथो चरण मान्न सकिन्छ जुन हालसम्म निरन्तर चलिरहेको छ । यस चरणमा उनको पाँचौ निबन्धसङ्ग्रहका रूपमा **नागपञ्चमी** ( २०६९) प्रकाशित भएको छ । वर्तमानमा आधारित यस चरणको निरन्तरता रहेकाले अन्य पुस्तक प्रकाशित हुने सम्भावना बलियो छ भने **सन्दर्भमा चितवन** पुस्तक शीघ्र प्रकाशनको तयारीमा रहेको छ । उनको यस चरणलाई अगाडि बढाउनमा **वागीश्वरी, पल्लव, रजस्थल, हाम्रो पुरूषार्थ, जनमत** लगायतका विभिन्न पत्रपत्रिका तथा विभिन्न स्मारिकाहरूको भूमिका पनि महत्त्वपूर्ण रहेको ।

उनको यस चरणको **नागञ्चमी** (२०६९) निबन्धसङ्ग्रह आत्मपरक शैलीमा रचिएको एक उत्कृष्ट सङ्ग्रह हो, जहाँ जीवनका विविध पक्षहरूको व्यवहारिक सत्यको प्रकटन गरिएको छ । वर्तमान राजनीति, साहित्य र कलाप्रतिको चिन्तन कतै अभिधात्मक तरिकाले, कतै व्यङ्ग्यमूलक तरिकाले प्रस्तुत गर्न खनाल सफल भएका छन् । उनका यस सङ्ग्रह भित्रका निबन्धहरूले समसामयीक विषय र घटनालाई तथा समाजका र राजनीतिका प्रवृत्तिलाई व्यङ्ग्यात्मक तरिकाले प्रस्तुत गरेका छन् । खनाल यस चरणमा आइपुग्दा निबन्धमा व्यङ्ग्यात्मक प्रस्तुतिमा विश्वास राख्ने प्रवृत्तिका बनेको पाइन्छ । उनको **नागपञ्चमी** (२०६९) पनि कहीँ न कहीँ समाज, राजनीति, शिक्षा, संस्कृति, आन्दोलन, साहित्य, लेखक, प्रकृतिका विषय उठान गरी ती विषयमा वर्तमान अवस्थाको

चित्रण गर्न व्यङग्यलाई सहारा लिएको पाइन्छ, त्यसैले यस चरणमा खनाल व्यङ्ग्यात्मक निबन्धकार बन्न पुगेका छन् ।

खनाल निबन्धयात्राको यस चरणमा आइपुग्दा **नागपञ्चमी** (२०६९) मार्फत् समाज, राजनीति, धर्म, संस्कृति, प्रकृति जस्ता समाजका अनेकौं विषयवस्तुद्वारा समाज, राष्ट्र र राजनीतिसँग सम्बन्धित पक्षलाई व्यङ्ग्य भावमार्फत् आफ्ना निबन्धहरूमा पेश गरी स्वच्छ, शान्त र समतामूलक समाजको अपेक्षा राखेको पाइन्छ । उनले यस उद्देश्यका लागि यथार्थवादी प्रवृत्ति भित्रको हास्यव्यङ्ग्यात्मक शैलीलाई अँगालेर अगाडि बढेको पाइन्छ । हास्यव्यङ्ग्यात्मक शैलीमा पनि हास्यभन्दा व्यङ्ग्यात्मक शैलीमा उनको झुकाव बढी देखिन्छ ।

व्यङ्ग्यलाई परिहास, सूक्ष्मव्यङ्ग्य र तीब्रव्यङ्ग्य गरी तीन तहमा राखेर वर्गीकृत गर्न सकिन्छ ।[२] खनाल यी तीन प्रकारका व्यङ्ग्यमध्ये सूक्ष्मव्यङ्ग्य अँगाल्ने निबन्धकार हुन् । उनका निबन्धहरूमा सूक्ष्मतम तर गम्भीरतापूर्ण व्यङ्ग्य हुन्छ । यसलाई क्रमिक असर पार्ने औषधिका कोटिको व्यङ्ग्य मान्न सकिन्छ । उनका निबन्धहरूमा यस्तै किसिमका विशेषता भेटिन्छन् ।

खनालको लेखनीको वर्तमानकाल पनि यस चरण भएकोले भविष्यमा पनि आधुनिक नेपाली निबन्धका क्षेत्रमा विविध विषय, शैली, कृति र प्रवृत्ति सहित उपस्थित हुने सम्भावना बलियो रहेकोले नव-नव प्रवृत्तिलाई अँगाल्दै उनको निबन्धयात्रा अगाडि बढ्ने कुरा निश्चित छ । उनको **नागपञ्चमी** २०६९) निबन्धसङ्ग्रह यस चरणको महत्त्वपूर्ण उपलब्धि मानिन्छ भने प्रवृत्तिमा खनालले यथार्थवादी प्रवृत्ति अन्तर्गतको हास्यव्यङग्यात्मक शैली मार्फत् सूक्ष्मव्यङ्ग्यलाई बलियो हतियार बनाएको पाइन्छ ।

यसरी उनको निबन्धयात्रालाई विभिन्न चरणमा विभाजन गरी अध्ययन गर्दा पहिलो चरणमा सुषुप्त अवस्थामा रहेको उनको निबन्ध यात्रा दोस्रो चरणमा दुईवटा निबन्ध सङ्ग्रह प्रकाशित हुँदै केही गति लिएको पाइन्छ भने तेस्रो चरणमा थप दुई सङ्ग्रह प्रकाशित गरी आफ्नो निबन्धयात्रालाई थप सशक्त बनाएको पाइन्छ । त्यस्तै चौथो चरण निरन्तर चलिरहेकोले **नागपञ्चमी** सहित केही सङ्ग्रह प्रकाशित हुने निश्चित छ । त्यसैले नव-नव प्रवृत्तिलाई आत्मसात् गर्दै उनको निबन्धयात्रा निरन्तर अगाडि बढ्नेमा दुईमत छैन ।

## ३.२. निष्कर्ष

वि.सं. २०३५ देखि सुरू भएको खनालको निबन्धयात्रा हालसम्म निरन्तर अगाडि बढिरहेको छ । सामान्यतया उनको निबन्धयात्राले चारदशक यात्रा पार गरिसकेको छ । उनको निबन्धयात्राको पहिलो चरणमा कुनैपनि निबन्धसङ्ग्रह प्रकाशित भएका छैनन् भने दोस्रो चरणमा **गोरखाको डायरी** (२०६१) र **नारायणीका लहर-लहरमा** (२०६१) गरी दुई निबन्धसङ्ग्रह प्रकाशित भएका छन् । उनको निबन्धयात्राको तेस्रो चरणमा **निर्वचन र भाषिक सन्दर्भ** (२०६५) र **स्वप्न-यात्रा र चिठी** (२०६६) गरी थप दुई निबन्धसङ्ग्रहहरू प्रकाशित भएका छन् । त्यस्तै गरेर खनालको निबन्धयात्राको चौथो चरणमा पाँचौं निबन्धसङ्ग्रहका रूपमा **नागपञ्चमी** (२०६९) प्रकाशित भएको छ । यसरी जम्मा पाँचवटा निबन्धसङ्ग्रह प्रकाशित गरेका खनालको पहिलो चरणमा देखापरेको यथार्थवादी प्रवृत्ति दोस्रो चरणमा आइपुग्दा केही कमजोर बन्दै आत्मपरक शैली अन्तर्गतका वस्तुपरक, वर्णनात्मक, विवरणात्मक

---

[२]. राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि,** प्रथम संस्करण, (काठमाडौं : साझा प्रकाशन, २०४३), पृ. ३८

शैलीलाई अँगाल्न पुग्छन् त्यस्तै गरेर उनको तेस्रो चरणमा निबन्धात्मक प्रवृत्ति खोज अनुसन्धानमूलक, मूल्याङ्कनात्मक र भाषापरक प्रवृत्तिका रूपमा विकसित भएको पाइन्छ भने उनको चौथो चरण अर्थात वर्तमानको निबन्धयात्रामा यथार्थवादी प्रवृत्ति अन्तर्गतको हास्यव्यङ्ग्यात्मक शैली भित्रको सूक्ष्मव्यङ्ग्यात्मक प्रवृत्ति हावी भएको देखिन्छ । यसरी हेर्दा खनालका निबन्धात्मक प्रवृत्ति विविधतापूर्ण रहेको पाइन्छ भने नवीन शैली र पद्धतीको प्रयोगको पनि सम्भावना उत्तिकै रहेको पाइन्छ । उनका निबन्धात्मक यात्रा, कृति तथा प्रवृत्तिलाई विश्लेषण गर्दा खनाल आधुनिक नेपाली निबन्धका तेस्रो चरणका चौथो उपचरणका समसामयिक प्रवृत्ति आत्मसात् गर्ने आधुनिक नेपाली निबन्धकारका रूपमा आफ्नो स्थान बनाउन सफल भएका छन् ।

# परिच्छेद : चार

## नारायणप्रसाद खनालका प्रकाशित निबन्धसङ्ग्रहहरूको विश्लेषणात्मक अध्ययन

### ४.१. गोरखाको डायरी (२०६१) कृतिको विश्लेषणात्मक अध्ययन

प्रस्तुत **गोरखाको डायरी** (२०६१) कृति नारायणप्रसाद खनालको दोस्रो कृति हो । उनको **केही रहर : केही ठहर** (समालोचना सङ्ग्रह २०४९) पछिको बाह्रवर्षको अन्तरालपछि यस कृतिको प्रकाशन भएको देखिन्छ । नेपाली निबन्धको क्षेत्रमा नौलो आयाम थप्ने यस कृति मार्फत् निबन्धकार खनाल नेपाली निबन्धको विशाल फाँटमा यात्रारत देखिन्छन् । यस **गोरखाको डायरी** कृतिले गोरखासँग सम्बन्धित अनगिन्ती विषयलाई बोकेको देखिन्छ । यो गोरखाको डायरी कृति डायरी भने होइन । नेपाली वृहत् शब्दकोश अनुसार सामान्यतया डायरी भन्नाले दिनै पिच्छेका घटना वा दिनदिनै प्राप्त भएका तथ्य लेख्ने पुस्तिका, दैनन्दिनी, रोजनाम वा डायरी भन्ने बुझिन्छ ।[१] यो कृति निबन्धकार खनाल गोरखामा बस्दा नभई गोरखा छोडेपछि केही अव्यवस्थित रिपोटका आधारमा करिव चौवीस महिनापछि लेख्न शुरू गरिएको लेखकको अभिमत रहेको छ। हेरौं- *"गोरखा छाडेको पूरै दुई वर्ष, चार महिना बितेपछिको दोस्रो दिन मलाई लाग्यो, म गोरखाको डायरी लेख्छु ।"* (पृ. घ)

यसरी खनालले गोरखाभूमिको बसाई सकिसकेपछि स्मृतिमा आधारित भई यो डायरी लेखिएको देखिन्छ । विश्व साहित्यमा प्रमुख विधाका रूपमा रहेका कविता, आख्यान, नाटक र निबन्ध हुन् । तीमध्ये निबन्धको ठूलो वटवृक्षको एउटा प्रशाखा डायरी लेखनलाई लिनुपर्ने हुन्छ ।[२] त्यसैले यस सङग्रह पनि निबन्ध विधा अर्न्तगत आफ्नो अस्तित्त्व सुरक्षित गर्दछ । यो डायरी (दैनन्दिन) शैलीमा लेखिएको संस्मरणात्मक, विवरणात्मक, अन्वेषणात्मक निबन्ध सङ्ग्रह हो ।[३] यस कृतिमा निबन्धकार खनाल गोरखा क्याम्पसमा क्याम्पस प्रमुखका हैसियतले रहँदा बस्दा भएका घटना एवम् विभिन्न व्यक्तिहरूसँग भएका भेटघाट तथा गोरखाभूमिको स्पर्शमा उब्जिएको, भोगिएका, अनुभव गरिएका तथा स्मरणमा आएका घटनाहरूलाई कलात्मक तरिकाले प्रस्तुत गरिएको छ । निबन्धकार खनालको यो निबन्ध सङ्ग्रहमा संस्मरणमा आधारित छ । भलै त्यहाँ डायरीमा टिपोट गरिएका आधारमा लेखिएका घटना नै समावेश भएका किन नहुन् ।

निबन्धकार खनालको गोरखाप्रतिको प्रेम अगाध रहेको स्पष्ट हुन्छ जसले **गोरखाको डायरी**को जन्म दियो । नेपाली गौरव र महिमा बोकेको यस कृतिले गोरखालाई मात्र नभएर समग्र नेपालीको प्रतिनिधित्व गरेको पाइन्छ । नेपालको अस्तित्त्वसँग जोडिएको यस ऐतिहासिक भूमिलाई आधार बनाएर विभिन्न सूचनामूलक जानकारी तथा साहित्यिक पृष्ठभूमिलाई उजिल्याउने कार्य यस कृतिले गरेको पाइन्छ । नेपाली वाङ्मयको क्षेत्रमा गोरखाको योगदान कति रहेको छ भन्ने कुरा प्रष्ट्याउँदै नेपाली भाषा, संस्कृति, रीतिरिवाज र चालचलनको समष्टि बनेको छ ।

---

१. नारायणप्रसाद खनाल, *प्राक्-उक्ति,* **गोरखाको डायरी,** (गोरखा : हरि सांस्कृतिक केन्द्र, २०६१), पृ. ग ।

२. दीननाथ शर्मा पण्डित, *डायरी सिद्धान्त र गोरखाको डायरी : एक अध्ययन,* **पल्लव साहित्यिक पत्रिका**, (चितवन : पल्लव साहितय प्रतिष्ठान, २०६८), पृ. ६८ ।

३. गोविन्दराज विनोदी, **सृष्टिमाथिका दृष्टि**, (चितवन : चितवन साहित्य परिषद्, (२०६६), पृ. ३० ।

निबन्धकारको पहिलो निबन्धसङ्ग्रहको रूपमा वि.सं. २०६१ सालको नूतन बिहानीमा नेपाली निबन्धको फाँटमा पाइला टेकेको यस **गोरखाको डायरी** (निबन्ध सङ्ग्रह-२०६१) लाई निबन्धसङ्ग्रहका तत्त्वका आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ । यस **गोरखाको डायरी** निबन्धसङ्ग्रहको परिचय, संरचना, विषयवस्तु/मूलभाव, भाषाशैली र उद्देश्यका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

## ४.१.१. परिचय

प्रस्तुत **गोरखाको डायरी** (निबन्धसङ्ग्रह-२०६१) कृति निबन्धकार नारायणप्रसाद खनालको दोस्रो पुस्तककार कृतिको रूपमा प्रकाशित कृति हो । नेपाली साहित्यको फाँटमा वि.सं. २०३० सालमा देखिएपनि औपचारिक रूपमा वि.सं. २०३५ सालमा देखा पर्छन् । त्यस समययता लामो समयको अन्तरालमा उनको **केही रहर : केही ठहर** (समालोचना सङ्ग्रह-२०४९) देखापर्छ । यसरी समालोचकको भूमिकामा खनाल देखिएपनि निबन्धात्मक कृतिले प्रकाशन हुने अवसर पाएको थिएन । यसै अभावलाई चिर्दै बाह्र वर्षको लामो शुन्यतालाई छिचोल्दै प्रस्तुत **गोरखाको डायरी** (२०६१) कृति प्रकाशित भएको देखिन्छ । नेपाली साहित्यको निकै व्यापक विधा निबन्धविधासँग सन्निकट यस डायरी लेखनमार्फत् नारायणप्रसाद खनाल निबन्धकारको भूमिकामा देखा पर्छन् । फुटकर रूपमा खनालका निबन्धहरू राष्ट्रिय एवम् स्थानीय पत्रपत्रिकामा प्रकाशित नभएका भने होइनन् । यस गोरखाको डायरी कृति मार्फत् निबन्धकार खनालले गोरखा र गोरखालीको पहिचान दिलाउन खोजेको छन् । गोरखासँग सम्बन्धित विभिन्न पक्षहरू जस्तै गोरखा शब्दको उत्पत्ति, महत्त्व, विशेषता, गोरखा क्याम्पस र समग्र गोरखाको शैक्षिक अवस्था, गोरखाली राज्यको चर्चा, गोरखामा रहँदा बस्दाका क्रममा भेटिएका देखिएका तथा भोगिएका विभिन्न व्यक्तिहरू, स्थान र घटनाको चर्चा तथा समग्र गोरखाको ऐतिहासिक, पौराणिक, भौगोलिक, साहित्यिक, सांस्कृतिक जस्ता विविध पक्षहरूको यस **गोरखाको डायरी** कृतिमा चित्रण गरिएको पाइन्छ ।

प्रस्तुत **गोरखाको डायरी** (निबन्धसङ्ग्रह-२०६१) कृति निबन्धकार नारायणप्रसाद खनालको समग्रमा दोस्रो तथा निबन्धसङ्ग्रहको रूपमा पहिलो कृतिको रूपमा प्रकाशित कृति हो । हरि सांस्कृतिक केन्द्र, गोरखाद्वारा प्रकाशित यस कृति उक्त संस्थाको पाँचौं प्रकाशनमालाका रूपमा रहेको पाइन्छ । यस कृतिको शिरोभागमा गोरखाका हिमशिखरहरूको स्वच्छतालाई प्रस्तुत गरिएको छ । त्यसको तल उक्त कृतिको नाम गोरखाको डायरी सुनौलो अक्षरमा लेखिएको छ । त्यस भन्दा तल गोरखनाथ बाबा र गोरखाकालीको मन्दिरका साथै राम शाहको चौतारो र गजुर सहित मनकामनामाईको मन्दिरलाई प्रदर्शन गरिएको पाइन्छ । यसका साथै नेपालराज्यको एकीकरणका जनक पृथ्वी नारायण शाहको पूर्णकदको प्रतिमा पनि दायाँ भागमा देख्न सकिन्छ साथै ऐतिहासिक गोरखा दरवार तथा गोरखाली जीवनशैलीका घरहरूको कलात्मक दृश्य प्रस्तुत गरिएको पाइन्छ । प्रकृतिको सुन्दर नगरी गोरखाका वनस्पतिहरूलाई पनि स्थान दिइएको छ जसले यस कृतिलाई नै शितल र स्वच्छ पवन दिएको आभास हुन्छ । त्यस्तै अग्रभागको अन्तमा लेखकको पूरा नाम लेखिएको पाइन्छ । त्यस्तै पश्चभागमा गोरखाको नक्सालाई पृष्ठभूमिमा देखाइएको छ भने माथिल्लो भाग लेखकको अर्धकदको चित्रले सजाइएको पाइन्छ । त्यसपछि लेखक वृतान्तमा नारायणप्रसाद खनालको सम्पूर्ण

परिचय प्रस्तुत गरिएको  छ । जसमा जन्म, स्थायी ठेगाना, अस्थायी ठेगाना, शिक्षा, पेशा, संलग्नता, प्रकाशित कृतिहरू र प्राप्त पुरस्करको सूची सहितका बाहिरी आवरण प्रस्तुत गरिएको छ ।

आवरणपृष्ठपछि लेखकले गोरखालाई सादर अभिनन्दन समर्पण गरेका छन् । प्रकाशकीय भन्दा अघिल्लो पृष्ठमा संस्कृतमा कविता लेखिएको छ भने त्यसको तल नेपालीमा अनुवाद समेत गरिएको पाइन्छ । त्यस लगत्तै समग्र गोरखाको समुत्थानमा लागेको हरि साँस्कृतिक केन्द्रले यस कृति मार्फत् गोरखालाई चिनाउने सन्दर्भमा पाठकको जिज्ञासालाई परिपूर्ति गर्ने उद्देश्यका साथ यस कृतिलाई प्रकाशित गरेको कुरा *प्रकाशकीय* मार्फत् उक्त केन्द्रका अध्यक्ष मोहननारायण श्रेष्ठ उल्लेख गरेको पाइन्छ । *प्राक-उक्तिमा* लेखक स्वयम्ले यस कृतिलाई दैनन्दिनी नभई यो कृति डायरी शैलीमा लेखिएको, संस्मरणात्मक शैली अँगालिएको निबन्धको एक भेद भएको बताएका छन् । त्यस्तै उक्त कृतिले गोरखाका बारेमा जान्न, बुझ्न, अनुसन्धान गर्न चाहनेका लागि महत्त्वपूर्ण दस्तावेज वा सामग्री बनोस् भन्ने चाहना राखेको पाइन्छ । त्यस लगत्तै पृष्ठ ज मा गोरखाको चार किल्ला नामको संस्कृतको कविता रहेको छ र त्यसको तल उक्त कविताको नेपाली अनुवाद गरिएको पाइन्छ जुन ललितावल्लभको 'पृथ्वीन्द्रवर्णेदम' बाट साभार गरिएको सङ्केत गरिएको पाइन्छ । त्यस लगत्तै विषयसूची अर्न्तगत पूर्वाद्ध संस्मरणात्मक डायरी तथा उत्तरार्द्ध समीक्षात्मक डायरी अर्न्तगत जम्मा ११८ ओटा शीर्षकको संयोजन गरिएको छ । त्यसपछि उपसंहार खण्डमा २, सन्दर्भस्रोत खण्डमा एक, शीर्षकमा अन्य केही तथ्यलाई उजागर गर्ने प्रयास गरिएको पाइन्छ । त्यसपछि परिशिष्ट खण्ड रहेको पाइन्छ । कृतिको २४८ औं पृष्ठमा चन्द्र र सूर्य अंकित नेपालको राष्ट्रिय झण्डा र त्यस भन्दा तल योगी नरहरिनाथद्वारा रचित *'राष्ट्र-वन्दना'* बाट साभार गरिएको कविताांशले यस कृतिको समापन भएको पाइन्छ । यसरी माथि वर्णित रूपरेखामा प्रस्तुत **गोरखाको डायरी** मौलाएको तथा फुलेको पाइन्छ ।

## ४.१.२. संरचना

प्रस्तुत **गोरखाको डायरी** (निबन्धसङ्ग्रह-२०६१) कृति मध्यम आयामको संरचनामा विस्तारित सङ्ग्रहको रूपमा रहेको पाइन्छ । यस कृतिभित्र साना-ठूला पाँच खण्ड रहेको  पाइन्छ । सामान्यतया यस कृतिलाई केही समीक्षकहरूले दुई खण्डमा विस्तारित रहेको चर्चा गरिएको पाइन्छ, जहाँ पूर्वाद्ध-संस्मरणात्मक डायरी र उत्तरार्द्ध-समीक्षात्मक डायरीलाई आधार बनाइएको पाइन्छ । तर त्यस पछिका उपसंहार, सन्दर्भस्रोत र परिशिष्टले पनि यस सङ्ग्रहलाई थप योगदान दिएको प्रस्तुत कृतिको अवलोकन, पठनकार्यबाट थाहा पाउन सकिन्छ । त्यसैले यस कृतिलाई पाँच खण्डमा विस्तारित रहेको छ भन्न सकिन्छ । *उपसंहारतिर पुग्यो मन,  उपसंहारमा थप कुरा, सन्दर्भस्रोत, मनकामनास्तोत्रहरू ......* आदि यसका प्रमाण  हुन् ।

प्रस्तुत कृतिमा पूर्वार्द्ध संस्मरणात्मक डायरी अर्न्तगत जम्मा ८३ वटा शीर्षक रहेका  छन् । थोरैमा एक पृष्ठदेखि धेरैमा १२ पृष्ठको संरचनामा विस्तारित निबन्धहरू यस खण्डमा रहेको पाइन्छ । *गोर्खेलौरीको अर्थ, गोरखा क्याम्पसप्रति अनिर्वचनीय आकर्षण, गोरखपानको स्वाद ........* आदि निबन्धहरू करिब करिब आधा पेजमा संरचित छोटा निबन्धात्मक लेखहरू मध्ये पर्दछन् भने *'कविता' तिर मन गयो* नामक निबन्ध यस पूर्वाद्ध खण्डकै लामो निबन्धका रूपमा १० पृष्ठमा संरचित छ ।

अनुच्छेद योजनाका सन्दर्भमा यस खण्डका निबन्धहरू एक अनुच्छेद योजनाका *(गोरखापत्रमा प्रथम दृष्टिपात, द्रव्यशाह ब. क्याम्पसमा पहिलो पटक ....* आदि) देखि अठार अनुच्छेद योजनाको *(गोरखा क्याम्पस र सहयोगी प्राध्यापक)* निबन्धहरू सङ्ग्रहित छन् । यस गोरखाको डायरीमा रहेका यस पूर्वाद्ध खण्डका निबन्धहरू प्राय तीन अनुच्छेद योजनका र करिब-करिब आधा पेजको संरचना भएका निबन्धहरूको आधिक्यता पाइन्छ जसले कृतिलाई चाख लाग्दो बनाउन मद्धत गरेको छ । यसरी यो खण्ड १२० पृष्ठमा संरचित छ ।

त्यस्तै अर्को खण्ड रहेकोछ उत्तरार्द्ध समीक्षात्मक डायरी खण्ड । यस खण्ड अर्न्तगत जम्मा ३३ वटा शीर्षक रहेका छन् । यस खण्डमा पनि पूर्वार्द्ध खण्डमा जस्तै करिब आधापेजमा संरचित सूचनामूलक निबन्धहरू देखि २१ पृष्ठमा संरचित निबन्धहरू पनि समाविष्ट छन् । *गोरखा भाषा, साहित्यकार चन्द्रकान्त अधिकारी, हरि-भक्ति* जस्ता निबन्धहरू करिब आधा पृष्ठमा संरचित छन् भने *एक झलकमा केही गोरखाली साहित्यकारहरू* नामक विवरणात्मक निबन्ध २१ पृष्ठको आयाममा विस्तारित छ । जुन यस सङ्ग्रहकै लामो निबन्धको रूपमा रहेको पाइन्छ । गोरखाको साहित्यसँग सम्बन्धित ५३ जना गोरखाली साहित्यकारहरूको जानकारी भएसम्मका परिचय, प्रकाशित कृतिहरू, पुरस्कार, संलग्नता आदिको विवरण उक्त निबन्धमा प्रस्तुत गरिएको पाइन्छ । यसरी उत्तरार्द्ध खण्ड १०२ पृष्ठको आयाममा विस्तारित छ ।

त्यस्तै उपसंहार खण्ड ६ पृष्ठको रहेको छ भने सन्दर्भ स्रोत खण्ड चार पृष्ठमा फैलिएको पाइन्छ । त्यस्तैगरी परिशिष्ट खण्ड १६ पृष्ठमा विस्तारित छ । यसरी पूर्वाद्ध खण्ड, उत्तरार्द्ध खण्ड, उपसंहार खण्ड, सन्दर्भ स्रोत खण्ड र परिशिष्ट खण्ड गरी यो कृति पाँच खण्डमा विभक्त छ ।

यसरी २४८ पृष्ठको संरचनामा विस्तारित यस गोरखाको डाएरी कृतिमा एक अनुच्छेद देखि अठार अनुच्छेद योजना भएका निबन्धहरू रहेका छन् । त्यस्तै गरेर करिब आधा पृष्ठदेखि करिब २१ पृष्ठको आयाममा विस्तारित निबन्धहरूको संगालोको रूपमा यो कृति रहेको पाइन्छ । यसरी विभिन्न पाँच खण्डमा विभक्त यस कृति मध्यम आयामको २४८ पृष्ठमा फैलिएको निबन्धको रूपमा रहेको पाइन्छ । पूर्वाद्ध संस्मरणात्मक डायरी खण्ड भन्दा अगाडि *प्रकाशकीय, प्राक-उक्ति* लगायत शीर्षकले क देखि ठ सम्मको संरचनामा संरचित हुने अवसर पाएका छन् ।

यसरी प्रस्तुत **गोरखाको डायरी** (२०६१) कृति सुरूदेखि अन्त्यसम्म कतै झुसिलो नलाग्ने कुतुहलता पैदा गर्ने छोटा-छोटा अनुच्छेद योजना भएका तथा लघु आकारका निबन्धले यस निबन्ध सङ्ग्रहलाई जीवन्त बनाउन मद्धत गरेको पाइन्छ । जसका कारण निबन्ध नेपाली भाषा, वाङ्मय र गोरखाका विविध जानकारीको ठेली बन्दै समग्र नेपाल र नेपालीको अत्यावश्यक कृति बनेको बुझ्न सकिन्छ ।

## ४.१.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **गोरखाको डायरी** (निबन्धसङ्ग्रह-२०६१) कृति एक ऐतिहासिक भूमिलाई आधार बनाएर रचना गरिएको कृति हो । नेपालको एक सिङ्गै इतिहास बोकेको गोरखाभूमिलाई केन्द्रविन्दु बनाएर यस कृति अगाडि बढेको पाइन्छ । यस कृतिमा निबन्धकार खनालले आफू वि.सं. २०५०।०१।१३ गोरखा क्याम्पसको क्याम्पस प्रमुख भएपछिका करिब दश महिनाबिच घटेका घटनालाई

आधार बनाएर यस **गोरखाको डायरी** कृति रचना गरेका हुन् । यस कृतिमा गोरखासँग सम्बन्धित विभिन्न शब्दहरू गोरखा क्याम्पस र समग्र गोरखाको शैक्षिक स्थिति, गोर्खाली राज्यको चर्चा, गोरखा बसाईका क्रममा देखिएका, भोगिएका विभिन्न घटना, प्रसङ्ग तथा गोरखाको ऐतिहासिक, भौगोलिक, साँस्कृतिक, राजनैतिक, साहित्यिक, प्राकृतिक तथा साँस्कृतिक रहनसहन, रीतिरिवाज आदिका विविध पक्षलाई विषयवस्तु बनाइएको पाइन्छ । विशेष गरेर गोरखालाई चिनाउने, प्रस्ट्याउने, प्रचार-प्रसार गर्ने विषयलाई आत्मसात् गर्दै यस कृति अगाडि बढेको पाइन्छ ।

यस गोरखाको डायरी कृतिभित्र विभिन्न खण्डहरू रहेको पाइन्छ । पूर्वार्द्ध, उत्तरार्ध, उपसंहार, सन्दर्भस्रोत र परिशिष्ट गरी पाँच खण्डको संरचना यस कृतिभित्र रहेको पाइन्छ । त्यसैले प्रत्येक खण्डका निबन्धात्मक लेखहरूमा प्रस्तुत विषयवस्तुलाई सूत्रात्मक तरिकाले प्रस्तुत गरिन्छ ।

यस कृतिको पहिलो खण्डको रूपमा पूर्वार्द्ध-संस्मरणात्मक डायरी खण्ड रहेको छ । जस अर्न्तगत ८३ शीर्षक रहेका छन् । यस खण्डको मूल मर्म शैक्षिक अवस्थाप्रतिको चिन्ता र चासोको विषय बनाइएको छ ।[४] यो *खण्डको डायरी उपहार* शीर्षकमा द रेयुकाई नेपाल, नारायणगढ शाखाले आयोजना गरेको कार्यक्रममा निर्णायकको भूमिकामा रहँदाका क्रममा दिएको डायरीको प्रसङ्ग कोट्याउँदै सबै निर्णयहरू व्यक्तिगत स्वार्थभन्दा माथि उठेर गर्नुपर्ने कुरा बताइएको छ । *गोरखा क्याम्पसप्रति अनिर्वचनीय आकर्षण* शीर्षकमा गोरखा क्याम्पस राजनीतिक खिचातानीको पर्याय बनेको चित्रण गर्दै राजनैतिक विकृति र विसङ्गतिको चित्रण गरिएको छ । *गोरखापत्रमा प्रथम दृष्टिपाद* शीर्षकमा गोरखापत्रको महत्त्व र महिमालाई सङ्केत गरिएको पाइन्छ । *गोर्खेलौरीको अर्थ* शीर्षकमा समाजमा अनावश्यक कार्य गर्ने, गल्ती गर्नेलाई दिइने दण्डमा प्रयोग गरिने गोर्खेलौरीको चर्चा पाइन्छ । समाजलाई नैतिक धरातलमा राख्न मुख्य भूमिका खेल्ने लौरीको आजपनि उत्तिकै महत्त्व हुने तर्फ सङ्केत गरिएको पाइन्छ । *गोरखपानको स्वाद* शीर्षकमा गोर्खाली राज्यहरूले प्रजालाई मसलामा आत्मनिर्भर बनाउने कार्यमा मरौटी लगाउन लगाएको सन्दर्भलाई चित्रण गरिएको पाइन्छ । *राती-राती हिँड्ने गोरखाली राजा* शीर्षकमा पृथ्वीनारायण शाहको राज्य एकीकरण गर्ने बेला उनले दिनरात कठिन मिहिनेत गरेको कुरालाई सङ्केत गरिएको छ । *गोरखाली राजाको इतिहास* शीर्षकमा पृथ्वीनारायण शाह लगायत सम्पूर्ण नेपाली वीर योद्धाको उच्च कदर गर्नुपर्ने बताइएको पाइन्छ । *न्याय हराए गोरखा जानु* शीर्षकमा गोरखाको तत्कालीन शासन व्यवस्थाको चित्रण गरिएको छ । *गोरखनाथको आशीर्वाद* शीर्षकमा गोरखानाथको कृपाले राजा पृथ्वीनारायण शाहले राज्य एकीकरणमा सफल भएको विचार व्यक्त गर्दै गोरखनाथप्रति श्रद्धाभाव प्रकट गरेका छन् । *गोरखनाथ र अन्य नाथहरू* शीर्षकमा जुम्लाका चन्दननाथ, दाङ चौघेराका सिद्धरत्ननाथ आदिको प्रसङ्ग ल्याउँदै गोरखनाथ आफ्नो हृदयमा गाढा भएर रहेको चर्चा गरेका छन् । *गोरखाली शाह राजवंश* शीर्षकमा खाँचाखान र मिचाखानदेखि सुरू भएको शाहवंशिय शासनको चर्चा गर्दै हालसम्म २३ औं पुस्तामा पुगेको चर्चा गर्दै गोरखाली राजाहरूको शासनलाई शक्ति प्रदान गरेको बताइएको छ । *गोरखा-नारायणगढ रोड* शीर्षकमा चीन सरकारले बनाइदिएको राजमार्गका कारण जो कसैको पनि सामीप्यता बढेको बताइएको छ । *प्रथम गोरखा यात्रा* शीर्षकमा गोरखाकालीको दर्शन गर्नका लागि गरिएको

---

[४]. मोदनाथ मरहट्टा, *एउटा पढ्नै पर्ने कृति : गोरखाको डायरी,* **हाम्रो सिर्जना**, वर्ष ८, अङ्क १३, मंसिर, २०६९, पृ. ४७ ।

यात्राको वर्णन गरिएको पाइन्छ । *गोरखा-कालीको प्रथम दृश्यावलोकन* शीर्षकमा वायुयानबाट गोरखाकालीको दर्शन गरिएको रमणीय दृश्यले मननै चङ्ग भएको सुखद् यात्राको वर्णन गरिएको छ । *गोरखा राइफल* शीर्षकमा भारतले गोरखा राइफल मार्फत् नेपालीहरूलाई रोजगारी दिएको र राज्यले युवाहरूको आवश्यकता पूरा गर्न नसकेको यथार्थ प्रस्तुत गरिएको पाइन्छ । *गोर्खे खबर कागत्* शीर्षकमा “गोर्खे खबर कागत्” (१९५०) दार्जीलिङ, गोरखा-भारत जीवन (१९४३) र गोरखापत्र ( १९५८), गोरखाली (१९७२) बनारस, तरूण गोरखा (१९८५) देहरादून आदि पत्रिकाहरूले गोरखा शब्दलाई महत्त्व दिएका कुरालाई प्रष्ट्याइएको पाइन्छ । *गोरखा-धन्धा* शीर्षकमा गोरखा शब्दप्रतिको निबन्धकारको मोह झल्किएको पाइन्छ । *शिखर पुरूष पण्डितराज सर्वेश्वर खनाल* शीर्षकमा द्रव्यशाहलाई राज्याभिषेक गराउने सर्वेश्वर खनालको चर्चा गरिएको छ र खनाल, पाँडे, पन्त, बोहोरा आदि थर राजपरिवारका उत्तराधिकारीका रूपमा रहेको चर्चा गरेका छन् । *आदरणीय पूर्णप्रसाद ब्राहमण गोरखा* शीर्षकमा स्व. पूर्णप्रसाद ब्राहमणको सम्झना गरिएको छ । *श्री शिवहरी मरहट्टा वाल्मीकि विद्यापीठ* शीर्षकमा आफ्ना गुरूका रूपमा श्री शिवहरि मरहट्टाप्रति कृतज्ञता प्रकट गरिएको पाइन्छ । *मित्र श्री सीताराम अधिकारी* शीर्षकमा आफ्ना अग्रज तर आत्मीय साथीका रूपमा सीताराम अधिकारीको सहयोगप्रति खुसी व्यक्त गर्दै मित्रताको उदाहरण दिइएको छ । त्यस्तै *गोरखा भाषा प्रकाशिनी समिति* शीर्षकमा नेपाली भाषालाई राजकीय संरक्षण भएको चर्चा गर्दै राममणि आदिलाई श्रद्धाभाव अर्पण गरिएको छ । *मेरा आँखाका गोरखाली नेता* शीर्षकमा कृष्णप्रसाद भट्टराई, कीर्तिनिधि विष्ट, विश्वबन्धु थापा, कृष्णराज अर्याल, राजेश्वर देवकोटा, बाबुराम भट्टराई, वाचस्पति देवकोटा लगायतका नेताहरूको चर्चा गर्दै सहिदहरू लखन थापा, इमानसिंह गुरूङ लगायतको योगदानको समेत चर्चा गरिएको पाइन्छ । जो गोरखाली व्यक्तित्व हुन् । *श्री भोजराज वाग्ले* शीर्षकमा तेजप्रकाश पण्डित, भोजराज वाग्ले आदिको चर्चा गर्दै वाग्ले आफ्ना निकटस्थ भएको बताइएको छ साथै सहिदस्मृति ब. क्याम्पसको प्रमुख भएकोमा समेत बधाई दिएको छ । *गोरखावस्तु भण्डार वाराणसी* शीर्षकमा भारतमा रहँदा गोरखासँग (नेपाल) सम्बन्धित विभिन्न वस्तुहरू झिकाइने कुराको स्मरण गर्दै गोरखा वस्तु भण्डारलाई आत्मीय, प्रिय ठान्नुमा गोरखा शब्दसँगको अनुराग रहेको बताइएको छ । उदाहरण हेरौं :

> *‘भारतमा गोरखाली, गोरखावस्तु वा यस्तै कुराहरू जब गरिन्छन्, तब तिनीसँग घनिष्ट नाता भएको अनुभव हुन थाल्छ-शायद अझ तेस्रो मुलुकतिर अझ बढी न्यास्रो लाग्छ होला स्वदेशको ! तर जे भएपनि मलाई त्यसले आकर्षण आजसम्म गरिहेको एक मात्र कारण गोरखावस्तु भन्ने शब्द प्रयोग नै हो ।’* (पृ. १८)

त्यस्तै *योगी नरहरिनाथको गोरखा आतङ्क* शीर्षकमा योगी नरहरिनाथको साहस, धैर्य तथा योगदानको चर्चा गर्दै उनको राजनीतिज्ञ व्यक्तित्वले केही प्रतिकूलता ल्याएको सङ्केत गरिएको छ । उहाँ संलग्न राजनीतिक काण्डमा सातजना व्यक्तिको व्यर्थैमा ज्यान गएको स्मरण गरिएको छ । *साहित्यिक कार्यक्रम र गोरखा* शीर्षकमा गोरखा क्याम्पसमा व्याप्त राजनीतिक विकृति, विसङ्गति तथा राजनीतिक, शैक्षिक तथा सम्पूर्ण वातावरण प्रदूषित बनेको तथ्य प्रस्तुत गरिएको छ । *गोरखाकाली चलचित्र मन्दिर* शीर्षकमा गोरखामा अवस्थित चलचित्र भवनको सन्दर्भ जोडिएको पाइन्छ । *गोरखा विस्कुट फेक्ट्री, भैरहवा* शीर्षकमा नेपाली औद्योगिक क्षेत्रको बाध्यता विवसतालाई देशको सम्पूर्ण

औद्योगिक क्षेत्रको वास्तविकताका रूपमा उतारिएको पाइन्छ । *तीनै जना सांसद् एकै थलोमा* शीर्षकमा दृव्यशाह ब. क्याम्पसमा चिरञ्जीवी वाग्ले, चिनकाजी श्रेष्ठ र मैयादेवी श्रेष्ठको उपस्थितिलाई चित्रण गरिएको छ । *गोरखाकाली रबर उद्योग प्रा. लि. आँबु खैरहनी गोरखा* शीर्षकमा गोरखकाली रबर उद्योगले देशको अर्थतन्त्रमा टेवा पुऱ्याउनुपर्नेतर्फ सङ्केत गर्दै आफूपनि उक्त संस्थाको शेयरधनी बनेको चर्चा गरिएको छ । *दृव्यशाह ब. क्याम्पसमा पहिलो पटक* शीर्षकमा रानीस्वाँरास्थित क्याम्पस भवनमा क्याम्पस सञ्चालक समितिको बैठकका लागि गएपनि गणपुरक सङ्ख्या नपुगेकाले बैठक नबसेको कुरा बताइएको छ । *गोरखा आयुर्वेदिक उद्योग अझै पुगेको छैन* शीर्षकमा आफू निकै नजिक रहेको गोरखा आयुर्वेदिक उद्योगसम्म पुग्न नसकेकोमा चिन्ता व्यक्त गरिएको छ । *ठूलो आँगन* शीर्षकमा तल्लो दरवार पस्ने द्वार, अर्कोतिर बस स्टेशन ओर्लने बाटो अर्कोतिर कालिका मन्दिर जाने संगमको रूपमा रहेको ठूलो आँगनको चर्चा गरेका छन् । *तीनधारे* शीर्षकमा पृथ्वीनारायण शाहका क्रान्तिकारी सेना र गोरखाली जनताले भोक, प्यास, थकाइ, चिन्ता मेट्ने तीनधारेको चर्चा गरिएको पाइन्छ । *डण्डी डाँडा* शीर्षकमा गोरखाको भौगोलिक अवस्थाको चित्रण गरिएको छ । *गोरखामा प्रमुख अतिथि* शीर्षकमा कृषि शाखा गोरखाले आयोजना गरेको कृषि उत्पादन सम्बन्धी कार्यक्रममा आफू प्रमुख अतिथि बनेको घटनालाई स्मरण गरिएको पाइन्छ । *हिलेपोखरीमा पहिलो दिन* शीर्षकमा आफ्नो गोरखा क्याम्पसको प्रमुखको हैसियतले उक्त ठाउँमा पुग्दाको त्यहाँको हिलेवातावरणको चर्चा गरिएको छ । *गोरखा मनकामना* शीर्षकमा आफू गोरखा रहँदा बस्दाका क्रममा मनकामना माईको दर्शन गर्ने अवसर नमिलेको उल्लेख गरिएको छ र पछि धेरै पछि मनकामना दर्शन गरेको चर्चा गरिएको छ । *शक्ति माध्यमिक विद्यालय* शीर्षकमा शक्ति माध्यमिक विद्यालयको स्मरण गरिएको पाइन्छ । *हरि सांस्कृतिक केन्द्र गोरखा* शीर्षकमा राजेश्वर देवकोटाको प्रयासमा स्थापना भएको हरि सांस्कृतिक केन्द्र र हरि पुरस्कार स्थापना गरिएको प्रसङ्ग उल्लेख गर्दै उक्त केन्द्रमा भएको कुनै एक बैठकको सन्दर्भ जोडिएको पाइन्छ । *यसरी म गोरखा पुगें* शीर्षकमा निबन्धकार खनाल नेपाली विषयको पश्चिमाञ्चलतर्फको पहिलो राष्ट्रिय गोष्ठीमा भाग लिन जाँदा तुलसीरमण श्रेष्ठसँग भेट भएको प्रसङ्ग उल्लेख गर्दै कठीन परिस्थितिमा तत्कालीन अवस्थाको जानकारी हुँदाहुँदै गोरखा क्याम्पसको प्रमुखको जिम्मेवारी लिने आँट गरेको घटनालाई केन्द्रबिन्दु बनाइएको पाइन्छ । साथै (*कर्तव्यष्ठि कर्मचारीको रूपमा नियुक्ति भएकै दिन क्याम्पसमा उपस्थित भएर उदाहरणीय कार्य गरेको महसुस निबन्धकार स्वयम्ले गरेका छन्) पारस होटल* शीर्षकमा गोरखाको पारस होटल र त्यसका मालिक मेघबहादुर मास्केको स्मरण गर्दै आफ्नो नियुक्तिपछिको क्याम्पसको पहिलो दिनको चर्चा गरिएको पाइन्छ । *एघारौं क्याम्पस प्रमुख भएछु* शीर्षकमा गोरखा क्याम्पसका आफूभन्दा अगाडिका दश क्याम्पस प्रमुख सहित सोह्रजना क्याम्पस प्रमुखको नामावली प्रस्तुत गरिएको छ । साथै गोरखा क्याम्पसको तत्कालीन अवस्थाको अस्तव्यस्ततालाई समेत चित्रण गरिएको छ । *पं. नारायणप्रसाद पोखरेल* शीर्षकमा पण्डित नारायणप्रसाद पोखरेलको व्यक्तित्वको चर्चा गर्दै उनीसँगको भेटको स्मरण गरिएको पाइन्छ । *गोरखामा रोपाइँ जात्रा* शीर्षकमा रोपाइजात्राका माध्यमबाट संस्कृतिको जगेर्ना, संवर्द्धन भएको कुरालाई विषय बनाइएको पाइन्छ । गोरखामा रहेको रोपाइँ जात्राको चर्चा गरिएको छ । *सल्लाहकार समिति गोरखा क्याम्पस २०४८-०५१* शीर्षकमा गोरखा क्याम्पसको वि.सं. २०४८-०५१ को सल्लाहकार समितिको बैठक बसेको र तत्कालीन अवस्थामा क्याम्पस सुचारू गर्ने कार्यमा उक्त

समितिले सहयाग गर्ने वचन दिएको उल्लेख गरिएको छ । साथै त्यस समयको समितिको सदस्यका नामावली प्रस्तुत गरिएको छ । निर्माण समिति २०४८।०८।०४ *गोरखा क्याम्पस* शीर्षकमा गोरखा क्याम्पसमा गठित निर्माण समितिको नामावली प्रस्तुत गरिएको छ । त्यस समितिले केही कार्य वा योजना नल्याएको हुनाले अर्थहीन समिति गठन भएको तर्फ सङ्केत गरिएको छ । *टेलिफोनमा गोरखा जमल* शीर्षकमा क्याम्पसमा अवरूद्ध भएको पठनपाठन र परीक्षा फारमको सन्दर्भ उल्लेख गर्दै केन्द्रबाट रत्नलाल प्रधान, तुलसीराम वैद्य, कोषराज न्यौपाने लगायतको सहयोगको स्मरण गरिएको छ । *गोरखामा गाईजात्रा-२०५०-०५४* शीर्षकमा गोरखाको गाईजात्रा पर्वलाई चित्रण गर्दै साङ्केतिक रूपमा गोरखा क्याम्पसको गाईजात्रा चित्रण गरिएको पाइन्छ । *गोरखालीहरूको मदिरा सेवन* शीर्षकमा गोरखामा मदिरा सेवनले समाजलाई ग्रस्त बनाएको अर्थात् गोरखाको मदिरामय समाज र संस्कृतिको चित्रण गरिएको पाइन्छ । मदिराले समाजलाई विकृत र विसङ्गत बनाई सारा देशलाई अवनतितिर लैजाने विषयवस्तु प्रस्तुत गरिएको छ । *प्र. जि. अ. चिनियानारायण श्रेष्ठ* शीर्षकमा गोरखा क्याम्पसको अस्तव्यस्त अवस्थाको चित्रण गर्दै क्याम्पस खोल्न र पढाइ सुचारू गर्न प्र. जि. अ. र प्र. अ. लगायतको सहयोगप्रति कृतज्ञता प्रदान गरिएको छ । *नयाँ वर्ष २०५० का शुभकामना प्रेषकहरू* शीर्षकमा नयाँवर्षको अवसरमा आएका शुभकामनालाई क्रमश प्रस्तुत गरिएको पाइन्छ । *मनास्लु हिमाल र गोरखा-०५८* शीर्षकमा मनस्लु हिमालको प्राकृतिक सौन्दर्यले सबैको मनलाई लोभ्याउन सक्ने जादू रहेको यसरी कुरालाई यसरी प्रस्तुत गरिएको छ : *'मलाई भने ती उच्च पहाडी डाँडाकाँडा र पाखा-पखेराका उचाइभन्दा अझ माथि सेतो चुना पोतेको हिमास्लु-मनास्लु देखेर स्तब्ध बनाउँछ नजाने त्यहाँ के जादू छ मोहिनीको ?'* (पृ. ४२) ।

त्यस्तै *गरी रामहरि शर्माको घर आफ्नो घर* शीर्षकमा आफू गोरखा बस्दाका क्रममा बसेको घर तथा रामहरि शर्माको आवासगृहको चर्चा गरिएको छ । *रविराज बराल कहाँ भोजन* शीर्षकमा रविराज बरालले अति नै आग्रह गरेकाले भोजन गर्न वाध्य भएको भन्दै रविराज बरालको घरमा गरेको भोजनको ऋण तिर्न समय कुरेको प्रसङ्ग जोडिएको छ । *हनुमानढोकादेखि हनुमानढोकासम्म २६ कोस* शीर्षकमा गोरखाको हनुमानढोकाको चित्रण गर्दै काठमाडौंको हनुमानढोका दरवारको समेत चर्चा गरिएको छ साथै गोरखाको र काठमाडौंको हनुमानढोका दरवार २६ कोसको दुरीमा रहेको तथ्य समेत प्रस्तुत गरिएको छ । *एकदिन पाल्नुहोस्* शीर्षकमा पं. श्री खेमराज खनालले आफ्ना घरमा निकै स्नेह आतिथ्य भाव प्रकट गर्दै बोलाएपनि गोरखा क्याम्पसको भद्रगोलले समय नमिलेको उल्लेख गरिएको छ । साथै तत् समयमा उहाँको घरमा जान नसकेकोमा पश्चाताप महसुस गरिएको पाइन्छ । *मोहननारायण श्रेष्ठको घरमा चियापान* शीर्षकमा द्रव्यशाह बहुमूखी क्याम्पसका क्याम्पस प्रमुख मोहननारायण श्रेष्ठसँग भएको चिनाजानी र उहाँको घरमा गरिएको चियापान कार्यक्रमलाई स्मरण गरिएको छ । चियापान कै सन्दर्भमा तत्कालीन सांसदहरू चिरञ्जीवी वाग्ले, चिनकाजी श्रेष्ठ र मैयादेवी श्रेष्ठसँगको कुराकानी समेत गरिएको उल्लेख गरिएको छ । *जोशीको घरमा चियापान* शीर्षकमा निबन्धकार खनाल गोरखा क्याम्पसमा कार्यरत हुँदा एक जोशी थरका व्यक्तिले खुवाएको चियाको स्मरण गरिएको छ । साथै उनीहरूले कपडा, विजुली दोकान हुँदै गोरखाली चलचित्र मन्दिर स्थापना गरेको समेत उल्लेख गरिएको छ । चलचित्रले समाजलाई नकारात्मक नभई सकारात्मक सन्देश र छाप पार्नुपर्ने कुरा समेत प्रष्ट पारिएको छ । *लक्ष्मण जोशीको घरमा चिया-नास्ता* शीर्षकमा

लक्ष्मण जोशीको घरमा गरेको चिया नास्तालाई स्मरण गरेका छन् । *जिल्लाको नाम 'गोरखा' कसरी रहयो* शीर्षकमा गोरखा शब्दको अभ्युदय कसरी भयो भन्नेवारे इतिहासविद् प्राज्ञ सूर्यविक्रम ज्ञवाली, तारानाथ शर्मा, बाबुराम आचार्य आदि विज्ञहरूको उदाहरण प्रस्तुत गर्दै विभिन्न उदाहरण प्रस्तुत गर्दै गोरक्षनाथ अपभ्रंश भई गोरखा शब्द बनेको विचार प्रस्तुत गरिएको छ । साथमा गोर्खा र गोरखालाई नेपाली बृहत शब्दकोशले समेत शुद्ध मानेको तथ्य प्रष्ट्याएको पाइन्छ । *द्रव्यशाह र गोरखा राज्य* शीर्षकमा द्रव्यशाहद्वारा गोरखालाई एकसूत्रमा बाँध्नेकार्य भएको र त्यसैकार्यले पृथ्वीनारायण शाहले नेपाल एकीकरणमा सफलता पाएको उल्लेख गरिएको पाइन्छ । साथै द्रव्यशाह सहित राजा दीपेन्द्रसम्मका २३ पुस्ताको प्रसङ्ग उठाइएको छ । *त्यो गोरखाको कुकुर* शीर्षकमा शक्ति माध्यमिक विद्यालयमा सञ्चालित परीक्षा सञ्चालन गर्न जाँदा डण्डीडाँडा कटेपछि भीमसेन थाननिरको कुनै एउटा घरमा पालिएको कुकुरले झम्टन खोजेको घटनाको स्मरण गरिएको छ । सिंजाली माध्यमिक विद्यालयको नामकरण अर्थपूर्ण तरिकाले गरिएको तथ्य प्रस्तुत गरिएको छ । *जापानी स्वयं सेविका कोइको मिजुनो र गोरखा क्याम्पस* शीर्षकमा जापानी स्वयम् सेविका जाइकाको स्मरण गरिएको छ र नेपाल सरकारसँग मिलेर शिक्षाका क्षेत्रमा जापानले गरेको सहयोगको उपयोगिताको चर्चा समेत गरिएको छ । *सर्वदलीय बैठकमा मेरो उपस्थिति ?* शीर्षकमा वि.सं. २०५० साल साउनमा गएको बाढी पहिरोले निम्त्याएको समस्या समाधानको उपाए खोज्न जि.वि.स. मा सर्वदलीय बैठक बसेर उद्धारकार्यको योजना बनाएको घटनालाई स्मरण गरिएको छ । साथै सर्वदलीय बैठकमा गोरखा क्याम्पस प्रमुखलाई पनि डाकिएकोमा दङ्ग परेको अनुभूति प्रस्तुत गरिएको छ । *गोरखा क्याम्पस र सहयोगी प्राध्यापक* शीर्षकमा गोरखा क्याम्पसभित्रका तमाम विकृति, विसङ्गति, कर्मचारी प्रशासनको अकर्मण्यता, राजनैतिक दलको दलगत स्वार्थ, त्रि.वि. को अदूरदर्शी र अपहेलित व्यवहार आदिको कलात्मक चिरफार गरिएको छ । खासगरी त्रि.वि. को आँखा गोरखा क्याम्पसमा नपुगेको र क्याम्पसको भौतिक अवस्था, सहयोग आदि जस्ता कुरामा पनि त्रि.वि. ले आँखा चिम्लेको तीतो यथार्थ प्रस्तुत गरिएको छ । उदाहरण हेरौं :

> *'एउटा क्याम्पसमा न्यूनतम कति कुरा हुनुपर्छ ? के यसको मापदण्ड विश्वविद्यालयसँग छ ? यदि छैन भने २०३५ सालमा राजाज्ञाबाट खुलेको गोरखा क्याम्पसको दुर्दशा किन ? पन्ध्रौं वर्षमा एघारौं क्याम्पस चीफ !'* पृ. ६९ ।

यति हुँदा हुँदै पनि त्यस्तो कठिन परिस्थितिमा पनि गोरखा क्याम्पसका प्राध्यापकहरूबाट पाएको सहयोगप्रति निबन्धकार कृतज्ञ बनेका छन् । *ती गोरखाका गाउँहरू, जहाँ पुग्नै सकिएन-०९७* शीर्षकमा आफू जान नसकेका विभिन्न गाउँ, पाखा, पखेरा, नदी, ताल, पोखरी, विभिन्न टारहरू, भन्ज्याङहरू, कोटहरूको स्मरण गर्दै प्राकृतिक स्वरूपमा गोरखा विराट् रहेको सङ्केत गरिएको छ । गोरखालाई क्रान्तिका योद्धा जन्माउने क्रान्तिकारी भूमिका रूपमा समेत चिनाइएको पाइन्छ । *मन्दिर, गोरखा र गोरखालीहरू* शीर्षकमा गोरखामा अवस्थित धार्मिक महत्त्वका मन्दिरहरू गोरक्षनाथ, श्रीकालिकादेवी, श्रीमनकामना, श्रीबक्रेश्वर महादेव, श्रीमुरलीधर नारायण मन्दिर, श्रीरामेश्वर मन्दिर लगायत विभिन्न मन्दिरहरूको परिचय प्रस्तुत गर्दै गोरखाको विशेषताको चर्चा गरिएको छ । *फेरि पनि 'गोरखाको डायरी' का बारेमा नै !* शीर्षकमा गोरखाको डायरी कसरी जन्मियो यस सन्दर्भमा केही घटना उल्लेख गरिएको छ र यो डायरी व्यवस्थित नभई स्मरणमा आधारित भएकाले यसमा केही

कमी कमजोरी रहेको स्वीकार गरिएको छ । *अमरसिंह क्याम्पस : गोरखाको तेस्रो क्याम्पस !* शीर्षकमा अमरसिंह क्याम्पसको पृष्ठभूमिलाई चित्रण गरिनुका साथै तत्कालीन अवस्थाको शैक्षिक परिवेशको चित्रण गरिएको पाइन्छ । *केही टिपोट गोरखा क्याम्पसमा रहँदाको* शीर्षकमा निबन्धकार खनाल गोरखामा रहेको बेलामा डायरीमा टिपोट गरिएका शीर्षकलाई संक्षिप्त रूपमा प्रस्तुत गरेका छन्, जहाँ शैक्षिक, धार्मिक, ऐतिहासिक आदि विषयसँग सम्बन्धित शीर्षक रहेका छन् ।

*त्यस्तै 'कविता' तिर मन गयो* शीर्षकमा गैंडाकोट-नवलपरासी सडक नाट्य समूहको आयोजनामा सडक कविता मञ्चन कार्यक्रमको स्मृति गरिएको छ जुन नवलपरासीमा आयोजना गरिएको थियो । साथै गोरखा बसाइका क्रममा रचना गरिएका विभिन्न छन्द, लय, भावका कविता, गीत, गजल, सवाई आदि दश फुटकर रचना प्रस्तुत गरिएको छ । जहाँ सम्झौता तबमात्र हुन्छ कवितामा समन्वयवादी विचार, कस्तो कस्तो अभागी गजलमा मानवीय धर्मको चित्रण, हिलेपोखरीको नोकरी सवाई लोकलयमा गोरखाको साामजिक, राजनैतिक, शैक्षिक, प्राकृतिक वातावरणको चित्रण गरिएको पाइन्छ । त्यस्तै अन्य रचनाहरूमा पनि विभिन्न विचारहरू प्रस्तुत गर्दै समाजमा व्याप्त विकृति विसङ्गतिको चित्रण गर्दै सुधारको आवश्यकता औंल्याइएको पाइन्छ । निबन्धकार खनाल यस लेख मार्फत् उत्कृष्ट कविको रूपमा पनि प्रकट भएका छन् । त्यस्तै *द्रव्यदेखि ज्ञानेन्द्रसम्मका गोरखाली राजाको राज्यकाल* शीर्षकमा राजखानदानका २१ पुस्ताको नामावली सहित जन्ममृत्युका साथै शासन गरेको वर्ष समेत उल्लेख गरिएको पाइन्छ । *मेरो प्राध्यापन सेवाको अथश्री* शीर्षकमा आफ्नो प्राध्यापन पेशा प्रवेशदेखि भैरहवा, पक्लिहवा, रामपुर क्याम्पससम्मको यात्रावर्णन गरिएको छ र आफ्नै प्राध्यापकीय जीवनका उकाली-ओरालीहरूलाई चित्रण गरिएको छ । *घडी, गलैंचा र साइकल* शीर्षकमा घडी, गलैंचा र साइकल किन्दाको प्रसङ्गलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । *विषादको दिन पनि आउँदो रहेछ* शीर्षकमा मानवीय जीवन क्षणिक भएको भन्दै केही सत्कार्य र उदाहरणीय कार्य गरेर मर्नुपर्ने विचार सहित गोरखा क्याम्पसका कर्मचारी रामचन्द्र पोखरेलको असामयिक मृत्युप्रति शब्द श्रद्धाञ्जली अर्पण गरिएको पाइन्छ । त्यस्तै *गोरखा क्याम्पसमा 'नेपाल आयोग'* शीर्षकमा गोरखा क्याम्पसको स्व. वि.यु. निर्वाचनमा भएको भनेको धाँधलीको प्रसङ्ग कोट्याउँदै त्रि.वि. बाट चिरञ्जीवी नेपालको नेतृत्वमा छानविन आयोग गठन भएको र त्यसको प्रतिवेदनले केही हदसम्म विवाद समाधान गरेको प्रसङ्ग चित्रण गरिएको पाइन्छ । *बेमौसमको लेखापरीक्षण* शीर्षकमा गोरखा क्याम्पस भित्रको आर्थिक अनियमितता विकृत र विसङ्गत बन्दै पुस्तौने रोग बनेको र त्यसलाई समाधान गर्न लेखापरीक्षण गराउन खोजेको विषयलाई यसरी केन्द्रबिन्दु बनाइएको छ : *'त्यहाँ खसीका सपेटा वा कुखुराका फिलाले दत्तीवन र ह्विस्की-ब्रान्डी वा बियरले कुल्ला गराइन्छ तर त्यो नियमित वार्षिक लेखा परीक्षण हुनुपर्छ ।'* (पृ. १११) ।

त्यस्तै *यी कुरा नसम्झे अधुरै हुन्छ कि* शीर्षकमा गोरखाको परिस्थितिका कारण आफ्ना मित्रजनबाट आफूप्रति प्रकट भएको चिन्ता, शुभेच्छा आदिको प्रसङ्ग ल्याउदै केदारनाथ खनालसँगै घ्याम्पेसाल, भगवती दर्शनका लागि मोटरसाइकल यात्राको वर्णन गरिएको पाइन्छ ।

त्यस्तैगरी *यो एउटा चिठी पनि* शीर्षकमा आफूले देवेन्द्रकुमार झालाई लेखिएको चिठी प्रस्तुत गर्दै गोरखाको तत्कालीन विषम् परिस्थितिमा पनि उहाँले गरेको योगदानको चर्चा गरिएको तथा प्रवृत्तिगत विशेषता समेत औल्याइएको छ साथै देवेन्द्रकुमार झाको विदाई कार्यक्रमको समेत स्मरण

गरिएको छ । त्यस्तै *गरेर यस पूर्वार्द्ध खण्ड,* संस्मरणात्मक डायरीको अन्तिम शीर्षक *अर्को पछुतो पनि* शीर्षकमा गोरखा क्याम्पसका आफ्ना सहकर्मी रामचन्द आचार्यका छोराको ब्रतबन्धमा उपस्थित हुन नसकेकोप्रति पछुतो मान्छेका हुन । यसरी पूर्वाद्ध खण्डको संस्मरणात्मक डायरी भित्रका यी विभिन्न विषयवस्तुको संयोजनले यस गोरखाको डायरी कृति सुसज्जित छ ।

त्यस्तैगरी यस पछि कृतिको उत्तरार्द्ध-समीक्षात्मक डायरी खण्ड रहेको छ । यस खण्डमा ३३ शीर्षकहरू रहेका छन् । यी शीर्षकहरू समीक्षात्मक दृष्टिकोण प्रस्तुत गरिएको छ । यी शीर्षकहरूमा गोरखा भाषा देखि पृथ्वीनारायण शाहको दिव्यउपदेशसम्म समेट्ने प्रयास गरिएको पाइन्छ । जहाँ समीक्षात्मक दृष्टिकोण प्रस्तुत गरिएको छ । यी शीर्षकभित्रका विषयवस्तुलाई यसरी प्रस्तुत गरिन्छ । यस खण्डको पहिलो शीर्षक रहेको छ *गोरखा भाषा* । यस शीर्षकमा गोरखा भाषा नेपाली भाषाको रूपमा विकसित भएको चर्चा गर्दै भारोपेली परिवारको शतम् वर्गमा पर्ने आर्य-इरानेली शाखाको संस्कृत भाषाबाट शौरशेनी वा उदीच्च भेदबाट अपभ्रंशभई गोरखा भाषा अस्तित्त्वमा आएको बताइन्छ । *'गोरखा' गीत र कृष्णप्रसाद पराजुली* शीर्षकमा कृष्णप्रसाद पराजुलीद्वारा रचना गरिएको *गोरखा गीत* र घनश्याम कँडेलको *गोरखा कविता* तथा गोविन्दराज विनोदीको *गोरखा* शीर्षकको रचना र रामप्रसाद खनालको गोरखा कविता प्रस्तुत गर्दै गोरखाको अनुरागलाई व्यक्त गरिएको छ । यी कविता अनुष्टुप छन्दमा रचिएको समेत बताइएको छ । *साहित्यकार चन्द्रकान्त अधिकारी* शीर्षकमा चन्द्रकान्त अधिकारीको साहित्यिक व्यक्तित्व प्रष्ट्याउने जमर्को गरिएको छ । *माल्या साँढ्याको कवित् (त?)* शीर्षकमा राधावल्लभ अर्ज्यालको वंशावली प्रस्तुत गर्दै उनले लेखेको *माल्या साँढ्याको कवित्* कविताको विश्लेषण गरिएको छ । उनका अरू तीन कविताको विवरण दिँदै वीर रसले भरिएको समेत बताइएको छ ।

त्यस्तै *पोखरीथोक मुरलीधर नारायणमन्दिरको अभिलेख* शीर्षकमा गोरखाका न्यायप्रेमी राजा राम शाहले वि.सं. १६७१ मा कुनै कविमार्फत् अभिलेख लेखाई नारायणमन्दिरको अभिलेख राख्न लगाएको र उक्त अभिलेख मालिनी छन्दमा रहेको चर्चा गरेका छन् । *राम शाहकै अर्को अभिलेख रामेश्वर मन्दिर* शीर्षकमा राजा राम शाहकै पालाको रामेश्वर मन्दिर अभिलेखको चर्चा गर्दै हिन्दुधर्मका मठमन्दिर बनाएर गोरखालाई आध्यात्मिक भक्तिको, संस्कृतिको उत्थानको लागि कार्य गर्ने एक महान् साधकको रूपमा रामशाहलाई चिनाइएको छ । त्यस्तै *गोरखा रानीवनमा पनि अभिलेख छ* शीर्षकमा राम शाहकी छोरीकी छोरी तथा प्रधुम्न सेनकी रानी रत्नावलीले वि.सं. १७३७ मा बनाएको अभिलेखलाई चित्रण गरिएको छ । अभिलेख ऐतिहासिक दृष्टिले विशिष्ट महत्त्व राख्ने खालको रहेको निबन्धकारको अभिमत छ । त्यस्तै *पृथ्वीपतिको सालिक र स्तम्भको शिलालेख* शीर्षकमा राजा पृथ्वीपतिले वि.सं. १७३५ मा काठमाडौंबाट फर्केपछि आफ्नो सालिक बनाएको र वि.सं. १७३७ मा उक्त सालिक राखिएको बताउँदै उनको यस सालिक बनाउनुको उद्देश्य शङ्करका चरणबिन्दमा हमेशा सेवा गरिरहन पाओस् भन्ने रहेको बताइएको छ । साथै स्तम्भको शिलालेखमा भएका अनुष्टुप, वसन्ततिलका, शार्दुलविक्रीडित आदि छन्दका पदावलीलाई समेत चर्चा गरेका छन् । त्यस्तै *अर्को अभिलेख हनुमान भन्ज्याङ्को* शीर्षकमा गोरखनाथ मन्दिर, कालिकास्थानभन्दा पूर्वपट्टि रहेको भन्ज्याङमा हनुमानको मूर्ति भएकाले त्यसलाई हनुमानभन्ज्याङ भनिएको तथ्य प्रस्तुत गर्दै त्यहाँ रहेको अभिलेख वि.सं. १७२२ मा लेखिएको बताइएको छ । त्यस अभिलेख स्रग्धरा छन्दमा लेखिएको भन्दै

संस्कृत अभिलेखको अध्ययनका सन्दर्भमा विशिष्ट पद्य हुन सक्ने सङ्केत गरिएको छ । *संस्कृत साहित्यको विकासमा गोरखाको योगदान* शीर्षक संस्कृत साहित्यमा गोरखाका विभिन्न साहित्यकारहरूले गरेको योगदानको चर्चा गर्दै रामशाहकै पालादेखि गोरखामा चलेको संस्कृत काव्यपरम्पराको प्रस्तुति पाइन्छ । *नेपाली साहित्यमा शक्तिबल्लभ अर्ज्यालको योगदान* शीर्षकमा नेपाली साहित्यका एक होनहार प्रतिभा शक्तिवल्लभ अर्ज्याल साहित्य, सङ्गीत, कला र राजनीतिका विषयमा रूचि राख्ने व्यक्तित्व भएको उल्लेख गरेका  छन् । साथै उनको हास्यकदम्बको नेपाली अनुवाद र महाभारतविराटपर्वका आधारमा साहित्यिक व्यक्तित्वको चर्चा गरिएको छ । अर्ज्याल नेपाली साहित्यको वीरधाराकालीन समयका हस्ती भन्दै उनको मूल्याङ्कन संस्कृत साहित्यका लेखक र नेपाली साहित्यका लेखकका आधारमा गरिएको पाइन्छ । त्यस्तै *गोरखा वाङ्मय* प्रकाशित गरेको चर्चा गरिएको छ । त्यस कृतिको शक्ति र सीमा औँल्याइएको लेखमा गोरखा साहित्य प्रतिष्ठानको गठन प्रसङ्गलाई समेत चित्रण गरिएको पाइन्छ । जहाँ विभिन्न ४५ जना सृष्टाका रचना सङ्गृहीत छन् भन्ने प्रष्ट हुन्छ । त्यस्तै *गोरखा भाषा व्याकरण-चन्द्रिका* शीर्षकमा हेमराज पाण्डेको चन्द्रिका व्याकरणको चर्चा गर्दै त्यस अघिका व्याकरण लेखनको अभ्यासलाई चित्रण गरिएको छ । चन्द्रिकाले राणा प्रधानमन्त्री चन्द्र शमशेरको चाकडी गरिएको निबन्धकारको अभिमत छ । त्यस्तै *गोरखा क्याम्पसको 'नवकिरण' हेर्ने पाइएन* शीर्षकमा गोरखामा रहँदा निबन्धकार खनालले कुनै साहित्यिक कार्यक्रम गर्न नपाएकोमा दुःखी बनेका छन् । साथै उक्त क्याम्पसको मुखपत्र नवकिरण दोस्रो अङ्क पढ्न नपाएकोमा दुःख प्रकट गरेका छन् । त्यस्तै *हरि उत्कृष्ट प्रतिभा पुरस्कार र त्यसका विजेता* शीर्षकमा हरि सांस्कृतिक केन्द्रद्वारा स्थापना गरिएको हरि उत्कृष्ट पुरस्कारको चर्चा गरिएको छ । गोरखा निवासी साहित्यकार वा गोरखामा रहेर गोरखाबारे लेखिएका लेखको साहित्यिक कृतिलाई पुरस्कृत गर्ने उद्देश्य बोकेको यस संस्थाबाट पुरस्कृत सात जना स्रष्टाहरूको कृतिसहित विवरण प्रस्तुत गरिएको छ साथै दीननाथ शर्मा पण्डितको नेपाली साहित्यमा गोरखा जिल्लाको योगदान शीर्षकको एम.ए. तहको अनुसन्धानात्मक कार्यको चर्चा गर्दै केही छात्रवृत्ति प्रदान गरेर पछि कृतिको रूपमा प्रकाशन गरिएको समेत प्रसङ्ग उल्लेख गरिएको पाइन्छ । त्यस्तै *हरि-भक्ति* शीर्षकमा वि.सं. २०३४ श्रावणी पूर्णिमा छापिँको केशवानन्द सापकोटाको भक्ति-भागीरथ (कवितासङ्ग्रह) को परिचय दिँदै देवराज शास्त्रीको छ श्लोक हरिभक्ति कविताको चर्चा गरिएको छ । त्यस्तै *राजेश्वर देवकोटा : एक व्यक्ति, दुई व्यक्तित्व* शीर्षकमा साझा पुरस्कार र मदन पुरस्कार प्राप्त गर्ने प्रथम गोरखालीका रूपमा राजेश्वर देवकोटालाई चिनाएका छन् । उनको साहित्यिक व्यक्तित्व उर्वर रहेको भन्दै १६ वटा कृतिहरूको विवरण प्रस्तुत गरिएको छ । देवकोटालाई साहित्यिक व्यक्तित्व र राजनीतिक व्यक्तित्वका रूपमा निबन्धकार खनालले चित्रण गरेको पाइन्छ ।

त्यस्तैगरी *नेपाली साहित्यमा गोरखा : एक ऐतिहासिक कदम* शीर्षकमा दीननाथ शर्मा पण्डितद्वारा लिखित नेपाली साहित्यमा गोरखा कृतिको विश्लेषण गरिएको छ । कृतिभित्रका सम्पूर्ण परिच्छेदको छुट्टाछुट्टै अनुच्छेदमा विवेचना गरिएको छ । यस ऐतिहासिक कृतिको शक्ति र सीमा आँल्याउँदै गोरखाको साहित्यका अनुसन्धानका आगामी प्रयासका लागि कोसेढुङ्गो तथा महत्त्वपूर्ण अभिलेख बनेको चर्चा गरिएको पाइन्छ । समग्रमा गोरखाको साहित्यका निम्ति इतरगोरखालीले चालेको प्रथम साहसिक कदम भएको समेत उल्लेख गरिएको छ । त्यस्तै *श्री ५ पृथ्वीनारायण शाह*

*कालीन संस्कृत साहित्य : केही सत्य केही कथ्य* शीर्षकमा गोरखाको संस्कृत साहित्य परम्पराको चित्रण गरिएको छ । जहाँ आचार्य शेषराज रेग्मी, कवि लक्ष्मण, ललितावल्लभ, अर्ज्याल, जगदीशचन्द्र रेग्मी आदिका साहित्यिक कृति र रचनाको समेत चर्चा गरिएको पाइन्छ । त्यस्तै *पच्चीस थुँगा शिरमा स्युरन खोज्दा* शीर्षकमा साहित्यकार नेत्रमणि शर्मा आचार्यको *पच्चीस थुँगा* कृतिको विवेचना गरिएको छ । क देखि प वर्गका पच्चीस शीर्षकका सबै कविताको चित्रण गर्ने प्रयास गरिएको पाइन्छ । यस कृतिमा प्रयुक्त छन्द, अलङ्कार, रस, विषय संरचनाको वस्तुपरक अध्ययन गर्ने प्रयास गरेका छन् साथै युवकप्रति हौसला, वालकप्रति स्नेह र प्रौढप्रति गौरव अनुभूति गराउने तत्त्व साहित्य नै भएको विचार व्यक्त गर्ने र इतिहासप्रति श्रद्धा, वर्तमानप्रति हार्दिकता र भविष्यप्रति दृढ आस्था प्रकट गर्ने व्यक्तित्वका रूपमा कृतिकारलाई चिनाउने प्रयास गरिएको छ । त्यस्तै *राष्ट्र निर्माताको दिव्य उपदेश* शीर्षकमा नेपाल एकीकरणका जनक पृथ्वीनारायण शाहको पूर्ण परिचय दिँदै उनको दिव्योपदेशको चर्चा गरिएको छ । पृथ्वीनारायण शाहले जनता र कर्मचारी वर्गलाई राष्ट्रियताका निम्ति, परराष्ट्रनीतिका बारेमा, प्रशासनिक कामकारवाहीका निम्ति, भूपरिवेष्टित नेपालका निम्ति, न्यायसञ्चालन सम्बन्धी दिएका दिव्यवाणीका आधारमा उनलाई अत्यन्त अनुभवी र दूरदर्शी राजनेताका रूपमा चित्रण गरिएको छ । साथै उनका दिव्यवाणीहरू हिजो र आजमात्र नभई भोलिका लागि पनि उत्तिकै मूल्यवान, महत्त्वपूर्ण र मार्गदर्शक हुने विचार व्यक्त गरिएको छ । गोरखा भाषा साहित्यको इतिहासमा दिव्योपदेशको महिमा अपरम्पार हुने चर्चा गरिएको छ । त्यस्तै *मदन पुरस्कार विजेता दुई गोरखाली उपन्यासकार : देवकोटा र धिताल* शीर्षकमा मदनपुरस्कार प्राप्त गर्ने राजेश्वर देवकोटा र विनोदप्रसाद धितालका *उत्सर्ग प्रेम* (२०४४) र *योजनागन्धा* (२०५२) उपन्यासले बहन गरेको विषयलाई चर्चा परिचर्चा गरिएको  छ । त्यस्तै *अथ श्री मनकामनानवरत्नस्तोत्रम्* शीर्षकमा मनकामनामाईप्रति स्तुति भाव प्रकट गरिएपनि परिशिष्टमा उपस्थित छ वाक्याशंले अस्पष्टता ल्याएको महसुस हुन्छ । त्यस्तै *शिवजी पन्तको नयाँ कृति 'हृदयको स्पन्दन'* शीर्षकमा साहित्यकार शिवजी पन्तको 'हृदयको स्पन्दन' कवितासङ्ग्रहको चर्चा गरिएको पाइन्छ । उनको यस सङ्ग्रहमा विभिन्न त्रिचालीस वटा कविता रहेको उल्लेख गर्दै यस सङ्ग्रह समसामयिक राजनैतिक चेतनाबाट जन्मेको विचार व्यक्त गरिएको छ । *त्यस्तै 'ज्वालाका रापहरू' ले झुल्सिदा* शीर्षकमा गोरखाली साहित्यकार ऋषि बस्ताकोटीको *ज्वालाका रापहरू* गजलसङ्ग्रहको वस्तुपरक विश्लेषण गरिएको पाइन्छ । त्यस्तै *प्रथम र अन्तिम गद्य-लेख यत्ति एउटा हो* शीर्षकमा निबन्धकार खनालले आफ्ना भैरहवा क्याम्पसका सहकर्मी कुलमणि देवकोटासँग चिनियानारायण श्रेष्ठको आवासमा भेटभएको प्रसङ्ग उठाउँदै देवकोटाको *बुद्धलोक* कविता सङ्ग्रहको भूमिका प्रस्तुत गरेका छन् । *बुद्धलोक* कविता सङ्ग्रहमार्फत् कुलमणि देवकोटाले बुद्धले देखाएको बाटो अनुसरण गर्दै बुद्ध दर्शनलाई कर्मवादी जीवनका रूपमा हेरिएको सङ्ग्रहका रूपमा व्याख्या गरिएको पाइन्छ । त्यस्तै *संस्मरण शिक्षक दरबन्दीको* शीर्षकमा वि.सं. २०४६ सालको ऐतिहासिक जनआन्दोलन पश्चात त्रि.वि.ले एकवर्षे अध्यापन अनुभव भएका शिक्षकहरूलाई स्वत: स्थायी गरेको प्रसङ्ग उल्लेख गर्दै तत्कालीन गोरखा क्याम्पसका प्राध्यापक नारायणप्रसाद खनालका बेलामा गोरखा क्याम्पसमा करार सेवा र स्थायी सेवामा संलग्न प्राध्यापक तथा कर्मचारीहरूको विवरण प्रस्तुत गरिएको छ । जहाँ बयालीस जनाको नामावली प्रस्तुत गरिएको छ । त्यस्तै *एक झलकमा केही गोरखाली साहित्यकारहरू* शीर्षकमा गोरखा स्थायी बसोवास भएका, पुर्ख्यौली भएका र गोरखामा जन्मेका त्रिपन्न जना साहित्यिक सृष्टाहरूको परिचय प्रस्तुत गरिएको छ ।

अङ्ग्रेजबाबु श्रेष्ठ, ईश्वर वल्लभ, केदारनाथ खनाल, चूडा ढकाल, पूर्णप्रसाद ब्राहमण, दवाडी लगायत त्रिपन्न जना गोरखाली सृष्टहरूको जन्म, माता, पिता, शिक्षा, प्रकाशित कृति, प्राप्त पुरस्कार संलग्नता अादि पक्षको परिचय दिइएको छ र जसको जन्म गोरखामा भएको छैन, जसको पुर्ख्यौली गोरखा होइन जसले आफूलाई गोरखाली भनाउन चाहँदैन त्यसलाई यहाँ समेटिएको छैन भन्दै वर्तमानको परिवर्तनशीलताबाट बच्ने प्रयास गरिएको छ । त्यस्तै *गोरखा वा गोरखालीबारे लेख्ने केही लेखक* शीर्षकमा निबन्धकार खनालले गोरखा वा गोरखालीबारे आफ्नो सृजन विषयको कथ्य बनाएका अठतीस जना स्रष्टहरूको विवरण प्रस्तुत गरिएको छ । ऋषिराम पोखरेल, एस. पी. आशा, केशवराज पोखरेल, चूडामणि उपाध्याय, जयराम आचार्य, तुलसीराम वैद्य, दयाराम श्रेष्ठ, दीननाथ शर्मा लगायतका सृष्टाहरूको प्राप्त भएसम्म जन्म र गोरखासँग सम्बन्धित कृतिहरूको विवरण समेत प्रस्तुत गरिएको पाइन्छ । त्यस्तै *दुई गोरखाली साधक, जो गोरखाली लाग्दैनन्* शीर्षकमा साहित्यकार माधवप्रसाद देवकोटा र कथाकार सनत रेग्मीका परिचय प्रस्तुत गरिएको छ । माधवप्रसाद देवकोटालाई समाजसेवी, शिक्षासेवी, लेखक एवम् प्रकाण्ड विद्वान् आदि विशेषणले विभूषित गर्दै उनका प्रकाशित कृतिहरूको विवरण पेश गरिएको छ । त्यस्तै सनत रेग्मी आख्यान साहित्यको सृजनामा केन्द्रित हुने व्यक्तित्वका रूपमा चर्चा गर्दै उनका नौवटा प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गरिएको पाइन्छ । त्यस्तै *किसुनजी पनि गोरखाली सृष्टा ?* शीर्षकमा नेपाली कांग्रेसका क्रान्तिकारी नेता कृष्णप्रसाद भट्टराईको परिचय प्रस्तुत गरिएको छ । साथै उनका *कर्मयोगी राजनीतिज्ञ कृष्णप्रसाद भट्टराई (पहिलो भाग) र कृष्णप्रसाद भट्टराईका रचनाहरू गरी* दुई प्रकाशित कृतिहरूको समेतको विवरण प्रस्तुत गरिएको पाइन्छ । त्यस्तै *समेट्न नसकिएका गोरखाली स्रष्टाहरू* शीर्षकमा गोरखाका विभिन्न स्तरका पुरस्कार र सम्मान पाउने डाक्टर, इन्जिनियर, वकिल, प्राध्यापक, राजनेता आदि सयौंको सङ्ख्यामा रहेका व्यक्तित्वहरूको वर्णानुक्रम अनुसार नामावली प्रस्तुत गरिएको छ । गद्यकार भनेर थप केही स्रष्टाहरूको नामावली पछि, गोरखाका केही संघ-सस्था र पुस्तकालयहरू भन्दै तेह्र पुस्तकालयको विवरण प्रस्तुत गरिएको छ । साथै पत्रपत्रिकाहरूको समेत स्थान उक्त विवरणात्मक निबन्धमा सुरक्षित रहेको र सबैलाई समेट्ने सङ्ग्रहालयको अपेक्षा निबन्धकारको रहेको पाइन्छ । त्यस्तै यस सङ्ग्रहको उत्तरार्द्ध खण्डकै अन्तिम निबन्धात्मक शीर्षकका रूपमा *पृथ्वीनारायण शाहकालीन साहित्यको रूपरेखा* रहेको छ । यस शीर्षकमा वि.सं. २०६० मा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान र चितवन साहित्य परिषदको संयुक्त तत्वावधानमा आयोजित राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा नारायणी कलामन्दिरमा आयोजित कार्यक्रममा प्रस्तुत गरिएको कार्यपत्रलाई जस्ताको त्यस्तै प्रस्तुत गरिएको छ । उक्त कार्यपत्रमा परिचय, भाषा नेपाली, पृथ्वीपूर्व नेपाली साहित्य, पृथ्वीको जन्म र शिक्षा-दीक्षा, एकीकरणकाल र नेपाली साहित्य, 'दिव्य उपदेश' र नेपाली भाषा साहित्य, उपसंहार आदि उपशीर्षकहरूमा केन्द्रित भई पृथ्वीनारायण शाहकालीन नेपाली साहित्यको रूपरेखा कोर्ने जमर्को गरिएको पाइन्छ ।

त्यस्तै उपसंहारखण्ड अर्न्तगत पनि दुई निबन्धात्मक लेख समावेश गरिएको छ । जसमध्ये *उपसंहारतिर पुग्यो मन* शीर्षकमा निबन्धकार खनालले गोरखा क्याम्पसको जिम्मेवारी लिनेक्रमका घटनादेखि उक्त क्याम्पसको विदाइ कार्यक्रमसम्मका घटनालाई सम्झेका छन् । गोरखाको डायरी लेख्नुको उद्देश्य गोरखा प्रतिबिम्बित गर्ने इच्छा र लेखकका गोरखाका बहुमुखी अनुभूति टिप्नु रहेको बताउदै यो कृति जस्तो बनेको छ, जे बनेको छ यसलाई यस्तै रूपमा स्वीकार गर्न अनुरोध गरिएको

छ । त्यस्तै *उपसंहारमा थप कुरा* शीर्षकमा गोरखा क्याम्पसमा कार्यरत रहँदा चितवनबाट डि.डी. शर्माले पठाएको चिठी, हिमालय चलचित्र मन्दिरका संस्थापक लगायतका व्यक्तित्वलाई स्मरण गरिएको छ । केही गोरखा क्याम्पसका सहकर्मीहरूको कार्यकौशलबाट प्रभावित भएको स्मरण गरिएको पाइन्छ । त्यस्तै जोशी स्टेशनरी, दिदी भिनाजु, भान्जा, भान्जीलाई तथा एक दर्जी जसले पहिलो भेटमै विनाचिनजान नमस्ते गरेको प्रसङ्ग समेत उललेख गरी यस उपसंहार खण्ड टुङ्ग्याइएको छ ।

त्यस्तै सन्दर्भ-स्रोत अर्न्तगत पनि *अब अलिकति सन्दर्भस्रोत पनि* शीर्षकमा यस निबन्धसङ्ग्रहको अन्तिम निबन्ध प्रस्तुत गरिएको छ । यसमा सन्दर्भ स्रोतबारे चर्चा गरिएको छ । यस गोरखाको डायरी लेखनमा गोरखाको इतिहासबारे अभिरूचि राखेर अध्ययन गर्ने बाबुराम आचार्य, नयराज पन्त, धनवज्र वज्राचार्य, तुलसीराम वैद्य, दिनेशराज पन्त र यी सबैका आद्यगुरू योगी नरहरिनाथ सिङ्गा स्रोत सन्दर्भ रहेको बताएका छन् । त्यस्तै भीमनिधि तिवारीको *शिलान्यास,* बालचन्द्र शर्माको *नेपालको ऐतिहासिक रूपरेखा,* तथा दीननाथ शर्मा पण्डितको नेपाली साहित्यमा गोरखा र *गोरखा वाङ्मय* जस्ता कृति र समग्र गोरखा सन्दर्भग्रन्थ बनेको चर्चा गरेका छन् । त्यस्तै सन्दर्भग्रन्थ २ प्रकारका रहने भन्दै सामग्री जस्ताको तस्तै समुदृत र सामग्री अवलोकित गरी दुवै प्रकारका सामग्री यस गोरखाको डायरीमा प्रयोग भएको विषयवस्तु प्रस्तुत गरिएको छ । गोरखाप्रति निबन्धकारको गहिरो अनुराग व्यक्त भएको यस निबन्धमा जबसम्म सूर्य-चन्द्र र तारागण रहन्छन् तबसम्म नेपालीको अस्तित्त्व रहने भन्दै गोरखाली र नेपालीको परिपूरक सम्बन्ध रहेको विषय प्रस्तुत गरिएको छ ।

त्यस्तै परिशिष्ट खण्ड अर्न्तगत *मनः कामनास्तोत्रहरू, कालिकास्तुति, गोरखनाथ भजन, डायरी साहित्य सम्बन्धी ग्रन्थसूची* र *प्रशासनिक संरचना क, ख* जस्ता उपशीर्षक समावेश भएका छन् ।

यसरी गोरखाको समग्र सांस्कृतिक, आर्थिक, सामाजिक, धार्मिक, ऐतिहासिक, शैक्षिक, भौगोलिक, राजनैतिक, प्राकृतिक तथा तमाम महत्त्वले भरिएको विषयलाई एउटा गोरखाको डायरीले विषयवस्तुका रूपमा समेट्ने प्रयास गरेको पाइन्छ । गोरखाको डायरी एक कृति मात्र नभई गोरखाको अध्ययन गर्न खोज्ने जो कसैको पनि अमूल्य सामग्री र दस्तावेजको रूपमा रहेको छ ।

### ४.१.४. भाषाशैली

प्रस्तुत **गोरखाको डायरी** निबन्धसङ्ग्रह विविध विषयको जानकारीमूलक ठेली बनेको पाइन्छ । कुनै पनि कृति लेखन गर्दा लेखकले आफ्ना अभिव्यक्ति प्रस्तुत गर्न कुनै न कुनै शैलीको अवलम्बन गरेको हुन्छ । कृतिलाई कसरी सबैका सामू सर्वस्वीकार्य बनाउने भन्ने स्रष्टाको मूल ध्येय हुन्छ । शैली भनेको कृतिको आकर्षण पनि हो । पाठकले कृति पढ्दाका क्रममा उक्त कृतिको साङ्गोपाङ्ग अध्ययन पठन गर्न कुतूहल सृजना गर्न त्यस कृतिले  सक्नुपर्छ । त्यस्तै यस **गोरखाको डायरी** कृति पनि प्रशस्त कुतूहल सृजना गरी पाठकलाई अन्त्यसम्म पुऱ्याउन सक्नुलाई निबन्धकारको शैलीगत क्षमताको स्तरसँग दाँज्न सकिन्छ । यो गोरखाको डायरी डायरी शैलीमा लेखिएको समीक्षात्मक तथा संस्मरणात्मक निबन्धसङ्ग्रह हो भन्ने कुरा स्वयम् यस कृतिका स्रष्टा निबन्धकार खनालको यो अभिमतले पुष्टि गर्छ :*'गोरखाको डायरी दैनिकी या दैनन्दिनी हुँदै होइन तर यो डायरी चाँहि हो किनभने डायरी शैलीमा लेखिएको छ ।'* (प्राक्-उक्ति, पृ. ङ) ।

त्यस्तै यस डायरीमा निबन्धकार खनाल गोरखा क्याम्पसमा क्याम्पस प्रमुख रहँदाको समयमा देखिएका, भोगिएका, अनुभव गरिएका विभिन्न घटना, भ्रमण, भेटघाट आदिका क्रममा टिपिएका विषयले स्थान पाएका छन् । यो त्यसैले पूर्वस्मृतिलाई लेखनको साहारा बनाएर संस्मरणात्मक शैली समेत अबलम्बन गरिएको पाइन्छ । *'यस कृति (गोरखाको डायरी) दैनिक नभएर संस्मरणात्मक शैलीमा लेखिएको निबन्धको एक भेद हो ।'*[५]

यस **गोरखाको डायरी**मा गोरखाका अनगिन्ती विषयलाई प्रस्तुत गर्ने क्रममा सूत्रात्मक, सूचनामूलक भाषिक शैली अवलम्बन गरिएको पाइन्छ । यस डायरी भित्रका पूर्वार्द्ध संस्मरणात्मक डायरी भित्रका धेरै जस्तो शीर्षकहरू तीन अनुच्छेद योजनाको आयाममा विस्तारित छन् जसले पाठकलाई सूत्रात्मक शैली अपनाएको अनुभव हुन्छ । समीक्षात्मक खण्डका पनि एकाध शीर्षक बाहेक प्राय शीर्षक भित्रका निबन्ध सूचनामूलक तहसम्मका रहेका छन् जसका पछाडि राखिएको अङ्कले क्रमवद्धतालाई सङ्केत गर्छ जुन निबन्ध इतिहासकै नवीन शैलीका रूपमा लिन सकिन्छ । यस सङ्ग्रहमा संस्कृतका विभिन्न सूक्ति, तत्सम्, तदभव शब्दहरूका साथै नेपालीका उखानटुक्काहरू, लोकोक्तिहरू तथा अनुकरणात्मक शब्दहरूको पनि प्रयोग पाइन्छ । अङ्ग्रेजीका शब्दहरूको फाटफुट प्रयोग यस कृतिमा गरिएको पाइन्छ । कवितात्मक शैलीको प्रयोगले यस सङ्ग्रहलाई रोचक मात्र नबनाई मधुर समेत बनाएको छ । गोरखाका विभिन्न साहित्यकारहरूको नामावली प्रस्तुत गर्दा विवरणात्मक शैली अवलम्बन गरिएको पाइन्छ । साथै यस सङ्ग्रहमा पुस्तकालयीय क्षेत्रीय अध्ययन विधिबाट स्रोत संकलित छ । कुनै शीर्षकहरू संस्कृतका रहेकाले निबन्धकार खनालको शैलीगत वैशिष्ट्यलाई सङ्केत गर्दछ ।

यस **गोरखाको डायरी** पूर्वार्द्ध, उत्तरार्द्ध, उपसंहार, सन्दर्भस्रोत र परिशिष्ट गरी पाँच खण्डमा विभक्त छ । प्रत्येक खण्डको सुरूवात संस्कृतका विभिन्न साहित्यकारहरूका कृतिका अंशबाट हुनुलाई महाकाव्य लेखन परम्पराको मंगलाचरणको अनुकरणका रूपमा लिन सकिन्छ जसले कृतिलाई अझ उत्कृष्ट बनाएको पाइन्छ । निबन्धकार खनालले यसरी प्रत्येक खण्डको सुरूवात नै संस्कृतका पद्यांशबाट गरिनु आधुनिक नेपाली निबन्धको इतिहास नै नवीन शैली अवलम्बन गरेको मान्न सकिन्छ । त्यसैले यस गोरखाको डायरीमा नवीन शैली प्रयोगमा आउनु निबन्धकार खनालको निबन्धात्मक शैलीगत वैशिष्ट्य मान्न सकिन्छ ।

यसरी प्रस्तुत सङ्ग्रहलाई विभिन्न विवरणात्मक, वर्णनात्मक, सूचनामूलक, सूत्रात्मक, संस्मरणात्मक तथा मंगलाचरण सहितको नवीन शैली अवलम्बन गरी रचना गरिएको महत्त्वपूर्ण निबन्ध सङ्ग्रहका रूपमा लिन सकिन्छ ।

## ४.१.५. उद्देश्य

प्रस्तुत **गोरखाको डायरी** कृतिमा गोरखासँग सम्बन्धित विभिन्न विषयहरूको प्रस्तुति पाइन्छ । खासगरी निबन्धकार खनाल गोरखा क्याम्पसको क्याम्पस प्रमुखको जिम्मेवारीका साथ गोरखामा रहँदा बस्दा गोरखाको हरेक क्रियाकलापसँग साँछी बनेका छन् । गोरखामा रहेका सामाजिक चालचलन, रीतिरिवाज, धर्मसंस्कृति आदिका बारेमा निबन्धकारले भोगेको अनुभव समेट्ने प्रयास गरिएको पाइन्छ ।

---

[५]. दीननाथ शर्मा पण्डित, *डायरी सिद्धान्त र गोरखाको डायरी : एक अध्ययन,* **पल्लव साहित्यिक पत्रिका** (चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६८), पृ. ७१ ।

गोरखा भौगोलिक दृष्टिकोणले मात्र व्यापक नभई धार्मिक, सांस्कृतिक, शैक्षिक, ऐतिहासिक, सामाजिक, प्राकृतिक महत्त्वका दृष्टिले पनि व्यापक छ भन्नेकुरा प्रस्तुत गर्नु यस सङ्ग्रहको उद्देश्य रहेको पाइन्छ। वर्तमान नेपाल र नेपाली संस्कृतिसँग गोरखाको सम्बन्ध देखाउने तर्फ यो कृति अग्रसर देखिन्छ। समग्रमा गोरखाका शैक्षिक संस्थाहरूमा देखिएको विकृति र विसङ्गतिलाई चित्रण गर्दै त्यस्ता कुतत्त्वहरूलाई शमनगर्ने तर्फ अग्रसर हुन आग्रह गर्नु यस कृतिले लक्ष्य ठानेको प्रतीत हुन्छ। निबन्धकारले आफ्नो गोरखाको बसाइलाई स्मरणीय बनाउने उद्देश्य लिएको पाइन्छ। साथै गोरखालाई र गोरखाका हरेक पक्षलाई उजागर गर्दै गोरखाप्रतिको अनुराग बढाउन समेत यो कृति प्रयासरत देखिन्छ। 'प्रस्तुत यस डायरीमा एकातिर गोरखा प्रतिबिम्बित गर्ने इच्छा हो, अर्कोतिर लेखक स्वयम्का गोरखाका बहुमुखी अनुभूति टिप्नु' भन्ने अभिमतबाट पनि गोरखाभूमिप्रतिको अगाध स्नेहभाव झल्कन्छ र यस डायरीको उद्देश्य प्रष्ट हुन्छ।

गोरखा नेपाल राज्यको लागि राजनैतिक, साहित्यिक, सांस्कृतिक, सामाजिक आदि हिसाबले अत्यन्त महत्त्वपूर्ण जिल्ला हो। यस राज्यसँग सम्बद्ध विविध विषय, प्रसङ्ग, अर्थ, चिन्तन, भावको प्रकटीकरण गर्ने उद्देश्य राखेर खनालले गोरखाको डायरी (२०६१) लेखेका छन्।[६] गोरखा नेपालको प्रतिबिम्ब हो, नेपालको हरेक विकासक्रम र संस्कृतिसँग गोरखा अछुतो रहन सक्दैन। उनी गोरखा क्याम्पसमा रहँदा गोरखाका हरेक वस्तु व्यक्तिबाट आकर्षित रहेका हुँदा ती अनुभूतिलाई ताजै राख्ने इच्छाका रूपमा प्रस्तुत कृति गोरखाको डायरी लेखिएको बताएका छन्।[७]

यसरी निबन्धकारले गोरखालाई र गोरखाका शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृति, भौगोलिक, साहित्यिक, प्राकृतिक आदि पक्षहरूलाई चित्रण गर्नु यस कृतिको मुख्य उद्देश्य रहेको पाइन्छ। साथै नेपाली र संस्कृत साहित्य परम्परामा गोरखाको योगदानलाई समेत प्रष्ट्याउने कृतिकार र कृतिको उद्देश्य रहेको बुझिन्छ।

### ४.१.२. निष्कर्ष

प्रस्तुत **गोरखाको डायरी** कृति निबन्धकार नारायणप्रसाद खनालको समग्रमा दोस्रो र निबन्धसङ्ग्रहका दृष्टिले पहिलो प्रकाशित कृतिको रूपमा वि.सं. २०६१ सालमा प्रकाशित भएको हो। यस कृति विभिन्न पाँच खण्डमा विभाजित छ। पहिलो खण्ड संस्मरणात्मक खण्ड र उत्तरार्द्ध खण्डका रूपमा समीक्षात्मक खण्ड हुँदै उपसंहार, सन्दर्भस्रोत र परिशिष्ट खण्डमा विभाजित छ।

पहिलो खण्ड संस्मरणात्मक र दोस्रो तथा उत्तरार्ध खण्ड समीक्षात्मक शैली अगाडि बढाएको पाइन्छ। निबन्धकार खनाल गोरखा क्याम्पस प्रमुख भएको समयमा टिपिएका सूचनामूलक टिप्पणीका आधारमा केही पछि यस कृति लेखन सुरू गरिएको कृतिकारको अभिमत रहेको छ। यस कृतिमा गोरखाका विषयमा अनेकौं विषयवस्तु संयोजन गरिएको पाइन्छ। गोरखा भौगोलिक मात्र नभएर राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक तथा प्राकृतिक वातावरणका दृष्टिले समेत विराट् रहेको कुरा यस कृतिको अध्ययनबाट प्रष्ट हुन्छ। नेपाली साहित्यको इतिहासमा गोरखाली स्रष्टाहरूले पुऱ्याएको योगदान साच्चैनै उदाहरणीय मान्न सकिन्छ। यस गोरखा भूमिले नेपालको अस्तित्त्व

---

[६] दीननाथ शर्मा पण्डित, पूर्ववत, पृ. ७०।

[७] पूर्ववत्।

बचाइराख्न गोरखा भाषा र गोरखापत्रको अमूल्य योगदान पुऱ्याएकोप्रति निबन्धकारको दृष्टि पुगेको पाइन्छ ।

यसरी गोरखाका राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, शैक्षिक तथा प्राकृतिक वातावरणको चर्चा गर्दै लेखकको गोरखा बसाइको बहुमुखी अनुभवलाई जीवन्त बनाउने र गोरखालाई प्रचार प्रसार गर्ने उद्देश्यका साथ निबन्धकार अगाडि बढेको बुझिन्छ । आधुनिक नेपाली निबन्धको फाँटमा विभिन्न प्रवृत्ति र शैलीलाई आत्मसात् गर्दै नवीनता प्रस्तुत गर्न यस गोरखाको डायरीले भूमिका खेलेको महसुस गर्न सकिन्छ । यस्ता कृतिका जनक निबन्धकार खनालले यस गोरखाको डायरीमार्फत् आफ्नो निबन्धकारिताको गरिमा, महत्त्व मात्र नभई सूक्ष्मबाट व्यापक परिधिसम्म योगदान पुऱ्याएको देखिन्छ ।

## ४.२. नारायणीका लहर-लहरमा (२०६१) निबन्धसङ्ग्रहको अध्ययन

वि.सं. २०३५ सालदेखि नेपाली निबन्धको क्षेत्रमा देखापरेका नारायणप्रसाद खनालको दोस्रो निबन्धसङ्ग्रहका रूपमा प्रस्तुत नारायणीका लहर-लहरमा निबन्धसङ्ग्रह प्रकाशित भएको छ । विभिन्न राष्ट्रिय र स्थानीय स्तरका पत्रपत्रिकाहरूमा पहिले प्रकाशित भएका र केही प्रथमपटक यसै सङ्ग्रहमा सङ्ग्रहित  भएका निबन्धहरूको सङ्गालोको रूपमा यो कृति आएको छ । खनालका निबन्धात्मक प्रवृतिमा केही स्तरीयता र सुदृढपन यस कृतिमा भेट्टाउन सकिन्छ । आधुनिक नेपाली निबन्धको स्वच्छन्दतावादी प्रवृति अर्न्तगर्तको आत्मपरक शैली यस कृतिको मूल विशेषता रहेको छ । प्रकृति प्रदत्त नारायणीको लहर-लहरमा खनालको निबन्धकारिता लहरिएको देखिन्छ ।

त्रिवेणी साहित्य परिषद नवलपरासीको २१ औं पुष्पको रूपमा वि.सं. २०६१ भाद्र कृष्ण चतुर्थीका दिन प्रकाशित यस सङ्ग्रहमा *प्रकाशकीय* यसै त्रि.सा.प. का मानार्थ सदस्य प्रेमविनोद नन्दनको रहेको छ भने *निबन्धका कुरा*मा निबन्धकारले सीमा र बन्धन नारायणीका लहर-लहर भित्र नभएजस्तो अनुभव भएकाले निबन्धन संज्ञा दिनु उपयुक्त ठानेको छु भन्दै स्वच्छन्दतावादी प्रवृत्ति भित्रको आत्मपरक शैली यस सङ्ग्रहको विशेषता रहेको संकेत गरेका छन् । त्यस्तैगरी गोविन्दराज विनोदीको *निबन्ध चेतनाको आलोकमा नारायणीका लहर-लहरमा : एक अवलोकन* नामक भूमिकाले यस सङ्ग्रहलाई ओझिलो बनाएको छ ।

जम्मा १२८ पृष्ठमा फैलिएको यस सङ्ग्रहमा २८ वटा निबन्धहरू समावेश छन् । नारायणीका लहर-लहरमा निबन्धलाई समग्र सङ्ग्रहकै नाम दिनुले निबन्धकारको प्रकृतितर्फको अनुराग सहजै भेट्न सकिन्छ । यस सङ्ग्रह भित्रका निबन्धहरूमध्ये २ पृष्ठभित्र चार अनुच्छेद योजनामा तन्किएको **हामी उपस्थित भएका छौं** सबैभन्दा छोटो निबन्धमध्ये पर्छ भने ८ पृष्ठभित्र १० अनुच्छेद योजनामा रहेको **सम्झना चरैवेतिको** सबै भन्दा लामो निबन्ध अर्न्तगत पर्दछ । प्रायजसो सबै निबन्धहरू मध्यम आकारका रहेका छन् । यस सङ्ग्रहको पहिलो निबन्ध **मृत्युसितका जम्का भेटहरू** र अन्तिम निबन्ध **धत्तेरिका चोर !** रहेका छन् । यस सङ्ग्रहको अग्रभाग निलो रङ्मा सजिएको छ जहाँ गतिशील नारायणीको चित्र उतारिएको छ भने पश्चभागमा लेखक परिचय, प्रकाशित कृतिहरू, सम्मान र पुरस्कार आदिको विवरण प्रस्तुत गरिएको छ ।

विविध विषयवस्तुलाई समेटेर अगाडि बढेको यस सङ्ग्रहमा प्रकृति, जीवन-जगत्, संस्कृति, शिक्षा, नैतिकता, राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेश, दार्शनिकता आदि विषयवस्तुलाई आत्मसात् गरिएको

पाइन्छ । यस सङ्ग्रहका निबन्धहरूलाई परिचय, संरचना, विषयवस्त/मूलभाव, भाषाशैली र उद्देश्य/प्रयोजन आदिका आधारमा क्रमशः अध्ययन विश्लेषण गरिएको छ ।

### ४.२.१. मृत्युसितका जम्मा भेटहरू

#### ४.२.१.१. परिचय

प्रस्तुत **मृत्युसितका जम्का भेटहरू** निबन्ध सर्वप्रथम **पाइला र प्रवाह** (नववर्ष विशेषाङ्क २०४८) मा प्रकाशित तथा यसै सङ्ग्रहमा सङ्ग्रहित  पहिलो निबन्ध हो । यो निबन्धको शीर्षक वाक्यस्तरको रहेको छ । सामान्यतया मृत्यु भनेको भौतिक रूपमा शरीर समाप्त हुनु भन्ने हुन्छ जहाँ आफ्नो अस्तिव नरहेको अवस्था भन्ने बुझिन्छ भने अर्को अर्थमा (लाक्षणिक अर्थमा) आफ्नो जीवन अवधिभर कुनै स्मरणीय र महत्त्वपूर्ण कार्य गर्न नसकिएको कुरालाई बुझाउँछ । यसरी मृत्युसँगको भेटमा मृत्युलाई कसरी जित्ने भन्ने तर्फ निबन्धकार लागेको देखिन्छ । उनी प्रस्तुत निबन्धमार्फत् देशको लागि स्मरणीय कार्य गरेर मृत्युलाई जित्न सकिने र त्यो स्मरणीय कार्य साहित्य सृजना गरेर हुने तर्फ सङ्केत गर्दै जीवनको छोटो र अमूल्य समयको सदुपयोग गर्दै राष्ट्रलाई उल्लेखनीय योगदान दिनुपर्ने विचार व्यक्त गरेकाले निबन्धको विषयवस्तु र शीर्षकबीच तादत्म्यभाव भेटिन्छ त्यसैले प्रस्तुत निबन्धको शीर्षक सार्थक देखिन्छ ।

#### ४.२.१.२. संरचना

संरचनाका आधारमा प्रस्तुत **मृत्युसितका जम्का भेटहरू** निबन्ध जम्मा सात पृष्ठमा फैलिएको मध्यम आयामको निबन्ध हो । साना ठूला जम्मा तेह्र अनुच्छेदमा यो निबन्ध संरचित छ ।

#### ४.२.१.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **मृत्युसितका जम्का भेटहरू** निबन्धले मृत्युसम्बन्धी चिन्तन प्रस्तुत गरेको छ । जीवनमा केही अमूल्य योगदान दिन नसके बाँचेर पनि मरेतुल्य हुनेहरूलाई चित्रण गरेको छ । निबन्धकारले जीवन भनेकै सृजनाका लागि भएको जनाएका छन् । कतै राष्ट्रवादी चिन्तन यसरी प्रस्तुत गरेका छन :

> '*मृत्युले केही हदसम्म वास्तै गरेन भने त्यो अवधि मैले कस्ता सृजनाका उपहारले सजाइदिनुपर्ने हो, कस्ता विविध उपकरणहरूले उपचार गर्नुपर्ने हो, राष्ट्रलाई कस्ता प्रणय-सुखका शर्तहरूलेसुखी तुल्याउनु पर्ने हो, स्पष्ट जानकारी पाउनको लागि मानसिक धरातलमा सकसकी लागिरहनु अस्वाभाविक होइन ।*' पृ.१/२ ।

यसरी निबन्धकार खनाल राष्ट्रप्रति जिम्मेवार हुनुपर्ने विषयवस्तुलाई उठान गरेका छन् । समग्रमा मृत्युसम्बन्धी चिन्तन प्रस्तुत गर्दै राज्यलाई योगदान दिन जीवनको अन्तिम अवस्थासम्म लागिरहनुपर्ने कुरा यस निबन्धमा विषयवस्तुका रूपमा प्रस्तुत भएको छ ।

#### ४.२.१.४. भाषाशैली

प्रस्तुत **मृत्युसितका जम्का भेटहरू** निबन्ध प्रथमपुरूष कथनढाँचामा रचिएको निबन्ध  हो । यस निबन्धमा नारायणप्रसाद खनालले स्वच्छन्दतावादी प्रवृत्ति अर्न्तगतको आत्मपरक शैलीलाई आत्मसात् गरेका छन् । खनालले निबन्धमा कतै आलङ्कारिक भाषाको प्रयोग यसरी गरेका छन् :

*'मलाई मृत्युका थुप्रै आन्तरिक कारणहरूले हृदयका आँखा फुटाइदिएका छन्, कर्तव्यका जोर्नीहरू खुस्क्याइदिएका छन् । उत्साहका छाती चर्काइदिएका छन्, सिर्जनाका हाडहरू पिसिदिएका छन् । अनुभूतिका मुटुहरू चिथोरिदिएका छन् ।'* पृ.२/३ ।

निबन्धलाई श्रुतिमधुरता प्रदान गर्न सरल, सहज र वोधगम्य भाषाको प्रयोगमा खनाल सचेत भएको पाइन्छ भने जटिल वाक्यको र लामा लामा वाक्ययोजना नहुनुले प्रस्तुत निबन्धलाई जीवन्तता थपेको पाइन्छ जसले गर्दा प्रस्तुत निबन्धलाई सुकोमल बनाएको पाइन्छ ।

### ४.२.१.५. उद्देश्य

प्रस्तुत **मृत्युसितका जम्का भेटहरू** निबन्धले जीवन अमूल्य रहेको र यो मूल्यवान समय र जीवनको उपयोग गरेर राष्ट्रलाई योगदान दिने कार्यमा सधैँ लागिरहनुपर्ने कुरालाई यसरी व्यक्त गरेका छन् : *'जीवनभर भौतिकता भित्र स्वभाविक प्रक्रियाभित्र नै अल्झिरहने हो भने सिर्जनाको सेरोफेरो सबै चौपट भई राष्ट्र निर्माणको कार्य ठप हुन जान्छ ।'* (पृ. ६) ।

जीवन भनेकै सृजनशीलताका लागि हुनपर्ने तर्फ सङ्केत गर्दै समयको मूल्यलाई प्रस्ततु गर्दै आफ्नो सृजनात्मक योगदानले मृत्युलाई पनि जित्न सकिने विचार प्रस्तुत गर्नु यस निबन्धको मुख्य उद्देश्य वा प्रयोजन रहेको कुरालाई यसरी प्रस्तुत गरेका छन् :*'मैले बाँच्नुपर्ने दिनहरू नै मेरा सुकिला पक्ष हुन् । यिनै अहोरात्रहरूमा मैले फुल्न जान्नुपर्छ र फल्न सिक्नुपर्छ ।'* (पृ. २) ।

## ४.२.२. हामी उपस्थित भएका छौं

### ४.२.२.१. परिचय

प्रस्तुत **हामी उपस्थित भएका छौं** निबन्ध **राष्ट्रसन्देश साप्ताहिक**(वर्ष-३, अङ्क-१, २०४९) मा सर्वप्रथम प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  दोस्रो निबन्ध हो । यस निबन्धले राष्ट्रिय स्वार्थलाई प्रमुख स्वार्थ बनाएर सानातिना असमझदारीलाई हटाएर राष्ट्रनिर्माणको सङ्कल्पका साथ सम्पूर्ण नागरिक एकजुट भएर उपस्थित हुनपर्ने मूलभाव बोकेको हुनाले शीर्षक सार्थक देखिन्छ ।

### ४.२.२.२. संरचना

संरचनाका आधारमा प्रस्तुत **हामी उपस्थित भएका छौं** निबन्ध दुई पृष्ठमा फैलिएको सङ्ग्रहको सबैभन्दा छोटो निबन्ध हो जुन चार अनुच्छेदमा संरचित छ ।

### ४.२.२.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **हामी उपस्थित भएका छौं** निबन्धमा राष्ट्रभक्तिको भावना प्रकट भएको छ । राजनैतिक विकृति र विसङ्गतिले पारेको नराम्रो प्रभावलाई मेटाएर देशभक्त राजनीतिज्ञहरूले देशलाई पुर्ननिर्माण गर्नुपर्छ भन्दै राजनैतिक पार्टीका भ्रष्ट नेताहरू सुध्रनुपर्ने बताएका छन् । आपसमा फुटेर होइन जुटेर देशलाई विकसित तुल्याउन लाग्नुपर्ने भन्दै व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर देशलाई अग्रगति दिनुपर्ने कुरालाई यसरी व्यक्त गरेका छन् : *'अरूहरू फुटेका सिसाका चुरूनाहरू पनि जोड्ने धूनमा दिवास्वप्न देख्दै छन्, हामी जाबो फुटेको मैन र टुटेको मन गालेर जोड्न महाभारत सम्झन्छौं ।'* (पृ. ९) ।

समग्रमा राज्यका नेतागणहरूले विगतका गल्ती  र कमजोरीबाट सच्चिएर आपसी मित्रता र भातृत्व कायमगरी देश निर्माणमा उपस्थित हुनुपर्ने कुरालाई विषयवस्तुको रूपमा यस निबन्धले ग्रहण गरेको कुरा यस उदाहरणबाट प्रष्ट हुन सकिन्छ :

> *'समय अझै बाँकी छ आफ्ना वैमनस्यहरू लगेर नारायणीमा सेलाइदिनुहोस्, हृदयको कञ्चन मन्दिरमा देशको ढुकढुकी छामेर प्रतिज्ञा गर्नुहोस् 'म राष्ट्रको स्वार्थमा समर्पित हुन्छु, देशको उत्थानमा जुर्मुराउँछु र माटोको ममतामा रमाउँछु, म भीमार्जुनको बल झिक्छु ।'* पृ. ९ ।

## ४.२.२.४. भाषाशैली

प्रस्तुत **हामी उपस्थित भएको छौं** निबन्ध आत्मपरक शैलीमा रचिएको निबन्ध हो । राष्ट्रलाई बचाउँने हो भने विगतका कमीकमजोरीहरूबाट पाठ सिकेर सबैले सच्चिनुपर्ने कुरालाई निकै सरल र सहज भाषाशैलीका माध्यमबाट यसरी व्यक्त गरेका छन् : *"हामी त्यसरी होइन, यसरी आएका छौं । हामी फेरि केही फेरिएर आएका छौं, केही सुधारिएर आएका छौं ।"* (पृ. ९) ।

सरलवाक्य योजनाका माध्यमबाट राष्ट्रिय चिन्तन प्रतुत गर्दै आलङ्कारिक भाषाको प्रयोगले निबन्धलाई जीवन्तता प्रदान गरेको कुरा यस उदाहरणबाट प्रष्ट हुन्छ : *"तपाईलाई घर आँगनको नीमले जति आनन्द दिन सक्छ, स्वर्गको कल्पवृक्षले कदापि दिँदैन् ।"* (पृ. ९) ।

अभिधाकै तहमा अर्थ प्रष्ट हुने यस निबन्ध सामान्य पाठकका लागि सरल र सुबोध रहेको छ ।

## ४.२.२.५. उद्‌देश्य

प्रस्तुत **हामी उपस्थित भएका छौं** निबन्ध मार्फत् निबन्धकारले राष्ट्रलाई विकसित तुल्याउन नसकेका राजनैतिक नेतृत्वको पर्दाफास गर्नु मूख्य उद्‌देश्य रहेको छ । सबै आ-आफ्ना स्वार्थमा लागेका कारण र राजनैतिक दलको लापरवाहीले देशले सजाय भोगेको कुरा उल्लेख गर्दै राजनैतिक दल र तिनका नेतालाई खवरदारी गर्ने उद्‌देश्यमा निबन्ध लेखिएको छ । राष्ट्रका नेताहरू अब परिवर्तित समयसँगै सँच्चिएर आउनुपर्ने र राष्ट्रलाई विकसित तुल्याउनुपर्ने भन्दै राष्ट्रिय चिन्तन प्रस्तुत गर्ने उद्‌देश्यमा निबन्ध रहेको देखिन्छ ।

## ४.२.३. म बाहिर निस्कैं !

## ४.२.३.१. परिचय

प्रस्तुत **म बाहिर निस्कैं !** निबन्ध सर्वप्रथम नेपाल परिवार नियोजन सङ्घ, **चितवन शाखा स्मारिका** (२०५०) मा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  तेस्रो निबन्ध हो । यो निबन्धको शीर्षक वाक्य स्तरको रहेको छ । यस निबन्धमा विभिन्न आन्दोलनले पनि महिला वा स्त्रीजातिका इच्छा, चाहना, हक अधिकार सुरक्षित गर्न नसेको बताइएको छ । यस निबन्धले नेपाली नारीलाई हक अधिकारद्वारा सम्पन्न बनाउन अनेकौं क्रान्ति भएको बताइएको छ र व्यावहारिक रूपमा यो अवस्था नपाइएको निबन्धकारले देखेका छन् जसको लागि नारी वर्ग सधैं सचेत तथा पुरूषसत्ताको विद्रोहमा एकजुट हुन आह्वान गरिएको छ ।

## ४.२.३.२. संरचना

प्रस्तुत **म बाहिर निस्कैं !** निबन्ध पाँच पृष्ठमा फैलिएको मध्यम आकारको निबन्ध हो जसमा नौ वटा अनुच्छेद योजना रहेको पाइन्छ ।

### ४.२.३.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **म बाहिर निस्कें !** निबन्धमा नेपाली समाजका स्त्रीजातिले भोग्ने गरेका विभिन्न शोषण, असमानता र अन्याय आदिलाई प्रस्तुत गर्दै छोरीहरू परम्परागत घरगृहस्थीमा मात्र नलागी समाज र राष्ट्रलाई योगदान दिनको लागि अगाडि बढ्नुपर्ने कुरालाई संकेत गरिएको छ । नेपाली समाजमा व्याप्त लैङ्गिक असमानतालाई कलात्मक रूपमा प्रस्तुत गर्दै निबन्धकारले यस प्रतिको असन्तुष्टिलाई यसरी प्रस्तुत गरेका छन् : *'हामीले सात साल र छयालीस सालमा उन्मूक्ति पायौं तर अझै पनि रोग-भोक र अशिक्षाबाट मूक्त हुन सकेका छैनौं । छोरीहरूलाई उन्मुक्ति दिने कुरामा अझै पनि हामी आनाकानी गरि नै रहेका छौं ।'* (पृ. ११) ।

नेपाली समाजमा महिलाको उपस्थिति घर गृहस्थी र चुलोचौको मै बित्ने गरेको प्रति संकेत गर्दै अब नारी जातिले आफ्नो हक अधिकार प्राप्त गर्नको लागि विद्रोह गर्नको लागि त्यस परिस्थितिबाट बाहिर निस्किएर असमानता अन्याय र अत्याचारको भण्डाफोर गरेर आफ्नो अधिकार प्राप्तिमा लाग्नुपर्ने विद्रोहीभाव निबन्धको मूलभाव रहेको कुरालाई निबन्धकार यसरी व्यक्त गर्छन : *दुवै हात मुट्ठी पारेर कुममाथि पुऱ्याई यौटा अनौठो खुशियालीको अभिनय सञ्चार गर्दै केही आकाङ्क्षा बोकेका आँखा नचाउँदै उफ्रदै ठूलो आवाज निकालेर छोरी भन्छे, भन्छे के उन्मुक्त हृदयले दिव्य घोषणा गर्छे 'म बाहिर निस्कें !'* (पृ. १०) ।

### ४.२.३.४. भाषाशैली

प्रस्तुत **म बाहिर निस्कें !** निबन्धमा आत्मपरक शैली अवलम्बन गरिएको छ । यस निबन्धमा प्रयुक्त भाषाशैली सरल र सहज किसिमको छ ।कुनै पनि स्तरका पाठकलाई भाषिक कठिनाई नपर्ने यस निबन्धमा प्रतीकात्मक रूपमा महिलाहरू अधिकार प्राप्तिको लागि बाहिर निस्किनुपर्ने आव्हान गरिएको छ । नदीको वहावजस्तै गतिशील भाषा यस निबन्धमा छ भने *मुसुमुसु, टुकटुक, पकपक, च्याहाँ च्याहाँ* जस्ता अनुकरणात्मक शब्दप्रयोगले निबन्धलाई थप रोचक बनाएको पाइन्छ ।

### ४.२.३.५. उद्देश्य

प्रस्तुत **म बाहिर निस्कें !** निबन्ध मार्फत् निबन्धकारले लैङ्गिक समानताको वकालत गर्नु प्रमुख उद्देश्य रहेको पाइन्छ । समाजमा व्याप्त अन्याय र दमनबाट स्त्रीजाति आक्रान्त भएकोले समाजमा शान्ति, विकास र समानताको लागि महिलाहरूलाई समान अधिकार दिनुपर्ने कुराको वकालत गरी शोषणमुक्त समानतामूलक समाजको कल्पना गर्नु यस निबन्धको उद्देश्य रहेको पाइन्छ ।

## ४.२.४. यात्रा अझै अधूरो छ

### ४.२.४.१. परिचय

प्रस्तुत **यात्रा अझै अधूरो छ** निबन्ध सर्वप्रथम **श्रमकण** (२०५०) पत्रिकामा प्रकाशित भएको रपछि यसै सङ्ग्रहमा सङ्ग्रहित चौथो निबन्ध हो । यस निबन्धको शीर्षक वाक्यस्तरको रहेको छ । यो निबन्धले एकातिर यात्रा वर्णनमा आधारित तथा लुम्बिनी र गौतमबुद्धका बारेमा संकेत गरेको छ भने अर्कातिर गौतमबुद्धको शान्ति, मानवता, अहिँसावादी चिन्तन, विश्वबन्धुत्वको भावनाले अझैसम्म मूर्तरूप पाउन नसकेकाले बुद्धको त्यो यात्रा अझै अधूरो रहेको कुरालाई विषयवस्तुका रूपमा प्रस्तुत गरेकाले प्रस्तुत निबन्धको शीर्षक सार्थक देखिन्छ ।

### ४.२.४.२. संरचना

प्रस्तुत **यात्रा अझै अधूरो छ** निबन्ध पाँच पृष्ठमा संरचित छ । स-साना चौध अनुच्छेदको संरचनामा यो निबन्ध संरचित छ ।

### ४.२.४.३. विषयवस्तु/मूलभाव

प्रस्तुत निबन्ध यात्रा वर्णनमा आधारित निबन्ध हो । निबन्धकारले आफ्नो यात्राका क्रममा देखेका सुनेका र अनुभव गरेका विषयवस्तुलाई यस निबन्धको विषयवस्तु बनाएका छन् भने गौतमबुद्ध जुन उद्देश्यका साथ दरवार छाडेर यात्रा सुरू गरेका थिए त्यो उद्देश्य अझैसम्म पूर्ण नभएको तर्फ पनि निबन्धकारले सङ्केत गरेका छन् । बुद्धको शान्ति, मानवता, अहिँसा र विश्वबन्धुत्वको जुन अभियान थियो त्यो कार्यसिद्ध भैनसकेकाले यात्रा अझै अधुरो रहेको कुरालाई निबन्धकारले विषयवस्तुका रूपमा यसरी व्यक्त गरेका छन् :

> *'मानिसलाई आक्रमण गर्ने रोग, बुढ्याइँ, काल जस्ता कुराबाट मुक्त भई कसरी निरामय, अजर र अमर बनाउन सकिन्छ भन्ने कुराको खोजीमा लाग्न सन्यास लिई भिक्षु नबन्दासम्म लक्ष्य प्राप्त नहुने देखिएकाले यसै पूर्वी पुरद्वारबाट युवराज सिद्धार्थ अर्थसिद्धिका लागि रथमा चढेर महाभिनिण्क्रमण गरेका थिए ।'* पृ. १७ ।

बुद्धका आचरणहरू व्यवहारमा लागू नगर्दासम्म अर्थात सम्पूर्ण विश्वमा अवलम्बन नगर्दासम्म यात्रा अधूरो अर्थात् पूरा नहुने तर्फ निबन्धको विषयवस्तुको संकेत पाइन्छ जुन मूलभावको रूपमा निबन्धमा रहेको छ ।

### ४.२.४.४. भाषाशैली

प्रस्तुत **यात्रा अझै अधूरो छ** नामक निबन्ध यात्रा वर्णनमा आधारित भएकाले वर्णनात्मक तथा वस्तुपरक आदि शैलीमा रचिएको छ । वस्तुतथ्यमा आधारित सूचनामूलक विषय रहेकाले सरल सहज र बोधगम्य भाषाको प्रयोग गरेर गौतमबुद्धको शान्ति, मानवता र अहिंसाको यात्रा अझै अपूर्ण बन्न नसकेको गम्भीर प्रसङ्गलाई कलात्मक भाषाशैलीका माध्यमबाट प्रस्तुत गरिएको छ ।

### ४.२.४.५. उद्देश्य

प्रस्तुत **यात्रा अझै अधूरो छ** निबन्धमा विश्वशान्तिका लागि गौतमबुद्धको शान्ति, मानवता र अहिंसा जस्ता मूलमन्त्रले अझै सार्थकता नपाएको र समग्र विश्व नै शान्ति, मानवतावादी र अहिंसावादी बनाउने बुद्धको योजनाको यात्रा पूर्ण नभएको विषयवस्तु उठान गरी विश्वशान्तिको वकालत गर्नु यस निबन्धको उद्देश्य रहेको पाइन्छ ।

## ४.२.५ भ्रान्ति

### ४.२.५.१. परिचय

प्रस्तुत **भ्रान्ति** नामक निबन्ध सर्वप्रथम **सुनगाभा** (वर्ष १, अङ्क १, २०५१) मा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  पाँचौ निबन्ध हो । यस निबन्धको शीर्षक शब्दात्मक रहेको

छ । सामान्यतया भ्रान्ति भन्नाले भ्रमसृजना हुनु, सत्य नहुनु, शङ्कास्पद हुनु तथा छलकपट भएको भन्ने बुझिन्छ यस निबन्धमा देशका हरेक तह र तप्कामा इमान जमान र सत्यता ह्रास हुँदै गएको र समाजमा असत्यको बोलवाला रहेको तथ्यलाई व्यङ्ग्यात्मक तरिकाले प्रस्तुत गरिएको छ । कुनै पनि क्षेत्रमा सत्य र इमानदारीपन नरहेको प्रसङ्ग जोड्दै समाजको विसङ्गत पक्षमाथि कडा व्यङ्ग्य प्रहार गरिएको छ । भ्रान्तिलाई हटाउन सचेत नागरिकहरू बेलैमा सचेत हुनुपन विषयलाई साङ्केतिक रूपले प्रस्तुत गरिएकाले विषयवस्तु र शीर्षकबिच तादात्म्यता देखिन्छ त्यसैले प्रस्तुत निबन्धको शीर्षक सार्थक देखिन्छ ।

### ४.२.५.२. संरचना

प्रस्तुत **भ्रान्ति** निबन्ध आकारका आधारमा मझौला आकारको तथा छ पृष्ठमा संरचित निबन्ध हो । स-साना सोह्र अनुच्छेदमा फैलिएको यस निबन्धले हास्यव्यङ्ग्य अर्न्तगतको व्यङ्ग्यात्मक शैलीलाई पछ्याएको पाइन्छ ।

### ४.२.५.३ विषयवस्तु/मूलभाव

प्रस्तुत **भ्रान्ति** निबन्ध एक व्यङ्ग्यात्मक शैली अँगालेर लेखिएको निबन्ध हो । सारा संसारका चरअचर सबै यथार्थभन्दा टाढा रहेको र सबैले जीवन जिउनेक्रममा भ्रममा बाँच्नुपरेको औंल्याएका छन् । समाज छलकपट, स्वार्थ र शक्तिमा अडिएको प्रति सङ्केत गर्दै निबन्धकारले समाजले स्वार्थी प्रवृत्ति आत्मसात् गरेको व्यङ्ग्यभाव उदाहरणमा यसरी प्रस्तुत गरेका छन् :

> *'भ्रमको खेती राम्ररी नगर्ने हो भने के खाएर बाँच्नु ? कसरी जीवन निर्वाह गर्नु ? जानाजान वा अन्जान सबै मान्छे भ्रमात्मक खेती गर्न पोख्त छन् । भ्रम-सिर्जना गरेर सुखी जीवनको परिकल्पनामा मस्त छन् । भ्रम यथार्थता हो र यो नबुझ्नु स्वयं भ्रमभित्र बल्झिनु हो ।' पृ. २० ।*

सारा संसारलाई झुटो ठहऱ्याउँदै निबन्धकार इतिहास, पुराण, राजनीति, शिक्षा, विज्ञान, उद्योग, व्यापार, अतिथि सत्कार, जीवन, प्रेम, मृत्यु र साहित्य जस्ता अनेकौं पक्षमा तथा संसार र स्वयम् व्यक्ति पनि भ्रम सिवाय अरूकेही नभएको बताउँदै संसारमा इमान जमान र सत्यताको सत्ता लोप भएको विषयवस्तु संयोजन गरी समाजको विसङ्गत पक्षमाथि सटिक प्रहार गरेका छन् । भ्रान्ति सम्बन्धी दार्शनिक चिन्तनको प्रस्तुति नै निबन्धको विषयवस्तु बनेको छ । भ्रान्तिबाट माथि उठेर समाजमा यथार्थकोधका लागि अनुरोध गरिएको छ ।

### ४.२.५.४. भाषाशैली

प्रस्तुत **भ्रान्ति** निबन्ध आत्मपरक शैलीमा लेखिएको निबन्ध हो जसको शीर्षक नै प्रतीकात्मक रहेको छ । निबन्धकार यस निबन्धमा विभिन्न उखानटुक्काहरू *आफ्नो टाउको फुटेपछि मितको टाउको वेलैसरी, अन्धाको छोरो अन्धै* प्रयोग गर्दै निबन्धलाई रसात्मक र काव्यात्मक बनाएका छन् । संस्कृतका विभिन्न शब्द तथा उक्ती *ब्रहम मिथ्या जगत्सत्यम्, भ्रमः सत्यं जगत् मिथ्या, रज्जौ यथाहेभ्रम, प्राप्ते तु षोडशे वर्षे गर्दभी चाप्सरायेत* प्रयोग गर्दै निबन्धलाई रोचक बनाएका छन् । विभिन्न प्रतीकहरू *माकुरो झैं त्यसैमा फस्नुपर्छ, मृगमरीचिकाकोकुपोषणमा हुर्कन्छन्, सिङ पुच्छर जरो नभएका पशु हुन्*।

पृ. २१/२२) प्रयोगले निबन्धलाई अझबढि जीवन्तता प्रदान गरेको पाइन्छ । समग्रमा यस निबन्धको भाषा सरल, सहज, सजीव र बोधगम्य नै पाइन्छ ।

### ४.२.५.५. उद्देश्य

प्रस्तुत **भ्रान्ति** निबन्धमार्फत् निबन्धकारले समाजका विभिन्न वर्गको कार्यमा यथार्थता हराएको र स्वाभाविकता भन्दा अस्वाभाविकता र भ्रम सृजना गरी आफ्नो जीवन चलाउने प्रवृत्ति गलत भएको प्रति सङ्केत गर्दै समाजमा गरिने व्यावहार प्राकृतिक सत्यमा आधारित हुनुपर्ने कुरा बताउन खोजेका छन् । मानिसका स्वार्थी प्रवृत्तिले शिक्षा, उद्योग, व्यापार, राजनीति, संस्कृति, विज्ञान र साहित्य पनि भ्रमबाट गुज्रनु परेको बताएका छन् । भ्रमले समाजलाई हित नगर्ने तथ्यलाई यसरी उदाहरण पेश गरेका छन् : *'जीवनशैलीका रूपमा स्वीकृत भ्रमको विश्वासमा अनन्त मानवहरूको प्रेरणा, विकास र विवेक बन्धक बन्नु अनौठो जस्तो लाग्दैन ।'* (पृ. २५) ।

इमान, जमान र निस्वार्थीपन लोपभएको भन्दै भ्रान्तिलाई हरेक क्षेत्रबाट हटाउनुपर्ने नत्र समाज र जीवन नै कष्टप्रद रहने कुरालाई उजागर गर्नु यस निबन्धको प्रमुख उद्देश्य देखिन्छ ।

## ४.२.६. सगरमाथा

### ४.२.६.१. परिचय

प्रस्तुत **सगरमाथा** निबन्ध सर्वप्रथम **वागीश्वरी** पत्रिका (वर्ष-७, अङ्क-३, २०५२) मा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  छैटौं निबन्ध हो । यस निबन्धको शीर्षक शब्दात्मक रहेको छ । सगरमाथाको अर्थ नेपालको सोलुखुम्वुमा अवस्थित विश्वको सर्वोच्च हिमशृङ्खला भन्ने हुन्छ भने यस निबन्धमा लाक्षणिक रूपमा नेपालीहरूको पौरख र वीरताको उचाई भन्ने बुझिन्छ । सगरमाथाबाट प्रेरणा र शिक्षा लिएर हामीले पनि पूर्वजहरूको इज्जत र सगरमाथाको शिरको साखलाई जोगाइराख्न राष्ट्र विकासको अभियानमा जुट्नुपर्ने उल्लेख गरेका छन् भने हाम्रो विचार, सोचाई, उद्देश्य र कार्य सगरमाथा जस्तै उच्च अडिग र अजर रहनुपर्ने विषयवस्तुको संयोजन गरेकाले यस निबन्धको शीषक सार्थक देखिन्छ ।

### ४.२.६.२. संरचना

प्रस्तुत **सगरमाथा** निबन्ध चार पृष्ठमा फैलिएको पाँच अनुच्छेदको संरचना भएको मझौला आकारको निबन्धका रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.२.६.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **सगरमाथा** निबन्धले विभिन्न विचार प्रस्तुत गर्दै खनालको राष्ट्रप्रतिको मायालाई उजागर गरेको पाइन्छ भने राष्ट्रिय चिन्तन हावी भएको विषयवस्तु प्रस्तुत गरेको छ । हामीले हाम्रो मौलिक पहिचानलाई जोगाइ राखेर विश्वमा नेपालीलाई चिनाउनु पर्ने तर्फ सङ्केत गर्दै राष्ट्रलाई विचल्ली बनाउने राजनीतिज्ञप्रति खवरदारी भाव यसरी प्रस्तुत गरेका छन् :

> *'ए ! पुर्खाको धरौटी र ममताको आँचल बेचेर विदेशी जडौरी भिर्न नलजाउनेहरू हो ! एक दिन विश्वकै नजरबाट गिर्न सक्छौ । तिमीसँग स्वाभिमानको संग्रह छ भने नेपाल आमाको*

*पेटबाट जन्मेर काखमा हुर्केका हौ भने ती विदेशी विकृतिका खोक्रा परिधान फ्याँक ! झ्याङ्झ्याङे संस्कृतिको खोल च्यात ! अनि बोक मादल, बाँसुरी र सहनाईको स्वर ! गाऊ गीत डाँफे र चाँचरीको ! छुपुछुपु रोप मस्तिष्कमा असारे गीत ।'* पृ. २८ ।

देशको अस्मिता जोगाइराख्नु चुनौतिपूर्ण रहेको र विगतका शासकहरूले गरेका कुकृत्यलाई पर्दाफास गर्दै कतै सगरमाथाको अस्तित्त्व नै धरापमा पर्ने त होइन भन्दै समग्र नेपाली नागरिकहरू सचेत हुनपर्ने तर्फ खनाल यसरी प्रस्तुत भएका छन् :

*'मलाई डर लाग्छ आफ्नै बन्धुसित कुलकुटुम्बसित, भाइभाइसित र ती आफ्नो स्वत्व मेटेर गला रेटेर बाँच्न चाहने ती भूतपूर्व वीर नेपालीहरूसित ! तिमी निर्दयीले आफ्ना छोरी बेटी बेचे झैं मन्दिरको मूर्ति र शरीरको आत्मा बेचेझैं कतै कुनै दिन त्यो निरीह सगरमाथा बेच्नसक्छौं !'* पृ. २७ ।

यसरी राष्ट्रिय गौरव यस निबन्धको विषयवस्तु बनेको छ ।

### ४.२.६.४. भाषाशैली

प्रस्तुत **सगरमाथा** निबन्ध आत्मपरक शैलीमा रचना गरिएको निबन्ध हो । छोटा छोटा वाक्य योजना, सरल, सरस भाषाशैलीले निबन्धलाई जीवन्त  तुल्याएको पाइन्छ । कतै-कतै अङ्ग्रेजी शब्द *ब्याकमेला डिस्को, डलर, कन्डक्टर, कन्सेक्सन, फाइल, फेशन* को प्रयोग भएपनि समग्रमा निबन्ध कोमल भाषाशैलीले युक्त छ ।

### ४.२.६.५. उद्देश्य

प्रस्तुत **सगरमाथा** निबन्धले स्वदेशको मौलिक हिचान अरूसामू पेश गरेर सगरमाथाको शिर उचो बनाउने तथा राजनैतिक फोहोरी खेलबाट मुक्त भएर सगरमाथाको शिरलाई कहिल्यै ढल्न दिनु हुँदैन भन्ने राष्ट्रवादी भावना र राष्ट्रिय चिन्तन प्रस्तुत गर्नु मूख्य उद्देश्य देखिन्छ जुन कुरालाई यस उदाहरणले थप पुष्टि गर्दछ :

*'म सगरमाथाको प्रतीक हुँ र मेरो प्रतीक, देशको प्रतीक मेरै शिरको टोपी ! मलाई कसैले टोपीवाला भनिदेओस् बिन्ती म स्वतः सगरमाथावाला हुनेछु मेरो जीवनशैली बनिसकेको छ, जीवनशैली ।'* (पृ. २९) ।

## ४.२.७ हृदय कसलाई दान गरूँ !

### ४.२.७.१. परिचय

प्रस्तुत **हृदय कसलाई दान गरूँ !** निबन्ध सर्वप्रथम **सोभेनिर फोट्स नेपाल** (१९९५) कृषि तथा पशुविज्ञान अध्ययन संस्थान मा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  सातौं निबन्ध हो । यस निबन्धको शीर्षक वाक्यस्तरको तथा प्रश्नात्मक शैलीमा शीर्षक रहेको छ । उक्त निबन्धमा साथीत्व र भाइचारा  प्रवृत्ति कतै नभएको र आफ्नो विचार भावना मिल्ने कतै नभेटिएको बताइएको छ । सबै स्वार्थी, कपटी र अन्यायी स्वभावका मात्रै मानिसको भीडमा आफू बाँचेको कुरालाई विषयवस्तु बनाइएकाले शीर्षक र विषयवस्तुबिच तालमेल देखिन्छ जसले गर्दा शीर्षक सार्थक बनेको छ ।

### ४.२.७.२. संरचना

प्रस्तुत **हृदय कसलाई दान गरूँ !** निबन्ध तीन पृष्ठमा फैलिएको तथा स-साना आठ अनुच्छेद योजना भएको लघु आकारको निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित  छ ।

### ४.२.७.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **हृदय कसलाई दान गरूँ !** निबन्धमा निबन्धकारको मानवतावादी दृष्टिकोण प्रवल बनेको छ र सहृदयीको खोजी गरिएको छ । आजको समाज निकै यान्त्रिक बनेको सबै पत्थरको जस्तो मन भएका मानव बनेका र समाज समाज नभई जङ्गलजस्तो हिँस्रक जनावरको बस्ती बन्न लागेको इंगित गर्दै निबन्धकार यसरी प्रस्तुत भएका छन् : *'मलाई सहृदयी बनेर बस्न मन लागेर के गर्नु ? मेरा सहृदयी नै हिँस्रक छन् र उनको शिकारको पहिलो तारो मानौं मै नै हुँ !'* (पृ ३२) ।

समाजमा स्वार्थी प्रवृत्ति त्यागेर समग्र समाज र राष्ट्रको हितका लागि व्यक्तिगत इच्छालाई तिलाञ्जली दिएर हरेक मानवको समस्या र भावनालाई बुझेर साथीत्वको भावनालाई मजबुत बनाएर सँगसँगै हातेमालो गरेर हिड्नु पर्ने भन्दै सबैप्रति सहृदयको चाहना उक्त निबन्धमार्फत् विषयवस्तुको रूपमा प्रस्तुत भएको छ । हेरौं अर्को उदाहरण : *'हे मित्र सहृदय ! मैले मान्छेबिनाका मान्छेहरूबाहेक सबैलाई आश्रय दिन सक्छु । आफ्नो आकारले सानो भए तापनि भावना र कल्पनाले बगैँचा विस्तृत छ ।'* (पृ. ३१) ।

### ४.२.७.४. भाषाशैली

प्रस्तुत **हृदय कसलाई दान गरूँ !** निबन्धमा आत्मपरक शैली हावी भएको देखिन्छ । निबन्धमा छोटा छोटा अनुचछेद योजनाले काव्यात्मक पन झल्काएको पाइन्छ । सरलवाक्यको प्रयोग अधिक रहेको छ कतै कतै *टेस्टट्यूव बेबी* जस्ता अङ्ग्रेजी शब्दको पनि प्रयोग पाइन्छ भने कतै कतै *चरर्रर, करकरमरमर* जस्ता अनुकरणात्मक शब्दको प्रयोगले निबन्धलाई श्रुतिमधुरत बनाएको पाइन्छ । प्रतीकात्मक तथा रूपक अलङ्कारको प्रयोगले निबन्धलाई जीवन्तता प्रदान गरेको छ । उदाहरणमा हेरौं :

> *'साँच्चै यो जिन्दगी कतै कलमी पो बनाउन सकिन्थ्यो कि बागवानी विद्या पढेर ! एक पिण्डबाट गन्धारीका सयभाइ पुत्र रत्नझैं ! गमलामा पो सजाउन सकिन्थ्यो कि गुलाब शमी, सिसौ र रबरका विरूवाझैं ! कतै बैठकभित्र पौडाउन सकिन्थ्यो कि अक्वारियमा रङ्गीन माछा झैं !'* पृ. ३१ ।

संस्कृतका उक्ति *'अहिँसा परमो धर्म'* जस्ता सूक्ति पनि प्रयोग पाइने यस निबन्धको समग्रमा भाषा सरल र सुबोध देखिन्छ ।

### ४.२.७.५. उद्देश्य

प्रस्तुत **हृदय कसलाई दान गरूँ !** निबन्ध समाजबाट हराएको आफ्नोपन, मानवतावदी प्रवृत्ति र स्वार्थमा झुण्डिएको आजको बर्बर समाजको चित्रण गरिएको छ । समाजलाई अग्रगति र विकसित

तुल्याउने सहृदयीको खोजी गर्ने मुख्य उद्देश्यमा केन्द्रित रहेको पाइन्छ । समाजलाई स्वार्थ र छलकपटबाट मुक्ति दिलाएर समतामूलक तथा शान्तिले भरिपूर्ण समाजको परिकल्पनामा केन्द्रित रहेको देखिन्छ । मानवतावादी स्वर मुखरित गर्ने उद्देश्य निबन्धले लिएको देखिन्छ ।

### ४.२.८. कञ्चनजङ्घा

#### ४.२.८.१. परिचय

प्रस्तुत **कञ्चनजङ्घा** निबन्ध सर्वप्रथम **वागीश्वरी** (वर्ष ८, अङ्क ४, २०५३) मा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित आठौं निबन्ध हो । यस निबन्धको शीर्षक शब्दात्मक रहेको छ । प्रकृति प्रदत्त विषय हिमालको प्रतीक कञ्चनजङ्घा शीर्षक राखिनुले निबन्धलाई प्रतीकात्मक बनाएको पाइन्छ । समाजमा देखिएको पश्चिमी संस्कृतिको प्रभावले समाजलाई अगाडि नभई पछाडि धकेल्ने तर्फ सङ्केत गर्दै असभ्य र छाडाप्रवृत्तिको व्यङ्ग्यात्मक तरिकाले विरोध गरिएको विषयवस्तु संयोजन गरिएकोले प्रतीकात्मक रूपमा शीर्षक सार्थक देखिन्छ ।

#### ४.२.८.२. संरचना

प्रस्तुत **कञ्चनजङ्घा** निबन्ध चार पृष्ठमा फैलिएको स-साना नौवटा अनुच्छेद योजना भएको यस सङ्ग्रहभित्रका लघु निबन्धहरू मध्येको एक निबन्धको रूपमा रहेको छ ।

#### ४.२.८.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **कञ्चनजङ्घा** निबन्धमा समाज विकासको नाममा आधुनिकताको खोल ओढेर विदेशी संस्कृति र शैलीलाई पछ्याएको वर्तमान समाजको विरोध गरिएको छ । अङ्गप्रदर्शन गरेर समाजमा आफ्नो नाम र दाम कमाउने शैली र प्रवृत्तिले समाजलाई अश्लिल र असभ्य बनाउने तर्फ सङ्केत गर्दै प्रतीकात्मक रूपमा यसरी विरोध गरेका छन् : *'कुन खान्दान या कुल घरानकी छोरी-बुहारी हो, जो बाह्रै महिना चौबीसै घण्टा अति संवेदनशील अङ्गप्रदर्शन गरेर पनि घरानिया परिवारमा परिगठित हुन्छे ?'* (पृ. ३३) ।

समाजमा अपाच्य छाडा तन्त्रलाई सभ्यताको नाम दिन मिल्दैन । हिजो आज नयाँ सभ्यताको रूपमा विकृति र विसङ्गतिहरूले समाजमा जरो गाडेको छ । आधुनिकताका नाममा समाज परिस्कृत होइन विकृत बन्दै गइरहेको कुरालाई विम्व र प्रतीकको उचित संयोजनद्वारा यस निबन्धमा प्रस्तुत गरिएको छ । समग्रमा विदेशी संस्कृतिको विरोध गरेर आफ्नो मौलिक पहिचानमा ध्यान दिनुपर्ने बताइएको छ । आफ्नो अस्तित्त्व विश्वसामू प्रस्तुत गनुपर्ने राष्ट्रवादी भावना जागृत हुनपर्ने कुरालाई यस निबन्धले विषयवस्तु बनाएको छ ।

#### ४.२.८.४. भाषाशैली

प्रस्तुत **कञ्चनजङ्घा** निबन्ध आत्मवादी वस्तुवादी चेतनाको सम्मिश्रण भएको निबन्ध हो । यस निबन्धमा निबन्धकारले विभिन्न बिम्ब र प्रतीकको संयोजन गर्दै आलङ्कारिक भाषाशैलीका माध्यमबाट वर्तमानको चित्र यसरी उतारेका छन् : *'यहाँ हरेक फिल्ममा जीवन्त कञ्चनजङ्घा सस्तो सुपथ मूल्यमा अवलोकन गर्न सकिन्छ । उताको कञ्चनजङ्घा जति हेर पनि एकै लहर देखिन्छ र*

*दर्शक नै चल्ने चित्र हो भने यताका कञ्चनजङ्घा रोजीविनी हेर्न र हरेक पाटा देख्न सकिने प्रचलित चलचित्र हो ।'* (पृ. ३६) ।

विभिन्न अङ्ग्रेजी शब्दहरू *चिकेन, मनिटर, क्याब्रे, डिस्को, पप* शब्दको प्रयोग पनि पाइन्छ भने प्रायः सरलवाक्यको संयोजन यस निबन्धको विशेषता हो । विभिन्न प्रश्नात्मक, उद्गार, उद्धरण चिन्हको प्रयोगले निबन्धलाई गतिशील बनाएको पाइन्छ । आलङ्कारिक तथा विम्वात्मक र प्रतीकात्मक शैली यस निबन्धको विशिष्ट पहिचानको रूपमा रहेको छ ।

### ४.२.८.५. उद्देश्य

प्रस्तुत **कञ्चनजङ्घा** निबन्धमार्फत् नेपाली समाजमा व्याप्त पाश्चात्य प्रभावको चित्रण गर्दै त्यसको अनुकरणबाट समाजमा पर्ने नकारात्मक असरको पर्दाफास गर्दै नेपाली स्वाभिमान, राष्ट्रिय अस्मिता र वीरताको साख जोगाउनु प्रमुख उद्देश्यका रूपमा रहेको पाइन्छ जसलाई विभिन्न घटना र प्रसङ्ग जोड्दै उक्त उद्देश्यपूर्तिका लागि समग्र राष्ट्रका नेपालीहरूलाई चेतनशील बनाउन चेष्टा निबन्धले लिएको देखिन्छ ।

## ४.२.९. कर्तव्य र भूमिका

### ४.२.९.१. परिचय

प्रस्तुत **कर्तव्य र भूमिका** नामक निबन्ध सर्वप्रथम द रेयुकाई नेपाल पार्वतीपुर चितवनद्वारा प्रकाशित **समून्नत** (वर्ष-२, अङ्क-२, २०५३) मा प्रकाशित भएको तथा पछि यसै सङ्ग्रहमा सङ्ग्रहित नवौं निबन्ध हो । यस निबन्धको शीर्षक पदावली स्तरको रहेको छ । प्रस्तुत निबन्धको शीर्षकले देशको उच्च ओहदामा बस्ने राजनीतिक पार्टीका नेताहरूको स्वार्थी, भ्रष्टचारी र नालायकीपनका कारणले देशले पूर्खाहरूको वीरता र इज्जत पनि गुमाउनु पर्ने अवस्थामा पुगेको विषयलाई उठान गरी नेताहरू विराएको बाटोबाट सुध्रिएर कहिले आफ्नो कर्तव्य र भूमिका निभाउन सक्षम होलान् भन्ने विषयलाई मूलभाव बनाएकाले शीर्षक र विषयवस्तु बिच प्रतीकात्मक रूपमा तादात्म्यभाव देखिन्छ त्यसैले शीर्षक सार्थक देखिन्छ ।

### ४.२.९.२. संरचना

प्रस्तुत **कर्तव्य र भूमिका** नामक निबन्ध तीन पृष्ठमा फैलिएको तथा स-साना पाँच अनुच्छेद योजना भएको लघु आकारको निबन्धका रूपमा यस निबन्ध सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.२.९.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **कर्तव्य र भूमिका** नामक निबन्ध मार्फत् देशका नेताहरूले देशलाई उज्यालोतिर लैजानुपर्ने ठाउँमा अध्यारोतिर धकेलिरहेको तर्फ सङ्केत गर्दै उनीहरूले सहिदहरूको भन्दा विदेशीको इसारामा चलेको विषयवस्तुलाई यसरी प्रस्तुत गरिएको छ : *'हामी सहिदझैं अस्तित्त्वका निम्ति निभ्न जानेका छैनौं तर कसैको अस्तित्त्व निभाउन निपूर्ण हुन सक्छौं ।'* (पृ. ३७) ।

राष्ट्रिय स्वार्थ र अस्मिताको संरक्षण र पहिचान कायम नगरिकन देशको ढुकटी रित्याउने र देशको विकासको गतिलाई बल्फाउने काम गरेको तथा भ्रष्ट प्रवृत्ति हावी भएको प्रसङ्गलाई यसरी प्रस्तुत गरिएको छ :

*'हाम्रा घरमा शिक्षाको उज्यालो किन पस्दैन ? शहरमा किन औद्योगिकीकरण हुँदैन ? किन प्रतिव्यक्ति आम्दानी बढ्दैन ? हामी किन स्वस्थ छैनौं ? यी महत्त्वपूर्ण राष्ट्रिय सवालहरूमा नीति नियम बन्छ, ठूलो राजश्व छुट्याइन्छ र ढुकुटी रित्याइन्छ तैपनि समस्या जहाँको त्यहीँ रहन्छन् ।'* पृ. ३८ ।

यसरी भ्रष्ट प्रवृत्तिलाई चित्रण गर्दै समाजमा यस्ता भ्रष्टप्रवृत्ति रहीन्जेलसम्म देशले विकासको काँचुली फेर्न नसक्ने तर्फ सचेत बनाउँदै राष्ट्रवादी भावनालाई निबन्धको विषयवस्तका रूपमा निबन्धकारले उल्लेख गरेका छन् ।

### ४.२.९.४. भाषाशैली

प्रस्तुत **कर्तव्य र भूमिका** नामक निबन्ध आत्मपरक शैलीमा लेखिएको निबन्ध हो । सरल बाक्ययोजनाका साथै कताकति अङ्ग्रेजी शब्द *कास्टिङ र ब्रोकास्टिङको* प्रयोग गरिएपनि निबन्धको भाषाशैली सहज नै पाइन्छ । *अर्काले घोडा चढ्दा हामी धुरी चढ्छौं, खुट्टै तानेर मर्न सक्छौं* जस्ता उखानको प्रयोगले निबन्धलाई रोचक बनाएको पाइन्छ भने बिम्बात्मक तथा प्रतीकात्मक भाषाको प्रयोगले निबन्धलाई ओझिलो बनाएको पाइन्छ । यो उदाहरण हेरौं : *'निस्पट्ट अन्धकारको मझधारमा सारा राष्ट्र घनीभूत लम्पसार सुतर सोध्दैछ यिनको बुद्धि कहिले पलाउला र कर्तव्य पालन गर्लान ? आयातित अन्धानुकरणको 'भूमिका निभाउने' ललहरी छाडेर अर्थपूर्ण भूमिका निर्वाह गर्न भीष्मप्रतिज्ञा कहिले गर्लान् ?'* (पृ. ३९) ।

### ४.२.९.५. उद्देश्य

प्रस्तुत **कर्तव्य र भूमिका** नामक निबन्ध मार्फत् निबन्धकारले देशका भ्रष्ट नेताको भण्डाफोर गरी नागरिकलाई सचेत बनाउने तथा राष्ट्रलाई अवनति होइन उन्नतितर्फ लम्काउनको लागि राजनैतिक रूपमा भ्रष्ट र वेइमानी प्रवृत्तिलाई हटाउनुपर्ने कुरालाई चित्रण गर्नु मुख्य उद्देश्य राखेको पाइन्छ । हाम्रा वीर पूर्खाहरूको वीरता र साहसको इज्जतका लागि पनि हामीले राष्ट्रका लागि केही गर्नुपर्ने जस्ता राष्ट्रवादी भावना जाग्रत गर्ने निबन्धको उद्देश्य रहेको पाइन्छ ।

## ४.२.१०. अँधेरी रात हिड्दैको फसात

### ४.२.१०.१. परिचय

प्रस्तुत **अँधेरी रात हिड्दैको फसात** नामक निबन्धसर्वप्रथम द रेयुकाई नेपाल पार्वतीपुर चितवनद्वारा प्रकाशित **समून्नत** (वर्ष-३, अङ्क-३, २०५४) मा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  दशौं निबन्ध हो । यस निबन्धको शीर्षक वाक्यांश स्तरको रहेको छ । सामान्यतया अध्यारो रात भन्नाले रातको समय डर, त्रास, भय सृजना हुने समय तथा अन्धकारलाई सङ्केत गर्छ भने लाक्षणिक रूपमा नेपाली नागरिकहरूले शान्ति र सुख तथा शोषणरहित वातावरण नपाएकोले डरलाग्दो पक्षलाई संकेत गर्न खोजेको छ । डर लाग्दो अवस्थामा यात्रा गर्नुपर्ने हुँदा अप्ठ्यारो परेको

बतइएको छ, जुन यात्रा अझै कति लम्बिने हो भनेर निबन्धकारले समाजको विकृत पक्षलाई चित्रण गर्ने विषयलाई उठान गरेकोले शीर्षक र निबन्धको कथ्यवीच तालमेल देखिन्छ ।

## ४.२.१०.२. संरचना

प्रस्तुत **अँधेरी रात हिड्दैको फसात** नामक निबन्ध चार पृष्ठमा फैलिएको तथा स-साना बाह्र अनुच्छेदमा फैलिएको लघु आयामको निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

## ४.२.१०.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **अँधेरी रात हिड्दैको फसात** नामक निबन्धमा व्यक्त गरिएको विषयवस्तु समाज सापेक्ष रहेको छ । नेपाली नागरिकहरू भेदभावरहित शोषण, अन्याय र अविकसित अवस्थामा रहँदा आपत, अप्ठ्यारो परेको भन्दै साङ्केतिक रूपमा यस्तो अन्धकारलाई हटाएर उज्यालो छर्नुपर्ने आवश्यकतालाई औल्याएका छन् । यो अभावग्रस्त अवस्था धेरै नलम्बियोस् भन्दै अब नेपाली नागरिकहरूले सहन नसक्ने यथार्थता यसरी व्यक्त गरेका छन् : *'हिजो लागेको थियो, अधेरैमा हिँडिरहेको छु । आज लाग्दैछ अँधेरोको शरणमा लम्पसार परिरहेको छु । यो अँधेरो भविष्यका लागि भूत र वर्तमान झैँ कहाली लाग्दो नबनिरहोस् ।'* (पृ. ४०) ।

नेपालका राजनीतिक दल र तीनका नेताको कार्यशैलीप्रति विरोध जनाउँदै प्रशस्त सम्भावना भएका विकासका कार्यहरू समेत उनीहरूको कार्यशैलीले निस्तेज भएकोले विकासको गति सुस्त भएकोप्रति निबन्धकार यसरी आफ्नो अभिमत व्यक्त गर्दछन् :*'अपरिमित जलविद्युत्को सम्भावनाको प्रचार मलाई धिक्कार झैं लाग्छ किन कि म यो अँधेरो योजनारहित पथमा दिग्भ्रमित भई रन्थनिएको छु ।'* (पृ. ४२) ।

देशको रीति र परम्पराले राष्ट्रलाई अन्योलग्रस्त बनाएको छ । समाजलाई कुनैपनि द्वन्द्वले भलो नगर्ने तर्फ सङ्केत गरेका छन् । दशवर्षे द्वन्द्वले पारेको प्रभावकाकारण अझै अन्धकार भएको विषयवस्तु संयोजन यसरी गरेका छन् : *'गाउँ त के अझै मरेको गाउँले पनि भेटिएको छैन न कल्पनाको कुरा नै साकार भएको छ ।'* (पृ. ४२) ।

यसरी विभिन्न विषयवस्तुको संयोजन गरी राष्ट्रलाई शान्तिपूर्ण भेदभावरहित र विकसित अवस्थामा पुऱ्याउन अँध्यारो पक्षले भूमिका खेलेको र देशलाई उज्यालोतर्फ लैजानुपर्ने आवश्यकता यस निबन्धको विषयवस्तु तथा मूलभाव बनेको छ ।

## ४.२.१०.४. भाषाशैली

प्रस्तुत **अँधेरी रात हिड्दैको फसात** नामक निबन्ध आत्मपरक शैलीमा रचिएको निबन्ध हो । यस निबन्धमा विभिन्न प्रतीक र बिम्बको तथा आलङ्कारिक भाषाशैलीको प्रयोगले निबन्धलाई केही गहन बनाएको पाइन्छ । अध्यारो पक्षको चित्रण गर्ने क्रममा निबन्धकार यसरी प्रतीकहरूको संयोजन गर्न पुग्छन् : *'जति पाइला बढाउँछु त्यति विषालु गोमनले फणा उठाएर डसेको हुन्छ र प्रत्येक अघिल्ला कदमहरूमा छातीभित्र आत्मविश्वासका करेतहरूले टोकेको विष फैलिएर जीउ चर्केको हुन्छ ।'* (पृ. ४१)।

यसरी प्रस्तुत निबन्धमा बिम्बात्मकता र प्रतीकात्मकताका साथै आलङ्कारिक भाषापनि प्रयोग भएको छ समग्रमा निबन्धका वाक्यहरू सरलवाक्यमा नै रहेका छन् भने भाषा सरस र सुवोध रहेको पाइन्छ ।

## ४.२.१०.५. उद्देश्य

प्रस्तुत **अँधेरी रात हिड्दैको फसात** नामक निबन्धमार्फत् निबन्धकारले राजनीतिक पार्टी र तिनका नेताको कार्यशैलीले गर्दा सम्पूर्ण जनताले दुःख र पीडा भोग्नु परेको यथार्थ चित्र प्रस्तुत गरेका छन् । अबका दिनमा अध्यारोरात हामीलाई मान्य नहुने र समाजलाई शिक्षा, स्वास्थ्य र विभिन्न विकासका कार्यहरू दिएर उज्यालो र विकसित समाज निर्माण गर्नुपर्ने आवश्यकतालाई औंल्याउनु मूख्य उद्देश्य रहेको पाइन्छ । भ्रष्टतन्त्र र व्यक्तिगत स्वार्थमा लागेका नेताले देशलाई पारेको असर सचित्र वर्णन गर्ने उद्देश्य प्रस्तुत निबन्धले लिएको देखिन्छ ।

## ४.२.११. सच्चा जीवन : उपहार

## ४.२.११.१. परिचय

प्रस्तुत **सच्चा जीवन : उपहार** नामक निबन्ध सर्वप्रथम **मनोभाव** (वर्ष-२, अङ्क-३, २०५४) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  एघारौं निबन्ध हो । यस निबन्धको शीर्षक उपवाक्य स्तरको रहेको छ । साँचो अर्थमा सच्चा जीवन जीएर देशलाई आफ्नो जीवनको उपहार दिनुपर्ने कुरा बताइएको छ । विभिन्न वस्तु उत्पादन गर्ने सेवा प्रदायक उद्योग र कम्पनीहरूले उपहारको अनावश्यक लोभ देखाएर सोझा साझा जनताहरूलाई लुटेको र त्यसलाई राज्यले नतमस्तक भएर टुलुटुलु हेरेको विषयवस्तु संयोजन गरिएकोले निबन्धको मूलभाव र शीर्षकबिच तादात्म्यभाव देखिन्छ ।

## ४.२.११.२. संरचना

प्रस्तुत **सच्चा जीवन : उपहार** नामक निबन्ध चार पृष्ठमा फैलिएको स-साना आठ अनुच्छेदको सीमामा बाँधिएको निबन्धका रूपमा यस सङ्ग्रहमा रहेको छ ।

## ४.२.११.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **सच्चा जीवन : उपहार** नामक निबन्धमा देशका भ्रष्ट नेताहरूले देशलाई विकसित तुल्याउन राजनीति गरेको नभई आफ्नो स्वार्थसिद्धि गर्नको लागि उनीहरूले देशलाई नै अधोगतितिर धकेलिरहेको यथार्थलाई प्रस्तुत गरेका छन् । राजनीतिज्ञहरूको कार्यशैलीले समाजमा विसङ्गति र विकृतिमात्रै फैलाएको तीतो यथार्थलाई प्रस्तुत गरिएको छ । देशको शासनसत्तामा बसेका नेताहरूको कुकृत्यलाई प्रोत्साहन दिएर आफ्नो स्वार्थपूर्तिमा लागेका नेताहरूले देशलाई तहसनहस पारेको तथ्यलाई यसरी प्रस्तुत गरेका छन् :

*'घर पोलेर खरानी थुपार्न खप्पीस रहेका वर्तमान सत्ताधारी नेताहरू रक्सीले डुवेका देशलाई हिवस्कीले तर्पण दिन तयार छन् । उनीहरू पनि यतिका वर्ष फजुल संघर्ष गरेका होइनन्,*

*व्यापारीसँगै वैतरणी तरेर 'जीवन-मरण' को होडमा आर्थिक सुधार गरेर भविष्यलाई सुरक्षित बनाई सुखभोग गर्न चाहन्छन् ।'* (पृ. ४६) ।

**सच्चा जीवन : उपहार**मा सरकारले पूजीपतिलाई पोषण र गरिब गुरूवालाई शोषणसिवाय अरूथोक नगरेको यथार्थ प्रस्तुत गरिएको छ ।[८] यसरी प्रस्तुत निबन्धले व्यापारीको कालोवजारीपन र त्यसको प्रभावमा परेको नेपाली समाजको यथार्थ चित्रलाई आफ्नो विषयवस्तु बनाएको पाइन्छ ।

## ४.२.११.४. भाषाशैली

प्रस्तुत निबन्ध आत्मपरक शैलीमा लेखिएको निबन्ध हो । यस निबन्धमा सरलवाक्य योजना तथा साना-साना अनुच्छेद योजनाले निबन्धलाई रूचिकर बनाएको छ । *सर्वे सन्तु निरामयः तदस्मासु दवियान्येहि चित्रम्,* निष्काम जस्ता संस्कृतका सूक्तिहरूको प्रयोग तथा *छप्याङ्-छुप्लुङ* जस्ता अनुकरणात्मक शब्दको पनि प्रयोग यस निबन्धमा पाइन्छ जसले निबन्धलाई श्रुतिमधुरता थपेको पाइन्छ । कवितात्मक भाषा यस निबन्धको प्राण बनेको छ । उदाहरण हेरौं : *'म सुन्दै छु रेडियो, हेर्दै छु टेलिभिजन, पढ्दै छु पत्र-पत्रिका, देख्दै छु पोस्टर र जहाँ हेरेको छु जता देखेको छु आग्रह यौटै छ छिटो गर्नुहोस् । उपहार जित्नुहोस् ।'* (पृ. ४४) ।

## ४.२.११.५. उद्देश्य

प्रस्तुत निबन्धले नेपालको राजनीतिक दलका र नेताका यथार्थरूपको चित्रण गरी उनीहरूको कारण देशले भोगेको सजायलाई प्रस्तुत गर्ने उद्देश्य राखिएको पाइन्छ । राजनैतिक भ्रष्ट प्रवृत्तिले सोझा जनताहरूको शोषण गरिएको र त्यसबाट छुटकारा पाउनको लागि नेपाली जनता सचेत बनेर अगाडि बढ्नुपर्ने कुरालाई सांकेतिक रूपमा उद्देश्य बनाइएको छ ।

## ४.२.१२. समवेदना : यात्रीका आफन्तलाई

## ४.२.१२.१. परिचय

प्रस्तुत **समवेदना : यात्रीका आफन्तलाई** निबन्ध सर्वप्रथम **उन्नयन** (अङ्क-२९, २०५५) मा प्रकाशित भएको र पछि यसै सङग्रहमा सङ्ग्रहित बाह्रौं निबन्ध हो । यस निबन्धको शीर्षक वाक्य स्तरको रहेको छ । समवेदना पछि विसर्ग (:) चिन्हको प्रयोगले यात्रीका आफन्तलाई समवेदना प्रकट गरिएको छ भन्ने बुझिन्छ । आजको यात्रा अनिश्चित जस्तो रहेको र कहिले कहाँ गएर के हुने हो भन्ने आशंका रहिरहने कुरालाई सङ्केत गरिएको छ । त्रिशुली नदीले कतिका जीवन, खुसी, उद्देश्य, सपना आदि मेटाइदिएको प्रति इंकित गर्दै दुर्घटनामा परेका यात्रीलाई समवेदना प्रकट गरिएकोले यस निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव देखिन्छ ।

## ४.२.१२.२. संरचना

प्रस्तुत **समवेदना : यात्रीका आफन्तलाई** निबन्ध सात पृष्ठमा फैलिएको र पन्ध्र अनुच्छेदको आयामा रहेको यस निबन्धसङ्ग्रहको मझौला निबन्धहरू मध्येको निबन्धका रूपमा रहेको पाइन्छ ।

---

[८] वीजी, *निबन्धसङ्ग्रह नारायणीका लहर-लहरमा हेर्दा,* **मजदूर,** वर्ष-९, अङ्क-२२९, भाद्र, पृ.२ ।

### ४.२.१२.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **समवेदना : यात्रीका आफन्तलाई** निबन्ध दुर्घटनाले निम्त्याएको समस्या र त्यसले पारेको प्रभाव र असरलाई प्रष्ट्याउन खोजिएको छ । हरेक दिन नेपालका कयौं राजमार्गहरूमा हुने बस दुर्घटना र यसबाट खेप्नुपरेको पीडालाई निबन्धकार खनालले विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । गाडीचालकहरूको लापरवाही पनि उत्तिकै रहेको र नयाँ नौलो आशा र उद्देश्य बोकेर यात्रामा निस्कने यात्रीहरूले अकालमै मृत्युको मुखमा पर्नुपरेको बताइएको छ । त्यसलाई रोक्न सरकारी संयन्त्र पनि कहीँ कतै कुनै योजना नवनाइएको प्रति खनालले असन्तोष व्यक्त गरेका छन् ।

प्रतीकात्मक रूपमा देशमा चलेको द्वन्द्वको पनि चित्रण गरिएको छ र त्यस द्वन्द्वले पारेको असरप्रति साङ्केतिक रूपमा यसरी विद्रोही भाव पनि व्यक्त गरिएको छ : *'ईश्वर यदि आफूलाई सर्वशक्तिमान भएको भन्छ भने किन सामूहिक नरसंहारको नाङ्गो नाचको निष्पक्ष छानविन गर्दैन ?'* ( पृ. ५४) ।

त्रिशुलीले जसरी अनाहकमा निर्दोष यात्रीका ज्यान लिएको छ त्यसैगरी देशकोमा चलेको द्वन्द्वले पनि त्रिशुलीकै प्रवृत्ति अनूकरण गर्दै सोझासाझा जनताको अनाहकमा ज्यान लिएको गम्भीर तथ्यलाई प्रस्तुत गरिएको छ । यसरी अभिधाको तहमा सवारी दुर्घटनालाई चित्रण गरिएपनि प्रतीकात्मक रूपमा देशमा चलेको द्वन्द्वको विषयलाई प्रस्तुत निबन्धले विषयवस्तु बनाएको पाइन्छ ।

### ४.२.१२.४. भाषाशैली

प्रस्तुत **समवेदना : यात्रीका आफन्तलाई** निबन्ध आत्मपरक शैलीमा रचना गरिएको निबन्ध हो । यस निबन्धमा जटिल वाक्य संयोजन गरिएको छ जसले भाषा बिम्बात्मक बनेको छ । विभिन्न विम्व र प्रतीकको माध्यमबाट निबन्ध केही कठीन बनेको छ । उदाहरण हेरौं : *'त्रिशुलीको गहिराइमा लागेको मृत्युको डढेलोले संस्कृति र संस्कारको विश्वासहरूलाई सुकेको खरमा आगो लगाएर क्षणभरमै डढाइदियो ।'* (पृ. ५०) ।

कताकति रूपमा पावर हाउस,क्रेन, म्युजियम जस्ता अङ्ग्रेजी शब्दको प्रयोग गरिएपनि यस निबन्धमा भाषा मूख्य रूपमा आलङ्कारिक रहेको छ । रूपक अलङ्कारको यो उदाहरण हेरौं : *'हत्यारो तिम्रो धर्म निष्फल छ बाँझो रूखझैं ! कर्म व्यर्थ छ बालुवाबाट तेल निकाल्ने प्रयासझैं ! जम्न निरर्थक छ कृतध्न झैं ।'* (पृ. ५१) ।

विभिन्न प्रतीक र बिम्बको प्रयोगले निबन्धलाई केही जटिल बनाएको पाइन्छ त्यसैले यस निबन्धको विषयलाई लाक्षणिक रूपमा हेर्नुपर्ने देखिन्छ ।

### ४.२.१२.५. उद्देश्य

प्रस्तुत निबन्धमा सवारी दुर्घटनाबाट मृत्यु भएका यात्रीलाई समवेदना दिइएको छ । लाक्षणिक रूपमा युद्धग्रस्त अवस्थाको चित्रण गर्दै द्वन्द्वप्रतिको असन्तुष्टि जाहेर गर्नु प्रमुख उद्देश्य देखिन्छ । समाज र राष्ट्रलाई युद्ध होइन विकास र शान्ति आवश्यक भएको विचार

प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य देखिन्छ । यो उदाहरणबाट अझ प्रष्ट हुन सकिन्छ : *'गुप्तसागरमा अदृश्य छिपेको अपरिचित लासको खोजी आखिर कहिलेसम्म र किन ?'* (पृ. ५३) ।

### ४.२.१३. नारायणीका लहरलहरमा

#### ४.२.१३.१. परिचय

प्रस्तुत **नारायणीका लहरलहरमा** नामक निबन्ध सर्वप्रथम **नवज्ञापन** (वर्ष-७, अङ्क-२९, २०५६) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित तेह्रौं निबन्ध हो । यस निबन्धको शीर्षक पदावली स्तरको रहेको छ । निबन्धसङ्ग्रहकै नाम बनेको उक्त निबन्धले नारायणीको गतिशीलतालाई प्रस्तुत गरेको छ । पकृतिप्रदत्त विषयलाई निबन्धको कथ्य बनाइएको यस निबन्धमा नारायणी नदीको शान्त र रौद्ररूपको चित्रण गरिएको हुनाले शीर्षक र मूलभावबिच तादात्म्यभाव देखिन्छ ।

#### ४.२.१३.२. संरचना

प्रस्तुत **नारायणीका लहरलहरमा** नामक निबन्ध तीन पृष्ठमा फैलिएको र स-साना पाँच अनुच्छेद योजना रहेको लघु निबन्धहरूमध्येको एक निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित निबन्ध हो ।

#### ४.२.१३.३. विषयवस्तु/मूलभाव

प्रस्तुत निबन्ध प्रकृतिवर्णनमा आधारित निबन्ध हो । गण्डकीका शैलमात्वा र गोसाइँकुण्डका गण्डमालाबाट निस्केकी वा यात्रा प्रारम्भ गरेकी नारायणी विभिन्न नदीहरू काली, त्रिशुली, सेती, मादी आदिलाई जित्दै समेट्दै आफ्नो अस्तित्त्व राखेकी बहदुर नारायणीको चर्चा गरिएको छ । वर्षतको याममा उग्रचण्डी बनेर सारा प्रकृतिमा आफ्नो हैकम जमाउने प्रवृत्तिकी नारायणीको रौद्ररूपको चित्रण यस निबन्धमा गरिएको छ । त्यस्तै वर्षात् पछिको समयमा सुस्ताएकी नारायणीको प्रसङ्ग कोट्याउँदै प्रकृतिको विचित्रको नियम र कलालाई चित्रण गर्ने प्रसङ्ग यस निबन्धको विषयवस्तुको रूपमा रहेको छ । नदीको विशेषता र प्रकृतिलाई चित्रण गर्दै यात्रा गर्ने यात्रीलाई लिएर हिडने गाडीचालकहरूले आफ्नो नियममा नबसे आफैमा समाहित गर्ने नारायणीको प्रवृत्तिलाई यसरी चित्रण गरेका छन् :

*'अतिकति बाटो बिराउनेहरूको त प्राणै लिएर छोड्छे । त्यसैले कुभावना लिएर त्यसतिर हेर्दै नहेरे हुन्छ नत्र उसको छायाले यति छिटो कि तत्काल बेमौसम नै मुटु कलेजो दुहुन्छु ।'* (पृ. ५७) ।

#### ४.२.१३.४. भाषाशैली

प्रस्तुत निबन्ध स्वच्छन्दतावादी प्रवृत्तिलाई आत्मसात गर्दै आत्मपरक शैलीमा लेखिएको निबन्ध हो । प्रकृतिको विशेषतालाई चित्रणगर्ने क्रममा नारायणी नदीलाई मानवीकरण गरी रचिएको निबन्ध हो । विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोग गर्दै नारायणीलाई उग्रचण्डी काली जस्ता बिम्बले सम्बोधन गरिएको छ । *पार्ट टाइम, रोड* जस्ता अङ्ग्रेजी शब्दको प्रयोग भएको यस निबन्धमा संस्कृतका *रसो वै सः* उक्तिको पनि प्रयोग भेटिनछ । *टुपीदेखि माथि थात छैन, बाहुनदेखि माथि जात छैन,* जस्ता उखान

र *आइमाईको त जातै नहुने* जस्तो गीतका टुक्राले निबन्धलाई रोचक तुल्याएका छन् । सरल र बोधगम्य भाषाशैली अँगालिएको प्रस्तुत निबन्धमा आलङ्कारिक तथा कवितात्मक भाषाले यसरी जीवन्तता प्रदान गरेको पाइन्छ : *'जतासुकै नारायणीकै लहर ! ए नारायणी बोलाऊन अभिसारमा ! म पनि बगूँ तिम्रा लहर लहरमा रहर रहरमा र अविरल उचाल तरङ्ग तरङ्गमा पहर पहरमा अनि फर्कूँ बगर बगरमा ।'* (पृ. ५७) ।

## ४.२.१३.५. उद्देश्य

प्रस्तुत निबन्धमा प्रकृतिको विशेषता र परिवर्तनलाई चित्रण गर्ने उद्देश्य देखिन्छ । नारायणीलाई मानवीकरण गर्दै प्रकृति त गतिशील छ भने मानिस तीव्र गतिशील रहनुपर्ने कुरालाई लाक्षणिक रूपमा प्रस्तुत गरिएको छ । समग्रमा प्रकृतिको वर्णन गर्दै नारायणीको शान्त र क्रुररूपको चित्रण गर्ने उद्देश्य रहेको पाइन्छ ।

## ४.२.१४. कल्पनाशून्य अवस्था

## ४.२.१४.१. परिचय

प्रस्तुत **कल्पनाशून्य अवस्था** सर्वप्रथम **पाल्हीनन्दन**(वर्ष-४, अङ्क-४, २०५०) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित चौधौं निबन्ध हो । यस निबन्धको शीर्षक पदावलीस्तरको रहेको छ । शीर्षकबाट नै कुनैपनि विषयमा विचारविहीन अवस्थालाई चित्रण गर्न खोजिएको भन्ने बुझिन्छ । निबन्धकार केही सृजना गर्ने जमर्को गर्दै छन् तर केहीपनि विषय बनेर नआएको र जवरजस्ती लेख्नेप्रयासको वर्णनगरेकाले प्रस्तुत निबन्धको शीर्षक र विषयवस्तुबिच तालमेल देखिन्छ ।

## ४.२.१४.२. संरचना

प्रस्तुत **कल्पनाशून्य अवस्था** निबन्ध तीन पृष्ठमा फैलिएको तथा चार अनुच्छेद योजना भएको निबन्ध हो ।

## ४.२.१४.३. विषयवस्तु/मूलभाव

प्रस्तुत निबन्धमा कुनैपनि मानिसमा इच्छाशक्ति भएमा सृजनाका फूलहरू देखाउन सकिने कुरालाई चित्रण गरिएको छ । हरेक समय महत्त्वपूर्ण र सुनौलो हुने संकेत गरिएको छ । मानिस विचारहीन हुन नसक्ने कुरालाई संकेत गर्दै जवरजस्त भएपनि सृजनशील बन्नुपर्ने बताइएको छ । निबन्धकार खनाल विचारविहीन अवस्थामा पनि सृजना गर्न तत्पर रहेको कुरालाई यसरी प्रस्तुत गरेका छन् : *'कल्पनाशून्य घडीको सदुपयोग कल्पनाशून्य अवस्थाकै चित्रणबाटै उठान, हिंडान र बैठान गर्न कसो सकियोइन त ? कम्मर कस्दै छु र कलम धस्दैछु ।'* (पृ. ५८) ।

कल्पनाशून्य अवस्थामा पनि इच्छाशक्ति भएमा सृजना गर्न सकिने कुराको चित्रण यसरी गरेका छन् : *'न कल्पाना  न प्रभाव न भाव न सत्य, शिव र सुन्दरको कदर ! मात्र केही कोरौं भन्ने रहर ।'* (पृ. ५८) ।

यसरी प्रस्तुत निबन्धले नवसृजनाकाक्षालाई निबन्धको विषयवस्तुको रूपमा ग्रहण गरेको छ ।

### ४.२.१४.४. भाषाशैली

प्रस्तुत **कल्पनाशून्य अवस्था** नामक निबन्ध आत्मपरक शैलीमा लेखिएको निबन्ध हो । सरलवाक्य युक्त वाक्यगठन तथा कवितात्मक भाषा यस निबन्धका विशेषता हुन् । कतै संस्कृतका टुक्का *'अहिंसा परमो धर्मः'* कतै नेपाली उखानटुक्का *'साउनमा आँखा फुटेकोले मंसीरमा पनि हरियाली देख्ने'* को प्रयोजनले निबन्धलाई रोचक र पाठकग्रह्य बनाएको पाइन्छ । आलङ्कारिक तथा प्रतीकात्मक भाषाशैलीका कारण यस निबन्ध ओभिलो बनेको पाइन्छ । उदाहरण हेरौं *: 'डर लाग्छ कतै त्रिपिटकबाट "अहिंसा परमो धर्मः" हराउने हो कि मेरा मस्तिष्कबाट कल्पना हराएभैं ! लुम्बिनीबाट कतै शान्तिको दीपक निभ्ने हो कि मेरा मस्तिष्कबाट मीठा भावनाहरू निभेभैं !'* (पृ. ६०) ।

### ४.२.१४.५. उद्देश्य

प्रस्तुत निबन्धमा विचार र कल्पनाशून्य अवस्थामा पनि केही न केही विचार फुर्ने कुरा संकेत गर्दै मानवीय जीवन सृजनाले रङ्ग्याउनुपर्ने बताइएको छ । जीवनमा नयाँ सृजनाले संसारलाई पछ्याउनुपर्ने विचारलाई प्रस्तुत गरिएको छ । सृजनशीलता सधैं रहने भन्दै मात्र इच्छाशक्तिमा भरपर्ने कुरालाई कलात्मक तरिकाले प्रस्तुत गरिएको छ । सृजनाले जीवनलाई सञ्चित गर्नुपर्ने विचार प्रस्तुत गर्नु प्रस्तुत निबन्धको उद्देश्यका रूपमा रहेको पाइन्छ ।

### ४.२.१५. नक्कली पो परेछ !

### ४.२.१५.१. परिचय

प्रस्तुत **नक्कली पो परेछ !** नामक निबन्ध सर्वप्रथम **नमुना स्मारिका** (२०५७) मा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित पन्ध्रौं निबन्धका रूपमा रहेको छ । यस निबन्धको शीर्षक वाक्य स्तरको रहेको छ र उद्गार चिन्ह युक्त उक्त शीर्षकले अभिधात्मक अर्थमा कुनै वस्तुतर्फ सङ्केत गर्दै उक्त वस्तु नक्कली रहेको भाव प्रस्तुत गरेको छ । यहाँ उद्योग कलकारखानाबाट उत्पादिन हरेक वस्तु नक्कली छन् । यहाँ उद्योगी, व्यापारीमात्र नभई नेता जसले देशको मुहार परिवर्तन गर्न लागिपरेका छन्, तिनीहरूको व्यवहार पनि नक्कली रहेको यथार्थतालाई प्रस्तुत गरिएको छ । त्यसैले प्रस्तुत निबन्धको शीर्षक र मूलभावबिच तालमेल देखिन्छ ।

### ४.२.१५.२. संरचना

प्रस्तुत **नक्कली पो परेछ** ! नामक निबन्ध सात पृष्ठमा फैलिएको छ भने बाह्र अनुच्छेदको आयाममा फैलिएको लामो निबन्धहरू मध्ये एक निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.२.१५.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **नक्कली पो परेछ** ! नामक निबन्धको शीर्षकबाट नै सामान्यरूपमा केहीकुरा थाहा पाउन सकिन्छ । सामान्यतया यस निबन्धले देशभित्रका विकृति, विसङ्गति र मनपरीतन्त्रलाई विषय बनाएको पाइन्छ । देशकै अर्थतन्त्रको कायाको रूपमा रहेको औद्योगिक क्षेत्रले कसरी भुटको खेती गरिरहेका छन् भन्ने कुरालाई प्रस्तुत निबन्धमा यसरी व्यक्त गरेका छन् : *'हामीले दिनहुँ उपयोग गर्ने*

*तेल, नुन, मसला, तरकारी, बेसार, पिठो, घिउ, खुर्सानी जस्ता खाद्य पदार्थमा मात्र होइन दाल, चामलमा पनि नक्कली पदार्थ मिसिन थालेको छ र मलाई लाग्छ, यो मिश्रण क्रमशः लोकप्रिय हुँदैछ ।'* (पृ. ६४) ।

देशमा स्वाभाविकता र इमान्दारिता हराएको र बनावटीपन र स्वार्थी प्रवृत्ति हावी भएको यथार्थता प्रस्तुत गरिएको छ । व्यक्तिवादी सोचले समाजलाई अधोगतितिर लगेको र जसरी-तसरी आफ्नो मात्र स्वार्थपूर्ति गर्नेतर्फ मानिस अग्रसर भएकोप्रति निबन्धकार यसरी पोखिएका छन् : *'यहाँ ठग बाहेक अर्को मान्छे नै छैन र नक्कली बाहेक अर्को वस्तु नै छैन ।'* (पृ. ६७) ।

यसरी समग्रराष्ट्रलाई नै नक्कलीपनले ग्रस्त पारेको र यसलाई सबै जनता चेतनशील बनेर अगाडि बढ्नुपर्ने र नक्कलीप्रवृत्ति र ठगहरूलाई देशमा स्थान दिननहुने विचारलाई साङ्केतिक रूपमा निबन्धले विषयवस्तुका रूपमा ग्रहण गरेको पाइन्छ ।

## ४.२.१५.४. भाषाशैली

प्रस्तुत निबन्ध आत्मपरक शैलीमा रचिएको निबन्ध हो । नक्कलीवस्तु र प्रवृत्तिले देशलाई ग्रस्तपारेको विषयवस्तुलाई कलात्मक भाषाशैलीको माध्यमबाट व्यक्त गरिएको छ । निबन्धमा सरलवाक्यको संयोजन रहेको छ भने *माइनस, केमिकल सप, टेन्डर, हिर्सल, क्लासमेट* जस्ता अङ्ग्रेजी शब्दको प्रयोग पनि पाइन्छ । त्यस्तै *जो चोर उसैको ठूलो स्वर, जस्तो आफू उस्तै उसको च्यापू, सक्कली सुनलाई कसी लाउन पर्दैन* जस्ता उखानटुक्काको प्रयोगले निबन्धलाई रोचक र श्रुतिमधुरता थपेको पाइन्छ । त्यस्तै गरेर निबन्धमा आलङ्कारिक, विम्वात्मक र प्रतीकात्मक भाषाको प्रयोगले निबन्धलाई गम्भीर बनाएको पाइन्छ । हेरौं : *'मेरो मस्तिष्कमा शून्यताको आकाश मडारी रहेको थियो, अज्ञानताको कालो बादल धुली खेलिरहेको थियो र वर्षा हुने लक्षणविना नै क्षितिज अन्धकारको साम्राज्यमा बिलाउन जमर्को गर्दै थियो ।'* (पृ. ६२) ।

## ४.२.१५.५. उद्देश्य

प्रस्तुत निबन्धमार्फत् निबन्धकारले झुटो विज्ञापनको भरमा कुनैपनि जनता र उपभोक्ता लाग्न नहुने भन्दै औद्योगिक उत्पादन र नेताहरूको भाषणको कृत्रिमता प्रस्तुत गर्नु मुख्य उद्देश्य रहेको देखिन्छ । देशमा भैरहेको विकृति र विसङ्गतिलाई अन्त्यगर्नुपर्ने सहायक उद्देश्य राखेको पाइन्छ । अब हरेक व्यक्ति विवेकशील र चेतनशील हुनुपर्ने नत्र देश नै ठग र नक्कलीपनले सिध्याउने विचार प्रस्तुत निबन्धमा व्यक्त गर्न खोजिएको पाइन्छ ।

## ४.२.१६. नखाउँ त कर्कली

## ४.२.१६.१. परिचय

प्रस्ततु **नखाउँ त कर्कली** नामक निबन्ध सर्वप्रथम यसै निबन्ध सङ्ग्रहमा सङ्ग्रहित सोह्रौं निबन्धको रूपमा रहेको छ । प्रस्तुत निबन्धको शीर्षक उपवाक्यस्तरको रहेको छ । यस निबन्धको शीर्षक ग्रामीण समाजमा प्रसिद्धि कमाएको सामान्य जीवनयापन गर्ने मानिसको परिचित तरकारीका रूपमा रहेको कर्कलोको बहुउपयोगिताको वर्णनमा केन्द्रित छ । कर्कलोको विभिन्न परिकारमा प्रयोग

गर्न सकिने क्षमताको व्याख्या गरिएको छ । कर्कलाका विशेषता बताउँदै ग्रामीण समाजको चित्र प्रस्तुत गर्ने विषयवस्तु संयोजन गरेकाले निबन्धको शीर्षक र मूलभावबिच तालमेल देखिन्छ ।

### ४.२.१६.२. संरचना

प्रस्तुत निबन्ध पाँच पृष्ठमा फैलिएको मध्यम आयामको निबन्ध हो । यस निबन्ध नौवटा अनुच्छेद योजनामा संरचित छ ।

### ४.२.१६.३. विषयवस्तु/मूलभाव

प्रस्तुत निबन्धमा कर्कलोको विशेषता बताउँदै निबन्धकार समाजको यथार्थ प्रस्तुत गर्ने प्रयास गरेका छन् । विशेष गरेर नेपालको ग्रामीण क्षेत्रमा परिचित यो खाद्यको परिचय दिँदै नेपाली समाजको वास्तविक रूपको चित्रण गरेका छन् । कर्कलोको वर्णन निबन्धकार यसरी गरेका छन् : *'एक डल्ला चट्ट समाउनुहोस् र भुँग्रामा गाडिदिनुहोस् तीस मिनेटमा खाद्य तयार ।'* (पृ. ७१) ।

त्यस्तैगरी निबन्धकार कर्कलोका अवगुणपनि यसरी प्रष्ट पार्दछन् -*'यो खोकी, दम र रूघाको उद्गम स्थल हो, अलिकति नपाके यो एलर्जीको पनि मूल स्रोत हो ।'* (पृ. ७०) ।

अभिधात्मक रूपमा निबन्धकारले कर्कलोको विशेषता प्रस्तुत गरेपनि साङ्केतिक रूपमा समाजको विसङ्गति र विकृतिलाई प्रष्ट्याउने जमर्को गरेका छन् । राजनीतिक दलको अदूरदर्शीता र अपरिपक्वतालाई खनाल यसरी व्यक्त गर्छन् : *'बुद्धका देशमा जन्मेका बुद्धिहीन बुद्धहरू बन्चरो लिएर कर्कलो फाँड्न अघि सर्छन् ।'* (पृ. ७०) ।

यसरी प्रस्तुत निबन्धमा साङ्केतिक रूपमा समाजमा व्याप्त विकृति र विसङ्गतिलाई चित्रण गर्ने विषयवस्तुको संयोजन गरिएको पाइन्छ ।

### ४.२.१६.४. भाषाशैली

प्रस्तुत **नखाउँ त कर्कली** नामक निबन्धमा छोटा छोटा वाक्ययोजना रहेको पाइन्छ । कतै *"मस्यौरा-अवतार-धारणम् !"* जस्ता संस्कृतका शब्दहरू त कतै *खङ्ग्रङ्ग, चम-चम-चम-चम* जस्ता अनुकरणात्मक शब्दको प्रयोगपनि भेटिन्छ । त्यस्तै गरेर *'घरै पिँडालु बनै पिँडालु ससुराली जाँदा बाह्रहाते पिडालु', 'भकारीका पिँदमा भूस भर छोरी, नखाऊँ त कर्कली सासू भर्कली, खाऊँ त कर्कली पेटै फर्कली'* जस्ता उखानटुक्काको प्रयोगले निबन्धलाई रोचक बनाएको पाइन्छ । विभिन्न बिम्ब र प्रतीक योजनाका साथै आलङ्कारिक भाषाशैलीको प्रयोगले निबन्धलाई उत्कृष्टता थपेको पाइन्छ : *'कतिले कर्कलाका साँप्रा भन्ने गर्छन हुन पनि उस्तै सिलित्त परेका युवतीका तीघ्राझैं, जाँघझैं ! हरियाहरिया मीठा-मीठा र स्नेहिल !'* (पृ. ६९) ।

### ४.२.१६.५. उद्देश्य

प्रस्तुत निबन्धमार्फत् निबन्धकारले ग्रामीण समाजको चित्रप्रस्तुत गर्दै समाजमा रहेको विकृति र विसङ्गतिका साथै राजनीतिक दल र तिनका नेतृत्वले खेलेको अर्थहीन भूमिकाको चित्र प्रस्तुत गर्ने उद्देश्य राखेको पाइन्छ । समाजलाई अगाडि बढाउने हो भने देशका नेताहरूले विगतका प्रवृत्तिलाई त्यागेर अगाडि बढ्नु पर्ने तर्फ सङ्केत गरेको पाइन्छ । यसरी समाजको यथार्थ रूपको चित्रण यस निबन्धको प्राण बनेको छ ।

### ४.२.१७. यथार्थतामा पागलपन

### ४.२.१७.१. परिचय

प्रस्तुत **यथार्थतामा पागलपन** नामक् निबन्ध सर्वप्रथम यसै सङ्ग्रहमार्फत् प्रकाशित भएको तथा यस सङ्ग्रहको सत्रौँ निबन्ध हो । यस निबन्धको शीर्षक पदावली स्तरको रहेको छ । निबन्धकारले अहिलेको विश्वपरिवेश तथा नेपाली समाज नै देखावटीपनलाई अङ्गीकार गर्दै यथार्थताबाट टाढा रहेको र कृत्रिमतालाई आत्मसात् गरेको विषयवस्तुलाई संयोजन गरेकाले प्रस्तुत निबन्धको मूलभाव र शीर्षकबिच तादात्म्यभाव पाइन्छ ।

### ४.२.१७.२. संरचना

प्रस्तुत यथार्थतामा पागलपन नामक निबन्ध सात पृष्ठमा फैलिएको तथा साना ठूला दश अनुच्छेद योजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.२.१७.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **यथार्थतामा पागलपन** नामक निबन्धले कृत्रिमताको विरोध गरेको छ । समाज र पूरै राष्ट्र तथा विश्व नै अयथार्थको चङ्गुलमा फँसेको र सबै देखावटीपनले ग्रसित बनेको बताइएको छ । यथार्थ लुकेको छ र बाहिरी स्वरूपले मान्छेलाई र उसको व्यवहारलाई कसैले पनि सही रूपमा आँल्याउन नसकिने तथ्यलाई संकेत गरिएको छ । समाजलाई सभ्य भनाउँदाहरूले नै पशुभन्दा तल्लोस्तरको क्रियाकलाप गरेको प्रति निबन्धकार यसरी रोष प्रकट गर्छन् : *'मैले देखेको उधारै रहने पशुवृति मानवीय वैदिक अवैदिक सदाचारभन्दा धेरैस्तरीय र वैज्ञानिक छ । उनीहरू नाङ्गै छन् तर जथाभावी वासनालिप्त छैनन् ।'* (पृ. ७४) ।

विकासका नाममा विकृत्ति र विसङ्गतिले समाज, राष्ट्र र विश्व नै प्रभावित भएको छ । विश्वमा भैरहेको अत्याधुनिक युगको प्रभावले समाजलाई अवनति तिर लैजाने संकेत गर्दछ । दिनप्रतिदन बढिरहेको अङ्गप्रदर्शनी र अश्लील सामग्रीको प्रयोगले समाजलाई पागलवस्तीमा रूपान्तरण गर्ने तर्फ निबन्धकारको यस्तो सङ्केत छ : *'नग्न चित्र र सस्ता उपन्यास र सिने पत्रिका तथा देहव्यापारका दैनिक घटनाहरूको पागलपनको अभिवृद्धिको शुभ सङ्केत गर्छन् ।'* (पृ. ७७) ।

यसरी आधुनिकताका नाममा मानवीय अनुशासन र सभ्यताको ह्रास भएको र समाज विकासका नाममा विनाश र जङ्गली युगतर्फ अगाडि बढिरहेको यथार्थता प्रस्तुत गर्ने विचार यस निबन्धको विषयवस्तु बनेको छ ।

### ४.२.१७.४. भाषाशैली

प्रस्तुत **यथार्थतामा पागलपन** निबन्ध सरल र संयुक्तवाक्य योजनाले पूर्ण छ, जटिल र क्लिष्ट वाक्यायोजना नभेटिने यस निबन्धमा *रजिष्टर्ड, युनिफर्म र ड्रेस* जस्ता अङ्ग्रेजी शब्द तथा *हमेशा* जस्ता हिन्दी शब्दको प्रयोगपनि फाट्टफुट्ट भएको पाइन्छ । कतिपय ठाउँमा प्रश्न चिन्हको प्रयोगले

निबन्धलाई गति प्रदान गरेको छ भने *'मर्नु भन्दा बहुलाउनु निको'* जस्तो उखानको पनि प्रयोग पाइन्छ जसले निबन्धलाई जीवन्त बनाउन सहयोग गरेको पाइन्छ । समग्रमा प्रस्तुत निबन्धको भाषाशैली सरल र बोधगम्य रहेको पाइन्छ ।

### ४.२.१७.५. उद्देश्य

प्रस्तुत **यथार्थतामा पागलपन** नामक निबन्धमार्फत् निबन्धकारले समाज, राष्ट्र र विश्वमा देखिएको विकृति र विसङ्गतिको यथार्थबोध गराएका छन् । समाजमा व्याप्त आधुनिकिकरणको कुप्रभावबाट मुक्त बनाई समाजलाई सभ्य र अनुशासित बनाउने उद्देश्यमा निबन्ध प्रस्तुत छ । पाश्चात्य शैलीले नेपाली समाजमा पारेको प्रभावबाट निबन्धकार आक्रोशित बनेका छन् । आधुनिकताका नाममा विकृति र विसङ्गतिलाई स्थान दिन नहुने भन्दै पाश्चात्य संस्कृतिको अन्धानुकरणप्रति आक्रोश पोखेका छन् । त्यसलाई हटाएर सभ्य समाजको परिकल्पना गर्नु प्रस्तुत निबन्धको उद्देश्य रहेको पाइन्छ ।

### ४.२.१८. सम्झना चरैवेतिको

### ४.२.१८.१. परिचय

प्रस्तुत **सम्झना चरैवेतिको** नामक निबन्ध सर्वप्रथम यसै सङ्ग्रहमा प्रकाशित भएको तथा यस सङ्ग्रहको अठारौँ निबन्धको रूपमा यस सङ्ग्रहमा रहेको छ । यस निबन्धको शीर्षक पदावलीस्तरको रहेको छ । प्रस्तुत निबन्धमा आफ्ना अतीतका स्वर्णिम पलहरूको स्मरण गर्दै वर्तमानमा अतीतलाई दाँजिएको छ । ती बितेका पललाई निबन्धको कथ्यबनाइएको हुनाले प्रस्तुत निबन्धको शीर्षक सार्थक देखिन्छ ।

### ४.२.१८.२. संरचना

प्रस्तुत **सम्झना चरैवेतिको** नामक निबन्ध आठ पृष्ठमा फैलिएको तथा एघार अनुच्छेदको आयाममा विस्तारित यस सङ्ग्रहको सबैभन्दा लामो निबन्धको रूपमायस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.२.१८.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **सम्झना चरैवेतिको** नामक् निबन्धमा निबन्धकारले आफ्नो बाल्यावस्थाको घटनालाई रोचक तरिकाले यसरी प्रस्तुत गरेका छन् : *'म शिशु हुँदा हिँड्न रहर थियो र हिँड्न भन्दा अझ दौडन रहर थियो । मलाई भन्ने गर्थे हिँड्न नजान्ने दौड्न खोज्ने कस्तो बच्चा रहेछ ।'* (पृ. ८५) ।

हिँड्नु र दौडनुफरक भएको बताउँदै खनाल जीवनमा दुई गोडाले एकपछि अर्को पाइला चाल्नुमात्र हिँड्नु नभएकोर जीवनमा उल्लेखनीय कार्य गरेर जीवनको रथलाई अगाडि बढाउनुपर्ने तथ्य प्रस्तुत गरेका छन् । अरूहरूको हिँडाइभन्दा आफ्नो हिँडाइ गतिशील हुनुपर्ने तर त्यस्तो हुन नसकिरहेको कुरालाई निबन्धकार यसरी व्यक्त गर्छन : *'म अरूभन्दा हरेक कुरामा अघि नै हुन चाहन्थेँ तर समयले साथ दिएन अर्थात् समयको गतिसँगै फड्का मारेर दौडन सक्ने शक्ति सामर्थ्य मैले कहीँ कतै पाउन सकिन ।'* (पृ. ८६) ।

जीवन अमूल्य छ । समय गतिशील छ यसै गतिशीलतामा समावेश भएर जीवनमा अमर बन्ने कार्य गर्नुपर्छ र सबैलाई पछाडि छाड्नुपर्छ । जीवनको यस दौडमा अरूभन्दा विशेष बनेर सँधै अगाडि बढ्नुपर्ने र सबैलाई जितेर सुनौलो भविष्य बनाउनुपर्छ भन्ने विषयवस्तु प्रस्तुत निबन्धले बहन गरेको छ ।

*'जीवनमा उकाली-ओरालीहरूमा दौडन थालेको धेरै भइसकेछ तर पनि दौडको अर्थ अझै बुझ्न सकिएनझैँ लाग्छ । के हो दौड? हिँड्नु र हिँडिरहनु नै दौड हो । दौडको होड गर्न सक्नुपर्छ । दौडमा जित्नु पर्छ ।'* पृ. ८४/८५ ।

### ४.२.१८.४. भाषाशैली

प्रस्तुत **सम्झना चरैवेतिको** नामक निबन्धमा सरल र सहज भाषाशैलीको प्रयोग भएको छ । निबन्धको भाषा गतिशील छ, कवितात्मक भाषाको प्रयोगले निबन्धलाई जीवन्त तुल्याएको छ । निबन्धमा संस्कृतका सूक्ति *'पुष्पिण्यौ चरतो जङ्घे'* तथा *'अचानोको पीर खुकुरीले जान्दैन,' 'कौडी न सौडी बजार बजार दौडी', 'गयो कलकत्ता भयो विपत्ता'* जस्ता उखानटुक्काको प्रयोगले निबन्धलाई श्रुतिमधुरता बनाएको पाइन्छ साथै *स्याँस्याँ, सुरुसुरु, खुरूखुरू, लुरूलुरू, टुकुटुकु* जस्ता अनुकरणात्मक शब्दको प्रयोग पनि पाइन्छ । हिन्दीको *हमेशा* र अङ्ग्रेजीको *एरिया* जस्ता शब्दको पनि प्रयोग पाइन्छ । प्रस्तुत निबन्धमा आलङ्कारिक तथा प्रतीकात्मक भाषाको प्रयोग पनि पाइन्छ । उदाहरण हेरौँ : *'त्यो भूगोल चिप्लो छ, बाटो आधेरी रातमै चूक घसेको हाँडीझैँ कालो न कालो निस्पट्ट अन्धकार ! त्यहाँ केवल अन्दाजले र भगुवा प्रवृत्तिले मात्र बाटो पहिलिएको छ ।'* (पृ. ८२) ।

### ४.२.१८.५. उद्देश्य

प्रस्तुत **सम्झना चरैवेतिको** नामक् निबन्धले निबन्धकारको बाल्यावस्थाको चित्रण गरेपनि निबन्धकारले दौडको अर्थ बुझाउने तर्फ झुकाव राखेका छन् । दौडनु भनेको दुई खुट्टा छिटोछिटो चाल्नुमात्र नभई जीवनमा उल्लेखनीय कार्य गरेर आफ्नो जीवनलाई अरूको भन्दा सार्थक जीवनतर्फ लैजानुपर्ने सङ्केत गरेका छन् । जीवन भनेको केवल जिउनु मात्र नभएको र यो गतिशील समयसँगै हामी सृजनशील र नवीनकार्य तर्फ आकर्षित भई जीवनलाई मूल्यवान बनाउने तर्फको बाटोमा दौडनुपर्ने जीवनवादी सोच प्रस्तुत गर्दै जीवनका उक्त दौडमा अमूल्य कार्य गरेर सबैलाई जित्नुपर्ने कुरा प्रस्तुत गर्नु निबन्धको उद्देश्य रहेको पाइन्छ ।

## ४.२.१९. आखीर श्रीकृष्ण रहेछ एक !

### ४.२.१९.१. परिचय

प्रस्तुत **आखीर श्रीकृष्ण रहेछ एक** ! नामक निबन्ध सर्वप्रथम यसै सङ्ग्रहमा प्रकाशित भएको निबन्ध हो । यो निबन्ध यस सङ्ग्रहको उन्नाइसौँ निबन्धको रूपमा रहेको छ । प्रस्तुत निबन्धको शीर्षक वाक्यस्तरको रहेको छ । शीर्षकबाट नै यो निबन्ध भगवान श्रीकृष्णसँग सम्बन्धित रहेको तथ्य प्रष्ट हुन्छ । पूर्वीय दर्शनको व्याख्या गर्दै देवकोटाका जीवनका उकाली-ओरालीहरूको चित्रण गरिएको प्रस्तुत निबन्धमा श्रीकृष्ण भगवानको महिमागान गाइएको विषयवस्तु संयोजन गरिएकाले शीर्षक र विषयवस्तुबिच तालमेल देखिन्छ ।

### ४.२.१९.२. संरचना

प्रस्तुत **आखीर श्रीकृष्ण रहेछ एक !** नामक् निबन्ध चार पृष्ठमा फैलिएको तथा पाँच अनुच्छेदको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.२.१९.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **आखीर श्रीकृष्ण रहेछ एक !** नामक निबन्धमा महाकवि लक्ष्मीप्रसाद देवकोटाका आध्यात्मिक चेतनालाई प्रष्ट्याउने कार्य भएको छ । जसरी श्रीकृष्णले पूर्वीय दर्शनमा आफ्नो भूमिका निभाएका छन् त्यसैगरी देवकोटालेपनि नेपाली साहित्यमा महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरिएको छ । देवकोटाको प्रवृत्तिगत विशेषता चित्रण गर्दै समय र परिस्थितिले देवकोटालाई आध्यात्मिक बन्नै नदिएको कुरा यसरी व्यक्त गरेका छन् : *'फुर्सद भएन हरि चिन्तनको ! अवसर मिलेन कृष्ण आराधानाको र मुक्तिमार्ग अवलम्बनको ! हुन पनि सांसारिक सुखप्राप्तिको निम्ति प्रतिदिन दौड्न पर्दा कृष्णभक्तिप्रति कहाँ कहिले समय उपलब्ध गराउन सकिन्छ ?'* (पृ. ९०) ।

महाकवि देवकोटाको महत्त्व दर्शाउँदै निबन्धकार उनीविनाको नेपाली साहित्यको अवस्था कस्तो हुन्थ्यो होला भन्दै यस्तो विचार व्यक्त गरेका छन् : *'एकै छिन सोचौँ त देवकोटालाई नेपाली साहित्यबाट हटाएर ! यो खल्लो हुन्छ नुन नलागेको तरकारीझैँ चिनी नलागेको सर्वतझैँ ! अति अमिलो, नुनिलो, पिरो र अनि टाठो चारै तत्त्व नभएको अ (रहित) चार झैँ !'* (पृ. ९०) ।

यसरी निबन्धकार खनालले प्रस्तुत निबन्धमार्फत् नेपाली साहित्यका एक महान् व्यक्तित्व महाकवि देवकोटा र पूर्वीय दर्शनको व्याख्यालाइ विषयवस्तुका रूपमा अगाडि सारेको पाइन्छ ।

### ४.२.१९.४. भाषाशैली

प्रस्तुत **आखीर श्रीकृष्ण रहेछ एक !** नामक निबन्ध सरल वाक्ययोजनाले युक्त रहेको छ । सरलवाक्य र संयुक्तवाक्यको आधिक्यता रहेको यस निबन्धमा संस्कृतका *'एको Sहं बहु स्यामः', उत्तमाश्चात्मनाख्याता, अन्ततोगत्वा, कृषति कृषते हरते वा त्रिविध-दुःखान् इति कृष+नक्=)* जस्ता शब्द र श्लोकहरूले निबन्धलाई केही जटिल बनाएको पाइन्छभने *हमेशा* जस्तो हिन्दी भाषाको शब्दपनि प्रस्तुत निबन्धमा प्रयोग भएको छ । समग्रमा सामान्यपाठकका लागि यस निबन्ध केही जटिल बनेको अनुभूति गर्न सकिन्छ । बिम्बात्मक तथा प्रतीकात्मक भाषााको प्रयोग तथा आलङ्कारिकता यस निबन्धमा यसरी प्रस्तुत भएको पाइन्छ : *'देवकोटाले त्यो नटवरलाई आफ्ना चित्रहरूमा उतार्न सकेनन्, हृदयको सयपत्रीभरि समाहित गर्न भ्याएनन् । वसन्त शर्माले कृष्णचरित्रलाईझैँ र भानुले रामचरित्रलाईझैं कार्यशालामा अक्षरशः अभ्यास गर्न पाएनन् ।'* (पृ. ९१) ।

### ४.२.१९.५. उद्देश्य

प्रस्तुत **आखीर श्रीकृष्ण रहेछ एक !** नामक्निबन्धमार्फत् निबन्धकारले नेपाली साहित्यका महाकविको महिमागान गर्दै उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको चर्चा गर्ने उद्देश्य रहेको पाइन्छ । पूर्वीय दर्शनमा श्रीकृष्णको चर्चा गरिएको प्रसङ्ग सङ्केत गर्दै देवकोटाको लेखनगत प्रवृत्तिलाई प्रस्तुत निबन्धले चर्चा गरेको छ जुन यस निबन्धको उद्देश्यका रूपमा रहेको छ ।

### ४.२.२०. हिलैमा फुल्छ कमल

### ४.२.२०.१. परिचय

प्रस्तुत **हिलैमा फुल्छ कमल** नामक निबन्ध यसै सङ्ग्रहमा सर्वप्रथम प्रकाशित भएको निबन्ध हो जुन यस सङ्ग्रहको वीसौं निबन्धको रूपमा रहेको छ । यस निबन्धको शीर्षक वाक्यस्तरको रहेको

छ । नेपाली साहित्यमा देखिएको विकृति र विसङ्गतिका बिच साहित्यले फूलको जस्तै सुगन्ध फैलाउन सक्नुपर्ने तथ्यलाई यस निबन्धमा प्रस्तुत गरिएको छ । हिलो भनेर वर्तमान अस्तव्यस्त साहित्यिक गतिविधि जसका नाइके विकृत बनेका छन् र फूल भनेर साहित्यको प्रभावलाई देखाउन खोजिएको छ । जुन फूलले हिलोको दुर्गन्धलाई चिरेर सुगन्ध फैलाउनु पर्ने तर्फ संकेत गरिएको हुनाले प्रस्तुत निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव भेटिन्छ ।

## ४.२.२०.२. संरचना

प्रस्तुत **हिलैमा फुल्छ कमल** नामक निबन्ध चार पृष्ठमा फैलिएको तथा छ अनुच्छेद योजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित  छ ।

## ४.२.२०.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **हिलैमा फुल्छ कमल** नामक निबन्ध नेपाली साहित्यको यथार्थता प्रस्तुत गर्न अगाडि बढेको पाइन्छ । नेपाली साहित्यका सर्जकहरूभित्रका विकृति र विसङ्गतिलाई प्रस्तुत गरिएको छ । साहित्य साधना नगरिकन कुनै योजना र प्रस्तुतिविना शब्द जोडेकै भरमा साहित्यकार बन्ने संस्कार बनेकोप्रति निबन्धकारको धारणा यस्तो रहेको छ :

> *'साहित्य साधना अब प्रतिभा, व्युत्पत्ति र अभ्यास होइन रक्सी सेवन नै कविता-कारण बनेको छ । राजधानीमा रक्सी जमात-बहुल संस्कारको सिर्जना हुन थालेको छ साहित्यकारहरूमा पनि ।'* पृ. ९३ ।

साहित्यिक माहोल बिग्रिएको र विकृत बनेको तर्फ निबन्धकार यसरी कटाक्ष गर्छन् : *'नेपाली साहित्य खोई त फुलेको कमलझैं ! जब की यो पनि हिलै बरावरमा छ ।'* (पृ. ९२)

साहित्यकार र साहित्यिक कृतिलाई पुरस्कार र सम्मान गर्ने सङ्घ सस्थाहरू र ती संस्था हाँक्ने व्यक्तिहरूले गर्ने निर्णय नै अपरिपक्वताको उपज भएको र ती निर्णय हचुवाका भरमा लहडमै त्यो पनि आफ्ना आफन्तहरूलाई पुरस्कृत गर्ने उद्देश्यले गरिएको निर्णयले नेपाली साहित्यलाई अधोगति तर्फ अगाडि बढाएको कुरालाई प्रस्तुत निबन्धले कलात्मक तरिकाले प्रस्तुत गरेको छ । साहित्य सिर्जनालाई हलुका तरिकाले लिइएकोले साहित्यिक फाँटपनि ओजनदार हुननसकेको यथार्थता प्रस्तुत गरिएको छ । साहित्यिक स्रष्टाहरूको आचरण व्यवहार संस्कार आदर्शमय अनुकरण योग्य बन्न नसकेकोप्रति दुःख व्यक्त गरिएको छ । उदाहरण हेरौं : *'यहाँ पनि बीउजस्तो बीउ पाइदैन अरे ! अनि फुल्छ कसरी त कमल ? उम्रने कुरा नै प्राथमिक हुन जान्छ किनकि यहाँ बिरूवाजस्तो विरूवा उम्रदैन । अनि कहाँ फूल्छ साहित्यजस्तो साहित्य नेपालका खोपिल्टा खोपिल्टीहरूमा ?'* (पृ. ९३) ।

यसरी नेपाली साहित्यको विकृति र विसङ्गतिलाई चिरफार गर्नु उक्त निबन्धको विषयवस्तुका रूपमा आएको पाइन्छ ।

## ४.२.२०.४. भाषाशैली

प्रस्तुत **हिलैमा फुल्छ कमल** नामक निबन्ध कोमल भाषाशैलीले युक्त छ । सरल र संयुक्तवाक्यको प्रयोगले निबन्धलाई सरल बनाइदिएको छ । सामान्य पाठकले पनि सहजै बुझ्ने भएकाले बोधगम्यता निबन्धको विशेषता बनेको छ । *लिट्रेचर, साइड-इफेक्ट, साइड-बिजिनेस,मार्केट, ग्यारेन्टी* जस्ता अङ्ग्रेजी

शब्दको प्रयोग पनि पाइन्छ साथै संस्कृतका *अन्ततोगत्वा, मा निषाद ! प्रतिष्ठा त्वम् ....'*जस्ता शब्द र टुक्काको प्रयोगपनि निबन्धमा भेटिन्छ । आलङ्कारिक तथा बिम्वात्मक भाषाशैलीले निबन्धलाई यसरी केही गहन बनाएको भने पाइन्छ : *'यी कविका प्रेरकहरूले काव्यलाई प्रकाश दिएर अँधेरा हृदयलाई पखालेका छन् । आखिर कल्पनाको पनि शिखर हुन्छ, भावनाको पनि सतह हुन्छ, तर करोडौँ जुनकिरी खप्टिए पनि गोरेटो देखिने प्रकाश पुञ्जको कल्पना कष्टकर हुनजान्छ ।'* (पृ. ९५) ।

## ४.२.२०.५. उद्देश्य

प्रस्तुत **हिलैमा फुल्छ कमल** नामक निबन्धमार्फत् निबन्धकारले नेपाली साहित्यको यथार्थता प्रस्तुत गर्न खोजेको पाइन्छ । नेपाली साहित्यले गति लिन नसक्नुमा साहित्यिक संघ सस्थाको स्वार्थीपन र क्षमताहीन साहित्यकार भएको प्रष्ट्याउँदै नेपाली साहित्यको विकृति र विसङ्गतिलाई चित्रण गर्नु यस निबन्धको उद्देश्य रहेको पाइन्छ । साथै उक्त विकृति र विसङ्गतिलाई चिर्दै नेपाली साहित्यलाई अगाडि बढाउन ढिला गर्न नहुने तर्फ साङ्केतिक रूपमा प्रष्ट्याइएको पाइन्छ ।

## ४.२.२१. मोनिका-क्लिन्टन प्रणय

## ४.२.२१.१. परिचय

प्रस्तुत मोनिका-क्लिन्टन प्रणय नामक निबन्ध सर्वप्रथम **मधूलिका** (२०५०) मा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  भएको एक्काइसौं निबन्धको रूपमा रहेको छ । यस निबन्धको शीर्षक उपवाक्य स्तरको रहेको छ । यस निबन्धले प्रेमलाई परिभाषित गर्ने क्रममा अन्तराष्ट्रिय परिवेशलाई चित्रण गर्न खोजेको छ । अमेरिकी राष्ट्रपतिले आफ्नै कार्यलयकी सचिवलाई गरेको प्रेमसम्बन्धको विषयलाई चर्चा गर्दै पश्चिमी संस्कृतिको चित्रण गर्ने विषयवस्तु संयोजन गरेकाले प्रस्तुत निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव देखिन्छ ।

## ४.२.२१.२. संरचना

प्रस्तुत **मोनिका-क्लिन्टन प्रणय** नामक निबन्ध तीन पृष्ठमा फैलिएको तथा छ अनुच्छेद योजना भएको लघु निबन्धको रूपमा यस सङग्रहमा सङ्ग्रहित  छ ।

## ४.२.२१.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **मोनिका-क्लिन्टन प्रणय** नामक निबन्धले आजको विश्वपरिवेशमा पश्चिमीहरूले प्रेमसम्बन्धलाई कसरी लिएका छन् र पश्चिमी संस्कृतिमा देखिएको त्यस्तो प्रवृत्तिले समाजलाई कतातिर डोऱ्याउँदै छ भन्ने गम्भीर विषयलाई उठान गरेको छ । मोनिका-क्लिन्टनको प्रेमसम्बन्धलाई चित्रण गर्दै पश्चिमाहरूका संस्कृतिले निम्त्याएको विकृति र विसङ्गतिको चित्र प्रस्तुत गरिएको छ । पश्चिमाहरूले प्रेमलाई हल्का र सहजरूपमा लिँदै पवित्र सम्बन्धलाई नाटक र भ्रममा परिणत गरिदिएको चर्चा गरेका छन् । उनीहरूले गरेको प्रेमबाट समाजमा छाडा प्रेम सम्बन्धले दुर्गन्धमात्रै फैलिएको र समाजलाई सडाउने प्रयत्नमा उनीहरूको प्रेमले भूमिका खेल्ने कुरालाई यसरी प्रस्तुत गरेका छन् : *'मोक्ली प्रकरणले अझ प्रस्ट्याएको छ - प्रेम नाटक हो कि तमासा ? सत्य हो कि  भ्रम ? मूलतः संसार प्रेमैले अडेको पनि छ, प्रेमैले सडेको पनि छ । कदाचित सड्नु पनि फलदायी नै हुन्छ ।'* (पृ. ९७) ।

पश्चिमाहरूले प्रेमलाई बजारमा बेच्ने लिलामी समान बनाएका छन् । प्रेम त पवित्र हृदयले गरिनुपर्ने, चिरस्थायी हुनुपर्ने अनि समर्पणमा देखिनुपर्ने हो तर उनीहरू समय कटाउने साधन बनाएका छन् । प्रेमलाई जीवन जिउने आधार बनाउनुपर्नेमा फुर्सदको खजना बनाएको प्रति निबन्धकार यसरी प्रस्तुत भएका छन् : *'आजकल बजारमा प्रेमको भाउ के छ ? तर यो प्रेम फुर्सदका बेला खेलिएको बल्छी या झिँगेदाउ थियो, कठपुतलीसँग सच्चा बिहे ? अर्थात् गोप्य सहमतिको खुला असहमति ।'* (पृ. ९७) ।

यसरी पश्चिमाहरूको प्रेमसम्बन्धले निम्त्याएको विकृति र विसङ्गतिको चित्रण गर्दै यसबाट नेपाली समाजलाई जोगाउनु पर्ने कुरालाई साङ्केतिक रूपमा प्रस्तुत गर्ने विषयवस्तुको संयोजन प्रस्तुत निबन्धले गरेको छ ।

## ४.२.२१.४. भाषाशैली

प्रस्तुत **मोनिका-क्लिन्टन प्रणय** नामक निबन्धमा सरल भाषाशैलीको संयोजन गरिएको छ छोटा-छोटा वाक्ययोजना र गतिशील भाषाले निबन्धलाई जीवन्त बनाएको छ । सामान्य पाठक पनि यस निबन्धबाट लाभान्वित हुन सक्छन् । कता कति *हट-न्युज, हाइब्रीड* जस्ता अङ्ग्रेजी शब्दको पनि प्रयोग पाइन्छ । संस्कृतका *परधर्मो भयावहः* जस्ता उक्ति र *ताक परे तिवारी नत्र गोतामे, नामर्दकी स्वास्नी हुनुभन्दा त मर्दकी जोई हुन निको, मर्दकी दसवटी* जस्ता उखानले निबन्धलाई श्रुतिमधुर बनाएको पाइन्छ । समग्रमा प्रस्तुत निबन्धको भाषाशैली कोमल रहेको पाइन्छ ।

## ४.२.२१.५. उद्देश्य

प्रस्तुत **मोनिका-क्लिन्टन प्रणय** नामक निबन्धले अमेरिकी राष्ट्रपति र उनकै कार्यालयकी सचिवबिचको प्रेम सम्बन्धलाई चित्रण गरेपनि पश्चिमी संस्कृतिको चित्रण गर्दै त्यस संस्कृतिले निम्त्याएको विकृति र विसङ्गतिको चित्र प्रस्तुत गरेको छ । पश्चिमाहरूको त्यस क्रियाकलापबाट नेपाली समाजलाई जोगाउनुपर्ने साङ्केतिक रूपमा उद्देश्य रहेको पाइन्छ भने मूलरूपमा पश्चिमी संस्कृतिको अन्धानुकरण गर्दा निम्तिने विकृति र विसङ्गतिको पर्दाफास गर्ने उद्देश्य प्रस्तुत निबन्धले लिएको पाइन्छ ।

## ४.२.२२. शिक्षा

## ४.२.२२.१. परिचय

प्रस्तुत **शिक्षा** नामक निबन्ध सर्वप्रथम **आलोक** (त्रि.उ.मा.वि. स्वर्णजयनती स्मारिक-२०५९) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित बाइसौं निबन्धको रूपमा रहेको छ । यस निबन्धको शीर्षक शब्दात्मक रहेको छ । शिक्षा भन्नाले औपचारिक रूपमा शैक्षिक संस्थाबाट प्रदान गरिने चिज हो । शिक्षा चेतनाको दीप हो उज्यालोको प्रतीक हो । आजको समाजमा शिक्षालाई व्यवसायिक वस्तु, शोषण गर्ने थलो र कमाइखाने व्यापार बनाइएको प्रसङ्गलाई प्रस्तुत गरिएकोले निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव रहेका भेटिन्छ ।

## ४.२.२२.२. संरचना

प्रस्तुत **शिक्षा** नामक निबन्ध चार पृष्ठमा फैलिएको तथा साना-ठूला आठ अनुच्छेद योजनामा विस्तारित निबन्धको रूपमा यस निबन्ध सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.२.२२.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **शिक्षा** नामक निबन्धले शैक्षिक क्षेत्रमा देखिएको विकराल समस्यालाई प्रस्तुत गरेको छ । शिक्षाले चेतनाको स्तर वृद्धिगर्नुपर्ने, समाजपरिवर्तनको बाहक हुनुपर्ने र सभ्य समाज निर्माणको कारक हुनुपर्ने तर जसले शिक्षा प्रदान गर्छ त्यो सस्था नै असक्षम र स्वार्थी भएकाले शिक्षा क्षेत्रमा विकृति भित्रिएको तथ्य प्रस्तुत गरिएको छ । शिक्षाले चेतना, विवेक र शक्ति नदिई हत्या, हिँसा, आतङ्क र विनाशको बाटो हिँडाएकोप्रति निबन्धकार यसरी प्रस्तुत हुन्छन् :*'त्रास, युद्ध, हत्या, विभीषिका, आतङ्क र विनाश नै शिक्षा हो भने कृपया हे विद्याका अधिपति शिव ! हे ब्राह्मण ! हे सरस्वती माई ! हे गुरूदेव ! हे पितृदेव ! त्यस्तो शिक्षा भन्दा निरक्षरता नै श्रेयस्कर छ ।'* (पृ. १०२)

शिक्षा क्षेत्रको विकृति र विसङ्गतिलाई निबन्धकार यसरी व्यक्त गर्छन :

*'पाठशाला छ विद्यार्थी छैन, शिक्षार्थी  छकुर्सी-टेबल छैन, शिक्षक छ तलब छैन, तलब छ शिक्षक छैन । शिक्षक, विद्यार्थी छन् पाठ्यपुस्तक छैनन् । जम्मै कुरा छन् सञ्चालक समिति छैन । यी सबै भए पनि कुनै अत्यावश्यक अर्को थोक छैन*।' (पृ. १००) ।

निबन्धकार खनाल आत्मपरक निबन्धकार हुन् । त्यसैले आफ्ना रचनामा वैयक्तिक भावहरूलाई एकातिर प्रस्तुत गर्दछन् भने अर्कातिर आफ्ना निजी विचारहरू पनि प्रस्तुत हुने गर्दछ । शिक्षाका नाममा यहाँ भ्रष्टाचार भैरहेको छ सरकारी लगानी बालुवामा पानी हालेजस्तै बनेको छ र शिक्षा प्रदान गर्ने संस्था र व्यक्ति जिम्मेवारीबाट पन्छिएको यस अवस्थाबाट पछाडि नहटी सबैजना मिलेर हाम्रो शिक्षापद्धतिको विकास गरौं र समाजलाई र राष्ट्रलाई शिक्षित बनाऔं भन्दै निबन्धकार यसरी आह्वान गर्दछन् : *'आऊ तिमी-हामी पनि हातेमालो गरौं र यस्तो शिक्षा पद्धतिको विकास गरौं, जहाँ हाम्रा प्रत्येक घर पाठशाला बनून, हाम्रो परिवारभित्रै हेडसर, हेडमिस तयार होऊन, परिवारका सदस्य नै असल अनुशासित विद्यार्थी बनून ।'* (पृ. १०२) ।

यसरी प्रस्तुत निबन्धमा शिक्षालाई व्यवस्थित गर्नुपर्ने र अहिलेको विकृति र विसङ्गतिलाई हटाएर शिक्षाको दरिलो पद्धति बसाल्नुपर्ने विषयवस्तुको संयोजन प्रस्तुत निबन्धले गरेको पाइन्छ । जहाँ सबै तह र तप्काका जनताले शिक्षा प्राप्त गर्न सकून् ।

### ४.२.२२.४. भाषाशैली

प्रस्तुत **शिक्षा** नामक निबन्धमा शिक्षासँग सम्बन्धित केही घटनाहरूलाई अङ्ग्रेजी शब्दको प्रयोग गरिएको छ जसले निबन्धलाई क्लिष्ट बनाइदिएको छ । छोटा-छोटा वाक्य योजना रहेपनि संस्कृत र अङ्ग्रेजी शब्द प्रयोगले सामान्य पाठकलाई निराश बनाइदिएको पाइन्छ । संस्कृतका *विद्या दानं करोम्यदम पुष्कलेन, धनेनवा, अग्निमीडे पुरोदितम्, पत्नी मनोरमा देहि, वरं शुन्या शाला ...' अधिकस्य अधिकं फलम्* जस्ता सूक्तिले निबन्धलाई शुष्क बनाइदिएको छ । त्यस्तै गरेर अङ्ग्रेजीका *माइक्रो युनिभर्सिटी, आइ.टी., हेड सर, हेड मिस* जस्ता शब्दको प्रयोग पनि पाइन्छ भने अङ्ग्रेजीको वाक्य नै पनि प्रयोग भएको पाइन्छ- *एजुकेशन त इन्फोटेक नै बेस्ट छ ड्याड* । त्यस्तै *आफैं राँड त देशै भाँड* जस्तोउखानको पनि प्रयोग पाइन्छ । समग्रमा अन्य निबन्धका तुलनामा यस निबन्धको भाषाशैली केही जटिल बनेको पाइन्छ । प्रस्तुत निबन्धमा मानव जीवनका आफ्ना सुख-दुख हर्ष,

विस्मात र जीवन सम्बन्धी निजी दृष्टिकोणहरू अभिव्यक्त भएका छन् । आफ्ना आस्था विश्वास र आकाङ्क्षालाई बन्धक राखेर बाँचेको आजको मान्छेको जीवन भोगाइको प्रस्तुत पाइन्छ ।

### ४.२.२२.५. उद्देश्य

प्रस्तुत **शिक्षा** नामक निबन्धले शिक्षाक्षेत्रको बेथिति, विकृति र विसङ्गतिलाई चित्रण गर्ने उद्देश्य लिएको पाइन्छ । शिक्षालाई हरेक व्यक्तिले आफ्नो स्वार्थ अनुकूल बनाउँदै शैक्षिक क्षेत्रमा प्रदूषण फैलाएको बताइएको छ । वर्तमान शिक्षापद्धति नै गलत भएकाले शिक्षाले हाम्रो जीवनपद्धतिको प्रतिनिधित्व गर्न नसकेको कटुयथार्थलाई प्रष्ट पारेका छन् । आजको शिक्षापद्धति र परिपाटीलाई परिमार्जित गरेर समायानुकूल परिवर्तन गर्दै जीवनसँग जोडिने शिक्षापद्धतिको विकासमा लागेर शैक्षिक वातावरण सुधार गर्ने उद्देश्यका साथ यस निबन्ध अगाडि बढेको देखिन्छ । उदाहरण हेरौं :*'शिक्षा जीवनसापेक्ष नहुँदा यो अत्यन्त रूग्ण, भग्न र दुःख-समुद्रमा निमग्न छ । आऊ ! यसलाई टेवा दिएर उठाउन बल गरौँ ।'* (पृ. १०२) ।

### ४.२.२३. छोटो लेख र खोटो जिन्दगी

### ४.२.२३.१. परिचय

प्रस्तुत **छोटो लेख र खोटो जिन्दगी** नामक निबन्ध सर्वप्रथम **सम्प्रेषण**(वर्ष-१, अङ्क-१, २०५१) मा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  यस सङ्ग्रहको तेइसौं निबन्धको रूपमा रहेको छ । यस निबन्धको शीर्षक उपवाक्यस्तरको रहेको छ । यस निबन्धमार्फत् निबन्धकारले वर्तमान अवस्थाको शैक्षिक गतिविधिको चित्र प्रस्तुत गरेका छन् । शिक्षाले जीवनमा भ्रम सृजना गरेको र जीवनलाई खोटो बनाइदिएको विषयवस्तु संयोजन गरिएकोले प्रस्तुत निबन्धको शीर्षक सार्थक देखिन्छ ।

### ४.२.२३.२. संरचना

प्रस्तुत **छोटो लेख र खोटो जिन्दगी** नामक निबन्ध दुई पृष्ठमा फैलिएको तथा पाँच अनुच्छेद योजनाको आयाममा फैलिएको निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित  छ । यो निबन्ध यस सङ्ग्रह भित्रकै सबैभन्दा छोटो निबन्धको रूपमा रहेको छ ।

### ४.२.२३.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **छोटो लेख र खोटो जिन्दगी** नामक निबन्धमा सैद्धान्तिक ज्ञानले भन्दा व्यावहारिक ज्ञानले बढी महत्त्व राख्ने कुरा बताइएको छ । आजको समाजमा शिक्षाप्राप्त गर्ने मान्छे भन्दा चाकडी चाप्लुसी गर्ने मान्छेको जीवन सुखी हुने तीतो यथार्थलाई यसरी प्रस्तुत गरिएको छ : *'पढाइ भन्दा त एक भक्ति नै उत्तम रहेछ ! भनौं कुनै बलवान् नेता-सेताको चाकडी आधुनिक अर्थमा ।'* (पृ. १०३) ।

वर्तमानको शिक्षा भनेको भ्रम सृजनाभन्दा अरू केही नभएको तथ्य यसरी प्रस्तुत गरिएको छ :*'हामी अलौकिक भ्रम-जालमा परेर बाँच्न विवश छौं । साधु सन्त र महात्मा-महन्त समेत भ्रम कलामा कुशल भए सर्वसाधारणले शिक्षा पाउलान् हिमाल चढ्लान ! सगरमाथाको उचाइ छोलान् ।'* (पृ. १०४) ।

यसरी वर्तमानको शैक्षिक क्षेत्रको विकृतिको चित्र प्रस्तुत गर्ने विषयवस्तु प्रस्तुत निबन्धले बोकेको पाइन्छ ।

### ४.२.२३.४. भाषाशैली

प्रस्तुत निबन्धमा सामान्यतया सरल वाक्ययोजना रहेको पाइन्छ । छोटाछोटा वाक्य तथा अनुच्छेद योजना यस निबन्धमा रहेका छन् । सामान्य पाठकका लागि पनि यस निबन्ध उपयुक्त छ । संस्कृतको *विद्यास्थानानां गन्तुमन्तं न सक्य .....'* सूक्ति तथा *पि.एच.डि., एम. एस्सी., मिनी डेमोक्रेसी* जस्ता अङ्ग्रेजी शब्दको पनि प्रयोग पाइन्छ । त्यस्तै गरेर हिन्दीको *जब बह क्वार्टर से निकलता था तो लगता था कि कोई शेर जंगल से निकल रहा हो ।'* जस्तो वाक्यले निबन्धलाई केही रोचकता थपेको पाइन्छ । समग्रमा प्रस्तुत निबन्धको भाषाशैली सरल नै मानिन्छ ।

### ४.२.२३.५. उद्देश्य

प्रस्तुत **छोटो लेख र खोटो जिन्दगी** नामक निबन्धले नेपाली परिवेशमा शिक्षा प्राप्त गरेको व्यक्ति भन्दा कोहीको चाकडी गर्ने चाप्लुसी गर्ने व्यक्ति अगाडि हुने भन्दै शैक्षिक विकृतिप्रति व्यङ्ग्य गरिएको छ । पढेर योग्यता अनुसारको काम नपाइने यथार्थलाई निबन्धले प्रस्तुत गर्दै वर्तमान शैक्षिक पद्धतिको विरोध गर्ने उद्देश्य निबन्धले लिएको पाइन्छ । समग्रमा राजनीतिक व्यवस्था राज्यको शैक्षिक क्रियाकलापको सचित्र प्रस्तुत गर्ने उद्देश्य निबन्धले लिएको छ । प्रस्तुत निबन्धमा मानव जीवनका आफ्ना सुख-दुःख, हर्ष, विस्मात र जीवन सम्बन्धी निजी दृष्टिकोणहरू अभिव्यक्त भएका छन् । आफ्ना आस्था विश्वास र आकाङ्क्षालाई बन्धक राखेर बाँचेको आजको मान्छेको जीवन भोगाइको प्रस्तुत पाइन्छ ।

## ४.२.२४. बिझ्केको वचन-बाण

### ४.२.२४.१. परिचय

प्रस्तुत **बिझ्केको वचन-बाण** नामक निबन्ध सर्वप्रथम यसै सङ्ग्रहमा प्रकाशित भएको निबन्ध हो । यस सङ्ग्रहको चौबीसौं निबन्धको रूपमा यो निबन्ध रहेको छ । प्रस्तुत निबन्धको शीर्षक उपवाक्यस्तरको रहेको छ । प्रस्तुत निबन्धमार्फत् निबन्धकारले नेपालको राजनैतिक स्थितिको चित्रण गरेका छन् दशवर्षे द्वन्द्वका कारण नेपाली समाज र नेपाल राष्ट्रले गतिलिन नसकेको र नेपाली जनता द्वन्द्वले आकुल व्याकुल बनेको कुरालाई साङ्केतिक रूपले प्रस्तुत गरेकाले यस निबन्धको विषयवस्तु र शीर्षकबिच तालमेल देखिन्छ ।

### ४.२.२४.२. संरचना

प्रस्तुत **बिझ्केको वचन-बाण** नामक निबन्ध पाँच पृष्ठमा फैलिएको तथा नौवटा अनुच्छेदयोजनामा संरचित निबन्ध हो ।

### ४.२.२४.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **बिझ्केको वचन-बाण** नामक निबन्धले नेपालको तत्कालीन वस्तुस्थितिको चित्र उतारेको पाइन्छ । नेपाल दशवर्षे द्वन्द्वको चपेटामा पर्दाको पीडालाई प्रस्तुत निबन्धले उठान गरेको छ । द्वन्द्व र राजनीतिक पार्टीका नेताको चरित्रलाई नजिकबाट नियालिएको यस निबन्धमा राजनीतिक पार्टीका नेताको चरित्र चित्रण गरिएको छ । नेपाली जनतालाई त्रासमा बाँच्न विवश बनाइएको तथा नेपाली

जनताको पटकपटक खुसी र शान्ति लुटिएको तथ्यलाई निबन्धकार यसरी चित्रण गर्छन : *'सम्झौता भङ्ग, अनि अङ्गभङ्ग ! शान्ति भङ्ग ! कान्ति भङ्ग ! सबै भताभुङ्ग लथालिङ्ग !!'* (पृ. १०५) ।

द्वन्द्वमा सहजकर्ताको भूमिका निर्वाह गर्ने सहजकर्ता पनि देशको आवश्यकता र नागरिकको चाहनालाई भन्दा व्यक्तिगत स्वार्थलाई बढी महत्त्व दिएर कार्य गरेको प्रति निबन्धकारको यस्तो असन्तुष्टि रहेको छ : *'वार्ता वार्ताकार र सहजकर्ता लड्यो, उठ्यो अनि उठ्यो, लड्यो ! यो हुन्छ त्यो हुन्न ! यति हुन्छ, त्यति हुन्न ।'* (पृ. १०५) ।

यसरी देशमा चलेको द्वन्द्वलाई व्यवस्थापन नगरे देशले गतिलिन नसक्ने विषयवस्तुको संयोजन प्रस्तुत निबन्धले बहन गरेको पाइन्छ, साथै नवनिर्माण, आमूल परिवर्तन र समानताका लागि गरिएको भनिएको कथित जनयुद्ध सर्वसाधारणका लागि त्रास, कोलाहाल र युद्धबाहेक केही नबनेको विषयलाई प्रस्तुत गरिएको पाइन्छ ।

## ४.२.२४.४. भाषाशैली

प्रस्तुत **बिझेको वचन-बाण** नामक निबन्धको भाषाशैली केही जटिल रहेको छ । विम्बात्मक तथा आलङ्कारिक भाषाशैलीले निबन्धलाई शुष्क बनाएको पाइन्छ । सरल र छोटा वाक्ययोजना यस निबन्धमा पाइदैन । संस्कृतका *बालानां रोदनं बलम्, नारीणां मूर्खता बलम्* तथा अङ्ग्रेजीका *थर्मामिटर, डिग्री* र हिन्दीको *हमेशा* जस्ता शब्दको प्रयोग भेटिन्छ । नेपालीमा प्रचलित *जस्तो आफू, उस्तै च्यापू !! गासे-गासे एकैनासे* जस्ता उखानको प्रयोग पनि भेटिन्छ । समग्रमा यस निबन्धको भाषा अन्य निबन्धको भन्दा बिम्बात्मक र आलङ्कारिक रहेको पाइन्छ । उदाहरण हेरौं : *'म अहिले दोधारमा छु-ढलपल-ढलपल बर्खे बाढीको डुङ्गाझैं ! बालुवाका रासमाथिको ठूलो ढुङ्गाझैं हरपल डुब्न तम्तयार ।'* (पृ. १०७) ।

## ४.२.२४.५. उद्देश्य

निबन्धकार खनाल आत्मपरक निबन्धकार नै हुन, त्यसकारण निबन्ध सृजनाका क्रममा उनले कला साहित्य शिक्षा जीवनघटना, जीवन दर्शन, संस्कृति, राष्ट्रियता, मानवतावादी दृष्टिकोण, प्रेमप्रसङ्ग आदिको सन्दर्भ वा विषय चयन गरेका छन् । प्रस्तुत **बिझेको वचन-बाण**नामक निबन्धमा देशको राजनीतिक अवस्थाको चित्र उतारिएको छ । देशले द्वन्द्वको समयमा पाएको पीडालाई चित्रण गरिएको छ । नेपाली नागरिकहरूले त्यस अवस्थामा भोगेको पीडालाई सचित्र उतारिएको छ । त्यसैले यस निबन्धले देशको राजनीतिक अवस्थाको विकृति विसङ्गतिले निम्त्याएको द्वन्द्वलाई चित्रण गरी त्यो द्वन्द्वबाट नेपाली जनता आक्रान्त बनेको तीतो यथार्थ प्रस्तुत गर्ने उद्देश्य लिएको पाइन्छ । साथै देशलाई उक्त संकटग्रस्त अवस्थाबाट पारलगाउन चिरस्थायी रूपमा सफल हुने शान्तिका लागि हातेमालो गर्दै अगाडि बढ्न सबैले प्रयास गर्नुपर्ने कुरालाई यसरी प्रस्तुत गर्न खोजिएको छ : *'सम्भव छ भने गरौं कहिल्यै भङ्ग नहुने वार्ता, लगाऔं कहिल्यै नछुट्ने पिरती ! हाम्रा प्रीति वार्तालाई आँधीबेहरीले पनि रोक्न सक्नेछैन् । हाम्रो प्रेम देशप्रेम झैं अमर रहोस् ।'* (पृ. १०९) ।

## ४.२.२५. अनुशासनको आक्रोश

## ४.२.२५.१. परिचय

प्रस्तुत **अनुशासनको आक्रोश** नामक निबन्ध सर्वप्रथम **मधुश्री** (वर्ष-१, अङ्क-२, २०६०) मा प्रकाशित भएको तथा पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  पच्चीसौं निबन्धको रूपमा रहेको छ । प्रस्तुत

निबन्धको शीर्षक पदावलीस्तरको रहेको छ । प्रस्तुत निबन्धमार्फत् निबन्धकारले समाज, राजनीति, शिक्षा जस्ता क्षेत्रमा अनुशासनहीन व्यवहारका कारण देश सधैं पछाडि परेको तथा नेताहरूको बानी व्यावहार अनुशासित नभएकाकारण देशले विकासको काँचुली फेर्न नसकेको यथार्थलाई प्रस्तुत गरेकाले निबन्धको शीर्षक र विषयवस्तुबिच तालमेल देखिन्छ ।

## ४.२.२५.२. संरचना

प्रस्तुत **अनुशासनको आक्रोश** नामक निबन्ध चार पृष्ठमा फैलिएको तथा सातवटा अनुच्छेद योजनाको आयाममा विस्तारित निबन्धका रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

## ४.२.२५.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **अनुशासनको आक्रोश** नामक निबन्धमा देशका नेतामा, विद्यार्थीमा र शैक्षिक सस्थाहरूमा आफ्नो जिम्मेवारी र अनुशासन तथा सत्यता हराएको यथार्थलाई प्रस्तुत गरिएको छ । नेपालको राजनीतिक अवस्थाको चित्रण गर्दै राजनीतिक दल र तिनका नेताको आचरण र स्वार्थी प्रवृत्तिको चित्रण गर्दै निबन्धकार यसरी प्रस्तुत भएका छन् :

*'के यी नेताको पार्टी अनुशासित छ ? जो बहुमत पाएर सरकार बनाउन सफल थियो, आन्तरिक मतभिन्नताका कारण संसदमा उपस्थितै नभएर दस्तावेज पास हुन दिइएन र संवैधानिक सङ्कट खडा गरेर आफ्नै सरकारलाई अल्पमतमा पारी मध्यावधि चुनावमा उत्रियो, के यस्ता सांसद चुनी पठाउने जनता, नेता र कार्यकर्ता अनुशासित छन् ?'* पृ. ११० ।

शैक्षिक क्षेत्रमा देखिएको विकृति र विसङ्गतिको चित्रण गर्दै शैक्षिक संस्थामा रहेका शिक्षकहरू जो भविष्यका कर्णधारहरूको सुनौलो भविष्यरेखा कार्नेले देखाएको क्रियाकलापलाई प्रस्तुत गर्दै यसरी व्यङ्ग्य गरेका छन् :

*'खुदै विश्वविद्यालयमा पढाउने प्राध्यापकहरू संस्थाको नियम विपरित धर्ना, अनसन, घेराउ, कालोपट्टी, हडताल, कक्षावहिष्कार आदिद्वारा अधिकारीसमक्ष उत्ताउलो र अभद्रता प्रदर्शन गर्दै जथाभावी बक्छन् भने प्राध्यापकहरूका शिष्यहरू कलेजमा अनुशासनहीनता नसिकेर पुन त्यो विषय पढ्न अर्को कोचिङ-ट्यूसन कक्षा ज्वाइन गर्न जाऊन् त ?'* पृ. १११ ।

चेतनाको दीयो बाल्ने, देशको भविष्य उज्जल बनाउने जिम्मेवारीका साथ अगाडि बढ्नुपर्ने शैक्षिक संस्थाहरू बजरिया समान बेच्ने व्यापारिक स्थलबनेको र त्यसका सञ्चालकहरू धन कमाउन केन्द्रित बनेको तीतो यथार्थ प्रस्तुत गरेका छन् । शिक्षाको क्षेत्रमा भैरहेको व्यापारीकरण र गैरजिम्मेवारीपन प्रति निबन्धकारको यस्तो धारणा रहेको छ : *'हामी एउटा व्यापार-गृह खोल्छौं, खुलेआम व्यापार गर्छौं र प्रशस्त नाफाको सपना देख्छौं । अनि त्यहाँ सत्यता, नैतिकता र कर्तव्य निष्ठताको खोजी गर्छौं र आफैले बुनेको जालमा स्वतः पर्छौं ।'* (पृ. १११) ।

यसरी अनुशासन हरेक संघ संस्था, व्यक्ति र नागरिकलाई आवश्यक पर्ने तर सबैले अनुशासनहीन व्यावहार देखाएको प्रति निबन्धकारको असन्तुष्टि रहेको पाइन्छ । समाजमा व्याप्त भ्रष्टाचार, स्वार्थीप्रवृत्ति, गैरजिम्मेवारीपनलाई चित्रण गर्ने विषयवस्तुको संयोजन प्रस्तुत निबन्धले गरेको पाइन्छ ।

### ४.२.२५.४. भाषाशैली

प्रस्तुत **अनुशासनको आक्रोश** नामक निबन्धमा सरल भाषाशैलीको प्रयोग भएको छ । सरल र संयुक्तवाक्य योजनाले निबन्धलाई अगाडि बढाएको पाइन्छ । अभिधाकै तहमा अर्थ खुल्ने तथा सामान्य पाठकका लागि पनि यस निबन्ध उपयुक्त रहेको छ । *प्रिन्सिपल, कोचिङ, ट्यूसन, ज्वाइन, रेडिमेट* जस्ता अङ्ग्रेजी शब्दको प्रयोग गरिएको पाइन्छ । आलङ्कारिक तथा विम्बात्मक र प्रतीकात्मक शब्दको प्रयोगले निबन्धलाई यसरी गहन बनाएको पाइन्छ : *'यो अनुशासन वर्षाको फुस्रे माटोको ढिस्कोझैं स्वतः खस्कदै जाने कुरा हो ।'* (पृ. ११३) ।

समग्रमा निबन्धको भाषाशैली सरल, सरस र बोधगम्य रहेको छ ।

## ४.२.२६. परीक्षा, नाटक र निरीक्षक

### ४.२.२६.१. परिचय

प्रस्तुत **परीक्षा, नाटक र निरीक्षक** नामक निबन्ध सर्वप्रथम **कालिका मा.वि. स्मारिका** ( गैंडाकोट-२०५०) मा प्रकाशित भएको र पछि यस सङ्ग्रहको छब्बीसौं निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित  निबन्धको रूपमा रहेको पाइन्छ । यस निबनधको शीर्षक उपवाक्यस्तरको रहेको छ । यस निबन्धमार्फत् निबन्धकारले वर्तमान नेपालको शिक्षानीति, परीक्षाप्रणाली तथा निरीक्षण पद्धतिको कमजोरी र त्यसले निम्त्याएको समस्यालाई कलात्मक तरिकाले प्रस्तुत गरेकाले निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव देखिन्छ ।

### ४.२.२६.३. संरचना

प्रस्तुत **परीक्षा, नाटक र निरीक्षक** नामक निबन्ध पाँच पृष्ठमा फैलिएको तथा स-सान आठ अनुच्छेद योजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित  छ ।

### ४.२.२६.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **परीक्षा, नाटक र निरीक्षक** नामक निबन्धमार्फत् नेपालको शिक्षाप्रणाली र शैक्षिक गतिविधिको चित्र उतारिएको छ । हाम्रो शिक्षा प्राप्त गर्ने तरिका र उद्देश्य व्यावहारिक ज्ञानभन्दा प्रमाणपत्र प्राप्त गर्ने उद्देश्यमा केन्द्रित बनेको कटु यथार्थलाई प्रस्तुत गरिएको छ । शिक्षाको क्षेत्रमा गरिएको अरवौंको लगानीले दिने प्रतिफल नगन्यमात्रामा भएको तर्फ सङ्केत गरिएको छ । शिक्षाको क्षेत्रमा भइरहेको भ्रष्टाचार र गैरजिम्मेवारपन शैक्षिक संरचना, सहयोग र योजना नाटक मञ्चन गर्ने थलो भन्दा फरक नभएको यथार्थता यसरी प्रस्तुत गरिएको छ :

> *'यहाँ शिक्षा मन्त्री र मन्त्रालय छन्, शिक्षा प्रणालीका निम्ति अलग सचिव , निर्देशक, नियन्त्रक, शिक्षा अधिकारी, प्रोफेसर, कुलपति, उपकुलपति, शिक्षाध्यक्ष, कुलसचिव, प्रधानाचार्य, प्रिन्सिपल र शिक्षक आदि सहस्र प्रपञ्चमा देश चुर्लुम्म डुबिरहेको छ र शिक्षा-दीक्षाको महानाटक रचनामा एकसेएक महान् कलाकार व्यस्त छन् ।'* पृ. ११६ ।

परीक्षा प्रणाली पनि विकृति र विसङ्गतिले ग्रस्त बनेको तथ्यलाई यसरी प्रस्तुत गरिएको छ : *'परीक्षार्थीले पिस्तोल भिरेर जाँच दिएका पनि उदाहरण छन् तर त्यो के जाँच ? डकैती हो डकैती !'* (पृ. ११७) ।

आजको शिक्षानीति भित्रका बेथिति अस्तव्यस्तताको प्रक्षेपण भएको छ । यसरी समग्र शैक्षिक प्रणालीभित्र फैलिएको विसङ्गति र विकृतिलाई चित्रण गर्दै व्यवहारमूखी शिक्षाप्रणालीको विकास गरेर रोजगारीमूलक शिक्षाप्रणाली अबलम्बन गर्नुपर्ने विषयलाई प्रस्तुत निबन्धले विषयवस्तुको रूपमा ग्रहण गरेको पाइन्छ ।

### ४.२.२६.४. भाषाशैली

प्रस्तुत **परीक्षा, नाटक र निरीक्षक** नामक निबन्ध सरल र सहज भाषाशैलीले युक्त छ । सरल वाक्ययोजनाले निबन्धलाई अगाडि बढाएको छ । अभिधाकै तहमा अर्थ स्पष्ट हुने यस निबन्धको भाषा गतिशील रहेको पाइन्छ । *ड्यूटी, क्यान्सिल, प्रपोजल, अब्जर्भर, रेष्टिगेट* जस्ता अङ्ग्रेजी शब्दको प्रयोग पनि पाइन्छ । समग्रमा निबन्धको भाषाशैली कोमल रहेको पाइन्छ ।

### ४.२.२६.५. उद्देश्य

प्रस्तुत **परीक्षा, नाटक र निरीक्षक** नामक निबन्धमार्फत् निबन्धकारले शिक्षाक्षेत्रमा सिद्धान्तचारी पुरातन, बेरोजगार उत्पादन गर्ने प्रवृत्तिभित्रको विकृति र विसङ्गतिलाई चित्रण गर्न खोजिएको छ । शिक्षा नीति नै परम्परागत भएकाले हाम्रो शिक्षा प्रणाली बेरोजगार जनशक्ति उत्पादनको केन्द्र बनेको तथ्य प्रस्तुत गरिएको छ । आजको शिक्षा प्रणाली परिवर्तन गरी व्यवहारमूखी र रोजगारमूलक शिक्षा आजको आवश्यकता भएको वैचारिकता प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य रहेको पाइन्छ । उदाहरण हेरौ :

> *'कठोर परीक्षा उत्तीर्ण गरेका हजारौं स्नातक-स्नातकोत्तरहरू जबसम्म रिक्सा, टाँगा र ज्यावल चलाउँदैनन् ढुक्कसँग हँसिया, हथौडा र ह्यारो बनाउँदैनन्, खलो, खेत र खोरिया खन्दैनन् मन्त्रालयदेखि मन्त्रालय समाल्दैनन्, तबसम्म देश निर्माण, राष्ट्रिय विकासको चरम उन्नति र आर्थिक उत्प्रेरणा एवं जनशक्ति धरासायी हुन्छ ।'* पृ. ११८ ।

## ४.२.२७. गृहनिर्माण कला

### ४.२.२७.१. परिचय

प्रस्तुत **गृहनिर्माण कला** नामक निबन्ध सर्वप्रथम यस सङ्ग्रहमार्फत् प्रकाशित भएको सत्ताइसौं निबन्धको रूपमा रहेको छ । यस निबन्धको शीर्षक पदावलीस्तरको रहेको छ । गृह-निर्माण कला मार्फत् निबन्धकारले घरको स्वरूपले आफ्नो संस्कार, सभ्यता र हैसियत देखिएको भन्ठान्नेहरूले ऋण काढेरै भएपनि अरूलाई देखाउनकै लागि घर बनाउने संस्कृतिको चित्र प्रस्तुत गरिएकोले प्रस्तुत निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव भेटिन्छ ।

### ४.२.२७.२. संरचना

प्रस्तुत **गृहनिर्माण कला** नामक निबन्धपाँच पृष्ठमा फैलिएको तथा स-साना तेह्र अनुच्छेद योजनाको संरचनामा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.२.२७.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **गृहनिर्माण कला** नामक निबन्धले नेपाली समाजमा व्याप्त विकृतिलाई उदाङ्गो पारेको छ । सबैजना ठूलो बन्नुपर्ने, कोही पनि कसैभन्दा कम नहुने परिपाटीको चित्रण गरिएको पाइन्छ । नसक्नेले पनि ऋण काढेर घर बनाउनु पर्ने र समाजमा आफ्ना धाक देखाउनुपर्ने नराम्रो संस्कृतिको चित्र प्रस्तुत गरिएको पाइन्छ । आफ्नो हैसियत भन्दा धेरै माथि उठेर नेपालीहरू विचारको महल नभई भौतिक महलतर्फ आकृष्ट बनेको तथ्य यसरी प्रस्तुत गरिएको छ :*'मेरो जागिर उधारो चलिरहेको छ, जसको मूल आम्दानी नै त्यही हो । घर जग्गा ऋण, सञ्चयकोष सापटी कटाउँदा हातमा टुक्क तलब जीरो मात्र पर्दछ ।'* (पृ. ११९) *'स्वास्नीले लगाउने गहना अहिले वाणिज्य बैंकले लगाएर आफ्नो ढुकुटी शोभायमान बनाइरहेको छ । घरको पुर्ख्यौली जग्गा ससाना बन्धनमा अल्झाएर छिमेकीहरूले बन्धकी खाइरहेछन् । आउने जति सरसापट र पाउने ऋणबापत कतैबाट छोडिएको छैन ।'* (पृ. ११९) ।

नेपाली समाज घर निर्माणमा प्रतिस्पर्धा गरिहेछन् जुन उत्पादनका दृष्टिले महत्त्वहीन छ । घर त बस्न आरामदायी, मौलिक, सरल हुनुपर्ने हो त्यसको सट्टा आडम्बरी महङ्गा घरतिर नेपाली प्रवृत हुँदा देशको आर्थिक स्थिति कमजोर भएको यथार्थ प्रस्तुत छ । यसरी समाजभित्रका मानिसका अहमवादी प्रवृत्तिलाई चित्रण गर्ने र गरीब मानसिकताको चित्रण गर्ने विषयवस्तु प्रस्तुत निबन्धले संयोजन गरेको पाइन्छ ।

### ४.२.२७.४. भाषाशैली

प्रस्तुत **गृहनिर्माण कला** नामक निबन्धको भाषा निकै सरल छ । छोटा-छोटा वाक्यायोजना र कवितात्मक भाषा यस निबन्धका पहिचान हुन् । सामान्य पाठकका लागि पनि यस निबन्ध रूचिकर देखिन्छ । कताकती अङ्ग्रेजी तथा संस्कृतका वाक्य र सूक्तिको निबन्धमा प्रयोग भएको पाइन्छ । समग्रमा निबन्धको भाषा सरल रहेको पाइन्छ ।

### ४.२.२७.५. उद्देश्य

प्रस्तुत **गृहनिर्माण कला** नामक निबन्धमार्फत् नेपाली समाजमा रहेको एक अर्कासँगको प्रतिस्पर्धी भावनालाई चित्रण गरिएको छ । घर ठूलो बनाएर सभ्य र चेतनशील नबनिने तर विचार र भावनाको महल ठूलो बनाउनु पर्ने वैचारिकता प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य रहेको पाइन्छ ।

### ४.२.२८. धत्तेरिका चोर !

### ४.२.२८.१. परिचय

प्रस्तुत **धत्तेरिका चोर !** नामक निबन्ध सर्वप्रथम यस सङ्ग्रमा प्रकाशित भएको निबन्ध हो, जुन अन्तिम निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ । यस निबन्धको शीर्षक पदावलीस्तरको रहेको छ । सम्बोधनात्मक शैलीमा यसको शीर्षक रहेकाले शीर्षकबाटै कसैलाई गालीको स्वरमा सम्बोधन गरिएको छ । साथै उद्गार चिन्हको प्रयोगले सकैप्रति कटाक्ष गरिएको अनुभव हुन्छ । यस निबन्धमार्फत् निबन्धकारले सांस्कृतिक पर्व दशैं, तिहारको प्रसङ्ग प्रस्तुत गर्दै देशमा व्याप्त भ्रष्टाचार, घुसखोरी प्रवृत्ति र हिँसाजन्य अवस्थाको चित्रण गरिएको छ ।

राजनीतिक दल र तिनका नेताको खराब प्रवृत्ति असल नभई खराब बनेको विषयवस्तुलाई प्रस्तुत गरिएकोले प्रस्तुत निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव भेटिन्छ ।

### ४.२.२८.२. संरचना

प्रस्तुत **धत्तेरिका चोर !** नामक निबन्ध चार पृष्ठमा फैलिएको तथा एक वाक्य देखि एक पृष्ठसम्मका सात अनुच्छेद योजनामा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.२.२८.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **धत्तेरिका चोर !** नामक निबन्धमार्फत् निबन्धकारले देशमा व्याप्त हत्या, हिँसा, चोरी, डकैती, लुटपाट, आतङ्क आदिलाई चित्रण गर्न खोजेका छन् । समाजमा शान्ति र सत्यता हराएको तथा स्वार्थीप्रवृत्ति मौलाएको यथार्थलाई प्रस्तुत गरिएको छ । मान्छेले मान्छेदेखि डराउनु पर्ने असहज परिस्थिति सृजना भएको तथ्यलाई यस निबन्धमा यसरी प्रस्तुत गरिएको छ : *'आज हाम्रो देश पशु-हिंसामा व्याप्त हुँदा मानव-मानवबिचको हिंसामा अग्रसर भएको छ । दिक्क छु, कति बेला यी कोलाहल कवलित आकलङ्की कानले मानवद्वारा मानव-मांस-रक्त सेवनका घटना सुन्नु पर्ने हो ।'* (पृ. १२५) ।

समाजमा इमान जमान हराइसकेको र राजनीति गरेर देशलाई विकसित तुल्याउने राजनीतिकर्मीहरू आफ्नो स्वार्थमा फँसेर भ्रष्टाचारलाई बढवा दिएको तथ्यलाई निबन्धकार यसरी प्रस्तुत गरेका छन् : *'देशका भूतपूर्व मन्त्रीहरू जहाँ भ्रष्टाचारीको अभियोगमा न्यायालय धाइरहेछन् । धरौटीमा रिहा भइरहेछन्, राष्ट्रसेवक र राष्ट्रिय सुरक्षाको जिम्मा लिएका भूतपूर्वहरू भ्रष्टाचारको अभियाग लागेर लाचार कठोर कारागृह धाइरहेछन् ।'* (पृ. १२५) ।

यसरी समाजमा व्याप्त हत्या, हिंसा, आतङ्क, विकृति, विसङ्गति तथा भ्रष्टप्रवृत्तिलाई सधैँका लागि समाप्त पारेर शान्ति, विकास र समतामूलक समाजको परिकल्पना निबन्धकारको चाहना रहेको छ र प्रस्तुत निबन्धले यसै विषयवस्तुलाई समेटेको पाइन्छ । उदाहरण हेरौं :*'कस्तो हुँदो हो मान्छेले मनभित्रबाट मानवीय हिंसा र आसुरी प्रवृत्तिलाई दाह-संस्कार गर्ने हो भने ? स्नेहको चिल्लो पदार्थले आ-आफ्नो खस्रा चिन्तन र घातक विचारमा लेपन गर्ने हो भने तर कठिन छ मान्छे घर फर्कन र मान्छेले मान्छेलाई चिन्न !'* (पृ. १२६) ।

### ४.२.२८.४. भाषाशैली

प्रस्तुत **धत्तेरिका चोर !** नामक निबन्ध सरल र सहज भाषाशैलीले युक्त रहेको छ । सरल र संयुक्तवाक्यको अधिक प्रयोग गरिएको छ । प्रस्तुत निबन्धमा बालबालिकामा प्रचलित लोकोक्ति *'दशैं आउला ..... !'* को प्रयोगले निबन्धलाई जीवन्त बनाएको पाइन्छ । प्रस्तुत निबन्धमा *नखेल्नु जुवा र तास धनको नाश जीवनको बन (नि) वास* ! नामक गीतको प्रयोगले रोचकता थपेको महसुस हुन्छ । बिम्बात्मक तथा आलङ्कारिक भाषाले निबन्धलाई केही गहन बनाएको पाइन्छ । उदाहरण हेरौं : *'दशैं किरकिराउँछ सागमा चपाइने तृणझैं ! हलुवामा बालुवाझैं ! कतै तिहार गनाउँछ गन्धेझारझैं ! मरे-सडेको सिकारझैं !'* (पृ. १२७) ।

### ४.२.२८.५. उद्देश्य

प्रस्तुत **धत्तेरिका चोर !** नामक निबन्धले देशमा व्याप्त असमानता, हत्या, लुटपाट, भ्रष्टाचार, वेथिति आदिलाई चित्रण गरेको छ । देशलाई विकसित तुल्याउन विगतलाई बिर्सेर भविष्यमा विगतका कमजोरी हटाएर अगाडि बढ्नुपर्ने संकेत गरिएको छ । भ्रष्टप्रवृत्तिले समाजलाई र समग्र राष्ट्रलाई नै दुर्गन्धित बनाएको यथार्थता प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत निबन्धले समाजको यथार्थ चित्र प्रस्तुत गर्दै देशमा शान्ति स्थापनाको लागि र विकासको लागि भ्रष्टाचारी प्रवृत्ति र शोषण दमनलाई जरैदेखि उखेल्नुपर्ने वैचारिकता प्रस्तुत गर्ने उद्देश्य लिएको पाइन्छ । हत्या, हिंसा, आतङ्क र भ्रष्टप्रवृत्तिले देशकै भविष्य खतरामा परेकाले ती तत्त्वलाई समाप्त पार्नुपर्ने आजको आवश्यकता बनेको तथ्य प्रस्तुत गरेको पाइन्छ ।

### ४.२.२. निष्कर्ष

प्रस्तुत **नारायणीका लहर-लहरमा** नारायणप्रसाद खनालको दोस्रो निबन्ध सङ्गहको रूपमा प्रकाशित कृति हो । त्रिवेणी साहित्य परिषदको एक्काइसौं पुष्पमालाको रूपमा वि.स. २०६१ सालमा प्रकाशित यस सङ्ग्रहमा जम्मा अठ्ठाइसवटा निबन्धहरू सङ्ग्रहित  छन् । उनका यस सङ्ग्रहभित्रका निबन्धहरूमा देशको समसामयिक राजनीतिक व्यवस्थाले पारेका प्रभाव, भित्र्याएका विकृति, विसङ्गति, शोषण, दमन, अन्याय, अत्याचार, भ्रष्टाचारी प्रवृत्तिको उदाङ्गो तस्वीर खिचिएको पाइन्छ । साथै यस कृतिमा निबन्धकार खनाल स्वच्छन्दतावादी प्रवृत्ति भित्रको आत्मपरक शैलीमा देखिएका छन् । कतिपय निबन्धहरूमा प्रकृतिको शालीन र क्रुररूपको चित्रण गर्दै प्राकृतिक तत्त्वलाई आफ्ना निबन्धको विषय बनाएका छन् । प्रस्तुत निबन्धसङ्ग्रहमार्फत् खनाल देशमा व्याप्त अशान्ति, द्वन्द्व र हिंसाले समग्र राष्ट्रलाई आक्रान्त पारेको यथार्थता प्रस्तुत गरेका छन् ।

यस सङ्ग्रहका निबन्धहरूमा सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक विकृति विसङ्गतिलाई खोतलेर यस्ता विकृति र विसङ्गतिलाई जरैदेखि समाप्त पार्न नेपाली नागरिकहरूमा चेतनाको दीप बाल्ने कार्य पनि गरिएको पाइन्छ । यसरी समग्र राष्ट्रको विद्यमान परिवेशको चित्रण गर्दै समाज र राष्ट्रलाई विकसित तुल्याउने हो भने हत्या, हिंसा, आतङ्क, शोषणर भ्रष्टप्रवृत्तिलाई समाप्त पार्नु पर्ने वैचारिकता प्रस्तुत गरिएको पाइन्छ । समयको महत्त्व दर्शाउँदै हामी सच्चा नेपाली हौं भने देशलाई अग्रगति दिन अगाडि बढ्नुपर्ने अन्यथा देशको अस्तित्त्व नै लोप हुन सक्ने दृष्टिकोण प्रस्तुत गरिएको पाइन्छ । समग्रमा विभिन्न प्रकृति, दर्शन र मान्यतालाई उदाहरणको रूपमा प्रस्तुत गर्दै देशका कुप्रवृत्ति र कुतत्वलाई सखाफ पार्दै समतामूलक, समाज निर्माण शान्ति र विकासलेयुक्त भरिएको नेपाल निर्माणको परिकल्पना यस सङ्ग्रहको उद्देश्य रहेको पाइन्छ ।

प्रस्तुत निबन्धमा सरल, सहज भाषाशैलीले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । निबन्धको भाषा गतिशील रहेका छ । नारायणीको पानीको गति जस्तै यस सङ्ग्रहको भाषा पनि जीवन्त रहेको पाइन्छ । कताकति निबन्धकार खनालको प्राज्ञिक विशेषता पनि यस सङ्ग्रहमा भेटिन्छ । यस सङ्ग्रहका कतिपय निबन्धहरूमा हिन्दीका शब्द तथा वाक्य, अङ्ग्रेजीका शब्द तथा वाक्य र संस्कृतका अधिक शब्द र सूक्तिको प्रयोग यसैका उदाहरण मान्न सकिन्छ । कतिपय निबन्धहरूमा उनको निबन्धात्मक भाषा विम्वात्मक र प्रतीकात्मक बनेको पाइन्छ । नेपालीका उखानटुक्काहरूको प्रयोगले

यस सङ्ग्रहलाई रोचक र चाखलाग्दो बनाएको पाइन्छ । आलङ्कारिक भाषाले कतिपय निबन्धहरू गम्भीर बनेका छन् ।

यसरी विभिन्न प्रवृत्ति र यथार्थको चित्रण गर्दै समाज र समग्र राष्ट्रको विकास तथा नागरिकहरूको चेतना अभिवृद्धि गर्ने दृष्टिकोण प्रस्तुत गर्दै अगाडि बढेको यस सङ्ग्रहमा विभिन्न भाषाशैलीको प्रयोग भएको पाइन्छ । देशमा व्याप्त हत्या, हिंसा, शोषण, अशान्तिको चित्रणमा निबन्धकार कतै व्यङ्ग्यात्मक पनि बनेको पाइन्छ । आधुनिक नेपाली निबन्धको क्षेत्रमा महत्त्वपूर्ण स्थान बनाउन सफल यस सङ्ग्रहले भेदभावरहित, शान्तिपूर्ण, समतामूलक तथा विकसित राष्ट्रको परिकल्पना आफ्नो उद्देश्य बनाएको पाइन्छ ।

## ४.३. निर्वचन र भाषिक सन्दर्भ (भाषिक निबन्धसङ्ग्रह-२०६५) को विश्लेषणात्मक अध्ययन

प्रस्तुत **निर्वचन** र **भाषिक सन्दर्भ** (२०६५) कृति नारायणप्रसाद खनालको **गोरखाको डायरी** र **नारायणीका लहर-लहरमा** निबन्धसङ्ग्रह प्रकाशन पछिको तेस्रो निबन्ध सङ्ग्रहका रूपमा प्रकाशित कृति हो । यस कृतिलाई भाषिक निबन्धसङ्ग्रह भनिएको छ । भाषा र व्याकरणसँग सम्बन्धित विभिन्न लेखहरूको संगालोको रूपमा यस कृतिले आफ्नो अस्तित्त्व कायम गरेको पाइन्छ । आधुनिक नेपाली निबन्धको क्षेत्रमा छुट्टै प्रवृत्तिका यस कृतिमार्फत् निबन्धकार प्रस्तुत भएका छन् । भाषा र व्याकरणसम्बन्धी तथा शब्द निर्वचनसँग सम्बन्धित लेख रचनाहरूको संयोजनले यस कृतिलाई जीवन्त बनाएको पाइन्छ । निबन्धकार नारायणप्रसाद खनाल स्वयम् नेपाली भाषाका प्राध्यापकसमेत भएकाले भाषासँग सम्बन्धित समस्याहरूसँग उनी अनविज्ञ छैनन्, अर्थात् नेपाली भाषा र व्याकरण शिक्षणका क्रममा देखिएका समस्याहरूलाई खनाल नजिकबाट नियालिरहेका छन् । ती समस्याहरूलाई विभिन्न अग्रजहरूका सुझावसहित आफ्ना केही मान्यता प्रस्तुत गर्नु यस निबन्धसङ्ग्रहको रूचि क्षेत्र देखिन्छ ।

प्रस्तुत भाषिक निबन्धसङ्ग्रहमा व्याकरणसँग सम्बन्धित विभिन्न पक्षहरू र शब्द निर्वचन प्रक्रियालाई विभिन्न तथ्य प्रमाणका आधारमा प्रस्तुत गरिएको पाइन्छ । विभिन्न तथ्यहरूका आधारमा आफ्ना मौलिक विचार प्रस्तुत गर्दै भरपर्दो विकल्प प्रस्तुत गर्नु यस कृतिको विशेषता रहेको छ । निबन्धकार खनालका अन्य निबन्ध सङ्ग्रह जस्तै यस कृतिलाई पनि परिचय, संरचना, विषयवस्तु/मूलभाव, भाषाशैली र उद्देश्यका आधारमा विश्लेषणात्मक अध्ययन गरिएको छ ।

### ४.३.१. परिचय

प्रस्तुत **निर्वचन** र **भाषिक सन्दर्भ** नामक भाषिक निबन्ध सङ्ग्रह (२०६५) कृति निबन्धकार नारायणप्रसाद खनालको तेस्रो निबन्ध सङ्ग्रह हो । उनको **गोरखाको डायरी** (२०६१) र **नारायणीका लहर-लहरमा** (२०६१) निबन्ध सङ्ग्रह पछिको यो कृति नितान्त भाषा, व्याकरण र शब्द निर्वचनसँग सम्बन्धित कृति हो । **गोरखाको डायरी** (२०६१) मा देखिएको संस्मरणात्मक शैली नारायणीका लहर-लहरमा आउँदा आत्मपरक शैलीको केन्द्रीयतामा प्रस्तुत भएको थियो । निबन्धकार खनालका निबन्धात्मक प्रवृत्तिमा समेत यस कृति फरकपनको रहेको पाइन्छ । आधुनिक नेपाली निबन्धको

फाँटमा यस **निर्वचन** र **भाषिक सन्दर्भ** नामक कृतिले खोज अन्वेषणमूलक प्रवृत्तिलाई आत्मसात् गरेको पाइन्छ ।

प्रस्तुत कृति निबन्धकार खनालका विभिन्न राष्ट्रिय तथा स्थानीयस्तरका पत्रपत्रिकाहरूमा प्रकाशित भैसकेका लेख रचनाहरूको सँगालोको रूपमा रहेको छ भने एउटा लेख यसै कृतिमार्फत् सर्वप्रथम प्रकाशित भएको पाइन्छ । **विवेक, सम्प्रेषण** लगायत विभिन्न पत्र-पत्रिकाहरूमा छापिएर आइसकेका भाषिक निबन्धहरूलाई एकत्रित गरी आफ्नो भाषिक, व्याकरणिक र शब्द निर्वचनसँग सम्बन्धित धारणालाई निबन्धकार खनालले प्रस्तुत गरेका छन् । यस निबन्ध सङ्ग्रहमा व्याकरणसँग सम्बन्धित तीन शीर्षकहरू र शब्द निर्वचनसँग सम्बन्धित नौवटा शीर्षकहरू प्रस्तुत गरिएको छ । नेपाली स्वरवर्ण र व्यञ्जनवर्ण सम्बन्धी तथ्यहरू प्रस्तुत गर्दै परम्परागत शैलीको व्याकरणका केही पक्ष सुधारको आवश्यकता औंल्याइएको छ भने विभिन्न शब्दसँग सम्बन्धी शब्द निर्वचन प्रक्रियालाई विभिन्न तथ्य, मत र धारणाका आधारमा आफ्नो उपयुक्त विचार सहितको तर्क प्रस्तुत गरिएको पाइन्छ ।

प्रस्तुत **निर्वचन** र **भाषिक सन्दर्भ** (२०६५) निबन्धसङ्ग्रह निबन्धकार खनालको तेस्रो निबन्ध सङ्ग्रह हो । यस सङ्ग्रह त्रिसाप वल्लरीको ३७ औं मालाका रूपमा **त्रिवेणी साहित्य परिषद**, नवलपरासीले प्रकाशनमा ल्याएको पाइन्छ । यस कृतिको अग्रभाग रातो, सेतो, निलो रङको संयोजनले पूर्ण छ । जहाँ उक्त कृतिको नाम निलो र रातो अक्षरले लेखिएको छ भने अग्रभागकै तलपट्टी निबन्धकार खनालको पूरा नाम लेखिएको छ । त्यस्तै पश्चभाग सेतो र निलो रङ्गको संयोजनले सजिएको छ । पश्चभागको माथिल्लो खण्डमा कृतिकारको अर्धकदको तस्वीर राखिएको छ र साथमा कृतिकारको नाम उल्लेख गरिएको छ । त्यसपछि कृतिकारको जन्म, जन्मस्थान, स्थायी ठेगाना, अस्थायी ठेगाना, शैक्षिक योग्यता, कार्यरत संस्था र वर्तमानपदको समेत उल्लेख गर्दै संलग्नता र प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गरिएको छ । यसरी कृतिको बाहिरी आवरण प्रस्तुत गरिएको छ ।

आवरणपृष्ठपछि त्रिवेणी साहित्य परिषदका सचिव गोविन्दराज विनोदीको *प्रकाशकीय एवम्, शुभकामना* नामक लेख प्रस्तुत गरिएको छ । उक्त संस्थाका सचिव विनोदीले निबन्धकार खनालले निकै मिहिनेतपूर्वक निर्वचनका सम्बन्धमा खोज गर्नु भएको र महत्त्वपूर्ण भाषिक प्रसङ्गलाई कोट्याउनु भएको विचार प्रस्तुत गरेका छन् । त्यसपछि निबन्धकार स्वयम्को *आत्मोद्गार* रहेको छ । यस लेखमार्फत् कृति लेख्नुपर्नाको उद्देश्य आफ्नो भाषाका बारेमा केही कार्य गर्ने विचार तथा भाषा, शब्दनिर्वचन र व्याकरण सम्बन्धी खोज अन्वेषण गर्ने रहेको उल्लेख गरिएको पाइन्छ । त्यस लगतै विषयसूची प्रस्तुत गरिएको छ जसमा बाह्रवटा भाषिक निबन्धको सूची र सन्दर्भ-सूची समेत उल्लेख गरिएको छ ।

## ४.३.२. संरचना

प्रस्तुत **निर्वचन** र **भाषिक सन्दर्भ** (२०६५) कृति लघु आयामको संरचनामा संरचित छ । यस कृति जम्मा नब्बे पृष्ठमा फैलिएको पाइन्छ । यस कृतिमा संरचनाका दृष्टिकोणले तीन खण्ड रहेका छन् । पहिलो खण्डलाई *प्रकाशकीय, शुभ-कामना* र *आत्मोद्गार*ले समेटेको पाइन्छ । दोस्रो खण्ड

अर्थात यस कृतिको मूख्य खण्डमा जम्मा बाह्रवटा भाषिक निबन्धहरू समाविष्ट छन् भने पछिल्लो खण्ड अर्थात् तेस्रो खण्डमा *सन्दर्भसूची खण्ड* रहेको छ ।

यस कृतिको महत्त्वपूर्ण खण्ड दोस्रो खण्ड हो । यस खण्डमा रहेका बाह्रवटा भाषिक निबन्धहरू केही लामा र केही अलि छोटा निबन्धात्मक लेखहरू समावेश भएका छन् भने समग्रमा यस निबन्धसङ्ग्रहमा मध्यम आयामका भाषिक निबन्धहरू रहेका छन् । यस सङ्ग्रहको सबैभन्दा छोटो भाषिक निबन्धको रूपमा *लिच्छिप्प शब्दका सन्दर्भमा* (४ पृष्ठ) नामक निबन्ध रहेको छ भने लामो निबन्धको रूपमा *नेपाली व्याकरणमा पदयोग र पदवियोग शिक्षणको संक्षिप्त रूपरेखा* (१२ पृष्ठ) नामक भाषिक निबन्ध रहेको छ । यस कृति खोज अन्वेषणमूलक शैली अपनाइएको कृति भएकाले सटीक भाषिक लेखले सजिएका छन् । जम्मा नब्बे पृष्ठको लधुआयाममा यस निबन्ध सङ्ग्रह विस्तारित छ ।

## ४.३.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **निर्वचन** र **भाषिक सन्दर्भ** (२०६५) कृति नितान्त भाषिक निबन्ध सङ्ग्रह हो । यस कृतिका निबन्धहरू केही व्याकरणसम्बन्धी र केही शब्द निर्वचनसम्बन्धी विषयवस्तुले पूर्ण छन् । यस कृतिमा व्याकरणसँग तीनवटा र शब्द निर्वचनसँग नौवटा निबन्धहरू सम्बन्धित छन् । जम्मा बाह्रवटा भाषिक निबन्धहरूले यस सङ्ग्रहमा स्थान पाएका छन् ।

यस सङ्ग्रहको पहिलो भाषिक निबन्ध *नेपाली स्वरवर्णमा सुधारको आवश्यकता* सर्वप्रथम **सम्प्रेषण** (वर्ष-३, अङ्क-२) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित भाषिक निबन्ध हो । जम्मा ६ पृष्ठमा फैलिएको यस लेखमा नेपाली स्वरवर्णका बारेमा गर्नुपर्ने केही सुधारहरूलाई औंल्याइएको पाइन्छ । प्रस्तुत निबन्धमा नेपाली भाषा लेखिने देवनागरी लिपिका पूर्खाका रूपमा ब्राम्ही लिपि रहेको चर्चा गरिएको पाइन्छ । कुनै पनि भाषामा परिवर्तनशीलता हुनेतर्फ सङ्केत गर्दै परिवर्तनले त्यस भाषाको विशेषतालाई बताउने उल्लेख गरिएको छ । स्वरवर्ण र मात्रालिपि समान हुने भन्दै स्वरवर्णलाई बिदा गर्दै मात्रालिपिको प्रयोग गर्नुपर्ने विषय प्रस्तुत गरिएको छ । जुन काम स्वरलिपिले गर्छ त्यही काम मात्रालिपिले गर्ने तथ्य प्रस्तुत गर्दै स्वरलिपिभन्दा मात्रालिपि सहज हुने विचार प्रस्तुत गरिएको छ । उदाहरण हेरौं *: 'अ >T: ালमल, াসল, ালিকতি, াগম্য, ানন্ত, ালিলি, াহা !, াচম্ম ......./* पृ. ४ । *'इ > ि:ि:, ि नार, ि मली, ि ज्जत, ि लाम, ि लाका, ि हलोक, जुवाि ँ, फाि दा, कमाि , पुरेत्याि ँ'........./'* पृ. ४ । मात्रालिपि प्रयोग गर्दा हुने फाइदाहरूलाई विभिन्न बुँदामा प्रस्तुत गर्दै सामान्य नियमहरू समेत उल्लेख गरिएको पाइन्छ । स्वरवर्णसम्बन्धी सुधार गुर्नपर्ने विभिन्न विद्वान्हरू ताना शर्मा, शिवगोपाल रिजाल, विष्णुगोपाल रिजाल र बालकृष्ण पोखेरद्वारा प्रस्तुत गरिएका प्रस्तावहरू समेत उल्लेख गरिएको पाइन्छ । आवश्यक सुधार गरिएपछि हुने केही शब्द र अनुच्छेदका स्वरूपलाई समेत प्रस्तुत गरिएको छ । साथै उक्त व्यवस्था लागू गर्न विभिन्न शिक्षण संस्था, प्राज्ञ, लेखक, विद्यार्थी, शिक्षक, मुद्रक, विद्वान्, भाषावैज्ञानिक, प्रकाशक तथा सर्वसाधारण साक्षर वर्गमा हार्दिक निवेदन समेत गरिएको पाइन्छ । उहाँका मात्रालिपिसँग सम्बन्धराख्ने सुधारिएका केही वाक्यहरू उदाहरणका रूपमा हेरौं : *' ाज ासहायहरूलाई ान्न दिि नु पर्छ ।' पृ. ५ । 'ि च्छा भ` घरमा भ`को कुरा खा ू ।'* पृ. ५ ।

त्यस्तै *चितवन शब्द : निर्वचन प्रक्रियाका कसीमा* नामक निबन्धका सर्वप्रथम **विवेक** (वर्ष ५, अङ्क २, २०४६) चितवन परिचय विशेषाङ्कमा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्गृहीत भाषिक निबन्ध हो । प्रस्तुत निबन्ध चितवन शब्दको निर्वचन प्रक्रिया देखाउनमा केन्द्रित रहेको पाइन्छ । यस चितवन शब्दको निर्वचन प्रक्रिया देखाउने क्रममा निबन्धकार खनालले व्युत्पत्ति र अर्थ, लोक व्यत्पत्ति र लोक साहित्यलाई मुख्य आधार बनाएका छन् । चितवन ऐतिहासिक महत्त्वको भूमि भएकोले यस शब्दसँग विभिन्न तथ्य गाँसिएका हुन्छन् । चितवन शब्दको व्यत्पत्ति केलाउँदै जाँदा पञ्चतन्त्रनामक संस्कृत ग्रन्थका तथ्यहरूलाई समेत प्रस्तुत गरिएको छ । नेपाली बृहत् शब्दकोश, संस्कृत साहित्यमा भेटिने चितवनसँग सम्बन्धित तथ्यहरूलाई समेत प्रस्तुत गरिएको पाइन्छ भने राहुल सांकृत्यायन, जनकलाल शर्मा लगायतका विचारहरू समेत प्रस्तुत गरिएको पाइन्छ । सम्पूर्ण तथ्यहरूको विश्लेषण गर्दै चित्रवन, चित्रसेन र सीतावन शब्दलाई चितवन शब्दसँग सन्निकट रहेको बताएका छन् । यी तीन शब्दहरू मध्येपनि शिष्टपरम्परालाई आधार मानेर चित्रवन शब्दबाट नै चितवन शब्द बनेको तथ्यलाई प्रस्तुत निबन्धले विषयवस्तु बनाएको पाइन्छ । उदाहरण हेरौं :

*'चितवन शब्द संस्कृत भाषास्रोतबाट आएका चित्र र वन यी दुई शब्दको योगबाट बनेको समस्त शब्द 'चित्रवन' को अपभ्रंश वा तद्भव रूप हो ।'* (पृ. ८) ।

त्यसैगरी यस सङ्ग्रहको तेस्रो निबन्धको रूपमा *पुस्तकालय : निर्वचन र अन्य सन्दर्भमा* रहेको छ । यो भाषिक निबन्ध सर्वप्रथम **रामेश्वर स्मारिका** (२०६४) मा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित भएको निबन्ध हो । यस निबन्धमा पुस्तकालय शब्दको निर्वचन प्रक्रिया देखाइएको छ । पुस्तक र आलय शब्दको छुट्टाछुट्टै व्युत्पत्ति प्रक्रियालाई प्रस्तुत गर्दै पुस्तकालयले प्रदान गर्ने सेवाहरूलाई समेत प्रस्तुत गरिएको छ । संस्कृतको 'पुस्त' धातुबाट व्याकरणिक कार्य भएर 'पुस्तक' शब्द बनेको सन्दर्भ प्रस्तुत गर्दै आलय पदको अर्थसमेत बताइएको छ । विभिन्न प्राकृतिक विपत्ति जैविक कुराको भय, त्रास, हानि, नोक्सानी आदिबाट हरतरहले लुक्ने, छिप्ने वा आरामपूर्वक बस्ने अर्थमा आलय शब्द बनेको बताइएको छ । यिनै पुस्तक र आलयको योगबाट पुस्तकालय शब्दको निर्माण भएको जनाइएको छ । पुस्तकालय शब्दको अर्थलाई प्रष्ट्याउने क्रममा प्रसिद्ध ज्ञानविज्ञानको प्रतिबिम्बका रूपमा देखापर्ने समग्र लिखित-मुद्रित सामग्री नै पुस्तक भएकोले प्रस्तुत सन्दर्भमा तिनै पुस्तकहरूलाई सुरक्षित र व्यवस्थित ढङ्गमा राख्ने जुन भवन, घर वा ग्रह हो, त्यसैलाई नै पुस्तकालय भनिन्छ भन्दै चर्चा गरिएको पाइन्छ । पुस्तकालयले ज्ञानको तिर्खा मेट्ने समेत उल्लेख गरेको पाइन्छ ।

*रत्ननगरको अर्थ पहिल्याउन खोज्दा* नामक भाषिक निबन्ध चौँथो निबन्धको रूपमा रहेको छ । यो निबन्ध सर्वप्रथम **रत्ननगर उद्योग वाणिज्य सङ्घ स्मारिकामा** प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित भएको निबन्ध हो । यस निबन्धमा रत्ननगरलाई चिनाउँदै उत्तरतिर जुटपानी, पिठूवा, चैनपुर र दक्षिणतिर सौराहा, राष्ट्रिय वन्यजन्तु निकुञ्ज एवम् पूर्वतिर बुढीराप्ती तथा पश्चिमतिर बरण्डाभार जङ्गल मिलेर रत्ननगरको चार किल्ला भएको देखिन्छ भन्दै निबन्धकार खनालले रत्न र नगरको छुट्टाछुट्टै यसरी अर्थ प्रस्तुत गरेका छन् :*'रमते जनानां मनो यत्र इति रत्नम् ।'* (पृ. २६) ।

त्यस्तै नगरको अर्थ यसरी प्रष्ट्याएको छन् : *नगर शब्दको अर्थ हो "नगा इव अत्युच्चाः प्रासादाः सन्ति यत्रेति नगरम्" 'नग' माने पहाड पर्वत र त्यस्तै उच्च-उच्च घर जहाँ रहेको छन्, त्यसैलाई नगर भनिन्छ ।* (पृ. २९) यसरी भौगोलिक तथा भाषावैज्ञानिक पद्धति अनुसार संस्कृतका सूक्तिका आधारमा निबन्धकार खनालले रत्ननगर शब्दको अर्थ प्रस्तुत गरेका छन् ।

त्यस्तैगरी यस सङ्ग्रहको पाँचौं निबन्धको रूपमा *'पक्लिहवा' स्थाननामको नालीबेली : निर्वचनका आधारमा* नामक निबन्ध रहेको छ । यो निबन्ध सर्वप्रथम **वागीश्वरी** (२०५१) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा भएको निबन्ध हो । यस निबन्धमा पश्चिम नेपालको लुम्बिनी अञ्चल अर्न्तगत रूपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका स्थित 'पक्लिहवा' भन्ने गाउँको नामकरणबारे निर्वचन प्रक्रिया प्रस्तुत गरिएको छ । जुन ठाउँगाउँ जे कुराले सम्पन्न छ, त्यसैका आधारमा ठाउँगाउँको नामकरण गरिने प्रसङ्ग जोड्दै शाल्मलिद्वीप सिमलको रूखले, शाकद्वीप-सागका कारणले जबमुद्वीप-जमुनाका रूख भएका कारणले चर्चित भएको र नाम रहेको प्रसङ्ग बताइएको छ । त्यस्तै पक्लिहवा वनस्पतिका आधारमा राखिएका नामहरूमध्ये एक भएको समेत चर्चा गरेका छन् । उक्त ठाउँमा पाकरै पाकरका रूख भएका कारणले त्यस ठाउँलाई शुरूमा पकरी भनिएको र पछि 'पकरी' लाई पकली हुँदै पकलीहा शब्द बनेको उल्लेख गरिएको पाइन्छ । त्यस्तै पकलिहा बाट पक्लिहवा शब्दको नामकरण भएको तथ्य प्रस्तुत गरिएको पाइन्छ । त्यस्तै पक्लिहवा शब्दको लोक व्युत्पत्तिका आधारमा समेत चर्चा गरिएको पाइन्छ । लोक व्यत्पत्तिका आधारमा पक्लिहवा शब्दलाई पागल आइमाई त्यही ठाउँको घनाजङ्गलमा बसेका आधारमा पगली+हा+वा बाट पग्लिहवा हुँदै पक्लिहवा भएको भनिएको तथ्यलाई भने खण्डन गरिएको पाइन्छ । यसरी वनस्पतिलाई आधार बनाएर गरिएको व्याकरणबाट पक्लिहवा शब्द बनेको विचार निबन्धकार खनालको मौलिक विचार रहेको पाइन्छ ।

त्यस्तै *शान्ति : अर्थको खोजीतिर* निबन्ध यस सङ्ग्रहको छैटौं निबन्धको रूपमा रहेको छ । यो निबन्धमा संस्कृतका विभिन्न सूक्तिहरूका आधारमा शान्तिको अर्थ खोजिएको छ । ॐ शान्तिः अशान्तस्य कुतः सुखम् ? वसुधैव कुटुम्वकम नमस्तस्यै नमो नमः यतो धर्मस्ततो जयः आदि उपशीर्षकहरू शान्तिको अर्थ खोजिएको छ शान्तिको आश्रयबिना सुखपुर्वक बाँच्न चाहनु घामले टल्कने बालुवाबाट तिर्खा मेट्न खोज्नु सरह हो । आज विश्वको कुनै पनि देश भयभीत र आतङ्कित भएर बाँच्न चाहिरहेको छैन विश्व शान्तिका पथप्रदर्शक खोजिरहेका छन् । शान्ति कुनै एक चीजमा, एक ठाउँमा सीमित रहने वस्तु होइन, यो त आकाश जत्तिकै व्यापक र धर्ती जत्तिकै विस्तृत छ । शान्ति खोजेर, किनेर, मागेर वा पैंचो गरेर पाइने वस्तु होइन यसलाई पाउन त समयमै बुद्धि पुऱ्याएर आत्मविश्वासको जगेर्ना गर्नुपर्छ जस्ता विचार प्रस्तुत गर्ने विषयलाई प्रस्तुत निबन्धले आत्मसात् गरेको पाइन्छ ।

त्यस्तै *लिचिछ्प्प शब्दका सन्दर्भमा* नामक निबन्ध यस सङ्ग्रहको सातौं निबन्धको रूपमा रहेको छ । यो निबन्ध सर्वप्रथम **जनसाहित्य** चितवन (पत्रिका) (वर्ष-२, अङ्क-२, पूर्णाङ्क-६, २०४९) मा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित भएको निबन्ध हो । यस निबन्धमा 'लिच्छिप्प' शब्दको निर्वचन प्रक्रिया देखाइएको छ । निबन्धकार खनालले लिच्छिविहरू नेपाल आउनुभन्दा अघि 'लिच्छिप्प' शब्द नभएको र यसले भिज्नेकार्यसँग नजिकको सम्बन्ध राख्ने चर्चा गरेका छन् । लिच्छिप्प

शब्दले कुनैपनि व्यक्ति वा वस्तु पानीले भिजेको अवस्थालाई सङ्केत गर्ने बताएका छन् । त्यस्तै लिच्छविहरूको शासनकालमा उनीहरू हरेक तह र तप्काका जनताहरूका मनमा लिच्छिप्प भएको तथ्य प्रस्तुत गर्दै यस लिच्छिप्प शब्द *लिच्छिवी*को अपभ्रंश रूप भएको बताइएको छ । लिच्छवीव-लिच्छिप्पिव-लिच्छिप्पि-लिच्छिप्प-लिछिप्प हुँदै लिच्छिप्प शब्दले अस्तित्त्व कायम राखेको विषयलाई प्रस्तुत निबन्धले विषयवस्तुको रूपमा ग्रहण गरेको पाइन्छ ।

त्यस्तै *किसान शब्दको जन्मकुण्डली* नामक निबन्ध यस सङ्ग्रहको आठौं निबन्धको रूपमा रहेको छ । यो निबन्ध सर्वप्रथम **क्षितिज** (२०५०, भैरहवा) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  भएको निबन्ध हो प्रस्तुत भाषिक निबन्धमा किसान शब्दको जन्मकुण्डली प्रस्तुत गरिएको छ । किसान शब्दको अर्थ पहिल्याउनबाट **बृहत् नेपाली शब्दकोश** र स्व. महानन्द सापकोटा र उनको **नेपाल शब्द परिचय** समेत असफल भएकोतर्फ प्रस्तुत गर्दै ती शब्दकोशमा भनिएको संस्कृतको कृषणाबाट परिवर्तित भएको भनिएको किसान शब्दको व्यत्पत्ति नै गलत भएको तथ्य प्रस्तुत गरिएको पाइन्छ । विभिन्न उपशीर्षकमा किसान शब्दको उत्पत्तिसम्बन्धी तथ्य प्रस्तुत गर्दै वैदिककालीन 'कीनाश' नै पन्ध्रौं-अठारौं शताब्दीतिर आइपुग्दा मध्य वर्ण-विपर्ययका कारण किसान शब्द बनेको तथ्य प्रस्तुत गरिएको छ । जसलाई प्रमाणका रूपमा ऋग्वेद, यजुर्वेद, मनुस्मृति, अमरकोष आदिका शास्त्रीय प्रमाण समेत पेश गरेका छन् ।

त्यस्तैगरी *चक्र : शब्द एक रूप अनेक* नामक निबन्ध यस सङ्ग्रहको नवौं निबन्धको रूपमा रहेको छ । यो निबन्ध सर्वप्रथम सम्प्रेषण (२०५०) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  भएको निबन्ध हो । उपक्रम, उत्पत्ति र अर्थ, समन्वय, कृदन्त पद्धतिबाट निर्मित चक्र शब्द, समास पद्धतिबाट शब्दनिर्माण उपसर्गद्वारा शब्दनिर्माण, तद्भव शब्दनिर्माण, उद्यापन आदि उपशीर्षकहरूमा चक्र शब्दको अर्थ पहिल्याउने प्रयास गरिएको छ । काट्नु, बेर्नु आदि अर्थ वहन गर्ने चक्र शब्द कृति (कृत्) धातुबाट अ (अण्) प्रत्यय (कृत+अ) गाँसिएपछि चक्र शब्दको निर्माण हुने बताइएको छ । अङ्ग्रेजीका सर्कल, रिङ्ग, ह्वील चक्र शब्दका पयार्यवाची शब्द भएको उल्लेख गर्दै यस निबन्धमा चक्र शब्दले एकसय सत्तरी शब्द जनाउने बताउँदै यही नै अन्तिम नभएको समेत उल्लेख गर्ने विषवस्तु प्रस्तुत छ ।

त्यस्तै *बोध र अभिव्यक्ति शिक्षणमा प्रयोगात्मक कक्षाको आवश्यकता* यस सङ्ग्रहको दशौं निबन्धात्मक लेख हो । **पाठ्यक्रम त्रैमासिक** (पूर्णङ्क-२३, २०५०) पत्रिकामा सर्वप्रथम प्रकाशित भएको यस निबन्धपछि यसै सङ्ग्रहमा सङ्ग्रहित  भएको हो । यो निबन्धले कक्षाकार्यमा प्रयोगात्मक कक्षासम्बन्धी विचार प्रस्तुत गर्ने विषयवस्तु संयोजन गरेको छ । अनिवार्य नेपालीको पाठ्यांश अर्न्तगत प्रवीणता प्रमाणपत्र तहका बोध र अभिव्यक्ति खण्डका विभिन्न उपशीर्षकका शिक्षणकार्यमा प्रयोगात्मक कक्षाको उपयोगितालाई प्रष्ट पारेका छन् । प्रयोगात्मक कक्षाको उपयोगिता र व्यापकता, अभिलेख सङ्कलन, मूल्याङ्कन जस्ता उपशीर्षकमा प्रयोगात्मक कक्षाको महत्त्व स्पष्ट पारेका छन् । साथै प्रयोगात्मक कक्षा सञ्चालनको तरिका समेत उल्लेख गरिएको छ । प्रयोगात्मक कक्षाले विद्यार्थीको विषयप्रतिको ज्ञानलाई चिरस्थायी बनाउने समेत उल्लेख गरिएको पाइन्छ । *कि पढेर जानिन्छ कि परेर जानिन्छ* भन्ने उखानमा 'पर्नु' भनेको व्यावहारिक ज्ञान गर्नु भनेको हो यसैले प्रयोगात्मक कक्षामा गरिने अभ्यास नै सिक्न चाहने विद्यार्थीका निम्ति जीवनोपयोगी शिक्षार्जनको भरपर्दो माध्यम पनि हो । यस कार्यले बोध र अभिव्यक्ति खण्डका निम्तिमात्र नभई व्याकरण खण्ड र

कृति विवेचनाको क्षेत्रमा समेत योगदान पुग्न जाने देखिन्छ भन्दै सैद्धान्तिक कक्षाबाट सिकेका ज्ञानलाई व्यवहारमा उतार्न विद्यार्थीहरूलाई उपयोगी कला सिकाउने र त्यसमा आत्मनिर्भर बन्न सक्षम गराउने विचार प्रस्तुत गर्ने विषयलाई चित्रण गरेका छन् ।

त्यस्तै *नेपाली व्याकरणमा पदयोग र पदवियोग शिक्षणको संक्षिप्त रूपरेखा* नामक निबन्ध सर्वप्रथम **पाठ्यक्रम त्रैमासिक** (पूर्णङ्क-३१, २०५१) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहको एघारौं निबन्धको रूपमा सङ्ग्रहित भएको निबन्ध हो । राष्ट्रभाषाको शिक्षण प्रक्रियामा भाषा र व्याकरणको सुमधुर सम्बन्ध हुने भन्दै पदयोग र पदवियोगको परिभाषा समेत प्रस्तुत गरिएको पाइन्छ । साथै पदयोग र पदवियोगका नियम समेत प्रस्तुत गरिएको छ । पदयोग र पदवियोगका सन्दर्भमा ख्याल नगर्दा अर्थको अनर्थ हुने, अर्थ नबुझिने, अर्थभिन्नता जस्ता समस्या देखिने समेत उल्लेख गरिएको छ । पदयोगसम्बन्धी बीसवटा र पदयोग सम्बन्धी पन्ध्रवटा सूत्र र उदाहरण प्रस्तुत गर्दै लेखन अभिव्यक्तिका सन्दर्भमा पदयोग र पदवियोग नियमले महत्त्वपूर्ण भूमिका खेल्ने जनाइएको पाइन्छ । पदयोग र पदवियोग शिक्षणका लागि यस व्याकरणसम्बन्धी निबन्धले शिक्षकलाई मार्गनिर्देशन गर्दै कक्षाकार्यका उपलब्धि पत्तालगाउन मूल्याङ्कन समेत प्रस्तुत गर्ने विषयलाई आत्मसात् गरेको पाइन्छ।

त्यस्तै *प्यूठान : स्थाननाम शब्दको निर्वचनबारे* नामक शब्दनिर्वचन सम्बन्धी निबन्ध यस सङ्ग्रहकै अन्तिम तथा बाह्रौं निबन्धको रूपमा रहेको छ । प्रस्तुत निबन्ध यसै सङ्ग्रह मार्फत् पहिलोपटक प्रकाशित भएको छ । यस निबन्धमा राप्ती अञ्चलको ऐतिहासिक जिल्ला ‘प्यूठान’ को निर्वचन सम्बन्धी विषयवस्तु प्रस्तुत गरिएको पाइन्छ । ललितावल्लभ, सुवानन्ददास, शक्तिवल्लव अर्ज्यालद्वारा रचिएका रचनाहरूमा प्रयोग भएका प्यूठान शब्दका पूर्वरूपको पिष्टान्न, पिउठानी शब्दले वर्तमानको प्यूठानलाई सङ्केत गर्ने बताइएको छ । भौगोलिक हिसाबले प्यूठानको पूर्वतर्फ गुल्मी-अर्घाखाँची, पश्चिमतर्फ रोल्पा, उत्तरतर्फ बागलुङ र दक्षिणतर्फ दाङदेउखुरी-कपिलवस्तु जस्ता जिल्ला रहेको उल्लेख गरिएको छ । ओल्डफिल्ड र कर्कप्याट्रिक, हयामिल्टन, योगी नरहरिनाथ लगायतले क्रमशः प्रार्थना पुजुठान, प्लुथानलाई प्यूठानको पूर्वरूप मानेको समेत बताइएको छ । साथै प्यूठानसँग मिल्ने पन्ध्र शब्दको सूची प्रस्तुत गर्दै लोकजीवनमा समेत प्यूठान शब्दलाई खोजिएको छ । सम्पूर्ण उदाहरण प्रस्तुत गर्दै तद्भवरूप पिउठठाना र तत्समरूप पिष्टान्नले नै वर्तमानको प्यूठान शब्दको व्युत्पत्तिमा भूमिका खेलेको विचार प्रस्तुत गरिएको छ ।

## ४.३.४. भाषाशैली

प्रस्तुत **निर्वचन** र **भाषिक सन्दर्भ** (२०६५) निबन्धसङ्ग्रह नितान्त भाषासँग सम्बन्ध राख्ने भाषिक निबन्धको संगालो हो । जम्मा बाह्रवटा शीर्षकले पूर्ण बनेको यस सङ्ग्रहमा दुईवटा शीर्षकहरू भाषा र व्याकरणसँग सन्बन्धित छन् भने नौवटा शीर्षकहरू शब्दगत निर्वचनमा आधारित छन् । एउटा शीर्षक *शान्ति ! अर्थको खोजीमा* नामक शीर्षकले शान्ति शब्दको अर्थलाई विभिन्न परिवेश र कोणबाट नियालेको पाइन्छ । यस सन्दर्भमा सबैजसो निबन्धहरू निबन्धकारका कठोर परिश्रमका साथ अन्वेषणात्मक अध्ययन पद्धतिका निर्मितिका रूपमा रहेका छन् । यस सङ्ग्रहका निबन्धहरू सटीक र सूत्रात्मक छन् जहाँ वस्तुपरक ढङ्गले शब्द निर्वचन प्रक्रियालाई औल्याइएको पाइन्छ । यसरी हेर्दा यस सङ्ग्रहले खोज अन्वेषणात्मक शैलीको अवलम्बन गरिएको देखिन्छ । विभिन्न शब्दका निर्वचन प्रक्रियालाई देखाउने क्रममा निबन्धकार खनाल यस सङ्ग्रहमा वस्तुपरकतालाई समेत अँगाल्न पुगेको देखिन्छ । नेपाली उखान-टुक्का, *वन भँडार, घर ओडार* (पृ. १३), लोकोक्ति *कि पढेर जानिन्छ कि परेर*

*जानिन्छ* (पृ. ६४) प्रयोगले यस सङ्ग्रहलाई केही रोचक समेत बनाएको पाइन्छ । फाट्टफुट्ट अनुकरणात्मक शब्दहरू र अङ्ग्रेजी शब्दहरूको प्रयोग समेत यस निबन्ध सङ्ग्रहका आवश्यक तत्त्व बनेका छन् । यस सङ्ग्रहमा प्रस्तुत गरिएका विषयहरूको विश्लेषण गरिएको पाइन्छ । विश्लेषण पश्चात् समीक्षा गरी निष्कर्षमा समेत पुगेको देखिन्छ । त्यसैले यस सङ्ग्रह विश्लेषणात्मक र समीक्षात्मक शैलीलाई समेत अवलम्बन गरिएको पाइन्छ । यसरी हेर्दा यस भाषिक निबन्धसङ्ग्रह मूलरूपमा खोज अन्वेषणमूलक पद्धतिमा विश्लेषणात्मक तथा समीक्षात्मक शैलीलाई आत्मसात गर्दै अगाडि बढेको पाइन्छ ।

### ४.३.५. उद्देश्य

प्रस्तुत **निर्वचन** र **भाषिक सन्दर्भ** (२०६५) नामक भाषिक निबन्धसङ्ग्रह मार्फत् निबन्धकार खनालले नेपाली स्वरवर्णको समस्या, भाषासँग सम्बन्धित कक्षा शिक्षणमा प्रयोगात्मक कक्षाको आवश्यकता, महत्त्व र उपयोगिता तथा शब्द निर्वचनसँग सम्बन्धी तथ्य प्रस्तुत गरिएको छ । नेपाली भाषासँग सम्बन्धित अनेक शब्दहरूको निर्वचन सम्बन्धी तथ्यलाई उजागर गर्ने उद्देश्य लिइएको पाइन्छ । हाम्रा पुर्खाहरूले थामेको इतिहासका कतिपय कुराहरू रहस्यको गर्भमै रहेको बताउँदै आफ्नो भाषा, इतिहास र पहिचानलाई थप गौरवपूर्ण बनाउने उद्देश्यका साथ प्रस्तुत सङ्ग्रह प्रकाशित भएको देखिन्छ । निबन्धकार खनाल आफ्नो भाषा, पहिचान र इतिहासप्रति अनुरागी बनेका छन् । आफ्नोपन, संस्कार, रीतिरिवाजप्रति उत्तरदायी बन्दै आ-आफ्नो ठाउँबाट सक्दो योगदान दिनुपर्ने मान्यताका साथ प्रस्तुत कृति प्रकाशित गरिएको देखिन्छ । आफ्नो गौरवशाली इतिहास केही भाषासँग सम्बन्धित पक्षलाई उजागर गर्नु नै यस कृतिको उद्देश्य रहेको तथ्य यसरी बुझ्न सकिन्छ, हेरौं :

> *'मान्छेले राजा-महाराजाको इतिहास धेरै पढे तर आफ्नो इतिहास कसैले लेखिदिएन भनेर हरेक जात-जाति र अनेक थरधारीहरू त्यसको खोजीका लागि जुर्मुराउन थालेका छन् । प्रस्तुत सन्दर्भमा आफूले देखेको र जान्न बुझ्न खोजेका केही टिपोटहरूको सङ्कलनका रूपमा निर्वचन र भाषिक सन्दर्भ नामक प्रस्तुत भाषिक निबन्धसङ्ग्रह यहाँहरूसमक्ष प्रस्तुत गर्न पाउँदा एक प्रकार मन हर्षित नै भएको छ ।'* (आत्मोद्गार खण्ड) ।

यसरी व्यक्त गरिएको विचारबाट यस कृतिको उद्देश्य आफ्नो भाषासँग सम्बन्धित भ्रम निवारण गर्दै इतिहास कोर्ने रहेको देखिन्छ । साथै विभिन्न शब्दहरूको निर्वचन प्रक्रिया देखाई भविष्यका भाषासँग सम्बन्धित अनुसन्धातालाई ऊर्जा, प्रेरणा, हौसला र मार्गनिर्देशन गर्नेसमेत यस सङ्ग्रहको उद्देश्य रहेको देखिन्छ ।

### ४.३.६. निष्कर्ष

प्रस्तुत **निर्वचन** र **भाषिक सन्दर्भ** (२०६५) भाषिक निबन्धसङ्ग्रह निबन्धकार खनालको तेस्रो निबन्ध सङ्ग्रहको रूपमा प्रकाशित भएको कृति हो । यस अगाडिका **गोरखाको डायरी** (२०६१), **नारायणीका लहर-लहरमा** (२०६१) निबन्ध सङ्ग्रह भन्दा भिन्न प्रवृत्ति अवलम्बन गर्दै रचना गरिएको निबन्ध सङ्ग्रह हो । यस सङ्ग्रहमा प्रस्तुत गरिएका भाषिक निबन्धहरू नितान्त भाषा व्याकरणसँग सम्बन्धित छन् । निबन्धकार खनालको निबन्धात्मक प्रवृत्तिमा समेत यस सङ्ग्रहले नवीनता थपेको पाइन्छ । निबन्धकार खनाल यस सङ्ग्रहमार्फत् खोज-अन्वेषणमूलक शैलीलाई आत्मसात् गर्ने निबन्धकारका रूपमा प्रस्तुत भएका छन् । आधुनिक नेपाली निबन्धका क्षेत्रमा खोज-अन्वेषणमूलक

प्रवृत्तिका साथै विश्लेषणात्मक र समीक्षात्मक शैलीको साथमा निबन्धकार खनाल प्रस्तुत भएका छन् । भाषा, व्याकरणका क्षेत्रमा देखिएका वर्तमानका अस्पष्टतालाई हटाई भविष्यको नवीन गोरेटोमा एउटा मार्गदर्शक भूमिका निर्वाह गरी अनुसन्धातामा प्रेरणा र हौसला प्रदान गर्ने कार्यमा यस भाषिक निबन्धसङ्ग्रहले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

## ४.४. स्वप्न-यात्रा र चिठी (निबन्धसङ्ग्रह-२०६६) को विश्लेषणात्मक अध्ययन

प्रस्तुत **स्वस्न-यात्रा** र **चिठी** (२०६५) कृति निबन्धकार नारायणप्रसाद खनालको चौथो निबन्ध सङ्ग्रह हो । **गोरखाको डायरी** (२०६१), **नारायणीका लहर-लहरमा** (२०६१), **निर्वचन र भाषिक सन्दर्भ** (२०६५) पछिको यो निबन्ध सङ्ग्रह नितान्त नवीन शैलीलाई आत्मसात् गर्दै अगाडि बढेको छ । निबन्धकार खनाल प्रत्येक निबन्ध सङ्ग्रहमार्फत् नयाँ-नयाँ शैलीको प्रयोग गर्न चाहन्छन् भन्ने तथ्य उनका यी निबन्ध सङ्ग्रहलाई नियाल्दा थाहा हुन्छ । यस सङ्ग्रहमा निबन्धकार खनालले स्वप्नसम्बन्धी, यात्रासम्बन्धी विभिन्न तथ्य प्रस्तुत गर्दै तत्विषय मानवीय जीवनभन्दा अलग हुन नसक्ने विचार प्रंस्तुत गरेका छन् । कुनै पनि विषयलाई प्रस्तुत गर्ने कला स्रष्टाअनुसार फरक-फरक हुन्छन् । यस कृतिमा पनि निबन्धकारले आफ्नो विचार, मत प्रस्तुत गर्न विभिन्न शास्त्रीय ग्रन्थ, काव्य, उक्ति, लोकोक्ति आदि स्रोतबाट प्रसङ्ग लिएको पाइन्छ । यो निबन्धसङ्ग्रह दैनिकी शैलीमा रचिएको छ । *विक्रमको २०५४ मा लिखित बाह्र महिनाका दैनिकी जस्तै लेखिएका अंशबाट जेठ, असार र साउन महिनाको लेखन अंशलाई टप्प टिपेर यसरी पाठक समक्ष प्रस्तुत गरिएको* अभिव्यक्ति स्वयम् निबन्धकारले दिएकाले वि.सं. २०५४ सालका जेठ, असार र श्रावण महिनाका समयमा लेखिएका सृजनाले यस कृतिलाई सजाएको प्रष्ट हुन्छ ।

निबन्धकार खनाल पूर्वीय दर्शनका समेत विद्वान् भएकाले स्वप्नसम्बन्धी पूर्वीय मत समेत प्रस्तुत गरिएको छ स्वप्नले भावी जीवनसम्बन्धी केही सङ्केत गर्ने भन्दै स्वप्न सम्बन्धी चिन्तन प्रस्तुत गरिएको पाइन्छ, त्यस्तै यात्रा मानवीय जीवनको महत्त्वपूर्ण पाटो भएको बताउदै यात्राको महत्त्व, उद्देश्य र उपयोगिता प्रष्ट्याइएको छ । त्यस्तै *चिठी* खण्डमा आफ्नी पत्नीसगँको विछोडमा गरिएका एकपक्षीय वार्तालाप प्रस्तुत गरिएको पाइन्छ । यसरी प्रस्तुत निबन्ध सङ्ग्रह स्वप्न, यात्रा र चिठी सम्बन्धी खनालका दृष्टिकोण प्रस्तुत भएको त्रिवेणी बनेको पाइन्छ ।

निबन्धकारको चौंथो निबन्धसङ्ग्रहको रूपमा वि. सं. २०६६ सालमा आधुनिक नेपाली निबन्धको फाँटमा देखिएको यस कृतिलाई निबन्ध सङ्ग्रहका तत्वका आधारमा विश्लेषण गरिएको छ । यस **स्वप्न, यात्रा र चिठी** निबन्ध सङ्ग्रहको परिचय, संरचना, विषयवस्तु/मूलभाव, भाषाशैली र उद्देश्यका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

### ४.४.१. परिचय

प्रस्तुत **स्वप्न-यात्रा र चिठी** (निबन्धसङ्ग्रह-२०६६) कृति निबन्धकार खनालको आठौं पुस्तकाकार कृतिको रूपमा प्रकाशित कृति हो । यस अघिका निबन्धसङ्ग्रह भन्दा यस सङ्ग्रहमा निबन्धकार अलि भिन्न रूपमा प्रस्तुत भएका छन् । वि.सं. २०५४ साल जेठ, असार र श्रावण महिनाका जम्मा ९५ दिनमा रचिएका दैनिकीशैलीका ९५ निबन्ध र परिशेष खण्डमा एक गरी जम्मा ९६ वटा निबन्धहरूको सङ्गालोको रूपमा यो कृति रहेको छ । यस कृति भित्र स्वप्न सम्बन्धी, यात्रा

सम्बन्धी निबन्धकारको अभिमत व्यक्त भएको पाइन्छ भने चिठी खण्डमा आफ्नी धर्मपत्नीसँग अलग भएको अवस्थालाई सुखद् बनाउन एकालापीय शैलीमा लेखिएका चिठीहरू प्रस्तुत गरिएका छन् । स्वप्न सम्बन्धमा, यात्रा सम्बन्धमा विविध विचार प्रस्तुत गरेपनि यस कृतिले हाम्रै, समाज, भूगोल, राजनीति आदिका यावत् पक्षलाई समेट्ने प्रयास गरेको छ । यस कृतिले सामाजिक, राजनीतिक र भौगोलिक विषयवस्तुहरूलाई समेटेको छ । [९]

प्रस्तुत **स्वप्न-यात्रा र चिठी** (निबन्धसङ्ग्रह-२०६६) कृति निबन्धकार खनालको चौथो निबन्धसङ्ग्रहका रूपमा प्रकाशित कृति हो । **त्रिवेणी साहित्य परिषद** वल्लरीको ३० औं मालाको रूपमा यो सङ्ग्रह प्रकाशित भएको पाइन्छ । यस कृतिको अग्रभाग कालो, रातो, सेतो, निलो आदि रङ्गको संयोजनमा बनेको छ । सुनौला अक्षरले शिरोभागमा यस कृतिको नाम स्वप्न, यात्रा र चिठी लेखिएको छ भने अग्रभागको तल्लो खण्डमा निबन्धकार खनालको पूरा नाम कालो रङ्गको पृष्ठभूमिमा लेखिएको छ । त्यस्तै पश्चभाग निलो, सेतो र कालो रङ्गको संयोजनमा बनेको छ । पश्चभागको पृष्ठभूमिमा निबन्धकार खनालको पूर्णकदको तस्बीर प्रस्तुत गरिएको छ । त्यस पृष्ठभूमिमा खनालको जन्म, स्थान, स्थायी ठेगाना, अस्थायी ठेगाना, शैक्षिक योग्यता, कार्यरत संस्था र वर्तमान पदसहितको परिचय प्रस्तुत गरिएको छ । त्यसपछि संलग्नता र उनका प्रकाशित आठवटा कृतिहरूको सूची प्रस्तुत गर्दै प्रकाशक र ठेगाना सहितको बाहिरी आवरण प्रस्तुत गरिएको छ । आवरणपृष्ठपछि लेखकले यस कृति आफ्नी हजुरआमा स्व. देवकी न्यौपानेलाई समर्पण गरेका छन् । त्यस लगत्तै छोटा-छोटा दैनिकी रूपमा अनुभूति र विचारपुञ्जका रूपमा सङ्गृहीत यस भित्रका रचनाले पाठक भावकको हृदयलाई सहजै स्पर्श गर्छन र एउटा नयाँ प्रभाव छाड्छन् भन्ने भाव सहितको त्रिवेणी साहित्य परिषद् परिवारको *प्रकाशकीय* प्रस्तुत गरिएको छ । त्यसपछि थप कृतिबाट कसैलाई थोरै भएपनि मनोरञ्जन प्राप्त हुन सकेमा निबन्धकार कृतज्ञ हुने भावसहितको लेखक स्वयम्को *आत्मकथन* प्रस्तुत गरिएको छ । त्यस लगत्तै स्वप्न-यात्रा र चिठी सम्बन्धमा शालग्रामी नारायणी गङ्गारूपी स्वप्नालङ्कार र वर्णभद्रा नदी रूपी यात्रालङ्कार तथा तमशा नदीरूपी चिठी-पत्रको पावन सङ्गम त्रिवेणीमा भएभैं तीनथरी निबन्ध रचनाको यो प्रसङ्गमा अत्यन्त मनोहारी छ भने भावसहितको *स्वप्न-यात्रा र चिठी माथि एक दृष्टि* नामको भूमिका गोविन्दराज विनोदीबाट प्रस्तुत भएको छ । त्यसपछि स्वप्नालङ्कार, यात्रालङ्कार, चिठी र परिवेश खण्ड समेतले यस निबन्धसङ्ग्रह सजिएको पाइन्छ ।

## ४.४.२. संरचना

प्रस्तुत **स्वप्न-यात्रा र चिठी** (निबन्धसङ्ग्रह-२०६६) कृति मध्यम आयामको संरचनामा विस्तारित निबन्ध हो । यस कृतिभित्र मुख्यतया तीनखण्ड रहेको पाइन्छ । परिशेष खण्ड अर्न्तगत थप एक यात्रासंस्मरणात्मक निबन्ध समेत प्रस्तुत गरिएको पाइन्छ । *स्वप्नालङ्कार, यात्रालङ्कार* र *चिठी* प्रस्तुत निबन्धसङ्ग्रहको संरचनात्मक घटकहरू हुन् । स्वप्नालङ्कार पछि *अग्रपङ्क्तिका आवाजहरू-१,* यात्रालङ्कार पछि *अग्रपङ्क्तिका आवाजहरू-२,* चिठी खण्डपछि *प्रेषकको अभिमत* सहितका घटक यस सङ्ग्रहका संरचनात्मक विशेषता रहेका छन् ।

---

[९] गंगा वैद्य, *स्वप्न-यात्रा र चिठी अध्ययन गर्दा,* **श्रमिक साप्ताहिक** (वर्ष-१०, अङ्क-३२, २०६७), पृ. २ ।

प्रस्तुत सङ्ग्रहको *स्वप्नालङ्कार* खण्डमा जम्मा बत्तीस दिनमा कोरिएका निबन्धात्मक रचनाहरू यस खण्डमा प्रस्तुत भएका छन् । यस खण्डका प्रत्येक निबन्धहरू एक पृष्ठको संरचनामा संरचित छन् भने प्रायः तीन अनुच्छेद योजनाको सीमामा बाँधिएका छन् । यसरी बत्तीसपृष्ठको संरचनामा स्वप्नालङ्कार खण्ड फैलिएको पाइन्छ ।

त्यस्तै *यात्रालङ्कार* यस सङ्ग्रहको दोस्रो खण्डका रूपमा रहेको छ । यात्रात्मक वर्णन, यात्राको महत्त्व, विशेषता, आवश्यकता, उपयोगिता आदि सम्बन्धी विचार प्रस्तुत गरिएको यस खण्डमा उही वर्षको साउन महिनाका पूरै बत्तीस दिनका मितिमा लेखिएका र पोखिएका विचारहरूको संगालोलाई निबन्धका रूपमा प्रस्तुत गरिएका छन् । यस खण्डमा पनि जम्मा बत्तीसवटा शीर्षक रहेका छन् । यस खण्डका *यात्राहरू जे भोकभोकै पार भए* र *यात्री* र *देवकोटाको दर्शन* शीर्षक दुईपृष्ठको आयाममा विस्तारित छन् र अरूसबै एक पृष्ठको आयाममा विस्तारित छन् । यस खण्डका पनि केही निबन्धहरू बाहेक अरूसबै तीन अनुच्छेद योजनाको संरचनात्मक आकारमा संरचित यो खण्ड बत्तीस पृष्ठको संरचनामा विस्तारित छ ।

*चिठी* खण्ड यस निबन्धसङ्ग्रहको तेस्रो तथा अन्तिम खण्डको रूपमा रहेको छ । यस खण्डमा पनि उही वर्षको जेठ महिनाका पूरै बत्तीस दिनरातको करिब १०:३० देखि ११:३० बजे भित्र निबन्धकारले आफ्नी पत्नीको अभावमा उनैलाई सम्झना गर्दै चिठीहरू प्रस्तुत गरिएको  छ । जम्मा बत्तीसवटा चिठीहरूलाई क्रमका आधारमा सङ्ख्यात्मक शीर्षक दिएर प्रस्तुत गरिएको छ । यस खण्डका अठारौं, बाइसौं र सत्ताइसौं चिठीहरू बाहेक सबै चिठीहरू एक पृष्ठमा तीन अनुच्छेदयोजनाको आयाममा संरचित छन् भने अठारौं र बाइसौं क्रममा चिठीहरू एक पृष्ठमा चार अनुच्छेद योजनाको संरचनामा फैलिएका छन् । त्यस्तै सत्ताइसौं क्रमको चिठी दुई अनुच्छेद योजनामा संरचित छ । यसरी यो खण्ड पनि चौंतीस पृष्ठमा फैलिएको छ ।

त्यस्तै परिशेष खण्ड अर्न्तगत नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको अर्धकदको तस्वीर सहित *एकसय त्रियासीऔं भानुजयन्ती र तीर्थयात्रा* नामक यात्रासंस्मरणात्मक निबन्ध प्रस्तुत गरिएको छ । यो खण्ड ७ पृष्ठमा फैलिएको छ । त्यस लगत्तै त्रिवेणी साहित्य परिषद्का प्रकाशनहरूको तालिका थप दुई पृष्ठमा प्रस्तुत गरिएको छ । प्रस्तुत सङ्ग्रहमा छोटा-छोटा निबन्धहरूको संयोजन गरिएको छ । यस सङ्ग्रह भित्रका निबन्धात्मक रचनाहरू पढ्दा पाठकलाई कहीँ कतैपनि असहज महसुस हुने देखिदैन । पाठकलाई कौतुहलता सृजना गरी कृतिको अत्न्यसम्म पढ्ने बनाउन सक्नु यस कृतिको विशेषता बनेको छ । प्राय एक पृष्ठका आयाममा र तीन अनुच्छेद योजनाका निबन्धात्मक रचनाले जो कसैलाई पनि सहजै आकर्षित गर्न सक्छ । लघु आकारका निबन्धहरूको संगालोको रूपमा प्रस्तुत कृति रहेको पाइन्छ । स्वप्नसम्बन्धी पूर्वीय दर्शनका मान्यता प्रस्तुत गर्दै यात्रासम्बन्धी आफ्नो मान्यता प्रस्तुत गर्दै दैनिक शैलीका चिठीहरूको सगालोले यसकृतिलाई जीवन्त बनाएको पाइन्छ ।

यसरी *स्वप्नालङ्कार* बत्तीस पृष्ठ, *यात्रालङकार* छत्तीस पृष्ठ, *चिठी* खण्ड चौंतीस पृष्ठ, *परिशेष* खण्ड ७ पृष्ठ र अन्य दुई पृष्ठगरी जम्मा १११ पृष्ठको मध्यम आकारमा यो निबन्धसङ्ग्रह संरचित छ । यो सङ्ग्रह भित्रका प्राय सबै निबन्धात्मक रचनाहरू एक पृष्ठ र तीन अनुच्छेदयोजनाको संरचनामा प्रस्तुत गरिनुलाई नवीन शैलीका रूपमा लिन सकिन्छ ।

### ४.४.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **स्वप्न-यात्रा र चिठी** (निबन्धसङ्ग्रह-२०६६) कृति निबन्धकार खनालले आफ्ना स्वप्नसम्बन्धी र यात्रासम्बन्धी विभिन्न विचार प्रस्तुत गर्ने विषयवस्तुको संयोजन गरेका छन् । साथमा सामाजिक, राजनीतिक, भौगोलिक विषयवस्तुलाई समेत समेटेको पाइन्छ । यस सङ्ग्रहमा मुख्यतया तीनखण्ड रहेका छन् । *स्वप्नालङ्कार, यात्रालङ्कार* र *चिठी* खण्ड । यी तीन खण्डमा रहेका विषयवस्तुलाई निम्नानुसार चर्चा गरिन्छ । यस सङ्ग्रहको पहिलो खण्डको रूपमा *स्वप्नालङ्कार* खण्ड रहेको छ । यस खण्डका प्रत्येक पृष्ठका निबन्धहरू सङ्क्षिप्त तर विचारोत्तेजक चिन्तनले परिपोषित छन् । खास गरी यसमा सपनासम्बन्धी शास्त्रीय मान्यता तथा विभिन्न लेखक, विचारकहरूका धारणा, लोकमान्यता एवम् लेखकीय दृष्टिकोण मुखरित छन् ।[१०] निबन्धकारले शीर्षक चयन गर्दा शास्त्रीय ग्रन्थ, काव्य, अग्रज कविहरूका कवितात्मक उक्ति, लोकोक्ति, लोकगीत आदि विविध प्रसङ्गहरूलाई अवतरण गर्न खोज्नुभएको छ ।[११] यस खण्डमा *अग्रपङ्क्तिका आवाजहरू-१* शीर्षक पछि एकतीस निबन्धहरू प्रस्तुत गरिएको छ । *अग्रपङ्क्तिका आवाजहरू-१* मार्फत् स्वप्नालङ्कार खण्डका निबन्धहरूका विषयमा सङ्केत गरिएको छ र असत्यबाट सत्य झिकेर तयार गरिएको नवनीतको रूपमा यस खण्डलाई चित्रण गरेका छन् । यस खण्डको पहिलो निबन्धात्मक रचनाको शीर्षक *उनी सपनामा पनि दुर्लभ छिन* रहेको छ । यस निबन्धमा आफ्नो स्वप्न सम्बन्धी धारणा प्रस्तुत गर्दै सपनाको अर्थ मानव देह, मन-मस्तिष्क र चेतनाको सामूहिक स्वरूप हो र हामी स्वप्नभन्दा भिन्न कदापि छैनौं भन्ने विचार प्रस्तुत गरिएको पाइन्छ । त्यस्तै *सपनामा पनि रस वाच्य हुँदैन,* शीर्षकमा शब्दशक्तिका बारेमा चर्चा गर्दै रसादिको प्रतीति या ज्ञान गर्न व्यञ्जना शक्तिको आवश्यकता पर्ने कुरालाई विषयवस्तु बनाई रसनिस्पत्ति सिद्धान्तको चर्चा गरेका छन् । त्यस्तै *सपनामय भो हाय मलाई* शीर्षकमा मानवीय जीवनलाई सुगाको पिंजराभित्रको कष्टकर जीवनसँग तुलनागर्दै लेखनाथको पिँजराको सुगा कविताले संकेत गर्ने प्रसङ्गलाई चर्चा गर्ने विषयवस्तु बनाएका छन् । तत्कालीन अवस्थामा लेखनाथलाई दरवार, गृहस्थ र देहरूपी पिँजरा मध्ये कुनै पिँजरामा परेका हुनसक्ने तर्फ सङ्केत गरिएको छ । त्यस्तै *सुखमय सपना दुःखमय बिपना !* शीर्षकमा सपना र बिपनाको अन्तर प्रस्तुत गर्दै आजको मानवीय जीवन बिपनामा भन्दा सपनामा आनन्दमयी हुने बताइएको छ । समाज र यसका नेतृत्वकर्ताका विचारमा कलुषित प्रवृत्तिले डेरा जमाएको बताइएको छ । राजनीतिक नेतृत्वले देखाएको सपनाप्रति लक्षित गर्दै वर्तमानको राजनीतिक परिवेश र नेतृत्वको अर्कमण्यताप्रति व्यङ्ग्य प्रहार गरेका छन् । राजनीतिक नेतृत्व पैसाको खेलमा लागेर स्वार्थी र भ्रष्ट बनेको तथ्य प्रस्तुत गर्दै समर्पणको राजनीति नभएकोप्रति यसरी प्रहार गर्छन् : *'आजभोलि चुनावमा समाजलाई कोरा सपना बाँड्ने चलन छ, जो जित्नेले समेत हार्छ र हार्नेले समेत जित्छ ।'* (पृ. ४) ।

यसरी भ्रष्ट र पतीत राजनीतिक परिवेशलाई चित्रण गर्ने विषय प्रस्तुत निबन्धले संयोजन गरेको छ । त्यस्तै *सपना कसो गरि भँनु निद छैन मेरा ?* शीर्षकमा आदिकवि भानुभक्त र रामायणको

---

१०. धनपति कोइराला, *स्वप्न-यात्रा र चिठीको एकसरो परिक्रमा,* **मध्यबिन्दु**, चैत्र-१३, २०६९, पृ. २ ।

११. गोविन्दराज विनोदी, स्वप्न-यात्रा र चिठी माथि एक दृष्टि (भू.) **स्वप्न-यात्रा र चिठी,** (नवलपरासी : त्रिवेणी साहित्य परिषद, २०६६) ।

प्रसङ्ग जोड्दै रामायणको एक कथांश प्रस्तुत गरिएको छ । सीतालाई हनुमानले बोलेका कुराका बारेमा विश्वास नलाग्नु आदि प्रसङ्गको चर्चा गर्दै स्वप्न भ्रम नभई यथार्थभएको विषयलाई प्रस्तुत गरिएको छ । *जागृत् स्वप्न-सुषुप्ति वृत्ति तिन छन्* नामक शीर्षकमा जागृत्, स्वप्न, सुषुप्ति आदि उपशीर्षकमा स्वप्नलाई चर्चा गर्दै जीवनको सबभन्दा महत्त्वपूर्ण पक्ष जागृति भएको विचार प्रस्तुत गरिएको छ । त्यस्तै *यो सपना हो भने* शीर्षकमा संस्कृत नाटककार भासको *'स्वप्नवासवदत्तम्'* नाटकको विषयलाई केन्द्रित बनाउँदै स्वप्नको विशेषता चित्रण गरेका छन् । त्यस्तै *हाम्रो भेट सपनामा पनि सह्य छैन* शीर्षक संस्कृत साहित्यका महाकवि कालिदासको मेघदूत काव्यसँग सम्बन्धित छ, त्यस काव्यको विषयलाई प्रसङ्गका रूपमा चित्रण गर्दै स्वप्नसंसारको व्यापकतालाई चित्रण गर्ने विषयमा केन्द्रित छ । त्यस्तै *दुःस्वप्न पनि सस्वप्न हुन्छ* शीर्षकमा सपनासम्बन्धी चिन्तन प्रस्तुत गर्दै दुःस्वप्नलाई सुस्वप्नमा बदल्न सकिने कुरा उल्लेख गरिएको छ । त्यसका लागि कार्तवीर्यस्तोत्र र दुर्गासप्तशती पाठ गर्नुपर्ने तर्क प्रस्तुत गरिएको छ । जुनकुरा देख्दा मनलाई नराम्रो लाग्छ त्यो दुःस्वप्न र जुनकुरा देख्दा सुन्दर लाग्छ त्यो सुस्वप्न भएको समेत चर्चा गरिएको छ । साथै वर्गीय रूपले असमान समाजका विभिन्न मानिसको सपना समेत भिन्न हुने कुरा बताइएको  छ । त्यस्तै *सपना विज्ञान हो* शीर्षक सपनाले मानिसको भविष्यवाणी गर्ने विषयमा केन्द्रित छ । सपना मान्छेको शारीरिक, मानसिक, सामाजिक र व्यक्तिगत अवस्थाका आधारमा निर्धारण हुने भन्दै मानसिक तन्दुरूस्ती, शारीरिक स्वस्थता, निर्भयता, शयनकक्ष र बिस्तारा आदिले समेत सपनालाई प्रभाव पार्ने बताइएको छ । सपनाका फलहरूको विश्लेषण गर्दै मान्छेका आगामी दिनको गोरेटोलाई समेत सङ्केत गर्ने सपना एक विज्ञान भएको तर्क प्रस्तुत गर्दै स्वप्न विज्ञानको विकास हुनुपर्ने तर्फ सङ्केत गरिएको छ । त्यस्तै *द्धःस्वप्न* शीर्षकमा दुःस्वप्नले मानवीय जीवन कष्टकर बन्ने हुँदा एदाकदा देखिने दुःस्वप्नलाई दुर्गासप्तशति पाठ गरेपछि सुस्वप्नमा बदल्न सकिने बताइएको छ । अभावले घेरिएको जीवनमा देखिने स्वप्न सुस्वप्न नहुने भन्दै हाम्रो रहनसहन आहार-विहार, हेलमेल आदिमा विचार पुऱ्याउनुपर्ने विषयवस्तुमा केन्द्रित छ । उदाहरण हेरौं : *'हामी आफ्नो खान-पीन, रहन-सहन, पठन-पाठन, हेल-मेल, सङ्गत इत्यादि कुरालाई जन सात्विक दृष्टिले ग्रहण गर्न सक्छौं र सरसफाइ तथा व्यक्तिगत स्वास्थ्यमा ध्यान दिन सक्छौं भने दुःस्वप्नको सर्पदंश कदापि बेहोर्नु पर्ने छैन् ।'* (पृ. ११) ।

त्यस्तै *संसार सपनाको जादुजस्तै हो* शीर्षकमा सपना चेतनशील प्राणीले मात्र देख्न सक्छ भन्दै सपनालाई चेतनाको विषयका रूपमा लिएका छन् । सारा जगत् नै भ्रम भएकोले सपना समेत क्षणिक सत्याभास भएको विषयलाई प्रष्ट्याइएको छ । त्यस्तै *प्यारो सपना* शीर्षकमा सपना सबैको प्यारो हुने भन्दै कामै नपर्दा सुतेकालाई उठाउन नहुने तर्क प्रस्तुत गरिएको छ । कर्मयोगी व्यक्ति भने धेरै सुतेमा उसैलाई हानी पुऱ्याउने समेत उल्लेख गरिएको छ । त्यस्तै *सपना हो कि !* शीर्षकमा स्वप्नसंसारको चर्चा गरिएको छ । स्वप्न, माया र मतिभ्रममा सपनाको चर्चा गर्दै मान्छेमा मतिभ्रमले नराम्रो गर्ने बताइएको छ । त्यस्तै *अँध्यारा स्वप्नका सुख दुःख* शीर्षकमा जीवनमा आइपर्ने हरेक समस्या, पीडा, दुःखसँग पौठेजोरी खेल्दै पार गरेर अगाडि बढ्नुपर्ने जीवनवादी विचारलाई प्रस्तुत गरिएको छ । जीवनलाई सपनासँग तुलनागर्दै अध्यारा सपनाहरू बीचपनि मुस्कुराउन सक्नुपर्ने बताइएको छ । त्यस्तै *सपनामा आफूलाई* शीर्षकमा सपना मूलतः मनको भाव हो या यो हृदयसँग सम्बन्धित छ भन्दै सपनाले भावी जीवनप्रति सङ्केत गर्ने विषयलाई केन्द्रबिन्दु बनाइएको छ । त्यस्तै

*स्वप्नाध्याय कहन्छु अमृतसरी* शीर्षकमा भुवनप्रसाद ढुङ्गेलको *'स्वप्नप्रकाश',* मोतीराम भट्टको *'स्वप्नाध्याय'* र शिखरनाथ सुवेदीको *'भाष्य'* मा प्रस्तुत गरिएको स्वप्नसम्बन्धी विषयलाई प्रस्तुत गरिएको छ । सुस्वप्न र दुःस्वप्न चिन्ने र फलप्राप्त गर्ने तरिकाका बारेमा व्यक्त गरिएका विचारलाई विश्लेषण गरिएको छ । त्यस्तै *स्वप्नाको सुन भन्छु लक्षण यहाँ* शीर्षकमा आदिकवि भानुभक्त आचार्यको रामायणको कथामा रहेका रावण र त्रिजटाले देखेको सपनालाई चर्चा गर्दै मानवीय जीवनमा सपनाको शक्तिलाई चित्रणगर्ने विषयवस्तु प्रस्तुत गरिएको छ । त्यस्तै *सपना हो निदाउनु* शीर्षकमा पातञ्जल योगदर्शनको समाधिपादको दशौं सूत्रमा उललेख गरिएको निद्रा अवस्थाको चर्चा गर्दै उक्त खण्डको विचारसँग विमति राख्दै सपना सक्रिय बृत्ति भएको उल्लेख गरेका छन् । त्यस्तै *पराधीन सपने हुँ सुख नाही* शीर्षकमा पृथ्वीनारायण शाहको नेपाल राज्य एकीकरणको प्रसङ्ग उल्लेख गर्दै आजको मान्छे सपनामा पनि पराधीनता स्वीकार नगर्ने  विषयवस्तु प्रस्तुत गरेका छन् । त्यस्तै *स्वप्न र सुषुप्ति* शीर्षकमा स्वप्न र सुषुप्तिबिचको सम्बन्धलाई प्रस्तुत गर्दै ईश्वर मानवको सुषुप्तावस्थालाई प्रलय र प्राज्ञ भनिने चर्चा गरिएको छ । स्वप्न देखेपछि अनुभूति गर्न सकिने अवस्थालाई सुषुप्ति भनिने बताइएको छ । त्यस्तै *सपना बन्छ, तब आनन्दको बिपना खुल्दछ* शीर्षकमा रात्रीकालीन प्रहरमा सुतेर देखिने आनन्द अद्भूत हुने भन्दै नखाई आनन्दशाली हुने पल भनेको सपना हो भनिएको छ । त्यस्तै *सपना मैले के देखेँ आज !* शीर्षकमा प्रकृतिले दिएका अनेक बाँच्ने आधारमध्ये ठूलो आश्रय सपना नै हुने बताइएको छ । देवकोटाको मुनामदन खण्डकाव्यमा प्रस्तुत भएको विषय अर्न्तगतको मुनाले देखेको सपनाले मुनालाई विनाश गरेको बताउँदै सपनाले मानिसलाई मार्ग निर्देशन गर्ने सङ्केत गरिएको छ । त्यस्तै *दिनको माया रातको सपनी* शीर्षकमा दिन र रातको सुव्यवस्थित नियमको चर्चा गर्दै दिउँसो उपयुक्त वातावरण नपाएका प्रेमी-प्रेमिका रातमा सपनामा सँगै हुनसक्ने बताइएको छ । सपना नै मायावीहरूका लागि शक्तिशाली हुने बताइएको छ । सपनालाई सफल प्रेमीको नमूनाका रूपमा समेत चित्रण गरिएको छ । *स्वप्न त मेरो छ भने पराइ* शीर्षकमा राणाशासनले ग्रस्त बनेको नेपालको राजनीतिक परिवेशको चित्र उतारिएको छ । राणाहरूले देशलाई आफ्नो स्वार्थ पूर्तिगर्ने माध्यम मात्र बनाएको विषयलाई यसरी प्रस्तुत गरिएको छ : *'शाहको विजय चिहनमाथि राणाले ईख फेरे र १०४ वर्ष देशलाई बिरालोले मूसोझैं खेलाए तर मार्न नपाउँदै फेरि राजा-प्रजा गठबन्धनले उनीहरू वायुझैं लखेटिए ।'* (पृ. २५) ।

त्यस्तै *स्वप्न नाशक* शीर्षकमा काश्यपयोत्रीयहरूलाई स्वप्न भन्दा सुस्वप्न पनि निष्फल हुने परम्परागत मान्यतालाई कलात्मक तरिकाले खण्डन गरिएको छ र यो कसैको प्रतिशोधी भावनाको उपज भएको तर्क पेश गरिएको छ । त्यस्तै *स्वप्न घटिया पनि* शीर्षकमा पूर्वीय कर्मकाण्डले दुःस्वप्नलाई पनि सुस्वप्नमा बदल्न गर्ने स्वस्ति-शान्तिको चर्चा गरेका छन् । दुःस्वप्नको फललाई निस्तेज पार्न भगवानको नाममात्र लिएपनि, जपेपनि पुग्ने बताइएको छ । साथै स्वप्नाध्यायको महत्त्व समेत प्रष्टपार्ने विषयवस्तु प्रस्तुत गरिएको छ । त्यस्तै *स्वप्न सुरभीसँग एक छिन !* शीर्षकमा भ्रमविना मानिस बाँच्न सक्दैन भन्दै साहित्यकारका साहित्यिक कृतिहरूलाई भ्रमको उपमा दिइएको छ । सपना दुई थरी हुने भन्दै एउटा सुतेर देखिने र एउटा ननिदाइकनदेखिने महान् स्वप्नको चर्चा गरिएको छ । मानिसले आफूले ननिदाइकन देख्ने सपनालाई पूरा गर्न अहर्निश प्रयत्नरत भई कम्मर कसेर लाग्ने विषयलाई प्रस्तुत गरिएको छ । *जादू छ उसको सपना मिठो सरी* शीर्षकमा देवकोटाका रचनामा वर्णन

गरिएका स्वप्नसम्बन्धी चर्चा पाइन्छ । उनले मुनामदनको दुःस्वप्नलाई बिर्सेर सपनालाई किन मीठो र आनन्ददायी मात्र भन्छन् भन्ने कुरा उल्लेख गरेका छन् । देवकोटाका रचनाहरूमा प्रस्तुत भएका सपनाहरू माधुर्य-लहरी बहेको जीवनको अमूर्त सुधा-सीकर भएको बताएका छन् । त्यस्तै *सपनाको प्रत्यक्षीकरण "स्वप्नदोष" मा* शीर्षकमा सपनालाई भ्रम भन्न सकिने कुरा स्वप्नाध्यायले बताएको प्रसङ्ग उल्लेख गरिएको छ । सपना यथार्थ बनेर शुभाशुभ फलको हेतु मानेका छन् । सपनालाई दुई भागमा बाँडेर हेर्नुपर्ने भन्दै सपनाका बाह्य र आन्तरिक गरी दुई भेद हुने चर्चा गरिएको छ । साथै सपनाले विपनामा थोरथोर प्रभाव पारिरहने भन्दै कल्पनाभन्दा बढी सत्य-तथ्य फेला पार्न सक्नुपर्ने तर्फ सङ्केत गरिएको छ । त्यस्तै *यो सपना होइन* शीर्षकमा जापानी विश्वशान्ति स्तूपका बौद्ध भिक्षु युनाताका नावातामेलाई लुम्बिनीमा गोली हानी हत्या गरिएको घटनालाई स्मरण गर्दै त्यो तडित् गतिको निर्णय भएको जनाइएको छ । यस खण्डमा प्रस्तुत गरिएका विषय प्रसङ्गको चर्चा गरेका छन् । स्वप्नसम्बन्धी धारणाहरू गलत भएमा माफी मागेका छन् । अज्ञान आफ्नो सहजात गुण भएको समेत उल्लेख गर्दै यस खण्डको सीमाबाट जोगिने प्रयास गरिएको छ ।

त्यस्तै यस सङ्ग्रहको अर्को खण्ड *यात्रालङ्कार* रहेको छ । यात्रासम्बन्धी अनुभव, चिन्तन, विचार प्रस्तुत भएको यस खण्डमा निबन्धकार खनालका यात्रा सम्बन्धी विषयको केन्द्रीयता रहेको छ । यात्रालङ्कार यस सङ्ग्रहको अर्को दैनिकी शैलीकै यात्रा संस्मरणात्मक निबन्धात्मक कृतिहरूको गुच्छा हो ।[१२] यस खण्डका निबन्धहरू सांस्कृतिक, भौगोलिक, प्राकृतिक, एवम् शैक्षिक प्रतिष्ठानहरूमा यात्रा गर्दाका अमूल्य क्षण र सन्दर्भहरूलाई विषय बनाई रचिएका छन् ।[१३] यस खण्डमा *अग्रपङ्क्तिका आवाजहरू-२* पछि जम्मा बत्तीस निबन्धहरू रहेका छन् । *अग्रपङ्क्तिका आवाजहरू-२* शीर्षकमा यस खण्डका निबन्धहरूको बारेमा सूचना दिइएको छ । आफूले जे देखियो त्यही लेखिएको प्रसङ्गलाई यसरी प्रस्तुत गरेका छन् : *'यो महिना "यात्रा-काल" रहेछ ! केही कुरा र केही अधूरा वस्तु समेटिए अर्थात् जे-जे भेटिए, तिनकै आत्मा रेटिए ।'* (पृ. ३४) ।

यस खण्डको पहिलो निबन्धको रूपमा *भ्रैमण साहित्य : हिजो अस्ति* नामक निबन्ध रहेको छ । यस निबन्धमा ऐतिहासिक पौराणिक ग्रन्थले समेत भ्रमण गर्नु स्वस्थ हुनु हो भनेको छ भन्दै भ्रमणको फाइदालाई बताइएको छ । भ्रमण साहित्यको बारेमा प्रष्ट्याउँदै भ्रमण साहित्यलाई आउँदा दिनहरूमा आउँदो पुस्ताले अगाडि बढाउनुपर्ने बताइएको छ । त्यस्तै *भ्रमण अधिकार : कति सरल कति जटिल* शीर्षकमा नेपालले सन् १९९८ लाई भ्रमणवर्ष मनाउने सिलसिलामा पर्यटकहरू यहाँ नै खल्ती रित्याएर जाऊन भन्ने सोचाइ राख्नु गलत भएको विषयलाई प्रस्तुत गर्न खोजिएको छ । अरूले आएर खर्च गरिदेला र आफू बन्न पाइएला भन्ने सोच राख्ने सायद नेपालमात्र होला भन्दै पर्यटन व्यवसाय भित्रको विसङ्गत पक्षको चित्रण गरिएको छ । त्यस्तै *यात्रीहरूको देन अविस्मरणीय* शीर्षकमा यात्रा गरिसकेपछि त्यसको वृतान्त लेख्नु आवश्यक भएको बताउँदै चीनिया यात्रीहरू ह्यान साङ र फाहियानको नेपालसम्बन्धी यात्रावर्णनमा आधारित कृतिले त्यस ठाउँको वा मुलुकको सांस्कृतिक, ऐतिहासिक, धार्मिक, राजनीतिक, व्यापारिक आदि अनेक महत्त्वपूर्ण अवस्था खुलस्त पार्ने हुँदा भ्रमण

---

[१२] धनपति कोइराला, पूर्ववत् ।

[१३] पूर्ववत् ।

साहित्य महत्त्वपूर्ण हुने विषयलाई प्रस्तुत गरिएको छ । यात्रा केवल घुमफिर मात्र होएन, मनोरञ्जनमात्र होइन, यात्राले जुन ठाउँको यात्रा गरिएको हो त्यस ठाउँको शब्दचित्र आफ्नो मानस्पटलमा कैद गरेको हुन्छ । सामाजिक रहनसहन, सभ्यता, संस्कृति, रीतिरिवाज, संस्कार र सामाजिक हैसियतको समेत चित्र यात्राले प्रस्तुत गर्छ । यस्तो महत्त्व बोकेको यात्राबाट हामीले देखिएका कुरा लेखेर समग्र संसारको भ्रमण घरै बसिरहेकाहरूलाई समेत गराउन सक्छौं । त्यसैले निबन्धकार यात्रा वृतान्त लेख्नु यात्रीको धर्म ठान्छन् । यस निबन्धमा चीनिया यात्रीहरूले तत्कालीन अवस्थामा नेपालको भ्रमण पश्चात लेखेका पुस्तकहरूले पेस गर्ने जानकारीको महत्त्व ठूलो भएको विचार यसरी प्रस्तुत गरेका छन् : *'ईसाको करीव सातौं शताब्दीतिरका यी यात्रीहरूले मूलतः नेपाली इतिहासमा सामाजिक-ऐतिहासिक-धार्मिक अवस्थालाई उजागर गर्ने प्रयास गरेका छन् र यात्रा गरेर सोको वृत्तान्त लेख्न पर्ने अवस्था बोध गराएका छन् ।'* (पृ. ३७) । त्यस्तै *भ्रमणमा नारी-प्रतिबन्ध* शीर्षकमा नारीलाई सामान्यतया भ्रमणबाट बञ्चित गरिने परम्पराको चित्रण गरिएको छ । भ्रमण विभिन्न उद्देश्यका हुने भएपनि नारीहरूलाई तीर्थाटनसम्म गर्न दिने भन्ने संस्कार रहेको औंल्याइएको छ । भ्रमण साहित्यले त्यस देश र ठाउँको सामाजिक रीतिस्थिति र महत्त्वपूर्ण रहस्योद्घाटन गर्ने भन्दै भ्रमण साहित्यलाई प्रत्यक्ष प्रसारण जत्तिकै सफल कार्यका रूपमा लिइएको विषयलाई प्रस्तुत गरिएको छ । त्यस्तै *केही 'अटन' हरू* शीर्षकमा अटन मिसिएर बनेका तीर्थाटन, देशाटन, भिक्षाटन, व्यर्थाटन आदि शब्दहरूका माध्यमबाट भ्रमण गर्ने कार्यलाई विभिन्न उद्देश्यसँग जोडेर प्रस्तुत गरिएको छ । त्यस्तै *चरैवेति चरैवेति* शीर्षकमा संसारका हरेक प्राणी गतिशील रहेको चर्चा गरिएको छ । हामी पनि अन्य प्राणी जस्तै गतिशील हुनुपर्ने तर्फ सङ्केत गरिएको छ । त्यस्तै *नेपाल भ्रमणवर्षको सन्दर्भमा* शीर्षकमा पैसाको पछि लागेर राष्ट्रिय पहिचान गुमाउन नहुने भन्दै भ्रमणवर्षले नेपालीको स्वाभिमानीपनलाई नदगल्ब्याओस् भन्ने राष्ट्रवादी विचार प्रस्तुत गरिएको छ । अन्य देशका नागरिकहरूको सजिलोको लागि आफ्नो सम्वत् छोडेर अङ्ग्रेजी सम्वत् राखेकोप्रति व्यङ्ग्य प्रहार गरेका छन् । त्यस्तै *भ्रमणका विसङ्गतिहरू* शीर्षकमा भ्रमणको उद्देश्य स्वस्थ मनोरञ्जन, स्वस्थ अवलोकन, स्वस्थ विपणन, स्वस्थ अध्ययन हुने बताइएको छ । भ्रमणका सङ्गति र विसङ्गतिको चर्चा गर्दै भ्रमणले समाजमा विकृति फैलाउने कार्य गर्न नहुने तर्फ समेत सजक बन्न आग्रह गरिएको छ । भ्रमण 'सु' हुनुपर्ने भन्दै 'कु' भ्रमणको निषेध गरिएको छ । त्यस्तै *जुन यात्रामा साथी छुट्छन्* शीर्षकमा काठमाडौं जानेक्रममा आफ्ना सहयात्री ठाकुर ढकाल छुटेका प्रसङ्गलाई चित्रण गरिएको छ । यात्रा गर्ने यात्रीलाई गाडी चालक र कन्डक्टरले नराम्रो व्यवहार गर्ने कुराको चित्रण गरिएको छ । त्यस्तै *फर्कदाको आनन्द* शीर्षकमा यात्राकै सन्दर्भ उठाइएको छ । सवारी साधनका चालकहरू आफ्नै लापरवाहीले गर्दा विभिन्न सवारी साधनको दुर्घटना भएको प्रसङ्ग जोडिएको छ । जहाँ यात्रीहरू अकालमै ज्यान गुमाउन बाध्य छन् । त्यस्तै *साइकिल यात्रा कति रमाइलो !* शीर्षकमा आफ्नी सासूको वार्षिक तिथिमा श्रीमतीसँग साइकलमा ससुराली घरसम्म गरिएको यात्राको चित्रण गरिएको छ । चितवनवासीका लागि यो साइकल निकै महत्त्वपूर्ण भएको भन्दै साइकललाई सहज, सरल यातायातको साधनको रूपमा प्रस्तुत गर्ने विषयवस्तु रहेको छ । त्यस्तै *ती विस्मृत शुभयात्राहरू* शीर्षकको निबन्धमा मृतात्माप्रति श्रद्धाप्रकट गर्न गरिने शतबीज परम्पराको विरोध गरिएको छ । हामी चेतनशील र शिक्षित भएकाले परम्पराका नाममा रहेका कुसंस्कारलाई बदलेर मौलिक संस्कारको स्थापनामा

लाग्नुपर्ने विचार प्रस्तुत गरिएको छ । वर्षेनि मृतात्मालाई चढाएको शतबीजको कुनै अर्थ नभएको बताउँदै बिरूवा रोपेर त्यसलाई हुर्काउन सके मृतात्माप्रति सच्चा श्रद्धाञ्जली हुने भाव व्यक्त गरिएको छ । हेरौ उदाहरण : *'के हामी सामाजिक रूढिबुढीलाई परिवर्तन गर्दै परम्पराको संस्कार सम्पन्न गर्न सक्दैनौं ? के सडेर रित्तिने शतबीज छरेर वनस्थलीमा यौटै बिरूवा रोपेर हुर्काएर प्राप्त हुने धर्म कम हुन्छ ।'* (पृ. ४६) ।

त्यस्तै *महाभिनिष्क्रमण : ऐतिहासिक यात्रारम्भ* निबन्धमा गौतम बुद्धको बुद्धत्वप्राप्तिको अमियानलाई चर्चा गरिएको छ । रोग बुढ्याइ र मृत्युले मान्छेलाई ग्रस्त बनाएको समुदायलाई जोड्दै गौतम बुद्ध त्यस्ता समस्याबाट मुक्ति पाउन र समग्र मानव संसारलाई मुक्त दिलाउन आफ्नो दरवार र परिवारलाई त्यागेर महाभिनिष्क्रमण यात्राका लागि निस्किएको विषयलाई केन्द्रबिन्दु बनाइएको छ । त्यस्तै *जहाँ अतिथिलाई देउता मानिन्छ* निबन्धमा नेपाली संस्कृतिमा अतिथिलाई देवता मान्ने चलन छ । अर्थात साँझमा आएका पाहुना देवता समान हुन्छन । यात्राका क्रममा भोगिएका विभिन्न अनुभवहरू प्रस्तुत गर्दै एक दिन धनवाङको एक मगर मुखियाकहाँ बास बस्दा पानी समेत पिउन नपाएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । त्यस्तै *स्वर्गद्वारी यात्रा र बाङ्गा खुट्टी* निबन्धमा आफ्नो दशवर्षको बाल्यावस्थामा स्वर्गद्वारी तीन दिन हिँडेर गरिएको यात्राको वर्णन गरिएको छ । बाल्यकालमा कसैले पढेर पण्डित भएस भनेर इच्छाइएको चर्चा गर्दै आफू पण्डित हुन नसकेको प्रति दुःख समेत व्यक्त गरिएको छ । त्यस्तै *भारत यात्राको प्रथम र द्धितीय चरण* निबन्धमा पहिलो पटक भारतको उत्तर प्रदेशमा जन्ती बनेर गएको र दोस्रो पटक शिक्षाप्राप्तिका लागि गएको उल्लेख गर्दै भारतका विभिन्न स्थान र घटनालाई स्मरण गरिएको छ । त्यस्तै *पशुपतिको यात्रा सिद्राको व्यापार* निबन्धमा व्यापारका बारेमा मानिसले आरम्भकालदेखि नै व्यापारमा लागेको होला भन्ने अनुमान गरिएको छ । व्यापारीहरूको प्रवृत्ति बताउँदै जसले व्यापार गर्छ त्यसले सामान्य अवस्थामा पनि आफ्नै पेशालाई अँगाल्ने सङ्केत गरिएको छ । व्यापारीहरू स्वार्थी हुने समेत बताइएको छ । त्यस्तै *यो पनि यात्रा संस्मरण* निबन्धमा खनाल वंशावली निर्माणका निम्ति र.न.पा. वाड नं. २ स्थित नेपाल माध्यामिक विद्यालयसम्म गुराँस भवनबाट गरिएको यात्राको वर्णन गरिएको छ । साथै खनाल वंशावली निर्माणका लागि सहयोग गरेका व्यक्तिहरूलाई समेत उल्लेख गरिएको छ । त्यस्तै *जानु छ साथी टाढा टाढा !* निबन्धमा मानिसले गर्ने धार्मिक यात्राको वर्णन गर्दै निश्चित मन्दिर र तीर्थस्थल गएमा देशाटन गरेको सम्झिने बताइएको छ । साधु, सन्तहरूको तीर्थाटन अलि भिन्नहुने प्रसङ्ग जोड्दै उनीहरूलाई घरायसी जञ्जीरले नजेल्ने समेत बताइएको छ । आज यस तीर्थाटन देशाटन हुँदै पर्यटन बनेको समेत चर्चा गरिएको छ । त्यस्तै *जुन यात्रा दैनिक हुन थाल्यो* निबन्धमा आफूलाई कसैले जागिरका लागि बोलाएको र आफूपनि ढिला नगरी पुगेको घटनाको चर्चा गर्दै शिक्षकको जागिर पाएको विषयलाई चाखलाग्दो तरिकाले प्रस्तुत गरिएको छ । त्यस्तै *त्यहाँदेखि यहाँसम्म* निबन्धमा आफूले विगतमा कुनै विद्यालयमा पढाउनेदेखि विश्वविद्यालयको प्राध्यापक भएको अवस्थासम्मका जीवनका भोगाइ, उकाली ओरालीहरूको चर्चा गरिएको छ । त्यस्तै त्यो अविस्मरणीय यात्रा निबन्धमा एक शैक्षिक संस्थाको शब्दचित्र उतारिएको छ । शैक्षिक संस्थाको न्यूनतम मापदण्ड समेत पूरा नगरिएको त्यस शैक्षिक संस्थाले कसरी विद्यालयको शैक्षिक स्तरलाई सुधार गर्छ ? भन्ने प्रश्न गरिएको छ । यस निबन्धले वर्तमानका केही वोर्डिङ स्कुलहरूको समेत चित्र उतार्ने प्रयास गरेको पाइन्छ । त्यस्तै *यात्राभित्र*

*लुकेका अनुदारहरू* निबन्धमा अर्जुन र माधवी जस्ता औपन्यासिक पात्रहरूको यात्रावर्णन गरिएको छ। त्यस्तै यात्रा : वर्षाको पानीमा ! निबन्धमा आफ्नो विद्यालयमा वर्षादका दिनमा भिज्दै गरिएका यात्रालाई प्रस्तुत गरिएको छ । वर्षाले कहिले हानी समेत पुऱ्याउने भन्दै बाढी पहिरो निम्त्याउने बताइएको छ । वर्षादको समयमा साइकिलमा गरिने यात्रा कठिन हुने समेत उल्लेख गरिएको छ । त्यस्तै *यात्री र देवकोटाको दर्शन* निबन्धमा देवकोटाको यात्री कवितामा व्यक्त भएको देवकोटाको दर्शनलाई नियालिएको छ। देवकोटा स्वच्छन्दतावादी भएकाले ईश्वरलाई पूरै स्वीकार गर्न नसक्ने भन्दै यात्रीमा व्यक्त गरिएको विचारलाई प्रस्तुत गरिएको छ। देवकोटाले यात्रीलाई ईश्वरको स्वरूप मानेको समेत चर्चा पाइन्छ । त्यस्तै *यात्रा शिक्षालय भित्रैसम्म* निबन्धमा वर्षाले गर्दा विद्यालयसम्म पुग्न नसक्ने अवस्था आएको घटनावर्णन गर्दै नारायणी नदी उर्लिएको र सुकुम्बासी बस्ती प्रभावित भएको घटनाको चित्रण गरिएको छ । त्यस्तै *म रिक्साको यात्रा किन गर्दिन ?* निबन्धमा गरीब र रिक्साचालकको जीवनलाई नियालिएको छ। मान्छेले मान्छेलाई नै बोक्नुपर्ने बाध्यात्मक परिस्थितिको चित्रण गर्दै देवकोटाको यात्री कवितामा प्रयुक्त विचारले स्वयम् निबन्धकार खनाल प्रभावित बनेका छन्। तर मान्छेलाई मान्छेले त्यसरी नबोके ती गरीब रिक्साचालक र उनका सकल परिवार अभावको जीवन जीउन बाध्यहुने तर्क पनि प्रस्तुत गरेका छन्। त्यस्तै *साइकल-मोटरसाइकल टकराव* शीर्षकमा साइकल र मोटरसाइकलबिचको दुर्घटनालाई विषय बनाई मानिसको हतारो मनोवृत्तिको चित्रण गरिएको छ। आजको मानिस अनावश्यक रूपमा एक अर्कासँग प्रतिस्पर्धामा उत्रिने गर्छ भन्ने कुरालाई दुर्घटनाको उक्त प्रसङ्गले पुष्टि गरिएको छ। त्यस्तै *जब बालकहरू नै चालक भइदिन्छन्* निबन्धमा नेपालीको मनस्थिति अङ्ग्रेजीमय बनेको र अङ्ग्रेजी जानेमा ठूलो भइने भावना रहेको विचार प्रस्तुत गरिएको छ । साथै अपरिपक्व व्यक्तिले जेसुकैको नेतृत्व लिएपनि त्यो दुर्घटित हुने प्रसङ्ग चित्रण गरिएको छ । दिनप्रतिदिन सवारी दुर्घटना हुनुमा अपरिपक्व चालकका कारणले हो भनिएको छ । देशपनि सक्षम नेता र नेतृत्वको अभावमा छट्पटाइरहेको र अब दुर्घटना हुन लागेको बताउँदै सक्षम नेतृत्वको अभाव यसरी महसुस गरिएको छ : *'संसारमा जब-जब बालकहरू राज्यका चालक भएका छन् वा मोटरका चालक ! तब-तब मुलुकको हालत बिग्रेका घटना इतिहासमा आलै छन् ।'* (पृ. ६४)।

त्यस्तै *यात्रा एक : घटना दुई* निबन्धमा आफ्नो गैंडाकोटको यात्रामा एउटा दुर्घटनाका कारण सवारी साधनको जाम भएको घटना र अर्को आफ्नै बोर्डिङको गाडी चालकका पिताको देहवसानको घटना एउटै यात्रामा भएको प्रसङ्ग चित्रण गरिएको छ। त्यस्तै *त्यस्तो निम्तो, जहाँ पेट रित्तै रहन्छ* निबन्धमा आफू कुनै कार्यक्रम प्रमुख अतिथिको हैसियतले बोलाइदा उक्त कार्यक्रम समयमै सुरू नभएको साथै भोकै पर्नुपरेको स्मरण गरेका छन्। त्यस्तै वर्तमान राजनीतिक परिपाटी र राजनैतिक नेताको गाइजात्रे क्रियाकलापको चित्र प्रस्तुत गरिएको छ। वर्तमान राजनीतिक अवस्थाको चित्रण गर्दै भ्रष्ट र स्वार्थी नेताको क्रियाकलापप्रति व्यङ्ग्य प्रहार गरेका छन्। हेरौं उदाहरण :

> *'चाहिँदैन त्यो बिनापरिश्रमको प्रमुख अतिथि ! के म मन्त्री हुँ र वर्तमान बहुदलीय व्यवस्थाको ? जो व्यक्तिले बनाएका चर्पी उद्घाटन समारोह सम्पन्न गर्न हेलिकप्टर चढेर पाउकष्ट गर्दछन् । अनि नचाहिँदो फ्याङलो गफ चुटेर त्यही हेलिकप्टर मै फर्कन्छन् ।'* पृ. ६६ ।

त्यस्तै *यात्राहरू जे भोकभोकै पार भए* निबन्धमा आफ्ना जीवनका केही यात्राहरू अभाव र भोकसँगै गर्नुपरेको बाध्यतालाई प्रस्तुत गरि्एको छ। अतिथि देवो भव ! भएको हाम्रो जस्तो देशमापनि

कुमालटार भन्ने गाउँमा भोकभोकै डरत्रासले रात बिताउनु परेको घटनाको स्मरण गरिएको छ । त्यस्तै भारतको कलकत्ता जाँदापनि बेखर्ची बनेको घटनालाई स्मरण गर्दै अभावग्रस्त अवस्थाका यात्रा अनुभवलाई प्रस्तुत गरिएको छ ।

त्यस्तै यस सङ्ग्रहको तेस्रो खण्डको रूपमा *चिठी* खण्ड रहेको छ । यस खण्डमा *प्रेषकको अभिमत* पछि जम्मा बत्तीसवटा चिठीहरू सङ्कलित छन् । सबै चिठीहरू एक पृष्ठमा संरचित छन् भने निबन्धकार खनालले आफ्नी पत्नीलाई सम्बोधन गरी लेखिएका चिठीहरूको सङ्गालोको रूपमा रहेका छन् । विद्यावारिधिका क्रममा साहित्यकारले आफ्नी पत्नीलाई अतीततिर डोऱ्याउन लेखेको चिठीहरू रमाइलो र प्रेरणादायी छन् । यस सङ्ग्रहभित्रको 'चिठी' प्रयोगवादी प्रवृत्ति आत्मसात गरेर लेखिएको अर्को नैबन्धिक कृतिखण्ड हो ।[१४] यस खण्डका चिठीहरूलाई सङ्ख्या र क्रमका आधारमा शीर्षक दिइएको छ ।

यस *चिठी* खण्डको सुरूवात *प्रेषकको अभिमत* शीर्षकबाट भएको छ । यस अभिमतमा अभिव्यक्तिको महत्त्वपूर्ण 'पत्र-लेखनकला' क्षेत्रलाई विचारका उपासकहरूले धेरै उपेक्षा गरेका भएपनि केही महापुरूषहरूले आफ्ना विचारलाई कृतिगत स्वरूप दिएकाले यसलाई जीवन्तता प्रदान गर्न आफूमा समेत प्रेरणा जागृत भएकोले केही प्रयास गरेको लेखकीय अभिमत रहेको छ । साथै यस खण्डमा वि.सं. २०५४।२।१ देखि उही महिनाको ३२ गते सम्मका राती ११ बजेदेखि १२ बजेसम्मको जम्मा बत्तीस घण्टाको परिश्रमबाट उब्जिएका विचारहरूको संगालोको रूपमा *'चिठी'* खण्ड रहेको उल्लेख गरिएको छ । यस खण्डको पहिलो चिठीमा *एक* शीर्षक रहेको छ । यस चिठीमा आफ्नो पारिवारिक अवस्था कष्टकर भएको तथा आर्थिक अवस्था दयनीय भएपनि आफ्नी पत्नीले धेरै दुःख कष्ट सहेर धैर्य गरेको प्रति आभार प्रकट गरिएको छ । साथै देशको वर्तमान अवस्था, पाश्चात्य संस्कृतिको प्रभाव तथा महङ्गो उपचार पद्धतिले मध्यम वर्गीय तथा तल्लो वर्गका मानिसलाई जीवन धान्न निकै अप्ठ्यारो परेको यथार्थ समेत प्रस्तुत गरिएको छ । उदाहरण हेरौं : *'मेरा हातमा अहिले त्यति पैसा छैन, जति उपचार गर्न चाहिन्छ । अहिलेको महङ्गो उपचार ! त्यो एक टुक्रा जग्गा बिक्ने बित्तिकै तिम्रो उपचार गर्न काठमाडौं लिएर जानेछु ।'* (पृ. ७१) । त्यस्तै *दुई* शीर्षकको चिठीमा आफ्नो अतीतलाई सम्झँदै विवाहको प्रसङ्ग उल्लेख गरेका छन् । मानिसका असीमित इच्छा चाहना, भावना, कल्पना आदि हुने भन्दै आफ्नो चाहना पनि आफ्नी पत्नीलाई खुसी र सुखी राख्ने भएपनि वाध्यताले त्यो पूरा नभएको बताइएको छ । जीवन एक संघर्ष भएकाले निडर भई युद्ध लडिरहेमा विजयको आकांक्षा पूरा हुने र जीवनमा हरियाली फर्फराउने विचारलाई विषयवस्तु बनाइएको छ । त्यस्तै *तीन* शीर्षकमा आफ्नी पत्नीको पढाइले निरन्तरता पाउन नसकेकोमा आफूपनि जिम्मेवार रहेको भन्दै विद्या, धन, लोग्ने, स्वास्नी भाग्यमा पनि भर पर्ने विषयवस्तु प्रस्तुत गरिएको छ । विद्या भन्ने कुरा परिश्रम, लगन र विवेकविना प्राप्त नहुने भन्दै विद्याका लागि परिश्रमलाई वरण गर्नुपर्ने बताइएको छ । त्यस्तै *चार* शीर्षकमा आफ्नो पुर्ख्यौली थलो र जन्मभूमिको स्मरण गर्दै जन्मभूमिप्रति अगाध स्नेह पोखेका छन् । आफ्नो जन्मभूमि छोडेर कर्मभूमिलाई नै स्वर्गमान्नु पर्ने वाध्यतामा आफू परेको बताउँदै यो प्रकृतिको नियम नै बनिसकेको विषयवस्तु प्रस्तुत गरेका छन् । त्यस्तै *पाँच* शीर्षकमा पति र पत्नीबीचको

---

[१४]. पूर्ववत् ।

सम्बन्धलाई चित्रण गर्दै लोग्नेले स्वास्नीलाई वाद-विवादले हराउने नभई स्नेह र सद्भावले र पत्नीले पनि लोग्नेलाई क्रोध र अंहकारले हराउने नभई माया र मुस्कानले भएको बताइएको छ । त्यस्तै *छ* शीर्षकमा आफ्नी सखाले पत्रमार्फत् ताजा खवर पेश गरेकाले खुसी व्यक्त गरिएको छ । आफ्नी जीवन सङ्गिनीको अतीतमा घटेको घटनालाई समेत स्मरण गर्दै पत्रचारलाई निरन्तरता दिन आग्रह गरिएको छ । त्यस्तै *सात* शीर्षकमा आफू आफ्नो कार्यालय गएपछि पत्नीले आफ्ना किताब, पत्र-पत्रिका र डायरी पढ्ने गरेको कुरा थाहा पाएपछि खुसी भएको अनुभूति गरेका छन् । यहाँ निबन्धकार खनाल र उनकी धर्मपत्नीबीचको सम्बन्ध औपचारिक परिवेशमा मात्र रहेको र एक अर्काप्रति त्यति खुलस्त हुनसकेको विषयवस्तुलाई प्रस्तुत गरिएको छ । त्यस्तै *आठ* शीर्षकमा निबन्धकारले आफ्नो विवाहको प्रसङ्ग जोड्दै आफ्नो घरसमेत नभएपनि विद्याप्राप्त गरेको हुनाले आफ्नो सर्टिफिकेटसँग विवाह गरिएको अनुभव गरेका छन् । हरेकले आफूमा सकारात्मक सोच र विचार ल्याउनुपर्ने भन्दै आफ्नो मनमा कलुषित भावना भए सारा सृष्टि दोषी देख्ने कविशिरोमणि लेखनाथ पौड्यालको सत्यसन्देश कविताको अंश प्रस्तुत गरिएको छ । त्यस्तै *नौ* शीर्षकमा आफ्नी पत्नीका पत्रले दिने उदास, निराश, विश्वास जस्ता अनुभवको वर्णन गरिएको छ । आफूले आफ्नी पत्नीको गल्ती औँल्याइदिँदा उल्टै आफूमाथि बक्रदृष्टि राखेको प्रसङ्गलाई विषयवस्तु बनाइएको छ । साथै कर्मविना फलप्राप्त नहुने समेत उल्लेख गरिएको छ । त्यस्तै *दश* शीर्षकमा आफ्नी पत्नीसँग शनिवारको दिन काठमाडौंका विभिन्न स्थानहरूको भ्रमण गरेको घटना स्मरण गरेका छन् । त्यसै दिन एस.एल.सी. को नतिजा प्रकाशनले आफ्नी पत्नीको पनि आत्मबल गिरेको अनुभव गर्दै जीवनका जुनसुकै घटनालाई पनि सहज रूपमा लिएर संयम अपनाउनु पर्ने विषयवस्तु प्रस्तुत छ । त्यस्तै *एघार* शीर्षकमा आफूले देखेको एक सपनाको वर्णन गरिएको छ । सपनामा आफू जुवा खेलेर घर ढिला आएको र आफ्नी पत्नी घर छाडेर हिड्न लागेको प्रसङ्ग उल्लेख गर्दै सपनाले आफूलाई आफ्ना कमीकमजोरीहरूप्रति सचेत बनाएको विषयवस्तु प्रस्तुत भएको छ । त्यस्तै *बाह्र* शीर्षकमा आफ्नी सखाको पत्र प्राप्त हुँदा बाह्रवर्षे खडेरीपछिको जल-वर्षा भएझैं लाग्ने बताउँदै आफ्नो विवाहको दिनलाई स्मरण गरिएको नारायणी नदीमा पुल नभएको अवस्थामा गरिएको किस्ती यात्राको स्मरण गर्दै जीवनलाई अतीतले सिँगार्न सके सुखद हुने विचार व्यक्त गरिएको छ । त्यस्तै *तेह्र* शीर्षकमा आफ्नी पत्नीको पत्रले खुसी तुल्याएको बताइएको छ । कुनै एक सपनामा आफू जुवाडे बनेको श्रीमती बालबच्चाको ख्याल नगरेको साथै अलिकति विवेक र बुद्धि पनि हराएको महसुस गरिएको छ । सपनाका माध्यमबाट तासका खरावपक्ष र त्यसले निम्त्याउने विपत्तिलाई प्रस्तुत गरिएको छ । समय र पैसाको वर्वादी मात्र नभई जीवनको महत्त्वपूर्ण धन पनि जुवाडेले गुमाउनुपर्ने विषयलाई यसरी प्रस्तुत गरिएको छ : *'हरेक जुवाडेले जुवाको दाउ जिते पनि जीवनको महत्त्वपूर्ण धन हरेकै हुन्छ ।'* (पृ. ८३) *'तासखेल मात्र नभएर त्यसमा धनको नाश र जीवनको वनवास समेत गाँसिएको छ ।'* (पृ. ८३) ।

त्यस्तै *चौध* शीर्षकमा काठमाडौंको बसाइँको क्रममा राष्ट्रबैंकमा जागिर खाँदाका बेलामा दुवैजना एउटै रोगले विरामी भएर डा. रत्नप्रसाद लोहनीबाट स्वास्थ्य परीक्षण गरेको घटनाको स्मरण गरिएको छ । त्यस्तै *पन्ध्र* शीर्षकमा आजभोलि सपनामा सम्म नआउने आफ्नी पत्नीका बारेमा बताइएको छ । स्वप्न सिद्धान्तको प्रसङ्ग ल्याउँदै परिकल्पना, कार्ययोजना, कार्यारम्भ र काम गरेरै छोड्ने प्रवृत्तिस्वप्न सिद्धान्तको भएको बताइएको छ । स्वप्नमा समेत आफ्नी सखालाई भेट्न

नसकिएको प्रति निबन्धकार दुःखी बनेका छन् । त्यस्तै *सोह्र* शीर्षकमा आफ्नी पत्नीले लेखेको पत्रमा भनिएको 'रूखो स्वभाव लिएको' वाक्यांशले वहन गर्ने अर्थका बारेमा बताइएको छ । हरेक मानिसको हेराइ फरक-फरक हुने भन्दै चन्द्रमालाई त कसैले गुणाकर, कसैले दोषकर, कसैले सुधाकर, कसैले निशाकर आदि देख्ने भन्दै व्यक्तिको हेराइमा भरपर्ने बताइएको छ । आफू त्यस्तो रूखो स्वभावको नभएको समेत प्रष्ट पार्दै एक अर्काले एक अर्काको हृदय चाहार्न र कालो मेटी सुकिलो पार्ने प्रयासमा लाग्नुपर्ने विषयलाई प्रस्तुत गरिएको छ । त्यस्तै *सत्र* शीर्षकको चिठीमा जीवनलाई फूलसँग तुलना गर्दै फूललाई सुन्दर सुवास छर्ने रूपमा हेर्ने हाम्रो दृष्टिकोणप्रति सङ्केत गरिएको छ । फूल पनि काँढाले ढाकिएको, झुसले पुरिएको, स्याउले बेरिएको, हावा, हुरी, आँधीबेरी, ग्रीष्मको प्रचण्ड घाम सहन गर्दै जीवनमा मुस्कान छरि राख्ने गर्छ भन्दै जीवनमा केही अप्ठ्याराहरू आइपरे भन्दैमा आत्तिन नहुने र अगाडि बन्दै जानुपर्ने विषयलाई प्रस्तुत गरिएको छ । त्यस्तै *अठार* शीर्षकको चिठीमा आफ्नो जीवनमा जागिरको सिलसिलामा दिइएका अर्न्तवार्ताहरू सम्झँदै आफ्नो नेपाली विषयको अन्तर्वार्ताको स्मरण गरिएको छ । त्रि.वि. सेवा आयोगले लिएको सो अन्तर्वार्ताको स्मरण गर्दै सोचे भन्दा राम्रो भएको समेत उल्लेख गरिएको छ । त्यस्तै *उन्नाइस* शीर्षकको चिठीमा आफ्नो त्रि.वि.सेवा आयोगमा दिइएको अन्तर्वाताका विषय प्रस्तुत गरिएको छ । आफ्नो समालोचना ग्रन्थ *केही रहर : केही ठहर* कृति भित्रका विभिन्न शीर्षक सम्बन्धी अन्तर्वार्ताकारबाट सोधिएका प्रश्नहरू प्रस्तुत गर्नमा यो चिठी केन्द्रित छ । त्यस्तै *बीस* शीर्षकको चिठीमा आफूले दिएको अन्तर्वार्तामा असफल भइन्छ कि भनेर अनुमान लगाइएको छ । आफूले सफल हुने कार्य कम गरेको भन्दै आउँदा दिनमा हरेश नखाई अगाडि बढ्नुपर्ने स्वीकार गर्छन् । जीवनमा सफलताका लागि धैर्यपूर्वक, विश्वासपूर्वक, नियमपूर्वक आत्तिनुपर्ने विषयलाई प्रस्तुत गरिएको छ । त्यस्तै *एक्काईस* शीर्षकको चिठीमा मुग्लीन-काठमाडौं बसयात्राका क्रममा आफ्नी गर्भवती पत्नी सहित बसको छतमा चढेर गरिएको यात्राको स्मरण गरिएको छ । त्यस्तै *बाइस* शीर्षकको चिठीमा पक्लिहवा बस्दाका क्रममा आफ्नो ३ वर्षका छोरा धरणीश एकदिन घर छाडेर हिँडेको र पछि सुनौलीका आसपासमा भेटेर घर फर्काइएको घटनाको स्मरण गर्दै बालकहरूको स्वच्छन्द प्रवृत्तिको चित्रण गरिएको छ । त्यस्तै *तेइस* शीर्षकको चिठीमा हिन्दुहरूको संस्कारका रूपमा रहेका ब्रतवन्ध, विवाह संस्कारहरूको चर्चा गर्दै समाजले महिलाहरूलाई संस्कारका नाममा शोषण गरेको समेत बताइएको छ । त्यस्तै *चौबीस* शीर्षकको चिठीमा आफ्नी पत्नीसँगको विछोडप्रति सङ्केत गर्दै अब चाँडै मिलन हुनुपर्ने र त्यसका लागि द्रुतगतिमा मिलनको यात्रा गर्नुपर्ने विषयलाई आत्मसात् गरिएको छ । त्यस्तै *पच्चीस* शीर्षकको चिठीमा निबन्धकार आफ्नी पत्नीको चिठी नआएकाले आकुल व्याकुल बनेका छन् । साथै वर्तमान राजनीतिक दल र शासकको व्यवहारले जनतामा निराशा र घृणा जगाएको बताइएको छ । समाजमा हत्या, हिंसा, आतङ्क तथा विकृति र विसङ्गतिले समाजलाई ग्रस्त बनाएको छ । राजनीतिक दल र तिनका नेता मूकदर्शक बनेका छन् । जनताका प्रतिनिधि बनेर गएका नेताहरू सत्तामा पुगेपछि आफ्ना वाचाकसम भूलेर आफ्नै स्वार्थसिद्धगर्नमा व्यस्त भएको तथ्यलाई यसरी प्रस्तुत गरिएको छ :

> *'सुरक्षाको ग्यारेन्टी लिएको सरकार निरन्तर सत्तामा चढिरहेको हुन्छ । मान्छेका ज्यान खसी बोकाका भाउमा बिकिरहेका हुन्छन् । चरा मार्नु र मान्छे मार्नु वर्तमानमा बराबर देखिन्छ ।*

*जनताका लागि शासन गर्नेहरू अब प्रतिज्ञा छोडेर आफ्ना शासनका बागडोर सम्हालिरहेका छन् ।'* पृ. ९५ ।

त्यस्तै *छब्बीस* शीर्षकको चिठीमा मानिसको जीवनलाई संसारको कुनैपनि भौतिक यन्त्रले नाप्न नसकिने विषय प्रस्तुत गरिएको छ । जीवनमा महत्त्वपूर्ण र उल्लेखनीय कार्य गरेर समाजमा योगदान पुऱ्याउन सक्नुपर्ने नत्र जीवन विनातौलको उचाई र आयातनको हुने तर्फ सङ्केत गरिएको छ । त्यस्तै *सत्ताइस* शीर्षकको चिठीमा जीवनलाई पीपलको वृक्षजस्तो रहेछ भन्दै एकताबाट अनेकतामा परिणत हुने कार्यका रूपमा लिइएको छ । वंशीय परम्परा अनुसार आफ्ना सन्तानहरूमा यो परम्परा रहने भन्दै आफ्ना सन्तानलाई वंशको उत्तराधिकारीका रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै *अट्ठाईस* शीर्षकको चिठीमा आफ्नी पत्नीको अर्न्तमुखी स्वभावको चित्रण गरिएको छ । त्यस्तै आफूले पनि सबैकुरालाई भावना, घटना, विचार व्यक्त नगरेको स्वीकार गरेका छन् । त्यस्तै *उनन्तीस* शीर्षकको चिठीमा निबन्धकारले पि.एच.डी. को शोधार्थी बन्ने सूचना आफ्नी पत्नीलाई पेस गरेका छन् । कार्य सम्पादनमा गरिएको मनको एकाग्रता र परिणाम पर्यन्तको सघन लगनशीलतालाई तपस्याको रूपमा प्रस्तुत गर्दै आफूपनि तपस्वी बन्न प्रयास गर्ने सङ्केत गरेका छन् । त्यस्तै *तीस* शीर्षकको चिठीमा आफ्ना सन्तानप्रतिको दायित्वबोधले संसारलाई चियाउने उद्देश्यलाई वञ्चित गरिदिने विचार प्रस्तुत गरिएको छ । सन्तानका पिता भइसकेपछि उनीहरूकै खुसी र हेरचाहमा समय बित्ने विषयलाई प्रस्तुत गरिएको छ । त्यस्तै *एकतीस* शीर्षकको चिठीमा हाम्रो समाजको तडकभडकले भरिएको विवाहलाई प्रश्रय दिएको भन्दै त्यस्तो विकृति र विसङ्गतिले समाजलाई भलो नगर्ने बताइएको छ । विवाहका नाममा भएको आडम्वरीपनको रवाफिलो चटकले समाज नै विकृत बनेको तर्फ सङ्केत गरिएको छ । विवाह देखाउनको लागि नभई निर्माणका लागि भएको र जीवन-संघर्षको घोषणापत्रको रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै यस खण्डको अन्तिम चिठीको रूपमा *बत्तीस* शीर्षकको चिठी रहेको छ । यस चिठीमा यो चिठी नै अन्तिम भएको बताउँदै आकर्षक र परिमार्जित हुन नसक्नु यसलाई बन्द गर्ने कारण बनेको बताइएको छ । आफूले लेख्नुपर्छ भनेर कहिले देखि सोच्न थालेको हो त्यो पत्ता नलागेपनि सन् १९७२ मा रू ३।- मा किनिएको डायरीको सम्झना गरिएको छ । त्यस्तै डायरीमा वि.सं. २०५३ सालको डायरी पूर्ण रहेको बताउँदै डायरीमा विविधताका निम्ति यो डायरी शुद्ध गरेथें भन्ने विचारलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

त्यस्तैगरी *परिशेष* खण्डपनि यस सङ्ग्रहको महत्त्वपूर्ण अङ्गका रूपमा रहेको छ । यस खण्डमा आदिकवि भानुभक्त आचार्यको अर्धकदको तस्वीर सहितको *एकसय त्रियासीऔं भानुजयन्ती र तीर्थयात्रा* नामक यात्रासंस्मरणात्मक निबन्ध प्रस्तुत गरिएको छ । यस निबन्धमा आदिकवि भानुभक्तको एक सय त्रियासीऔं भानुजयन्तीको अवसरमा तनहूँ चुँदी रम्घामा आयोजित कार्यक्रममा जाँदाको यात्रा वर्णन गरिएको छ । तनहूँ भानु जन्मस्थलको प्राकृतिक वातावरणको चिज प्रस्तुत गर्दै भानुभक्तका नामबाट निर्मित विभिन्न सङ्घसस्थाका नाम समेत प्रस्तुत गरिएको छ । जसले भानुप्रतिको तनहूँवासीको स्नेह, अनुराग र सम्मानलाई झल्काउँछ । भानुको स्मृतिमा गरिएको उक्त कार्यक्रमका घटनाक्रम प्रस्तुत गर्दै त्यस कार्यक्रममा सहभागी अठतीस जना वक्ताको नामावली समेत प्रस्तुत गरिएको छ । मानिसको व्यस्ततालाई समेत प्रस्तुत गरिएको छ शब्दचित्रमार्फत् । यसरी तनहूँ

चुँदीरम्घाको रमाइलो यात्रालाई निबन्धकार तीर्थयात्राका रूपमा लिएका छन् । यसरी यो यात्रा संस्मरणात्मक निबन्धमा भानुसँग सम्बन्धित विषय प्रस्तुत भएको छ ।

यसरी प्रस्तुत **स्वप्न-यात्रा र चिठी** (निबन्धसङ्ग्रह-२०६६) कृतिमा स्वप्न सम्बन्धी, यात्रा सम्बन्धी, पत्र साहित्यसँग सम्बन्धी विषय र भानुको जन्मस्थल चुँदीरम्घाको चित्रणगर्ने विषयले स्थान पाएका छन् । यस कृतिमार्फत् निबन्धकारले आफ्ना स्वप्न सम्बन्धी, यात्रा सम्बन्धी विचार प्रस्तुत गर्दै कृतिलाई जीवन्त बनाउने प्रयास गरिएको पाइन्छ ।

## ४.४.४. भाषाशैली

प्रस्तुत **स्वप्न-यात्रा र चिठी** (निबन्धसङ्ग्रह-२०६६) कृति पाठकमैत्री कृतिका रूपमा रहेको छ । यस कृतिमा सरल भाषाशैलीले पकड जमाएको छ । निबन्धकार खनाल संस्कृत साहित्यका समेत साहित्याचार्य भएकाले कतिपय निबन्धहरूमा संस्कृतका सूक्तिहरूको जस्ताको तस्तै प्रयोग भएको पाइन्छ । यो कृति तीन खण्डमा विभाजित छ । पहिलो *स्वप्नालङ्कार* खण्डमा विभिन्न विद्वानहरूका मान्यता, धारणा, विचारका आधारमा आफ्ना मौलिक तर्कहरू समेतले स्वप्नालङ्कार सजिएको छ । त्यस्तै *यात्रालङ्कार* खण्डमा यात्रासम्बन्धी चिन्तन प्रस्तुत गरिएको छ भने *चिठी* खण्डमा आफ्नी पत्नीसँग एकालापीय शैलीमा पत्रमार्फत् गफगाफ गरेका छन् ।

यस निबन्धसङ्ग्रहमा प्रस्तुत भएका निबन्धहरू निकै संक्षिप्त छन् । प्राय एक पृष्ठ र धेरै जस्तो निबन्धहरू तीन अनुच्छेदयोजनामा संरचित हुनु शैलीगत नवीनताका परिणाम हुन् । आफ्ना मान्यता र धारणा प्रस्तुत गर्न संस्कृतका सूक्तिहरूको प्रयोग गरिएको पाइन्छ । *स्वप्नालङ्कार* खण्डका निबन्धका शीर्षकहरू प्राय वाक्यात्मक रहेका छन् योपनि शैलीगत नवीनताको एउटा पक्ष हो । संस्कृतका *स्वप्ननिद्राज्ञानावलम्वनं वा, न कञ्चन स्वप्नं पश्यति तत्सुपुप्तम् न सहते सङ्गम नौ कृतान्तः, यदि तावदयं स्वप्नः* आदि सूक्तिहरू नै यस खण्डका शीर्षकका रूपमा प्रस्तुत भएका छन् । कवितात्मक भाषाले यस कृतिलाई जीवन्त बनाएको पाइन्छ । विभिन्न लोकोक्तिहरू र उखान टुक्काहरूको प्रयोगले प्रस्तुत कृतिलाई स्वाभाविक बनाएको पाइन्छ । *पापीको मन परचित, आफूले पालेको कुकुरले आफैलाई टोक्छ, कागलाई वेल पाक्यो हर्ष न विस्मात, एक पन्थ दुई काज* आदि उखानटुक्का प्रसङ्ग अनुसार स्वाभाविक नै देखिन्छन् । फाट्टफुट्ट अनुकरणात्मक शब्दहरू र अङ्ग्रेजी र हिन्दीका तथा संस्कृतका शब्दहरूको पनि प्रयोग पाइन्छ । प्रसङ्ग अनुसारका विभिन्न कविहरूका कविताका अंशहरूको प्रयोगले यस कृतिभित्रका रचनाहरू रूचिकर लाग्छन् । हेरौं :

*कुनै चाहे नङ्गा भइ फगत दङ्गा गरिरहून्*
*कुनै चाहे चङ्गा भइ गगन-गङ्गाबिच बहून् ।*
*अध्यारा स्वप्नाका सुखदुःख खुशी मै सहनुहोस्*
*सबैभन्दा भिन्नै भइ फगत हाँसी रहनुहोस् ।* (पृ. १५) ।

*मानिसहरूको काँध चढी*
*कुनै देवपुरीमा जाने हो ?* (पृ. ५९) ।

यस कृतिमा विषयवस्तुलाई प्रस्तुत गर्नेक्रममा निबन्धकार कतै व्यङ्ग्यात्मक शैली पनि अवलम्बन गर्छन् भने कतै विभिन्न बिम्बप्रतीक र आलङ्कारिक शैलीमा प्रस्तुत हुन्छन् । आलङ्कारिक,प्रतीकात्मक भाषाशैलीका माध्यमबाट गम्भीर तथ्यको रहस्योद्घाटन गर्न सक्नु निबन्धकारको शैलीगत वैशिष्ट्य हो । उदाहरण हेरौं :*'सडक छन् काला विषालु सर्पझैं तर विषथरका रूपमा यानहरू नै सक्रिय छन् जो आपसमा टोकाटोक गर्छन-कोही ठहरै हुन्छन्, कोही विषको ज्वाला सहन नसकी त्रिशूलीमा हामफाल्छन् ।'* (पृ. ४४) *'संसारमा जब-जब बालकहरू राज्यका चालक भएका छन् वा मोटरका चालक ! तब-तब यस मुलुकको हालत बिग्रेको घटना इतिहासमा आलै छन् ।'* (पृ. ६४) ।

यसरी प्रस्तुत निबन्धसङ्ग्रह संक्षिप्तता, काव्यात्मकता, सूत्रात्मकता, आलङ्कारिकता, प्रतीकात्मकता तथा बिम्बात्मक शैलीगत वैशिष्ट्यलाई आत्मसात् गर्दै अगाडि बढेको कुरा बुझ्न सकिन्छ ।

## ४.४.५. उद्देश्य

प्रस्तुत **स्वप्न-यात्रा र चिठी** (निबन्धसङ्ग्रह-२०६६) कृतिमार्फत् निबन्धकारले स्वप्नसम्बन्धी आफ्ना मान्यताहरूलाई विभिन्न विद्वान्, ग्रन्थ र विषयका आधारमा प्रस्तुत गरेका छन् । स्वप्नसम्बन्धी पूर्वीय दर्शनको मान्यता प्रस्तुत गर्दै स्वप्नलाई मानवीय जीवनको मार्गदर्शक, भावी जीवनको संकेतका रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै *यात्रालङ्कार* खण्डमा निबन्धकार खनालका यात्रासम्बन्धी धारणा प्रस्तुत गरिएको छ । *यात्रालङ्कार* खण्डका यात्रासम्बन्धी रचनाहरूमा वेद, पुराण, इतिहास, राजनीति, समाज, भूगोल, विज्ञान, दर्शन, संस्कृति, वाङ्मय आदि विभिन्न क्षेत्रका रमाइला, रोचक एवम् मार्मिक सन्दर्भहरूलाई कोट्याउँदै यात्राबारे निबन्धकारको दृष्टिकोण प्रस्तुत गर्न खोजिएको पाइन्छ ।[१५] यात्राले मानवीय जीवनमा खेल्ने भूमिकालाई केन्द्रबिन्दु बनाई यात्रागर्दाका फाइदाहरूलाई समेत प्रस्तुत गर्दै यात्राले मान्छेको ज्ञानको परिधिलाई बढाउने विचार प्रस्तुत गर्न समेत खोजिएको छ । त्यस्तै *चिठी* खण्डमार्फत् पत्रसाहित्यलाई बढवा दिई एक छुट्टै विधाको रूपमा प्रस्फुटन हुन सहयोग पुगोस भन्ने उद्देश्यका साथ *चिठी* खण्ड आएको देखिन्छ । पत्र-लेखनकला सबैले उपेक्षा गरेकाले यसको संरक्षण, प्रवर्द्धन र उत्थानका निम्ति प्रयास गरिएको कुरा प्रेषकको अभिमतमा अभिव्यक्त यो विचारले प्रष्ट पारेको छ हेरौं : *'अभिव्यक्तिको महत्त्वपूर्ण 'पत्र-लेखनकला' क्षेत्रलाई विचारका उपासकहरूले धेरै उपेक्षा गरेको महसुस हुन्छ ।'* (पृ. ७०)

यसरी हेर्दा यस कृतिमार्फत् निबन्धकार खनालले स्वप्नसम्बन्धी आफ्ना विचार प्रस्तुत गर्दै यात्रा गर्दाका क्रममा हुने महत्त्वपूर्ण फाइदा र मानवीय जीवनमा यात्राको महत्त्व दर्शाउँदै पत्र सहित्यको उत्थानमा महत्त्वपूर्ण भूमिका खेल्न सहायक होस् भन्ने उद्देश्यका साथ प्रस्तुत कृति पाठकसमक्ष ल्याएको देखिन्छ ।

## ४.४.६. निष्कर्ष

प्रस्तुत **स्वप्न-यात्रा र चिठी** (निबन्धसङ्ग्रह-२०६६) कृतिमा निबन्धकार खनालले आफ्ना स्वप्न र यात्रासम्बन्धी मौलिक विचार प्रस्तुत गरेका छन् । *स्वप्नालङ्कार* खण्डमार्फत् विभिन्न ग्रन्थ, वाङ्मय,

---

[१५]. गोविन्दराज विनोदी, पूर्ववत् ।

दर्शनका आधारमा आफ्ना स्वप्नसम्बन्धी विचार प्रस्तुत गर्दै स्वप्नले मानवीय जीवनमा मार्गदर्शक बन्न सक्ने विचार प्रस्तुत गरेका छन् । खनालका अनुसार *'सपना मानवदेह, मन-मस्तिष्क र चेतनाको सामूहिक स्वरूप हो, जुन अभूक्त चाहना वासना वा क्रियाकलापको प्रतिफल हो र यो क्षणिक हुन्छ । मनको भाव र हृदयसँग सम्बन्धित हुने सपनाले भविष्यको बिम्ब प्रस्तुत गर्ने हुनाले हाम्रो जीवन स्वप्नभन्दा कदापि भिन्न छैन । व्यक्तिगत अवस्थाले समेत सपनालाई प्रभाव पार्छ ।'* (पृ. १-३१) खनालको सपना सम्बन्धी यो विचार व्यक्तिको क्षमता र विचार शक्तिसँग नजिक छ । पाश्चात्य साहित्यका मनोविश्लेषक सिग्मण्ड फ्रायडका अनुसार 'सपनाको सम्बन्ध मानसिक प्रवृत्तिसँग हुन्छ, अतृप्त इच्छाहरूको निष्कासन मार्गको कार्यगर्ने सपनामा अचेतन मनका इच्छाहरू चेतनमनमा छद्म रूपमा प्रवेश गरी सपनामा पूर्ति गर्दछन् ।'[१६] फ्रायडको सपना सम्बन्धी यो मान्यता व्यक्तिको अचेतन मनमा दमित इच्छाहरू पूर्तिको प्रकटीकरणसँग सम्बन्धित छ । यसरी हेर्दा खनालले प्रस्तुत गरेको स्वप्न चिन्तनमा पनि स्वप्नले व्यक्तिको वर्तमान समयलाई प्रस्तुत गर्छ । साथै भविष्यको समेत सूचना प्रदान गर्दछ भन्ने मान्यता केही मौलिक देखिन्छ । *यात्रालङ्कार* खण्डमार्फत् मानवीय जीवनमा यात्राले पार्ने प्रभाव र जीवन नै एक यात्रा भएको विचार प्रस्तुत गरेका छन् । यस खण्डमा भ्रमण गरिसकेपछि जोकोहीले पनि त्यस ठाउँको बारेमा आफूले देखेबुझेको जानकारी र सूचनाहरूलाई शब्दका माध्यमबाट व्यक्त गरेपनि निकै ठूलो कार्य हुने विचार प्रस्तुत गरिएको छ । भ्रमण साहित्यले कुनैपनि ठाउँको भौगोलिक, प्राकृतिक, धार्मिक, सांस्कृतिक, सामाजिक, शैक्षिक आदि अनेकौं एकाइहरूको चित्रण गर्ने हुँदा यात्रावृत्तान्त आजको आवश्यकता बनेको समेत बताइएको छ । आज भ्रमण साहित्य साहित्यकै महत्त्वपूर्ण अङ्क बनेर अगाडि बढेको समेत बताइएको छ ।  त्यस्तै *चिठी* खण्डमार्फत् पत्रसाहित्यको समुत्थानमा भूमिका खेल्ने उद्देश्यबाट अगाडि बढेका छन् । यस खण्ड केवल आफ्नी पत्नीको सम्झनामा व्यक्त गरिने शब्दमा मात्र केन्द्रित छैन । यहाँका चिठीमार्फत् मानवीय जीवनको मूल्य खोजिएको छ । हरेकलाई यी चिठीहरूमा आफ्नै मनका भावना पोखिएको अनुभूति हुन्छ । आफ्नै समस्याहरू चित्रण भएजस्ता जीवन्त विचार प्रस्तुत भएको पाइन्छ । पत्र साहित्य पनि साहित्यकै भेद भएकाले यस खण्डका चिठीहरूमा देशको वर्तमान अवस्था, विकृति, विसङ्गति, स्वास्थ्य क्षेत्रको विकृति, श्रीमान-श्रीमती बिचको सम्बन्ध लगायत विभिन्न विषयलाई प्रस्तुतिको केन्द्र बनाइएको छ । प्रत्येक चिठीबाट केही न केही विचार प्रस्तुत गर्दै अभावमा छटपटीमा र समस्याग्रस्त अवस्थामा पनि जीवनयात्रालाई सहज बनाउन सक्ने जीवनौषधीको खोजिगरिएको छ । हेर्दा सामान्य लागेपनि ती चिठीहरूले बोकेको भाव निकै गम्भीर र स्वाभाविक देखिन्छन् । उदाहरण हेरौं : *'जुनसुकै घटनालाई सहज रूपमा नलिने हो भने जीवन प्रतिक्षण सङ्घर्षसिवाय अरू केही रहँदैन ।'* (पृ. ८०) *'लोग्नेले स्वास्नीलाई हराउने वाद-विवादले होइन, स्नेह र सद्भावले हो । पत्नीले लोग्नेलाई हराउने माया र मुस्कानले हो, क्रोध र अहङ्कारले कदापि होइन ।'* (पृ. ७५) समग्रमा यस कृति संक्षिप्ततालाई वरण गर्दै बिन्दुमा सिन्धु अटाउने प्रवृत्तिको बनेको छ । स्वप्नसम्बन्धी चिन्तनको नवीनता लिएर प्रस्तुत भएको यो नैबन्धिक रचनामाला नेपाली निबन्ध साहित्यमा सम्भवतः नयाँ प्रयोग हो ।[१७] रमरम

---

[१६] कृष्णप्रसाद भण्डारी, **फ्रायड र मनोविश्लेषक,** दोस्रो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५८), पृ. १०१-११५ ।

[१७] पूर्ववत् ।

बौद्धिकताले परिपोषित प्रस्तुत कृति पठनीय, मननीय एवम् भाव, विचार र नव शिल्पकारिताले गर्दा पृथक पहिचान बोक्न सक्ने कृतिका रूपमा स्थापित हुन पुगेको छ ।

## ४.५. नागपञ्चमी (२०६९) निबन्धसङ्ग्रहको विश्लेषणात्मक अध्ययन

प्रस्तुत **नागपञ्चमी** (२०६९) निबन्धसङ्ग्रह निबन्धकार खनालको हालसम्मको पछिल्लो तथा पाँचौ निबन्धसङ्ग्रह हो । लामा-छोटा अठ्तीसवटा निबन्धहरूलाई यस कृतिमा सङ्ग्रहित गरिएको छ । विभिन्न समयमा राष्ट्रिय तथा स्थानीय पत्र-पत्रिकाहरूमा प्रकाशित भएका तथा केही नयाँ निबन्धहरूले यस सङ्ग्रहमा स्थान पाएका छन् । नारायणप्रसाद खनालका निबन्धात्मक प्रवृत्तिहरूमा केही परिस्कृत र परिपक्वता यस कृतिले प्रस्तुत गरेको पाइन्छ । उनका यस सङ्ग्रहका निबन्धहरूले जीवनका विविध पक्षहरूको व्यावहारिक रूपको प्रकटन, ग्राम्यबिम्वको प्रयोग, वर्तमान राजनीति, साहित्य र कलाप्रतिको चिन्तन, समसामयिक यथार्थप्रति व्यङ्ग्य, युगबोध, संस्कृतिप्रेम, विकृतिप्रति विमोह जस्ता विषयलाई प्रस्तुत गरेको पाइन्छ ।

त्रिवेणी साहित्य परिषद् नवलपरासीको ४१ औं पुष्पका रूपमा वि.सं. २०६९ साउनमा प्रकाशित यस सङ्ग्रहमा त्रिसापको *प्रकाशकीय* रहेको छ भने त्रिवेणी साहित्य परिषद्का सचिव गोविनदराज विनोदीको भूमिका रहेको छ । *भन्नुपर्ने* कुरा मार्फत् निबन्धकार स्वयम्ले संस्कृतिप्रतिको मोहलाई यसरी व्यक्त गरेका छन् : *'आफ्नै जीवनका रङ्गमञ्चबाट साठीवटा नागपञ्चमी विभिन्न रङ्कर्म प्रस्तुत गरेर विदावादी भइसकेपछि के यस्तो सुर चल्यो कुन्नि ! सांस्कृतिक पर्वकै नाममा सृजनाको जलप लगाएर केही निबन्ध समावेश गरी नागपञ्चमी प्रस्तुत गर्न पाउँदा त्यसै त्यसै हर्षित भइरहेको छ ।'*

जम्मा १३२ पृष्ठमा फैलिएको यस सङ्ग्रहमा ३८ वटा निबन्धहरू समावेश छन् । यी निबन्धहरू मध्ये *नागपञ्चमी* पनि एक निबन्ध हो । उक्त निबन्धलाई नै समग्र कृतिकै नामकरण गरिएको छ । यस सङ्ग्रहका निबन्धहरू एक पृष्ठ देखि आठ पृष्ठसम्म फैलिएको पाइन्छ । *तो फिर मेरा चाल देख लो* (३ अनुच्छेद), *रातोटीका निधारमा* (३ अनुच्छेद) र *फूल : प्रेरणाका मूल* (३ अनुच्छेद) एक पृष्ठमा फैलिएका निबन्धहरू हुन् भने *स्वैच्छिक नामकरण : जिन्दावाद* (सत्र अनुच्छेद) र *नाराने । तँ त बूढो भइछस्* (दश अनुच्छेद) निबन्ध आठ पृष्ठमा फैलिएका निबन्धहरू हुन् । *स्वैच्छिक नामकरण : जिन्दावाद* यस सङ्ग्रहकै लामो निबन्धका रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ । अन्य निबन्धहरू प्राय मध्यम आकारका रहेका छन् । यस सङ्ग्रहको पहिलो निबन्ध *'नरम-गरमको तराजु',* र अन्तिम निबन्ध *'बा हराएको सूचना'* रहेका छन् । यस सङ्ग्रहको अग्रभाग निलो आकाशे रङ्गको पृष्ठभूमिमा कृतिको नाम र लेखकको नाम लेखिएको छ । त्यसको विचमा अष्ठनागको चित्र राखिएको छ । पश्चभागमा लेखकको अर्धकदको तस्वीरसहित लेखक परिचय, संलग्नता र प्रकाशित कृतिहरूको सूची दिइएको छ साथै अन्तिममा प्रकाशकको नाम र ठेगाना प्रस्तुत गरिएको छ ।

यस सङ्ग्रहमा निबन्धकार नारायणप्रसाद खनालको निबन्धात्मक प्रवृत्ति व्यङ्ग्यतर्फ उनमूख देखिन्छ ।यस कृतिका निबन्धहरूमा वर्तमान राजनीति, साहित्य, संस्कृति, कलाप्रतिको चिन्तन पनि छ र तिनका विकृत पक्षहरूमाथि तीक्ष्ण व्यङ्ग्य प्रहार पनि गरिएको छ । निबन्धकार खनालको व्यङ्ग्य

शिष्ट र पच्छन्न खालको हुन्छ ।[१८] यस सङ्ग्रहमा पनि त्यस्तो शिष्टता र प्रच्छन्न रमणीयता विद्यमान छ । यस सङ्ग्रहका निबन्धहरूलाई परिचय, संरचना, विषयवस्तु/मूलभाव, भाषाशैली र उद्देश्य आदिका आधारमा क्रमश: अध्ययन विश्लेषण गरिएको छ ।

## ४.५.१. नरम गरमको तराजु

### ४.५.१.१. परिचय

प्रस्तुत **नरम गरमको तराजु**नामक निबन्ध सर्वप्रथम **आदर्श राष्ट्रिय विविध** (वर्ष-८, अङ्क-२८, २०६७) पत्रिकामा प्रकाशित भएको तथा यस सङ्ग्रहको पहिलो निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ । यस निबन्धको शीर्षक पदावलीस्तरको रहेको छ । नरम-गरमको तराजु शीर्षक मार्फत् निबन्धकार जीवनलाई उज्यालो र अध्यारो सफल र असफल, सु:ख र दु:ख, सहज र असहज तथा स्वार्थी र निस्वार्थी जस्ता जीवनभोगाइका यी विभिन्न तरिकासँग दाँजेका छन् । विशेषगरी जीवनलाई सहज र असहजता भित्र नियालिएको हुनाले प्रतीकात्मक रूपमा प्रस्तुत निबन्धको शीर्षक सार्थक देखिन्छ ।

### ४.५.१.२. संरचना

प्रस्तुत **नरम गरमको तराजु**नामक निबन्ध दुई पृष्ठमा फैलिएको तथा चार अनुच्छेद योजनाको आयाममा फैलिएको लघु आकारको निबन्धमध्येको एक निबन्धका रूपमा प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.५.१.३. विषयवस्तु/मूलभाव

प्रस्तुत *नरम गरमको तराजु*नामक निबन्ध मार्फत् निबन्धकारले मानिसको जीवन भोगाइलाई विभिन्न दृष्टिले हेरेका छन् । आजको समाज निकै यान्त्रिक भैसकेको बताइएको छ । सामाजिक वातावरण पनि सहज नभएको प्रष्ट पारिएको छ । मानवीय जीवन विभिन्न प्रकारका अभाव र रोगले आक्रान्त बनेको कुरालाई प्रस्तुत गरिएको छ । देशमा फैलिएका विभिन्न रोगका कारण देशका नागरिक आतङ्कीत बनेको कुरालाई यसरी प्रस्तुत गरिएको छ :*'आजको परिस्थिति भयानक छ, जीवन खतराका मझधारमा उभिएको छ । म देख्छु, चरो मात्र होइन, खरायोपनि खतरामुक्त छैन मान्छेको के कुरा ? हैजा र महामारीबाट मानवले मुक्ति पाउन अझै सकेको छैन, लाखौंको ज्यान यसले प्रतिवर्ष लिने गरेको छ ।'* (पृ. १) ।

आजको मान्छे स्वार्थी बनेको छ । इमान, सत्यता र स्वाभिाविकता कतै पाइदैन, वास्तवमा आज सच्चा मानव मानव पाउनै गाह्रो भएको छ । यसप्रति निबन्धकार यसरी व्यङ्ग्य प्रहार गर्छन् : *'यहाँ धमिल, सेता, पहेँला धेरै थरी दृष्टिशालीहरूको कमी छैन, तर सफेदलाई सफेद भनिदिने देखिदैन मान्छे पाउन कति कठिन छ परेर चेतेकालाई सोधे पुग्छ ।'* (पृ. २) ।

राजनीतिक नेतृत्वले पनि आफ्नो जिम्मेवारी र कर्तव्य भुलेर आफ्नै स्वार्थमात्र पूरागर्ने उद्देश्यमा लागेकोप्रति निबन्धकार यसरी प्रस्तुत भएका छन् : *'भोकको महामारी हटाउन डटेकाहरू उल्टै उसैको चपेटामा परेका दृष्टान्त नयाँ होइनन् ।'* (पृ. १) ।

---

[१८] गोविन्दराज विनोदी, **नागपञ्चमी** (भू.), (नवलपरासी : त्रिवेणी साहित्य परिषद), २०६९, ।

यसरी आजको समाज रोग, भोक र शोकमा डुबेको यथार्थ प्रस्तुत गर्दै राजनीतिक नेतृत्वको समेत यथार्थ चित्रण गर्ने विषयवस्तुको संयोजन प्रस्तुत निबन्धले ग्रहण गरेको पाइन्छ ।

## ४.५.१.४. भाषाशैली

प्रस्तुत **नरम-गरमको तराजु**नामक निबन्धको भाषा सरल देखिन्छ । प्राय सरलवाक्यको प्रयोगले निबन्धलाई सुबोध बनाएको बनाएको पाइन्छ । अभिधाकै तहमा अर्थ खुल्ने भएकाले निबन्धले सामान्य पाठकलाई पनि समेटेको पाइन्छ । कतै कतै प्रश्नात्मक वाक्यले निबन्धलाई गतिशिल बनाएको पाइन्छ भने कतै व्यङ्ग्यात्मक शैलीपनि यस निबन्धमा यसरी प्रस्तुत भएको छ : *'भोकको महामारी हटाउन डटेकाहरू उल्टै उसैको चपेटामा परेको दृष्टान्त नयाँ होइनन् ।'* (पृ. १) ।

## ४.५.१.५. उद्देश्य

प्रस्तुत **नरम गरमको तराजु** नामक निबन्धले वर्तमान समाजको चित्र कोरेको पाइन्छ । आज हाम्रो स्वास्थ्य निकै कमजोर बनेको तथा विभिन्न रोगले ग्रस्त बनेको छ । यहाँ रोगले जीवनलाई असहज बनाएको बताइएको छ । समाजमा रहेको राजनीतिक नेतृत्वपनि आफ्नो स्वार्थपूर्ति गर्न लागेको तर्फ सङ्केत गरिएको छ । यसरी समाजको यो कलुषित वातावरणलाई स्वच्छ बनाई स्वस्थ समाजको निर्माणमा जुट्नुपर्ने वैचारिकता प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य हो । राजनीतिक नेतृत्वको स्वार्थी प्रवृत्तिको चित्रण गर्दै व्यङ्ग्य प्रस्तुत गरेर नागरिकलाई सचेत बनाउनु पनि यस निबन्धको उद्देश्य रहेको बुझिन्छ ।

## ४.५.२. बर्सादका दिनहरू

## ४.५.२.१. परिचय

प्रस्तुत **बर्सादका दिनहरू**नामक निबन्ध सर्वप्रथम **विजय एफ.एम. स्मारिका,** गैंडाकोटमा प्रकाशित भएको तथा पछि यसै सङ्ग्रहमा सङ्ग्रहित भएको दोस्रो निबन्धको रूपमा रहेको छ । यस निबन्धको शीर्षक पदावलीस्तरको रहेको छ । यस निबन्धले नेपालको प्राकृतिक वातावरणको चित्र प्रस्तुत गरेको छ । वर्षायामका दिनहरूको अवस्था चित्रण गर्दै बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपले मानवीय जीवन ग्रस्त बनेको विषयलाई प्रस्तुत गरेकाले प्रस्तुत निबन्धको शीर्षक विषयवस्तुबिच तादात्म्यभाव पाइन्छ ।

## ४.५.२.२. संरचना

प्रस्तुत **बर्सादका दिनहरू** नामक निबन्ध चार पृष्ठमा फैलिएको तथा सात अनुच्छेद योजनाको संरचनामा संरचित निबन्ध हो ।

## ४.५.२.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **बर्सादका दिनहरू** नामक निबन्धले नेपालको प्राकृतिक वातावरणको चित्रण गरेको छ । वर्षादको समयमा वातावरणको असन्तुलित अवस्थाका कारण अल्पवृष्टि, खण्डवृष्टि र अतिवृष्टिजस्ता प्राकृतिक विपत्ति निम्तिएको सन्दर्भ प्रस्तुत गरिएको छ । मानवीय जीवनमा पानी नभइपनि नहुने र धेरै भएपनि जीवन असहज बन्ने विचार प्रस्तुत गरिएको छ । निबन्धकार पानीको महत्त्वलाई यसरी

प्रस्तुत गर्छन् : *'म देख्दैछु यो पानी चराचर सबको जीवनधारा रहेछ । प्यासले छटपटाएकाहरू मत्र तृप्त छैनन्, जसलाई प्यासै थिएन ती पनि चरम सनतुष्ट छन् ।'* (पृ. ३) ।

वर्षादको समयमा पानी धेरै परेका कारण प्राकृतिक प्रकोप बाढी पहिरो र भू-क्षय जस्ता विपत्तिले मानवीय जीवन कष्टकर बनेको तथा वर्षेनी कयौंले घरवारविहीन हुनुपरेको यथार्थलाई निबन्धकार यसरी व्यक्त गर्छन् :*'रेडियो भन्छ, पहिरोमा पुरिएर एकै परिवारका दश जना मरे, पहिरो गएर एउटै गाउँका सात घर पुरिए यो नेपालको खबर हो ।'* (पृ. ३) ।

जलस्रोतको धनी देश नेपालले आफ्नो क्षमताको सदुपयोग गर्न नसकेको जसबाट बाढी पहिरो भूक्षयकोमार खप्नु परेको कटुयथार्थको प्रस्तुत निबन्धमा पाइन्छ ।

एकातिर वर्षादको समयमा पानी धेरै भएर बाढी पहिरोले मानवीय जीवन कष्टकर बनेको र अर्कोतिर यो पानीको सदुपयोग गर्न नसकेर हामी सधैं अन्धकारमा बस्नुपरेको छ । राष्ट्रले र राष्ट्रका नेताले देशलाई समुन्नत बनाउनको लागि आफ्नै वरिपरि रहेको स्रोत र साधनलाई प्रयोगमा ल्याउन नसकेको यथार्थ प्रस्तुत गरेका छन् । राष्ट्रको उच्च तहमा बसेर नीतिनिर्माण गर्ने नेताको अदूरदर्शीतालाई प्रस्तुत निबन्ध मार्फत् व्यङ्ग्य हानिएको छ । प्रशस्त पुंजी लगानी गर्ने वातावरण बनाएर नेपालको जलस्रोतलाई उपयोगमा ल्याएमा राष्ट्रलाई समुन्नत बनाउन सकिने विचार प्रस्तुत गर्दै राजनीतिक दल र नेताको अर्कमण्यतालाई चित्रण गरिएको छ । जलस्रोतको दोस्रो धनी देश भएपनि स्रोत र साधनको प्रयोग नभएको तर्फ निबन्धकार यसरी व्यङ्ग्य प्रहार गर्छन् :

> *'अहो ! हामीसित गर्व गर्ने सम्पत्ति यही पानी सम्पदा रहेछ, जसले हामी विश्वमा बिजुली उत्पादन गर्न सक्ने मुलुकमध्ये सर्वद्वितीय बन्न सक्छौं, यही मै कस्ती गौरवशाली विषय होइन, तर खोई प्रविधि ? खोई पर्याप्त पूँजी लगानी ? बिना लगानीको प्रतिफल कल्पना असम्भव छ । त्यसैले हामी धनी मुलुकका गरिब जनता हौं ।'* पृ. ५ ।

यसरी प्राकृतिक विपत्तिले निम्त्याएको समस्यालाई चित्रण गर्दै स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गर्दै देशलाई समृद्धि र विकासतर्फ अगाडि बढाउनुपर्ने विषयवस्तको संयोजन प्रस्तुत निबन्धले पेश गरेको छ ।

## ४.५.१.४. भाषाशैली

प्रस्तुत **बर्सादका दिनहरू** नामक निबन्ध सरल भाषाशैलीले युक्त निबन्ध हो । सरल संयुक्त र मिश्रवाक्यको समेत प्रयोग भएको यस निबन्धमा सरलवाक्यको आधिक्यता रहेको पाइन्छ । निबन्धको भाषा निकै गतिशील बनेको छ । कविताका अंशहरूलाई हुबहु प्रस्तुत गरिएको यस निबन्धमा *आपो भवन्तु पीतये* जस्तो संस्कृतको सूक्तिको पनि प्रयोग पाइन्छ । नेपाली *उखान बैंसमा त सासू स्याल पनि घोर्ले* प्रयोग गरिएको छ जसले निबन्धलाई रोचक बनाउन मद्दत गरेको छ । *चप्पचप्प, रिमझिम, झिमझिम* जस्ता अनुकरणात्मक शब्दको प्रयोगले निबन्धलाई रोचक बनाएको पाइन्छ । प्रतीकात्मक तथा आलङ्कारिक भाषाको पनि निबन्धमा प्रयोग पाइन्छ जसले निबन्धलाई केही गहन बनाएको छ । उदाहरण हेरौं : *'सूर्यले आफ्नो प्रकाश त आज पनि बोकेरै आएको होला तर के लाग्छ र राहु केतुले झैं बादलले पनि ग्रहण पारिदिएपछि ?'* (पृ. ३) *'वनस्पतिजगत् दिनभरि पानी पिएर हरियाहरिया पात भएका लामालामा बाहुपास हल्लाएर पुग्यो पुग्यो बस् ! भनिरहेछ ।'* (पृ. ४) ।

### ४.५.२.५. उद्देश्य

प्रस्तुत **बर्सादका दिनहरू** नामक निबन्धले बर्षादको वेला प्रकृतिले मान्छेलाई दिने दुःखकष्टको वर्णन गरिएको छ । प्रकृतिले आफ्नो नियमलाई कठोर बनेर पालना गरेको भन्दै सबै मानव समुदायले पनि आफ्नो कर्तव्य र जिम्मेवारी कठोर रूपमा पालना गर्नुपर्ने वैचारिकता प्रस्तुत गरिएको पाइन्छ । त्यस्तै नेपालको राजनैतिक परिपाटीको र कुप्रवृत्तिको चित्रण गर्दै लगानीमैत्री वातावरण बनाएर देशभित्रका सम्पूर्ण स्रोत र साधनको अधिकतम प्रयोग गर्दै देशलाई विकसित बनाउनुपर्ने विचार प्रस्तुत गर्ने उद्देश्य लिएको पाइन्छ ।

## ४.५.३. फेरि पनि दसैं दहिलैमा

### ४.५.३.१. परिचय

प्रस्तुत **फेरि पनि दसैं दहिलैमा** नामक निबन्ध सर्वप्रथम **निसाप -२** निजगढमा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित तेस्रो निबन्धका रूपमा रहेको छ । यस निबन्धको शीर्षक उपवाक्य स्तरको रहेको छ । यस निबन्ध नेपालीको संस्कृतिका रूपमा सनातन परम्पराका रूपमा मानिएको दसैंसँग सम्बन्धित रहेको छ । सांस्कृतिक पर्वको विषयलाई निबन्धमा प्रस्तुत गरिएकाले यस निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव भेटिन्छ ।

### ४.५.३.२. संरचना

प्रस्तुत **फेरि पनि दसैं दहिलैमा** नामक निबन्ध तीन पृष्ठमा फैलिएको तथा पाँच अनुच्छेद योजनाको आयाममा विस्तारित लघु निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.५.३.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **फेरि पनि दसैं दहिलैमा** नामक निबन्धमार्फत् निबन्धकारले सांस्कृतिक पर्वभित्रको विकृति र विसङ्गति तथा नेपाली राजनीतिको उदाङ्गो चित्र प्रस्तुत गरेका छन् । समाजमा शान्ति, समानता, निस्वार्थता, मानवता जस्ता चिजले स्थान नपाएको तथा अशान्ति, चोरी, डकैती, अन्याय अत्याचार जस्ता चिजले जरा गाडेको यथार्थता प्रस्तुत गरिएको छ । देश स्रोत र साधनले धनी भएर पनि नागरिक गरिव बन्नु परेको तीतो यथार्थ प्रस्तुत गरिएको छ । समाजको नेतृत्वगर्ने नेतृत्वकर्ताले सही बाटो देखाउन नसकेका कारण कृषिप्रधान मूलुकका नागरिक भोकमरीबाट गुज्रनु परेको अवस्थाप्रति निबन्धकार यसरी व्यङ्ग्य प्रहार गर्छन् : *'कृषिप्रधान देशका सपुतहरूलाई खान-पिन गर्नको लागि दसैं नै आउनुपर्ने ? यो निरीह अवस्थाप्रति कसले सहानुभूति प्रकट गर्छ ? भोकमरीको यो व्यथा निकै पुरानो हो ।'* (पृ. ७) ।

मान्छेलाई जस्तो संस्कार दियो त्यस्तै बन्ने बताउँदै राष्ट्रको समाजको र परिवारको अगुवाई गर्ने व्यक्तिको संस्कार नै अनैतिक, अमानवीय र हिंस्रक भएको कारणले हाम्रा सन्ततिले पनि हाम्रै पथ ग्रहण गर्ने हुनाले समाज र राष्ट्र कलुषित भावना र हिंस्राग्रस्त बनेको तर्फ निबन्धकार यसरी प्रस्तुत हुन्छन् : *'हाम्रो समाज नै यस्तो छ कि तिनै नैतिक विद्यार्थीबिच उनैका घरमा कल्कलाउँदा*

*पाठापाठीहरूको खुलेआम बलि दिइन्छ, रगत पिइन्छ र हत्याहिंसा गर्नुपर्छ भन्ने पाठ सिकाइन्छ अनि यस्ता कुराको दाँजामा चोरी जाबो त नैतिक सत्कार्य जस्तै भइदिन्छ ।'* (पृ. ७) ।

राजनीतिक नेतृत्व र दलले नागरिकहरूका हकअधिकार प्राप्त गर्ने आन्दोलनको भावना व्यक्तिगत स्वार्थका कारण सफल नभएको तर्फ पनि संकेत गरिएको छ । जनआन्दोलनमा सोभ्का साभ्का जनतालाई प्रयोग गरी अनाहकमा ज्यान गुमाउन बाध्य पारेर सत्तामा पुगेपछि आन्दोलनको भावनालाई तिलाञ्जली दिएर व्यक्तिगत स्वार्थमा लाग्ने भ्रष्ट र जाली नेताका नराम्रो व्यवहारलाई निबन्धकार यसरी व्यङ्ग्य प्रहार गर्छन् : *'हाम्लो आन्दोलन जाली छ, जाली छ सबै बालबालिकाका अभिभावक एकोहोरिएर भन्दैछन् - के सबै आन्दोलन जाली नै हुन्छन् ?'* (पृ. ९) ।

यसरी सांस्कृतिक पर्वलाई विषय बनाएर परम्परादेखि राजनीतिक नेतृत्वले देखाउने भ्रष्ट, व्यक्तिवादी सोचपनि नेपाली संस्कृति जस्तै पर्व बनेको सङ्केत गरिएको छ । दशैं पर्व हिन्दू नेपालीहरूको महान् चाड हो । यसले सत्य, न्याय, नैतिकता, अहिंसा, सदाचार जस्ता भाव विचारलाई मूर्तता दिन चाहन्छ । तर त्यसविपरित हिन्दूहरूले विधि व्यवहार गर्नु, आडम्बरीपन देखाउनु जस्तो नराम्रो पक्षको समेत चित्रण गरिएको छ । देशमा व्याप्त विभिन्न विकृति र विसङ्गतिको चिरफार गर्ने विषयवस्तु प्रस्तुत निबन्धले संयोजन गरेको पाइन्छ ।

## ४.५.३.४. भाषाशैली

प्रस्तुत **फेरि पनि दसैं दहिलैमा** नामक निबन्ध सरल सहज भाषाशैलीले युक्त छ । भ्रष्टचार, चोरी, डकैती, हत्या, हिंसाजस्ता विषयपनि हाम्रो संस्कृति जस्तै बनेको विषयवस्तु प्रस्तुत गर्न निबन्धकारले बालबोलीको प्रयोग पनि गरेका छन् । जसले निबन्धलाई श्रुतिमधुर बनाएको पाइन्छ । उदारहण हेरौं :

*"दतैं आयो, खाम्ला पिम्ला, चोली ल्याम्ला ..........।"* (पृ. ७) बालबोलीको रूपमा प्रयोग भएका शब्दमा द्वयर्थक शब्दको प्रयोग गरी निबन्धलाई रोचक बनाएका छन् :

*'हाम्लो आन्दोलन जाली छ, जाली छ ।'* (पृ. ९) जाली भन्ने शब्दले जारी मात्र अर्थ नदिई कपटी भन्नेपनि अर्थ दिने हुनाले निबन्धकारले राजनीतिक विकृतिको चित्रण गरेका छन् । यसका अतिरिक्त *लाइसेन्स होल्डर* जस्तो अङ्ग्रेजी शब्द तथा *'सियो चोरे पनि चोर, घर फोरी पनि चोर,' 'जो चोर उसैको ठूलो सोर'* जस्ता उखानटुक्काको पनि प्रयोग गरिएको पाइन्छ जसले निबन्धलाई रोचक बनाएको पाइन्छ । समग्रमा निबन्धको भाषाशैली कोमल रहेको छ ।

## ४.५.३.५. उद्देश्य

प्रस्तुत **फेरि पनि दसैं दहिलैमा** नामक निबन्धमार्फत् सांस्कृतिक पर्व मनाउने तरिकामा देखिएको विकृति र विसङ्गति प्रस्तुत गरिएको छ । राजनीतिक नेतृत्वका कारण देशले गति लिन नसकेको औंल्याइएको छ । साथै देशलाई र नागरिकलाई भ्रष्ट र व्यक्तिवादी सोच भएका अदूरदर्शी नेताले धोका दिएको यथार्थता प्रस्तुत गर्ने उद्देश्य प्रस्तुत निबन्धको रहेको पाइन्छ । नेताहरूले स्पष्ट नीति कार्ययोजना दिन नसक्दा पवित्र सांस्कृतिक पर्व बोभ्कलाग्दो निरस भएको विचार प्रस्तुत गरिएको छ ।

## ४.५.४. कति गजब छ जिन्दगी

### ४.५.४.१. परिचय

प्रस्तुत **कति गजब छ जिन्दगी** नामक निबन्ध सर्वप्रथम **रजस्थल** (वर्ष-१३, अङ्क-४०, २०६६) मा प्रकाशित भएको तथा पछि यसै सङ्ग्रहमा चौथो निबन्धका रूपमा सङ्ग्रहित निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक उपवाक्यस्तरको रहेको छ । यस निबन्धमा आजको मान्छेले जिउने जिन्दगीलाई नियालिएको छ । हाम्रो समाज र राष्ट्रको वर्तमान अवस्थाले देशका नागरिकहरूलाई पारेको प्रभावलाई मूलभाव बनाइएकाले प्रस्तुत निबन्धको शीर्षक र विषयवस्तुबिच तादात्म्यभाव पाइन्छ ।

### ४.५.४.२. संरचना

प्रस्तुत **कति गजब छ जिन्दगी** नामक निबन्ध चार पृष्ठमा फैलिएको तथा नौवटा अनुच्छेदयोजनामा संरचित मध्यम आकारको निबन्धको रूपमा यस सङ्ग्रहित छ ।

### ४.५.४.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **कति गजब छ जिन्दगी** नामक निबन्धमार्फत् निबन्धकारले नेपाली समाजको चित्र प्रस्तुत गरेका छन् । मान्छेको जीवनलाई उसैका बानी, व्यवहार र जीवन जिउने शैलीले प्रभाव पार्ने कुरा बताइएको छ । आजको मान्छे निकै व्यस्त छ, स्वार्थी र फाइदा नहुने ठाउँमा जाने फूर्सदै हुँदैन, आफ्नो मात्र स्वार्थ हेरिरहन्छ, त्यसैले आफ्ना नाता गोता, इष्टमित्र र आफन्तसँगको नातापनि मान्छेले कमजोर बनाएको यथार्थ प्रस्तुत गरेका छन् । बाँचुन्जेल सहयोग, दुःख, सुख साट्नु जस्ता कार्य गर्नुनपर्ने तर मरेपछि भेटिलिएर भेट्न जाने, समयमा कर्तव्य नगर्ने पछि लोकाचार पार्ने संस्कृतिप्रति निबन्धकार यसरी असन्तोष प्रकट गर्छन : *'मलाई मर्नेहरूका शोकमा आँशु चुहाउँदैको फुर्सद छैन, रीत पुऱ्याउँदैको फुर्सद छैन, भेटघाट र भेटीघाटी गर्दैको फुर्सद छैन किनकि बाँचुन्जेल जसको घरको आँगन टेकिएन, उसका घरमा त्यतिबेला म बिनासरम उपहारसहित उपस्थित हुन्छु ।'* (पृ. ११) ।

अर्कोतिर निबन्धकार देशको वर्तमान स्थितिको समेत चित्रण गर्छन् । विद्युत कटौतीले मानवीय जीवनमा पारेको प्रभावलाई चित्रण गर्दै नेपालीहुनुको पीडालाई यसरी व्यङ्ग्य प्रस्तुत गर्छन् : *'विश्वमा जलस्रोतको दोस्रो धनी मुलुक भनेर गर्वका साथ अँध्यारामा बस्नुभन्दा मलाई त के लाग्छ भने संसारभरको तुच्छ देश भए पनि उज्यालो हुनु धेरै राम्रो हो, कम्तीमा उज्यालोमा त बस्न पाइन्थ्यो ।'* (पृ. १२) ।

यसरी वर्तमान मानवीय प्रवृत्तिको चित्रण गर्दै देशका राजनीतिक दल र नेतृत्वभित्रका विकृति र विसङ्गति प्रस्तुत गर्ने विषयवस्तुको संयोजन प्रस्तुत निबन्धले गरेको पाइन्छ ।

### ४.५.४.४. भाषाशैली

प्रस्तुत **कति गजब छ जिन्दगी** नामक निबन्धको भाषाशैली सरल छ । सरल र संयुक्त वाक्यको अधिक प्रयोग भएको पाइन्छ । विभिन्न ठाउँमा प्रश्नात्मक चिन्ह (?) प्रयोग गरेर निबन्धलाई अगाडि बढाइएको पाइन्छ । सम्बोधनात्मक शैलीपनि यस निबन्धमा यसरी प्रयोग भएको छ :

*'अहिलेसम्म मलाई रापतीले सरापिरहेको छ, हुतिहारा हो, म यसरी बगिरहेको छु, मेरा बहिनीहरू, दिदीहरू बगिरहेका छन्, छोप्ने साहस तिमीहरूसँग रहने हकि ?'* (पृ. १२) ।

यसका अतिरिक्त *आइस्टाइन, न्यूटन, जेम्स राइट, ब्रदर्स, लाइसेन्स, मिसिन स्टार्ट* जस्ता अङ्ग्रेजी शब्द तथा कताकति *गर्ल्यामगुर्लुम* जस्ता अनुकरणात्मक शब्दको पनि प्रयोग पाइन्छ । प्रतिकात्मक र विम्वात्मक भाषा पनि यस निबन्धले अवलम्बन गरेको पाइन्छ । उदाहरण हेरौं : *'नपुंसकहरू हो, तिमीहरूबाट शिखण्डीकै पुनर्जन्म हुने भो, न जेम्सबाट कोही निस्कन सक्छन्, न कुनै राइट ब्रदर्स अथवा आइस्टाइन वा न्यूटन जन्मन्छन् ?'* (पृ. १२) ।

कविताका अंशहरूपनि प्रयोग भएको यस निबन्धको भाषा समग्रमा सरल छ ।

### ४.५.४.५. उद्देश्य

प्रस्तुत **कति गजब छ जिन्दगी** नामक निबन्धमार्फत् निबन्धकारले आजको समाजमा रहेका मानिसहरूको सङ्कुचित मानवीय प्रवृत्तिको चित्रण गरेका छन् । नेपालको विकास नहुनुमा असक्षम राजनीतिक नेतृत्व भएको विचार प्रस्तुत गर्दै खेर गइरहेका स्थानीयस्तरका स्रोत र साधनको अधिकतम प्रयोग गर्दै राष्ट्रलाई विकसित बनाउनुपर्ने विचार प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य रहेको पाइन्छ ।

## ४.५.५. सडकमा दौडन्छन् मेरा कविता

### ४.५.५.१. परिचय

प्रस्तुत **सडकमा दौडन्छन् मेरा कविता** नामक निबन्ध सर्वप्रथम **सम्प्रेषण** (अङ्क १६, २०६४) पत्रिकामा प्रकाशित भएको तथा पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  पाँचौं निबन्ध हो । यस निबन्धको शीर्षक उपवाक्य स्तरको रहेको छ । प्रस्तुत निबन्धले जीवनका हरेक पाइलामा कवितालाई भेट्टाइने कुरालाई चित्रण गरेको छ । कविता कोर्नको लागि विषय खोज्न टाढा भौतारिनु नपर्ने र आफ्ना जीवन भोगाई दैनिक गरिने व्यवहारलाई कवितामा उतार्न सकिने तथ्यलाई यस निबन्धले पेश गरेकाले प्रस्तुत निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव पाइन्छ ।

### ४.५.५.२. संरचना

प्रस्तुत **सडकमा दौडन्छन् मेरा कविता** नामक निबन्ध पाँच पृष्ठमा फैलिएको तथा दश अनुच्छेदको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित  छ ।

### ४.५.५.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **सडकमा दौडन्छन् मेरा कविता** नामक निबन्धले हाम्रो प्राकृतिक सम्पदा र वातावरण दैनिक व्यावहार गर्ने समाज र आफ्नो वरिपरिको वायुमण्डल नै कविता फुर्ने उपयुक्त वातावरण भएको उल्लेख गरिएको छ । निबन्धकार खनाल सुरम्य प्रकृतिका काखमा जन्मे हुर्केका हुँदा त्यसबाट प्रभावित भएका छन, प्रकृतिलाई हेर, संरक्षण गर, पढ त्यसले व्यावहारिक ज्ञान प्रदान गर्ने विचार प्रस्तुत गरेका छन् ।सृजनाका लागि हामीसँग प्रशस्त विषयवस्तु भएकाले

विचार र कल्पनालाई पनि हामी वरिपरिको वातावरणमा नै सजाउनुपर्नेतर्फ संकेत गरिएको छ। प्रकृति र वरिपरिको वातावरणलाई कविताका रूपमा प्रस्तुत निबन्धमा यसरी व्यक्त गरिएको छ : *'सारा लहलहाएका अन्नबालीहरूकविता नै होइनन् र ? खेतका आलीहरूले गतियतिको रचना गरेर काव्य शरीर धारण गरिसकेछन् ।'* (पृ. १४) ।

यस निबन्धमा यहाँ कृषक पनि कवि बन्न सक्छन भन्दै निबन्धकार प्रकृतिप्रेमी बनेका छन् । प्रकृतिमा रहेका विषयवस्तुलाई आफ्ना रचनामा उन्नसके नामचलेका साहित्यकारहरूपनि फिक्का बन्ने तर्फ संकेत गरिएको छ । प्रकृति नै कविता भएकाले कुनै काव्य पढ्नुभन्दा प्रकृतिको सामिप्यतामा रहनुपर्ने तर्फ निबन्धकार यसरी संकेत गर्छन् : *'मान्छे कति मूर्ख छ ? ऊ पानीमा लहर वनस्पतिमा झुप्पा, फूलका थुँगा र भूमिमाताका छातीमा रहेको त्यो शोभायमान खरवौं कविता 'प्रकृति' किन पढदैन ?'* (पृ. १५) ।

यसरी प्रस्तुत निबन्धमा निबन्धकारले जीवनजगतका सम्पूर्ण वस्तु कविताकालागि योग्य भएको बताउँदै प्रकृतिको विशाल छातीमा सम्बन्ध बढाउन सके सृजना आफै सिर्जित हुने विषयलाई संयोजन गरेका छन् ।

## ४.५.५.४. भाषाशैली

प्रस्तुत **सडकमा दौडन्छन् मेरा कविता** नामक निबन्ध सरल भाषाशैलीले युक्त छ । सांकेतिक रूपमा विषयवस्तुको संयोजन गरिएकोले यो निबन्ध केही साङ्केतिक पनि बनेको छ तर साङ्केतिक भित्रपनि सरलता यस निबन्धको विशेषता हो । प्रकृति र कविता एक अर्काका परिपूरक रहेको बताउँदै प्रस्तुत निबन्धमा प्रकृतिको परिवर्तन र विषयवस्तु सृजनाका लागि प्रयाप्त रहेको बताएका छन् । यस निबन्धको भाषा सरल र गतिशील रहेको छ उदाहरण हेरौं : *'पुलुक्क हेर्छु, आकाश रिसाएझैं वर्षात् बोकेर धुम्म परेको छ । मलाई कुनै कविता फुर्छ-फुर्छझैं हुन्छ । कागज कलम लिएर बस्छु तर सहसा घडी हेर्छु, त्यहाँ ९:३० भइसकेछ ।* (पृ. १४) ।

आलङ्कारिक तथा प्रतीकात्मक भाषाले प्रस्तुत निबन्धलाई ओझिलो बनाएको पाइन्छ । अर्को उदाहरण हेरौं : *'बोलीमा मह मिसाइएको छ शुद्ध प्राकृतिक । आँखामा हरिणनयन टाँसिएका छन् । मुहारमा सिङ्गो पूर्णचन्द्र आफ्ना बिम्बहरूसहित उपस्थित पूर्णोपमा अलङ्कारयुक्त कविताझैं रूपक र उत्प्रेक्षा एवम् अतिशयोक्तिका सजीव रूपझैं ।'* (पृ. १५) ।

यसका अतिरिक्त अङ्ग्रेजीको वाक्य *'मे आइ कम इन सर',* तथा *होलफस्ट, सेकेण्ड, थर्ड, इन्टरनेट, व्याट, प्राइमरी ....* आदि शब्दहरूको पनि प्रयोग पाइन्छ । त्यस्तै संस्कृतका *'मेघे माघे गतं वयः, निगमकल्पतरोर्गलितं फलम्* जस्ता सूक्तिको पनि प्रयोग पाइन्छ । *चाँचाचिँचिँ, पुलुक्क, हुन्हुनाउँदै* आदि जस्ता अनुकरणात्मक शब्द तथा *गुरू गुड रह गये चेला चिनी बन गये* जस्ता हिन्दी वाक्यको प्रयोगपनि यस निबन्धको भाषाशैलीगत विशेषता भित्र पर्दछन् ।

## ४.५.५.५. उद्देश्य

प्रस्तुत **सडकमा दौडन्छन् मेरा कविता** नामक निबन्धमार्फत् निबन्धकारले सृजनाका लागि कुनै विषयवस्तु आवश्यक नपर्ने केवल हेर्ने दृष्टि र विचारको आकाश फराकिलो बनाउनुपर्ने

वैचारिकता प्रस्तुत गरेका छन् । कुनै पनि साहित्यिक सृजनाका लागि आफू उभिएको धरातल, आफ्नो अगाडि रहेको भू-बनोट तथा वातावरण र आफ्नो दैनिकी नै पर्याप्त रहेको विचार प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य रहेको पाइन्छ । कविता पढेर वा साहित्यिक रचना पढेरमात्र मनोरञ्जन र शिक्षा नपाइने भन्दै प्रकृतिलाई पढ्नसके प्रशस्त ज्ञान र मनोरञ्जन प्राप्त गर्न सकिने वैचारिकता प्रस्तुत निबन्धले यसरी पेश गरेको छ । उदाहरण हेरौं : *'मान्छे कति मूर्ख छ ? ऊ पानीमा लहर वनस्पतिमा झुप्पा, फूलमा थुँगा र भूमिमाताका छातीमा रहेको त्यो शोभायमान खरबौं कविता 'प्रकृति' किन पढ्दैन् ?'* (पृ. १५) ।

## ४.५.६. नागपञ्चमी

### ४.५.६.१. परिचय

प्रस्तुत **नागपञ्चमी** नामक निबन्ध सर्वप्रथम **सम्प्रेषण** (अङ्क-१३, २०६१) पत्रिका प्रकाशित भएको तथा पछि यसै सङ्ग्रहमा सङ्ग्रहित छैटौं निबन्धको रूपमा रहेको छ । यस निबन्धको शीर्षकबाट नै समग्र कृतिको नाम राखिएको छ । नेपाली संस्कृतिमा आधारित नागपञ्चमीलाई समग्रकृतिको रूपमा नामाकरण गरिनुले निबन्धकारको संस्कृतिप्रतिको मोहलाई उजागर गरेको पाइन्छ । प्रस्तुत निबन्धको शीर्षक शब्दात्मक रहेको छ । नेपाली संस्कृतिको एउटा पर्व नागपञ्चमी मार्फत् यस पर्वको वर्णन र नागपञ्चमीको महत्त्व र विशेषता सहित वर्णन गरिएकोले प्रस्तुत निबन्धको शीर्षक र विषयवस्तुबिच तादात्म्यभाव पाइन्छ ।

### ४.५.६.२. संरचना

प्रस्तुत **नागपञ्चमी** नामक निबन्ध तीन पृष्ठमा फैलिएको तथा स-साना आठ अनुच्छेदयोजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.५.६.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **नागपञ्चमी** नामक निबन्धमार्फत् निबन्धकारले सांस्कृतिक महत्त्वले पूर्ण नागपञ्चमीको महत्त्व र विशेषता बताउने कार्य गरेका छन् । हिन्दुहरूको पवित्र पर्व नागपञ्चमीबाट नै पर्वको आरम्भ हुने हुनाले हिन्दु संस्कृतिमा यो पर्वले महत्त्व राख्छ । यस निबन्धमा पनि यसै नागपञ्चमी पर्वका बारेमा वर्णन गरिएको पाइन्छ । निबन्धकारले आफ्नो बाल्यावस्थामा नागपञ्चमी मनाउने प्रसङ्ग कोट्याउँदै नागका विशेषता र प्रवृत्तिपनि बताउने प्रयास गरेका छन् । यो नागपञ्चमी पर्वको विशेषता र आवश्यकता के छ त निबन्धकार यसरी चित्रण गर्छन् :

> *'नाग किन टाँस्नुपर्छ बाजे ? यौटा जजमान सोध्छ । उसलाई यो सांस्कृतिक पर्व मनाउने हो भनेर पुग्दैन । त्यसैले भन्नुपर्छ- घरमा बज्र पर्दैन, सर्प, छेपारो आदि किराकाँटी पस्दैनन्, गोजर, डाँस, माउसुली, बिच्छी र विषालु कीरा फट्याङ्ग्राले आक्रमण गर्दैनन् ।'* पृ. २१ ।

यसरी प्रस्तुत निबन्धले सांस्कृतिक महत्त्वको यस नागपञ्चमी पर्वको उपयोगिता महत्त्व र आवश्यकता प्रस्तुत गर्ने विषयवस्तु अवलम्बन गरेको पाइन्छ ।

### ४.५.६.४. भाषाशैली

प्रस्तुत **नागपञ्चमी** नामक निबन्धमा सरल भाषाशैलीको प्रयोग पाइन्छ । छोटा-छोटा वाक्य तथा अनुच्छेद योजनाले निबन्धलाई थप रूचिकर बनाएको पाइन्छ । अभिधाकै तहमा अर्थप्रष्ट हुने यस निबन्धको भाषा अन्य निबन्धहरूको भन्दा गतिशील पनि रहेको पाइन्छ । *आकाशको फल खानु, सिङ न पुच्छरका कुरा* जस्ता टुक्काको प्रयोग भएको यस निबन्धमा संस्कृतको *नास्ति आगःक्रोध यस्येति नागः,* जस्तो सूक्तिको पनि प्रयोग पाइन्छ । समग्रमा यस निबन्धको भाषा सरल रहेको पाइन्छ ।

### ४.५.६.५. उद्देश्य

प्रस्तुत **नागपञ्चमी** नामक निबन्धमार्फत् निबन्धकारले नेपाली संस्कृतिका रूपमा रहेको नागपञ्चमी पर्वको चित्रण गरेका छन् । नाग टाँसेपछि हुने फाइदा र नागका विशेषता बताउँदै संस्कृतिप्रति अनुराग प्रस्तुत भएको छ । नागपञ्चमी मार्फत् हाम्रो संस्कृतिको विशेषता बताउँदै सांस्कृतिक पर्वको महत्त्व दर्शाउनुका साथै संस्कृतिप्रति मोह जगाउनु यस निबन्धको उद्देश्यका रूपमा रहेको बुझिन्छ । नाग प्रकृतिको जैविक विविधताको महत्त्व दर्शाउने मानव मित्र हो । सांस्कृतिक रूपमा शेषनाग विष्णु भगवानको शयन बनेर सृष्टि कर्म धानेको चित्र र हाल कृषकलाई दुःख दिने, मुसा किरा फट्याङ्ग्रा खाइदिने मित्र हो भन्दै नागको विशेषता चित्रण गरिएको छ ।

### ४.५.७. एक धक्का 'बिम्ब प्रतिबिम्ब'को

### ४.५.७.१. परिचय

प्रस्तुत **एक धक्का 'बिम्ब प्रतिबिम्ब'**को नामक निबन्ध सर्वप्रथम **सञ्जीवनी निबन्ध विशेषाङ्क** (वर्ष-२, अङ्क-२, पूर्णङ्क-४, २०६४) पत्रिका प्रकाशित भएको तथा पछि यसै **नागपञ्चमी** निबन्ध सङ्ग्रहमा सङ्ग्रहित  सातौं निबन्ध हो । यस निबन्धको शीर्षक उपवाक्यस्तरको रहेको छ । यस निबन्ध मार्फत् शंकर लामिछानेको बिम्ब प्रतिबिम्ब निबन्धका बारेमा चर्चा गरिएको पाइन्छ । लामिछानेको निबन्धात्मक प्रवृत्तिलाई सामान्य चर्चा गरिएको यस निबन्धमा शीर्षक र विषयवस्तुबिच तादात्म्यभाव पाइन्छ ।

### ४.५.७.२. संरचना

प्रस्तुत **एक धक्का 'बिम्ब प्रतिबिम्ब'को** नामक निबन्ध तीन पृष्ठमा फैलिएको तथा सात अनुच्छेद योजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित  छ ।

### ४.५.७.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **एक धक्का 'बिम्ब प्रतिबिम्ब'को** नामक निबन्धमार्फत् निबन्धकारले नेपाली साहित्यका एक धरोहर शंकर लामिछानेको *बिम्ब प्रतिबिम्ब* नामक निबन्धका बारेमा आफ्नो धारणा राखिएको छ ।

अमूर्त लेखनकलाका अनुयायी शंकर लामिछानेको प्रस्तुत *बिम्ब प्रतिबिम्ब* निबन्ध पनि अमूर्त नै रहेको प्रष्ट्याइएको छ । अस्पष्टताका कारण शंकर लामिछानेलाई छिचोल्न नसकेको कुरा निबन्धकार यसरी व्यक्त गर्छन् :

> *'बेजोड उचाइको यस निबन्धले गर्दा आतुर थिएँ 'लेखनाथ पौड्याल' पढनु अझ भनौं जुन उत्सुकताको कारण हो बिम्ब प्रतिबिम्बप्रतिको जिज्ञासा, यो पढेपछि शंकर लामिछानेप्रतिको मेरो जिज्ञासाको पारो खस्क्यो उनलाई जसरी पिन्जराको सुगा पढ्दापढ्दै 'सुगा' प्रतिनै घृणा जागेथ्यो ।'* पृ. २२ ।

अमूर्त लेखनु चेतनप्रवाह शैली स्वतःस्फूर्तता व्याकरणसम्मत भाषामा विचलन लामिछानेका विशेषता हुनबाट प्रभावित आत्मपरक निबन्धात्मक शैलीका निजात्मक निबन्धकारले लामिछानेप्रति आस्थावान रहँदै उनको निबन्धको टिप्पणी पाइन्छ ।

यसरी शंकर लामिछानेको बिम्ब प्रतिबिम्बका बारेमा आफ्नो विचार प्रस्तुत गर्ने विषयवस्तु प्रस्तुत निबन्धले ग्रहण गरेको पाइन्छ ।

### ४.५.७.४. भाषाशैली

प्रस्तुत **एक धक्का 'बिम्ब प्रतिबिम्ब'को** नामक निबन्धको भाषाशैली सरल नै रहेको पाइन्छ । सरल र संयुक्त वाक्यको अधिक प्रयोग पाइन्छ । अन्य निबन्धहरूमा जस्ता अङ्ग्रेजी तथा संस्कृत शब्दहरूको प्रयोग यसमा पाइदैन । तैपनि फ्ल्यासव्याक शब्दको प्रयोग गरिएको पाइन्छ त्यस्तै *हमेसा*जस्तो हिन्दी शब्दको प्रयोग यस निबन्धमा पाइन्छ । निबन्धको भाषा गतिशील रहेको पाइन्छ भने समग्रमा निबन्ध सामान्य रहेको छ अरू निबन्ध जस्तो रूचिकर श्रुतिमधुरता नपाइनु तथा कवितात्मक भाषा यो निबन्धको विशेषताका रूपमा रहेको छ ।

### ४.५.७.५. उद्देश्य

प्रस्तुत **एक धक्का 'बिम्ब प्रतिबिम्ब'को** नामक निबन्धले नेपाली साहित्यका क्षेत्रमा छुट्टै पहिचान बनाउन सफल शंकर लामिछानेको अमूर्त लेखन कलालाई बिम्बप्रतिबिम्ब मार्फत् चित्रण गर्ने प्रयास गरिएको छ । केही अमूर्तता भएपनि सरमा यसको भाव मूर्त रहेको विचार प्रस्तुत गर्दै शंकर लामिछानेको उचाई नाप्नु, विशेषता पहिल्याउनु, चित्रण गर्नु यस निबन्धको उद्देश्य रहेको पाइन्छ ।

## ४.५.८. .... तो फिर मेरा चाल देख लो

### ४.५.८.१. परिचय

प्रस्तुत .... **तो फिर मेरा चाल देख लो** नामक निबन्ध सर्वप्रथम **आदर्श राष्ट्रिय विविध** (वर्ष ८, पूर्णाङ्क २६, २०६७) पत्रिकामा प्रकाशित भएको तथा पछि यसै सङ्ग्रहमा सङ्ग्रहित आठौं निबन्धका रूपमा रहेको छ । यो निबन्धको शीर्षक हिन्दी भाषामा रहेको र वाक्यस्तरको शीर्षक रहेको निबन्ध हो । यस निबन्धमा नारीको सौन्दर्यको वर्णन गरिएको छ । श्रृङ्गारले नारीलाई सुन्दर बनाउने र नारीको सुन्दरताले विश्वलाई चकित बनाउन सक्ने विषयवस्तुको संयोजन गरिएकाले प्रस्तुत निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यता पाइन्छ ।

### ४.५.८.२. संरचना

प्रस्तुत .... **तो फिर मेरा चाल देख लो** नामक निबन्ध एक पृष्ठमा संरचित तीन अनुच्छेद योजना भएको यस सङ्ग्रहको लघु निबन्धमध्ये एक निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.५.८.३. विषयवस्तु/मूलभाव

प्रस्तुत .... **तो फिर मेरा चाल देख लो** नामक निबन्धले श्रृङ्गारले मानिसलाई सुन्दर बनाउने तथा सुन्दर मानिस सबैको प्रिय हुने बताउँदै नारी सौन्दर्यको चर्चा गरेका छन् । आभूषणले युक्त श्रृङ्गार गरेकी नारीको चित्रका बारेमा वर्णन गर्दै नारी सौन्दर्यको वर्णन यसरी गरेका छन् : *'म यदि तिम्रा नजिकै हुँदो हुँ त एकजोर घुँघुरू किनेर अवश्य नै पहिराउने थिएँ, तिम्रो हाउभाउ र कटाक्ष एवम् विलास देखेरै मूर्च्छित हुने ती रसिकहरूलाई तिमी कसरी त्यो अपूर्व चाल देखाउँदी रहिछ्यौ त्यसको सकल विद्याज्ञान गर्ने थिएँ ।'* (पृ. २५) ।

यसरी नारी सौन्दर्यको वर्णन गर्दै आभूषण र श्रृङ्गारले सुन्दर भइने असल विचार र व्यवहारको श्रृङ्गार मानवीय आवश्यकता भएको विषयवस्तुलाई प्रस्तुत निबन्धले साङ्केतिक रूपमा विषयवस्तु बनाएको पाइन्छ ।

### ४.५.८.४. भाषाशैली

प्रस्तुत .... **तो फिर मेरा चाल देख लो** नामक निबन्ध हिन्दी भाषाबाट राखिएको छ । यस सङ्ग्रहको सबैभन्दा लघु निबन्धमा सबैभन्दा धेरै उखान टुक्काको प्रयोग गरिएको छ । जसले निबन्धलाई केही रोचक भाव गहन बनाएको पाइन्छ । *'एक त बुहारी धतुरो खाएकी' 'एक त मुसुरी हिङ्ले भ्फानेकी' 'एक त कुन कानमा सुन' 'एक त महात्मा भाङ खाएका', 'एक त खुर्सानी उसमाथि जिरे', 'उसै त बुहारी छोरो पाएकी', 'एक त बिर्को उही पनि पार्को', 'कुन त खेती फटेङ्ग्राले मेटी'* आदि उखानटुक्काको प्रयोग पाइन्छ । त्यस्तै *'मेरे पैरों मै घुँघरू बँधा दे तो फिर मेरा चाल देख ले'* जस्तो हिन्दी भाषाको पूर्ण वाक्यको पनि प्रयोग पाइन्छ । त्यस्तै *'मर्कटस्य सुरापानं पश्चाद् वृश्चिकदंशनम्', 'कागज रूप धारणम्'* जस्ता संस्कृतका सूक्तिहरूको प्रयोग पनि पाइन्छ । आलङ्कारिक भाषा तथा सम्वोधनात्मक शैलीको समेत प्रस्तुत निबन्धमा प्रयोग पाइन्छ ।

### ४.५.८.५. उद्देश्य

प्रस्तुत .... **तो फिर मेरा चाल देख लो** नामक निबन्धमार्फत् निबन्धकारले विभिन्न उखनटुक्का, हिन्दी भाषाका वाक्य र आलङ्कारिक भाषाका माध्यमबाट नारी सौन्दर्यको वर्णन गरेका छन् । सुन्दरताले र आभूषणले नारीको सौन्दर्यलाई निखार ल्याउने भन्दै नारी सौन्दर्यको वर्णन प्रस्तुत निबन्धको उद्देश्य बनेको पाइन्छ ।

## ४.५.९. रातो टीका निधारमा !

### ४.५.९.१. परिचय

प्रस्तुत **रातो टीका निधारमा !** नामक निबन्ध सर्वप्रथम **आदर्श राष्ट्रिय विविध** (वर्ष ८, पूर्णाङ्क २६, २०६७) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित नवौं निबन्ध हो ।

यो निबन्ध यस सङ्ग्रह भित्रकै सबैभन्दा छोटो निबन्ध अर्न्तगत पर्छ । नेपाली सङ्गीत क्षेत्रमा प्रचलित गीतको एउटा टुक्का यस निबन्धको शीर्षक बनेको छ । जसले नारीको सौन्दर्यलाई अझ गाढा बनाउने कार्य गर्छ । टीकाले सौन्दर्यलाई बढाउँछ भन्दै निधारको शोभा टीका भएको विषयवस्तु प्रस्तुत निबन्धमा रहेकाले यस निबन्धको शीर्षक र मूलभावबिच तादतम्यभाव पाइन्छ ।

## ४.५.९.२. संरचना

प्रस्तुत **रातो टीका निधारमा !** नामक निबन्ध एक पृष्ठमा फैलिएको तथा तीन अनुच्छेदयोजनाको आयाममा विस्तारित यस सङ्ग्रहकै छोटो निबन्ध अर्न्तगत पर्ने निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित  छ ।

## ४.५.९.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **रातो टीका निधारमा !** नामक निबन्धमार्फत् निबन्धकारले रातो टीका सौन्दर्यको प्रतीक भएको र टीकाले नै मानिसको अझ महिलाको सौन्दर्यलाई बढाउने तर्फ पेश गरेका  छन् । नारीलाई निधारमा टीका आवश्यक पर्ने भन्दै टीकाले नारी वर्गमा उज्यालो ज्योति छर्ने सारा अन्धकारलाई विनाश गर्ने तथा सौन्दर्यलाई चम्काउने वस्तुका रूपमा चर्चा गरेका छन् । उदाहरण हेरौं :

*'चन्दन-श्रीखण्ड र खसखसका टीका लगाइन्छन् तर नारीहरू सिसाका टीका लगाएर आफ्नो सौभाग्य मन्दिरमा चम्काउन सानैदेखि हतारिन्छन् । सायद टीका नै नारीको त्यो प्रकाश हो, जसले सौभाग्य मन्दिरमा देखिने अँध्यारालाई निर्मूल पारेर जीवनमा उज्यालो नवकिरण छर्छ ।'* पृ. २६ ।

यसरी नारीजातिको सुन्दरतालाई प्रस्फुटन गराउने, सौन्दर्यपूर्ण देखाउने टीकाले नारीको जीवनमा महत्त्वपूर्ण भूमिका खेल्ने कुरालाई यस निबन्धले विषयवस्तुका रूपमा ग्रहण गरेको पाइन्छ ।

## ४.५.९.४. भाषाशैली

प्रस्तुत **रातो टीका निधारमा !** नामक निबन्धको भाषा एकदमै सरल छ । सरलवाक्यको प्रयोगमा अधिक्यता पाइन्छ । उद्गार चिन्हको प्रयोग तथा कवितात्मक भाषाले निबन्धलाई गतिशील र रोचक बनाएको छ । जस्तै : *'शिरको शोभा टोपी, निधारको शोभा टीका ! ए मैयाँ ! तिम्रो निधारमा रातो टीका टल्किरहेछ ! त्यो हेर्न मेरो मन पल्किरहेछ ।'* (पृ. २६) ।

कताकति नेपाली लोकगीतका टुक्काको पनि प्रयोग पाइन्छ, सिनेमाको गीतको पनि चर्चा भएको छ । *'फुर्सद भए भेटौं शनिवार !, 'बिजुलीको तार', 'रातो टीका निधारमा'* आदि त्यस्तै *पोइला जान तम्सिन्छे* जस्ता ठेट नेपाली शब्दको पनि प्रयोग पाइन्छ । *पिकनिक, सिनेमा* जस्ता अङ्ग्रेजी शब्दको प्रयोग पनि आवश्यकता अनुसार उपयुक्त नै मानिन्छ । यसरी प्रस्तुत निबन्धको भाषा समग्रमा मिठासपूर्ण छ ।

## ४.५.९.५. उद्देश्य

प्रस्तुत **रातो टीका निधारमा !** नामक निबन्धले नारीको सौन्दर्यलाई गाढा बनाउने श्रृङ्गारको वस्तु टीकाको महत्त्व दर्शाएको पाइन्छ । जुन मानिस सुन्दर छ त्यो सबैको आकर्षणको केन्द्र हुने भन्दै श्रृङ्गारले मानिसलाई सुन्दर देखिन भूमिका खेल्ने बताइएको छ । नारी सौन्दर्यको वर्णनमा केन्द्रित यस

निबन्धले सुन्दरता र सौन्दर्यमा टीकाको भूमिका खेल्ने कुरालाई प्रष्टपार्ने उद्देश्य लिएको बुझिन्छ । कुनैपनि व्यक्ति अथवा महिला सुन्दर देखिन श्रृङ्गारमा ध्यानदिनुपर्ने कुरा प्रष्टपार्ने उद्देश्य यस निबन्धले लिएको पाइन्छ ।

### ४.५.१०. भन्ज्याङहरूमा विचरण गर्दा

#### ४.५.१०.१. परिचय

प्रस्तुत **भन्ज्याङहरूमा विचरण गर्दा** नामक निबन्ध सर्वप्रथम **सम्प्रेषण** (अङ्क-१७, २०६५) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  दशौं निबन्धको रूपमा रहेको पाइन्छ । यस निबन्धको शीर्षक उपवाक्यस्तरको रहेको छ । यस निबन्धमा प्रकृतिको एक सुन्दर पक्ष भन्ज्याङहरूको चर्चा गरिएको छ । हाम्रो देश प्राकृतिक सम्पदाले भरिपूर्ण देश भएकाले प्रकृतिमा अवस्थित असङ्ख्य भन्ज्याङहरूको महत्त्व हामीले थाहै पाउन सकेका छैनौं त्यसैले प्रकृतिको काखमा विचरण गर्दा छुट्टै अनुभूति हुने र त्यसको फाइदा उठाउन सक्नुपर्ने विषयवस्तु प्रस्तुत निबन्धले ग्रहण गरेकाले यस निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव भेटिन्छ ।

#### ४.५.१०.२. संरचना

प्रस्तुत **भन्ज्याङहरूमा विचरण गर्दा** नामक निबन्ध चार पृष्ठमा फैलिएको तथा स-साना एघार अनुच्छेदयोजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङग्रहीत छ ।

#### ४.५.१०.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **भन्ज्याङहरूमा विचरण गर्दा** नामक निबन्धमार्फत् निबन्धकारले नेपाल हिमाल, पहाड, तराई, मधेश, टार आदिले बनेको छ भने अग्ला हिमश्रृंखला लेखबेसी, भन्ज्याङ, चौतारीले अझ रमणीय बनाएको चर्चा छ । नेपालको प्राकृतिक सम्पदाका रूपमा रहेका वनजङ्गल र भन्ज्याङहरूको सन्दर्भ जोडेका छन् । भन्ज्याङहरू निकै रमणिय हुने र त्यो सौन्दर्यपूर्ण वातावरणका अनेकौं एकाईहरूमा रहने कुरा व्यक्त गरेका छन् । हाम्रो मानवीय जीवन भन्ज्याङहरूको सामिप्यतामा निकै पहिलेदेखि रहँदै आएको र आउँदादिनहरूमा पनि मानवीय जीवन भन्ज्याङको विचरणमा रहने तथ्य प्रस्तुत गरेका छन् । विभिन्न मानवीय क्रियाकलापले भन्ज्याङ अर्थपूर्ण बनेको बताइएको छ । जीवनका उकाली-ओरालीहरूमा भन्ज्याङले पूर्खौदेखिनै सहभागी बनेको कुरा प्रष्ट पारिएको छ । उदाहरण हेरौं :

> *'अब आउनुहोस् ! तपाईहरूलाई गोरखाको अत्यन्त उच्च पहाडी, हिमाली भू-भागमा रहेका त्यस्ता भन्ज्याङमा लैजान्छु, जहाँबाट हाम्रा पुर्खा चामल, नुन, चाचा, नाना र आवश्यकताका सामग्री लेन-देन गर्न चीन वा त्यसका निकटवर्ती भोटका व्यापारिक स्थालहरूमा पुग्दथे ।'* पृ. २९ ।

भन्ज्याङको सहयात्रालाई बताउँदै नेपालका वनपाखा, पखेराहरूमा रहेका अनगिन्ती भन्ज्याङ त्यसै महत्त्वहीन बनेको तर्फ यसरी सङ्केत गरेका छन् :

> *'सिन्धुपाल्चोकको फुमा भन्ज्याङ, काठमाडौंको बाँड भन्ज्याङ, साँगा भन्ज्याङ, नैकाम भन्ज्याङ, पाँचमाने भन्ज्याङ, तनहुँको वर भन्ज्याङ, सुँगुर भन्ज्याङ र पोखरी भन्ज्याङका कुरा मैले यहाँ गर्नै खोजेको छैन् । तपाईलाई यो भन्ज्याङै भन्ज्याङको देश रहेछ भन्ने कुरा थाहा त भयो नै*

*तर एक जिल्लाबाट अर्को जिल्ला छिर्ने या उही जिल्लाका विभिन्न स्थानमा छिर्ने भन्ज्याङ कति होलान ?'* पृ. ३० ।

यसरी प्रकृतिका अनेकौं भन्ज्याङहरूको चर्चा गर्दै ती भन्ज्याङहरूमा मानवीय जीवनको खोजी गरिएको विषयलाई यस निबन्धले ग्रहण गरेको पाइन्छ ।

## ४.५.१०.४. भाषाशैली

प्रस्तुत **भन्ज्याङहरूमा विचरण गर्दा** नामक निबन्ध सरल भाषाशैलीले युक्त रहेको छ । सामान्यतया सरल र संयुक्तवाक्यको प्रयोग पाइन्छ । समान्य पाठकका लागिपनि यस निबन्ध रूचिकर बन्छ । अभिधाकै तहमा अर्थ खुल्ने यस निबन्धमा निबन्धकार कतै औपचारिक भाषाको प्रयोग यसरी गर्छन् : *'यो तपाईहरूको आफ्नै निबन्ध र त्यसैको भूमिका मात्र हो । आउनुहोस ! हामी कार्यक्रमको शुभारम्भ गोरखाको चर्चाबाट गरौं । श्रोता-दर्शक वृद !'* (पृ. २७) ।

त्यस्तै यस निबन्धमा स्थानीय कथ्यभाषाको पनि प्रयोग पाइन्छ हेरौं : *"तपाई भन्नुहोला 'आम्मेही ! यो मान्छी दा कादि धेरो गामठाममा डुलिगो राहिछ' !"* (पृ. २९) ।

कवितात्मक भाषा यस निबन्धको अर्को विशेषता रहेको छ हेरौं :*'जहाँ बटुवालाई भन्ज्याङमा रोकेर हिमाल पङ्खा हम्कन्छ ।'* (पृ. २९) ।

यसरी प्रस्तुत निबन्धको शैली श्रुतिमधुर सरल र सुबोध बनेको पाइन्छ ।

## ४.५.१०.५. उद्देश्य

प्रस्तुत **भन्ज्याङहरूमा विचरण गर्दा** नामक निबन्धमार्फत् निबन्धकारले नेपालको प्राकृतिक सम्पदाको चर्चा गर्दै हाम्रो देश प्रकृतिले भरिपूर्ण रहेको तथ्य प्रस्तुत गर्न खोजेका छन् । प्राकृतिक भन्ज्याङहरूले हाम्रा पुर्खादेखिनै हाम्रो जीवनमा सहयात्रा गरेको चित्रण गर्दै प्रकृति र मानवको अभेद्य सम्बन्ध रहेको वैचारिकता प्रस्तुत गर्ने उद्देश्य लिएको बुझिन्छ ।

## ४.५.११. मैले पनि 'हरेसै खान थालेको छु'

## ४.५.११.१. परिचय

प्रस्तुत **मैले पनि 'हरेसै खान थालेको छु'** नामक निबन्ध सर्वप्रथम **पल्लव साहित्य विविध** (वर्ष ९, अङ्क ९, २०६१) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित एघारौं निबन्धको रूपमा रहेको छ । यस निबन्धको शीर्षक वाक्यस्तरको रहेको छ र आफू पनि निराश र हतास भएर हरेस खाने अवस्थामा पुगेको तर्फ शीर्षकले सङ्केत गर्छ । यस निबन्धमा निबन्धकार रामबाबु घिमिरेको निबन्धलाई आधार बनाएर उनकै मतमा समर्थन जनाइएको भाव प्रस्तुत गरिएको छ । स्रष्टा र सृजनालाई सम्मान नगरिएको र लेखक प्रकाशकको अखेटो बनेको वर्तमान स्थितिको चित्रण गर्दै आफूपनि अब निराश बनेको तथ्य प्रस्तुत गरिएकाले प्रस्तुत निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव पाइन्छ ।

## ४.५.११.२. संरचना

प्रस्तुत **मैले पनि 'हरेसै खान थालेको छु'** नामक निबन्ध तीन पृष्ठमा फैलिएको तथा स-साना नौवटा अनुच्छेदयोजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.५.११.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **मैले पनि 'हरेसै खान थालेको छु'** नामक निबन्धमार्फत् निबन्धकारले लेखक, स्रष्टा र सर्जकहरूको कलमको शक्तिलाई प्रकाशकहरूले अवमूल्यन गरेको र उचित सम्मान गर्न नसेको यथार्थ प्रस्तुत गरेका छन् । स्रष्टाले सृजना गर्छ र त्यही सृजना छापेर प्रकाशक नाम र दाम कमाउँछ तर सर्जकलाई कुनै वास्ता गर्दैनन् भन्नेकुरालाई कलात्मक ढंगले प्रस्तुत गरिएको छ । लेखकसँग अनेक वहाना बनाएर लेख फुत्काएपछि प्रकाशकको काम सकिने र लेखकले आफ्नो रचना र लेखकस्व दावीगर्दा उल्टै हप्काउने थर्काउने र विभिन्न बहान बनाउने प्रकाशकको पेशा बनेको तर्फ निबन्धकार यसरी प्रस्तुत भएका छन् : *'एकप्रति आफैसँग राख्नु पर्थ्यौं भन्न सक्नेले १५ दिनको परिश्रम लागेको रचना छाप्न नसक्दा तीन बित्ता भुकेर लेखकसँग क्षमा माग्नुपर्थ्यो, तर त्यसका लागि पनि त हिम्मत चाहिन्छ नि !'* (पृ. ३३) ।

प्रकाशकको काम लेखकका लेखहरूको उचित सम्मान गर्ने हुनुपर्ने तर लेखखको अपमान गर्ने अधिकार सम्पादक/प्रकाशकको नभएकोप्रति निबन्धकार यसरी प्रस्तुत भएका छन् :

> *'तपाई थोरै मात्र फाइदा गरेर पनि रमाउनुहुन्छ भने त्यस फाइदाको कुनै अंशबाट लेखकलाई लेखकस्व दिनुहुन्छ, अलि मध्यम भाषामा भन्दा पारिश्रमिक ! यो सम्मान दिन सक्नु हुन्न र तपाई केवल नाम मात्र कमाउन तम्सनु भएको छ र आर्थिक पक्ष 'न नाफा न घाटा' भन्ने सिद्वान्तमा आश्रित छ भने पनि तपाईले कुनै लेखकलाई न अपमानित गर्ने अधिकार त न त्यसको रचना गायव गर्ने अधिकार छ ।'* पृ. ३२ ।

यसरी स्रष्टा र सर्जक तथा सम्पादक र प्रकाशकको सहमतिमा अगाडि बढ्न सकिएमा नेपाली साहित्य अगाडि बढ्ने र सबैको सम्मान हुने नत्र स्रष्टा नै हरेस खाएर पलायन भएमा सृष्टी हुन नसक्ने विषयवस्तुको संयोजन प्रस्तुत निबन्धले गरेको छ ।

### ४.५.११.४. भाषाशैली

प्रस्तुत **मैले पनि 'हरेसै खान थालेको छु'** नामक निबन्ध सरल भाषाशैलीले युक्त छ । सरलवाक्यको अधिक प्रयोग पाइन्छ भने स्वस्थानीको शैली पनि यसरी अपनाइएको पाइन्छ । उदाहरण हेरौं : *'कुमारजी आज्ञा गर्नुहुन्छ- हे अगस्त्यमुनि ! ताहाँ उप्रान्त सप्तगण्डकीमा बग्याको पानीको लेखाजोखा हुन सक्याको छैन, मामा-भान्जाको भेट पनि हुन सक्याको होवैन ।'* (पृ. ३२) ।

आलङ्कारिक र बिम्बात्मक भाषा तथा स्थानीय भाषिकाको प्रयोगले निबन्धलाई यसरी अगाडि बढाएको पाइन्छ : *'आफ्नो रचना नछापिया पनि विनम्र फिर्ता माग्दा उल्टै दुर्वासाको व्यवहार गरी आजसम्म पनि जसरी तिमीले विन्ध्याचललाई भुकायाको भुकायै गऱ्याका छौ, त्यसै गरी यिनले पनि गर्दा भया र रचना फिर्ता दिँदा भयानन् ।'* (पृ. ३२) ।

त्यस्तै *ग्यास्ट्रिक, टायम, प्रुफ, प्रेस* जस्ता अङ्ग्रेजी शब्दको पनि यस निबन्धमा प्रयोग भएका छन् । समग्रमा निबन्धको भाषा सरल नै रहेको पाइन्छ ।

### ४.५.११.५. उद्देश्य

प्रस्तुत **मैले पनि 'हरेसै खान थालेको छु'** नामक निबन्धमार्फत् निबन्धकारले सृष्टालाई र कलमको शक्तिलाई सम्मान गर्नुपर्ने विचार प्रस्तुत गरेका छन् । सम्मान गर्न नसकेपनि अपमान गर्न

नहुने भन्दै साहित्यको सन्दर्भमा प्रकाशक भन्दा सर्जक महत्त्वपूर्ण भएको भन्दै स्रष्टाको सम्मानमा लाग्नुपर्ने विचार प्रस्तुत गर्ने उद्देश्य यस निबन्धको रहेको पाइन्छ ।

### ४.५.१२. कलम

#### ४.५.१२.१. परिचय

प्रस्तुत **कलम** नामक निबन्ध सर्वप्रथम **सरस्वती आवाज स्मारिका** (२०६५) मा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित बाह्रौ निबन्धको रूपमा रहेको छ । यस निबन्धको शीर्षक शब्दात्मक रहेको छ । कलम त्यस्तो चिज हो जुन बन्दुक भन्दापनि बलवान हुन्छ, जुन कार्य तरवारले गर्न सक्दैन त्यो काम कलमले गर्ने भन्दै तरवारले हिंसा निम्त्याउने तर्फ संकेत गरिएको छ । कलमले हिंसा विनाको क्रान्ति गरेर समाजलाई विकसित र चेतनशील बनाउने गर्दछ तर तरवार विनाशको प्रतीक भएको विषयवस्तु संयोजन गरेकाले प्रस्तुत निबन्धको शीर्षक र मूलभावविबच तादात्म्यता पाइन्छ ।

#### ४.५.१२.२. संरचना

प्रस्तुत **कलम** नामक निबन्ध तीन पृष्ठमा फैलिएको तथा स-साना सात अनुच्छेदयोजनाको संरचनामा संरचित निबन्ध हो ।

#### ४.५.१२.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **कलम** नामक निबन्धमार्फत् निबन्धकारले कलम नै शक्तिशाली रहेको र तरवारले गर्न नसक्ने कार्य कलमले गर्ने भन्दै समाजलाई हत्या, हिंसा, शोषण, अन्याय नभई शान्ति चाहिएको र त्यो कलमले पूरागर्ने विषयवस्तु संयोजन गरेका छन् । कलम कोमलताको प्रतीक भएको उल्लेख गर्दै तरवारले दुःख र पीडा तथा रोदनलाई आत्मसात् गर्ने कुरा यसरी उल्लेख गरेका छन् : *'मेरो कलमको इतिहासझैं तिम्रा तरवारको इतिहास पनि पुरानै छ तर म दया, माया र कोमलताको इतिहास कथ्छु, कवित-साहित्यमा, यो जस्तो आनन्द विषयरसमा पनि पाउन सक्दैनौ भने झन् तरवारको दुःस्पर्श तीक्ष्ण धारामा कहाँ ?'* (पृ. ३४) ।

कलम सभ्यता, शिष्टता, शान्ति, सहिष्णुता, सहअस्तित्त्वको प्रतिक हो र यसको विपरीत तरवारले द्वन्द्व, हिंसा र जंगली युगको प्रतिनिधित्व गर्दछ भन्ने भाव मुखरित भएको छ । मानिस हत्या, हिंसा, अशान्ति नभई शान्ति र समानता चाहन्छ र त्यो शान्ति र समानता कलमले मात्र दिन सक्छ, मानिस अब द्वन्द्व चाहँदैन केवल शान्ति चाहन्छ भन्ने विषयलाई निबन्धकार यसरी प्रस्तुत गर्छन : *'आजसम्म धेरै गुलाफ र गुराँसका सहचर कलमहरूले सगरमाथ चढे तर खोई तिम्रो करवाल अर्थात् तरवार ? म भन्छु, तिम्रा बन्दूक, गोला, बारूद र पिस्तोलहरूले सगरमाथा चढ्दैनन् किन कि मानवीय लक्ष्य गोला बारूद र बन्दूक कदापि हुन सक्दैन ।'* (पृ. ३४) ।

द्वन्द्व र अशान्तिले अब मान्छे आक्रान्त बनिसकेका छन् । अब सबै स्वतन्त्रता मात्र चाहन्छन् । निष्फिक्रि खुला आकाशमा विचरण गर्न चाहन्छन् । यो सबै कलमले नै दिने भन्दै शोषण, अन्याय, अत्याचार, विभेद, अशान्ति आदिको प्रतीकका रूपमा रहेको तरवार अब उपयोगितविहीन हुने

बताइएको छ । यसरी समाजलाई विकसित र सफलताको श्रेणी चढाउनको लागि कलमको सहारा लिनुपर्ने विषयवस्तु प्रस्तुत निबन्धले प्रस्तुत गरेको पाइन्छ ।

### ४.५.१२.४. भाषाशैली

प्रस्तुत **कलम** नामक निबन्धको भाषा सरल रहेको छ । छोटा-छोटा वाक्य र अनुच्छेद योजनाले निबन्धलाई छरितो बनाएको पाइन्छ । कवितात्मक भाषाले निबन्धलाई गतिशील बनाएको छ । उदाहरण हेरौं :

> *'सृजनाका आँकुरासित बिन्ती ! प्रकृतिका पूजकसँग बिन्ती ! कल्कलाउँदा नदी र छालसँग बिन्ती ! लहरा र पहरासँग बिन्ती ! यदि यी सबैको तथाकथित विश्वनियता छ भने बरू उससँग पनि बिन्ती !'* (पृ. ३५)

आलङ्कारिक एवम् बिम्बात्मक भाषाले निबन्धलाई गहन बनाएको पाइन्छ । उदाहरण हेरौ : *'म देख्दैछु हिजो डढेका कपिलवस्तुहरू, डोल्पाहरू, अर्घाखाँचीहरूआज फेरि फूल फुलाउने तरखरमा छन् । त्यहाँका गौथलीहरूले दरवार बनाइसके, अब अण्डा पोसिसके, बच्चा कोरल्ने तरखरमा छन् तर उनीहरूप्रतिक्षण तरवार विरोधी हुन् ।'* (पृ. ३५), *'मेरा दाहिने हातको बूढी औँला चुँडेर लग्यो द्रोणाचार्यले भनेर सातदलको इजलासमा उजुरी हाल्यो रे एकलव्यले ।'* (पृ. ३४) ।

त्यस्तै सम्बोधनात्मक शैलीको अर्को उदाहरण हेरौं : *'फूलहरू हो गुहार ! पालुवाहरूहो गुहार ! कलम तिमी कहाँ छौ ? मलाई एक हुल अज्ञात फूलले अपहरण गरिसके, कृपया म केही होइन, लेखक हुँ लेखक !'* (पृ. ३६) ।

यसरी विभिन्न शैली र आलङ्कारिक तथा प्रतीकात्मक भाषाले निबन्धलाई रोचक एवम् गहन बनाएको पाइन्छ ।

### ४.५.१२.५. उद्देश्य

प्रस्तुत **कलम** नामक निबन्धमार्फत् निबन्धकारले देशमा शान्ति, विकास र समानता चाहेका छन् । हत्या, हिंसा र अशान्तिले मानव समूदाय आक्रान्त बनेको भन्दै आजको मानिसको आवश्यकता कलमले पूरा गर्ने तर तरवारले समाजलाई क्षतविक्षत मात्र पार्ने वैचारिकता प्रस्तुत गर्ने उद्देश्य यस निबन्धले लिएको पाइन्छ ।

### ४.५.१३. सडकको पीडा

### ४.५.१३.१. परिचय

प्रस्तुत **सडकको पीडा** नामक निबन्ध सर्वप्रथम **युगान्तर** (वर्ष ४, क्रमाङ्क १०, २०६३) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित तेह्रौं निबन्धको रूपमा रहेको छ । प्रस्तुत निबन्धको शीर्षक पदावलीस्तरको छ । यस निबन्धले वर्तमान विश्वमा फैलिएको युद्धलाई सङ्केत गर्दै पृथ्वीले हरेक युद्धलाई नतमष्तक बनेर हेरिरहेको विषयवस्तु प्रस्तुत गरिएको छ । सडकले हरेक आन्दोलन, नेतृत्वकर्ता र जनसागरलाई विना सङ्कोच साथ दिएर अगाडि बढेपनि परिवर्तनशील समयसँगै आन्दोलन र युद्ध नयाँ रूपमा आएको र परापूर्व कालदेखिको यो चक्र अझै नसकिएको तर्फ सङ्केत गरेको छ । विभिन्न समयको आन्दोलनले जनताका भावना समेट्न नसकेको र अब

आन्दोलनका निम्ति सडक पनि थाकिसकेको विषयवस्तुलाई निबन्धकारले विभिन्न बिम्ब र प्रतीकहरूको संयोजनबाट प्रष्टपार्ने प्रयास गरेका छन् । त्यसैले यस निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यता भेटिन्छ ।

### ४.५.१३.२. संरचना

प्रस्तुत **सडकको पीडा** नामक निबन्ध पाँच पृष्ठमा फैलिएको तथा स-साना दश अनुच्छेद योजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित  छ ।

### ४.५.१३.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **सडकको पीडा** नामक निबन्धमार्फत् निबन्धकारले विगतमा भएका जनआन्दोलन र द्वन्द्वले स्थायी रूपमा समस्या समाधान गर्न नसकेको र मानवसमुदाय पटक-पटक आन्दोलन र युद्धमा जानुपर्ने श्रृङ्खला दोहोरिएको गम्भीर विषयलाई उठान गरेको पाइन्छ । यस निबन्धमा हिंसा, अपराध, आन्दोलन र युद्धको श्रृङ्खला सधैंको लागि बन्द गर्दै स्थायी समाधानतर्फ लाग्नुपर्ने विषयलाई निकै कलात्मक तरिकाले प्रस्तुत गरिएको पाइन्छ । परिवर्तनशील समय अनुसार समाजमा अशान्ति फैलाउने र देशको विकासलाई रोक्ने तत्त्वहरूपनि परिवर्तन भएर अझ सशक्त र आक्रमक रूपमा आइरहेको तथ्यलाई निबन्धकार यसरी प्रस्तुत गर्छन् : *'तिनका हातमा पहिलेकाझैं ढुङ्गे, बञ्चरो, फलामे, त्रिशुल र धनुर्वाण हतियार हुने छैनन् । झण्डा, डण्डा, लठ्ठी र ब्यानर मात्र हुने छैनन्, मलाई दाग्ने अत्यन्त विषालु अत्याधुनिक बम, बन्दुक र गोली पनि सचित्र छन् ।'* (पृ. ३७) ।

विज्ञानको चमत्कारले देशको विकास गर्न नभई समाज र राष्ट्रमा आतङ्क मच्चाउन प्रयोग भैरेहेको तर्फ निबन्धकार चिन्तित बनेका छन् ।

हाम्रो देशमा मात्र नभई विश्वनै युद्धले ग्रसित बनेको यथार्थ प्रस्तुत गरिएको छ । विज्ञानको आविष्कारले समारात्मक परिवर्तन गर्न र विकासको गति लिनको साटो अन्त्यहीन युद्धलाई बढवा दिएको र त्यो युद्ध कसैका लागिपनि सह्य नभएको तर्फ निबन्धकारको धारणा यस्तो छ : *'मैरै छातिमा कुरूक्षेत्र जन्म्यो, प्रथम, द्वितीय विश्व युद्ध हुर्के, हिरोसिमा र नागासाकी अनि तियानमेनहरू जले, सावधान ? तृतीय-चतुर्थ विश्वयुद्धको भ्रूण पनि मेरै पाठेघरमा हुर्किरहेको छ तर अझै लोक बुझ्दैन, परपीडा कति असह्य हुन्छ भन्ने ।'* (पृ. ३९) ।

यसरी युद्धले समाज राष्ट्र र विश्वलाई नै अवनतितिर धकेल्ने भन्दै विज्ञानको आविष्कारलाई सकारात्मक तरिकाले प्रयोग गर्दै समग्र विश्वमा शान्ति अमनचयन कायम गर्न सबैले चासो दिनुपर्ने विषयवस्तुको संयोजन प्रस्तुत निबन्धले गरेको पाइन्छ ।

### ४.५.१३.४. भाषाशैली

प्रस्तुत **सडकको पीडा** नामक निबन्धको भाषाशैली अन्य निबन्धको भन्दा आलङ्कारिक र बिम्बात्मक बनेको पाइन्छ । संयुक्तवाक्यको आधिक्यता रहेको यस निबन्धमा सरलवाक्यको पनि प्रयोग पाइन्छ । द्वन्द्व र हिंसाले आक्रान्त बनेको विश्वपरिवेशको चित्रण गर्न निबन्धकार यसरी आलङ्कारिक भाषाको प्रयोग गर्छन् : *'म त विवश छु । वर्तमानका राजा झैं, शोषक र सामन्तझैं, हुकुमी शासनको*

*सर्वदमनकारी कुचक्रझैं किनकि मलाई अब मेरो एकछत्र शासन सडकमा पनि चल्न सकिरहेको छैन् ।'* (पृ. ३७) ।

राजतन्त्र ढलेको विषयलाई निबन्धकार यसरी प्रतीकात्मक भाषाको प्रयोगद्वारा प्रष्ट पार्छन् :

*'हिरण्यकशिपु, रावण कुनै जमानामा दास थिए, एकजुट भएर उठेपछि तिनै शासक भए अनि फेरी जनताले नरूचाउँदा तिनै सखाप भएका थिए ।'* (पृ. ३७) ।

*संस्कृतको ॐ भूर् ॐ भुवः स्वः हुँ* तथा ठेट नेपाली शब्द *रण्डी र हिजडा* जस्ता शब्दको पनि प्रयोग पाइन्छ । *गल्र्याम्म, लटक्क* जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको यस निबन्धको भाषाशैली अन्य निबन्धको भन्दा जटिल रहेको पाइन्छ ।

## ४.५.१३.५. उद्देश्य

प्रस्तुत **सडकको पीडा** नामक निबन्धमार्फत् निबन्धकारले द्वन्द्व र अशान्तिले निम्त्याउने अप्ठ्याराहरूलाई चित्रण गरेका छन् । विज्ञानले आविष्कार गरेको चमत्कारले मानिसमा नकारात्मक प्रभाव पारेको भन्दै मानव आफ्नै विनाशमा लागिपरेको वैचारिकता प्रस्तुत गर्न खोजिएको पाइन्छ । आज विश्वलाई शान्ति र विकास चाहिएको भन्दै द्वन्द्व, हत्या, हिंसा, शोषण, अन्याय अत्याचार आदिको सांकेतिक विरोध गरिएको पाइन्छ । द्वन्द्व र अशान्तिले समाजलाई भलो नगर्ने भन्दै शान्त र समतामूलक समाजको निर्माणमा सबैजना एकजुट हुनुपर्ने वैचारिकता प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य रहेको पाइन्छ ।

## ४.५.१४. एकाबिहानै निस्कँदा

## ४.५.१४.१. परिचय

प्रस्तुत **एकाबिहानै निस्कँदा** नामक निबन्ध सर्वप्रथम **पल्लव** (वर्ष १०, पूर्णाङ्क ११, २०६२) पत्रिकामा प्रकाशित भएको तथा पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  चौधौं निबन्धको रूपमा रहेको छ । यस निबन्धको शीर्षक पदावलीस्तरको रहेको छ । बिहानै निस्किएर बाहिर हिँड्दा देखिएको दृश्यमा निबन्धकार मानवीय प्रवृत्तिको खोजी गर्छन् र यात्रागर्दा देखिएको परिदृष्यलाई कलात्मक रूपमा प्रस्तुत गरेकाले शीर्षकले सङ्केत गरेको अपेक्षा पूरा गरेको पाइन्छ जसका कारण निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव पाइन्छ ।

## ४.५.१४.२. संरचना

प्रस्तुत **एकाबिहानै निस्कँदा** नामक निबन्ध दुई पृष्ठमा फैलिएको तथा स-साना छवटा अनुच्छेदयोजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित  छ ।

## ४.५.१४.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **एकाबिहानै निस्कँदा** नामक निबन्धमा निबन्धकारले नेपाली समाज, राजनीति आदिको चित्र प्रस्तुत गरेका छन् । निबन्धकारको एकाबिहानैको यात्रामा देखिएको नेपाली सामाजिकता निकै सजीव छ । नेपालको समाज विभेदपूर्ण रहेको छ । यहाँका मानिसमा वर्गीय असमानता रहेको छ जसका कारण केही भूँडीवाल भएर हिडनै नसक्ने खालका छन् भने कोही खान नपाएर पाइला सार्न

नसक्ने अवस्थाका रहेका छन् । निबन्धकारले देखेको यो दृश्य निकै सजीव देखिन्छ । हेरौं : *अघिपछि लाग्थ्यो- यहाँका मान्छे खानै नपाएर मरन्च्याँसे जस्ता छन् तर आज देख्दैछु अनेक भूडीवालहरू सकिनसकि हिड्दा-दौड्दा छन् ।'* (पृ. ४२) ।

आज मान्छेमा मानवता हराएको छ । सर्वश्रेष्ठ प्राणीको उपमा पाएको मान्छे स्वयम पशुभन्दा तल्लोस्तरको व्यवहार देखाउँछ । समाजमा ठूलाले सानालाई, शिक्षितले अशिक्षितलाई, बलियाले निर्बलियालाई, धनीले गरिबलाई, मान्छेले मान्छेलाईनै अन्याय, अत्याचार र शोषण गरेर आफु अगाडि बढ्ने दुष्प्रयास गरेकोप्रति निबन्धकारको व्यङ्ग्यात्मक धारणा यस्तो छ : *'अरू जीव स्वजाति शोषण कम गर्छ । किन्तु मान्छे नै त्यस्तो अपवाद रहेछ, जो मान्छेकै रगत-पसिना समेत खाएर मोटाउने रहेछ ।'* (पृ. ४३) ।

यसरी समाजबाट समानता, मानवता, निस्वार्थता सहयोगीपन र स्वजाति सम्मान भन्ने कुरा समाजको सर्वश्रेष्ठ प्राणीबाटै हराएकोप्रति सांकेतिक रूपमा विरोध र असन्तुष्टि जनाउँदै मान्छेभित्र मानवीय व्यवहारको खोजीलाई यस निबन्धले विषयवस्तु बनाएको पाइन्छ ।

### ४.५.१४.४. भाषाशैली

प्रस्तुत **एकाबिहानै निस्कँदा** नामक निबन्धको भाषा सरल रहेको छ । सरलवाक्य योजनाले निबन्धलाई कोमल बनाएको छ । अभिधाकै तहमा अर्थ खुल्ने यस निबन्धको भाषा कवितात्मक रहेको पाइन्छ । उदाहरण हेरौं : *'मान्छे त एकै छन् कर्तव्य फरक-फरक ! भोक त एउटै, भोजन फरक-फरक ! जीवन त एउटै जियाइ फरक-फरक ! शरीर त एउटै पोशाक फरक-फरक !'* (पृ. ४३) ।

आलङ्कारिक एवम् प्रतीकात्मक भाषाले निबन्धलाई केही गहन बनाएको छ । उदाहरण हेरौं : *'मख्खीचुसहरू छन् यहाँ धेरै ! कञ्जुस उत्ति छन्, लामखुट्टे, उडुस, उपियाँका लाभ्रे हुन मान्छे भनेका !'* (पृ. ४३) ।

अङ्ग्रेजीका *फर्मेट, फिगर, स्टेसन, फिस* आदि जस्ता शब्दको पनि प्रयोग पाइने यस निबन्धको भाषाशैली सामान्य नै पाइन्छ ।

### ४.५.१४.५. उद्देश्य

प्रस्तुत **एकाबिहानै निस्कँदा** नामक निबन्धमार्फत् निबन्धकारले आजको मान्छेमा मानवीय प्रवृत्ति सहयोग, आत्मियता, निस्वार्थता जस्ता कुराहरूलोप भएको र केवल व्यक्तिगत स्वार्थ, शोषण, अन्याय, हिंसा, अत्याचार जस्ता अमानवीय एकाइहरूको बृद्धि भएको गम्भीर विषयको चित्रण गरेका छन् । यसरी मान्छेले आफ्नो विवेकको प्रयोग गरी मानवीयपन हराउन नहुने र मान्छेले समाजको सकारात्मक नेतृत्व लिनुपर्ने तथा मानवतावादी विचारलाई व्यवहारमा ल्याउनुपर्ने वैचारिकता प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य रहेको पाइन्छ ।

### ४.५.१५. गहना : मेरो अधिकार

### ४.५.१५.१. परिचय

प्रस्तुत **गहना : मेरो अधिकार** नामक निबन्ध सर्वप्रथम **सम्प्रेषण** पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित पन्ध्रौं निबन्धको रूपमा रहेको छ । यस निबन्धको शीर्षक

उपवाक्यस्तरको रहेको छ । यहाँ मानिस सुन्दर देखिन लगाउने गहनाकोबारेमा चर्चा गरिएको छ । नारीलाई आभूषण र श्रृङ्गारले सुन्दर तर्फ भन्दा नारीलाई स्वतन्त्ररूपमा रहन नदिनको लागि बन्धनको रूपमा प्रयोग गरिएको बताइएको छ । हाम्रो परम्परागत रीतिरिवाज र चालचलन तथा परम्परागत संस्कारको व्यङ्ग्यात्मक विरोध गरिएको पाइन्छ । यस निबन्धको शीर्षक प्रतीकात्मक देखिन्छ जसकारण शीर्षक र मूलभावबिच तादात्म्यभाव पाइन्छ ।

### ४.५.१५.२. संरचना

प्रस्तुत **गहना : मेरो अधिकार** नामक निबन्ध दुई पृष्ठमा फैलिएको तथा स-साना सात अनुच्छेदयोजनाको संरचनामा संरचित निबन्ध हो ।

### ४.५.१५.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **गहना : मेरो अधिकार** नामक निबन्धमार्फत् निबन्धकारले नेपाली समाजमा प्रचलित आभूषण मोहलाई उजागर गर्न खोजेका छन् । गहनाबाट लाभ भन्दा हानी धेरै हुने बताउँदै सुन्दर देखिन आन्तरिक व्यवहार, बानी र भावना स्वच्छहुनपर्ने तर्फ सचेत बनाउने प्रयास गरेका छन् । बाहिरी आभूषणले देखिने सुन्दरता भन्दा प्राकृतिक रूपमा प्राप्त गर्ने बोली, सभ्यता, संस्कार, अनुशासन, नम्रता, भद्रता आदि जस्ता गहनाहरूको सङ्ग्रह गर्नुपर्ने जसकाकारण अझबढी सुन्दर देखिने कुरालाई निबन्धकार यसरी व्यक्त गर्छन् : *'प्राकृतिक गहनाको उपहार सर्वदा वदनसँग रहेकै छ तर मानवीय मनोवृत्ति नारीहरूको श्रृङ्गार निम्ति बसन्त पर्खिरहन सक्छ र?'* (पृ. ४४) ।

बाहिरी आभूषण र गहनाले स्वयम् महिलालाई असुरक्षित बनाउने तर्फ सङ्केत गर्दै समाजमा हत्या, हिंसा, लुटपाट र झै-झगडा निम्त्याउने गहना लगाएर सुन्दर बन्न नसकिने कुरालाई निबन्धकार यसरी प्रस्तुत गर्छन् :*'गहनाबाट चारी, डकैती र हत्या-हिंसा बढे यस्तो को बुझ्छ ? भनिन्छ नारी सौन्दर्य नै एकल सामाजिक झै-झगडाको गठबन्धन हो ।'* (पृ. ४५) ।

गहनाले महिलालाई सुन्दर देखिने भन्दा बन्धनमा पारेको तर्फ निबन्धकारको धरणा यस्तो छ । *'यस्तो बोझे बाहिरी सौन्दर्य बन्धनले लादिएका नारीमाथि अझ अनेक मानसिक बन्धनको खात लाग्दा मूर्तिकलाको कति ठूलो षोडश श्रृङ्गार तयार हुन्छ ?'* (पृ. ४५) ।

यसरी बाह्य सुन्दरता भन्दा आन्तरिक रूपमा सुन्दर देखिनुपर्ने तर्फ सचेत बनाउँदै बाहिरी आभूषणले सुन्दर नभई असुरक्षा र विकृति तर्फ उन्मूख बनाएको विषयवस्तु प्रस्तुत निबन्धको मूलभावका रूपमा रहेको छ ।

### ४.५.१५.४. भाषाशैली

प्रस्तुत **गहना : मेरो अधिकार** नामक निबन्धको भाषा सामान्यतया सरल नै देखिन्छ तर केही कतै बिम्बात्मक तथा आलङ्कारिक भाषाको पनि प्रयोग पाइन्छ । उदाहरण हेरौं : *'भीष्म प्रतिज्ञाविना केही भीष्म बन्न सक्दैन, राम वन जानु यही थियो नत्र रावणको अन्त कहाँ ? जिन्दगीमा बाढी आउँछ विनासेतु-बन्ध तराउ कहाँ, विना अग्नि-परीक्षण सतीत्व वा सीतात्व कसरी प्रमाणित हुनु ?'* (पृ. ४५),

*'बकम्बेलीको फूल झैं फुलेर झपक्क भएकी महारानी-तरूणीको सूर्य-सौन्दर्य देखेर ऋतुराज वसन्तपनि दङ्ग परोइनन् कि भनी शङ्का लिने ठाउँ रहन्न ।'* (पृ. ४५) ।

यसरी प्रस्तुत निबन्धमा विभिन्न प्रतीक र बिम्ब तथा आलङ्कारिक भाषाशैलीको माध्यमबाट सौन्दर्यको चर्चा गरिएको छ ।

## ४.५.१५.५. उद्देश्य

प्रस्तुत **गहना : मेरो अधिकार** नामक निबन्धमार्फत् निबन्धकारले सुन्दरताको परिचय दिएका छन् । कोहीपनि बाहिरी गहनाले सुन्दर नदेखिने भन्दै गहनाले बोक्ने आडम्वरी अहम, ठालुपनको प्रर्दशन हुन्छ तीप्रति व्यङ्ग्य गरिएको छ । समाजमा अशान्ति, हत्या, हिंसा, लुटपाट र चोरीका घटनालाई बढवा दिने बताइएको छ । मानिस आन्तरिक सौन्दर्यको खोजी गर्नु यस निबन्धको उद्देश्य रहेको बुझिन्छ ।

## ४.५.१६. झ्यालबाट हेर्दा जे देखियो

## ४.५.१६.१. परिचय

प्रस्तुत **झ्यालबाट हेर्दा जे देखियो** नामक निबन्ध सर्वप्रथम **पल्लव** (अङ्क ५, २०६०) मा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  सोह्रौं निबन्धको रूपमा रहेको छ । यस निबन्धको शीर्षक उपवाक्यस्तरको रहेको छ । यस निबन्धमा मानवीय जीवनलाई नजिकबाट नियालिएको छ । समयको गति सँग मानवजीवनको यात्रापनि गतिशील रहेको कुरा उल्लेख गर्दै सामाजिक व्यवहारको यथार्थ चित्र प्रस्तुत गरिएको हुनाले प्रस्तुत निबन्धको शीर्षक र विषयवस्तुबिच तालमेल देखिन्छ ।

## ४.५.१६.२. संरचना

प्रस्तुत **झ्यालबाट हेर्दा जे देखियो** नामक निबन्ध चार पृष्ठमा फैलिएको तथा स-साना आठ अनुच्छेदयोजनाको संरचनामा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित  छ ।

## ४.५.१६.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **झ्यालबाट हेर्दा जे देखियो** नामक निबन्धमा निबन्धकारले मानवीय जीवनयात्राका अनेकौं एकाइहरू देखाउन खोजका छन् । हरेकपल मानिस केही कुराको खोजीका लागि मानिस क्रियाशील रहने भन्दै गतिशील समयको समेत चित्र उतार्ने प्रयास गरिएको छ । आजको हाम्रो समाजमा शिक्षाको ज्योति फैलाउने उद्देश्यका साथ शिक्षा पेशामा लाग्ने शैक्षिक संस्था र शिक्षकहरूभित्र लुकेका विकृति र विसङ्गतिले विद्यार्थीहरूको जीवन अन्योलग्रस्त र कलुषित बनेको भन्दै सामाजिक वातावरण स्वच्छ बनाउन आग्रह गरिएको छ । उदाहरण हेरौं :

> *'यहाँ न स्कुलको कमी छ न पढ्नेहरूको, न पढाउनेहरूको न स्कुल खोल्नेहरूको ! सबै कुरा भएर पनि गुणात्मक शिक्षा दिनसक्ने वातावरण छैन, विद्यार्थीहरूमा पढने प्रवृत्ति छैन, उनीहरूलाई आधुनिक दूरदर्शनहरूले र सिनेमाहरूले यति धेरै जगडेका छन्, ती मुक्त हुन सक्दैनन् ! नहोऊन पनि किन ? गर्भै देखि त्यही सिक्दै आएका छन् ।'* पृ. ४८ ।

यसरी आधुनिकताका नाममा विकृति र विसङ्गतिले हाम्रो समाजमा प्रभाव जमाएको प्रति पनि निबन्धकार असन्तोष व्यक्त गर्छन ।

एकातिर समाजमा विकृति र विसङ्गतिले जरा गाडेको र अर्कोतिर हाम्रो समाजमा विहानवेलुका छाक टार्न मुस्किलपर्ने मानवसमुदायपनि रहेको भन्दै वर्गीय असमानताको चित्र यसरी प्रस्तुत गरेका छन् : *'मान्छेको हिड्नेक्रम बढ्दै छ । अर्को एकजना बल्छी बोकेर आउँदैछ, ऊ नारायणी तीरतिरै जान्छ होला जीवनौषधी खोज्न ।'* (पृ. ४९) ।

यसरी आजको समाज आधुनिकताका नाममा विकृति र विसङ्गतिले ग्रस्त बनेको तथा समाजमा असमानता मौलाउँदै गएको यथार्थ चित्रण गर्ने विषयवस्तु प्रस्तुत निबन्धले ग्रहण गरेको पाइन्छ ।

## ४.५.१६.४. भाषाशैली

प्रस्तुत **झ्यालबाट हेर्दा जे देखियो** नामक निबन्धको भाषा अन्य निबन्धको भन्दा गहन छ । बिम्बात्मक तथा प्रतीकात्मक भाषाशैली निबन्धलाई केही लाक्षणिक बनाएको पाइन्छ । आलङ्कारिक भाषाशैलीले निबन्ध केही गहन बनेको छ । उदाहरण हेरौं : *'जरा-जीर्ण लाग्ने त्यो रूख पनि बसन्तले हरियाली भरिदिएकाले नौजवानझैं लाग्ने पियक्कड बुढो उभिएझैं प्रतीत हुन्छ ।'* (पृ. ४७), *'मन्दमन्द हावाले सिसौका अति सुन्दर उँधेलिएका हाँगालाई हल्लाउँदा कुनै युवकले युवतीका हात मुसारेझैं प्रतीत हुन्छ ।'* पृ. ४६ ।

यसका अतिरिक्त *पाइन्ट, सर्ट, टाई, क्यान्टिन, टेस्टी, वार्निङबेल* आदि अङ्ग्रेजी शब्द तथा *सर ! मे आइ गो टु ट्वाइलेट ? मे आइ कम इन सर ?* जस्ता अङ्ग्रेजी वाक्यको प्रयोग पाइन्छ । *पुलुक्क, खङ्ग्रङ्ग, टङटङ टङ्टङ्* जस्ता अनुकरणात्मक शब्दको प्रयोगले निबन्धलाई श्रुतिमधुर बनाएको पाइन्छ ।

## ४.५.१६.५. उद्देश्य

प्रस्तुत **झ्यालबाट हेर्दा जे देखियो** नामक निबन्धमार्फत् निबन्धकार आफै पनि शिक्षक भएकाले समाजमा शैक्षिक क्षेत्रमा देखिने अराजकता अन्योल असंगतिप्रति सचेत छन् त्यसलाई समूल रूपमा हटाउनुपर्ने विचार अभिव्यक्त गरिएको छ । नेपालको शिक्षाको क्षेत्रमा देखिएको विकृति, आधुनिकताका नाममा नेपाली समाजमा भित्रिएको विसङ्गति र समाजको वर्गीय असमानताको यथार्थको चित्रण गरेका छन् । विदेशी शैलीको अन्धानुकरण नगरी राम्रा कुरा ग्रहण गर्नुपर्ने, शिक्षालाई मर्यादित र स्तरीय बनाउनुपर्ने र समानतामूलक समाजको परिकल्पनामा लाग्नुपर्ने वैचारिकता प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य रहेको बुझिन्छ ।

## ४.५.१७. समयसँग के सम्झौत ?

## ४.५.१७.१. परिचय

प्रस्तुत **समयसँग के सम्झौत ?** नामक निबन्ध सर्वप्रथम **रजस्थल** (वर्ष १२, पूर्णाङ्क ३६, २०६५) पत्रिकमा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित सत्रौं निबन्धको रूपमा रहेको छ । यस निबन्धको शीर्षक उपवाक्य स्तरको रहेको छ । यस निबन्धमा समय निरन्तर चलिरहने प्रक्रिया भएको र यो अनन्त यात्रामा निरन्तर गतिशील हुने कुरालाई बताइएको छ । समयको शक्तिलाई कलात्मक तरिकाले प्रस्तुत गरिएको यस निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यता पाइन्छ ।

### ४.५.१७.२. संरचना

प्रस्तुत **समयसँग के सम्झौत** ? नामक निबन्ध तीन पृष्ठमा फैलिएको तथा स-साना पाँच अनुच्छेदयोजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.५.१७.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **समयसँग के सम्झौत** ? नामक निबन्धमार्फत् निबन्धकारले समयको महत्त्व र गतिशीलतालाई प्रस्तुत गरेका छन् । समय निरन्तर चलिरहेन तत्त्व भएकाले सधैं बलवान हुने कुरालाई कलात्मक तरिकाले यसरी प्रस्तुत गरिएको छ : *'समयसँग के सम्झौता हुनसक्छ ? यो त अविच्छिन्न प्रवाह रहेछ ! नदीनाला सुक्न सक्छन् तर समय सुक्ने कल्पना गर्न सकिदैन ।'* (पृ. ५०) ।

समय ईश्वर जत्तिकै बलवान छ भन्दै समय नै ईश्वर भएको तथ्य प्रस्तुत गरेका छन् । ईश्वर र समयलाई निबन्धकारले समस्तरमा राख्ने खानलको दार्शनिक चिन्तन यस निबन्धमा यसरी पोखिएको छ : *'उपनिषद् अझ के कम ? महत्त्वपूर्ण उद्‌गार गर्छ-सम्पूर्णबाट सम्पूर्ण झिक्दा पनि सम्पूर्ण नै बाँकी रहन्छ । त्यसैले ईश्वर छ कि भनेर मूर्ति-मूर्तिमा र मन्दिर-मन्दिरमा चियाउनुभन्दा समय अथवा त्यसैको व्यापकतालाई नै ईश्वर माने हुन्छ ।'* (पृ. ५१) ।

एकतामा शक्ति हुने भन्दै विभाजनको श्रृङ्खलाले मानिस शक्तिहीन बन्ने विचार वस्तुत गर्दै नेपालीहरू विभाजित भएकाले निर्बलिया भएको तथ्यलाई प्रस्तुत गर्दै सम्पूर्ण नागरिक एक भई राष्ट्रनिर्माणमा जुट्नुपर्ने कुरालाई यसरी प्रस्तुत गरिएको छ :*'समय साह्रै बलवान् रहेछ । अविभाज्य वस्तु बलवान हुनु स्वाभाविक छ । हामी चाहिँ बल भएर पनि निर्बलिया ।'* (पृ. ५१) ।

यसरी समयको अनन्त शक्तिबाट शिक्षालिएर सधैं गतिशील हुनुपर्ने तथा एकतामा बलहुने भन्दै सबै देशवासी एकत्रित भएर अगाडि बड्नुपर्ने कुरालाई प्रस्तुत गर्ने विषयवस्तु यस निबन्धले संयोजन गरेको पाइन्छ ।

### ४.५.१७.४. भाषाशैली

प्रस्तुत **समयसँग के सम्झौत** ? नामक निबन्धको भाषाशैली अन्य निबन्धको भन्दा गहन र क्लिष्ट देखिन्छ । विभिन्न बिम्ब र प्रतीकहरूको संयोजनगरी दार्शनिक चेतना प्रस्तुत भएको यस निबन्ध आलङ्कारिक भाषाशैलीले युक्त छ । उदाहरण हेरौं : *'समय प्रत्येक वस्तुभित्र छ प्रह्लादको भगवान झैं ! समयले फलाउँछ पनि जलाउँछ पनि ।* (पृ. ५२), *'समयको प्रसवपीडा सजीव-निर्जीव कसलाई छैन र ? बरू समयको पीडाबोध समयलाई नै छैन ।'* (पृ. ५२) ।

यसरी यो निबन्ध अलि लाक्षणिक शैलीले युक्त छ, यसका अतिरिक्त संस्कृतका *शून्यम्, क्षणिकम्, नैनं छिन्दनित शस्त्राणि* जस्ता शब्द र सुक्तिले पनि निबन्धलाई सजाएको पाइन्छ ।

### ४.५.१७.५. उद्‌देश्य

प्रस्तुत **समयसँग के सम्झौत** ? नामक निबन्धमार्फत् निबन्धकारले समयको महत्त्व, उपयोगिता र विशेषतालाई चित्रण गर्ने प्रयास गरेका छन् । गतिशीलता समयको कर्तव्य भएकाले समय वलबान भएको भन्दै समय नै ईश्वर भएको वैचारिकता प्रस्तुत गरेका छन् मानिस

पनि बलवान र सफल हुने हो भने समयको प्रवृत्ति अनुसरण गर्नुपर्ने भन्दै समयको महत्त्व र शक्तिलाई प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य रहेको पाइन्छ ।

### ४.५.१८. आत्म-मूल्याङ्कनको खोज

### ४.५.१८.१. परिचय

प्रस्तुत **आत्म-मूल्याङ्कनको खोज** नामक निबन्ध सर्वप्रथम **हाम्रो पुरूषार्थ** (वर्ष ३५, अङ्क १, पूर्णाङ्क ५४, २०६४) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा अठ्ठारौं निबन्धको रूपमा सङ्ग्रहित निबन्ध हो । यो निबन्धको शीर्षक पदावलीस्तरको रहेको छ । यो निबन्धमा वर्तमान समयमा हामी सबैले आफ्ना बानी व्यवहार र आफूभित्रको क्षमताका आधारमा आफूलाई चिन्न सक्नुपर्ने त्यसपछि मात्र अरूलाई चिन्न सकिने कुरा प्रस्तुत गरिएको छ । देशका शासकदेखि जनतासम्म सबैले आफ्नो क्षमताका आधारमा आफ्नो पहिचान बनाएर राष्ट्रनिर्माणमा जुट्नुपर्नेतर्फ संकेत गरिएको पाइन्छ । हाम्रो संस्कृति अरूलाई दोष दिएर आफ्नो गल्ती ढाकछोप गर्ने र अरूलाई गलत सावित गरेर अगाडि बढ्ने रहेको कुरालाई कलात्मक तरिकाले प्रस्तुत गरिएको छ । त्यसैले प्रस्तुत निबन्धको शीर्षक र मूलभावबिच तालमेल देखिन्छ ।

### ४.५.१८.२. संरचना

प्रस्तुत **आत्म-मूल्याङ्कनको खोज** नामक निबन्ध तीन पृष्ठमा फैलिएको तथा स-साना आठ अनुच्छेद योजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.५.१८.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **आत्म-मूल्याङ्कनको खोज** नामक निबन्धमा निबन्धकारले आजको जटिल समाजको चित्र उतारेका छन् । यस समाजका अभिन्न अङ्गका रूपमा रहेका शिक्षक, विद्यार्थी, राजनीतिक दल, राजनेताहरू, राज्यका कर्मचारीहरू सबैमा रहेको अहमवादी सोचको चित्रण गरेका छन् जसका कारण समाज विकृत र विसङ्गत बन्दै गइरहेको छ । यी समाजका विभिन्न घटकहरूले आफूलाई चिन्न नसकेको तीतो यथार्थ प्रस्तुत भएको छ । देश बनाउने सभ्यनागरिक, शैक्षिक संस्था र सरकारका कर्मचारीहरूको प्रवृत्तिलाई निबन्धकार यसरी नियाल्छन् : *'नेपाल सानो छ भने शिक्षित समाज अझै सानो ! विश्वविद्यालयको परिधि झन सानो छ । त्यहाँ कार्यरत कर्मचारीहरूका सोचाइहरू अझै साना छन् ।'* (पृ. ५३) ।

आजको विद्यार्थीवर्ग शिक्षा आर्जन भन्दा राम्रो अङ्कसँगै उपाधि प्राप्त गर्ने उद्देश्यले विद्यालय धाउने हुनाले देशको मुहार फेर्ने जिम्मेवारीबाट टाढा भएको यथार्थता यसरी प्रस्तुत गरिएको छ : *एकजना विद्यार्थीले आन्तरिक मूल्याङ्कनको परीक्षकलाई भनेछ-'सर ! मलाई राम्रो अङ्क दिनुहोस् तपाईलाई म अवश्य केही गरूला !'* (पृ. ५४) ।

यसरी देशका सबै तह र श्रेणीका नागरिकहरूले स्वयम्को आत्मपूल्याङ्कन गर्न जरूरी भएको छ । आफूले आफैलाई पहिले चिन्नुपर्ने त्यसपछि मात्र अरूलाई बुझ्न सकिने कुरा बताउँदै समाजका शैक्षिक संस्था, राजनीतिक दल र नेताका विकृत पक्षको चित्रण यस निबन्धले गरेको छ ।

### ४.५.१८.४. भाषाशैली

प्रस्तुत **आत्म-मूल्याङ्कनको खोज** नामक निबन्ध प्रथमपुरूष कथनढाँचामा सृजना भएको छ । कतिपय ठाँउमा निबन्धकार आफै उपस्थित भएर घटनाक्रम अगाडि बढाएका छन् । जसले गर्दा निबन्ध स्वाभाविक देखिन्छ । सरल र संयुक्त वाक्यको प्रयोग भएको यस निबन्धमा कताकति *जुनियर, सोर्सबाल, सोर्स-फोर्सको चार्ज* आदि अङ्ग्रेजी शब्दको पनि प्रयोग पाइन्छ । विषयवस्तुलाई घुमाउरो पाराले पुष्टि गरेको यस निबन्धको भाषा व्यङ्ग्यमूलक देखिन्छ । आलङ्कारिक तथा प्रतीकात्मक भाषाले यस निबन्धलाई गहन बनाएको छ । उदाहरण हेरौं : *'म यही भन्न चाहन्छु कि आजका भेडा विद्यार्थीलाई धोएर भोलि कस्तुरी बनाऊँ ! तर धोइने चाहना पनि त हुनु पऱ्यो ।'* (पृ. ५३), *'आज विज्ञानले खाएको जुठो युगमा हामी पूजासामग्री चढाइरहेछौं तथापि हामी अरूबाट गिज्याइन्छौं ।'* (पृ. ५५) ।

### ४.५.१८.५. उद्देश्य

प्रस्तुत **आत्म-मूल्याङ्कनको खोज** नामक निबन्धमार्फत् निबन्धकारले शैक्षिक संस्थाका विकृति र विसङ्गति र उच्च पदमा बसेकाहरूले सम्पूर्ण विद्यार्थीको जीवनरेखा कोर्ने कार्यमा सर्वप्रथम आफ्नो मूल्याङ्कन गर्नुपर्ने वैचारिकता प्रस्तुत गरेका छन् । तमाम भविष्यका कर्णधारहरूको भविष्यरेखा कोर्ने मूल्याङ्कनकर्ता निकै संवेदनशील बन्नुपर्ने भन्दै शैक्षिक संस्थाको मूल्याङ्कन प्रणालीको सचित्र उतारिएको छ । आजका मूल्याङ्कनकर्ताको मानसिकता गैरजिम्मेवारीले भरिएको यथार्थताप्रतिको निबन्धकारको रोष यसरी प्रकट भएको पाइन्छ : *'मुखमा आएका वाणीका तुलनामा परीक्षार्थीको हस्ताक्षरलाई नै शिरोपर लिन्छु र अङ्क प्रदान गर्छु कहाँ छ परीक्षकको स्वत्व ?'* (पृ. ५४) ।

यसरी समाज, राजनीति, शैक्षिक संस्था आदि भित्रका विकृति र विसङ्गतिको पर्दाफास गर्नु यो निबन्धको उद्देश्य रहेको पाइन्छ । यस्ता विकृति र विसङ्गति अन्त्य गर्दै स्वस्थ समाजको परिकल्पना तर्फ प्रस्तुत निबन्ध अग्रसर देखिन्छ ।

### ४.५.१९. फूल : प्रेरणाका मूल

### ४.५.१९.१. परिचय

प्रस्तुत **फूल : प्रेरणाका मूल** नामक निबन्ध सर्वप्रथम **नारायणी स्मारिक** (सन् २००९) मा प्रकाशित भएको र पछि यस सङ्ग्रहमा सङ्ग्रहित  निबन्धको रूपमा रहेको छ । यस निबन्धको शीर्षक पदावलीकोस्तरमा रहेको पाइन्छ । यस निबन्धमा सौन्दर्यको प्रतीक फूलको प्रसङ्ग उठाउँदै फूललाई मानवीय जीवनका अनेकौं एकाईमा जोडेर देखाउने प्रयास गरेकाले प्रस्तुत निबन्धको शीर्षक र विषयवस्तुबिच तादात्म्यभाव पाइन्छ ।

### ४.५.१९.२. संरचना

प्रस्तुत **फूल : प्रेरणाका मूल** नामक निबन्ध एक पृष्ठमा फैलिएको तथा तीन अनुच्छेदयोजनाको संरचनामा संरचित यस सङ्ग्रहकै लघु निबन्धहरू मध्ये एक निबन्ध हो ।

### ४.५.१९.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **फूल : प्रेरणाका मूल** नामक निबन्धमार्फत् निबन्धकारले फूलको सौन्दर्यलाई मानवीय जीवनसँग जोडेर मानवीय जीवनपनि फूल जस्तै सुन्दर हुनुपर्नेतर्फ सङ्केत गरेका छन् । प्रकृतिको अभिन्न अङ्ग सौन्दर्यको खानी फूलले प्रकृतिलाई मात्र नसजाएर समग्र मानवजीवनलाई पनि सुगन्धित बनाउने बताइएको छ । फूलबाट हामीले पनि कोही शिक्षा ग्रहण गर्नुपर्नेतर्फ सङ्केत गरेका छन् । फूल जस्तोसुकै ठाउँमा फुलेपनि सुगन्धदिने भन्दै मानवीय जीवनको प्रतिकूलतामा अनुकूलताको खोजी गरिएको छ । फूललाई अनन्त प्रेरणाको स्रोतको रूपमा लिँदै निबन्धकार यसरी प्रस्तुत हुन्छन् : *'फूल फुल्छन् कि वसन्तमा कि शरदमा ! प्रेरणाका अनमोल फूल फुल्न कुनै ऋतुविशेष चाहिन्न ।'* (पृ. ५६)।

यसरी फूलको सौन्दर्य र विशेषतासँग मानवीय जीवनको सम्बन्ध रहेको बताउँदै मानवीय जीवनपनि फूलजस्तै सबैतिरबाट सुन्दर र सुगन्धित हुनुपर्ने वैचारिकता सहितको विषयवस्तु यस निबन्धले बोकेको पाइन्छ ।

### ४.५.१९.४. भाषाशैली

प्रस्तुत **फूल : प्रेरणाका मूल** नामक निबन्ध आयामका दृष्टिले सानो भएपनि यसमा प्रयुक्त भाव गहन छ । यसरी गहन भाव बोकेको निबन्धको भाषाशैली गतिशीलका साथै बिम्बात्मक पनि बनेको छ । आलङ्कारिक भाषाशैली यस निबन्धको प्राणझैं प्रतीत हुन्छ । उदाहरण हेरौं : *'चाँप, गुराँस, गुहेँली आदिका वृक्ष-फूल मानौ सौन्दर्यकी देवीका शैय्याका सुकुमार झूल हुन् ।'* (पृ. ५६), *'हेर्दाहेर्दै पूर्वबाट हरेक प्रातः एउटा सूर्यमुखीले संसारै झपक्क पार्छ र निशालाई चौकाचौंध बनाउने चन्द्रमुखीले जस्तै अनौठो छवि छर्छ ।'* (पृ. ५६) ।

### ४.५.१९.५. उद्देश्य

प्रस्तुत **फूल : प्रेरणाका मूल** नामक निबन्धमार्फत् निबन्धकारले प्राकृतिक सौन्दर्यको मुख्य स्रोत फूलको वर्णन गर्दै मानवीय जीवनलाई पनि सबैतिरबाट सुन्दर र सुगन्धित बनाउनुपर्ने वैचारिकता प्रस्तुत गर्न खोजिएका छन् । जसरी फूललाई देख्नेबित्तिकै त्यसको सुन्दरताबाट मोहित बनेर जो कोही पनि लालायित हुन्छन् त्यसैगरी हाम्रो जीवनलाई पनि परिश्रम, मिहिनत, सभ्यता र अनुशासन आदिको संयोजनबाट फूलजस्तै सुगन्धित र सुन्दर बनाउनुपर्ने विचार प्रस्तुत गरिएको छ । फूलको सुन्दरताबाट मोहित मात्र नभई प्रेरणाको स्रोतका रूपमा लिएर अगाडि बढ्नुपर्ने वैचारिकता यस निबन्धमा प्रस्तुत भएको पाइन्छ ।

### ४.५.२०. छाँया

### ४.५.२०.१. परिचय

प्रस्तुत **छाँया** नामक निबन्ध सर्वप्रथम **क्षितिज स्वर्ण स्मारिका** (अमर उ.मा.वि. पटिहानी, २०६१) मा प्रकाशित भएको पछि यसै सङ्ग्रहमा सङ्ग्रहित बीसौं निबन्धको रूपमा रहेको छ । यस निबन्धको शीर्षक शब्दात्मक रहेको छ । प्रस्तुत निबन्धमा प्रकृतिको वर्णन पाइन्छ । घाम र छायाको सम्वन्ध देखाउादै जीवनलाई पनि घाम छायासँग तुलनागर्ने प्रयास गरिएको छ । घामलाई पुरूषको र

छायालाई महिलाको प्रतीकका रूपमा चर्चागर्दै जीवनमा महिला र पुरूषको सहअस्तित्त्वको चर्चा साङ्केतिक रूपमा पाइन्छ । त्यसैले यो निबन्धको शीर्षक र विषयवस्तुबिच तालमेल पाइन्छ ।

## ४.५.२०.२. संरचना

प्रस्तुत **छाँया** नामक निबन्ध तीन पृष्ठमा फैलिएको तथा स-साना छ अनुच्छेदयोजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

## ४.५.२०.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **छाँया** नामक निबन्धमा निबन्धकारले प्रकृतिको विचित्रताको वर्णन प्रस्तुत गरेका छन् । प्रकृति र जीवनका बीच सहअस्तित्त्व समानता रहेको छ । प्रकृतिले मानिसलाई जीवन जिउन सहज बनाएको कुरा बताइएको छ साथै प्रकृतिविना मानवीय जीवन सम्भव नभएको बताइएको छ । सारा संसार गतिशील बनाउने तत्त्व नै घाम र छाया भएको बताउँदै यी विना हाम्रो अस्तित्त्व नै नरहने कुरालाई निबन्धकार यसरी व्यक्त गर्छन् : *'देखियो, छाँया र सूर्यको अन्योन्य सम्बन्धमा नै धर्तीमा मुस्कुराहट छ, आकाशमा सुवास छ, प्रकृतिमा विश्वास छ, पर्यावरणमा जीवन छ तर यी दुवैको घरमा जब ताला लाग्छ, अब एकछिन घोरिएर कल्पना गरी हेरौं- हाम्रो जिन्दगी कति कौडीको रहन्छ ?'* (पृ. ५७) ।

सूर्यलाई पुरूषको र छाँयालाई स्त्रीजातिको प्रतीकको रूपमा लिइएको छ । जसरी हाम्रो समाजमा महिलाजतिलाई पुरूष सरह सम्मान र अधिकार छैन र महिलाले पुरूषको नियन्त्रणमा रहेर उनीहरूको इच्छा अनुसार जीवन जिउनुपर्छ त्यस्तै गरी छाँयापनि घामको इच्छामा रमाउनुपर्ने तथ्य प्रष्ट पारिएको छ । समाजमा महिलालाई शोषण, दमन, अत्याचार गर्ने क्रम नरोकिएको र अझै यथावत् रहेको कुरालाई प्रष्ट्याउन निबन्धकार घाम र छाँयाको यसरी सहारा दिन्छन् : *'छाँयाको स्थायी स्वरूप छ तर सूर्यका चलखेलमा बल्झिनु पर्दा कठपुतली बनेकी छन्, नारीहरू पुस्तौनी पुरूषका कठपुतली बनेझैं !'* (पृ. ५९) ।

यसरी प्रकृति र मानवीय जीवनबिच तादात्म्यता देखाउँदै मानिस र प्रकृतिको सम्बन्धलाई प्रष्ट्याउने विषयवस्तुको संयोजन प्रस्तुत निबन्धले गरेको पाइन्छ ।

## ४.५.२०.४. भाषाशैली

प्रस्तुत **छाँया** नामक निबन्ध आत्मपरक शैलीमा लेखिएको छ । प्रकृतिका घाम र छायालाई उदाहरण बनाउँदै विभिन्न बिम्ब र प्रतीकको संयोजन गर्दै लेखकीय विचार प्रस्तुत भएका छन् । यस निबन्धको भाषा आलङ्कारिक तथा बिम्बात्मक रहेको छ । प्रकृतिको नियमलाई विषयवस्तुका रूपमा ग्रहण गर्दै घाम र छाँयालाई मानवीकरण गरिएको पाइन्छ । दिन र रात पनि प्रकृतिकै नियम भित्र पर्दछ तर प्रस्तुत गर्ने शैली निबन्धकारको बेजोड देखिन्छ । उदाहरण हेरौं : *'एकछिन छाया नरहून् त सूर्य छटपटाउँछन् । एक पलक सूर्य नरहून त छायाले गाजलको अवतार लिएर सारा संसारभरि रिसाएर चुक घोप्ट्याउँछिन् ।'* (पृ. ५७), *'अब छाँया फेरि प्रियतमको शुभागमनमा छत्तीस सौन्दर्य बहत्तर श्रृङ्गार ओढेर स्वागतद्वारमा स्नेहको घडा बोकी एकान्त खडा भइरहन्छे, मानौ आजै उसको गर्भाधान संस्कारको वासन्ती मधुमिलन हो ।'* (पृ. ५८) ।

श्रृङ्गारिक तथा रागात्मक भाषाशैलीले निबन्धलाई गहन बनाएको पाइन्छ ।

मूलतः सरल र संयुक्त वाक्य र मिश्रवाक्यको फाट्टफुट्ट प्रयोग भएको पाइन्छ त्यसमापनि क्रियापदहीन मिश्रवाक्यको प्रयोग यस निबन्धमा भेटिन्छ । हेरौं :*'जहाँ माधुर्य, त्यहाँ सौन्दर्य ।'* (पृ. ५९)।

## ४.५.२०.५. उद्देश्य

प्रस्तुत **छाँया** नामक निबन्धमार्फत् निबन्धकारले प्रकृतिको नियमको सापेक्षतामा मानवीय जीवनलाई नियाल्ने प्रयास गरेका छन् । विशेष गरेर निबन्धकारले यस निबन्धमा घामलाई पुरूष र छाँयालाई स्त्रीजातिको रूपमा चित्रण गर्दै महिला र पुरूष एक अर्काविनाको जीवन अधुरो रहेको बताउन खोजेका छन् । पुरूषले महिलाविनाको जीवन अगाडि बढाउन नसक्ने हुँदाहुँदैपनि महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन नआएको गम्भीर प्रश्न उठाउने उद्देश्य लिएको पाइन्छ । महिलालाई हेर्ने परम्परागत दृष्टिकोण त्यागेर आफ्नो जीवनको अभिन्न अङ्ग बनाएर सहअस्तित्त्व कायम राख्नुपर्ने वैचारिकता प्रस्तुत गर्नु यस निबन्धको लक्ष्य रहेको बुझिन्छ ।

## ४.५.२१. दोहोऱ्याएर ..'"एब्स्ट्रयाक्ट चिन्तन : प्याज' पढ्दा

## ४.५.२१.१. परिचय

प्रस्तुत **दोहोऱ्याएर 'एब्स्ट्रयाक्ट चिन्तन : प्याज' पढ्दा** नामक निबन्ध सर्वप्रथम **वागीश्वरी** ( वर्ष १८, अङ्क १४, २०६३) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहको एक्काइसौं निबन्धको रूपमा सङ्ग्रहित निबन्ध हो । यो निबन्धको शीर्षक उपवाक्यस्तरको रहेको छ । निबन्धकार शंकर लामिछानेको नि.स. एब्स्ट्रयाक्ट चिन्तन : प्याजको सामान्य परिचयात्मक समीक्षा प्रस्तुत गरिएको पाइन्छ साथै निबन्धकारको राष्ट्रपतिको चिन्तापनि प्रस्तुत गरिएको छ जसकाकारण प्रस्तुत निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव पाइन्छ ।

## ४.५.२१.२. संरचना

प्रस्तुत **दोहोऱ्याएर 'एब्स्ट्रयाक्ट चिन्तन : प्याज' पढ्दा** नामक निबन्ध पाँच पृष्ठमा फैलिएको तथा स-साना नौवटा अनुच्छेदयोजनाको संरचनामा संरचित निबन्ध हो ।

## ४.५.२१.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **दोहोऱ्याएर 'एब्स्ट्रयाक्ट चिन्तन : प्याज' पढ्दा** नामक निबन्धमा निबन्धकार खनालले शंकर लामिछानेको नि.स. *एब्स्ट्रयाक्ट चिन्तन : प्याज* भित्र रहेका दश निबन्धहरूको सामान्य टिप्पणी गरेका छन् । शंकर लामिछानेको लेखनशैली र प्रभावलाई विषयवस्तुको सापेक्षतामा चित्रण गरिएको पाइन्छ । लामिछानेको निबन्धात्मक रचनाहरूभित्रका विषयलाई खनाल यसरी देखाउन खोजेका छन् : *'फेरि मेरा आँखा 'तारा पुञ्ज' निबन्धमा पुग्यो, त्यहाँ ब्रेल देख्दा लिपिको कुरा होला भनेर ! तर त्यहाँ त टाइपराइटर र त्यसको गुणगान तथा दोषस्थानको पो वर्णन रहेछ ।'* (पृ. ६२), *'पालो 'देउताको काम' नामक शीर्षकको आयो: यो पहिलो निबन्ध हो मैले पढैं । छोरीले उसको बाबुले गर्ने व्यवसाय बारेको खुलासा वाक्याशं रहेछ प्रकट गरेको !'* (पृ. ६२) ।

यसका अतिरिक्त निबन्धकार खनालले यस निबन्धमार्फत् देशको तत्कालीन विषम् परिस्थिति र अवस्थाको चित्रण गरेका छन् । देशले राज्य र विद्रोहीका नाममा कष्ट र पीडा भोगेको दृष्यलाई टपक्क टिपेर निबन्धको विषयवस्तु बनाएका छन् । उदाहरण हेरौं :*'आजैदेखि नेपालभरी नाकाबन्दी सुरू छ । चैत्र चार गतेको अन्तर्वार्ता सकेर के गरी चितवन पुग्ने ? गुडेर या उडेर ? म अन्योलग्रस्त छु मेरो राष्ट्रझैं !'* (पृ. ६४) ।

देशका शासक भनाउँदाहरूले आफ्नो स्वार्थमा सम्पूर्ण राष्ट्र र जनताको खुसी खोसेका छन् । सबैले आ-आफ्नो स्थानबाट त्याग गरेर राष्ट्रलाई युद्धको चपेटाबाट छुटकारा दिनुपर्ने जस्तो गम्भीर विषयवस्तुको अभिव्यक्ति पाइन्छ । उदाहरण हेरौं : *'मलाई साहित्यकारको पदवी चाहिँदैन बरू शान्तिवार्ता देऊ । मैले राजीनामा गरे सन्तुष्ट हुन्छौ भने लौ यही भयो त्यागपत्र !'* (पृ. ६४) ।

## ४.५.२१.४. भाषाशैली

प्रस्तुत **दोहोऱ्याएर 'एब्स्ट्रयाक्ट चिन्तन : प्याज' पढ्दा** नामक निबन्ध सरल भाषाशैलीले युक्त रहेको छ । स-साना अनुच्छेद योजना तथा सुबोध भाषाको प्रयोगले निबन्धलाई सजीव बनाएको पाइन्छ । निबन्धको प्रायजसो अंशमा शंकर लामिछानेको निबन्ध सङ्ग्रहको समीक्षात्मक परिचय प्रस्तुत गर्नमा लागेको यस निबन्धको शैली समीक्षात्मक रहेको पाइन्छ । कतैकतै अङ्ग्रेजीका *एब्स्ट्रयाक्ट, पेन्डुलम्, टापराइटर* आदि शब्द तथा *नेपाल आर्ट एण्ड हेन्डिक्राफ्ट सेनटर* जस्ता वाक्यको प्रयोग पाइन्छ । त्यस्तै संस्कृतको *जोडन्तम् संस्कृत बोलन्तम्* र नेपाली टुक्का *न हाँस्नु न रूनु* को प्रयोग पनि भएको पाइन्छ । समग्रमा प्रस्तुत निबन्धको भाषाशैली सरल नै देखिन्छ ।

## ४.५.२१.५. उद्देश्य

प्रस्तुत **दोहोऱ्याएर 'एब्स्ट्रयाक्ट चिन्तन : प्याज' पढ्दा** नामक निबन्धमार्फत् निबन्धकार खनालले शंकर लामिछानेको निबन्ध सङ्ग्रहको सामान्य परिचय प्रस्तुत गरेको पाइन्छ । अमूर्तता भित्रको मूर्तताको खोजी गरिएको छ । त्यसका अलवा देशको तत्कालीन समयको चित्रण गर्दै देशले भोगेको द्वन्द्वको पीडालाई चित्रण गर्ने उद्देश्यपनि लिएको पाइन्छ । द्वन्द्वले देशलाई निकै पीडा दिएको र देशमा अशान्ति, हिंसा र त्रास फैलिएको विषयलाई कलात्मक तरिकाले प्रस्तुत गरिएको छ । द्वन्द्वको कारण देश घाइतेबनेको हुनाले शान्ति हराएकोप्रति सङ्केत गर्दै देशमा शान्ति स्थापना आजको आवश्यकता भएको वैचारिकता प्रस्तुत गर्ने यस निबन्धको उद्देश्य रहेको पाइन्छ । उदाहरण हेरौं : *'त्यो मोरी शान्ति पनि त उही एक्कै पटक झुल्किएकी हो छोरी सुषमालाई बोकेर, अब कुन्नि कता हराई !'* (पृ. ६४) ।

## ४.५.२२. पानी परमेश्वर

## ४.५.२२.१. परिचय

प्रस्तुत **पानी परमेश्वर** नामक निबन्ध सर्वप्रथम **जनमत** (वर्ष २६, अङ्क ३, पूर्णाङ्क १४०, २०६५) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  वाइसौं निबन्धको रूपमा रहेको छ । यस निबन्धको शीर्षक पदावलीस्तरको रहेको छ । यस निबन्धमा नेपाल जलस्रोतको दोस्रो धनी भएको तथ्य प्रस्तुत गर्दै पानीको सदुपयोग मात्रै गर्न सके यो नेपालीका लागि परमेश्वर सरह हुने

भन्दै पानीलाई समृद्धिसँग जोडेर हेरिएको छ । यसकारण प्रस्तुत नेपालको निबन्धको शीर्षक र कथ्यबिच तालमेल देखिन्छ ।

### ४.५.२२.२. संरचना

प्रस्तुत **पानी परमेश्वर** नामक निबन्ध पाँच पृष्ठमा फैलिएको तथा नौ अनुच्छेदयोजनाको संरचनामा संरचित निबन्धको रूपमा रहेको छ ।

### ४.५.२२.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **पानी परमेश्वर** नामक निबन्धमा नेपालको प्राकृतिक सम्पदाको रूपमा रहेको जलसम्पदाको उपयोग गर्न सके हाम्रो देशलाई विकसित तुल्याउन सक्ने विचार प्रस्तुत गरिएको पाइन्छ । यो अथाह शक्तिका रूपमा रहेको पानीको बढी भन्दा बढी मात्रामा सदुपयोग गर्नसके हाम्रो देश समृद्दितर्फ अगाडि बढ्न सक्ने तथ्य प्रस्तुत गरिएको छ । पानीको सदुपयोग गर्नसके देशलाई अन्धकारको खाडलबाट मुक्त गर्न सकिने भन्दै वर्तमान उर्जा सङ्कटको चित्रण यसरी गरिएको छ : *'विद्युत्को वैकल्पिक उर्जा आजको आवश्यकता हो कि होइन ?'* (पृ. ६८) ।

पानीको महत्त्वलाई उल्लेख गर्दै पानीविनको जीवन कल्पना गर्न नसकिने तर्फ निबन्धकारको यस्तो सङ्केत पाइन्छ : *'पानीविना जीवन असम्भव छ । त्यसैले स्वतः पानी जीवन हो । यति मात्र हाइन, पानी भुवन वा वन पनि हो ।'* (पृ. ६६) ।

अहिले हाम्रो ध्यान पानीतर्फ नगएको र राजनीतिक दलहरूपनि अ-आफ्नै स्वार्थसिद्धितर्फ उन्मुख बनेकोकुरा औँल्याइएको छ । देशलाई आत्मनिर्भर बनाउन अब ढिला भैसकेको बताउँदै राजनीतिकज्ञको ध्यान कहिले त्यतातिर पुग्ने ? भन्दै असन्तोष यसरी व्यक्त गर्दछन् : *'स्वदेशलाई स्वर्ग बनाउन सक्ने युवा हातहरू खोई कहाँ छन् ? सत्ताको भागवण्डा र राजकीय शक्ति हत्याउन तल्लीन त्यो वर्ग कुन मुसाको दुलामा लुकेको छ र आत्मनिर्भरताको राजमार्ग निर्माणमा ढिलाइ भइरहेछ ?'* ( पृ. ६८) ।

यसरी हाम्रै स्थानीय स्रोत र साधनको उपयोग गर्न नसकिएको कुरा बताइएको छ । उपलब्ध स्रोत र साधनको बढीभन्दा बढी सदुपयोग गरेर देशलाई विकसित तुल्याउन हामी सबै आजैदेखि लाग्नुपर्ने विषयलाई यस निबन्धले प्रस्तुत गरेको पाइन्छ ।

### ४.५.२२.४. भाषाशैली

प्रस्तुत **पानी परमेश्वर** नामक निबन्धको भाषाशैली सरल रहेको छ । यस निबन्धमा सरल तथा संयुक्त वाक्यको प्रयोग पाइन्छ । अभिधाकै तहमा अर्थखुल्ने भाषा यस निबन्धमा प्रयोग भएको पाइन्छ । *कानो कौडी, नमरी संसार देखिन्न* जस्ता उखान र टुक्काको प्रयोग यस निबन्धमा पाइन्छ । *धूमज्योतिः सलिलमरूतां सन्निपातः क्व मेधः ? अतिथि देवो भवः* जस्ता संस्कृतका सूक्तिको प्रयोगले निबन्ध युक्त छ । यस निबन्धमा बिम्बात्मक तथा प्रतीकात्मक भाषाले केही गहनपनि बनाएको पाइन्छ । उदाहरण हेरौं : *'जुन दिन समग्र सृष्टि पूर्वीयहरूका दृष्टिमा पानीमय थियो, मधुकैटभजस्ता राक्षसका अङ्गप्रत्याङ्गबाट धर्तीको काया तयार भयो तैपनि तीन भागमा पानी अझै छ ।'* (पृ. ६७) ।

### ४.५.२२.५. उद्‌देश्य

प्रस्तुत **पानी परमेश्वर** नामक निबन्धमार्फत् निबन्धकारले नेपालको खेर गएको पानीको सदुपयोग गरेमा हुने फाइदालाई बताउन खोजेका छन् । हाम्रो जलस्रोतलाई अधिकतम सदुपयोग गर्दै देशलाई विकसित बनाउन सकिने वैचारिकता यस निबन्धले पेश गरेको छ । राजनीतिक अकर्मण्यताबाट मुक्त भई देशलाई विकसित र समृद्धितर्फ बढाउनुपर्ने विचार प्रस्तुत गर्नु यस निबन्धको मुख्य उद्‌देश्य रहेको बुझिन्छ ।

## ४.५.२३. शून्य नै अन्तिम सत्य

### ४.५.२३.१. परिचय

प्रस्तुत **शून्य नै अन्तिम सत्य** नामक निबन्ध सर्वप्रथम **जनमत** (पूर्णाङ्क १२६, २०६४) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित तेइसौं निबन्ध हो । यस निबन्धको शीर्षक उपवाक्यस्तरको रहेको छ । प्रस्तुत निबन्धमा निबन्धकारले शून्यवादी दृष्टिकोण प्रस्तुत गरेका छन् । शून्यलाई आकाश तथा व्यापकताका रूपमा लिँदै शून्यलाई विराटता र सत्यको पर्यायका रूपमा चित्रण गरिएकाले यस निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव पाइन्छ ।

### ४.५.२३.२. संरचना

प्रस्तुत **शून्य नै अन्तिम सत्य** नामक निबन्ध तीन पृष्ठमा फैलिएको तथा छ अनुच्छेदयोजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.५.२३.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **शून्य नै अन्तिम सत्य** नामक निबन्धमार्फत् निबन्धकारले शून्यप्रतिको चिन्तन प्रस्तुत गरेका छन् । शून्यलाई व्यापकता र विराटताको प्रतीकका रूपमा लिँदै शून्यप्रतिको दार्शनिक चेत प्रस्तुत गरेका छन् । देवकोटा, लेखनाथ र समका शून्यप्रतिको चिन्तनमा निबन्धकार खनाल सहमति प्रकट गर्दछन् । शून्यलाई सर्वव्यापक रहेको बताउँदै दार्शनिकता यसरी प्रस्तुत गर्दछन् : *'शून्यको अर्थ आकाश हो, जसको व्यापकता घाम जुनभैँ छर्लङ्ग छ । त्यस्तो सर्वव्यापक शून्य तत्त्व अज्ञान र असत्य सम्भव हुन्छ ?'* (पृ. ७०) ।

त्यस्तै शून्यलाई श्रृङ्गार रसको साथीका रूपमा लिँदै निबन्धकार आफ्नो शून्यप्रतिको चिन्तन यसरी प्रस्तुत गर्छन् : *'म त भन्छु शून्य श्रृङ्गार रसको सखा हो । रसलाई वेदान्तीहरूले निकै सराएका छन् - रसो वै स : रस नै परब्रह्म हो । म यसलाई मान्छु किनभने श्रृङ्गार रसका निम्ति एकान्त, निर्जनता या शून्यता अपरिहार्य छ ।'* (पृ. ७१) ।

शून्य भनेको व्यापकता हो आकाश शून्य छ व्यापक छ सत्य छ यसको सीमा परिधि भेट्न सकिदैन, जसको छेउ टुप्पो आकार सीमा भेटिदैन त्यही अगम्य अजय शून्यता ईश्वर हो वा हाम्रो ज्ञानले नभेट्ने क्षेत्र ईश्वरीय क्षेत्र हो ।

यसरी प्रस्तुत निबन्धमा निबन्धकार खनालको दार्शनिक चिन्तन प्रस्तुत भएको छ । शून्यप्रतिको दृष्टिकोण नै यस निबन्धको विषयवस्तु बनेको पाइन्छ ।

### ४.५.२३.४. भाषाशैली

प्रस्तुत **शून्य नै अन्तिम सत्य** नामक निबन्ध सरल भाषाशैलीले युक्त छ । शून्यप्रतिको आफ्नो चिन्तन प्रस्तुत गर्नेक्रममा निबन्धकार तार्किक शैली अबलम्वन गर्न पुग्छन् । शून्यप्रतिको दार्शनिक चिन्तन प्रस्तुत गर्ने क्रममा निबन्धकारले संस्कृतका *ब्रह्म सत्यं जगन्मिथ्या ? रसो वै सः,शून्यं वासग्रहं विलोक्य, शून्यमादाय लोकोयं वेदान्तमधिगच्छति* जस्ता तत्सम् शब्दको प्रयोग गरेका छन् । अर्थ नखुलाइएको यी सूक्तिहरूले यस निबन्धलाई केही जटिल बनाएको पाइन्छ । त्यस्तै कवितात्मक भाषाको प्रयोगले निबन्धलाई केही श्रतिमधुरता थपेको अनुभव हुन्छ । उदाहरण हेरौं :

*'सारा उपाधिले शून्य, शून्य आकाश यो घरी ।*
*झल्कन्छ कल्पना शून्य योगीको हृदयैसरी ।'* पृ. ७० ।

### ४.५.२३.५. उद्देश्य

प्रस्तुत **शून्य नै अन्तिम सत्य** नामक निबन्धमार्फत् निबन्धकारले शून्यप्रतिको दृष्टिकोण प्रस्तुत गरेका छन् । दार्शनिक चिन्तन प्रस्तुत गरिएको यस निबन्धमा शून्य नै सत्य हो भन्ने वैचारिकता प्रस्तुत गर्ने उद्देश्य लिइएको पाइन्छ । शून्य नै आकाश, व्यापक, जीवन हो भन्दै शून्यवादी दृष्टिकोण प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य रहेको बुझिन्छ ।

### ४.५.२४. बालक बन्न पाए !

### ४.५.२४.१. परिचय

प्रस्तुत **बालक बन्न पाए !** नामक निबन्ध सर्वप्रथम **छुनामुना बालपत्रिका** (अङ्क ४, ३०६०) मा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित चौबीसौं निबन्ध हो । यो निबन्धको शीर्षक वाक्यात्मक रहेको छ । शीर्षकको अन्त्यमा उद्गार चिन्ह ( ! ) राखिएकाले निबन्धकारको बालक बन्न देखाएको चाहनालाई सङ्केत गर्दछ । यस निबन्धमा मानिसको बालापनको विशेषता र महत्त्वलाई बताउने प्रयास गरिएको छ । बालक अवस्थाका इच्छा चाहना र बालसंसार निकै स्वतन्त्र, सुखी र स्मरणीय हुने हुनाले छलकपट, स्वार्थ र चिन्तारहित अवस्थामा बिताउन पाइने उल्लेख गरिएको छ । अहिलेको प्रौढ अवस्था, समय र परिस्थितिबाट मूक्ति पाई बालक बन्ने चाहना व्यक्त गरिएको विषयवस्तु यस निबन्धले लिएकाले निबन्धको शीर्षक र मूलभावबिच तालमेल देखिन्छ ।

### ४.५.२४.२. संरचना

प्रस्तुत **बालक बन्न पाए !** नामक निबन्ध दुई पृष्ठमा फैलिएको तथा स-साना पाँच अनुच्छेदयोजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.५.२४.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **बालक बन्न पाए !** नामक निबन्धमार्फत् निबन्धकारले आफ्नो बालापनको स्मरण गर्दै बालक बन्ने चाहना व्यक्त गर्दछन् । समयको परिवर्तनशीलतालाई सङ्केत गर्दै छोटो जीवनको चित्र उतारेका छन् । यहाँ मात्र बालापन खोजिएको छैन, यहाँ त वर्तमान समाजको व्यथा र प्रवृत्तिपनि साङ्केतिक रूपमा प्रष्ट्याइएको छ । वर्तमान अवस्थामा मानिस बालककाल काटेर जब युवा र प्रौढ

अवस्थामा पुग्छ त्यतिखेर उसले समाजमा स्वार्थी, शोषक, हिंस्रक र दानवीय प्रवृत्ति देखाउन वाध्य हुन्छ, कुनैपनि व्यक्ति स्वतन्त्र र चिन्तारहित अवस्थामा रहन नसक्ने कुरालाई सङ्केत गरिएको छ । त्यसैले बालककाल वा बाल्यावस्थामा उन्मूक्त हाँसो हास्न सकिन्छ, मन फुरूङ्ग बनाई नाच्न सकिन्छ र स्वतन्त्रताका साथमा दिन बिताउन पाइन्छ भन्दै आजको अस्तव्यस्त समाजको प्रवृत्ति चित्रण गर्न खोजिएको छ । आजको मानिस परिस्थितिको दास बनेको भन्दै विभिन्न अभावका कारण न रमाउन सक्छ, न खेल्न सक्छ, न मुस्कुराउन सक्छ भन्दै स्वार्थी र विकृत समाजको चित्रण गरेका छन् । कुनैपनि व्यक्ति जब बाल्यावस्थाबाट युवक र प्रौढ हुन्छ ऊ परिस्थितिको दास बनेर आफ्ना सपना र चाहनालाई अभावसँग साट्ने गर्छ भन्दै बाल्यावस्थाको यसरी चर्चा गरेका छन् : *'म बालक झैं रमाउन चाहन्छु, शिशुझैं खेल्न चाहन्छु, बच्चाझैं मुस्कुराउन चाहन्छु । यस्ता हजार चाहना म बालकै बनेर पूरा गर्न चाहन्छु ।'* (पृ. ७४) ।

यसरी बालापनको चिन्तारहित र स्वतन्त्रतापूर्वक जिउने जीवनको चित्रण गर्ने विषयवस्तु प्रस्तुत निबन्धले ग्रहण गरेको पाइन्छ ।

## ४.५.२४.४. भाषाशैली

प्रस्तुत **बालक बन्न पाए !** नामक निबन्ध सरल भाषाशैलीले युक्त छ । सरल र संयुक्तवाक्यको अधिक प्रयोग पाइन्छ । निबन्धको भाषा गतिशील रहेको छ । *हातबाट उम्केको माछो ठूलो* जस्तो उखानको प्रयोग पाइन्छ भने अभिधाकै तहमा अर्थ खुल्ने यस निबन्धमा सम्बोधनात्मक शैलीको यसरी पनि प्रयोग गरिएको पाइन्छ : *'ए ! संसारभरिका बालक हो ! आओ, मलाई पनि केही बाल्यावस्थाको मिठो कोसेली खुवाउँदै गर्ओ !'* (पृ. ७४) ।

यस निबन्धमा उद्गार चिन्ह ( !) को अत्यधिक प्रयोग गरिएको पाइन्छ । उदाहरण हेरौं : *'कथा र अनेक चुट्किला-पेचिला कुरा ! कतै म पनि बालक पो बनिहाल्छु कि ! तिमीहरूका कृपाले तिमीहरूजस्तै पो हुन्छु कि फेरि ! ल त अहिले बिदा, बाई ! बाई !!'* (पृ. ७४) ।

## ४.५.२४.५. उद्देश्य

प्रस्तुत **बालक बन्न पाए !** नामक निबन्धमार्फत् निबन्धकारले बालककालको सुन्दर पक्षको चित्रण गरेका छन् । बाल्यावस्था स्वार्थ, चिन्ता, छलकपट आदि भन्दा टाढा रहेको भन्दै वर्तमान अस्तव्यस्त समाजको र मानवीय प्रवृत्तिको चित्र प्रस्तुत गर्ने उद्देश्य लिएको पाइन्छ । बाल्यावस्थामा शोषण, दमन, अत्याचार, पीडा, चिन्ता आदि केहीपनि अनुभव गर्न नपर्ने भन्दै साङ्केतिक रूपमा वर्तमान मानवीय जीवनपद्वतिप्रति व्यङ्ग्य प्रहार गरेको पाइन्छ । साङ्केतिक रूपमा निबन्धकारले बाल्यावस्थाको व्यवहारको चित्रण गर्दै वर्तमान समयको नेपाली समाजको अस्तव्यस्त, विभेदपूर्ण, असमानताले भरिएको समाजको चित्रण गर्ने उद्देश्य लिएको पाइन्छ । साथमा निबन्धकार खनालको बाल्यकालप्रतिको पूर्वस्मृतिमोह पनि प्रस्तुत निबन्धमा चित्रण भएको पाइन्छ ।

## ४.५.२५. चहै-चहै

## ४.५.२५.१. परिचय

प्रस्तुत **चहै-चहै** नामक निबन्ध सर्वप्रथम **छुनामुना बालपत्रिका** (अङ्क ५, २०६२) मा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा पच्चीसौं निबन्धका रूपमा सङ्ग्रहित निबन्ध हो । यस

निबन्धको शीर्षक पदावलीस्तरको रहेको छ । यो निबन्ध नेपाली संस्कृतिको रूपमा रहेको पिङसँग सम्बन्धित शब्द हो । हामी पिङ खेल्दा, मच्चाउँदा भन्ने चहै-चहै शब्द यस निबन्धको शीर्षक बनेको पाइन्छ । यस निबन्धमा बालबालिकामा प्रचलित पिङको परम्परा, उपयोगिता र महत्त्वको बारेमा चर्चा गरिएकोले यस निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव पाइन्छ ।

### ४.५.२५.२. संरचना

प्रस्तुत **चहै-चहै** नामक निबन्ध दुई पृष्ठमा फैलिएको तथा स-साना चार अनुच्छेदयोजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.५.२५.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **चहै-चहै** नामक निबन्ध बालबालिकामा प्रचलित पिङसँग सम्बन्धित छ । नेपाली संस्कृतिको रूपमा रहेको दशैं, तिहारमा बालबालिकाहरू पिङ खेल्ने चलन रहेको पाइन्छ । त्यसै पिङसँग जोडेर नेपाली संस्कृतिलाई पनि स्पर्श गर्न खोजिएको पाइन्छ । मूलतः पिङको परम्परा कहिलेदेखि सुरू भयो भन्नेबाट सुरूभई पिङको विशेषता र महत्त्वलाई यस निबन्धले विषय बनाएको पाइन्छ । पिङको उपयोगितालाई निबन्धकार यसरी प्रस्तुत गर्छन् : *'पिङ जस्तो मनोरञ्जनको साधन के बालक के बालिका, के किशोर, के किशोरी, के युवक के युवती, के वृद्ध के वृद्धा सबै उमेरका मान्छेका लागि उत्तिकै उपयोगी छ ।'* (पृ. ७६) ।

निबन्धकार खनालले पिङको परम्परा पहिल्याउन खोज्दै यसरी तर्कपनि पेश गर्छन् : *'पिङ खेल्ने, परम्परा कहिलेदेखि चल्यो होला त ? यसको खासै इतिहास थाहा नभएपनि वनमा बानर ढेडु आदि जनावर र केही पन्छी समेत पिङ खेलेको देखिएकाले यो चलन मान्छे जङ्गली अवस्थामै हुँदादेखि चलेको हुनपर्छ ।'* (पृ. ७५) ।

यसरी पिङसँग सम्बन्धित विषयवस्तुलाई यस निबन्धले अगाडि बढाएको पाइन्छ ।

### ४.५.२५.४. भाषाशैली

प्रस्तुत **चहै-चहै** नामक निबन्ध अत्यन्तै सरल भाषाशैलीले युक्त छ । सरलवाक्यको अधिक प्रयोग पाइन्छ भने यस निबन्धको अभिधाकै तहमा अर्थ खुल्छ । निबन्धको भाषा गतिशील रहेको छ भने अधिक उद्गार चिन्हको प्रयोगले आश्चर्य, कौतुहल, हर्षभाव प्रस्तुत गरेको छ । सम्बोधनात्मक शैलीले निबन्धलाई रोचक र श्रुतिमधुर बनाएको पाइन्छ । उदाहरण हेरौं :

> *'आहै ! पिङमा मच्चिन कति मज्जा चहै-चहै ! ए श्याम ! ए राम ! हेर हामी त पिङमा हुइँकिन कति मज्जा ! चहै ! चहै ! कति मज्जा ! ए सीता ! ए गीता ! हेर बाबै ! पिङमा हुइकिन कति मज्जा ! चहै ! चहै ! चहै ! चहै !!'* पृ. ७५ ।

त्यस्तै कवितात्मक भाषाको अर्को नमूना हेरौं :

*'जसरी पीङ मच्चिन्छ*
*हिन्दू-जाति उसै गरी ।*
*विश्वमा मच्चिँदै घुम्थ्यो*
*जयका जमरा धरी ॥'* पृ. ७६ ।

त्यस्तैगरी *नमच्चिने पिङको सय झड्का, मच्चियो मच्चियो थच्चियो* जस्ता उखान टुक्काको प्रयोगले निबन्धलाई अझ रोचक बनाएको पाइन्छ । समग्रमा निबन्धको भाषाशैली कोमल रहेको पाइन्छ ।

### ४.५.२५.५. उद्देश्य

प्रस्तुत **चहै-चहै** नामक निबन्धमार्फत् निबन्धकारले पिङको सांस्कृतिक महत्त्व एकातिर छ भने अर्कोतिर मानव जातिको समाजविकासको गतिलाई पनि स्पष्ट्याउन खोजेका छन् । नेपाली संस्कृतिमा आधारित दशैं र तिहार जस्ता चाडपर्वमा खेलिने र मनोरञ्जन लिन सकिने पिङको बारेमा वर्णन गरेका छन् । पिङको रौनक प्रस्तुत गर्दै संस्कृति र परम्परा तथा रीतिरिवाजप्रति अनुराग बढाउने उद्देश्यमा यो निबन्ध केन्द्रित रहेको पाइन्छ ।

### ४.५.२६. नयाँ वर्षका नयाँ अभिलाषाहरू

### ४.५.२६.१. परिचय

प्रस्तुत **नयाँ वर्षका नयाँ अभिलाषाहरू** नामक निबन्ध सर्वप्रथम **सूर्यमुखी** (२०६७) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  छब्बीसौं निबन्धको रूपमा रहेको पाइन्छ । यस निबन्धको शीर्षक उपवाक्यस्तरको रहेको छ । यस निबन्धमा हरेक वर्ष आउने नयाँ वर्षले नयाँ इच्छा चाहना र भावनालाई प्रतिनिधित्व गर्दै वर्तमान समाजका कलुषित व्यवहारलाई त्यागेर स्वच्छ र शान्तिपूर्ण वातावरणको अपेक्षा गरेको छ । वर्षमात्रै नयाँ आएर केही नहुने तर विचारमा नवीनता आउनुपर्ने विषयलाई निबन्धले केन्द्रमा राखेकाले प्रस्तुत निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव पाइन्छ ।

### ४.५.२६.२. संरचना

प्रस्तुत **नयाँ वर्षका नयाँ अभिलाषाहरू** नामक निबन्ध दुई पृष्ठमा फैलिएको तथा स-साना चार अनुच्छेदयोजनाको संरचनामा संरचित निबन्धको रूपमा रहेको पाइन्छ ।

### ४.५.२६.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **नयाँ वर्षका नयाँ अभिलाषाहरू** नामक निबन्धले नेपालीहरूको हर्ष उल्लास र खुसीले भरिएको पर्वको रूपमा रहेको नयाँवर्षलाई विषयवस्तु बनाएको पाइन्छ । नयाँ वर्षले सबैमा खुसीको सञ्चार गर्ने भन्दै समयको गतिशीलतालाई पनि चित्रण गर्न खोजिएको पाइन्छ । नयाँ वर्षलाई पर्वका रूपमै मनाइनेकुराको निबन्धकार यसरी चित्रण गर्दछन् : *'नयाँ वर्ष आउँदा बित्तिकै तपाईका शिशुहरू नयाँ कक्षामा प्रवेश गर्नेछन्, तपाई- हामीलाई अपार हर्ष लाग्ने छ र यसै बहानामा तपाईका शिशुहरूले नयाँ पहिरन पाउनेछन् र खुसीयालीमा मिष्ठान्न वितरण गरिनेछ ।'* (पृ. ७७) ।

यहाँ नयाँवर्ष आउनेबित्तिकै कक्षा चढाउने नेपालको शैक्षिक परिपाटीलाई साङ्केतिक रूपमा व्यङ्ग्य प्रस्तुत गरिएकोछ । शिक्षाले मानवीय जीवनपद्धति, आनिबानी, व्यवहार, अनुशासन, नैतिकतामा जोडदिनुपर्ने भन्दै कक्षा चढाउँदैमा विद्यार्थीमा ज्ञान नबढ्ने तर्फ सङ्केत गरिएको पाइन्छ ।

यस निबन्धमा देशको वर्तमान राजनीतिलाई पनि छुने प्रयत्न गरिएको पाइन्छ । समसामयिक राजनीतिक परिवर्तनलाई सङ्केत गर्दै जनआन्दोलनले नेपाली जनतामा केही आशा जगाएको र देशमा परिवर्तनका सङ्केत देखिन थालेको कुरालाई निबन्धकार यसरी प्रस्तुत गर्दछन् : *'आज देशमा अलिकति आकाश उघ्रेजस्तो छ क्रूरतन्त्र सुस्ताएजस्तो छ, शितल चन्द्रमा उदाएजस्तो छ र कसैले मिठो सर्बत पिलाएजस्तो छ ।'* (पृ. ७८) ।

यसरी नयाँवर्षले दिनमात्र नयाँ नबनाई हरेक मानिसको विचार, भावना, इच्छा चाहना आदिसबैलाई नयाँ बनाउन प्रयास गर्नुपर्ने तथ्यलाई यस निबन्धले मूलभावका रूपमा प्रस्तुत गरेको पाइन्छ ।

## ४.५.२६.४. भाषाशैली

प्रस्तुत **नयाँ वर्षका नयाँ अभिलाषाहरू** नामक निबन्ध सरल भाषाशैलीले युक्त छ । अभिधाकै तहमा अर्थखुल्ने विषयवस्तुको संयोजन गरिएको पाइन्छ भने कतै-कतै साङ्केतिक र व्यङ्ग्यात्मक शैली पनि प्रस्तुत भएको पाइन्छ । निबन्धको भाषा गतिशील रहेको छ । अन्यनिबन्धहरूमा जस्तो संस्कृतका तत्समशब्द प्रयोग गरिएको छैन । अङ्ग्रेजीको *ह्याप्पी न्यू इयर, ह्याप्पी बर्थडे टु यु !* जस्ता वाक्यको प्रयोग पाइन्छ जुन नेपाली बोलीचालीकै भाषा बनिसकेकोले अस्पष्ट लाग्दैन । निबन्धको कही कतै भने भाषा यसरी आलङ्कारिक, बिम्बात्मक तथा प्रतीकात्मक बनेको पाइन्छ : *'अहिले देशमा लागेको खग्रास ग्रहणबाट मुक्ति पाउन कठिन भइरहेछ ।'* (पृ. ७८) ।

समग्रमा निबन्ध सरल, बोधगम्य र श्रुतिमधुर नै रहेको पाइन्छ ।

## ४.५.२६.५. उद्देश्य

प्रस्तुत **नयाँ वर्षका नयाँ अभिलाषाहरू** नामक निबन्धमार्फत् निबन्धकारले नयाँवर्षले हर्ष, उल्लास र नयाँपनबोकेर आउने चर्चा गरेका छन् । नयाँवर्षसँगै हरेक मानिसको विचार, उद्देश्य, चाहना आदि कुरामा पनि नवीनता र गतिशीलता आउनुपर्ने विचार प्रस्तुत गरिएको छ । नयाँवर्ष भनेको परिवर्तनको वाहक हो त्यसैले हरेक मानिसमा मात्र नभएर देशको गति, अवस्था र व्यवस्थामापनि अनावश्यक वस्तुलाई हटाएर गति र नवीनता ल्याउनुपर्ने वैचारिकता यस निबन्धमा प्रस्तुत भएको छ । नयाँ वर्षसँग मानिसले अनेक योजना, कार्यक्रम गर्ने परम्परा पाइन्छ । जसरी प्रकृतिमा हावा, पानी, वन, वनस्पतिको नयाँपन हुन्छ सहज ढङ्गले त्यस्तै मानवीय विधिव्यवहारमा पनि नैसर्गिक रूपमा नवीनता चिन्तनमा साजीपन आउनुपर्ने सङ्केत गरिएको छ । नयाँ वर्षसँगै देशको विकास र शासनव्यवस्था तथा पद्धतिमा पनि नयाँ ढङ्गको नूतन परिवर्तनको अपेक्षा यस निबन्धको उद्देश्य रहेको पाइन्छ ।

## ४.५.२७. स्वैच्छिक स्व-नामकरण : जिन्दावाद !

## ४.५.२७.१. परिचय

प्रस्तुत **स्वैच्छिक स्व-नामकरण : जिन्दावाद !** नामक निबन्ध सर्वप्रथम **पाल्ही नन्दन** अफिसर्स क्लब नवलपरासी (२०६२) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सत्ताइसौं निबन्धको रूपमा सङ्ग्रहित  निबन्ध रहेको पाइन्छ । यो निबन्धको शीर्षक वाक्यात्मक रहेको छ । यस निबन्धमा नामसँग सम्बन्धित विचार प्रस्तुत गर्दै शिशु अवस्थामा नाम राख्ने नेपाली परम्पराको विरोध गरिएको

छ । मान्छे नामले नभई कामले चिनिनुपर्ने भन्दै योगदानले नै मान्छेको नामलाई जीवन्त बनाउने चर्चा गरिएको छ । त्यसकारण प्रस्तुत निबन्धको शीर्षक र मूलभावबिच तालमेल देखिन्छ ।

## ४.५.२७.२. संरचना

प्रस्तुत **स्वैच्छिक स्व-नामकरण : जिन्दावाद !** नामक निबन्ध आठ पृष्ठमा फैलिएको तथा सत्र अनुच्छेदयोजनाको संरचनामा संरचित यस सङ्ग्रहकै लामो निबन्धको रूपमा रहेको पाइन्छ ।

## ४.५.२७.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **स्वैच्छिक स्व-नामकरण : जिन्दावाद !** नामक निबन्धमार्फत् निबन्धकारले नामसम्बन्धी विचार प्रस्तुत गरेका छन् । मानिसले नाम राम्रो र सुन्दर राख्दैमा व्यक्ति राम्रो र सुन्दर हुन्छ भन्ने धारणा राख्न नहुने विचार व्यक्त गरेका छन् । मानिसले जीवनमा अविस्मरणीय कार्य गरेर, सबैको भलो गरेर उपलब्धिमूलक कार्य गरेर नामलाई इतिहासको पानामा सुनौलो अक्षरले लेखाउन सकिने कुरा प्रष्ट पारेका छन् । कुनैपनि वस्तुलाई नाम अनुसार नहेरिने भन्दै त्यो वस्तुको विशेषता, महत्त्व, उपयोगिता आदिका आधारमा त्यस वस्तुको मूल्य स्थापित हुने विचार यसरी पेश गरेका छन् : *'के कसैले हीरालाई "कौडी" भन्ने नाम राखिदिएको भए उसको मूल्य र महत्त्व घट्थ्यो त ?'* (पृ. ७९) ।

निबन्धकार खनाल आफ्ना बितेका दिनहरू सम्झिँदै आफूलाई नारे, उर्राकाने, पेटारेबाबु, चमेरे जस्ता नामले जसले गिज्याएपनि आफू त्यस्तो नभएको र आफ्नो क्षमता, विचार र भावनाले तथा प्रवृत्तिले वर्तमानको नाम प्रसिद्ध बनेको अनुभव बताएका छन् । कुनै पनि व्यक्तिको नामले मात्र व्यक्तिलाई चिनाउने भन्दापनि व्यक्तिका गुण-दोष, विचार, भावना, प्रवृत्ति आदिले आफ्नो नामलाई चिनाउन मद्वत गर्ने विचार प्रस्तुत गरेका छन् ।

आजका मानिसका नाम विष्णु, शिव, लक्ष्मी, दुर्गा भएपनि नाम अनुसारको काम गर्न नसकेर आफ्नै नामको महिमा घटाएका छन् जसले समाजमा अनैतिक, अशिष्ट र स्वार्थी प्रवृति देखाएर स्वयम्को वदनाम भएको बताइएको छ । कमल नाम हुने फूलजस्तै सुन्दर र अनुकरणीय हुनुपर्ने, कञ्चन नै कलुषित बनेको तथा डरछेरूवा ढालबहादुरका नामले पुकारिने भन्दै सानैमा नाम राख्ने संस्कृतिप्रति साङ्केतिक रूपमा यसरी व्यङ्ग्य प्रस्तुत गरिएको छ : *'मलाई ती परिपक्वहरूप्रति दया लाग्छ, जसका नाम ढालबहादुर, कमल, गुलाफ वा कञ्चनप्रसाद वा देवी छन् ।'* (पृ. ८५) ।

यसरी सानै उमेरमा राखिने नामले व्यक्तिको प्रतिनिधित्व नगर्ने र आमाबाबुको सीमित स्वार्थमात्र पूरा हुने बताउँदै कर्म अनुसारको नाम स्वयम् व्यक्तिले राख्न पाउनुपर्ने विषयलाई यस निबन्धको मूलभाव मान्न सकिन्छ ।

## ४.५.२७.४. भाषाशैली

प्रस्तुत **स्वैच्छिक स्व-नामकरण : जिन्दावाद !** नामक निबन्धको भाषाशैली सामान्यतया सरल नै देखिन्छ । सरल, संयुक्त र कताकति मिश्रवाक्यको पनि प्रयोग पाइन्छ । अभिधाकै तहमा अर्थ खुलेको देखिन्छ । नाम सम्बन्धी आफ्नो विचार प्रस्तुत गर्ने क्रममा यस निबन्धको भाषा केही बिम्बात्मक तथा प्रतीकात्मक बनेको छ । हेरौं उदाहरण : *'ऊ वस्तुतः मलाई निदाएका बेला तर्साउने वा ऐठन पार्ने लागो नै सिद्व भएको छ, जो कतिपटक सपनामा ब्वाँसो, अजिङ्गर वा मलसाँप्रोको रूपले साक्षात्कार भइसकेको थियो ।'* (पृ. ८३) ।

यसमा अतिरिक्त *च्वास्स, भुसुक्क, झल्यास्स* जस्ता अनुकरणात्मक शब्द र *कहिले सासूको पालो कहिले बुहारीको पालो, भुइँमा न भुड्कामा* जस्ता उखानटुक्काको प्रयोगले निबन्धलाई रोचक र चाखलाग्दो बनाउने प्रयास गरेको पाइन्छ । संस्कृतबाट अर्थ नखुलाइकन *शाधि त्व प्रपन्नम्* जस्तो सूक्तिको प्रयोगबाट निबन्धलाई केही अस्पष्टता ल्याएपनि सामान्यतया निबन्धको भाषाशैली कोमल नै रहेको पाइन्छ ।

### ४.५.२७.५. उद्देश्य

प्रस्तुत **स्वैच्छिक स्व-नामकरण : जिन्दावाद !** नामक निबन्धमार्फत् निबन्धकारले कुनैपनि व्यक्ति वा वस्तु नामले सुन्दर हुँदैमा वस्तु सुन्दर नहुने भन्दै काम र गुणले वस्तु वा व्यक्तिको सुन्दरता पहिल्याउनुपर्ने वैचारिकता प्रस्तुत भएको छ । मान्छेले राम्रो र सुन्दर नाम राखेर नराम्रो कार्य गर्दै हिडेको भन्दै नाम अनुसारको काम गर्न आग्रह गरिएको पाइन्छ । मानिस नामले भन्दा व्यक्तिगत क्षमता, विशेषता र व्यवहारले अरूसामू चिनिनुपर्ने विचार प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य रहेको पाइन्छ । अभिभावकहरू आफ्ना सन्तानलाई राम्रो र महिमापूर्ण नाम राखेर आफ्नो जिम्मेवारी पूरा भएको महसुस गर्छन भन्दै आफ्ना सन्तानलाई राम्रो नाम राख्न ध्यान दिनुभन्दा राम्रो संस्कार, अनुशासन, शिक्षा दिनुपर्ने तर्फ सङ्केत गरेको पाइन्छ । शिशु अवस्थामा नै कुनै व्यक्तिले नाम राख्नु गलत परिपाटी भएको सङ्केत गर्दै व्यक्तिले आफ्नोकर्म अनुसारको स्वैच्छिक तरिकाले नाम राख्नुपर्ने वैचारिकता प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य रहेको छ ।

## ४.५.२८. फेरि राजधानी पुगेर चितवन फर्केपछि

### ४.५.२८.१. परिचय

प्रस्तुत **फेरि राजधानी पुगेर चितवन फर्केपछि** नामक निबन्ध सर्वप्रथम **साप्ताहिक चितवन** पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित अठ्ठाइसौं निबन्धको रूपमा रहेको छ । यो निबन्धको शीर्षक उपवाक्यस्तरको रहेको छ । यो निबन्ध यात्रावर्णनमा आधारित छ । यात्राकाक्रममा देखिएका दृश्यहरूको कलात्मक चित्रण निबन्धमा गरिएको पाइन्छ । चितवनदेखि काठमाडौंसम्मको यात्राका क्रममा देखिएका मानवीय जीवनपद्वति, संस्कार, गतिविधि आदिलाई चित्रण गरिएको हुनाले प्रस्तुत निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव पाइन्छ ।

### ४.५.२८.२. संरचना

प्रस्तुत **फेरि राजधानी पुगेर चितवन फर्केपछि** नामक निबन्ध तीन पृष्ठमा फैलिएको तथा पाँच अनुच्छेदयोजनाको संरचनामा संरचित छ ।

### ४.५.२८.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **फेरि राजधानी पुगेर चितवन फर्केपछि** नामक निबन्धमा निबन्धकारले आफ्नो चितवनदेखि काठमाडौं यात्राको वर्णन गरेका छन् । यात्राका क्रममा देखिएका दृश्यहरूलाई विषयवस्तु बनाइएको यस निबन्धले मानवीय जीवनपद्वतिको चित्रण गरेको पाइन्छ । यस निबन्धले यात्रावर्णनका माध्यमबाट काठमाडौंली राजनीतिक परिवेशको चित्रण पनि गरेको छ । निबन्धकारले आजको हाम्रो राजनीतिक नेतृत्व समग्र देशको समृद्विका लागि भन्दा कसरी व्यक्तिवादी र भ्रष्ट बनेका छन् भन्ने

विषयलाईपनि यसरी प्रस्तुत गरेका छन् : *'कसरी सत्ता लम्ब्याउने कसरी भत्ता बजाउने आजको समस्या घाम-जूनजत्तिकै छर्लङ्ग छ ।'* (पृ. ८९) ।

राजधानीको रूपमा रहेको काठमाडौं कसरी विकृत बनेको छ भन्दै त्यहाँका मानवीय प्रवृत्तिका विसङ्गत रूपलाई सचित्र वर्णन गरेका छन् । राजधानी देशकै केन्द्र भएकाले राम्रो मात्र नभई नराम्रो र विकृतिमा पनि अग्र स्थानमा रहेको यसरी प्रष्ट्याएका छन् : *'फोहोर, चक्काजाम, हडताल र घेराउ तथा तोडफोडको राजधानी तीन दिनको दिन सकुशल वैकल्पिक राजधानी फर्किन पाउँदा भने हाइसन्चो भएको छ ।'* (पृ. ८९) ।

यसरी निबन्धकारले काठमाडौंसम्मको यात्राको वर्णन गर्दै राजनीतिक विकृति, भ्रष्टप्रवृतिको चित्रण गर्दै कष्टकर काठमाडौं सहर वातावरणीय दृष्टिले काठमाडौं जति प्रदुषित छ त्यति नै राजनैतिक, सामाजिक, सांस्कृतिक रूपले विषाक्त छ, भन्ने मूलभावसहित यो निबन्ध अगाडि बढेको पाइन्छ ।

### ४.५.२८.४. भाषाशैली

प्रस्तुत **फेरि राजधानी पुगेर चितवन फर्केपछि** नामक निबन्ध सरल भाषाशैलीले युक्त छ । छोटा-छोटा वाक्ययोजना रहेको छ भने कतै जटिलवाक्यको पनि प्रयोग पाइन्छ । काठमाडौं सहर र नेपाली राजनीतिज्ञहरूको प्रकृतिप्रति चित्रण गर्दा भाषा केही व्यङ्ग्यात्मक पनि बनेको पाइन्छ । आत्मपरक शैलीमा लेखिएको यस निबन्ध आलङ्कारिक विशेषता चित्रण गर्दा निबन्ध बिम्बात्मक तथा प्रतीकात्मक समेत बनेको पाइन्छ । हेरौं : *'हुन पनि सृष्टिमा सर्वाधिक जिम्मेवारी यिनै द्रौपदी, कुन्ती र माद्री तथा कौशल्या, सुभद्रा र कैकयी तथा मन्थराकै त छ होइन र ?'* (पृ. ८८) ।

यो निबन्धमा कवितात्मक भाषाको प्रयोग गरिएको छ र हिन्दीको फिल्मीगीतको टुक्कालाई निबन्धमा प्रस्तुत गरिएको पाइन्छ । *गमक्क, फ्यास्स* जस्ता अनुकरणात्मक शब्द तथा *होमवर्क, स्कूलवर्क, प्रमोसन, टोटल* जस्ता अङ्ग्रेजी शब्दको पनि प्रयोग पाइन्छ । समग्रमा यस निबन्धको भाषाशैली सरलतातर्फ नै बगेको पाइन्छ ।

### ४.५.२८.५. उद्देश्य

प्रस्तुत **फेरि राजधानी पुगेर चितवन फर्केपछि** नामक निबन्ध यात्रावर्णनमा आधारित भएपनि यात्राका क्रममा देखिएका दृश्यलाई मानवीय जीवनसापेक्ष प्रस्तुत गरिएको पाइन्छ । देशको राजधानीका रूपमा रहेको काठमाडौं भित्रका असहज परिवेशको चित्रण गर्दै मानवीय प्रवृत्तिको प्रस्तुति देखाइएको छ । राजधानीभित्रको विकृतिलाई चित्रण गर्दै नेपाली राजनीतिक नेतृत्वको अकर्मन्यता प्रस्तुत गरिएको पाइन्छ । राजनीतिक व्यक्तित्वलाई खबरदारी गर्दै विकसित, शान्त, समतामूलक र न्यायपूर्ण समाज निर्माणको परिकल्पना गर्नु यस निबन्धको उद्देश्य रहेको बुझिन्छ ।

## ४.५.२९. रूवाइको कुरा

### ४.५.२९.१. परिचय

प्रस्तुत **रूवाइको कुरा** नामक निबन्ध सर्वप्रथम **चरैवेति** साहित्यिक त्रैमासिक (वर्ष-२, अङ्क-२, २०६७) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित उनन्तीसौं निबन्ध हो । यो निबन्धको शीर्षक पदावलीस्तरको रहेको छ । यस निबन्धमा रूवाइको कारण दुःख व्यक्त गर्ने माध्यम

र पीडालाई कमगर्ने उपायको रूपमा चित्रण गर्दै संसारमा चेतनशील प्राणी सबै कुनै न कुनै समयमा रूने कुरालाई प्रस्तुत गरिएको छ । रूनु सामान्य कुरा भएको भन्दै ईश्वर समेत रोएको प्रसङ्गको चित्रण गरेका छन् । यसरी रोएर मानिस झन समस्याबाट मुक्तिपाउने कुरालाई कलात्मक तरिकाले प्रस्तुत गरिएकोले निबन्धको शीर्षक र मूलभावबिच तालमेल देखिन्छ ।

## ४.५.२९.२. संरचना

प्रस्तुत **रूवाइको कुरा** नामक निबन्ध दुई पृष्ठमा फैलिएको तथा तीन अनुच्छेदयोजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

## ४.५.२९.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **रूवाइको कुरा** नामक निबन्धमा निबन्धकारले रूवाइ सम्बन्धी आफ्नो धारणा प्रस्तुत गरेका छन् । रोएर मानिसभित्रको दुःख, पीडा र वेदना व्यक्त गरिन्छ । मानिसको जीवनमा हाँसो र आँसु नियमित प्रकृया हुन् । कहिले मन फुरूङ्ग हुँदा दिल खोलेर मानिस हाँस्छ भने कहिले दुःख पर्दा मुर्छाएर मानिस रूने गर्छ । कोही आफन्तको वियोगमा केही प्राकृतिक नियतिमा त कोही विभिन्न अभावमा रूने भन्दै रूनु सामान्य कुरा भएको बताइएको छ । रोएर थाकेपछि मानिसमा हलुङ्गो भएको महसुस गर्ने विचार पनि प्रस्तुत गरिएको पाइन्छ । मानिसलाई शोकले कसैको करूणाले वा आफन्तजनको मृत्युले रूवाउने भन्दै द्वन्द्वका कारण र त्यसको प्रभावका कारण धेरै नेपाली रूनुपरेको गम्भीर विषयलाई निबन्धकार साङ्केतिक रूपमा यसरी प्रस्तुत गर्दछन् : *'के तिमीलाई शोकले कहिल्यै छोएन ? करूणाले तिम्रो हृदय पग्लेर आँसु झरेन ? के कहिल्यै आफ्ना निकटतम प्रिय व्यक्ति वा आफन्तजनको मृत्युले तिमीलाई रूवाएन ?'* (पृ. ९०) ।

अर्कोतिर रूनुलाई पूर्वीय काव्यसिद्वान्त अर्न्तगतको रसनिस्पति सिद्वान्तसँग जोडेर करूणरस उत्पन्नहुने अवस्थाको चित्रण गरेका छन् । साहित्यका नवरस मध्येको एक करूणरसको उत्पत्तिमा रूवाइले भूमिका खेल्ने कुरा प्रस्तुत गरिएको पाइन्छ । रूवाइका कतिपय प्रसङ्ग जोड्दै मर्ने वा वियोग हुने आलम्वन विभाव, प्रिय व्यक्तिको सम्झना वा झझल्को उद्दीपन विभाव, क्वाँ-क्वाँ रूनु अनुभाव, विषद्को अनुभव गर्नु सञ्चारी भाव र शोक स्थायीभावद्वारा करूण रसको परिपाक हुने भन्दै रूनुलाई रसनिष्पत्ति सिद्वान्तसँग जोडेर विश्लेषण गर्ने विषयवस्तुको संयोजन गरिएको पाइन्छ ।

## ४.५.२९.४. भाषाशैली

प्रस्तुत **रूवाइको कुरा** नामक निबन्ध सरल भाषाशैलीले युक्त छ । अन्य निबन्धमा जस्तो अङ्ग्रेजी, हिन्दी र नेपाली उखानटुक्काको पनि प्रयोग पाइदैन । निबन्ध सरलवाक्यले युक्त छ । रूवाइको प्रसङ्ग जोड्नेक्रममा स्वस्थानी व्रतकथाको प्रसङ्गलाईपनि जोडिएको पाइन्छ । *क्वा-क्वाँ , ह्वाँ-ह्वाँ, गर्ल्याम्म* जस्ता अनुकरणात्मक र *दित्व* शब्दको प्रयोग पनि पाइन्छ । संस्कृतको अर्थ नखुलाइएको 'बालानाम् रोदनं बलम्' सूक्तिले केही अस्पष्टता ल्याएको महसुस हुन्छ । आलङ्कारिक भाषाशैलीको नमूनापनि यस निबन्धमा देख्न पाइन्छ । हेरौं : *'मन अत्यन्त नाजुक गुलाफको फूलजस्तो हो, जो असिनाले हान्दा पनि आत्तिन्छ, छुराले गोप्दा पनि च्यातिन्छ, हावाले हल्लाउँदा पनि भाँचिन्छ ।'* (पृ. ९०) ।

समग्रमा निबन्धको भाषाशैली बोधगम्य नै रहेको पाइन्छ ।

### ४.५.२९.५. उद्देश्य

प्रस्तुत **रूवाइको कुरा** नामक निबन्धमार्फत् निबन्धकारले रूवाइसम्बन्धी चिन्तन प्रस्तुत गरेका छन् । रूवाइलाई रसनिपत्ति सिद्वान्तसँग जोडेर विश्लेषण गरिएको छ । रूँदा मनको चोटमा केही हलुका महसुस हुने र रूनु चेतनशील प्राणीको विशेषता नै भएको वैचारिकता प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य रहेको बुझिन्छ ।

### ४.५.३०. म कृतज्ञ छु

### ४.५.३०.१. परिचय

प्रस्तुत **म कृतज्ञ छु** नामक निबन्ध सर्वप्रथम **जनमत** (२०६८-जेठ) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित तीसौं निबन्ध हो । यो निबन्धको शीर्षक वाक्यात्मक रहेको पाइन्छ । यस निबन्धमा लेखक र सम्पादकको सम्बन्ध सकारात्मक हुनुपर्ने तर सम्पादक/प्रकाशकबाट लेखकलाई होच्याउने र शोषणगर्ने परिपाटीको चित्रण गरिएको छ । निबन्धकार स्वयम् लेखकपनि भएकाले उनका जीवनका कतिपय अनुभवहरूलाई यस निबन्धमा प्रस्तुत गरिएको पाइन्छ । लेखकविना सम्पादकको अस्तित्त्व नहुने भन्दै लेखकको रचना मागेपछि लेखकलाई स-सम्मान लेखकत्व प्रदान गर्नुपर्ने तर उल्टै लेख नछाप्ने, फिर्ता नगर्ने र छापिएपनि लेखकप्रति र लेखकत्व प्रदान नगर्ने परिपाटीको चित्रण गरिएको छ र यस निबन्धले व्यङ्ग्यात्मक रूपले शीर्षकलाई समेट्न खोजेको छ । यस्तो व्यवहारबाट पनि लेखक कृतज्ञ नै भएको भन्ने विषय प्रस्तुत गरिएकाले यस निबन्धको शीर्षक र मूलभावबिच प्रतीकात्मक रूपमा तादात्म्यता पाइन्छ ।

### ४.५.३०.२. संरचना

प्रस्तुत **म कृतज्ञ छु** नामक निबन्ध तीन पृष्ठमा फैलिएको तथा स-साना सात अनुच्छेदयोजनाको संरचनामा संरचित रहेको छ ।

### ४.५.३०.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **म कृतज्ञ छु** नामक निबन्धमार्फत् निबन्धकारले वर्तमान अवस्थाको लेखक/सम्पादकको सम्बन्ध सकारात्मक हुनुपर्ने कुराको चित्रण गर्न खोजेका छन् । लेखकको लेखविना प्रकाशक बन्न नसकिने र प्रकाशकविना लेखकको अस्तित्त्व नहुने भन्दै एकले अर्कालाई सम्मान गर्नुपर्ने विचार प्रस्तुत गरेका छन् । वर्तमान समयमा लेखकलाई सम्पादकले शोषण गरेको र लेखकस्व प्रदान नगरेको घटनालाई निबन्धकार यसरी प्रस्तुत गरिएको छ : *'सम्पादकहरूको लेख लेखिदिने सहस्र आग्रह हुन्छ तर आजसम्म न कुनै आग्रहले एउटा डटपेनको सुइरो नै दिन चाह्यो न कसैले एक पातो कागजले नै झटारो हान्यो ।'* (पृ. ९२) ।

सम्पादकले लेखकसँग सहजै लेख माग्ने तर लेख लगेपछि प्रकाशन हुने/नहुने टुङ्गो नहुने भन्दै प्रकाशकको लेखकप्रतिको व्यवहार चित्रण गरिएको छ । केही सम्पादक त लेख नपाए होच्चाउन समेत पछि नपर्ने भन्दै सम्पादकलाई भिखारीको संज्ञा दिएका छन् जसले लेख छापिएपछि लेखकलाई

संभिन्दैन । उदाहरण हेरौं : *'मलाई ती सबै भिखारी हुन् भन्ने लाग्छ, जसले लेख निःशुल्क माग्छन् र नपाए होच्याउन पनि बेर लाउँदैनन् ।'* (पृ. ९३) ।

वर्तमानका लेखक र सम्पादकले एक-अर्काको अस्तित्त्वलाई स्वीकार नगरेजस्तै वर्तमान नेपाली राजनीतिक वृत्तमा पनि राजनीतिक दलले एकले अर्काको सम्मान नगरेकाले देशमा संविधान र विकासले गति लिन नसकेको गम्भीर विषयको चित्रण गरिएको छ । राजनीतिक विकृति र विसङ्गतिलाई चित्रण गर्दै नेपाली जनताको भावना अनुरूप आफ्ना स्वार्थ छोडेर संविधान निर्माण गर्न लाग्नुपर्ने विचार यसरी प्रस्तुत गरिएको छ : *'मलाई भित्रभित्रै शङ्का छ के हामी संविधान बनुन्जेल भएपनि मिल्न सकौंला ?'* (पृ. ९४) ।

यसरी वर्तमान समसामयिक राजनीतिक घटनाक्रमलाई चित्रण गर्दै लेखक सम्पादकको सकारात्मक सम्बन्ध स्थापना गर्नुपर्ने विषयलाई यस निबन्धले मूलभावका रूपमा ग्रहण गरेको पाइन्छ।

## ४.५.३०.४. भाषाशैली

प्रस्तुत **म कृतज्ञ छु** नामक निबन्ध आत्मपरक शैलीमा रचना गरिएको पाइन्छ, यसैकारणले निबन्धको भाषाशैली सरल रहेको छ । सरल र संयुक्तवाक्यको अधिक प्रयोग पाइन्छ । अन्य निबन्धमा जस्ता संस्कृत, हिन्दीका शब्द र उखानटुक्काहरूको प्रयोग भएको पाईंदैन । अङ्ग्रेजीका *रजिस्ट्री, फोटोकपी, टाइप* जस्ता शब्दको प्रयोग पाइन्छ । कतै निबन्ध यसरी बिम्बात्मक पनि बनेको छ : *'म लेखनकलाको विलक्षणताको चुलीतिर हेर्नेसम्म जमर्को गरिरहन्छु । उनीहरू थाक्छन् तर म थाक्दिन किनकि म सृष्टा हुँ उसले कहिल्यै थाक्नु हुँदैन ।'* (पृ. ९४) ।

समग्रमा निबन्धको भाषा अभिधात्मक नै रहेको पाइन्छ ।

## ४.५.३०.५. उद्देश्य

प्रस्तुत **म कृतज्ञ छु** नामक निबन्धमार्फत् निबन्धकारले लेखक र सम्पादकको सम्बन्धका बारेमा चर्चा गरेका छन् । लेखक र सम्पादकले एकले अर्काको अस्तित्त्व स्वीकार गरेर सकारात्मक सम्बन्धका साथ लगाडि बढ्नुपर्ने विचार प्रस्तुत गरेका छन् । लेखक सम्पादकको प्रसङ्ग वर्तमान राजनीतिक क्षेत्रसँग जोड्दै सम्पूर्ण राजनीतिक दलले एकले अर्कालाई सम्मान गर्दै अस्तित्त्व स्वीकार्दै संविधान निर्माणमा जुटेर देशलाई निकास दिनुपर्ने अभिमत प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य रहेको बुझिन्छ ।

## ४.५.३१. सारनाथ : मेरा आँखामा

## ४.५.३१.१. परिचय

प्रस्तुत **सारनाथ : मेरा आँखामा** नामक निबन्ध सर्वप्रथम **वागेश्वरी** (अङ्क ११, २०६०) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित एकतीसौं निबन्ध हो । यसको शीर्षक पदावलीस्तरमा रहेको छ । सारनाथपछि विसर्ग (:) दिएर मेरा आँखामा भन्ने शीर्षक राखिएकोले पनि यस निबन्धमा सारनाथको स्मृतिचित्र अतार्ने प्रयास गरिएको सङ्केत मिल्छ भने यस निबन्धमा बुद्धले प्राप्त गरेको ज्ञानलाई बाँड्ने थलोको रूपमा लिएर सारनाथका बारेमा निबन्धकारले देखेका कुरालाई

यस निबन्धमा प्रस्तुत गरेका छन् । सारनाथमा भएका जतिपनि विशेषता र रहस्य छन् तिनलाई चित्रण गर्ने प्रयास गरिएकोले यस निबन्धको शीर्षक र विषयवस्तुबिच तालमेल देखिन्छ ।

### ४.५.३१.२. संरचना

प्रस्तुत **सारनाथ : मेरा आँखामा** नामक निबन्ध चार पृष्ठमा फैलिएको तथा स-साना दश अनुच्छेदयोजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित  छ ।

### ४.५.३१.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **सारनाथ : मेरा आँखामा** नामक निबन्धमार्फत् निबन्धकारले गौतम बुद्धले प्राप्त गरेको ज्ञानलाई प्रकाशित गरेको ठाँउ सारनाथको ऐतिहासिक चित्र प्रस्तुत गर्ने प्रयास गरेका छन् । गौतम बुद्धका शान्ति, अहिंसा र मानवता जस्ता शिष्य शिक्षाका माध्यमबाट प्रकाशित भएको पवित्र भूमिकाका रूपमा लिँदै सारनाथलाई हिन्दू धर्माबलम्बीहरूका विश्वनाथ र पशुपतिनाथ-मुक्तिनाथ झैं पवित्र भूमिकाका रूपमा प्रस्तुत गरेका छन् । उदाहरण हेरौं : *'रोग, बुढ्याइँ र मृत्युजस्ता तीन दुश्मनलाई जिती तिनबाट संसारलाई जोगाउन अनेक तपस्या गरे र अनन्त: बोधगयामाज्ञान प्राप्त गरे त्यस ज्ञानको प्रकाश यही सारनाथमा आएर शिष्य शिक्षाका माध्यमबाट सार्वजनिक गरे ।'* (पृ. ९५) ।

यात्राका क्रममा सारनाथमा पुगेका निबन्धकार खनालले सारनाथ सङ्ग्रहालयभित्र देखिएका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्त्वका वस्तुलाई आफ्नो दृष्टि अनुसारको परिचय प्रस्तुत गरेका छन् । त्यहाँ अवस्थित अशोक चक्र, धम्मेक स्तूप, धर्मचक्र प्रवर्तन लगायतका स्तम्भ तथा प्रतिमाहरूको जीवन्त वर्णन यस निबन्धमा गरिएको पाइन्छ अर्को उदाहरण हेरौं :

> *'यहाँको (सारनाथ) अर्को महत्त्वपूर्ण कृति हो अशोक चक्र । यसमा आक्रमक एवं ब्याघ्रगर्जन मुद्रामा अवस्थित चारवटा सिंह शीर्ष भागमा रही चारै दिशा फर्केका छन् । ई.पू. दोस्रो शदीमा अशोकद्वारा निर्मित मानिएको यो चक्र पनि खण्डित अवस्थामा छ र यसका मध्य भागमा चारवटा महापशु उत्कीर्ण छन् । मृगेन्द्र, गजेन्द्र, अश्वेन्द्र र तृषभेन्द्र ।'* (पृ. ९७) ।

यसरी धार्मिक, सांस्कृतिक, पौराणिक तथा ऐतिहासिक महत्त्वले भरिएको बौद्धधर्माबलम्बीहरूको पवित्र भूमि सारनाथको सजीव चित्र प्रस्तुत गर्ने कार्य निबन्धले गरेको पाइन्छ ।

### ४.५.३१.४. भाषाशैली

प्रस्तुत **सारनाथ : मेरा आँखामा** नामक निबन्ध यात्रावर्णनमा आधारित छ । यात्राका क्रममा देखिएका दृष्यलाई शब्दचित्रमा उतार्ने कार्य भएको पाइन्छ । साधारतया यस निबन्धको भाषा सरल नै रहेको पाइन्छ । सरल र जटिल दुबै किसिमका वाक्यहरूको प्रयोग पाइन्छ । यो निबन्धमा विवरणात्मक वैचारिक, तार्किक जस्ता शैलीको प्रयोग पाइन्छ । यात्राका क्रममा कहीँ विवरण पेश गरिएको छ भने कतै देखिएका दृश्यलाई प्रस्तुत गर्ने कतै तार्किक शैली अवलम्बन गरिएको पाइन्छ । हेरौं : *'शाकाहारी-मांसाहारी उत्कीर्ण पशुहरूले कुनै दार्शनिक अहिंसात्मक बिम्बको काम गरेको हुनुपर्छ ।'* (पृ. ९७) ।

त्यस्तै निबन्धमा संस्कृतको *भवतु सब्ब मङ्गलम्* जस्तो सूक्ति प्रयोग भएको पाइन्छ भने अन्य निबन्धमा जस्तो नेपाली उखानटुक्का, अङ्ग्रेजी, हिन्दीका शब्दको प्रयोग पाइदैन । समग्रमा निबन्धको भाषाशैली बोधगम्य देखिन्छ ।

### ४.५.३१.५. उद्देश्य

प्रस्तुत **सारनाथ : मेरा आँखामा** नामक निबन्धमार्फत् निबन्धकारले बौद्धधर्मसँग सम्बन्धित तथ्य प्रस्तुत गर्ने जमर्को गरेका छन् । बौद्धधर्मावलम्बीहरूको पुण्यभूमि तथा सङ्ग्राहालय सारनाथका माध्यमबाट समग्र बुद्धधर्मको महत्त्व र विशेषतालाई चित्रण गर्ने प्रयत्न गरिएको पाइन्छ । तर यात्राका क्रममा भेटिएका ऐतिहासिक तथ्य प्रस्तुत गर्दै सारनाथको महत्त्व र विशेषतालाई चित्रण गर्नु यस निबन्धको मूख्य उद्देश्य रहेको पाइन्छ ।

## ४.५.३२. नाराने ! तँ त बूढो भइछस् !

### ४.५.३२.१. परिचय

प्रस्तुत **नाराने ! तँ त बूढो भइछस् !** नामक निबन्ध सर्वप्रथम **वागेश्वरी** (अङ्क-१५, २०६४) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित  बत्तीसौं निबन्ध हो । यो निबन्धको शीर्षक वाक्यात्मक रहेको छ । यस निबन्धका मानिस बूढो हुनुको अर्थलाई कलात्मक रूपमा प्रस्तुत गरिएको पाइन्छ । मानिसले महत्त्वपूर्ण समयलाई सदुपयोग गर्न सकेन र कुनै उल्लेखनीय कार्य गर्न सकेन भने स्वतः बूढो हुने विचार प्रस्तुत गरिएको पाइन्छ । बूढोपनलाई सृजना र उत्पादनशीलतासँग जोडेर निबन्धकारले आफ्नो विचार प्रस्तुत गरेकाले यस निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यता पाइन्छ ।

### ४.५.३२.२. संरचना

प्रस्तुत **नाराने ! तँ त बूढो भइछस् !** नामक निबन्ध आठ पृष्ठमा फैलिएको तथा स-साना दश अनुच्छेदयोजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित  लामो निबन्धहरूमध्येको एक निबन्धको रूपमा पनि रहेको पाइन्छ ।

### ४.५.३२.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **नाराने ! तँ त बूढो भइछस् !** नामक निबन्धमार्फत् निबन्धकारले मानिसको उमेरलाई त्यस व्यक्तिको सृजना तथा उल्लेखनीय कार्यसँग जोडेर व्याख्या, विश्लेषण गरेका  छन् । बूढो हुनेको लाक्षणिक अर्थ प्रस्ततु गर्दै सृजनाले मानिसलाई सँधै युवा बनाइराख्ने विचार प्रस्तुत गरेका छन् । आफूलाई कसैले बूढो भनेको प्रसङ्ग प्रस्तुत गर्दै आफूले जीवनमा समाजलाई कति सृजना र महत्त्वपूर्ण योगदान गर्न सकेँ भन्ने दृष्टिले हेरेका छन् । निबन्धकारले उमेर र शारीरिक अवस्थाले मात्र बूढो नहुने भन्दै जुन मानिसले जीवनमा उत्पादनशील कार्य गर्दै नवीन कार्य गरेर समाज र राष्ट्रलाई नै योगदान गर्दैन त्यो व्यक्ति जुनसुकै उमेरको भएपनि वृद्धहुने भाव प्रस्तुत गरेका छन् । वृद्धहुनुको अर्थ निस्क्रियतालाई आत्मसात् गरिएको तर्फ निबन्धकारले यसरी संकेत गरेका छन् : *'जति बेला म कुनै पनि कुरामा फूर्तिका साथ सक्रिय भएर आफ्नो पेशागत संस्थामा पनि लाग्न सकेको छैन, अभूतपूर्व पठनपाठनको काम गरेर देखाउन पनि सकेको छैन । साहित्यिक क्षेत्रमा पनि उल्लेखनीय र भरपर्दो कुनै काम गर्न सकिएको छैन ।'* (पृ. १०२) ।

त्यस्तै नीतिशास्त्र अनुसार वृद्धलाई चार प्रकारमा विभाजन गरिएको प्रसङ्ग उललेख गर्दै वृद्धहुनुपनि ज्ञान र परिपक्वता प्राप्त भएको भन्ने बुझिने बताइएको छ । यसरी यो निबन्धमार्फत् निबनधकारले वृद्धलाई विभिन्न कोणबाट नियाल्ने प्रयत्न गरेका छन् । समयले निम्त्याउने वृद्धपनलाई आफ्नो प्रयत्नबाट सृजनशील बन्न सके केही समय लम्याउन सकिने कुरालाई यस निबन्धले विषयवस्तुका रूपमा ग्रहण गरेको पाइन्छ । समाजलाई गतिशील बनाएर समाजको हितमा नलाग्ने, निष्कृय बस्ने र सृजनशीलताको अभावमा मानिस वृद्धहुने विषयलाई यस निबन्धले साङ्केतिक रूपले प्रस्तुत गरेको पाइन्छ ।

### ४.५.३२.४. भाषाशैली

प्रस्तुत **नाराने ! तँ त बूढो भइछस् !** नामक निबन्धमा वृद्धपनलाई साङ्केतिक रूपमा प्रस्तुत गरिएको पाइन्छ । बुढो हुनुको अर्थ उत्पादनहीन हुनु र नवीनकार्य नगर्नुलाई सङ्केत गरिएको छ जसलाई प्रस्तुत गर्न निबन्धको शैली साङ्केतिक बनेको पाइन्छ । प्राय सरल र कहीँ-कहीँ जटिलवाक्यको प्रयोगले निबन्धलाई अगाडि बढाएको पाइन्छ । अन्य निबन्धमा जस्तो अङ्ग्रेजी शब्दको प्रयोग नभएपनि मेडिकल सिटी प्रयोग भएको पाइन्छ । *हसक्क, फसक्क, खर्लप्प, पुक्लुक्क* जस्ता अनुकरणात्मक शब्दको प्रयोगले निबन्धलाई सजाएको पाइन्छ । *कुरा सुन्नु बूढाको आगो ताप्नु मूढाको ! सास छँदासम्म आश* जस्ता नेपाली उखानटुक्काको प्रयोगले निबन्धलाई श्रुतिमधुरता थपेको पाइन्छ । संस्कृतको *पण्डितः पण्डितं दृष्ट्वा श्वानवद् घुर्घुरायते* जस्ता सूक्तिले सामान्य पाठकलाई केही अस्पष्टता महसुस गराएपनि धेरै अन्योलता भने ल्याउँदैन । बूढोपनको अर्थ बताउन आलङ्कारिक भाषाको प्रयोग निबन्धमा गरिएको पाइन्छ । रूपक अलङ्कारको उदाहरण हेरौं : *'यस्तो लाग्दै थियो, ममा ठूलो जोस र जाँगर छ मानौं हृदयमा अत्यन्त गम्भीर सागर छ । यो सागर पूर्णिमाका ज्वारभाटाहरूबाट अकस्मात् उचालिन्छ पर्वतझैं अकस्मात् पोखिन्छ गिलासको सर्वतझैं ।'* (पृ. १०४) ।

यसरी समग्रमा निबन्धको भाषा सरल, सरस, बोधगम्य र श्रुतिमधुरता रहेको पाइन्छ ।

### ४.५.३२.५. उद्देश्य

प्रस्तुत **नाराने ! तँ त बूढो भइछस् !** नामक निबन्धमार्फत् निबन्धकारले गतिशील समयलाई सदुपयोग गर्दै राष्ट्रलाई योगदान पुग्ने उल्लेखनीय कार्य गरेर आफ्नो जीवनलाई सजाउनुपर्ने विचार प्रस्तुत गरेका छन् । जीवनमा सृजनशील बन्नु पर्ने भन्दै निस्क्रियतालाई जीवनको घातक तत्त्वको रूपमा प्रस्तुत गरेका छन् । मानिस सधैं नवीन कार्य गरेर आफ्नो नाम अमर बनाउनेतर्फ लाग्नुपर्ने भन्दै नवीनकार्य तथा सृजनागर्न नसक्ने व्यक्ति असमयमै वृद्ध वा बूढो बन्ने वैचारिकता प्रस्तुत निबन्धले पेश गरेको पाइन्छ । यसरी अमूल्य समयको सदुपयोग गर्दै मानिस उत्पादनशील कार्यमा लाग्दै सृजनशील बन्नुपर्ने विचार प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य रहेको बुझिन्छ, पाइन्छ ।

### ४.५.३३. मेरो साथी कुहिरो

### ४.५.३३.१. परिचय

प्रस्तुत **मेरो साथी कुहिरो** नामक निबन्ध सर्वप्रथम **वागेश्वरी** (अङ्क १८, २०६७) पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित तेत्तीसौं निबन्धको रूपमा रहेको छ । यो

निबन्धको शीर्षक उपवाक्यस्तरको रहेको छ । यस निबन्धमा प्रकृतिको नियमका रूपमा रहेको जाडोयामको विशेषता बोकेको प्राकृतिक महत्त्वको वस्तु कुहिरोको माध्यमबाट समग्र राष्ट्र र समाजको चित्र प्रस्तुत गरिएको छ । कुहिरो र समाजका नेता तथा राष्ट्रको उच्च ओहदामा बसेका शासकवर्गबिचको तुलनात्मक विश्लेषण गरिएको पाइन्छ । प्रकृतिको नियमको रूपमा रहेको हेमन्त र शिशिर ऋतुको विशेषतासँग गाँसिएको कुहिरोमार्फत् समाजको पर्यवेक्षण गरिएकाले यस निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यता पाइन्छ ।

### ४.५.३३.२. संरचना

प्रस्तुत **मेरो साथी कुहिरो** नामक निबन्ध चार पृष्ठमा फैलिएको तथा स-साना एघार अनुच्छेदयोजनाको संरचनामा संरचित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित  रहेको छ ।

### ४.५.३३.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **मेरो साथी कुहिरो** नामक निबन्धमार्फत् निबन्धकारले प्रकृतिको चित्रण गरेका छन् । प्रकृतिको नियम कठोर रहेको चित्रण गर्दै प्रकृतिले जुनसुकै हालतमापनि आफ्नो जिम्मेवारी पूरा गर्ने तथ्यलाई प्रस्तुत गरेका छन् । निबन्धकारले यस निबन्धमा कुहिरोले वर्षेनि अभावसँग जुधिरहेको समाजका मानिसको जीवन कष्टकर बनाएको र केहीको ज्यान समेत लिने भन्दै प्रकृतिको क्रुर प्रवृत्तिलाई चित्रण गरेका छन् । प्रकृतिको जिम्मेवार तत्त्व भएको भन्दै मानवसमूदायले पनि प्रकृतिबाट पाठ सिक्नुपर्ने विचार प्रस्तुत गरिएको छ । आजको मानिस मानवीय प्रवृति, सहयोगीपन, निस्वार्थता जस्ता कुराबाट टाढिएको भन्दै शोषण, हत्या, हिंसा, आतङ्क, विकृति विसङ्गतिले आक्रान्त बनेको आजको मानवीय जीवनपद्धतिको चित्रण गरेका छन् । उदाहरण हेरौं : *'कुहिरोले आफ्नो धर्म छाडेको छैन मान्छेले झैं ।'* (पृ. १०८) ।

नेपाली समाज विकृत र विसङ्गत बनेको भन्दै सामाजिक वातावरण र रहनसहनले असल मानिसपनि विकृतिले ग्रसित बनेको तथ्य यसरी प्रस्तुत गर्दछन् : *'यहाँ हीरा जन्मेपनि लगत्तै कुहिरामा परिणत हुने गर्छ-यो नेपालीहरूको मौलिकता हो ।'* (पृ. १०८) ।

देशका नेतागणहरूले देशलाई समून्नत, विकसित र शान्तिले पूर्ण भएको नेपाल बनाउने तर्फ नलागी हत्या, हिंसा र अपहरणले ग्रसित देशका रूपमा नेपाललाई चिनाएको भन्दै राजनीतिक विकृतिमाथि यसरी व्यङ्ग्य प्रस्तुत गरेका छन् : *'आखिर हिराहरूको भएपनि कुहिराहरूको भएपनि तराईमा आन्दोलन चर्किएकै छ , हत्या, हिंसा र अपहरण सबभन्दा बढी यहीँ भइरहेका छन् ।'* (पृ. १०८) ।

यसरी प्रकृतिको अभिन्न अङ्क कुहिरो अनुशासित, जिम्मेवारपूर्ण र आफ्नो कर्तव्य पूरा गर्ने कर्तव्य बोकेको तत्त्व भएको बताएका छन् । देशका राजनीतिक दलका नेताहरू आफ्नो स्वार्थसिद्धिका लागि चुर्लुम्म फसेको भन्दै प्रकृतिबाट चेतनशील प्राणीले पाठ सिक्नुपर्ने तथ्यलाई यस निबन्धले मूलभावका रूपमा ग्रहण गरेको छ ।

### ४.५.३३.४. भाषाशैली

प्रस्तुत **मेरो साथी कुहिरो** नामक निबन्ध सरल भाषाशैलीले युक्त रहेको छ । सरल जटिल दुबै प्रकारका वाक्यहरूको प्रयोग भएको पाइन्छ । अभिधाकै तहमा अर्थ खुल्ने यस निबन्ध प्रकृतिको

नियमभित्र पर्ने हेमन्त र शिशिर ऋतुको विशेषता बोकेको कुहिरोको चर्चा गर्नमा तल्लीन छ । निबन्धकार खनालका अन्य निबन्धमा जस्ता संस्कृत शब्द, वाक्य र सूक्तिको प्रयोग यसमा पाइँदैन । नेपाली उखानटुक्काको पनि प्रयोग भएको पाइँदैन । मोटरसाइकलसँग सम्बन्धित *बाइक, एक्सिलेटर, क्लज, ब्रेक, हेड लाइट, हेलमेट* आदि अङ्ग्रेजी शब्दको प्रयोग पाइन्छ । कुहिरोको माध्यमबाट नेपाली राजनीतिक परिवेशको विचरण गर्दै त्यहाँ प्रयुक्त विसङ्गतिलाई प्रस्तुत गर्ने क्रममा निबन्धको भाषा बिम्बात्मक तथा प्रतीकात्मक समेत बनेको पाइन्छ । आलङ्कारिक भाषाशैलीको समेत यस निबन्धमा प्रयोग भएको पाइन्छ । उदाहरण हेरौं : *'रूग्ण सहर छ, लज्जावती नारायणी छ, उसकै माझमा लम्पसार पुल छ, जो म सोत्साह तर्दै छु । मान्छेको अग्लाहोचा विचार झैं थुप्रै घर मैले पार गरेको छु ।'* (पृ. १०७) ।

## ४.५.३३.५. उद्देश्य

प्रस्तुत **मेरो साथी कुहिरो** नामक निबन्धमार्फत् निबन्धकारले प्रकृतिको नियमित प्रक्रियाका रूपमा आउने कुहिरोमय वातावरणको सामीप्यमा नेपाली समाजको अवलोकन मूल्याङ्कन गरेका छन् । प्रकृति नियममा रहने, आफ्नो जिम्मेवारी कठोर र विचलित नभई पूरा गर्ने भन्दै मानिसले पनि प्रकृतिबाट पाठ सिक्नुपर्ने विचार प्रस्तुत गरिएको पाइन्छ । समाजमा आजको मानिस कर्तव्यहीन, जिम्मेवारीहीन, भ्रष्ट, स्वार्थी, शोषक बनेको भन्दै राजनीतिक दलका नेताप्रति र उनीहरूको कार्यशैलीप्रति यसरी व्यङ्ग्य प्रस्तुत गरिएको पाइन्छ :*'न्यायको सङ्गति नभएको जुनसुकै मुलुकका जनता विवश भएर अन्यायपूर्वक असुल उपर गरेको रकम तिर्न बाध्य हुन्छन् ।'* (पृ. १०९) ।

यसरी देशलाई राजनीतिक दलका नेताले गतिहीन बनाएको भन्दै आज देशलाई विकसित, समृद्धशाली, शान्ति र समतामूलक बनाउने हिरोको आवश्यकता रहेको विचार प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य रहेको बुझिन्छ ।

## ४.५.३४. चरण युगल

## ४.५.३४.१. परिचय

प्रस्तुत **चरण युगल** नामक निबन्ध सर्वप्रथम **जनमत** पत्रिकामा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित चौँतीसौं निबन्धको रूपमा रहेको छ । यो निबन्धको शीर्षक पदावलीस्तरको रहेको छ । यस निबन्धमा हाम्रो भौतिक शरीरलाई अस्तित्त्वशाली र मूल्यवान बनाउन प्रमुख भूमिका खेल्ने खुट्टाको योगदानको चर्चा गरिएको छ । खुट्टाकै सहायताले र मद्दतले मानवजीवन सगरमाथा जत्तिकै उचाइमा पुगेको बताउँदै हाम्रा दुई खुट्टाको महत्त्व बताइएको छ । त्यसैले प्रस्तुत निबन्धको शीर्षक र मूलभावबिच तालमेल देखिन्छ ।

## ४.५.३४.२. संरचना

प्रस्तुत **चरण युगल** नामक निबन्ध पाँच पृष्ठमा फैलिएको तथा स-साना एघार अनुच्छेदयोजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.५.३४.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **चरण युगल** नामक निबन्धमार्फत् निबन्धकारले हाम्रा इन्द्रियका रूपमा रहेका दुई गोडाको अर्थपूर्ण विश्लेषण गरेका छन् । गोडाले संसार थाम्न सक्ने भन्दै मान्छेको योगदानको उचाइलाई सगरमाथा जत्तिकै बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने चर्चा गरेका छन् । दुई गोडालाई चरण युगलका रूपमा प्रस्तुत गर्दै शरीरका सम्पूर्ण अङ्गहरूलाई आश्रयदिने क्षमता भएको वस्तुको रूपमा गोडालाई प्रस्तुत गरेका छन् । गोडाका योगदान र विशेषताको चर्चा गर्दै निबन्धकार यसरी प्रस्तुत हुन्छन् : *'अहिले पौने एक क्विन्टलको जीउ जम्मा दुई किलोग्रामका खुरथुङ्गामा अडिएको छ, मानौं सम्पूर्ण धरतीको भार अष्टदिग्गजले धानेकै छन् थामेकै छन् ।'* (पृ. ११३) ।

निबन्धकारले प्रस्तुत निबन्धमा केवल गोडाको मात्र बयान गरेका छैनन् यसका माध्यमबाट सामाजिक परिपाटी र बलेको आगो ताप्ने मानवीय प्रवृत्तिको समेत चित्रण गरेका छन् । अर्को उदाहरण हेरौं : *'मान्छे बलेकै आगो ताप्दा रहेछन्, विदेश गएका छोराहरूको हाल सोधियो । भाँचिएको खुट्टाको हाल सोधेर मरेको मान्छेको हालखबर सोध्नजान्ने निम्न तहमा किन पुग्न चाहन्थे ?'* (पृ. ११२) ।

त्यस्तै क्रान्तिकारीहरू भनिनेहरूले परिवर्तनका नाममा मानवीय संवेदनामाथि खेलवाड गरेको प्रसङ्गलाई निबन्धकारले सटिक ढङ्गले यसरी प्रस्तुत गरेका छन् : *'यति बेला नारी स्वयम् सजग छन् ९० वर्षकी विधवालाई सिन्दुरपोते र रातो साडी पहिऱ्याएर क्रान्तिकारिता प्रदर्शन हुन्छ कि उनीहरूको दिलमा अमिट ठेस लाग्छ यस्ता कुरा क्रान्तिकारीलाई पनि थाहा हुँदैन ।'* (पृ. ११४) ।

यसरी प्रस्तुत निबन्धले मानवीय इन्द्रिय दुई गोडाका माध्यमबाट सामाजिक तथा राजनीतिक विकृति, विसङ्गति र विचलनको चित्रण गर्ने विषयवस्तुको संयोजन गरेको पाइन्छ ।

### ४.५.३४.४. भाषाशैली

प्रस्तुत **चरण युगल** नामक निबन्ध सरल भाषाशैलीले युक्त रहेको छ । सरल जटिल दुबै प्रकारका वाक्यहरूको प्रयोग भएको पाइन्छ । अभिधाकै तहमा अर्थ खुल्ने देखिन्छ । अन्य निबन्धमा जस्तो संसकृत शब्दहरूको प्रयोग नभएपनि अन्त्यमा *भवतु सब्ब मङ्गलम* प्रयोग भएको पाइन्छ । *डर्माटोलोजिष्ट* तथा मोटरसाइकलसँग सम्बन्धित *सर्भिसिङ्ग, चेनसेट, रिङ, पिस्टन, ब्याट्री* आदि जस्ता अङ्ग्रजी शब्दको प्रयोग पाइन्छ । चऱ्यापचुरूप, टुकुटुक, खुस्स जस्ता अनुकरणात्मक शब्दको प्रयोगले निबन्धलाई रोचक बनाएको पाइन्छ । आलङ्कारिक तथा बिम्बात्मक भाषाशैली निबन्धकार खनालका गहनाजस्तै बनेर निबन्धहरूमा सजिएका हुन्छन् । उदाहरण हेरौं : *'प्रतिदिन मेरो सगरमाथा बोकेर स्वतःस्फूर्त दुबै भाइ तँछाडमछाड गरी पञ्चायतकालीन शावंशीय राजको अघिपछि महापञ्चहरू पिन्चे अनुहार दौडेझैं दगुर्छन् ।'* (पृ. ११४) ।

कवितात्मक भाषा तथा क्रिया अधिक अनुच्छेद प्रयोग गरेर कर्ता र कर्मलाई विश्रामदिने खनालको शैली साच्चैनै रोचक देखिन्छ, हेरौ उदाहरण : *'मेरा पैताला कुर्कुच्चा, औंला, गोलीगाँठा, रौं, काप र समग्र खुरथुङ्गो यति सबल भइदिए, यिनैको सहाराले म नाचें, घुमें, फन्कें, रिँगें, उभिएँ, डुलें, दगुरें, कुदें, कुथें, उफ्रें, चढें, झरें, हिँडें, उपरखुट्टी लगाएँ अनि लेफ्ट-राइट गरें ।'* (पृ. ११३) ।

यसरी प्रस्तुत निबन्धमा निबन्धकार खनालको शैलीमा गतिशीलता र नवीनताले स्थान लिएको पाइन्छ ।

### ४.५.३४.५. उद्‌देश्य

प्रस्तुत **चरण युगल** नामक निबन्धमार्फत् निबन्धकारले मानवको इन्द्रियरूपी गोडाको महत्त्व, उपयोगिता र योगदानको चर्चा गरेका छन् । त्यसका साथै चरण युगलका माध्यमबाट सामाजिक वातावरणको पनि चर्चा गरेका छन् । मानवीय प्रवृत्तिका कारण मानवतामा ह्रास आइरहेको विचार प्रस्तुत गरिएको पाइन्छ । मूल रूपमा भने निबन्धकारले समाजमा रहेका खराव, स्वार्थी र विकृत मानसिकता भएका व्यक्तिले समाजलाई कुरूप बनाएको वैचारिकता प्रस्तुत गरेका छन् । क्रान्तिकारिताका नाममा मानवीय संवेदनामा ह्रास भएको यथार्थता प्रस्तुत गर्ने उद्‌देश्य राखेको पाइन्छ ।

### ४.५.३५. हामी जाने घअऽऽरऽ

### ४.५.३५.१. परिचय

प्रस्तुत **हामी जाने घअऽऽरऽ** नामक निबन्ध सर्वप्रथम **मिर्मिरे**, निबन्ध विशेषाङ्क (वर्ष ३६, अङ्क ३, पूर्णाङ्क २६२, असार, २०६४) मा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित पैँतीसौं निबन्धको रूपमा रहेको छ । यो निबन्धको शीर्षक उपवाक्यस्तरको रहेको छ । यस निबन्धमा बालबालिकाको बोलीमा मिसिएको यथार्थता निश्चलता निस्वार्थता उमङ्गतालाई प्रष्ट्याउन खोजीएको छ । बालापनको खुसी र हर्षको महत्त्व र आफ्नो बालापनको स्मृतिलाईपनि यस निबन्धमा समेटिएको छ । बालबोलीका माध्यमबाट आफ्नो अतीत र वर्तमानको तुलना यस निबन्धभित्र गरिएको पाइन्छ जसका कारण निबन्धको शीर्षक र मूलभावबिच स्वाभाविक तालमेल देखिन्छ ।

### ४.५.३५.२. संरचना

प्रस्तुत **हामी जाने घअऽऽरऽ** नामक निबन्ध चार पृष्ठमा संरचित तथा स-साना दश अनुच्छेदयोजनाको संरचनामा संरचित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.५.३५.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **हामी जाने घअऽऽरऽ** नामक निबन्धमार्फत् निबन्धकारले बालबोलीमा मिश्रित जीवनका आयामलाई नियाल्ने प्रयास गरेका छन् । मानवीय परिस्थिति नियतिका कारणले ल्याउने परिवर्तनलाई बालकको बोलचालबाट नियालिएको पाइन्छ । बालककाल निकै खुसियाली, स्वर्थारहित र सहजहुने कुरालाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गर्ने जमर्को गरेका छन् । बाल्यावस्था निकै महत्त्वपूर्ण हुने भन्दै बालककालमा जस्तो निस्वार्थता सहयोग, आत्मीयता, खुसियाली अन्य अवस्थामा नपाइने कुरा प्रस्तुत गरिएको पाइन्छ । आजको मानिस परिस्थिति र सामाजिक वातावरणका कारण स्वार्थी, लोभी र ढौंगी प्रवृत्तिले ग्रस्त बनेको भन्दै बाल्यावस्थाप्रति अनुराग पोखिएको पाइन्छ । बाल्यावस्था साँच्चैनै

खुसियाली र स्वच्छताले भरिएको भन्दै बाल्यकालतर्फको अनुराग पोखिएको छ । उदाहरण हेरौं : *'धेरै कुराले मलाई बाल्यावस्थामा हिक्र्याउँथे र कति जनाले सर्काउँथे अनि कतिले खुरूखुरू हिँडिरहेका बाटाबाट लर्काउँथे । यी मध्ये ककसका इच्छा परिपूर्ण भए, त्यो तथ्य ज्ञान छैन तर बाल्यावस्थाको वैभव सम्पन्नता आफूलाई सबभन्दा ठूलो सम्पत्ति प्रतीत भइरहेछ ।'* (पृ. ११८) ।

आजको सामाजिक परिवेशले मानिसलाई स्वार्थी लोभी बनाएको तथ्य प्रष्ट पारिएको पाइन्छ । समाजिक वातावरण नै कलुषित भएको र त्यसले मान्छेको मनोवृत्ति नै नकारात्मक बनाएको बताइएको छ । समाजका केही खराब र दुष्ट प्रवृत्ति भएका व्यक्तिले सारा समाजलाई ग्रस्त बनाएको बताइएको छ । यो भन्दा बाल्यावस्था नै उचित ठानेर यहाँ समाजलाई चिन्ने भन्दा समाजलाई नचिन्ने व्यक्ति खुसिहुन सक्ने कुराको सङ्केत गरिएको पाइनछ । मानिस युवा र प्रौढ भन्दा बालककालमा धेरै खुसी हुने भन्दै निबन्धकारले कुनैपनि मानिस ठूलो हुनुभन्दा बाल्यावस्थामा स्वाभाविक उदार र निस्वार्थी हुने कुरा औँल्याएका छन् । हेरौं अर्को उदाहरण : *'त्यति बेला स्वतः उदार थिएँ, आज दोब्बर कन्जुस छु परिस्थितिले बालशरीर, बाल मस्तिष्क उमेर पुग्दै जाँदा उदारता, मृदुलता र सुकुमारता आदिलाई त्यागेर कृपणता, कठोरता आदिलाई सहज वरण गर्न पुग्दा रहेछन् ।'* (पृ. ११८) ।

यसरी बालबोलीमा मिश्रित निश्छलता, निस्वार्थता र स्वाभाविकताको चर्चा गर्दै जीवनका विभिन्न खण्डहरू मध्ये बाल्यावस्था निकै नै खुसियाली हुने तथ्य प्रस्तुत गरिएको पाइन्छ । मानिस जति ठूलो र वयस्क हुँदै गयो त्यति नै जिम्मेवारी र कर्तव्यले बाँधिएर स्वार्थी र अस्वाभाविक बन्ने तथ्य प्रस्तुत गर्नु यस निबन्धको मूलभाव रहेको बुझिन्छ ।

## ४.५.३५.४. भाषाशैली

प्रस्तुत **हामी जाने घअऽऽरऽ** नामक निबन्ध सरल भाषाशैलीले युक्त रहेको छ । अभिधाकै तहमा अर्थ खुल्ने सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग भएको पाइन्छ । अन्य निबन्धमा जस्तो अङ्ग्रेजी, हिन्दी र संस्कृत भाषाका एउटा पनि शब्दको प्रयोग पाइदैन । उखानटुक्काहरूको समेत प्रयोग नभएपनि निबन्ध पढ्दा शुष्क लाग्दैन । निबन्धले कौतुहलता उत्पन्न गराउने यस निबन्धको शैली हो । बालबेलीका माध्यमबाट जीवनका हरेक कालखण्डको विचरण गरिएको पाइन्छ । बालबोलीको उदाहरण हेरौं : *'धिताल ! हामी जाने घअऽऽरऽ ! अन्ट ..... !'* (पृ. ११६) ।

बालबोलीको उच्चारणगत विशेषता र त्यसको प्रस्तुति जस्ताको त्यस्तै प्रस्तुत गर्नु निबन्धकारको कला हो, शक्ति हो । हेरौ उदाहरण : *'उसले त्यो धिताल सम्बोधन पढलाई कति मिलाएर बोल्यो झण्डै यसरी धिइई ....ई... ता ....आल् ! सुनियो ।'* (पृ. ११७) ।

यसरी प्रस्तुत निबन्धको भाषाशैली स्वाभाविकताले परिपूर्ण भएको पाइन्छ ।

## ४.५.३५.५. उद्‌देश्य

प्रस्तुत **हामी जाने घअऽऽरऽ** नामक निबन्धमार्फत् निबन्धकारले वर्तमान समाजको चित्र प्रस्तुत गर्ने प्रयास गरेका छन् । कुनैपनि मानिस गलत नहुने तर त्यसलाई परिवेश र संगतले प्रभाव पार्ने कुरालाई बताउन खोजिएको छ । आजको सामाजिक वातावरण नै कलुषित भएकाले हरेक मानिस कलुषित भावनाले ग्रस्त बनेको बताइएको छ । यसरी यो कलुषित वातावरणको चित्रण गर्दै

स्वस्थ सामाजिक वातावरणको अपेक्षा राख्नु यस निबन्धको मुख्य उद्‍देश्य रहेको पाइन्छ । साथै बालसंसारको सहजता र स्वाभाविकतालाई स्मरण गर्दै आफ्नो बाल्यावस्थाप्रति लोभिनु र बालसंसारको चाह पनि यस निबन्धमा देखिन्छ ।

## ४.५.३६. हरियाली जगत

### ४.५.३६.१. परिचय

प्रस्तुत **हरियाली जगत** नामक निबन्ध सर्वप्रथम **मधूलिका** (२०६९) मा प्रकाशित भएको र पछि यसै सङ्ग्रहमा सङ्ग्रहित छतीसौं निबन्धको रूपमा रहेको छ । यो निबन्धको शीर्षक पदावलीस्तरको रहेको छ । यस निबन्धमा प्राकृतिक वातावरणको चर्चा गरिएको पाइन्छ । प्रकृतिको हरियालीपनले मानवीय जीवनमा उर्जा थप्ने कुरालाई प्रस्तुत गरिएको यस निबन्धले मान्छेलाई प्रकृतिको सामिप्यतामा गएर प्रकृतिको विचरण गर्नुपर्ने बताइएको छ । प्रकृतिबाट मान्छेले पनि पाठसिक्नुपर्ने भन्दै प्रकृतिलाई खुला पुस्तकको रूपमा प्रस्तुत गरिएको छ । मानवीय जीवनलाई प्रकृतिले निकै शिक्षादिने भन्दै मान्छेको अभिन्न अङ्गको रूपमा प्रकृतिलाई चित्रण गरिएकोले प्रस्तुत निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव पाइन्छ ।

### ४.५.३६.२. संरचना

प्रस्तुत **हरियाली जगत** नामक निबन्ध पाँच पृष्ठमा संरचित तथा स-साना नौवटा अनुच्छेदयोजनाको संरचनामा संरचित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.५.३६.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **हरियाली जगत** नामक निबन्धमार्फत् निबन्धकारले नेपालको प्राकृतिक वातावरणको चर्चा गरेका छन् । मानिस प्रकृतिमा गएर विचरण गरेमा मानवमनमा शान्ति तथा नयाँ विचारको स्फुरण हुने कुरा बताएका छन् । हाम्रो समाज विभिन्न प्रकारका असमानताले पूर्ण रहेको भन्दै विभेदविहीन प्राकृतिक वातावरणबाट मान्छेले धेरै कुराको ज्ञान हासिल गर्न सक्ने तर्फ सङ्केत गरेका छन् । निबन्धकारले नेपाली प्रकृति विश्वकै नमूना रहेको तर्फ सङ्केत गर्दै हरियालीपनको यसरी चित्रण गरेका छन् :*'पहाडी खोँचको सम्मो फाँट छ हरियो, धान हरियो, बिचबाट बग्ने कुलो हरियो, तरलित पानी हरियो, नागबेली आली हरियो, सिद्धासनबद्ध भित्तो हरियो ।'* (पृ. १२०) ।

प्राकृतिक सौन्दर्यको वर्णन गर्दै जसरी प्रकृतिले आफूलाई हरियाली बनाएर सबैको ध्यान आकृष्ट गरेको छ, त्यसैगरी मान्छेले पनि आफ्नो जीवनलाई मूल्ययुक्त बनाएर उल्लेखनीय कार्य गरेर, सृजना गरेर हरियाली बनाउनु पर्ने विचार प्रस्तुत गरेका छन् । प्रकृतिलाई खुला पुस्तकको रूपमा लिँदै प्रकृतिबाट मान्छेले धेरै नयाँ तथ्य पत्तालगाउन सक्ने विचार यसरी प्रस्तुत गरेका छन् : *'यी टुसा-मुना सबै मान्छेकै जीवनदर्शनका पुस्तक न हुन जसले सिकाउँछन्-जीवन क्षणिक छ, समयमै हामीझैं हरिया वन, हामीझैं सन्दर फुल, हामीझैं उपयोगी होऊ, हामीझैं उपकारी र गुणी बन !'* (पृ. १२३) ।

प्रकृतिबाट हामीले नयाँ तथ्य पत्तालगाउन र प्रकृतिको जस्तै जीवनमा हरियो बन्नुपर्ने बताइएको छ । समग्र राष्ट्रले प्रकृतिबाट अनुपम पाठ सिक्नुपर्नेमा त्यस्तो नभएको कुरालाई प्रस्तुत

गरेका छन् । राष्ट्रका राजनीतिक दल र तिनका नेताको कार्यशैलीप्रति असन्तोष व्यक्त गर्दै कतै नेपाली नागरिकहरूको हक, अधिकार र आत्मानै हरिने त हाइन भन्दै असन्तोष समेत व्यक्त गरिएको छ । यसरी प्राकृतिक वातावरणबाट हरेक मान्छेले पाठ पढ्नुपर्ने र प्रकृति जस्तै सधैंभरि हरियाली बन्न प्रयास गर्नुपर्ने विषयलाई यस निबन्धले मूलभावका रूपमा ग्रहण गरेको पाइन्छ ।

## ४.५.३६.४. भाषाशैली

प्रस्तुत **हरियाली जगत** नामक निबन्ध सरल भाषाशैलीले युक्त रहेको छ । आत्मपरक शैलीलाई आत्मसात गरिएको यस निबन्धको अभिधाकै तहमा अर्थ खुलेपनि कतै लाक्षणिक अर्थपनि प्रस्तुत भएको पाइन्छ । प्राकृतिक नियमको रूपमा रहेको ऋतुहरूको परिवर्तनलाई आत्मसात् गर्दै आफूलाई सदावहार हरियाली राख्न प्रयास गर्ने प्रकृति साँच्चै खुला पुस्तक रहेको खुलसा गरिएको पाइन्छ । निबन्ध उत्सुकताले परिपूर्ण रहेको छ । गतिशील भाषाशैली निबन्धलाई अगाडि बढाएको पाइन्छ । निबन्धकार खनालको निबन्धहरूमा कविताका अंशहरू प्रस्तुत हुन्छन् र निबन्धलाई कवितात्मक बनाउनु उनको कला हो । यस निबन्धमा पनि लेखनाथ पौड्यालका ऋतुविचारका केही अंश जस्ताको तस्तै प्रयोग गरिएको पाइन्छ जसले निबन्धलाई कवितात्मक स्वादको बनाएको पाइन्छ । उदाहरण हेरौं :

*'साध्य छैन यहाँसम्म हरियाली बढ्यो भनी*
*पन्नाको कान्ति झल्कन्छ ईट पत्थरमा पनि ॥'* पृ. १२० ।

*'कालो, रातो, पहेँलो वा सेतो, फुस्रो न बैजने*
*कस्तो कोमल यो सृष्टि हरियो मात्र भैदिने ॥'* पृ. १२३ ।

त्यस्तै *एरिया, ट्रावल्स* जस्ता अङ्ग्रेजी शब्दहरू तथा *हरियो वन नेपालको धन* जस्तो उखानटुक्काको प्रयोग पाइन्छ । *झल्याँस्स, तिरिमिरिभ्याइँ* जस्ता अनुकरणात्मक शब्दको पनि प्रयोग पाइन्छ । बिम्बप्रतीक र आलङ्कारिक भाषाशैलीले यस निबन्धलाई यसरी सुशोभित बनाएको पाइन्छ : *'बगरबगरमा लेउ र कान्लाकान्लाका खरवारी आफ्नै प्रतिभाद्वारा प्रकाशित विशिष्ट विद्वान-विदूषी झैं हरियालीपूर्ण भावोद्गार प्रकट गर्दछन् ।'* (पृ. १२१) ।

यसरी विभिन्न विशेषताले यस निबन्धको भाषाशैलीलाई अगाडि बढाएको पाइन्छ ।

## ४.५.३६.५. उद्देश्य

प्रस्तुत *हरियाली जगत* नामक निबन्धमार्फत् निबन्धकारले प्राकृतिक वातावरणको आलोकमा मानवीय जीवनको वर्णन गरेका छन् । मानिसले प्रकृतिबाट पाठ सिक्नुपर्ने कुरा बताइएको छ । प्रकृति जस्तै मान्छेलेपनि सृजनशील बनेर आफ्नो जीवनलाई पनि हरियाली बनाउनु पर्ने वैचारिकता प्रस्तुत गरिएको छ । प्रकृतिलाई खुला पुस्तकको रूपमा लिदैं समाजको असमानता,विभेद, स्वार्थ र कृत्रिमतालाई त्यागेर प्रकृतिको समानत र शान्तिलाई अवलम्बन गर्नुपर्ने वैचारिकताको प्रस्तुति पाइन्छ । त्यस्तै राष्ट्र र समाजमा व्याप्त विकृति विसङ्गति, स्वार्थीपन र भ्रष्टप्रवृत्ति हटाएर प्रकृतिजस्तै सभ्य, स्वच्छ, समानताले पूर्ण समाजको निर्माणमा जुट्नुपर्ने विचार समेत प्रस्तुत गरिएको छ । त्यस्तै नेपाली

राजनीतिक क्षेत्रमा देखिएको विकृति र विसङ्गतिको चित्रण गर्नुपनि यस निबन्धको उद्देश्य रहेको पाइन्छ । यसरी प्राकृतिक वातावरणको माध्यमबाट मानवीय जीवन र प्रवृत्तिलाई चित्रण गर्नु यस निबन्धको मुख्य उद्देश्य रहेको पाइन्छ । हेरौ : *'भनौं कि नभनौं मनै हरियो, वनै हरियो, संविधानै हरियो, अधिकारै हरियो ।'* (पृ. १२४) ।

### ४.५.३७. चराको साम्राज्यमा

### ४.५.३७.१. परिचय

प्रस्तुत **चराको साम्राज्यमा** नामक निबन्ध सर्वप्रथम यसै सङ्ग्रहमार्फत् पहिलोपटक प्रकाशित भएको निबन्ध हो । यो निबन्ध यस सङ्ग्रहको सैंतीसौं निबन्धको रूपमा रहेको छ । यो निबन्धको शीर्षक पदावलीस्तरको रहेको छ । प्रस्तुत निबन्धमा निबन्धकारले चराको जीवनशैलीका बारेमा चर्चा गर्दै स्वतन्त्र रूपमा विश्वमा नै विचरण गर्न सक्ने शक्ति भएको चराबाट मान्छेले पनि केही कुरा अनुकरण गर्नुपर्ने तथ्य प्रस्तुत भएको पाइन्छ । चरा सञ्चयरहित जीवन जिउछ त्यसैले सुखी, स्वतन्त्र, कर्मशील छ भन्दै मान्छेले पनि आफूभित्रका लोभ, स्वार्थ, शोषण, हिंसा जस्ता प्रवृत्तिलाई त्यागेर चराजस्तै बन्नुपर्ने विषयवस्तुको संयोजन गरेको छ, त्यसैले यस निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव पाइन्छ ।

### ४.५.३७.२. संरचना

प्रस्तुत **चराको साम्राज्यमा** नामक निबन्ध चार पृष्ठमा संरचित तथा स-साना नौवटा अनुच्छेदयोजनाको आयाममा विस्तारित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

### ४.५.३७.३. विषयवस्तु/मूलभाव

प्रस्तुत **चराको साम्राज्यमा** नामक निबन्धमार्फत् निबन्धकारले चराको जीवन जिउने पद्धति र प्रवृत्तिको चित्रण गर्दै मानिसलेपनि चराबाट पाठ सिक्नुपर्ने विचार प्रस्तुत गरेका छन् । चराले भोलिका लागि सञ्चय गर्दैन जसले गर्दा उसलाई लोभ लाग्दैन, चराले आफ्नो कर्तव्य र जिम्मेवारी पूर्ण रूपमा पालना गर्दै प्रत्येक दिन कर्मशील बन्दछ । चरा सजातीयहिंसा गर्दैन त्यसैले स्वतन्त्र भई संसारकै विचरण गर्न सक्छ भन्दै मान्छेले पनि भोलिका लागि सञ्चय गर्ने प्रवृत्ति त्याग्ने हो भने समाजमा लोभी, भ्रष्ट र हिंसात्मक प्रवृत्ति लोप हुने कुरालाई कलात्मक तरिकाले प्रस्तुत गरिएको पाइन्छ । चराको आफ्नो निश्चित घर हुँदैन, चरामा आफ्नै जातिलाई पछि पार्दै अगाडि बढ्ने प्रवृत्ति हुँदैन भन्दै चराको जीवनशैली अवलम्बन गर्न सके मानवजीवन सुखी र सफल हुने तर्क गर्छन । मान्छे चेतनशील छ, काम गर्न सक्छ शिक्षाले युक्त छ तैपनि आफ्ना हातगोडाको प्रयोग नगरी निष्क्रिय बनेर बस्छ र भिखारी बन्छ भन्दै मागेर खाने र बन्ने प्रवृत्तिको विरोध गरेका छन् । मान्छेले आफ्नो चेतना र विवेकको दूरूपयोग गरी स्वजातकै शोषण, हिंसा र हत्या गर्ने प्रवृत्ति तर्फ सङ्केत गर्दै चराबाट शिक्षा लिनुपर्ने कुरालाई यसरी प्रस्तुत गर्दछन् : *'चरीहरू भिखारी हुँदैनन् न त स्वजातीयताका सिकारी नै हुन्छन् ।'* (पृ. १२६) ।

आजको समाज पाश्चात्य शैली र संस्कृतिले ग्रस्त बनेको तर्फ सङ्केत गर्दै समाजमा देखिएको विकृति र विसङ्गतिको सजीव चित्र यसरी उतारेका छन् : *'तिर्यक्योनी चराचरूङ्गीको*

*विशेषता हो, दम्पनीबाहेक अन्यत्र कोही कहीँ कतै चौर्यरत वा अन्यरत हुन सक्दैन, मान्छेलाई सोध्नुपर्छ चराबाट के कति महत्त्वपूर्ण ज्ञानगुन सिक्यौ मनुश्य ?'* (पृ. १२५) ।

यसरी चराको जीवनपद्धति मार्फत् मानवीय जीवन पद्धतिको विश्लेषण गर्ने कार्य यस निबन्धको मूलभावका रूपमा रहेको पाइन्छ ।

## ४.५.३७.४. भाषाशैली

प्रस्तुत **चराको साम्राज्यमा** नामक निबन्ध सरल भाषाशैलीले युक्त रहेको छ । सरल र जटिल दुवैकिसिमका वाक्ययोजना यस निबन्धमा प्रयोग भएको पाइन्छ । सामान्यतया अभिधाकै तहमा अर्थ पत्ता लगाउन सकिने भएपनि कतैकतै निबन्ध साङ्केतिक बनेको पाइन्छ । चराका माध्यमबाट मानवीय जीवनको विश्लेषण गर्न कलात्मक शैली अपनाइएको पाइनछ । *थ्योरी, कम्प्युटर, क्यासेट*जस्ता अङ्ग्रेजी शब्दको प्रयोग पाइन्छ । यस निबन्धको भाषा गतिशील रहेको छ । कवितात्मक भाषाले निबन्धमा श्रुतिमधुरता थपेको पाइन्छ । लोकगीतको टुक्रा समेत यस निबन्धमा प्रयोग भएको छ । जसले निबन्धलाई रोचक बनाएको छ । उदाहरण हेरौं : *'चरीको कहाँ छ र घर ? रात काट्यो डालीमा बसेर ।'* (पृ. १२६) ।

त्यस्तै संस्कृतका पूर्ण श्लोकको समेत प्रयोग गरिएको यस निबन्धलाई आलङ्कारिक भाषाशैलीले केही गहनता थपेको पाइन्छ । उपमा अलङ्कारको यो उदाहरण हेरौ : *'चरीहरूपनि कतै इन्द्रका नृत्यभवनमा उपलब्ध परी हुन् कि हँ उर्वशी जस्तै, घृताची जस्तै वा मेनुका जस्तै, रम्भा, तिलोत्तमा, सुकेशी, मञ्जुघोषा आदि जस्तै ।'* (पृ. १२५) ।

यसरी प्रतीकात्मक तथा आलङ्कारिक भाषा र कवितात्मक शैलीले निबनधलाई सरल, सरस र बोधगम्य बनाएको पाइन्छ ।

## ४.५.३७.५. उद्देश्य

प्रस्तुत **चराको साम्राज्यमा** नामक निबन्धमार्फत् निबन्धकारले मानवीय जीवनपद्धति, शैली, प्रवृत्तिलाई चित्रण गर्ने उद्देश्य लिएको पाइन्छ । आजको मानिस असभ्य, हिंसात्मक, शोषक, स्वार्थी, लोभी र निष्क्रियता जस्ता प्रवृत्तिबाट ग्रसित बनेको बताउँदै चराको जस्तो सञ्चयरहित जीवन र कर्मशील प्रवृत्तिको अनुकरण गर्नुपर्ने वैचारिकता प्रस्तुत गर्न खोजिएको पाइन्छ । आजको मानिसले समाजमा देखाएका विकृति र विसङ्गतिले युक्त व्यवहारलाई निस्तेज गरी स्वतन्त्रता, समतामूलक, हिंसारहित, शान्तिपूर्ण समाज निर्माणको परिकल्पना यस निबन्धको उद्देश्य रहेको पाइन्छ ।

## ४.५.३८. बा हराएको सूचना

## ४.५.३८.१. परिचय

प्रस्तुत **बा हराएको सूचना** नामक निबन्ध यसै सङ्ग्रहमार्फत् पहिलोपटक प्रकाशित भएको निबन्ध हो । यो निबन्धको शीर्षक वाक्यस्तरको रहेको छ । आत्मपरक शैलीमा रचिएको यस निबन्धमा 'बा' भनेर समग्र राष्ट्रका अभिभावकहरूको प्रतिनिधि पात्रलाई उभ्याएर युद्धग्रस्त अवस्थाको चित्रण गरिएको छ जहाँ विभिन्न बहानामा राज्य र विद्रोही पक्षले सर्वसाधारण जनतालाई दुःख दिएर

परिवारको मात्र नभई राष्ट्रकै बिचल्ली बनाइएको घटनाप्रति कडा प्रतिवाद गर्दै राष्ट्रलाई अभिभावकविहीन कसैले पनि बनाउन नपाउने र समुन्नत नेपालको कल्पनामा अगाडि बढेका 'बा'हरूलाई स्वतस्फूर्त रूपमा कार्य गर्न दिनुपर्ने सन्देश र भाव बोकेको उक्त निबन्धको शीर्षक र मूलभावबिच तादात्म्यभाव पाइन्छ ।

## ४.५.३८.२. संरचना

प्रस्तुत **बा हराएको सूचना** नामक् निबन्ध चार पृष्ठमा फैलिएको तथा सात अनुच्छेदयोजनाको संरचनामा संरचित निबन्धको रूपमा यस सङ्ग्रहमा सङ्ग्रहित छ ।

## ४.५.३८.३. विषयवस्तु/मूलभाव

नारायणप्रसाद खनालको ***बा हराएको सूचना*** निबन्धमा विषयवस्तुको व्यापकता, शिल्पशैली र रचनाकौशलका दृष्टिले स्तरीय कृति हो । यथार्थताभित्रका राजनीतिक, सामाजिक र सांस्कृतिक पक्षको उद्घाटन गर्दै परिवारले गुमाएका बा, दाजुदिदी, भाइबहिनी तथा राष्ट्रले इमान र जमान हराएकोप्रति कटाक्ष गर्दै द्वन्द्वले निम्त्याएको मनपरीतन्त्रलाई कलात्मक व्यङ्ग्य प्रस्तुतगरेका छन् । समग्र नेपाली जनताको रातमा निन्द्रा हराएको, सुस्तमनस्थिति, सुस्तश्रवण, अपाङ्ग र घाइते बन्नु परेको तथा गरिबहरूको चुल्होमा आगो नबल्ने अवस्था सिर्जना भएकोप्रति असन्तुष्टि जनाउँदै कामगरी खानेले पनि आफ्नो पाखुरी चलाएर जीवनचर्या गर्न नपाएको यर्थाथतालाई व्यक्त गर्न निबन्धकार सफल भएका छन् । सांस्कृतिक महत्त्वको धरोहरका रूपमा रहेको नेपाली संस्कृति युद्वका कारण लोप हुने स्थितिमा पुग्न लागेकोप्रति सङ्केत गर्दै नेपालको अस्तित्वका धरोहर रूक्मिणीकोप्रसङ्ग उठाउँदै सम्पूर्ण रीतिरिवाज, धर्मसंस्कृति र संस्कार हराएकोप्रति दुःख व्यक्त गरिएको छ । बेपत्ताका परिवारले अब कति कुर्नुपर्ने भन्दै बेपत्ता नागरिकको कि लास कि श्वास देखाइदिन सम्बन्धित पक्षसँग आग्रह गरेको पाइन्छ । यसरी सामाजिक विषयवस्तु मार्फत् समग्र राज्यका बेपत्ता अभिभावकको खोजी गर्नुपर्ने र तिनका परिवारलाई सम्बोधन गरी आँसु बगेको आँखामा र दुःखी मनलाई राहत दिलाउनु पर्ने विषय मूलभावको रूपमा यसरी प्रस्तुत भएको छ : *'धेरै आमाहरू विधवा र भाइ-छोरा-छोरीहरू टुहुरा भएका छन् । यौटा सुनामी यौटा भीषण कोलाहल, यौटा भयङ्कर भुइँचालो जस्तो अत्यन्त कहाली लाग्दो जनयुद्व नै यसको जिम्मेवार पक्ष हो ।'* (पृ. १३०) ।

## ४.५.३८.४. भाषाशैली

***बा हराएको सूचना*** निबन्ध नेपाली साहित्यको फाँटमा एक महत्त्वपूर्ण स्थान ओगट्न सफल रहेको पाइन्छ । राष्ट्र र समाजमा व्याप्त हत्या, हिंसा, आतङ्क देखि नेपाली समाज र नेपाली नागरिक आजित भैसके अब समाज र राष्ट्रमा हत्या र आतङ्क होइन शान्ति र विकासको बीजारोपण गराउनु पर्ने सङ्केत निकै कलात्मक भाषाशैलीमा प्रस्तुत गरेको पाइन्छ । वस्तुपरक, वैचारिक वर्णनात्मक विवरणात्मक, आत्मपरक निबन्ध लेख्ने खनालका निबन्धहरूमध्ये यो *बा हराएको सूचना* निबन्ध वैचारिक निबन्ध हो, जुन कलात्मक ढाँचामा संरचित छ ।यस निबन्धमा हिंसारहित, विभेदरहित समतामूलक समाजको कल्पना र शान्तिको अपेक्षा समेत गरिएको पाइन्छ । सरल भाषाशैलीको

प्रयोगबाट गम्भीर व्यङ्ग्य प्रस्तुत गर्न उनी सफल रहेका छन् । भाषिक क्लिष्टता नरहेको, औपचारिक भाषाको प्रयोग गरिएको छ । शिष्ट एवम् प्रौढभाषा व्यङ्ग्यात्मक कला उक्त निबन्धमा प्रस्तुत गरिएको छ ।

#### ४.५.३८.५. उद्देश्य

निबन्धकार नारायणप्रसाद खनालको **बा हराएको सूचना** निबन्ध मार्फत् बेपत्ता परिवारको पीडालाई, विनागल्ती सजाय पाएका परिवारलाई र अनाहकमा ज्यान गुमाउन बाध्य भएका परिवारको पीडालाई चित्रण गरी युद्धले निम्त्याएको बर्बर र पीडादायी अवस्थाको चित्रण गर्नु मुख्य उद्देश्य रहेको देखिन्छ, साथै भविष्यमा यस्ता घटना नदोहोरियून् भनेर दोषीलाई कारवाहीको दायरामा ल्याई शान्तिपूर्ण समाजको परिकल्पना गर्नु पनि उक्त निबन्धको उद्देश्य वा प्रयोजन रहेको देखिन्छ ।

### ४.५.२. निष्कर्ष

निबन्धकार नारायणप्रसाद खनालको प्रस्तुति **नागपञ्चमी (२०६९)** निबन्ध सङ्ग्रह अन्तिम तथा पाँचौं निबन्ध सङ्ग्रह हो । त्रिवेणी साहित्य परिषदको ३० औं पुष्पमालाको रूपमा प्रकाशित यस निबन्ध सङ्ग्रहमा जम्मा ३८ वटा निबन्धहरू सङ्ग्रहित  छन् । विभिन्न राष्ट्रिय प्राकृतिक, धार्मिक, सांस्कृतिक, राजनैतिक विषयले युक्त निबन्धहरूको सँगालोको रूपमा यस सङ्ग्रह रहेको पाइन्छ । समाजमा देखिएका विकृति, विसङ्गतिका साथै शैक्षिक, सांस्कृतिक, राजनीतिक तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश समेतलाई आफ्ना निबन्धका विषयमा समेट्ने प्रयास निबन्धकार खनालको रहेको पाइन्छ । आत्मपरक शैलीमा रचना गरिएको यस निबन्ध सङ्ग्रहले निबन्धकार खनालको निबन्धकारितालाई प्रष्ट्याउने प्रकाशित गर्ने प्रयास गरेको पाइन्छ । विभिन्न कुरीति, विकृति, विसङगति आदिको व्यङ्ग्यात्मक शैलीमा भण्डाफोर गर्दै सभ्य, विकसित, समतामूलक, शिक्षित समाज निर्माणमा महत्त्वपूर्ण योगदान दिन प्रस्तुत सङ्ग्रह अग्रसर देखिन्छ । निबन्धकार खनालको निबन्धयात्राको समसामयिक चरणमा देखापरेको यस निबन्धले आधानिक निबन्धको वर्तमान समयमा केही नवीन चिन्तन प्रस्तुत गर्दै अमूल्य योगदान दिन सफल भएको छ ।

## ४.६. नारायणप्रसाद खनालका निबन्धसङ्ग्रहहरूमा सङ्कलित नभएका फुटकर निबन्धहरूको सूची

नारायणप्रसाद खनालका प्रकाशित पाँचवटा निबन्धसङ्ग्रहभित्र सङकलित निबन्धहरू प्रायजसो एकपटक विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेपछि मात्र सङ्ग्रहमा सङ्कलित हुन पुगेको देखिन्छ । यस बाहेक उनका केही निबन्धहरू भने उनका निबन्धसङ्ग्रहहरूमा सङ्कलित नभई फुटकररूपमा मात्र विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । केही पहिलेकै र केही **नागपञ्चमी** (२०६९) पछि प्रकाशित भएका त्यस्ता फुटकर निबन्धहरूलाई राष्ट्रसन्देश साप्ताहिकमा प्रकाशित, केही सामान्य निबन्धात्मक रचनाहरू र केही समीक्षात्मक निबन्धहरूको शीर्षकमा छुट्टाछुट्टै तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

## (क) राष्ट्रसन्देश साप्ताहिक पत्रिकामा प्रकाशित निबन्धहरूको सूची

**तालिका सङ्ख्या-१**

| क्र.सं. | निबन्धको शीर्षक | वर्ष | अङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १. | स्वदेशी भाषामाथि विदेशी भाषाको अतिक्रमण अनपेक्षित | १ | २ | २०४८ |
| २. | कुकुरको पच्छर किन बाङ्गो हुन्छ ? | १ | ३ | २०४८ |
| ३. | कतै धामीझाँक्रिको भाषा नभइदियोस् | १ | ७ | २०४८ |
| ४. | खतराको घन्टीले | १ | ८ | २०४८ |
| ५. | तेत्तीस प्रतिशत जुँगा पाल्नै पर्ने | १ | १० | २०४८ |
| ६. | के हिन्दी तराइको दोस्रो भाषा हुन सक्छ ? | १ | ११ | २०४८ |
| ७. | नारीका अनेक रूप | १ | १२ | २०४८ |
| ८. | कुरा आफ्ना मान्छेको | १ | १८ | २०४८ |
| ९. | शुद्ध नेपालीको लेखन : लहरो तान्दा पहराको गर्जन | १ | १९ | २०४८ |
| १०. | तीन तिकट महा विकट | १ | २१ | २०४९ |
| ११. | आगो निभाउनै पर्छ | १ | २३ | २०४९ |
| १२. | तेस्रो विश्व युद्ध | १ | २४ | २०४९ |
| १३. | श्रद्धाञ्जली र मौनधारण | १ | २८ | २०४९ |
| १४. | महङ्गो मासु र परिवार नियोजन | १ | २९ | २०४९ |

## (ख) विभिन्न पत्र-पत्रिका, स्मारिका, ग्रन्थहरूमा प्रकाशित निबन्धात्मक रचनाहरूको सूची

**तालिका सङ्ख्या-२**

| क्र.सं. | निबन्धको शीर्षक | प्रकाशन स्रोत | वर्ष | अङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|---|
| १. | मित्रताको परिचय : मधुर मिलन | दीपज्योति | १ | १ | २०३५ |
| २. | लाँकुरी : मेरो दृष्टिमा | लाँकुरी | १ | २ | २०३६ |
| ३. | कलावादी दृष्टिकोणमा राम्रा अक्षर | दीपज्योति | ३ | ७ | २०३७ |
| ४. | मानव जीवनमा लोकगीतको भूमिका | बौद्धिक उद्यान | २ | २ | २०४३ |
| ५. | तेरा बङ्गारा झारिदिउँला | प्रवाह साप्ताहिक | १२ | १४ | २०५१ |
| ६. | यो कुनै लेख होइन, पत्रात्मक निबन्ध | हाम्रो पुरूषार्थ | - | - | २०६२ |
| ७. | आफूले कम सङ्गत गरेका गम्भीर व्यक्ति : मदनमोहन जोशी | नौलो राँको जोशी विशेषाङ्क | - | - | २०६६ |
| ८. | द्रव्यशाह बहुमुखी क्याम्पसको सम्झना र गोरखाको डायरीको थप कुरा | द्रव्यशाह ब.क्या. गोरखा स्मारिका | - | - | २०६७ |
| ९. | दुई निबन्धन | स्वर्ण जयन्ती स्मारिक ने.लो.उ.मा.वि. नवलपरासी | - | - | २०६७ |
| १०. | परोपकारी श्रीमद् गंगाधर सापकोटा | स्मृति ग्रन्थ प्रकाशन समिति, गैंडाकोट | - | - | २०६७ |
| ११. | अमर प्राज्ञद्वय लेखनाथ र टीकाराम : एकसाथ सम्झनु पर्दा | हाम्रो पुरूषार्थ | - | - | २०६७ |
| १२. | शैक्षिक भ्रमण र यसका उपलब्धि | भानु स्वर्ण स्मारिका | - | - | २०६८ |
| १३. | प्रेरक अनुप्रेरक व्यक्तित्व : आनन्ददेव भट्ट | हाम्रो सिर्जना | - | - | २०६८ |
| १४. | दुई लघु निबन्ध | कालिका एफ. एम. स्मारिका | - | - | २०६९ |
| १५. | हृदय खोल्ने कुराहरू | जनमत मासिक | २९ | ८ | २०६९ |
| १६. | दुई लघु निबन्ध | सनराइज रजत जयन्ती स्मारिक | - | - | २०६९ |
| १७. | बागलुङ स्थान नामको निर्वचन पहिल्याउन खोज्दा | बागलुङ चितवन सम्पर्क समाज, चितवन | - | - | २०६९ |
| १८. | हुतात्मा दशरथ चन्दको स्मृतिमा | - | ८ | १६ | २०७० |
| १९. | परिपूर्ण र सुखी जीवनका लागि वैवाहिक संस्कार अनिवार्य | तिलिचो | २८ | १९ | २०७० |
| २०. | वाकी | हाम्रो सिर्जना | ९ | १७ | २०७१ |

**(ग) विभिन्न पत्रपत्रिका ग्रन्थहरू, स्मारिका आदिमा प्रकाशित समीक्षात्मक निबन्धात्मक रचनाहरू**

**तालिका सङ्ख्या-३**

| क्र.सं. | निबन्धको शीर्षक | प्रकाशन स्रोत | वर्ष | अङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|---|
| १. | आँशु कवि देवकोटा | रजस्थाल | १२ | ३७ | २०६५ |
| २. | आङ आस्याङ् | रजस्थल | - | - | २०६५ |
| ३. | आनन्दी मन, मुनामदन र देवकोटा | जनकदर्पण | - | - | २०६६ |
| ४. | मुनामदनमा अलङ्कार सौन्दर्य | मुनामदन समालोचना | - | - | २०६७ |
| ५. | कालिदासको कुमार सम्भव महाकाव्यको पञ्चम सर्गको भाव रमणीयता | जनक स्वर्ण स्मारिका | - | - | २०६७ |
| ६. | पौराणिक नारी परिचय : नारी जागरणको अपूर्व सन्देश | प्रतिबिम्ब | - | - | २०६७ |
| ७. | महाकवि लक्ष्मीप्रसाद देवकोटाको मास्टरजी बालकविता : एक अवलोकन | अभियान स्मारिका | - | - | २०६८ |
| ८. | चितवनमा बोल्ने भाषाहरूको दिग्दर्शन | चितवन महोत्सव स्मारिका | - | - | २०६९ |
| ९. | चितवनमा गैर साहित्यिक नेपाली पुस्तक लेखन परम्परा : एक अवलोकन | जनजागृति स्वर्ण स्मारिका | - | - | २०६९ |
| १०. | प्रश्नोत्तर कवितामाथि सङ्क्षिप्त टिप्पणी | नारायणी स्वर्ण स्मारिका | - | - | २०६९ |
| ११. | भूमिका लेखन : एक अध्ययन | पल्लव | ८ | १७ | २०६९ |
| १२. | वहुआयामिक व्यक्तित्व कृष्णप्रसाद पराजुलीसँग एक छिन | कन्या स्वर्ण स्मारिका बालकुमारी कन्या उ.मा.वि. | - | - | २०६९ |
| १३. | रामायण र राम भक्ति परक साहित्य लेखन परम्परा | पल्लव | - | - | २०६९ |
| १४. | नेपाली वाङ्मय क्षेत्रका स्रष्टा एवम् द्रष्टा खनालहरूको योगदान | खनाल वंशावली | - | - | २०६९ |
| १५. | दुई डाक्टरका दुई कविता सङ्ग्रह ……… | स्वर्ण स्मारिका भीमनगर उ.मा.वि., चितवन | - | - | २०६९ |
| १६. | हाम्रो सिर्जनाको तेह्रौं अङ्क : एक समीक्षा | हाम्रो सिर्जना | ८ | १४ | २०७० |
| १७. | सपना वा स्वप्न सन्दर्भ नै सृजनाको आधार | हाम्रो सिर्जना | ८ | १५ | २०७० |
| १८. | ऋतु, ऋतु सङ्ख्या र वाङ्मयमा यसको प्रयोग | नवप्रभात स्वर्ण स्मारिका | - | - | २०७० |
| १९. | अनुपम कृति श्री गणेश पुराणको नेपाली अनुवादप्रति विहङ्गम दृष्टि | गणेश मन्दिर स्मारिका | - | - | २०७० |
| २०. | हल्का नजरले चितवनका हाइकुको समीक्षा प्रयास | रत्ननगर महोत्सव स्मारिका | - | - | २०७० |
| २१. | भाषको नाट्यकलाका सन्दर्भमा स्वप्नवासवदतम् नाटकको सङक्षिप्त अध्ययन | प्रज्ञाश्री-२, नेपाली विभाग, वी.ब.क्या | - | - | २०७० |
| २२. | स्वर्गैमा म त अप्सरा अघि थिएँ | रजस्थल | १७ | ५७ | २०७० |
| २३. | भानुभक्तका रामायणमा लोककल्याणकारिता | हाम्रो पुरूषार्थ | - | - | २०७० |
| २४. | भानुभक्त आचार्यको छन्द सम्पदा | वागीश्वरी | २४ | ११ | २०७० |
| २५. | बुटवल शब्दको निर्वचन | स्वर्ण स्मारिका लक्ष्मी उ.मा.वि., लङ्कु | - | - | २०७० |

## ४.७. निष्कर्ष

यसरी निबन्धकार नारायणप्रसाद खनालले विभिन्न समयमा फुटकररूपमा समेत निबन्धात्मक रचनाहरू प्रकाशित गरेको पाइन्छ । उनका निबन्धसङ्ग्रहरूमा पहिल्यै विभिन्न राष्ट्रिय तथा स्थानीय पत्रपत्रिका, स्मारिका, विशेषाङ्क तथा ग्रन्थहरूमा प्रकाशित भइसकेका र केही नयाँ निबन्धहरूको संयोजनबाट निबन्धसङ्ग्रहले आकार लिएको पाइन्छ । उनका हालसम्म पाँचवटा निबन्धसङ्ग्रहरू प्रकाशित भइसकेका छन् । ती सङ्ग्रहमार्फत् हाम्रै वरिपरिका मानवीय व्यवहार, प्रकृति, संस्कृति, प्रवृति जनजीवनका विषयहरू संयोजन गरेर समाज र राष्ट्रलाई सचेत र सकारात्मकरूपमा क्रियाशील बनाउने चेष्टा निबन्धकार खनालको रहेको पाइन्छ । वि.सं. २०३५ बाट औपचारिकरूपमा सुरू भएको खनालको निबन्धयात्रा निश्चित गोरेटो निर्माण गर्दै अगाडि बढेको पाइन्छ । छुट्टै शैली र प्रवृत्तिका साथ मौलिकपन सहित आउँदा दिनहरूमा अझ परिष्कृत र नवीन शैली वरण गर्दै उनका निबन्धसङ्ग्रहरू आधुनिक निबन्धका क्षेत्रमा प्राप्त हुने निश्चित छ । उनी वर्तमानसम्म पनि निबन्धका क्षेत्रमा क्रियाशील नै रहेका छन् ।

# परिच्छेद : पाँच
# नारायणप्रसाद खनालको निबन्धकारिताको मूल्याङ्कन

## ५.१. पृष्ठभूमि

नेपाली निबन्धको क्षेत्रमा विगत चार दशकदेखि सेवा गरेका निबन्धकार खनालले छुट्टै पहिचान सहित आफ्नो अस्तित्त्व कायम गरिसकेका छन् । वि.सं. २०३५ सालमा प्रकाशित *साहित्य र जीवन* नामक निबन्धबाट सुरू भएको उनको निबन्धयात्रा **नागपञ्चमी** निबन्धसङ्ग्रहसम्म आइपुगेको छ । यो क्रममा उनको **गोरखाको डायरी** (२०६१), **नारायणीका लहर-लहरमा** (२०६१), **निर्वचन र भाषिक सन्दर्भ** (२०६५), **स्वप्न-यात्रा र चिठी** (२०६६) र **नागपञ्चमी** (२०६९) निबन्धहरू प्रकाशित भैसकेका छन् । यी निबन्धसङ्ग्रहको प्रकाशनबाट नै आफ्नो कुशल प्रतिभाको परिचय दिइसकेका छन् । यी निबन्धमार्फत् निबन्धकार विभिन्न प्रवृत्तिका साथ नवीन शैलीलाई नेपाली निबन्धमा भित्र्याएका छन् । उनले कतै पूर्ववर्ती निबन्धकारहरूका प्रवृत्तिकै समानान्तर कतै उत्तरवर्ती निबन्धकारहरूभन्दा अग्रगति तथा मौलिकता उनको निबन्धात्मक प्रवृत्ति रहेको छ । जसले खनालको निबन्धयात्राको छुट्टै गोरेटो निर्माण गरेको छ । उनका निबन्धहरूमा आत्मपरकता, वस्तुपरकता, अन्वेषणमूलक चेतना तथा व्यङ्ग्यात्मकता प्रस्तुत भएको पाइन्छ । हाम्रै वरिपरिका सामान्य घटना, राजनीतिक परिघटना, प्रकृति आदि विषय नै उनका निबन्धका केन्द्रीय कथ्यका रूपमा रहेका हुन्छन् । कतै संस्कृतिप्रेमी, कतै भूगोलप्रेमी, कतै प्रकृतिप्रेमी त कतै राष्ट्रवादी भावना उनका निबन्धहरूमा सुसज्जित हुन्छन् । आधुनिक नेपाली निबन्धकारहरूको केही प्रभाव परेपनि उनका निबन्धहरूमा शैलीगत नवीनता रहेको पाइन्छ । खनालका निबन्धहरूमा मौलिकताको प्रचुरता रहेको हुन्छ, विषयवस्तु, संरचना, शीर्षकचयन, भाषाशैली र निबन्धलेखनको उद्देश्यमा समेत निजीपन भेट्न सकिन्छ । यहाँ खनालको निबन्धकारिताको मूल्याङ्कन हुने आधार शीर्षकचयन, संरचनागत प्रस्तुति, विषयवस्तु/मूलभाव, भाषाशैली र निबन्धलेखनको उद्देश्यमा केन्द्रित रही मूल्याङ्कन गर्ने प्रयास गरिएको छ ।

## ५.२. शीर्षकचयनका आधारमा मूल्याङ्कन

कुनैपनि कृतिको शीर्षस्थानमा रहेको नाम नै शीर्षक हो ।[1] कृतिको माथमा रहने यो अङ्ग ज्यादै महत्त्वपूर्ण हुन्छ । सामान्यतया शीर्षकबाटै कृतिको सामान्य परिचय पाइने हुँदा कृतिको नामकरण निकै महत्त्वपूर्ण मानिन्छ । शीर्षक चयनका दृष्टिले निबन्धकार खनालमा मौलिकपन भेटिन्छ । उनको निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरूमा प्रकृति, संस्कृति, वातावरण, राजनीतिक घटनाक्रम, सामाजिक परिस्थिति, समसामयिक परिवेश, सामान्य घटना, भौगोलिक बनोट, मानिसका व्यवहार, जीवन भोगाइ, अनुभूति, मानवीय भावना, यात्रावर्णन आदि एकाइहरू शीर्षकका रूपमा प्रस्तुत हुन्छन् । यी यावत् विषयलाई आफ्ना निबन्धका शीर्षकका रूपमा प्रस्तुत गर्दै जीवनलाई विभिन्न तह र एकाइहरूमा नियालिएको पाइन्छ । उनका निबन्धमा शब्दात्मक देखि वाक्यात्मकतह सम्मका शीर्षकले स्थान पाएको देखिन्छ । *भ्रान्ति, शिक्षा, सगरमाथा* (**नारायणीका लहर-लहरमा**), *कलम, छाँया* (**नागपञ्चमी**) जस्ता शब्दात्मक शीर्षकसमेत उनका निबन्धहरूमा प्रयोग भएका छन् भने *हामी उपस्थित भएका छौं, म*

---

[1] मोहनराज शर्मा, **संरचना वर्णविन्यास,** (काठमाडौं : नवीन प्रकाशन, २०५६), पृ. ३०२ ।

*बाहिर निस्कें !* (**नारायणीका लहर-लहरमा**), *म कृतज्ञ छु* (**नागपञ्चमी**) जस्ता पूर्णवाक्य समेत निबन्धका शीर्षक बनेर प्रयोग भएको पाइन्छ । खनालका निबन्धहरूमा हाम्रो संस्कृतिसँग सम्बन्धित विषयले समेत शीर्षकको स्थान पाएका छन् । *फेरि पनि दशैं हिलैमा, नागपञ्चमी* (**नागपञ्चमी**) शीर्षकले नेपाली संस्कृतिको उजागर गर्दै महत्त्वस्थापित गर्नमा भूमिका खेलेको पाइन्छ । त्यसैगरी निबन्धकार खनालले कतिपय निबन्धका शीर्षक चयन गर्दा संस्कृतका विभिन्न विद्वान्हरूका कृतिहरूमा प्रस्तुत भएका विषय, सूक्ति र प्रसङ्गलाई समेत आफ्ना निबन्धको विषय बनाएको पाइन्छ । त्यसैगरी उनका पत्रात्मक निबन्धमा सङ्ख्या *एक, दुई, तीन* ............ (**स्वप्न-यात्रा र चिठी**), ले समेत शीर्षकको स्थान पाएका छन् । त्यसैगरी उनका निबन्धहरूका शीर्षकमा नेपाली मात्र नभएर हिन्दीका प्रसङ्ग समेत शीर्षकको रूपधारण गरेको पाइन्छ । ......... *तो फिर मेरा चाल देख लो* (**नागपञ्चमी**), यसको उदाहरणको रूपमा लिन सकिन्छ । निबन्धकार खनालका निबन्ध शीर्षकहरूमा विभिन्न लेख्य चिन्हहरूको समेत उल्लेख्य प्रयोग भएको पाइन्छ । उद्गार चिन्ह (!) प्रयोग भएका केही निबन्धका शीर्षकहरू उदाहरण हेरौं : *म बाहिर निस्कें !, हृदय कसलाई दान गरूँ ! नक्कली पो परेछ !* ......... ( **नारायणीका लहर-लहरमा**), *रातो टीका निधारमा !* (**नागपञ्चमी**), *सपनामय भो हाय मलाई !, सपना हो कि !* (**स्वप्न-यात्रा र चिठी**), आदि । प्रश्नचिन्ह (?) प्रयोग भएका केही निबन्धका शीर्षकहरू *समयसँग के सम्झौता ?* (**नागपञ्चमी**), *म रिक्साको यात्रा किन गर्दिन ?* (**स्वप्न-यात्रा र चिठी**), विसर्ग (:) चिन्ह प्रयोग भएका केही निबन्धका शीर्षकहरू *सच्चा जीवन : उपहार* (**नारायणीका लहर-लहरमा**), *शान्ति : अर्थको खोजीमा, चक्र : शब्द एक रूप अनेक* (**निर्वचन र भाषिक सन्दर्भ**), *फूल : प्रेरणाका मूल, दोहोऱ्याएर 'एब्स्ट्रयाक्ट चिन्तन : प्याज' पढ्दा* (**नागपञ्चमी**) *यात्रा : वर्षाको पानीमा !, यात्रा एक : घटना दुई* (**स्वप्न-यात्रा र चिठी**), योजक चिन्ह (-) प्रयोग भएका केही निबन्धका शीर्षकहरू *मोनिका-क्लिन्टन प्रणय* (**नारायणीका लहर-लहरमा**), *चहै-चहै, नरम-गरमको तराजु, आत्म-मूल्याङ्याकनको खोज* (**नागपञ्चमी**), *भ्रमणमा नारी-प्रतिबन्ध, साइकिल-मोटरसाइकिल टकराव* ( **स्वप्न-यात्रा र चिठी**) स्वाभाविक रूपमा कसैलाई सम्बोधन गरिएर बोलिने शब्दहरूका शीर्षकहरू *धत्तेरिका चोर !* (**नारायणीका लहर-लहरमा**) *नाराने ! तँ त बुढो भइछस्* (**नागपञ्चमी**) ।

यसरी निबन्धकार खनाल शीर्षक चयनमा लेख्य चिन्हहरूको प्रयोग गर्दै निबन्धले बहन गर्ने विषयतर्फ सङ्केत गर्न सचेत देखिन्छन् । उनका यी विभिन्न चिन्हको प्रयोग गरेर निबन्धका शीर्षक दिने शैलीमा उनको निजीपन भेट्न सकिन्छ । त्यस्तैगरी सापेक्षसंयोजक प्रयोग भएका शीर्षकहरू तथा संयोजक मात्र प्रयोग भएका शीर्षकहरू समेत खनालका निबन्धका शीर्षक बनेको पाइन्छ । यसरी विभिन्न चिन्हको प्रयोग गर्ने खनाल अरू निबन्धकार भन्दा भिन्न शीर्षकमा देखिन्छन् । जसले उनको शीर्षक चयन गर्ने शैलीलाई मौलिक र भिन्न बनाएको प्रतीत हुन्छ । उनका निबन्धका शीर्षक हेर्दा सामान्य लाग्ने निबन्धहरू पनि भावात्मक तथा गम्भीर विषयको उद्घाटन गर्न सक्षम भएको पाइन्छ । जीवन र जगत्का सामान्य विषयलाई शीर्षक बनाएर पनि राजनीतिक विकृति, विसङ्गति, नेताको अकर्मण्यता, स्वास्थ्य क्षेत्रको विसङ्गति, विकृति, पाश्चात्य संस्कृतिको अन्धानुकरणको परिणति जस्ता विषयमा गम्भीर व्यङ्ग्यप्रहार गर्ने निबन्धकारको शैली अब्बल देखिन्छ । उनका निबन्धका शीर्षकहरूले कतै अभिधाकै तहमा अर्थ पैदा गर्दछन् भने कतै व्यञ्जनाकै तहसम्म पुग्नुपर्ने देखिन्छ, *बा हराएको सूचना* (**नागपञ्चमी**) यसको उदाहरण मान्न सकिन्छ ।

यसरी निबन्धकार खनाल विभिन्न विषयलाई आफ्ना निबन्धका शीर्षक बनाई आफ्नै विचार प्रस्तुत गर्ने कार्यमा शीर्षक चयनमा सचेत देखिन्छन् । नूतन विचार र विषयलाई निबन्धमा प्रस्तुत गर्ने खनालको शीर्षक चयन समकालीन निबन्धकारको तुलनामा मौलिक रहेको पाइन्छ ।

## ५.३. संरचनागत प्रस्तुतिका आधारमा मूल्याङ्कन

निबन्धकार नारायणप्रसाद खनालको लगभग चारदशक लामो निबन्धयात्राका क्रममा प्रकाशित पाँचवटा निबन्ध सङ्ग्रहमा प्रस्तुत भएका निबन्धहरूमा संरचनात्मक आयामका दृष्टिले निकै विविधता पाइन्छ । उनको पहिलो निबन्धसङ्ग्रह **गोरखाको डायरी (२०६१)** २४८ पृष्ठको संरचनामा विस्तारित छ । यो निबन्धसङ्ग्रह डायरी शैलीमा लेखिएको हुनाले यस भित्रका निबन्धहरू सङ्क्षिप्त रहेका छन् । उनको यो संरचनात्मक शैली समकालीन निबन्धकारहरूमा भेट्न सकिदैन । त्यस्तैगरी उनको दोस्रो सङ्ग्रह **नारायणीका लहर-लहरमा** रहेको छ । यो सङ्ग्रह १२७ पृष्ठको संरचनामा संरचित छ । यस सङ्ग्रहमा जम्मा २८ वटा निबन्धात्मक रचना रहेका छन् । त्यस्तैगरी **निर्वचन र भाषिक सन्दर्भ** ९० पृष्ठको आयाममा संरचित छ । त्यस्तै **स्वप्न-यात्रा र चिठी** १११ पृष्ठको संरचनामा र **नागपञ्चमी** १३२ पृष्ठको संरचनामा संरचित छन् । यी विभिन्न निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरू अधिकांश लघु आयामका रहेका छन् । आधापृष्ठदेखि २१ पृष्ठको आयाममा विस्तारित निबन्धहरू प्रस्तुत गर्नु खनालको निबन्धका संरचनात्मक विशेषता वा शैली मानिन्छ । **स्वप्न-यात्रा र चिठी** निबन्धसङ्ग्रहमा प्रायः एक पृष्ठको संरचनामा निबन्धहरू संरचित छन् भने प्रायः तीन अनुच्छेद योजनाका रहेका समेत छन् । यो पनि संरचनात्मक दृष्टिले अन्य निबन्धकारका तुलनामा नवीनतम मानिन्छ । सामान्यतया संरचनात्मक आयाममा उनका निबन्धहरू प्रायजस्तो लघु आकारका रहेका हुन्छन् । **गोरखाको डायरी** सङ्ग्रहको *गोरखापत्रमा प्रथम दृष्टिपात-००३* निबन्ध एक अनुच्छेद र आधा पृष्ठको संरचनामा रहेको छ भने *गोरखा क्याम्पस र सहयोगी प्राध्यापक* अठ्ठार अनुच्छेद योजनाको विवरणात्मक निबन्ध प्रस्तुत भएको छ । त्यस्तैगरी *एक झलक केही गोरखाली साहित्यकारहरू-१०८* २१ पृष्ठको आयाममा विस्तारित निबन्धसमेत प्रस्तुत हुनु खनालको निबन्धको संरचनागत विशेषता हो । आकार र संरचनामा उनका निबन्धहरूमा केही शिथिलता देखिएपनि विषयवस्तु र भाववहनका दृष्टिले निकै गम्भीर रहेका छन् । उनका निबन्धहरूमा सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, धार्मिक, स्वास्थ्य, शिक्षालगायत विभिन्न क्षेत्रमा देखापरेको विकृति विसङ्गति, गैरजिम्मेवारीपनप्रति व्यङ्ग्य प्रहार गर्दै त्यसप्रति सजग रहेर अगाडि बढ्न आग्रह समेत गरेको पाइन्छ । उनका एक अनुच्छेद वा आधा पृष्ठका रचनाहरूमा समेत जीवनप्रतिको, समाजप्रतिको तथा राष्ट्रप्रतिको विषयलाई प्रस्तुत गर्ने प्रवृत्ति भेटिन्छ जसले गर्दा उनका निबन्धहरू छोटा भएपनि गम्भीर बनेको पाइन्छ । छोटो संरचना छरितोपनमा गम्भीर विषयको रहस्योद्घाटन गर्नु र बिन्दुमा सिन्धु अटाउनु उनका निबन्धका संरचनागत विशेषता हुन्, जुन आधुनिक नेपाली निबन्धको क्षेत्रमा नै मौलिक रहेको पाइन्छ ।

## ५.४. विषयवस्तु/मूलभाव संयोजनका आधारमा मूल्याङ्कन

कुनै खास विषयको बारे प्रतिपादन गरिएको कुरालाई विषयवस्तु भनिन्छ ।[२] साहित्यका जुनसुकै विधाको सिर्जनाका लागि विषयवस्तुको अनिवार्य आवश्यकता पर्दछ । जीवनजगत्का कुनै एक

---

[२] वसन्तकुमार शर्मा, **नेपाली शब्दसागर**, दोस्रो संस्करण, (काठमाडौं : भाभा पुस्तक भण्डार, २०५८), पृ. १२२१ ।

पक्षलाई लिएर त्यही विषयवस्तुको केन्द्रीयतामा नै स्रष्टाले साहित्य सिर्जना गर्दछ । जसले गर्दा विषयवस्तु निबन्धको मेरूदण्ड बनेर अनिवार्य तत्त्वका रूपमा रहेको हुन्छ । सूक्ष्म चिन्तन, स्वानुभव र परिपक्क विचारको प्रकटीकरण नै उनका निबन्धका विषयवस्तु हुन् ।[३] निबन्धकार खनालका निबन्धसङ्ग्रहभित्रका निबन्धात्मक रचनाहरूमा पनि जीवन जगत्का अनेकौं एकाइका विषयलाई संयोजन गरेको पाइन्छ । धर्म, संस्कृति, भूगोल, प्रकृति, वातावरण, रीतिरिवाज, चालचलन, राजनीति, भाषा, यात्रा, विभिन्न घटना, प्रसङ्गले विषयवस्तुको रूपमा स्थान बनाएका छन् ।

निबन्धकार खनालको **गोरखाको डायरी** (२०६१) कृतिले गोरखाको भूगोलसँग सम्बन्धित विषयलाई उजागर गर्ने प्रयत्न गरेको छ । गोरखाको समग्र सांस्कृतिक, आर्थिक, सामाजिक, साहित्यिक, धार्मिक, ऐतिहासिक, शैक्षिक, भौगोलिक, राजनैतिक, प्राकृतिक तथा तमाम महत्त्वले भरिएका विषयलाई गोरखाको डायरीले विषयवस्तुका रूपमा समेटेको पाइन्छ । यी यावत् पक्षभित्रका सबल र दुर्बल पक्षलाई राम्रोसँग केलाएर सुधारका निम्ति समेत सचेत बनाउने प्रयास खनालको रहेको पाइन्छ । त्यस्तैगरी खनालको **नारायणीका लहर-लहरमा** (२०६१) निबन्धसङ्ग्रहभित्रका निबन्धहरूमा देशको समसामयिक राजनीतिक व्यवस्थाले पारेको प्रभाव, भित्र्याएको विकृति, विसङ्गति, शोषण, दमन, अन्याय, अत्याचार, भ्रष्टाचारी प्रवृत्तिको उदाङ्गो रूप प्रस्तुत गर्ने विषयवस्तु संयोजित छ । यी यावत् पक्षका विकृति, विसङ्गतिलाई जरैदेखि समूल नष्ट गर्ने नेपाली नागरिकहरूमा चेतनाको दीयो बाल्ने विषयलाई केन्द्रविन्दुमा राखिएको छ । त्यस्तैगरी उनको **निर्वचन र भाषिक सन्दर्भ** (२०६५) भाषिक निबन्धसङ्ग्रह नितान्त भाषासँग सम्बन्धित छ । यस कृतिमा केही व्याकरणसम्बन्धी र केही शब्दनिर्वचन सम्बन्धी आफ्ना धारणा प्रस्तुत गर्ने विषयवस्तु रहेको पाइन्छ । खनालका अन्य निबन्धसङ्ग्रहहरू भन्दा भिन्न भाषासँग सम्बन्धित विषयले यस सङ्ग्रहमा स्थान पाएका छन् । त्यस्तैगरी खनालको **स्वप्न-यात्रा र चिठी** (२०६६) सङ्ग्रह पत्रसाहित्यसँग सम्बन्धित छ । स्वप्नसम्बन्धी र यात्रासम्बन्धी आफ्ना विचार प्रस्तुत गर्दै सामाजिक, राजनैतिक, भौगोलिक आदि विषयवस्तुलाई समेट्ने प्रयास गरिएको छ । यो सङ्ग्रह तीन खण्डमा विभाजित छ । पहिलो *स्वप्नालङ्कार* खण्ड स्वप्नसँग सम्बन्धित आफ्ना मान्यता, धारणा, विचार प्रस्तुत गर्ने विषयमा केन्द्रित छ भने दोस्रो *यात्रालङ्कार* खण्ड भ्रमण साहित्यले कुनैपनि ठाउँको भौगोलिक, प्राकृतिक, धार्मिक, सांस्कृतिक, सामाजिक, शैक्षिक आदि अनेकौं एकाइहरूको चित्रण गर्ने हुँदा यात्रावृत्तान्त आजको आवश्यकता बनेको विचार प्रस्ततु गर्ने विषयमा केन्द्रित छ । त्यस्तैगरी *चिठी* खण्डका चिठीहरूमा देशको वर्तमान आस्था, विकृति, विसङ्गति, स्वास्थ्य, क्षेत्रको विकृति, श्रीमान-श्रीमतीबिचको सम्बन्ध लगायत विभिन्न विषयलाई प्रस्तुतिको केन्द्र बनाइएको छ । त्यस्तैगरी खनालको पाँचौं तथा अन्तिम निबन्धसङ्ग्रह **नागपञ्चमी** (२०६९) मा विभिन्न राष्ट्रिय, प्राकृतिक, धार्मिक, सांस्कृतिक, राजनैतिक विषयले युक्त निबन्धहरूको सँगालोको रूपमा यस सङ्ग्रह रहेको पाइन्छ । समाजमा देखिएका विकृति, विसङ्गतिका साथै शैक्षिक, सांस्कृतिक, राजनीतिक तथा राष्ट्रिय र अर्न्तराष्ट्रिय परिवेश समेतलाई आफ्ना निबन्धको विषयमा समेटने प्रयास निबन्धकार खनालको रहेको पाइन्छ । विभिन्न कुरीति विकृति, विसङ्गति आदिको व्यङ्ग्यात्मक शैलीमा भण्डाफोर गर्दै सभ्य विकसित, समतामूलक शिक्षितसमाज निर्माणमा सहयोग पुग्ने विषयलाई यस सङ्ग्रहले आत्मसात् गरेको पाइन्छ ।

---

[३]. रामबाबु घिमिरेबाट प्राप्त मौखिक जानकारी ।

विषयवस्तुको संयोजनका दृष्टिले खनालको निबन्धकारितालाई विश्लेषण गर्दा उनका निबन्धको विषयक्षेत्र व्यापक देखिन्छ । लेखकीय अनुभूतिले प्रशस्त फैलने अवसर पाउने यस विधामा खनालका निबन्धका विषयवस्तु फरक-फरक किसिमका देखिन्छन् । उनले जीवन जगत्का विविध पक्षहरूलाई समेट्र निबन्धको रचना गरेको पाइन्छ । मूलतः खनालले समसामयिक युग, समाज र वातावरणको स्पष्ट चित्र उतार्दै भाषा र व्याकरण तथा पत्रसाहित्यप्रतिको आफ्नो दृष्टिकोणलाई प्रस्तुत गर्ने जमर्को गरेको पाइन्छ । खनालले पत्रमार्फत् आफ्ना जीवनका वैयक्तिक घटनाको समेत स्मरण गरेका छन् । खनालका निबन्धका विषयवस्तुहरू मानवीय जीवनजगत्का सेरोफेरोसँग सम्बन्धित रहेका छन्, ती विषषवस्तु मार्फत् खरावपक्षको चित्रण गर्दै त्यसले निम्त्याउने सम्भावित सङ्कटप्रति चनाखो बन्दै शान्ति, समतामूलक शिक्षित र विकसित समाजनिर्माणमा उनका प्रायः सबैजसो निबन्धहरू उन्मुख देखिन्छन् ।

## ५.५. भाषाशैलीका आधारमा मूल्याङ्कन

आफ्नो मनको भाव अरूले बुझ्नसक्ने गरी प्रकट गर्ने शब्द नै भाषा हो ।[४] आफ्नो विचार वा कुनै विषयवस्तुलाई अरूछेउ सम्प्रेषण गर्न तयार गरिएका शब्द, वाक्य र अनुच्छेदहरूको बुनोटलाई शैली भनिन्छ ।[५] यसरी विचार गर्दा आफ्ना रचनाहरू पाठकसामु पुऱ्याउने तरिका वा प्रकट गर्ने शैली नै भाषाशैली हो । भाषाशैली निबन्धको महत्त्वपूर्ण तत्त्व हो । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली त्यसलाई व्यक्त गर्ने तरिका हो । भाषाशैलीका माध्यमले नै निबन्धकारले आफ्नो विचार र भावनालाई पाठकसामु अभिव्यक्त गरेको हुन्छ । निबन्धमा प्रयुक्त भाषाशैली प्रत्येक निबन्धकारको फरक-फरक हुन्छ । उनी भाषा साहित्यका विद्वान् भएकाले भाषाशैलीका बारेमा यतिमात्र भनौं कि उनले आफ्नै प्रकारका शैली निर्माण गरिसकेका छन् जुन सरस, सरल र प्रवाहमय छ, विद्वता र सरलता विशेषता बनेका छन् ।[६] खनाल संस्कृतका मर्मज्ञ भएकाले उनका निबन्धमा संस्कृतका तत्सम शब्दहरूको प्रयोग पाइए पनि विषयगत सन्दर्भमा जोडिएर सलल प्रभावित भएकाले सरल र सुगम लाग्दछन् ।[७] खनालका निबन्धहरू सरल सरस छन् भाषाशैली परिस्कृत छ । उनका निबन्धहरू आफ्नै शैली र स्वभावमा बहेका देखिन्छन् ।[८] निबन्धकार खनालका निबन्धमा प्रयुक्त भाषाशैलीमा पनि निजीपन भेटिन्छ ।

निबन्धकार खनालको **गोरखको डायरी** (२०६१) कृति संस्मरणात्मक शैलीमा लेखिएको कृति हो भने समीक्षात्मक शैलीलाई समेत आत्मसात् गरिएको छ । एउटै कृतिभित्र निबन्ध र समालोचना रूपको समीक्षा पाइनु पनि एउटा साहित्यिक प्रयोग हो, जहाँ विधामिश्रण गरिएको छ । खनाल यस सङ्ग्रहमार्फत् आधुनिक नेपाली निबन्धको परम्परा नवीन शैली अवलम्बन गर्ने निबन्धकारको रूपमा देखा पर्दछन् । त्यस्तैगरी **नारायणीका लहर-लहरमा** (२०६१) निबन्धसङ्ग्रह पनि सरल, सहज भाषाशैलीले युक्त रहेको छ । त्यस्तै खनालका अन्य निबन्धहरूपनि पाठकलाई कौतुहलता सिर्जना गरी

---

४. वसन्तकुमार शर्मा, पूर्ववत् ।

५ गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**, पूर्ववत् ।

६. रामबाबु घिमिरेबाट प्राप्त मौखिक जानकारी ।

७. केशवराज आमोदीबाट प्राप्त मौखिक जानकारी ।

८. तिलकराज पौडेलबाट प्राप्त मौखिक जानकारी ।

अन्त्यसम्म पुऱ्याउन सक्ने खालका छन् । उनको **निर्वचन र भाषिक सन्दर्भ** (२०६५) भाषिक निबन्धसङ्ग्रह खोज-अन्वेषणमूलक शैलीलाई आत्मसात् गर्दै अगाडि बढेको पाइन्छ । साथै विश्लेषणात्मक र समीक्षात्मक शैली समेतलाई आत्मसात् गरेको पाइन्छ। त्यस्तैगरी खनालको **स्वप्न-यात्रा र चिठी** (२०६६) निबन्धसङ्ग्रहमा प्रस्तुत भएका निबन्धहरू निकै संक्षिप्त छन् । प्राय एक पृष्ठ र धेरैजसो निबन्धहरू तीन अनुच्छेदयोजनामा संरचित हुनु शैलीगत नवीनताका परिणाम हुन् । समग्रमा यस सङ्ग्रह संक्षिप्तता, काव्यात्मकता, सूत्रात्मकता, आलङ्कारिता, प्रतीकात्मक तथा बिम्बात्मक शैलीगत वैशिष्ट्यलाई आत्मसात् गर्दै अगाडि बढेको पाइन्छ । खनालको **नागपञ्चमी** (२०६९) निबन्धसङ्ग्रह आत्मपरक शैलीमा रचना गरिएको निबन्ध सङ्ग्रह हो । त्यस सङ्ग्रहमा खनालको नैबन्धिक प्रवृत्ति व्यङ्ग्यधारतिर आकृष्ट देखिन्छ । यस सङ्ग्रहका निबन्धहरूमा वर्तमान राजनीतिक, साहित्य, संस्कृति कलाप्रतिको चिन्तन पनि छ र तिनका विकृत पक्षहरूमाथि तीक्ष्ण व्यङ्ग्य प्रहार पनि गरिएको छ । *खनालको व्यङ्ग्य, शिष्ट र प्रच्छन्न खालको हुन्छ* भन्ने त्रिवेणी साहित्य परिषद् नवलपरासीका सचिव गोविन्दराज विनोदीको विचारले समेत यस कुरालाई पुष्टि गर्छ ।

खनालका निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरू प्रायः सबैजसो सरल, सहज, बोधगम्य भाषाशैली, लघुआकार जस्ता विशेषताले पूर्ण छन् । उनका निबन्धहरूमा सरल र जटिल दुवै प्रकृतिका वाक्यहरूको प्रयोग पाइन्छ । *स्याँस्याँ, सुरूसुरू, खुरूखुरू, लुरूलुरू, गमक्क, फ्याक्स, गल्र्याम्म, खर्लप्प, पुलुक्क* ...... आदि जस्ता अनुकरणात्मक शब्दहरू, *क्वाँ-क्वाँ, ह्वाँ-ह्वाँ* जस्ता दित्व शब्दहरू, संस्कृतका विभिन्न तत्सम्, तदभव शब्दहरू, सूक्तिहरू, समेतको अत्यधिक प्रयोग पाइन्छ । खनाल संस्कृत साहित्यमा आचार्य उपाधि समेत प्राप्त गरेकाले संस्कृत भाषाको प्रभाव उनका निबन्धहरूमा समेत चित्रित भएको पाइन्छ । त्यस्तैगरी अङ्ग्रेजी भाषाका *होमवर्क, स्कूलवर्क, प्रमिसन, टोटल, रजिस्ट्री, फोटोकपी, टाइप, बाइक, एक्सिलेटर, हेलमेट, एरिया, ट्रावल्स,* (**नागपञ्चमी**), *लिट्रेचर, साइड-इफेक्ट, ग्यारेन्टी, मार्केट, हट-न्यूज, हाइब्रीड, हेडमिस, माइक्रो युनिभर्सिटी* .......(**नारायणीका लहर-लहरमा**) आदि शब्दहरूको समेत उल्लेख्य प्रयोग पाइन्छ फाट्ट फुट्ट हिन्दी भाषाका शब्दहरूको समेत प्रयोग पाइने उनका निबन्धहरूमा ..... *तो फिर मेरा चाल देख लो* (**नागपञ्चमी**) हिन्दीको वाक्यांशनै निबन्धको शीर्षक बनेर आएको पाइन्छ ।

खनालका निबन्धहरूमा प्रशस्तमात्रामा उखान टुक्काहरूको प्रयोग पाइन्छ । *घरै पिँडालु बनै पिँडालु, ससुराली जाँदा बाह्रहाते पिँडालु, अचानोको पीर खुकुरीले जान्दैन, कौडी न सौडी बजार बजार दौडी, गयो कलकत्ता भयो वेपत्ता, ताकपरे तिवारी नत्र गोतामे* .......(**नारायणीका लहर-लहरमा**) *वन भँडार घर ओडार,कि पढेर जानिन्छ कि परेर जानिन्छ* (**निर्वचन र भाषिक सन्दर्भ**) *पापीको मन परचित्त, आफूले पालेको कुकुरले आफैलाई टोक्छ, कागलाई वेल पाक्यो हर्ष न विस्मात्* ..... (**स्वप्न-यात्रा र चिठी**), *कुरा सुन्नु बूढाको आगो ताप्नु मूढाको, बैंसमा त सासू स्याल पनि घोर्ले, जो चोर उसैको ठूलो सोर, एक त मुसुरी हिङ्ले भ्फानेकी* ..... (**नागपञ्चमी**) जस्ता नेपाली समाजमा प्रचलित उखान तथा टुक्काहरूको प्रयोगले खनालका निबन्धहरूलाई आकर्षक, रोचक र श्रुतिमधुर बनाएको पाइन्छ ।

निबन्धकार खनालका निबन्धहरूमा कतै बालबोलीको प्रयोग भेटिन्छ भने कतै कवितात्मक भाषाले निबन्धहरूलाई सजाएको पाइन्छ । खनाल कतै विभिन्न कविताका अंशहरूलाई आफ्ना

निबन्धहरूमा प्रस्तुत गर्दै नयाँपन दिने प्रयासमा समेत जुटेको पाइन्छ । त्यस्तैगरी खनाल आफ्ना निबन्धमा अभिधात्मक रूपमा मात्रै प्रस्तुत नभएर विभिन्न बिम्ब-प्रतीक, अलङ्कारको समेत प्रयोग गर्दै निबन्धलाई प्रतीकात्मक, बिम्बात्मक तथा आलङ्कारिक बनाउने चेष्टा समेत गर्दछन् । उदाहरण हेरौं :

> *'यी कविका प्रेरकहरूले काव्यलाई प्रकाश दिएर अँधेरा हृदयलाई पखालेका छन् । आखिर कल्पनाको पनि शिखर हुन्छ, भावनाको पनि सतह हुन्छ, तर करोडौं जुनकिरी खप्टिए पनि गोरेटो देखिने प्रकाश-पुञ्जको कल्पना कष्टकर हुन जान्छ ।'* (**नारायणीका लहर-लहरमा**, (पृ. ९५), *'म अहिले दोधारमा छु, ढलपल-ढलपल बर्खे बाढीको डुङ्गा झैं बालुवाको रासमाथिको ठूलो ढुङ्गोझैं हरपल डुब्न तम्तयार ।'* (**नारायणीका लहर-लहरमा**), (पृ. १०७), *'सडक छन् काला विषालु सर्पझैं तर विषथरका रूपमा यानहरू नै सक्रिय छन् जो आपसमा टोकाटोक गर्छन, केही ठहरै हुन्छन्, कोही विषको ज्वाला सहन नसकी त्रिशूलीमा हाम्फाल्छन् ।'* (**स्वप्न-यात्रा र चिठी**), (पृ. ४४), *'हुन पनि सृष्टिमा सर्वाधिक जिम्मेवारी यिनै द्रौपदी, कुन्ती र माद्री तथा कौशल्या, सुभद्रा र कैकयी तथा मन्धराकै त छ होइन र ?'* (**नागपञ्चमी**, पृ. ८८) ।

यसरी निबन्धकार खनाल आफ्ना निबन्धहरूमा प्रस्तुत गर्ने विषयलाई कतै आत्मपरक, कतै अन्वेषणात्मक, कतै संस्मरणात्मक, कतै समीक्षात्मक, कतै व्यङ्ग्यात्मक शैलीका माध्यमले विभिन्न वाक्यहरूको प्रयोग गर्दै अनुकरणात्मक शब्द संस्कृत, हिन्दीका शब्द वाक्य, सूक्ति तथा नेपाली उखान टुक्काहरूको प्रयोग गरेर निबन्धलाई रोचक, धोचक तथा मिठासपूर्ण बनाउनमा सचेत देखिन्छन् । विभिन्न आलङ्कारिक तथा बिम्बात्मक भाषाको प्रयोग गरेर आफ्ना विचार पाठक समक्ष पुऱ्याउने शैलीमा नितान्त मौलिकपन पाइन्छ । जसले खनालको निबन्धकारिताको भाषाशैलीगत विशिष्टतालाई पुष्टि गर्दछ ।

## ५.६. उद्देश्यका आधारमा मूल्याङ्कन

उद्देश्य वा प्रयोजन निबन्धकार खनालको निबन्धकारिताको मूल्याङ्याकनको अर्को आधारका रूपमा रहेको छ । किन तपाइँ निबन्ध लेख्नुहुन्छ ? यसै प्रश्नको उत्तर नै उद्देश्य वा प्रयोजन हो ।[९] उक्त तत्त्व उपर चिन्तन गर्दा स्रष्टाको साहित्यिक रचनामा कुनै न कुनै उद्देश्य निहित हुन्छ । खनालका हालसम्म प्रकाशित पाँचवटा निबन्धसङ्ग्रहका पनि कुनै न कुनै विशिष्ट उद्देश्य रहेका छन् ।

निबन्धकार खनालको पहिलो कृति **गोरखाको डायरी** (२०६१) कृतिमा गोरखामा रहेका सामाजिक चालचलन, रीतिरिवाज, धर्मसंस्कृति आदिका बारेमा निबन्धकारले भोगेको अनुभव समेट्ने प्रयास गरिएको छ । गोरखा भौगोलिक दृष्टिकोणले मात्र नभई धार्मिक, सांस्कृतिक, शैक्षिक, ऐतिहासिक, सामाजिक, प्राकृतिक महत्त्वका दृष्टिले पनि व्यापक भएको प्रष्ट्याउनु यस कृतिको उद्देश्य देखिन्छ । साथै डायरी लेखन परम्परालाई निरन्तरता दिँदै डायरी साहित्यतर्फ पाठक र स्रष्टालाई आकृष्ट गर्नुपनि यस कृतिको उद्देश्य देखिन्छ । त्यस्तैगरी खनालको **निर्वचन र भाषिक सन्दर्भ** (२०६५) भाषिक निबन्धसङ्ग्रह मार्फत् भाषासँग सम्बन्धित भ्रम निवारण गर्दै विभिन्न

---

[९] नारायणप्रसाद खनाल, *शुभकामना भूलहरूका विरूद्ध लड्ने स्रष्टालाई*, **समीक्षाका आकारहरू**, समालोचना सङ्ग्रह, (नवलपरासी : त्रिवेणी साहित्य परिषद, २०६५), पृ. ६६ ।

शब्दहरूको निर्वचन प्रक्रिया देखाई भविष्यका भाषासँग सम्बन्धित अनुसन्धातालाई ऊर्जा, प्रेरणा, हौसला र मार्गनिर्देशन गर्ने उद्देश्य लिएको पाइन्छ । त्यस्तैगरी **स्वप्न-यात्रा र चिठी** (२०६६) निबन्धसङ्ग्रह मार्फत् निबन्धकार खनालले स्वप्नसम्बन्धी आफ्ना विचार प्रस्तुत गर्दै यात्रा गर्दाका क्रममा हुने महत्त्वपूर्ण फाइदा र मानवीय जीवनमा यात्राको महत्त्व दर्शाउँदै पत्र-साहित्यको उत्थानमा महत्त्वपूर्ण भूमिका खेल्न सहायक होस् भन्ने उद्देश्य लिएको पाइन्छ । त्यस्तैगरी **नारायणीका लहर-लहरमा** र **नागपञ्चमी** निबन्धसङ्ग्रह मार्फत् पनि निबन्धकारले देशमा व्याप्त अशान्ति, द्वन्द्व, हिंसाले समग्र राष्ट्रलाई आक्रान्त पारेको यथार्थता प्रस्तुत गर्दै समाज र राष्ट्रको विकास तथा नागरिकहरूको चेतना अभिवृद्धि गर्ने उद्देश्य लिएको पाइन्छ । साथै उनका निबन्धहरू कुरीति, विकृति, विसङ्गति आदिको व्यङ्ग्यात्मक शैलीमा भण्डाफोर गर्दै सभ्य, विकसित, समतामूलक शिक्षित समाज निर्माणमा योगदान पुऱ्याउने उद्देश्यले प्रेरित देखिन्छ ।

यसरी उनका पाँच सङ्ग्रहमार्फत् विभिन्न उद्देश्यका साथ आफ्नो निबन्धकारितालाई अगाडि बढाउनु खनालको निबन्धकारिताको वैशिष्ट्य हो । कुनै एउटा मात्र उद्देश्यमा केन्द्रित नभईकन निबन्धरचना गर्नु र विशाल उद्देश्यका साथ आफ्नो निबन्धयात्रालाई अगाडि बढाउनुले खनालको नैबन्धिक क्षमतालाई पुष्टि गर्दछ । निबन्धकार खनाल साहित्यका विविध विधालाई स्थापित बनाउने उद्देश्यका साथ आधुनिक नेपाली निबन्धको फाँटमा यात्रारत देखिन्छन् । नेपाली साहित्यमा यसरी जिम्मेवार निबन्धकारको भूमिकामा देखिनु खनालको निबन्धकारिताको वैशिष्ट्य हो ।

## ५.७. निष्कर्ष

निबन्धकार नारायणप्रसाद खनाल आधुनिक नेपाली निबन्धको तेस्रोचरणको चौथो उपचरणका निबन्धकार हुन् । उनको निबन्धकारिता विषयगत, संरचनागत, भाषाशैलीगत र उद्देश्यगत विविधताले युक्त छ । समसामयिक मानवीय जीवन र जगत्का यावत् विषयलाई आफ्नो निबन्धको कथ्य बनाई समाजका विकृति, विसङ्गति, शोषण, असमानता, अन्याय आदि पक्षको सचित्र वर्णन गर्दै शान्ति, समतामूलक र विकासित सभ्यसमाजको निर्माणमा उनको निबन्धकारिता मौलाएको देखिन्छ, हेर्दा सामान्य लाग्ने विषयलाई आफ्नो निबन्धको कथ्य बनाई गम्भीर भाव प्रस्तुत गर्नसक्नु निबन्धकार खनालको कला हो ।

खनालका निबन्धात्मक रचनाहरू प्राय जसो आत्मपरक शैलीमा रचिएको पाइन्छ । खनाल कतै प्रकृतिलाई मानवीय जीवनको अभिन्न अङ्गको रूपमा प्रस्तुत गर्दछन् त कतै प्रकृतिको शान्त र क्रुर रूपको समेत चित्रण गर्न पुग्छन् । यसक्रममा खनाल स्वच्छन्दवादी प्रवृत्तिसमेत अवलम्बन गर्न पुग्छन् । सामान्यतया खनालका निबन्धमा प्रथमपुरूष कथन पद्धतिको प्रयोग पाइन्छ । उनका निबन्धहरू सरल र सहज लाग्ने र सहजै अर्थ प्रष्ट्याउन वा खुलाउन सकिने खालका भएकाले सामान्य पाठकलाई समेत आकर्षित गर्दछन् । तर केही निबन्धहरूमा नेपालीमा अनुवाद नगरिएका संस्कृतका सूक्ति र उखानटुक्का तथा शब्दहरूको समेत प्रयोग पाइन्छ । यी बाहेक खनालका निबन्धहरू श्रुतिमधुरता, काव्यात्मकता, सरलता जस्ता गुणले युक्त छन् । खनालको निबन्धकारिताको सुरूवाती चरणबाटै भिन्न-भिन्न प्रवृत्तिका साथ देखा पर्दछन् । खनालको निबन्धयात्राको पहिलो चरणमा देखापरेको यथार्थवाद भित्रको हास्यव्यङ्ग्यात्मक शैली दोस्रो चरणमा आइपुग्दा

स्वच्छन्दतावादी प्रवृत्तिमा आत्मपरकता, देशप्रेम, जातिप्रेम र प्रकृतिप्रेम जस्ता प्रवृत्तिका साथ देखा पर्दछ । त्यस्तैगरी तेस्रो चरणमा आइपुग्दा खनाल भाषिक चिन्तनमा आधारित भाषापरक, खोज अनुसन्धानमूलक तथा पत्रात्मक शैलीमा उपस्थित हुन्छन् । त्यस्तैगरी उनको निबन्धयात्राको चौथो चरणमा यथार्थवादी प्रवृत्ति अर्न्तगतको हास्यव्यङ्ग्यात्मक शैलीलाई अवलम्वन गर्न पुग्दछन् । खनाल वर्तमानका समेत क्रियाशील निबन्धकार भएका हुँदा उनी नव-नव प्रवृत्तिसहित यात्रारत भएकोले असीम सम्भावनायुक्त निबन्धकार हुन् ।

यसरी खनालको निबन्धकारितको मूल्याङ्कन गर्नुपर्दा उनको निबन्धात्मक प्रवृत्तिमा गतिशीलता पाइन्छ । खनालका निबन्धहरूमा कतै आत्मपरकता र कतै वस्तुपरकताको केन्द्रीयता रहेपनि शिष्ट, शालीन, श्रुतिमधुर, प्रवाहशील औत्सुक्य र गहन चिन्तनले भरिएका हुन्छन् । खनाल समसामयिक नेपाली निबन्ध सिर्जन प्रवाहका एक सशक्त निबन्धकार हुन् । उनी नेपाली निबन्धका ऊर्जाशील प्रतिभा हुन् । उनका निबन्ध नेपाली साहित्यका उपलब्धि हुन् । साथै नव-नव प्रवृत्तितर्फको उनको चाख सहजै बुझ्न सकिन्छ । आफ्ना निबन्धहरूमार्फत् समाज र राष्ट्रलाई सर्वोपरी ठान्दै समाज र राष्ट्रमा भएका विभिन्न एकाइहरूका विकृत र विसङ्गत पक्षलाई उजागर गर्दै सम्पूर्ण नागरिकहरूमा चेतना फैलाएर सुन्दर नेपाल निर्माणमा भूमिका खेल्ने कार्यमा उनको निबन्धकारिता अगाडि बढेको पाइन्छ । यी यावत् विषयहरूको अभिव्यक्तिगत प्रस्तुतिमा खनाल कतै अभिधात्मक तहमा त कतै व्यङ्ग्यात्मक तहमा पुग्ने गर्दछन् । अर्थात् वर्तमानको उनको निबन्धात्मक कलम व्यङ्ग्यमूलक देखिन्छ । खनालको निबन्धयात्रा यो वर्तमानको चरणमा आइपुग्दा उनको निबन्धात्मक प्रवृत्ति यथार्थवादी प्रवृत्ति अन्तर्गतको हास्यव्यङ्ग्यात्मक शैली भित्रको सूक्ष्म व्यङ्ग्यात्मक प्रवृत्तिसहित अगाडि बढेको देखिन्छ । उनको निबन्धयात्रा कृति तथा प्रवृत्तिलाई विश्लेषण गर्दा आधुनिक नेपाली निबन्धको तेस्रो चरणको चौथो उपचरणका यथार्थवादी प्रवृत्ति अर्न्तगतको हास्यव्यङ्ग्यात्मक शैली अर्न्तगतको सूक्ष्मव्यङ्ग्यात्मक प्रवृत्ति आत्मसात् गर्ने आधुनिक नेपाली निबन्धकारका रूपमा निबन्धकार नारायणप्रसाद खनाल स्थापित भएका छन् । नेपाली निबन्धको क्षेत्रलाई अझ व्यापक आयाम दिने कार्यमा निबन्धकार खनालबाट धेरै आशा गर्न सकिन्छ ।

# परिच्छेद : छ
# उपसंहार

## ६.१ परिचय

उपसंहार भनेको कुनै पनि कृति/लेखनको निष्कर्ष खण्ड तथा निचोड भाग हो । यस परिच्छेदमा **नारायणप्रसाद खनालको निबन्धकारिता** शीर्षक शोधकार्यका लागि विगतका परिच्छेदहरूमा गरिएका अध्ययन र विश्लेषणको परिच्छेदगत सारांशका साथै समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ६.२. परिच्छेद एकको निष्कर्ष

यस परिच्छेदमा शोधकार्यको परिचय दिइएको छ । यसमा विषय-परिचय, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि, शोध-पद्धति, शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

## ६.३. परिच्छेद दुईको निष्कर्ष

यस परिच्छेदमा निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रमका बारेमा अध्ययन गरिएको छ । निबन्धको सैद्धान्तिक अध्ययन अन्तर्गत पृष्ठभूमि, निबन्धको व्युत्पत्ति र अर्थ निबन्धको परिभाषा अर्न्तगत पाश्चात्य, हिन्दी र नेपाली साहित्यकारहरू निबन्धको परिभाषा प्रस्तुत गरिएको छ । निबन्धको वर्गीकरण, निबन्धका तत्त्वका बारेमा चर्चा गरिएको छ । त्यस्तै नेपाली निबन्धको विकासक्रमलाई प्रारम्भिक, माध्यमिक र आधुनिक गरी तीन कालमा विभाजन गरी आधुनिक काललाई चार उपचरणमा विभाजन गरी अध्ययन गर्दै निष्कर्ष समेत प्रस्तुत गरिएको छ ।

## ६.४. परिच्छेद तीनको निष्कर्ष

यस परिच्छेदमा नारायणप्रसाद खनालको निबन्धयात्राको रूपरेखा खिचिएको छ । यसमा खनालको निबन्धयात्राको पृष्ठभूमि प्रस्तुत गर्दै उनको निबन्धयात्रालाई प्रथम, द्वितीय, तृतीय र चौथो गरी चार चरणमा विभाजन गरी अध्ययन गर्दै निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ६.५. परिच्छेद चारको निष्कर्ष

यस परिच्छेदमा नारायणप्रसाद खनालका प्रकाशित पाँच निबन्धसङ्ग्रहहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ । उनको **गोरखाको डायरी**, **स्वप्न-यात्रा र चिठी** र **निर्वचन र भाषिक सन्दर्भ** नामक निबन्धसङ्ग्रहहरूलाई क्रमश : परिचय, संरचना, विषयवस्तु/मूलभाव, भाषाशैली, उद्देश्य र निष्कर्षका आधारमा विश्लेषणात्मक अध्ययन गरिएको छ भने **नारायणीका लहर-लहरमा** र **नागपञ्चमी** निबन्धसङ्ग्रहहरूमा सङ्गृहीत सम्पूर्ण निबन्धहरूलाई निबन्धका तत्त्वका आधारमा क्रमशः परिचय, संरचना, विषयवस्तु/मूलभाव, भाषाशैली र उद्देश्यका आधारमा अलग-अलग शीर्षक अर्न्तगत विश्लेषणात्मक अध्ययन गरिएको छ । त्यस्तै खनालका फुटकर रूपमा प्रकाशित निबन्धहरूलाई क्रमशः तालिका सङ्ख्या-१, तालिका सङ्ख्या-२ र तालिका सङ्ख्या-३ मा प्रस्तुत गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ६.६. परिच्छेद पाँचको निष्कर्ष

यस परिच्छेदमा नारायणप्रसाद खनालको निबन्धकारिताको मूल्याङ्कन गरिएको छ । उनको निबन्धकारिताको मूल्य निरूपण गर्ने क्रममा निबन्धका तत्त्वलाई नै मूल्याङ्कनको आधार बनाइएको छ । शीर्षकचयन, संरचनागत प्रस्तुति, विषयवस्तु/मूलभाव, भाषाशैली र उद्देश्यका आधारमा खनालको निबन्धकारिताको मूल्याङ्कन गर्दै निष्कर्ष समेत प्रस्तुत गरिएको छ ।

## ६.७. परिच्छेद छको निष्कर्ष

यस परिच्छेदमा प्रत्येक परिच्छेदको निष्कर्ष प्रस्तुत गरिएको छ, साथै समग्र निष्कर्ष एवम् उपसंहार प्रस्तुत गरिएको छ ।

## ६.८. समग्र निष्कर्ष एवम् उपसंहार

वि.सं. २०३० सालमा गोरखपुर नेपाली छात्र संघबाट प्रकाशित **सिम्रिक** पत्रिकामा *सिम्रिक* नामक कविता प्रकाशन गरी औपचारिक रूपमा नेपाली साहित्यमा प्रवेश गरेका नारायणप्रसाद खनालले साहित्यका निबन्ध, कविता, समालोचना, समीक्षा, गीत, गजल र हाइकु जस्ता अनेकौं विधा उपविधामा कलम चलाएको पाइन्छ । उनका हालसम्म ९ वटा कृतिहरू प्रकाशित भइसकेका छन् जसमध्ये पाँचवटा निबन्धसङ्ग्रह रहेका छन् । निबन्धका क्षेत्रमा भने खनाल वि.सं. २०३५ सालमा **जुनेली** पत्रिकामा *साहित्य र जीवन* निबन्धात्मक लेख प्रकाशन गरी औपचारिक रूपमा प्रवेश गरेका हुन् । खनालको लगभग चारदशक लामो निबन्धयात्रामा पाँचवटा निबन्धसङ्ग्रहहरू प्रकाशित भएका छन् । वर्तमान समयमा पनि विभिन्न राष्ट्रिय तथा स्थानीय स्तरका स्मारिका, ग्रन्थ, पत्र-पत्रिकाहरूमा उनका निबन्धात्मक लेख रचनाहरू प्रकाशित भइनै रहेका छन्, भने केही निबन्धसङ्ग्रहहरू शीघ्र प्रकाशोन्मुख छन् ।

साहित्यका विविध विधामा कलम चलाएर बहुमुखी प्रतिभाका रूपमा परिचित भएपनि यिनी मूल रूपमा निबन्धकार हुन् । निबन्धकार खनालका हालसम्म **गोरखाको डायरी** (२०६१), **नारायणीका लहर-लहरमा** (२०६१), **निर्वचन र भाषिक सन्दर्भ** (२०६५), **स्वप्न-यात्रा र चिठी** (२०६६) र **नागपञ्चमी** (२०६९) गरी पाँचवटा निबन्धसङ्ग्रहहरू प्रकाशित छन् । खनालको निबन्धयात्राको लगभग छब्बीस वर्षको अन्तराल पश्चात **गोरखाको डायरी** आएको देखिन्छ । **गोरखाको डायरी**मा गोरखाको विविध पक्षलाई विषय बनाएर गोरखाको जानकारीको दस्तावेजको रूपमा महत्त्वपूर्ण कृति बनेको छ । त्यसपछिका करीब आठवर्षको अन्तरालमा अरू चारवटा निबन्धसङ्ग्रह प्रकाशित भएको देखिन्छ जहाँ विभिन्न शैली र प्रवृत्तिलाई आत्मसात् गर्दै उनको निबन्धयात्रा अगाडि बढेको देखिन्छ । उनको लगभग चारदशक लामो निबन्धयात्रालाई लेखनगति पुस्तकाकार कृति र प्रवृत्तिका आधारमा चार चरणमा विभाजन गरी अध्ययन गरिएको छ ।

निबन्धकार खनालको निबन्धयात्राको पहिलो चरणमा कुनै कृति प्रकाशित नभएपनि फुटकर रूपमा विभिन्न पत्र-पत्रिकाहरूमा निबन्धहरू छापिएको पाइन्छ । यस चरणका फुटकर निबन्धात्मक लेख रचनाहरूमा यथार्थवादी प्रवृत्ति भित्रको हास्यव्यङ्ग्यात्मक शैली मूलरूपमा प्रस्तुत भएको पाइन्छ । निबन्धयात्राको यो चरणलाई आभ्यासिक चरण मान्न सकिन्छ । त्यस्तैगरी दोस्रो चरणमा **गोरखाको डायरी** र **नारायणीका लहर-लहरमा** कृतिहरू प्रकाशित भएको पाइन्छ भने निबन्धात्मक प्रवृत्तिमा स्वच्छन्दतावादी प्रवृत्तिमा आत्मपरकता, देशप्रेम, जातिप्रेम जस्ता प्रवृत्तिका साथ निबन्धकार खनाल

प्रस्तुत भएका छन् । त्यस्तैगरी उनको निबन्धयात्राको तेस्रो चरणा **निर्वचन र भाषिक सन्दर्भ** र **स्वप्न-यात्रा र चिठी**गरी दुई निबन्धसङ्ग्रह प्रकाशित भएको पाइन्छ साथै निबन्धात्मक प्रवृत्तिका हिसावले भाषिक चिन्तनमा आधारित खोज-अनुसन्धानमूलक तथा पत्रात्मक शैली यस चरणका उपलब्धि मानिन्छन् । त्यस्तैगरी खनालको निबन्धयात्राको वर्तमान चरण अथवा चौथो चरणमा **नागपञ्चमी**को प्रकाशन भएको देखिन्छ भने यथार्थवादी प्रवृत्ति भित्रको हास्यव्यङ्ग्यतर्फ निबन्धकारको झुकाव देखिन्छ । यसरी खनालको निबन्धयात्रा अगाडि बढेको पाइन्छ ।

उनका निबन्धहरूमा समसामयिक परिवेश, धर्म, भूगोल, राजनीति, समाज, संस्कृति, रीतिरिवाज, धर्मसंस्कार, प्रकृति आदि विषयले विचरण गर्ने अवसर पाउँछन् । जीवनजगत्का सामान्य विषयलाई निबन्धको केन्द्रीय कथ्य बनाएर गम्भीर विचार र विषयको उठान गर्न सक्ने निबन्धकारको कला सशक्त देखिन्छ । उनका निबन्धहरूमा विषयवस्तुको उठान, उडान र बैठानको सन्तुलित श्रृङ्खला पाइन्छ । जसले निबन्धलाई रोचक, घोचक, चाखलाग्दो र श्रुतिमधुरता बनाएको देखिन्छ ।

खनालका निबन्धहरू संरचनात्मक दृष्टिले समेत मौलिकपनले युक्त छन् । उनका केही निबन्धहरू सूत्रात्मक छन् तर भावगाम्भीर्यका दृष्टिले निकै गहन समेत छन् । संक्षिप्तताभित्र गम्भीर विषय प्रस्तुत गर्नु खनालको निबन्धात्मक शैली हो । बिन्दुमा सिन्धु अटाउने नैबन्धिक क्षमता खनालमा रहेको पाइन्छ । निबन्धमा उठान गरिएको विषयलाई विभिन्न उखान टुक्काको सहायताले विभिन्न अङ्ग्रेजी, हिन्दी, संस्कृतका शब्द वा सूक्ति वा वाक्यप्रयोगले होस् निश्चित उद्देश्यसम्म पुऱ्याउने निबन्धकला खनालमा रहेको पाइन्छ । खनाल ऋतुविचार खण्डकाव्यको अलङ्कार शास्त्रीय अध्ययनका समेत शोधकर्ता भएकाले स्वभावैले उनका निबन्धात्मक रचनाहरू अलङ्कारिकताले समेत सुसज्जित रहेको छन् । कतै सिधै त कतै व्यङ्ग्यात्मक शैली तथा बिम्बप्रतीक योजनाको संयोजनले खनालका निबन्धहरू परिपूर्ण देखिन्छन् । जो होस् निबन्धको भाषाशैली सरल, सहज र श्रुतिमधुरताले युक्त भएका हुन्छन् । यसरी आफ्ना निबन्धहरू मार्फत् विभिन्न विषयलाई केन्द्रीय कथ्य बनाई विकृति, विसङ्गति, हिंसा, द्वन्द्व, अशान्ति, असभ्यता आदि पक्षको चित्रण गर्दै सबै देशबासीहरूलाई शान्तिपूर्ण, समतामूलक र विकसित राष्ट्र निर्माणमा एकजुट बन्न आग्रह गर्दै लाक्षणिक रूपमा समाजमा व्याप्त विकृति, विसङ्गतिको अन्त्य गरी समाजसुधारको दिशातिर उनका निबन्धहरू उन्मुख देखिन्छन् । उनी स्वतन्त्र चिन्तक र लेखक हुन् । पूर्वीय पाश्चात्य साहित्यका गहन अध्येता खनालमा पूर्वीय दर्शनप्रतिको चिन्तनमा झुकाव अलि बढी पाइन्छ । खनाल अध्ययनशील निबन्धकार हुन् । उनमा अध्ययन र लेखनको सम्यक सन्तुलन पाइन्छ । त्यसैले आधुनिक नेपाली निबन्धको तेस्रो चरणको चौथो उपचरणको यथार्थवादी व्यङ्ग्यधर्मी प्रवृत्ति भएका सशक्त निबन्धकारका रूपमा निबन्धकार खनलाको स्थान निर्धारण गर्न सकिन्छ।

खनालको निबन्धयात्रा वर्तमानमा समेत क्रियाशील छ । अझै नयाँ-नयाँ निबन्धसङ्ग्रह सहित नवीन शैलीका साथ आउँदा दिनहरूमा उनको निबन्धयात्रा मौलाउने निश्चित छ । मोफसलमा रहेर पनि केन्द्रीय स्तरको निबन्धकारहरूकै समानान्तर योगदान दिन खनाल सफल भएका छन् । मोफसलमा रहेरपनि जिम्मेवारीपूर्वक आधुनिक नेपाली निबन्धको क्षेत्रमा अमूल्य योगदान दिन सक्नु उनको उपलब्धि मानिन्छ । उनको यो कार्यले साहित्यलाई योगदान दिन कुनै ठाउँ विशेषले प्रभाव नपार्ने प्रष्ट हुन्छ । जसले गर्दा आधुनिक नेपाली निबन्धका अमूल्य निधिका रूपमा निबन्धकार खनाललाई लिन सकिन्छ । त्यसैले निबन्धकार खनाललाई आधुनिक नेपाली निबन्धको तेस्रो चरणको चौथो उपचरणको यथार्थवादी, व्यङग्यधर्मी प्रवृत्ति भएका सशक्त निबन्धकारका रूपमा स्थान निर्धारण गर्न सकिन्छ ।

# सन्दर्भसामग्रीसूची

## क. सन्दर्भपुस्तकसूची


आचार्य, भागवत, **कविता सिद्धान्त र नेपाली कविता एवम् निबन्ध,** (काठमाडौं : नवीन प्रकाशन, २०६३) ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश,** छैटौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५९) ।

कोइराला, सीताराम, **संवादमा स्रष्टाहरू**, (काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६४) ।

खनाल, नारायणप्रसाद, **गोरखाको डायरी,** (गोरखा : हरि सांस्कृतिक केन्द्र, २०६१) ।

_______________, **नारायणीका लहर-लहरमा,** (नवलपरासी : त्रि.सा.प., २०६१) ।

_______________, **समिक्षाका आकारहरू,** (नवलपरासी : त्रि.सा.प., २०६५) ।

_______________, **निर्वचन र भाषिक सन्दर्भ,** (नवलपरासी : त्रि.सा.प., २०६५) ।

_______________, **स्वप्न-यात्रा र चिठी,** (नवलपरासी : त्रि.सा.प., २०६६) ।

_______________, **नागपञ्चमी,** (नवलपरासी : त्रि.सा.प., २०६९) ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण,** (चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२) ।

जोशी, रत्नध्वज, **आधुनिक नेपाली साहित्यको झलक,** तेस्रो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०३९) ।

त्रिपाठी, वासुदेव, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,** भाग-२, (ललितपुर : साझा प्रकाशन, २०३०) ।

थापा, मोहनहिमांशु, **साहित्य परिचय,** पाँचौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०६६) ।

देवकोटा, लक्ष्मीप्रसाद, **लक्ष्मी निबन्धसङ्ग्रह,** अठारौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०६७) ।

पोखरेल, बालकृष्ण (नि.), **नेपाली बृहत् शब्दकोश,** (काठमाडौं : ने.रा.प्र.प्र., २०५८) ।

प्रधान, प्रमोद, **नेपाली निबन्धको इतिहास,** (काठमाडौं : रत्न पुस्तक भण्डार, २०६६) ।

विनोदी, गोविन्दराज, **सृष्टिमाथिका दृष्टि**, (चितवन : चितवन साहित्य परिषद, २०६६) ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध परिचय,** बाह्रौं संस्करण, (काठमाडौं : रत्नपुस्तक भण्डार, २०५८) ।

शर्मा, ठाकुर, **विमर्शन,** (नेपाल : दायित्व वाङ्मय प्रतिष्ठान, २०६६) ।

शर्मा, मोहनराज, **समकालिन समालोचना सिद्धान्त र प्रयोग,** (काठमाडौं : ने.रा.प्र.प्र., २०५५) ।

_______________, **संरचना वर्णविन्यास,** (काठमाडौं : नवीन प्रकाशन, २०५६) ।

_______________, **रत्न बृहत् नेपाली समालोचना,** (सैद्धान्तिक), (काठमाडौं : रत्नपुस्तक भण्डार, २०६९) ।

शर्मा, वसन्तकुमार, **नेपाली शब्दसागर,** दोस्रो संस्करण, (काठमाडौं : भाभा पुस्तक भण्डार, २०५८) ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** पाँचौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५६) ।

सुवेदी राजेन्द्र (सम्पा.), **स्नातकोत्तर नेपाली निबन्ध,** तेस्रो संस्करण, (काठमाडौं : पाठ्यसामग्री पसल, २०५६) ।

________________, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण,** (काठमाडौं : पाठ्यसामग्री पसल, २०५७) ।

________________, **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि,** तेस्रो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५८) ।

## ख. शोधग्रन्थसूची

खतिवडा, पुष्पराज, **राममणि रिसालको निबन्धकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., ने. के.वि., कीर्तिपुर, २०६१ ।

सापकोटा, अस्मिता, **रविकिरण निर्जीवको निबन्धकारिता,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६७ ।

सापकोटा, रत्नप्रसाद, **निर्मोही व्यासको निबन्धकारिता,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०५९ ।

सापकोटा, सन्तोष, **नारायणप्रसाद खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६९ ।

## ग. पत्रिकासूची

अधिकारी, पूर्णप्रसाद, *चितवनको निबन्धमा सतही अवलोकन,* **रजस्थल**, वर्ष १४, पूर्णाङ्क ४५, माघ/चैत, २०६७ ।

____________, *यात्रा संस्मरण चितवनका सन्दर्भमा एक अवलोकन,* **चितवन महोत्सव स्मारिका**, (चितवन : उद्योग वाणिज्य सङ्घ, २०६९) ।

अभागी, सदानन्द, *प्राध्यापक डा. नारायणप्रसाद खनालको नागपञ्चमी नियाल्दा,* **रजस्थल** स्याङ्जा साहित्य प्रतिष्ठान, वर्ष १७, पूर्णाङ्क ५५, साउन-असोज, २०७० ।

अर्याल, भगवती, *निबन्धकार डा. नारायणप्रसाद खनाल र उनको नारायणीका लहर-लहरमा निबन्धन,*(नवलपरासी : लालीगुराँस मासिक २०६३) ।

अवस्थी, महादेव, *निबन्धको सैद्धान्तिक परिचय र निबन्ध लेखनका औचित्य एवम् फाइदा,* **कुञ्जिनी,** वर्ष ६, अङ्क ४, २०५५ ।

कोइराला, धनपति, *स्वप्न-यात्रा र चिठीको एकसरो परिक्रमा,* **मध्यबिन्दु**, चैत्र १३ गते सोमवार, २०६८ ।

खनाल, नारायणप्रसाद, *नेपाली डायरी साहित्यलाई फर्केर हेर्दा,* **पल्लव साहित्यिक पत्रिका,** (चितवन : पल्लव साहित्य प्रतिष्ठान २०६८) ।

गौतम, लक्ष्मणप्रसाद, *नारायणीका लहर-लहरमा निबन्ध सङ्ग्रहको अन्तर्वस्तुगत चेतना,* **चितवन महोत्सव स्मारिका**, (चितवन : उद्योग वाणिज्य सङ्घ, २०६७) ।

__________, *चितवनको साहित्य : विगत र वर्तमान,* **मारूनी**, १४ औं फन्को, स्वर्ण महोत्सव विशेषाङ्क, (चितवन : नारायणीकला मन्दिर, नारायणगढ, २०७०) ।

घिमिरे, रघु, *थप उपलब्धी : केही रहर केही ठहर,* **मधुपर्क**, २०५० ।

देवकोटा, दुर्गाप्रसाद, *विशेषाङ्क 'रजस्थल' को परिचायक चर्चा,* **मिर्मिरे,** वर्ष ३९, अङ्क १, पूर्णाङ्क २९६, वैशाख, २०६७ ।

देवकोटा, विमलप्रकाश, *नारायणीका लहर लहरमा पौडिँदा,* **चितवन पोष्ट**, वर्ष १०, अङ्क २०३, पुस, २०६४ ।

पण्डित, दीननाथ शर्मा, *डायरी सिद्धान्त र गोरखाको डायरी : एक अध्ययन,* **पल्लव साहित्यिक पत्रिका,** (चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६८) ।

पोखरेल, डी.आर, *केही रहर : केही ठहरको समालोचकीय विशेषता,* **पारदर्शी**, वर्ष १४, अङ्क ९४, साउन, २०६६ ।

प्रभात, रमेश, *चितवनका साहित्यिक कृतिहरूको अभिरेखाङ्कन,* **रामेश्वर स्मारिका**, (चितवन : रामेश्वर पुस्तकालय तथा वाचनालय, २०६४) ।

मरहट्ठा, मोदनाथ, *'एउटा पढ्नै पर्ने कृति : गोरखाको डायरी',* **हाम्रो सिर्जना,** वर्ष ७, अङ्क १३, २०६९ ।

भट्टराई, गोविन्दराज, *अघि लागेर हिँडिरहेको चितवन,* **कान्तिपुर**, फागुन ५, शनिवार, २०६३ ।

विनोदी, गोविन्दराज, *चितवनका स्रष्टा र साहित्य,* **चितवन महोत्सव स्मारिका,** (चितवन : उद्योग वाणिज्य सङ्घ, २०६७) ।

वीजी, *निबन्धसङ्ग्रह नारायणीका लहर लहरमा हेर्दा,* **मजदूर**, वर्ष ९, अङ्क २२९, भाद्र, २०६४ ।

वैद्य, गङ्गा, *स्वप्न-यात्रा र चिठी अध्ययन* गर्दा, **श्रमिक साप्ताहिक**, वर्ष १०, अङ्क ३२, भाद्र, २०६७ ।

सुवेदी, राजेन्द्र, *आधुनिक नेपाली निबन्ध शिक्षण,* **वाङ्मय,** वर्ष १०, पूर्णाङ्क १०, २०५७/०५८ ।